*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

नेकपा (एमाले)

**दोस्रो विधान महाधिवेशन**

**CPN (UML) 2nd Statute Congress,** 5-7 September 2025

२०–२२ भदौ २०८२, गोदावरी, ललितपुर

# दस्तावेजहरू

# विषयसूची


- **राजनीतिक प्रस्ताव** ५
  - १. राष्ट्र ७
  - २. समाज १२
  - ३. उत्पादन पद्धति १४
  - ४. जनसङ्ख्या १७
  - ५. वर्ग संरचना २१
  - ६. भूराजनीति र परराष्ट्र नीति ३१
  - ७. क्रान्ति ३७
  - ८. कम्युनिष्ट आन्दोलन ४५
  - ९. समाजवाद ५६
  - १०. कार्यक्रम ६०
  - ११. आम निर्वाचन ६७
  - १२. प्रतिबद्धता र परिणाम ७१
  - १३. कार्यदिशा ७६
  - १४. सिद्धान्त ७८
  - १५. पार्टी ८५
  - १६. नेपाली विशेषताको समाजवाद ९१
- **विधान संशोधन प्रस्ताव** ९९
- **संगठनात्मक प्रस्ताव** १३१

परिशिष्ट–१ नविकृत पार्टी सदस्यको कूल विवरण, ०८२ १८१

परिशिष्ट–२ पार्टी कमिटीका अधिवेशनहरूको विवरण असार २०८२ १८८

परिशिष्ट–३ समग्र संगठनात्मक विवरण १९४

परिशिष्ट–४ प्रतिष्ठान, विभाग र विशेष कामको क्षेत्र २०१

परिशिष्ट–५ जनसङ्गठनका सङ्गठनात्मक कामको प्रतिवेदन २१४

*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

**नेकपा (एमाले)**

**दोस्रो विधान महाधिवेशन**

**CPN (UML) 2nd Statute Congress,** 5-7 September 2025

२०–२२ भदौ २०८२, गोदावरी, ललितपुर

# राजनीतिक प्रस्ताव

**दोस्रो विधान महाधिवेशनका सम्पूर्ण प्रतिनिधि कमरेडहरू,**

पार्टीको वैधानिक व्यवस्था अनुरूप आज हामी पार्टीको ऐतिहासिक दोस्रो विधान महाधिवेशनको ऐतिहासिक मञ्चमा उपस्थित भएका छौँ। विचार, नीति र विधि निर्माणमा एकाग्र ढङ्गले केन्द्रित हुन सकियोस् भनेर हामीले २०७८ असोजदेखि पार्टीमा विधान महाधिवेशनको बेग्लै आयोजना गर्दै आएका छौँ। अनुभवले यस्तो अभ्यास एकदमै उपयुक्त रहेको छ भन्ने पुष्टि गरेको छ। त्यसैलाई निरन्तरता दिँदै ललितपुरको यस पर्यटकीय स्थलमा आयोजना गरिएको दोस्रो विधान महाधिवेशनमा सहभागी हुन देश र प्रवासका विभिन्न स्थानबाट आइपुग्नु भएका कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्दछु। शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन, आन्दोलनका अग्रजहरूप्रति उच्च श्रद्धाभाव र न्यायप्रेमी जनताहरूप्रति गहिरो सम्मान प्रकट गर्दछु।

दशौँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको तर्फबाट यस अवधिमा भएका समग्र कामहरूको विवरणसहितको प्रतिवेदन एघारौँ महाधिवेशनमा प्रस्तुत हुने नै छ। यस दस्ताबेजमा म नेपाल राष्ट्र, नेपाली समाज, क्रान्तिको ऐतिहासिक विकासक्रम, पार्टी निर्माण, सिद्धान्त, कार्यक्रम र कार्यदिशा तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य र परिपूर्ण लोकतन्त्र सम्बन्धी अवधारणाहरूलाई विशेष राजनीतिक प्रस्तावका रूपमा प्रस्तुत गर्न चाहन्छु।

# १. राष्ट्र

## गौरवशाली इतिहास, आशालाग्दो वर्तमान, उज्ज्वल भविष्य

नेपाल संसारकै प्राचीनतम मुलुकमध्ये एक हो। प्राचीन ग्रन्थहरू अथर्ववेद, स्कन्द पुराण, वराह पुराण, महाभारत र कौटिल्य अर्थशास्त्र, बौद्ध र जैन ग्रन्थमा समेत उल्लेख गरिएको नेपालको इतिहास हजारौं वर्ष पुरानो छ। प्रयागमा अवस्थित समुद्र गुप्तको स्मृतिमा आधारित शिलालेख (इशा पूर्व ३००) मा 'नेपाल' उल्लेख गरिएको छ।

आजको नेपालले समेटेको भूगोल टेथिस नामक सागर उठेर निर्माण भएको मानिन्छ। भूगर्भविदका अनुसार नेपालको निर्माणक्रम साढे तीन करोड ५० लाख वर्षदेखि १० लाख वर्षसम्म रह्यो। युरोसियाली प्लेट र इण्डियन टेक्टोनिक प्लेटको बिचमा अवस्थित नेपालका विभिन्न भूभागहरूको अवस्थिति र उचाइ यी दुई प्लेटहरूबिचका घर्षणका कारण परिवर्तित भइरहेका छन्। त्यसै कारण नेपाल भूकम्प र अन्य प्राकृतिक विपद्का दृष्टिले उच्च जोखिममा रहेको छ।

नेपाल मानव जातिका पुर्खाहरूको विचरणस्थल थियो भन्ने तथ्य बुटवलको तिनाउ नदी किनारमा भेटिएको १ करोड १० लाख वर्ष पुरानो रामापिथेकसको बङ्गाराबाट पुष्टि हुन्छ। सुर्खेत, दाङ र नवलपरासीका चुरे क्षेत्र तथा काठमाडौँमा भेटिएका हजारौँ वर्ष पुराना पुरा–पाषाणकालीन र नवपाषाणकालीन हतियार समेतले नेपालमा हजारौं वर्षदेखि मानव जातिको बसोबास रहेको थियो भन्ने यथार्थलाई पुष्टि गर्छन्। मुस्ताङका गुफाहरूमा प्राचीन मानव जातिको अस्तित्वका प्रमाणहरू भेटिएका छन्। लुम्बिनी र

आसपासमा उत्खनन गर्ने क्रममा इसा पूर्व १३०० अर्थात् आजभन्दा ३३ सय वर्ष अगाडिका मानव वस्तीका अवशेष पत्ता लागेका छन्।

नेपाल प्राचीन कालदेखि नै ज्ञान, अन्वेषण र विमर्शको थलोका रूपमा रहँदै आएको छ।

मानव जातिले हासिल गरेका योग, आयुर्वेद र तन्त्र जस्ता ज्ञानका विधाहरूमा नेपालको महत्वपूर्ण योगदान छ। शिवले सप्तऋषिहरूलाई सबैभन्दा पहिले योगको शिक्षा यहीँ दिएका थिए भन्ने विश्वास गरिन्छ। उनी तन्त्र, सङ्गीत र नृत्यका आदिगुरु मानिन्छन्। उनको दर्शन सहअस्तित्व, बहुलवादी र सहिष्णुताको दर्शन थियो।

प्राचीन विदेह (आजको जनकपुर) मा रहेको राजर्षी जनकको प्राज्ञसभामा शास्त्रार्थ (तर्क, संवाद र विमर्श) गरिन्थ्यो। 'वादे वादे जायते तत्ववोध' को ज्ञान सिद्धान्त यसै ठाउँबाट उद्भव भएको मानिन्छ। उनलाई कृषि क्रान्तिका प्रथम पुरुषका रूपमा समेत लिइन्छ। उनको प्राज्ञसभामा अष्टावक्र, याज्ञवल्क्य जस्ता विद्वान र गार्गी, मैत्रेयी जस्ता विदूषीहरूको उपस्थिति रहने गथ्र्यो। अष्टावक्रले सिर्जना गरेको 'अष्टावक्र गीता' प्राचीन समाजमा ज्ञानका विभिन्न धाराहरूको विकासबारे बुझ्न उपयोगी छ। महर्षी याज्ञवल्क्य नेपालकै सिन्धुली/महोत्तरी आसपासका थिए भनिन्छ। उनी 'ब्रम्हवाद' का प्रतिपादक थिए।

प्राचीन किरात सभ्यता नेपालको महत्वपूर्ण सम्पदा हो। किरात मुन्धुमले सृष्टिको आफ्नै व्याख्या प्रस्तुत गर्नुका साथै प्रकृतिलाई केन्द्रभागमा राखेको छ। यसमा मानव समाजका लागि आफ्नै संहिता, सौन्दर्यबोध र भाष्य समेटिएका छन्। प्राचीन नेपालका विभिन्न भूभागलाई 'किराँत देश', 'हिमाली देश' र 'किम्पुरुष देश' पनि भनिन्थ्यो।

नेपाल गौतम बुद्धको जन्मस्थल मात्रै होइन, बौद्धदर्शनको उद्गमस्थल पनि हो। गौतम बुद्धले जीवनको नश्वरता, निजी सम्पत्तिले निर्माण गरेको लोभ र हिंसा, कतिपय धर्मान्धहरूले गरिरहेका गलत काम र मानव जातिको पीडालाई आफ्नो कपिलवस्तु दरबारमा छँदै गहिरो गरी अनुभूत गरेका थिए। यिनै समस्या समाधानको बाटो पहिल्याउन उनी दरबार परित्याग गरेर ज्ञानको खोजीमा हिंडेका थिए। बुद्धका चार आर्यसत्य, अष्टाङ्ग मार्ग, अहिंसा, करुणा र सङ्घबद्धताका सन्देशहरूले आज पनि करोडौँ मानिसहरूलाई प्रभावित गरिरहेका छन्। कपिलवस्तुमै जन्मेका मानिने महर्षि कपिलले यस जगतको भौतिक अस्तित्वको पक्षमा तर्क गर्दै सृष्टिको आधारका रूपमा २५ तत्व रहेको मान्यता अगाडि सारेका थिए।

प्राचीन सिँजा साम्राज्यमा विकसित भएको सभ्यता र त्यहीँ जन्मिएको नेपाली भाषाले नेपाल राष्ट्रको निर्माणमा महत्वपूर्ण योगदान गरेको छ। सिँजा खसहरूद्वारा शासित साम्राज्य थियो र त्यो बेला निकै ठुलो भूभागमा फैलिएको थियो। नेपाली भाषाको उत्पत्ति त्यहीँबाट भएको तथ्यलाई दैलेखको दुल्लुमा रहेको नेपाली भाषाको एक हजार वर्ष पुरानो शिलालेखले पुष्टि गर्छ।

काठमाडौं उपत्यका हजारौं वर्षदेखि मानव जातिको बसोबास भएको थलोको रूपमा रहेको छ। यसले वास्तुकला, कृषि र मानव ज्ञानमा ठुलो योगदान गरेको छ। प्राचीन समयमा चिनियाँ बौद्धयात्रीहरूले

गरेको कैलाशकुट दरबारको वर्णनले त्यस युगमा वास्तुकला र सभ्यताको दृष्टिले नेपाल निकै अगाडि थियो भन्ने स्पष्ट गर्छन् । लिच्छवीकाल हुँदै मल्लकालसम्म पनि काठमाडौँ उपत्यका भारत र चीन बिच मध्यस्थ व्यापार बिन्दुको रूपमा महत्वपूर्ण भूमिका खेलेको थियो ।

नेपालबाट विभिन्न दर्शनहरू – प्रकृतिपूजक बोन दर्शन, मातृशक्तिको आराधना गर्ने शाक्त दर्शन, उदार, सहिष्णु र जातीय सद्भावका प्रतीक शैव दर्शन, चराचर जगत प्रकृतिकै उपज हो र यो गतिशील छ भन्ने किरात दर्शन, याज्ञवल्क्यद्वारा प्रतिपादित ब्रह्मवादी दर्शन, बौद्ध दर्शन र साङ्ख्य दर्शन सिर्जित र विकसित भएको मानिन्छ ।

आजको नेपाल राष्ट्र निर्माणमा यी सभ्यता, दर्शन र सांस्कृतिक बहुलता–विविधताको महत्वपूर्ण योगदान छ ।

समुद्र सतहबाट ६० मिटरभन्दा कम उचाइमा रहेको सबैभन्दा होचो स्थान केचनाकवलदेखि संसारकै सबैभन्दा अग्लो शिखर (८८४८.८६ मिटरसम्म) रहेको नेपाल भौगोलिक विविधताको अनुपम नमुना हो । संसारका ८ हजार मिटरभन्दा अग्ला १४ शिखरमध्ये ८ वटा (सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयु, धौलागिरि, मनास्लु र अन्नपूर्ण) नेपालमा अवस्थित छन् । हिमाली, पहाडी र तराई (भित्री मधेस समेत) विविधतायुक्त भौगोलिक संरचनामा बाँडिएको नेपाल जैविक र वानस्पत्य विविधताका दृष्टिले पनि असाध्यै धनी छ ।

नेपालको झण्डै १६ प्रतिशत भूभाग ओगट्ने हिमालय क्षेत्र र यसमा सञ्चित हिउँ तथा हिमताल/नदीहरूले नेपालको मात्रै होइन, विश्वकै तापमानलाई अनुकूल बनाउन ठुलो भूमिका खेलेका छन् । हिमालयका अतिरिक्त झण्डै ४४ प्रतिशत क्षेत्रफलमा फैलिएको नेपालको वन जङ्गलको पनि जलवायु सन्तुलनमा ठुलो योगदान छ । तर विश्व तापमान सन्तुलनमा यति ठुलो योगदान गर्ने नेपाल स्वयं चाहिँ जलवायु परिवर्तन र पर्यावरणीय सङ्कटको भयावह चुनौतीका सम्मुख खडा छ ।

चलनचल्तीमा नेपाललाई 'सानो देश' भन्ने गरिए पनि यो भनाइ सही होइन । छिमेकमा भूगोलका हिसाबले संसारकै दुई ठुला देशहरू (चीन संसारकै तेस्रो र भारत सातौँ) रहेका तथा नेपालका तुलनामा उनीहरू क्रमश: ६५ र २२ गुणा ठुलो भएको हुनाले नेपाल सानो देखिएको हो । यथार्थमा नेपाल मध्यम आकारको मुलुक हो । यो भूगोलका हिसाबले संसारको ९५ औँ र जनसङ्ख्याका हिसाबले ४९ औं ठुलो मुलुकका रूपमा रहेको छ ।

कहिल्यै कसैको उपनिवेश नहुनु र सधैभरि स्वतन्त्र रहनु नेपालको इतिहासको गौरवशाली पक्ष हो । दक्षिण एसियाका भारतसहित आजका पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का लगायत प्राय: सबै मुलुकहरू अङ्ग्रेज साम्राज्यवादको औपनिवेशिक नियन्त्रणमा पुग्दा र चीनका कतिपय भूभागहरूमा विदेशीहरूको नियन्त्रण हुँदा समेत नेपाल भने सदैव स्वतन्त्र रहनुमा हाम्रा वीर पुर्खाहरूको योगदान अविस्मरणीय छ । यद्यपि यो कहिले खुम्चियो, कहिले विस्तारित भयो । लिच्छवी कालमा यो दक्षिण इलाहावादसम्म फैलिएको थियो । खस साम्राज्यकालमा यो हिमालपारि तिब्बतसम्म विस्तारित भयो । राजा पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरणको शृङ्खलामा कर्णालीका २२, गण्डकी क्षेत्रका २४, उपत्यकाका ३,

मकवानपुर, विजयपुर, चौदण्डी लगायत ६० भन्दा बढी राज्य/रजौटाहरू समेटिएर यो केही वर्षभित्रै पूर्वमा टिष्टा र पश्चिममा सतलजसम्म पुग्यो । यद्यपि, सुगौली सन्धि (१८१६ इ.सं) ले यसलाई खुम्च्याएर आजको मेची–महाकालीको सीमामा ल्याइपुऱ्याएको छ । नेपालको एकीकरणमार्फत् आन्तरिक एकता बलियो बनाउँदै वाह्य हस्तक्षेपको सामना गर्ने र औपनिवेशिक विस्तारका विरुद्ध अन्य मुलुकहरूसँग समेत सहकार्यको पहल गर्ने हाम्रा अग्रजहरूको दूरदृष्टि र देशभक्तिको भावना हाम्रो अतीतको अत्यन्त सकारात्मक पक्ष हो । यसप्रति हामीले गर्व गर्नुपर्छ ।

ब्रिटिस साम्राज्यवाद विरुद्ध भएको १८१४–१६ को युद्धमा पराजय, झण्डै एक तिहाई भूभाग गुमाउनु परेको अवस्था र अपमानजनक सुगौली सन्धिमा हस्ताक्षर गर्नु पर्ने बाध्यतापछि भने नेपालको उक्त गौरवमा धक्का लाग्न पुग्यो । तत्पश्चात् सत्तासीन भएका शासकहरूले आमरूपमा अङ्ग्रेज उपनिवेशवादीहरूको हित रक्षा गर्दै नेपालको स्वाभिमानलाई कुण्ठित गर्दै लगे । गोर्खा भर्तीमार्फत् नेपाली युवाहरूलाई शक्ति राष्ट्रहरूको सीमा रक्षाका लागि प्रयोग गराउने कामलाई संस्थागत गरियो । १९५० को 'शान्ति र मैत्री सन्धि' मार्फत् नेपाललाई भारतीय सुरक्षा छाताको मातहत राख्ने काम भए । सात सालको क्रान्तिको केही समयपछि प्रधानमन्त्री बनेका मातृकाप्रसाद कोइरालाले नेपालको उत्तरी सीमामा १७ वटा भारतीय सैन्य चेक पोष्ट राख्ने सहमति गरे । नेपालको जलसम्पदामा नेपालको राष्ट्रिय हितलाई आघात पुऱ्याउने कामहरू गरिए ।

नेपालको पश्चिम सिमाना महाकाली हुने गरी भएको सुगौली सन्धिको स्पष्ट व्यवस्थाका विपरीत आज महाकालीको मुहान यतापट्टिका लिम्पियाधुरा, लिपुलेक र कालापानी (करिब ३९६ वर्ग कि.मि. ) क्षेत्र भने भारतको नियन्त्रण रहेको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारबाट २०७७ जेठमा नेपालको नयाँ प्रशासनिक र राजनीतिक नक्सा प्रकाशन गरेर त्यसमाथि नेपालको वैधानिक हक स्थापित गरिएको छ । नेपालको नयाँ नक्सालाई संविधानको अनुसूचीमा समावेश गर्न संविधानको दोस्रो संशोधन सर्वसम्मत रूपमा पारित भएको छ । यस क्रममा प्रकट भएको अभूतपूर्व राष्ट्रिय सहमति र एकताका बलमा हामीले हाम्रो भूभागमा हाम्रो प्रशासनिक स्वामित्व स्थापित गराउन निरन्तर प्रयास गरिरहनु आवश्यक छ ।

सोभियत सङ्घको उदय, उपनिवेशवाद विरुद्ध राष्ट्रिय मुक्ति आन्दोलनहरूको विश्वव्यापी सफलता र दोस्रो विश्वयुद्धको अन्त्यसँगै औपनिवेशिक युग आमरूपमा अन्त्य भयो । समाजवादी विश्व व्यवस्थाको स्थापना भएपछि सीमित भूभागमा कायम उपनिवेशहरू जोगाइराख्न साम्राज्यवादी शक्तिहरूलाई सहज भएन । त्यसपछि साम्राज्यवादले परम्परागत औपनिवेशिक शोषणका रूपमा परिवर्तन ल्याउन थाल्यो । अन्य मुलुकका भूभागमाथि कब्जा जमाउने र तिनमा प्रत्यक्ष नियन्त्रण कायम गर्ने परम्परागत तरिकाका ठाउँमा ती शक्तिहरूले आर्थिक शोषण, सांस्कृतिक उत्पीडन र राजनीतिक हस्तक्षेपका माध्यमबाट आफ्नो अप्रत्यक्ष नियन्त्रण कायम राख्ने तरिका अवलम्वन गर्न थाले । शोषणको यस नयाँ स्वरूप अन्तरगत तेस्रो विश्वका कतिपय देशहरू कानुनी हिसाबले त स्वतन्त्र एवं सार्वभौमसत्तासम्पन्न देखिन्थे, तर यो स्वतन्त्रता र सम्प्रभुता केवल औपचारिक मात्रै हुन्थ्यो । आफ्नो राजनीतिक भविष्यको फैसला आफै गर्न पाउने, आफ्नो विकासका बाटो तय आफैँ निर्धारण गर्न पाउने र आफ्ना प्राकृतिक साधन स्रोतहरूको उपयोग आफ्ना देशबासीका हितमा गर्न पाउने उनीहरूको आत्मनिर्णयको अधिकार प्रभुत्वशाली देशहरूको

हस्तक्षेपले गर्दा कुण्ठित हुन पुग्यो। साम्राज्यवादी शक्तिहरूका पक्षधर शासकहरूका कारण यी देशहरूको पराधीनता बढ्दै गयो। साम्राज्यवादी शोषणका यी बदलिँदा स्वरूपहरूलाई हामीले मिहिन ढङ्गले अध्ययन गर्नु र तिनको सामना गर्ने उपयुक्त नीति तर्जुमा गर्नु आवश्यक छ।

नेपालको अस्तित्व संधैभरि एउटा सार्वभौम र स्वतन्त्र राष्ट्रको रूपमा रहँदै आएको छ। संयुक्त राष्ट्र सङ्घका प्रारम्भिक सदस्यहरूमध्ये एक नेपालले स्वतन्त्र ढङ्गले अन्तर्राष्ट्रिय मञ्चहरूबाट शान्ति स्थापना लगायत क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। असङ्लग्न आन्दोलनका संस्थापक राष्ट्रको हैसियतले तेस्रो विश्वका मुलुकहरूको स्वतन्त्रता र स्वाधीनताको निम्ति आवाज उठाउँदै आइरहेको छ। नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को संस्थापक र बिम्स्टेकको सक्रिय सदस्य हो।

लामो सङ्घर्ष, आन्दोलन र क्रान्तिको शृङ्खलापश्चात् हामी नेपालीहरू आफ्नो संविधान आफैँ निर्माण गर्ने काम सम्पन्न गरेका छौं। कस्तो राजनीतिक प्रणाली, राज्य संरचना र सामाजिक आर्थिक नीतिहरू अवलम्वन गर्ने भन्ने औपचारिक निर्णय हामी आफै गर्दछौं।

यसको अर्थ नेपालको स्वाधीनताको सङ्घर्ष समाप्त भयो भन्ने होइन। पार्टीका संस्थापक महासचिव पुष्पलालले जुन तर्क र सन्दर्भमा यस विषयको उठान गर्नुभएको थियो, कतिपय समस्या र सन्दर्भहरू आज पनि कायमै छन्। आज पनि हामी आर्थिक रूपमा आत्मनिर्भर बन्नसकेका छैनौं। यसका पछाडि कतिपय असमान व्यापारिक–आर्थिक सम्बन्धहरूले भूमिका खेलेका छन्। नेपालमा वाह्य संस्कृतिको प्रभाव गहिरो छ। हाम्रा कतिपय भूभाग अतिक्रमित अवस्थामा छन्। कतिपय असमान–अपमानजनक सन्धि यथावत रहँदा नेपालको सार्वभौमसत्तामा आँच पुगिरहेको अवस्था छ। राज्य कमजोर भएको बेला मुलुकको राजनीतिमा वाह्य चासो र हस्तक्षेप हुने गरेको छ। नेपालको सुरक्षा, प्रशासन र जलस्रोतका कतिपय पक्षमा वाह्य शक्ति राष्ट्रहरूले ‘‘सूक्ष्म व्यवस्थापन (माइक्रो म्यानेजमेण्ट)’ को हदसम्म प्रयास पनि गरेको देखिन्छ। त्यसैले नेपाललाई स्वतन्त्र, सार्वभौम र आत्मनिर्णयको अधिकारले युक्त राष्ट्रको रूपमा विश्लेषण गरिरहँदा हामीले राष्ट्रिय स्वाधीनताका यी विषयहरूमा स्पष्ट, सजग हुँदै राष्ट्रिय सार्वभौमसत्ता बलियो बनाउने अभियानलाई निरन्तरता दिनुपर्छ।

यसै सन्दर्भमा राष्ट्रवादको पनि बदलिंदो परिस्थिति अनुरूप थप व्याख्या गर्नु आवश्यक छ। विगतका कतिपय शासकहरूले आफ्ना तानाशाही सत्ताको रक्षाका लागि ‘राष्ट्रवाद’ को दुरूपयोग गरे। प्रजातन्त्रको मूल्यमा राष्ट्रिय हितका प्रश्नलाई ओझेलमा पार्ने र वेवास्ता गर्ने काम पनि कतिपय पार्टीहरूबाट भए। सात सालको क्रान्तिपछि कम्युनिस्ट आन्दोलनमा पनि राष्ट्रियता र जनवादको अन्तरसम्बन्धलाई सही ढङ्गले बुझ्ने विषयमा भ्रम देखा पऱ्यो। यस्तो पृष्ठभूमिमा, एकातिर अन्धराष्ट्रवाद र अर्कातिर आत्मसमर्पणवाद जस्ता गलत प्रवृत्तिको आलोचना गर्दै जननेता मदन भण्डारीले प्रगतिशील राष्ट्रवादको अवधारणा अगाडि सार्नुभएको थियो। यसको मूल तात्पर्य हो – राष्ट्रवाद मूलत: आफ्ना राष्ट्रिय हितहरूको रक्षा हो। हाम्रो राष्ट्रवाद कुनै अमुक राष्ट्रको विरोधमाथि आधारित छैन। हामी स्वतन्त्र, सार्वभौम र स्वाधीन राष्ट्रको रूपमा सम्मानित ढङ्गले विश्व राजनीतिक रङ्गमञ्चमा उभिन चाहन्छौं। हाम्रा छिमेकीहरूसँग सार्वभौम समानता, अहस्तक्षेप, पारस्परिक लाभ र स्वतन्त्रतामाथि आधारित सौहार्द्र सम्बन्ध विकास

गर्न चाहन्छौं । हामी नेपाली भूमि कसैका विरुद्ध पनि प्रयोग हुन दिंदैनौं र अरुको भूमिबाट हाम्रा विरुद्ध कुनै पनि गतिविधि नहोस् भन्ने चाहन्छौं । छिमेकीहरूसँगको युगौं पुरानो सम्बन्धलाई बदलिंदो समय र परिपे्रक्ष्य अनुरूप पुनर्परिभाषित र नवीकृत गर्न चाहन्छौं । यसलाई आर्थिक समृद्धिका विषयमा केन्द्रित गर्न चाहन्छौं । नेपालको प्राकृतिक स्रोतमाथि नेपाली जनताको अधिकारलाई अक्षुण्ण राख्दै यसको लाभ अन्य छिमेकी मुलुकसँग पनि साझेदारी गर्न चाहन्छौं । हामी सुरक्षा, परराष्ट्र सम्बन्ध, राजनीतिक व्यवस्था र आर्थिक विकास लगायत विषयमा आफ्नो निर्णय आफै गर्न स्वतन्त्र छौं । हाम्रो बहुपक्षीय सम्बन्धलाई कसैले पनि शङ्काको नजरले हेर्न हुँदैन । हामी कसैको पक्ष या विपक्षमा कुनै गठबन्धनमा सामेल हुँदैनौं । श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा हामी सर्वहारा अन्तर्राष्ट्रवादका सैद्धान्तिक मान्यतालाई समर्थन गर्छौं । साम्राज्यवाद, उपनिवेशवाद र एकाधिकार पु“जीवादका विरुद्ध उभिन्छौं र विश्व शान्ति, न्याय, समानता, स्वतन्त्रता र समाजवादको पक्ष लिन्छौँ । तर हाम्रो परराष्ट्र सम्बन्ध निश्चित राजनीतिक विचारधाराबाट होइन, आधारभूत राष्ट्रिय हितबाट निर्देशित हुनेछ । नि:सन्देह, कुनै पनि राष्ट्रिय हितको कुरा गर्दा न्याय र अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई भने कुनै पनि राष्ट्रले भुल्नु हुँदैन । 'सबैसँग मित्रता, कसैसँग पनि छैन शत्रुता' नेपालको घोषित नीति हो ।

राष्ट्रिय स्वाधीनता, स्वाभिमान र स्वतन्त्रताको यस गौरवगाथालाई चिरस्थायी राख्ने दायित्व आज हाम्रो काँधमा निहित छ । पुर्खाहरूले लडेर बचाएको देशलाई हामीले राष्ट्रिय हित, स्वाभिमान र समृद्धिका लागि अडेर अगाडि बढाउनु पर्छ ।

## २. समाज

हजारौं वर्षदेखि नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजका रूपमा रहँदै आएको छ । यहाँ आर्य, मङ्गोल, आष्ट्रिक र द्रबिड लगायत विभिन्न मूलका समुदायहरूको मिश्रित बसोबास छ । विभिन्न उद्गमका १४० भन्दा बढी जातजाति, १२४ भन्दा बढी भाषाभाषी र विभिन्न धर्म एवं संस्कृतिको अवलम्बन गर्ने जनताको बसोबासको यो साझा चौतारी हाम्रो विशेषता तथा बहुमूल्य सम्पदा समेत हो ।

विविधता र विभेद एउटै होइनन् । विभेद अन्त्य गर्नु पर्ने सामाजिक समस्या हो भने विविधता संरक्षण र सम्बर्द्धन गर्नु पर्ने राष्ट्रिय सम्पदा हो । यो हाम्रो राष्ट्रिय पहिचान पनि हो । विविधता बिचको एकता हाम्रो सामथ्र्य हो ।

नेपालमा राज्यको विकास विशिष्ट ढङ्गले भयो । मानव विकासको स्वाभाविक नियमअनुसार आम रूपमा गोत्रबाट कबिला, कबिलाबाट जनजाति/जाति र जातिबाट राष्ट्र निर्माण हुन्छ, त्यसै राष्ट्रको जगमा निश्चित भूगोल र सार्वभौमसत्ता सहितको राज्य निर्माण हुन्छ । तर नेपालको इतिहास यसै गरी सरल रेखामा हिंडेको पाइँदैन । एकीकरण पूर्व नेपालमा विभिन्न बाइसे चौबिसे राज्यहरू अस्तित्वमा थिए र तिनीहरू जातिबाट माथि उठिसकेका थिएनन् । यी ससाना राज्यहरूमध्ये कुनै राज्य अन्य अवरोध सिर्जना नभएको भए स्वतन्त्र राष्ट्रको रूपमा विकसित हुन सक्ने थिए कि ? यो अनुमानको विषय भयो । तर हाम्रो राष्ट्र र राज्य निर्माणको प्रक्रिया बेग्लै ढङ्गले विकसित भयो । भारतमा कब्जा जमाइसकेको अङ्ग्रेज उपनिवेशवादको चुनौती सामना गर्नु पर्ने ऐतिहासिक आवश्यकताले नेपालको एकीकरणको

आधार निर्माण भयो। विस्तारै फैलिँदै गएको व्यापारी वर्गका लागि ससाना राज्यका भौगोलिक सिमाना वाधक बनेको स्थिति र राज्यहरू बिच हुने अन्त्यहीन युद्धबाट आजित भएका आम जनताको शान्तिप्रतिको चाहनाले यस एकीकरणको सामाजिक–आर्थिक आधारलाई अझ बलियो बनायो। यसै पृष्ठभूमिमा राजा पृथ्वीनारायण शाहको नेतृत्वमा सुरु भएको अभियानका क्रममा नेपालको एकीकरण भयो। यो इतिहासको अनिवार्य आवश्यकता थियो।

यसरी नेपाल राज्य बन्यो र यो राज्य–राष्ट्रको रूपमा विकसित भयो। नेपाल राज्य भित्रै विभिन्न जात–जाति, भाषा–भाषी, संस्कृति र धर्ममा आबद्ध समुदाय मिलेर नेपाल राष्ट्र बन्ने क्रम तीव्र बन्यो। कुनै एक जातिबाट विकसित एकजातीय राष्ट्र होइन– बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र बन्यो। इतिहासका विभिन्न प्रक्रियाहरूमा अन्तरघुलित हुँदै यी समुदायहरू सहअस्तित्व र सहिष्णुताका साथ बसेका छन्। अमेरिका, अस्ट्रेलिया, दक्षिण अफ्रिका या ल्याटिन अमेरिकाका कतिपय मुलुकमा जस्तो कुनै 'विदेशी उपनिवेशवादीहरू' आएर यहाँका आदिवासीलाई उत्पीडनमा पारेको या उनका सम्पदा र संस्कृतिमा आधिपत्य जमाएका होइनन्। त्यसैले त्यही आँखाले नेपाली समाजलाई विश्लेषण गर्ने, 'आदिवासी' र 'आप्रवासी' का रूपमा अस्वस्थ बहस चर्काउने र 'आन्तरिक औपनिवेशीकरण' जस्ता तथ्यहीन बिषय उठाएर तिक्तता बढाउने विगतको प्रयास सही थिएन। त्यसलाई संविधान निर्माणकै क्रममा अस्वीकार गरिएको हो। त्यसरी नै, प्रत्येक सामाजिक इकाइलाई 'राष्ट्र' को रूपमा बुझ्दै नेपाललाई 'बहुराष्ट्रिय राष्ट्र' को रूपमा हेर्ने दृष्टिकोणलाई पनि संविधानसभाले उतिबेलै खारेज गरेको हो।

विगतमा शासकहरूले समाजको विविधतालाई अस्वीकार गर्दै निश्चित समुदायलाई काखी च्यापेको सत्य हो। छुवाछुत जस्तो अमानवीय प्रथालाई संरक्षण गरेको पनि यथार्थ हो। एक धर्म, एक संस्कृति, निश्चित जात र जनजातिका सीमित संभ्रान्तहरूको वर्चस्व स्थापित गर्ने, पितृसत्तात्मक नियन्त्रणलाई कसिलो पार्ने प्रयत्न गरेको पनि सत्य हो। परिणामस्वरूप, नेपालमा वर्गीय मात्रै होइन, सामाजिक विभेद पनि तीव्र भयो। त्यसका असर आज पनि कुनै न कुनै रूपमा बाँकी छन्। हामीले यस यथार्थलाई स्वीकार गर्नुपर्छ र समाधानका लागि संवेदनशील बन्नुपर्छ।

विभेदको यस समस्यालाई नेपालको संविधानले संवोधन गरेको छ। राज्यलाई धर्म निरपेक्ष घोषणा गरेर समाजको वहुधार्मिक विशेषतालाई स्थापित गरिएको छ। सबै भाषालाई राष्ट्र भाषा घोषणा गरेर भाषिक समानता प्रत्याभूत गरिएको छ। भोलि कुनै भाषा सम्पर्क या सरकारी कामकाजको भाषामा रूपान्तरित हुन सक्ने ढोका खोलिएको छ। इद, ल्होसार, उँधौली–उँभौली, माघी, गौरा लगायतलाई राष्ट्रिय चाडको मान्यता प्रदान गरेर सबै सांस्कृतिक आस्थाको सम्मान गरिएको छ। सबै जातजातिका भेषभुषालाई सम्मान दिइएको छ। अर्थात् समाजको वहुलता र विविधता नेपालको संविधानमार्फत् राज्यका सामाजिक–सांस्कृतिक आचरणमा प्रतिबिम्बित भएको छ।

तर कतिपयको व्यवहारमा भने यस अनुरूपको रूपान्तरण भइसकेको छैन। खास गरी संविधान र कानुनले निषेध गरे पनि व्यवहारमा जातीय विभेद र छुवाछुतको समस्या अन्त्य भइसकेको छैन। दलित समुदाय आम रूपमा उत्पादनका साधनबाट बञ्चित छ। गरिबीको सबैभन्दा ठूलो हिस्सा यसै समुदायमा

छ। साक्षरता, औसत आयु, मानव विकास सूचकाङ्क सबैमा पछाडि छ। विशेष व्यवस्थाका कारण राजनीतिक प्रतिनिधित्व क्रमश: बढ्दै गएको भए पनि सार्वजनिक प्रशासन, न्यायसेवा, सुरक्षा निकाय र वित्तीय संस्थामा प्रतिनिधित्व न्यून छ। सामाजिक रूपमा विभेद र हेलाहोचोको व्यवहार अन्त्य भएको छैन।

हामीकहाँ रहेका सामाजिक र वर्गीय दुबै खालका विभेद तथा उत्पीडन एवं तिनलाई समाधान गर्ने विषयलाई सन्तुलित ढङ्गले हेर्न सक्नु पर्छ।

राज्य आफ्ना राजनीतिक, आर्थिक, कानुनी, सुरक्षा र सामाजिक–सांस्कृतिक नीति एवं संरचनाको समष्टि हो। राज्यको लोकतान्त्रिक रूपान्तरणका क्रममा हामीले यी सबै बिषयमा ध्यान दिनुपर्छ। राज्यको चरित्र कस्तो बनाउने ? यसलाई कुन वर्गको पक्षमा उभ्याउने ? यसको अर्थनीति कस्तो हुने ? यसको सामाजिक–सांस्कृतिक नीति कस्तो हुने ? हाम्रो सुरक्षा निकाय, न्यायपालिका, प्रशासन संयन्त्र कस्तो बनाउने ? विदेश नीति कस्तो बन्ने ? यी लगायत कस्तो अन्तर्वस्तु सहितको प्रणाली निर्माणका विषयले मात्रै राज्यको समग्र रूपान्तरणलाई सही दिशा दिन सक्छ।

नेपालमा औपचारिक प्रजातन्त्रलाई सामाजिक र वर्गीय मुद्दासँग जोड्ने कामको श्रेय कम्युनिस्ट पार्टीलाई जान्छ। औपचारिक र परम्परागत प्रजातन्त्रले समन्याय दिन सक्दैन, प्रजातन्त्र जनताको सबै वर्ग, तह र समुदायलाई समेट्ने गरी सारवान हुनुपर्छ भन्ने आवाज उठाउने कम्युनिस्टहरू नै हुन्। महिला, आदिवासी–जनजाति, दलित, मधेसी र मुस्लिम लगायत समुदायमा राजनीतिक चेतनाको विजारोपण गर्ने, उनीहरूलाई अधिकारका निम्ति सङ्गठित गर्ने र आन्दोलनमा अगुवाइ गर्ने काम कम्युनिस्ट पार्टीले गरेको हो। यस आन्दोलनका अधिकांश अगुवाहरू वामपन्थी पृष्ठभूमिकै छन्। सच्चाइ यस्तो हुँदाहुँदै पनि कम्युनिस्ट पार्टीलाई पहिचान विरोधी भनेर आरोपित गर्ने, पार्टीलाई लक्षित गरेर हिंसात्मक गतिविधि गर्ने र समाजमा सामाजिक विद्वेष बढाउने कुरा गलत र हानिकारक छ।

पहिचानको प्रश्नलाई सापेक्षिकतामा हेर्नुपर्छ। यसका आन्तरिक र वाह्य आयाम छन्, र यो गतिशील प्रश्न हो। सही ढङ्गले उठान गर्दा यस प्रश्नले सामाजिक न्याय र लोकतन्त्रलाई सार्थक बनाउन सहयोग गर्छ। गलत ढङ्गले उठान गरियो भने यो सामाजिक विद्वेष, दूरी र निषेधको विषय बन्न सक्छ, लोकतन्त्रकै विरुद्ध पनि प्रयोग हुन सक्छ।

## ३. उत्पादन पद्धति

मानव समाज आदिम साम्यवादी युगबाट दास युग, सामन्ती युग हुँदै पुँजीवादमा आइपुगेको छ। केही मुलुकहरू पुँजीवादलाई विस्थापन गरेर समाजवादी युगमा प्रवेश गरेका छन्।

नेपाली समाज पनि यही प्रक्रिया पार गरेर यहाँसम्म आइपुगेको हो।

नेपालमा लामो समयसम्म मातृसत्ता रहेको कुराको विस्तृत चर्चा पुष्पलालले गर्नुभएको छ। यसको अवशेषको रूपमा उहाँले काठमाडौंका बज्रयोगिनी, तलेजु, अजिमा, कुमारी प्रथामा यहाँको मातृपरम्परा

प्रतिविम्बित हुने कुरा उल्लेख गर्नुभएको छ। विभिन्न जनजाति समुदायमा महिलाको अवस्थामा सापेक्ष रूपमा सुदृढ हुनुलाई पनि मातृसत्ताको अवशेषको रूपमा उहाँले अर्थ्याउनु भएको छ।

मानव जातिको विकास हुँदै जाने क्रममा नेपालमा पनि राज्यसत्ताको उत्पत्ति भयो। आवादी, सेना, पुलिस, जेल, अदालत, करव्यवस्था, मुद्राप्रणाली जस्ता राज्यसत्ताका विशेषतासँगै नेपाल हजारौं वर्ष अघि दासयुगमा प्रवेश गऱ्यो। यद्यपि, हाम्रो समाजमा दास प्रथाको परिमाण विश्वका अन्य भूभागको भन्दा फरक र तुलनात्मक रूपमा सानो आकारमा रहेको पाइन्छ। लामो समयसम्म प्रचलित दास प्रथा चन्द्रसमशेरको पालामा मात्रै उन्मूलन भयो। मातृसत्ताको अन्त्यसँगै सुरु भएको महिलामाथिको उत्पीडनले सामन्ती युगमा आइपुग्दा चरम रूप लियो। महिलाहरूलाई पतिको मृत्युसँगै जिउँदै जलाउने क्रूर 'सती प्रथा' सम्म पनि चल्यो। राणाशासनको उत्तरार्द्धमा आइपुग्दा बल्ल यो अमानवीय प्रथाको अन्त्य भयो।

आज भन्दा करिव १५००–२००० वर्ष अघि लिच्छवी राज्यकालमा नेपाली समाजमा सामन्ती उत्पादन पद्धतिको जन्म भएको मानिन्छ। नेपालको ऐतिहासिक एकीकरणपछि त्यो उत्पादन पद्धति अझ मजबुत बन्यो र राणकालमा सामन्तवाद आफ्नो चरम अवस्थातिर विकसित भयो। बलियो सामन्ती राज्य, वंशगत राजतन्त्र, राजाको तजबिजमा खटिने भारदारहरू र तल गाउँसम्मै जिम्मुवाल, मुखिया लगायत राजाका प्रतिनिधिहरूको हुकुमी शासन, जमिन्दारी प्रथा र कुतप्रथा, बेठी, बेगारी सहितको आर्थिक प्रणाली, अन्धविश्वास र रुढी जस्ता संस्कृतिहरू सामन्ती समाजका लक्षण थिए। एकीकरणपछि नेपाली समाजमा विभिन्न प्रकारका इलम र उद्यमहरू पनि विकसित हुन थाले। व्यापार विनिमय पनि बढ्न थाल्यो। तर तिनले पुँजीवादी उत्पादन पद्धतिको रूप भने लिन सकेनन्। लामो समयदेखि काठमाडौँ उपत्यका लगायत स्थानमा शिल्पकला, घरेलु उद्योग र निर्यात व्यापार फस्टाएको एवं नेपाल कुनै बेला चीनको तिब्बत र भारत बिच व्यापारको मध्यस्थ बिन्दु बनिसकेको थियो। तर कर्णेल यङहज्बेण्डको नेतृत्वमा तिब्बतमाथि बेलायतले गरेको आक्रमण र तिब्बतका ठाउँठाउँमा बेलायती व्यापारिक केन्द्र स्थापना र नाथुला पासबाट कोलकाता– ल्हासा व्यापारको सुरुवातसँगै नेपालको त्यो व्यापारिक महत्व घट्न थाल्यो। बेलायतलाई सघाउन चन्द्रसमशेरले चालेको त्यस घातक कदमले दीर्घकालीन रूपमा नेपाललाई निकै ठूलो क्षति पुऱ्यायो। दोस्रो विश्व युद्धको केही अगाडिदेखि नेपालमा कम्पनी कानुनको निर्माण, नेपाल बैङ्कको स्थापना र जुट तथा सलाई लगायत विभिन्न आधुनिक उद्योग धन्दाहरूको स्थापना हुन सुरु भयो। त्यस बिन्दुमा आइपुगेपछि नेपाली समाजमा दुई प्रकारका उत्पादन पद्धतिहरू प्रकट भए। एउटा सयौं वर्षदेखि विद्यमान सामन्ती उत्पादन पद्धति र अर्को, भर्खर आरम्भ भएको पुँजीवादी उत्पादन पद्धति। सामन्तवाद क्रमश: कमजोर हुँदै जान थाल्यो।

गएको ९० वर्षमा देशको वर्गीय संरचनामा ठुलो परिवर्तन आएको छ। २००७ सालको राणाशाही विरोधी क्रान्तिले सामन्तवर्गका प्रमुख प्रतिनिधि–राणाशासनलाई सत्ताच्युत गरिदियो। शासन सत्तामा सामन्तवर्गका साथै ठुलो पुँजीपति वर्गलाई पनि सहभागी बनाइदियो। ग्रामीण क्षेत्रमा सामन्ती जमिन्दार वर्गका विरुद्ध तथा सहरी क्षेत्रमा मौलिक अधिकार र मानव अधिकारका निम्ति जनताका सङ्घर्षहरू विकसित हुन थाले। २००९–१३ को किसान आन्दोलन सामन्तवाद विरोधी आन्दोलनको ज्वलन्त उदाहरण थियो। ती आन्दोलनहरूले शासक वर्गलाई सुधारका कदम चाल्न वाध्य बनाए। बिर्ता प्रथा

उन्मूलन भयो। २०२१ सालमा लागू भएको भूमिसुधारले किसानहरूलाई जमिनको मालिक बनाउन नसके पनि ठुलो जमिनदारी प्रणाली र जमिनमाथिको सामन्ती भूस्वामित्वलाई निकै हदसम्म कमजोर गरायो। रजौटा प्रथा पनि उन्मूलन भयो। आवधिक योजना निर्माण र बजेट प्रणालीको सुरुवातले राष्ट्रिय ढुकुटीलाई बलियो बनाउन र योजनाबद्ध विकासको थालनी गर्न सहयोग पुऱ्यायो। यसरी कमजोर बन्दै गएको सामन्तवाद २०४६ सालको आन्दोलनपछि झनै कमजोर भयो। यसले सामन्तवादका मुख्य प्रतिनिधि राजतन्त्रलाई संवैधानिक दायरामा सीमित गर्दै जनताका निर्वाचित प्रतिनिधिहरूले शासन चलाउने प्रजातान्त्रिक प्रणालीको थालनी गऱ्यो। जमिनको हदबन्दीलाई अझ घट्यो। कमैया, कमलरी र हलिया प्रथा उन्मूलन भए। उद्योगधन्धा, व्यापार व्यवसाय, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसँगको आबद्धता झनै बढ्दै गयो। अन्ततः २०६२/६३ को परिवर्तनले राजतन्त्रको अन्त्य गरेसँगै सामन्तवादी राजनीतिक प्रणाली र अर्थव्यवस्था मूलतः समाप्त भयो।

यस अघि नेपालमा राजपरिवार नै देशको सबैभन्दा ठुलो जमिनदार परिवारका रूपमा थियो। राजा र राजपरिवारको सम्पत्तिलाई अनतिक्रम्य बनाउँदै कुनै पनि कर, शुल्क नलाग्ने बनाइएको थियो। राजतन्त्र अन्त्य भएसँगै राजपरिवारको हातमा रहेको त्यस सम्पत्तिको मुख्य हिस्सालाई राष्ट्रियकरण गरेर ट्रस्ट मातहत ल्याइएको छ। यद्यपि, लामो समयसम्म रहेको सामन्तवाद, सामन्ती उत्पादन सम्बन्ध, उत्पादन पद्धति र सामाजिक आर्थिक ढाँचाले पारेका प्रभाव र त्यसका अवशेषहरू अझै नेपाली समाजमा विद्यमान छन्। देशमा अझै औद्योगिक पुँजी र राष्ट्रिय उद्योग व्यवसायको अपेक्षित विकास भैसकेको छैन। राष्ट्रिय पुँजीको विकास कमजोर अवस्थामा नै छ। कृषिमा गुजारा श्रमको प्रचलन अझै ठुलो मात्रामा रहनु, गैर ब्याङ्किङ क्षेत्रको ऋण प्रवाहको स्थिति ठुलो मात्रामा रहनु, लाखौंको सङ्ख्यामा भूमिहिन किसानहरू रहनु, दर्ता नभएका तर अव्यवस्थित बसोबासको जमिन ठुला मात्रामा रहनु जस्ता स्थिति विद्यमान छन्।

यसरी नेपाली समाजमा सामन्तवाद मूलभूत रूपमा विघटित भएको छ र नेपाली समाज प्रारम्भिक पुँजीवादी प्रकारको समाजमा रूपान्तरित भएको छ। ग्रामीण जीवनको वर्ग संरचनामा परिवर्तन भएको छ। सामन्ती शोषण गरेर किसानहरूलाई शोषण गरी रहेको जमिन्दार वर्ग आम रूपमा विघटित भएको छ। देशका कुना काप्चामा अझै त्यस्ता परिवारहरू भेटिन सक्छन् तर तिनीहरू ग्रामीण क्षेत्रमा प्रभुत्व जमाउने अवस्थामा छैनन्। गरिब र भूमिहीन किसानहरू धनी किसानकोमा ज्याला मजदुरीमा काम गर्छन्। ग्रामीण कृषि अर्थतन्त्र क्रमशः पुँजीवादी बन्दै गएको छ। पुँजीवादी र वित्तीय शोषणका नयाँ रूप पनि सुरु भएका छन्। मिटरब्याज त्यसको ज्वलन्त उदाहरण हो। ग्रामीण क्षेत्रमा सामन्त वर्गको ठाउँ अब कृषि पुँजीपति (बुर्जुवा) वर्गले लिइरहेको छ।

नेपाली जनता न्याय, समानता, विकास र समृद्धि चाहन्छन्। यति ठूलो परिवर्तन पश्चात् आफ्ना दशकौं पुराना आशा र सपना पूरा हुने उनीहरूको अपेक्षा बिल्कुल जायज र स्वाभाविक छ। तर वर्तमान उत्पादन पद्धति पछ्यौटे छ, जसले उनीहरूका आकाङ्क्षा पूर्तिमा वाधा पारिरहेको छ। वितरण प्रणाली विभेदपूर्ण छ। दलाल– नोकरशाही पुँजीवादले पछ्यौटे उत्पादन पद्धति र विभेदपूर्ण वितरण प्रणालीको संरक्षण गरिरहेको छ। त्यो वर्ग राष्ट्रिय पुँजीको विकास गर्न चाहँदैन, गर्न सक्दैन। मुलुकमा रोजगारी सिर्जना गर्न खोज्दैन। जसरी पनि ठेक्कापट्टा हत्याउने तर गुणस्तरीय निर्माण र सेवा उपलब्ध नगराउने, कानुन

छल्ने, कर छली गर्ने, कालो धनलाई सेतो बनाउने, राज्यको सम्पत्ति विभिन्न बहानामा दोहन गर्ने, वस्तु र सेवामा स्वस्थ प्रतिष्पर्धालाई निषेध गर्दै एकाधिकार कायम गर्ने र राज्यका निकायहरूमा अनुचित प्रभाव पारी त्यसबाट संरक्षित हुने यो वर्ग हाम्रो अग्रगतिको वाधक वर्ग हो। लगानी बिनाको लाभ, उद्यम बिनाको आय र श्रम बिनाको शानशौकत र वैभवमा रमाइरहेको यस वर्ग र यसलाई संरक्षण गर्ने शक्ति र प्रवृत्तिसँगको अन्तरविरोध नै आजको मुख्य सामाजिक अन्तरविरोध हो।

आज हामी समाजवाद–उन्मुख उत्पादन पद्धतिको विकासको प्रयासमा छौँ। यसका लागि कानुनी र प्रशासनिक हस्तक्षेप तथा संरचनागत सुधार एवं रूपान्तरणका माध्यमबाट दलाल–नोकरशाही पुँजीवादी प्रवृत्तिलाई नियन्त्रित गर्नु पर्छ। राष्ट्रिय पुँजीलाई प्रोत्साहित र विकसित गर्नु पर्छ। राज्य संरचनामा श्रमजीवी वर्गको पहुँच र वर्चस्व विस्तार गर्नु, तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणबीच समुचित सन्तुलन कायम गर्नु, राज्यका सबै अङ्गको लोकतान्त्रिक रूपान्तरण गर्नु, भूमिहिन किसानहरूलाई आवास र कृषिलाई नै व्यवसाय बनाउन चाहनेहरूलाई जमिन उपलब्ध गराउनु, गरिब र मध्यम किसानहरूलाई सहकारी र सामुहिक खेतितिर उन्मुख पार्नु, समग्र कृषिलाई व्यवसायीकरण र यान्त्रिकीकरण गर्ने काम गर्नु पर्छ। उद्यमशीलताको विकास, उद्यमको प्रबर्द्धन, उत्पादनको बजार संरक्षण, नयाँ प्रविधिको प्रयोग र उत्पादक शक्तिको विकास मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्छ। रोजगारीका नयाँ अवसर सिर्जना गर्नुपर्छ। कानुनी र प्रशासनिक विधिहरूमार्फत् स्वदेशी उत्पादन,उद्यमीहरू र पुँजीको संरक्षण गर्नुपर्छ। सुशासन र छरितो सेवाप्रवाहको प्रबर्द्धन गर्नुपर्छ। जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्दै समाजवादको आधार तयार गर्ने काम गर्नु पर्छ। यसो गरेर समाजमा विद्यमान अन्तरविरोधको सही समाधान र अग्रगतिका बाधकहरूको सामना गर्न सकिन्छ र नयाँ उत्पादन पद्धतिको विकास गर्न सकिन्छ।

## ४. जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ। यसमा विदेशमा भएको २१ लाख ९० हजार ५ सय ९२ जनसङ्ख्या जोडिएको छैन। कुल जनसङ्ख्यामा पुरुष १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ (४८.८७ प्रतिशत), महिला १ करोड ४९ लाख ११ हजार २७ (५१.१३ प्रतिशत) र अन्य लिङ्गी २ हजार ९ सय २८ (०.०१ प्रतिशत) रहेका छन्।

जनसङ्ख्याका मुख्य प्रवृत्ति देहाय बमोजिम छन्–

**क. उमेर संरचना**

— बालबालिका (०–१४ वर्ष) : २७.८३%
— आर्थिक रूपमा सक्रिय (१५–५९ वर्ष) : ६१.९६%
— युवा (१६–४० वर्ष) : ४२.५६%
— ज्येष्ठ नागरिक (६०+ वर्ष) : १०.२१%

### ख. भौगोलिक वितरण र जनघनत्व

- — तराई : ५३.६१% (घनत्व: ४६०)
- — पहाड : ४०.३१%
- — हिमाल : ६.०८% (घनत्व: ३४)

१० वर्षमा हिमालको जनसङ्ख्या घटेको (–०.०५%), पहाडमा न्यून वृद्धि (३.२%) र तराईमा उच्च वृद्धि (१७.४%) देखिएको छ ।

### ग. प्रदेशगत वितरण

- — कोशी : ४९ लाख ६१ हजार ४ सय १२ (१७.०१ प्रतिशत) ।
- — मधेस : ६१ लाख १४ हजार ६ सय (२०.९७ प्रतिशत) ।
- — बागमती : ६१ लाख १६ हजार ८ सय ६६ (२०.९७ प्रतिशत) ।
- — गण्डकी : २४ लाख ६६ हजार ४ सय २७ (८.४६ प्रतिशत) ।
- — लुम्बिनी : ५१ लाख २२ हजार ७८ (१७.५६ प्रतिशत) ।
- — कर्णाली : १६ लाख ८८ हजार ४ सय १२ (५.७९ प्रतिशत)
- — र सुदुरपश्चिम : २६ लाख ९४ हजार ७ सय ८३ (९.२४ प्रतिशत) ।

### घ. बसाइँसराइँ

- — अहिले बसोबास गरिरहेको स्थान र जन्मस्थान एउटै गाउँपालिका वा नगरपालिका भएको व्यक्तिहरू ६९.० प्रतिशत । (पुरुष ७८.३ र महिला ६० प्रतिशत) ।
- — कम्तीमा एक पटक बसाइँ सरेर बसोबास स्थान बदलेकाहरू ३२ प्रतिशत ।
- — विवाहको कारणबाट बसाइँसराइँ ३८.२ प्रतिशत । त्यसपछिका कारणमा रोजगारी,व्यापार/व्यवसाय, अध्ययन/तालिम, बाबुआमा वा छोराछोरीको आश्रय, प्राकृतिक प्रकोप, कृषि आदि ।
- — बाह्य बसाइँसराइँका कारण नेपालका ३४ वटा जिल्लाको जनसङ्ख्या घटेको । (ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, सङ्खुवासभा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, धादिङ्ग, नुवाकोट, गोरखा, लमजुङ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, गुल्मी, अर्घाखाँची, पाल्पा, स्याङ्जा, तनहुँ,सल्यान, दैलेख, अछाम, बझाङ, बैतडी, डोटी, डडेलधुरा ।)
- — बसाइँसराइँका कारण जनसङ्ख्या कमी हुँदा जनशक्तिको अभाव, उत्पादनमा कमी, खेतबारी बाँझै रहने, खाद्यान्न उत्पादनमा कमी, गाउँघर उराठ, विकासका पूर्वाधारहरू प्रयोगविहिन ।
- — गन्तव्य स्थलमा घना जनसङ्ख्या भएएर साधन स्रोतको अभाव हुने, खानेपानी, शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता साविकका पूर्वाधार अपुग हुने, उत्पादनशील

खेतबारीमा आवादी बढेर खाद्यान्न उत्पादन घटेको, पूर्वाधारका संरचनाहरूले मानिसको आवश्यकता पूरा हुन नसक्ने, फोहोर मैला व्यवस्थापनको समस्या, यातायात व्यवस्थापनमा समस्या, बस्ती व्यवस्थापनमा कठिनाइ आदि समस्या सिर्जना।

**ङ. जातजाति, भाषाभाषी र धर्म**

— १४२ वटा जातजातिको बसोबास। (अघिल्लो जनगणनामा नेपालमा १२५ वटा जातजाति।) जनसङ्ख्याको आधारमा मुख्य १० वटा जाति– क्षेत्री (१६.४५) ब्राह्मण पहाड (११.२९), मगर (६.९०), थारु (६.२०) तामाङ (५.६२), विश्वकर्मा (५.०४), मुसलमान (४.८६), नेवार (४.६०), यादव (४.२१), राई (२.२०)।

— १२४ वटा भाषाभाषी। (अघिल्लो जनगणनामा १२३)। मुख्य १० मातृभाषा– नेपाली (४४.८६), मैथिली (११.०५), भोजपुरी (६.२४), थारु (५.८८), तामाङ (४.८८) ,बज्जिका (३.८९) ,अवधी (२.९६), नेपालभाषा (नेवारी) (२.९६) मगर ढुट (२.७८), डोटेली (२.७८)।

— १० वटा धर्म मान्ने जनसङ्ख्या। हिन्दु (८१.२), बौद्ध (८.२१), इस्लाम (५.०९), किरात (३.१७), क्रिश्चियन (१.७६) रहेका छन्। यसैगरी प्राकृत (०.३५), बोन (०.२३), जैन (०.०१), बहाई (०.०१), शिख (०.०१)।

**च. सहरीकरण, घरसंरचना र परिवार**

— महानगर, उपमहानगर र नगरपालिकाको जनसङ्ख्या १ करोड ९२ लाख ९६ हजार ७ सय ८८ (६६.२ प्रतिशत)। तर यो पूरै सहरी जनसङ्ख्या होइन। खास सहरी क्षेत्रको जनसङ्ख्या २७ प्रतिशत मात्र।

— गाउँपालिकाको जनसङ्ख्या ९८,६७,७९० (३३.८ प्रतिशत)।

— कुल ७५ लाख ५२ हजार ६६ वटा घर संरचना। जस मध्ये ७१.७ प्रतिशत आवासका लागि प्रयोगमा (बाँकी गोठ/मतान,खाली,व्यापारिक प्रयोजन,होटल,लज,शैक्षिक संस्था आदिमा प्रयोग)।

— नेपालमा ६६ लाख ६० हजार ८ सय ४१ वटा व्यक्तिगत परिवार, एक दशकमा १२ लाख ३९ हजार ६ सय ३५ वटा परिवार थप। नेपाली समाज एकल परिवारप्रति बढी आकर्षित हुँदै गएको।

— परिवार विखण्डित हुने प्रवृत्ति बढ्दो। बसाइँसराइँले गर्दा ६.३ प्रतिशत घरहरू रित्तै। ६६ लाख ६१ हजार परिवारमध्ये ८६ प्रतिशतको आफ्नै घर।

— सन् २०११ मा २६ प्रतिशत महिला घरमूली देखिएकोमा सन् २०२१ मा ३२ प्रतिशत पुगेको। २४ प्रतिशत महिलाका नाममा घरजग्गाको स्वामित्व।

— करिब ६२ प्रतिशत परिवारका लागि उत्पादनको इकाई घर परिवार रहेको छ भने ३३ प्रतिशतका लागि गैह« वित्तीय संस्था, ४ प्रतिशतका लागि सरकारी संस्था र १ प्रतिशतका लागि वित्तीय तथा गैह«सरकारी क्षेत्र उत्पादनको इकाइ।

— एक परिवारमा औसतमा ४.३ जना व्यक्तिहरूको बसोबास (अघिल्लो दशकमा एक परिवारमा ४.८ जना व्यक्ति)। हिमाली क्षेत्रमा प्रति परिवार ४.३,पहाडमा ३.९ र तराईमा ४.७ जना व्यक्तिहरू एक परिवारमा। गण्डकी प्रदेशमा सबैभन्दा सानो परिवार (३.७ जना) र मधेसमा सबैभन्दा ठुलो परिवार (५.२ जना व्यक्ति )को बसोबास।

— १५ लाख ५५ हजार ९ सय ६१ परिवार (२३.४ प्रतिशत) को कोही न कोही सदस्य विदेशमा। विदेशमा बस्नेमध्ये पुरुषहरू ८२.२ प्रतिशत र महिला १७.८ प्रतिशत।

— साक्षरता दर ७६.२ प्रतिशत (पुरुष ८३.६ र महिला साक्षरता ६९.४ प्रतिशत) ।सबैभन्दा बढी साक्षरता बागमतीमा (७६ प्रतिशत) र सबैभन्दा कम मधेसमा (५४.७ प्रतिशत मात्र)।

— मातृ शिशु स्वास्थ्यको अवस्थामा उल्लेख्य सुधार (मातृमृत्यु दर १५१ प्रति लाख)।

— ९५.५ प्रतिशत परिवारसँग शौचालय रहेको।

माथिको जानसाङ्ख्यिक तथ्याङ्कको विश्लेषण गर्दा निम्न तथ्यहरू देखा पर्छन्–

क. नेपालमा जानसाङ्कि लाभको स्थिति उच्च रहेको (आर्थिक रूपले सक्रिय उमेर समूह (१५–५९) को जनसङ्ख्या ६२ प्रतिशत र युवा जनसङ्ख्या (१६–४०) ४२ प्रतिशत)। आर्थिक विकासका लागि सहयोगी बन्ने गरी सही सदुपयोगको योजना बनाउनु आवश्यक छ।

ख. पहाडबाट तराई र गाउँबाट सहरमा बसाइँसराइँ तीव्र बनिरहेको छ। बसाइँसराइँ आम प्रवृत्ति भए पनि गाउँ रित्तिदै जाने र सहरमा अव्यवस्थित बसोबास हुने गरी भइरहेको बसाइँसराइँलाई सकारात्मक मान्न सकिँदैन। गाउँमा उत्पादन घट्ने, जमिन बाँझो रहने, अर्बौं खर्च गरेर बनाइएका पूर्वाधारको सदुपयोग नहुने र तराई एवं सहरमा उर्बर जमिन मासेर अव्यवस्थित सहरीकरण हुने, त्यहाँ नागरिकलाई न्यूनतम सुविधा पनि पु¥याउन नसकिने जस्ता समस्या थपिँदै गएका छन्। पहाड र ग्रामीण क्षेत्रमा जनसङ्ख्यालाई अड्याउने व्यवस्थित योजना बनाउनु आवश्यक छ।

ग. वाह्य बसाइँसराइँ (प्रवासन) को समस्या विश्वव्यापीकरणको स्वाभाविक परिणाम हो। तर देशबाट राम्रा प्रतिभाहरू र युवा श्रम शक्ति दुबैको प्रवासनले दीर्घकालमा नकारात्मक प्रभाव पार्न सक्छ। तसर्थ, देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्नु, देशभित्र शैक्षिक गुणस्तर सुधार गर्नु र वाध्यात्मक वैदेशिक रोजगारीलाई न्यून गर्दै लैजानु आवश्यक छ।

घ. बसाइँसराइँले परिवारमा नयाँ चुनौती थपिन थालेका छन् । जेष्ठ नागरिकहरूको स्याहारसुसार र हेरचाह, नानीहरूको हुर्काइ र महिलाहरूको एक्लोपनको समस्या जटिल बन्दै गएको छ । समाधानका लागि गर्न सामुदायिक तहबाट ठोस काम गरिनु आवश्यक छ ।

ङ. पहाडी क्षेत्र र गाउँबाट भइरहेको बसाइँसराइँ रोक्न व्यावसायिक खेती गर्न चाहनेलाई भूमिको व्यवस्था, पूँजी र प्रविधिको प्रबन्ध, बाली बिमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था, बिचौलियाहरूको बिगबिगी नियन्त्रण, स्वदेशी उत्पादनलाई प्रोत्साहन, बाँझो जमिनको सदुपयोग, मल, बिउ र सिचाइँ, सहुलियतपूर्ण ऋण तथा अन्य सुविधा सुनिश्चित गर्ने, वन्यजन्तुबाट बाली जोगाउने कदम मार्फत् ती क्षेत्रलाई उत्पादनका केन्द्रका रूपमा विकास गर्नु आवश्यक छ ।

च. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू पनि बसाइँसराइँका कारण बन्न पुगेका छन् । पानीका मुहानहरू सुक्दै जानु, पानीको सतह घटेका कारण सिचाइ कुलोहरू सुख्खा हुनु, बाढी पहिरोको जोखिम, हिमालहरू पग्लिँदै जानु, वर्षाको असामान्य प्रवृत्तिका कारण परम्परागत बाली प्रणालीमा परेको प्रतिकूल असर जस्ता कारणले महिला, किसान र भिरालो पाखा या नदी किनारमा बस्न बाध्य विपन्न परिवारहरू बढी मर्कामा परेका छन् । अनुकूलन र प्रतिरोधी क्षमता अभिवृद्धि सम्बन्धी ठोस योजना ल्याएर बसाइँसराइँको दरलाई नियन्त्रण गर्नु आवश्यक छ ।

## ५. वर्ग संरचना

ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा मान्छेका आर्थिक क्रियाकलापहरू (बाँच्नका लागि उसले गर्ने उत्पादनका क्रियाकलाप, उत्पादनका साधन, श्रमका औजार र प्रविधिसँगको उसको साइनो, त्यस प्रक्रियामा निर्माण हुने उसको सामाजिक सम्बन्ध, प्रगतिशील उत्पादक शक्ति र यथास्थितिवादी उत्पादन सम्बन्ध बिचको सतत् अन्तरसङ्घर्ष, आर्थिक आधार र त्यसको जगमाथि उभिएको अधिसंरचनाको अन्तरसम्बन्ध लगायत) नै समाजको गतिको मुख्य कारक हो । यद्यपि, यो एकमात्र कारक भने होइन । त्यसैले कुनै पनि समाजको संरचना बुझ्नका लागि त्यहाँ विद्यमान उत्पादक शक्ति र उत्पादन सम्बन्धलाई बुझ्नु, तिनका मुख्य कारकका रूपमा रहने वर्गहरूको विश्लेषण गर्नु र आर्थिक आधारको जगमा उभिएको समाजको अधिसंरचना र तिनको गतिशीलतालाई बुझ्नु अनिवार्य हुन्छ ।

समाजको विकास क्रमसँगै वर्ग संरचनामा परिवर्तन भइरहन्छ । राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा आउने परिवर्तनसँगै कतिपय परम्परागत वर्ग रूपान्तरित भइरहेका हुन्छन् । समाजको लोकतान्त्रिकरण, विधिको शासन, विश्वव्यापीकरण, वित्तीय पँुजीवाद, सूचना तथा सञ्चार एवं विज्ञान प्रविधिमा भएको विकासद्वारा सिर्जित नयाँ उत्पादन प्रक्रिया र अर्थतन्त्रका नयाँ क्षेत्रको उदयसँगै समाजको वर्गीय चरित्रमा पनि परिवर्तन हुँदै आएको छ । संयुक्त परिवार प्रणाली अन्तर्गत रहेको एक परिवार एक उत्पादन इकाईको अवस्था अब एकल (न्युक्लियस) परिवार प्रणालीको विकाससँगै भत्किएको छ । अझ एउटै परिवारका व्यक्ति पनि भिन्न–भिन्न किसिमका उत्पादन प्रणालीमा गाँसिदा पारिवारिक रूपमा उत्पादन सम्बन्धको व्याख्या र वर्ग विभाजन जटिल बन्दै गएको छ । विश्वमा पुँजीवादको विस्तारसँगै

उत्पादन प्रणालीमा नजोडिएको तर यसबाट अधिकतम लाभ लिने मध्यस्थ वा बिचौलिया वर्गको तीव्र रूपमा विकास भइरहेको छ । यो बिचौलिया वर्ग एउटा उदीयमान वर्ग हो जो नीति निर्माणमा प्रभाव पार्ने, राज्यका साधन स्रोतको दोहन गर्ने, अस्वस्थ्य तथा अपारदर्शी व्यवसायवाट अस्वभाविक मुनाफा आर्जन गर्ने काममा सङ्लग्न छ । बिचौलिया वर्ग नै त्यस्तो वर्ग हो, जसले दलाल पुँजीवादी अर्थव्यवस्थालाई बढावा दिने गर्छ र श्रमिक वर्गको उत्पादन (श्रम) को शोषण गर्दछ ।

समाजको विश्लेषणका लागि मार्क्सवाद र यसको ऐतिहासिक भौतिकवादी दर्शनभन्दा वैज्ञानिक अर्को कुनै साधन छैन । यद्यपि हामीले समयक्रममा विकास भएका समाजशास्त्रका अन्य विधाहरूबाट पनि सन्दर्भ सामग्री ग्रहण गर्न सक्दछौँ । खास गरी बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधताले युक्त र बहुलतामाथि आधारित नेपाली समाजमा उत्पादनका साधनमा पहुँच र आर्थिक क्रियाकलापका अलावा सांस्कृतिक–सामाजिक सन्दर्भहरूले पनि मानवीय जीवन र समाजको तहगत संरचनालाई गहिरो गरी प्रभावित गर्दै आएका छन् । सानादेखि ठूलासम्म निजी व्यवसाय गर्ने, न्यूनवैतनिक देखि उच्च ज्यालामा श्रमिक वा व्यवस्थापकको रूपमा काम गर्ने, ज्यालामा वा स्वरोजगारीको रूपमा बौद्धिक काम गर्ने वा वैदेशिक रोजगारीमा रहेर काम गर्ने तथा अनौपचारिक कारोबार गर्ने व्यक्तिको वर्ग के आधारमा छुट्याउने भन्ने प्रश्न आफैंमा जटिल छ । उत्पादनका साधनमा नियन्त्रण, उत्पादन सम्बन्ध, श्रमको प्रकृति, आम्दानी र यसको वितरण, ज्याला, कारोबारको स्वामित्वमध्ये के कुरालाई आधार बनाउने भन्ने प्रश्नको उत्तर सहज छैन ।

सामान्यतया: आधारभूत (निम्न) वर्गको पहिचान त्यति कठिन छैन । सामाजिक तथा आर्थिक उत्पीडनमा रहेको, न्यूनतम मानवीय आवश्यकता पनि पूरा गर्न नसकिरहेको, उत्पादनका साधनमा स्वामित्व नरहेको, शिक्षावाट वञ्चित र अन्यायपूर्ण जीवन निर्वाह गरिरहेको वर्ग नै आधारभूत या निम्न वर्ग हो । यसको ठीक विपरित उच्च वर्ग चाहिँ बलियो आर्थिक तथा सामाजिक हैसियत भएको, उत्पादनका साधनमा कब्जा जमाएको र नीति निर्माण तथा राजकीय निर्णय तथा सामाजिक व्यवस्थामा प्रभाव पार्न सक्ने वर्ग हो । यी दुई वर्गको बिचमा रहेको वर्ग मध्यम वर्ग हो, जो समाजको सबैभन्दा कमजोर वर्गभन्दा माथि एवं सबैभन्दा बलियो वर्गभन्दा तलको सिँढीमा अवस्थित छ । यो वर्गको पहिचान गर्दा आर्थिक स्रोत (आम्दानी, भौतिक सम्पत्ति, गरिबीवाट मुक्तिको अवस्था), शिक्षा र ओहदा (शैक्षिक योग्यता, पेशागत श्रेणी वा तह) र प्रवृत्ति (सोच, आचरण, व्यवहार, दृष्टिकोण) लाई आधार बनाउनुपर्ने हुन्छ ।

## श्रमिक तथा आधारभूत (निम्न) वर्ग

यस वर्गभित्र औद्योगिक, व्यवसायिक, सरकारी या कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरू, सीमान्त कृषकहरू, वैदेशिक रोजगारीमा न्यून तलबमा काम गरिरहेका कामदारहरू तथा सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक रूपमा वञ्चितीकरणमा परेका एवं आधारभूत मौलिक हक या सुविधावाट वञ्चित व्यक्ति या समूह पर्छन् ।

यस वर्गसँग मानवोचित जीवनयापन गर्न भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति हुँदैन या भए पनि पर्याप्त हुँदैन । यो निरपेक्ष गरिबीको रेखामुनि (वा सिमान्तरूपमा गरिबीको रेखामाथि) रहेको छ । आर्थिक, सामाजिक तथा भौतिक जोखिमका कारण यो वर्ग कुनै पनि बेला चरम गरिबीमा धकेलिन सक्ने

जोखिममा हुन्छ । हरबखत खाद्य असुरक्षा, आवासको अभाव, आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाबाट बञ्चित तथा सामाजिक विभेद तथा शोषणको मारमा पिल्सिरहेको हुन्छ । नेपालको सन्दर्भमा गरिबीको रेखाको आय (रु. ७२ हजार) भन्दा दोब्बरमाथि सम्मको वार्षिक आय (२०७८ को जीवनस्तर मापन सर्भेक्षणका आधारमा करिब रु १ लाख ५० हजार) भन्दा कम हुने यो वर्गको विशेषता भनेको जमीनमा स्वामित्व प्रतिपरिवार १ हेक्टर भन्दा कम रहेको, उद्यम व्यवसायको सारभूत स्वामित्व नरहेको, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा लगानी शून्यप्राय: रहेको तथा बौद्धिक पूँजी सिर्जनावाट बञ्चित रहेको अवस्था हो । पार्टीले ध्यान दिनु पर्ने र वर्गीय हितको पक्षपोषण गर्नु पर्ने मुख्य वर्ग यही हो ।

## मध्यमवर्ग

यसभित्र साना र मझौला कृषकहरू, राष्ट्रिय औसत प्रतिव्यक्ति आयभन्दा बढी ज्याला, वेतन तथा सुविधा प्राप्त गर्ने वैतनिक कर्मचारीहरू, औद्योगिक, राजकीय तथा व्यावसायिक क्षेत्रका रोजगार व्यक्तिहरू, सीपयुक्त, मयादित तथा सुरक्षित वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक रूपमा राष्ट्रिय औसतभन्दा बढी सबल समूह तथा राजकीय, सामाजिक तथा आर्थिक भूमिकामा उल्लेख्य स्थान ओगटेको एवं मौलिक हकको रूपमा रहेका आधारभूत सुविधा प्राप्त गर्न सक्षम वर्ग पर्दछ ।

यस वर्गसँग मानवोचित जीवन यापन गर्न केही मात्रामा भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति उपलब्ध रहन्छ । यो निरपेक्ष गरिबीको रेखाभन्दा माथि रहेको हुन्छ र कुनै ठूलै द्वन्द्व, विपद् वा आर्थिक सङ्कट नपरी गरिबीको चपेटोमा पर्दैन । आर्थिक, सामाजिक तथा भौतिक जोखिमका कारण गरिबीमा पर्नबाट बँच्ने भएकाले खाद्य सुरक्षा, आवासको सुरक्षा, आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाको उपलव्धता सुनिश्चित हुन्छ । निम्न वर्गको व्यक्तिको परिभाषित आयस्तर (रु १ लाख ५० हजार) भन्दा माथि र रु. ५ लाख सम्म वार्षिक आय हुनेलाई यस वर्गमा राख्न सकिन्छ । यो वर्ग भनेको जमीनमा स्वामित्व प्रति परिवार १ हेक्टरदेखि ३ हेक्टरसम्म रहेको, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा उल्लेख्य लगानी रहेको तथा बौद्धिक पूँजीको उपयोगवाट मर्यादित एवं आधारभूत सुविधा सम्पन्न जीवन निर्वाह गरिरहेको अवस्थामा रहेको वर्ग हो । यो वर्ग सबै प्रकारका शोषण तथा उत्पीडनको विरोध पनि गर्दछ र आफैं पनि त्यसको हिस्सेदार समेत बन्ने गर्छ । उदीयमान व्यवसायी, उच्च उपभोगकर्ता, तथा आधुनिक ज्ञान, सीप तथा प्रविधिमा पहुँच राख्ने यो गतिशील वर्गभित्र समाज परिवर्तनमा रुचि र सक्रियता राख्ने विशेषता पनि हुन्छ । आफू सुरक्षित क्षेत्रमा रहेर काम गर्न खोज्ने प्रवृत्ति पनि अन्तरनिहित हुनाले बढी अस्थिर पनि हुन्छ ।

## उच्च वर्ग

यस वर्गभित्र ठूला कृषकहरू, औद्योगिक, राजकीय तथा व्यावसायिक क्षेत्रका उच्च वैतनिक व्यक्तिहरू, सूचना प्रविधिमा दक्षता, व्यवस्थापकीय कौशल, उच्च शिक्षा तथा अनुभव हासिल गरेका व्यक्तिहरू, सीपयुक्त जनशक्तिको रूपमा वैदेशिक प्रतिष्ठान तथा संस्थाहरूमा रोजगारीमा रहेकाहरू, सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक रूपमा सबैभन्दा बढी सुविधा प्राप्त र राजकीय, सामाजिक तथा आर्थिक क्षेत्रमा निर्णायक भूमिकामा रहेको वर्ग पर्दछ । यसको उच्च तहमा राज्यका स्रोत तथा साधन

र अवसरमा प्रभुत्व कायम गर्दै आम नागरिकको श्रम, मेहनत र योगदानको शोषणवाट पुँजी निर्माण र प्रविधिमा पहुँच बढाउने अनि त्यही पँ ुजी र प्रविधिका माध्यमबाट श्रमको अतिरिक्त शोषण गर्दै आर्थिक लाभ लिने दलाल– नोकरशाही पुँजीपति वर्ग समेत समावेश छ ।

यस वर्गसँग उच्चस्तरको जीवन यापन गर्न पर्याप्त भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति उपलव्ध छ । ठूलै द्वन्द्व, विपद् वा आर्थिक, सामाजिक तथा भौतिक जोखिमको अवस्थामा पनि आम रूपमा यो वर्ग गरिबीको चपेटामा पर्दैन । यस वर्गका लागि खाद्य सुरक्षा, आवासको सुविधा, शिक्षा तथा स्वास्थ्य सेवाको उपलव्धता सुनिश्चित हुन्छ । प्रतिव्यक्ति वार्षिक रु ५ लाख भन्दा माथि आय हुने यो वर्गको विशेषता भनेको जमीनमा स्वामित्व प्रति परिवार ३ हेक्टर भन्दा माथि, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा उल्लेख्य लगानी, पैतृक तथा वित्तीय पुँजी या कर्जाको माध्यमबाट उपयोग, उद्यमशीलता र आर्थिक तथा सामाजिक प्रभाव विस्तार गरेको तथा सुविधा सम्पन्न जीवन निर्वाह गरिरहेको अवस्थामा हुन्छ । रोजगारी सिर्जना, राजस्व आपूर्ति र राष्ट्रिय पुँजी निर्माणमा यस वर्गको सकारात्मक योगदान हुने भएता पनि यसै वर्गभित्रका विभिन्न व्यक्तिहरू नै शोषण तथा उत्पीडनका मुख्य स्रोत पनि हुने गर्छन् । उनीहरू प्राय: परिवर्तन तथा अग्रगमनका सन्दर्भमा विपक्षी कित्तामा उभिने गर्छन् ।

## वर्ग संरचना र आय वितरण

- **निम्न वर्ग**
  - वार्षिक आय प्राय: रु. १.५ लाखभन्दा कम भएको ।
  - जमिन स्वामित्व १ हेक्टरभन्दा कम भएको वा भूमिहीन ।
  - उद्यमशीलता, बैंक/वित्तीय लगानी, सामाजिक सुरक्षा न्यून वा हुँदै नभएको ।
  - खाद्य, आवास, शिक्षा र स्वास्थ्यमा पहुँच सीमित रहेको ।
- **मध्यम वर्ग**
  - वार्षिक आय करिब रु. १.५–५ लाख हुने ।
  - १–३ हेक्टर जमिनमाथि स्वामित्व भएको ।
  - आधारभूत भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति भएको ।
  - उद्यमशीलता, उपभोग र आधुनिक प्रविधिमा पहुँच रहेको ।
- **उच्च वर्ग**
  - वार्षिक आय रु. ५ लाखभन्दा माथि भएको ।
  - ३ हेक्टरभन्दा बढी जमिन वा शहरी जग्गा भएको ।
  - बैंक, बीमा, उद्योग र व्यवसायमा ठूला लगानी भएको ।
  - राज्यको नीति, स्रोत र शक्ति संरचनामा प्रभुत्व रहेको ।

- **आय वितरण र उपभोग**

  — सन् २०२३ को जीवनस्तर मापन सर्वेक्षण अनुसार आय वितरणमा सबैभन्दा तल्लो ४०% परिवारको राष्ट्रिय आयको हिस्सा २१. ८% छ (२०११ मा ११.९% रहेको हिस्सामा ९.९ प्रतिशत वृद्धि भएको ।)

  — मध्यम अर्थात् ४० देखि ९०% आय समूह बिचको ५० प्रतिशत समूहको हिस्सा बढेर ५५.६% पुगेको छ (२०११ मा ४८.७% रहेकोमा ६.९ प्रतिशतले वृद्धि भएको ।)

  — माथिल्लो १०% को हिस्सा घटेर २२.७% मा सीमित भएको छ (२०११ मा ३९.४% रहेकोमा १६.७ प्रतिशतले ह्रास आएको ।)

सबैभन्दा सीमान्त २० प्रतिशत वर्गको मात्रै गणना गर्दा पनि १९९६ मा ७.६ प्रतिशत, २००४ मा ६.२ प्रतिशत, २०११ मा ७.६ प्रतिशत रहेको उनीहरूका आयमा हिस्सा २०२३ मा ८.९ प्रतिशत पुगेको छ। बिचको ६० प्रतिशतको हिस्सा सोही अवधिमा क्रमश: ४७.५ प्रतिशत, ४०.५ प्रतिशत, ४७.३ प्रतिशत र २०२३ मा ५३.३ प्रतिशत पुगेको छ। उच्च २० प्रतिशतको हिस्सा क्रमश: ४४.९, ५३.३, ४५.१ र २०२३ मा ३७.८ प्रतिशत पुगेको छ। यसरी विश्लेषण गर्दा निम्न वर्गको आर्थिक स्तरमा क्रमश: सुधार आएको, मध्यम वर्ग फराकिलो बन्दै गएको र उच्च वर्गको वर्चस्व कमजोर हुँदै गरेको देखिन्छ। १९९६ मा धनी–गरिब बिचको आय अन्तर २०.५ गुणा रहेकोमा २०२३ मा ५.९ गुणामा झरेको छ।

उपभोग असमानता पनि घट्दै गएको छ— १९९६ मा धनी १०% को उपभोग गरिब १०% भन्दा ९.४ गुणा बढी थियो। २०२३ मा यो अन्तर ६.५ गुणा मात्र रहेको छ।

### जातीय र सामाजिक आयाम

जातीय संरचना र वर्गीय अवस्था घनिष्ट रूपमा जोडिएका देखिन्छन् ¬

— दलित र मुस्लिम समुदायमा भूमिहीन, सिमान्त किसान र न्यून आय वर्गका बढी छन्।

— सन् २०२२ मा औसत गरिबी दर २०.३% भए पनि दलितमा त्यो ३०% भन्दा बढी छ।

— मानव विकास सूचकाङ्कमा पनि जातीय विभेद देखिन्छ। २००४ मा मानव विकास सूचकाङ्क बाहुन/क्षेत्रीमा ०.५५२ र नेवारमा ०.६१६ रहँदा दलितमा ०.४२४ र मुस्लिममा ०.४०१ मात्र थियो।

— गरिबी घट्ने दरमा पनि असमानता छ। बाहुन/क्षेत्रीमा ४६% र दलितमा २१%, मुस्लिममा ६% मात्र।

समाज आधुनिक बन्दै जाँदा जातीय विषय गौण हुँदै जानु पर्नेमा हरेक जनगणनामा झन् बढी बलियो बन्दै गएको छ। २०७८ को जनगणनामा १४२ जात/समूह सूचीकृत छन् जबकी २०४८ मा त्यो ५९ मात्र थियो।

बालश्रमको स्थिति हेर्दा पनि जातीय विभेद स्पष्ट देखिन्छ। बालश्रम घट्दै गएको भए पनि २०२१ को गणनामा ७० लाख बालबालिकामध्ये ११ लाख (१५ प्रतिशत) बालश्रममा थिए। यसमध्ये दलित

परिवारमा १९.४ प्रतिशत, जनजातिमा १८.१ प्रतिशत, बाहुन क्षेत्रीमा १४.५ प्रतिशत र नेवारमा ९.९ प्रतिशत रहेको छ। सबैभन्दा विपन्न २० प्रतिशत परिवारमा १८ प्रतिशत बालश्रम रहँदा माथिल्लो आय वर्गमा ५ प्रतिशत मात्र छ।

### श्रम बजार

श्रम बजारमा निम्न र मध्यम वर्गको प्रबलता छ, तर अनौपचारिक क्षेत्रको उच्च हिस्सा स्पष्ट वर्गीय असमानताको आधार हो।

- ९.४ प्रतिशत गैर कृषि कार्यमा स्वरोजगार छन् (त्यसको २१.९ प्रतिशत साना तथा घरेलु उद्योगमा, ४९.५ प्रतिशत ब्यापारमा, ५.५ प्रतिशत सेवा क्षेत्रमा र १२ प्रतिशत अन्यमा) छन्।
- रोजगार श्रमशक्तिमध्ये २१.५ प्रतिशत कृषिमा, १५.१ प्रतिशत उद्योगमा, १३.८ प्रतिशत निर्माणमा र १७.५ प्रतिशत व्यापार व्यवसायमा छन्। यातायात र होटल सेवामा ९.७ प्रतिशत, १०.३ प्रतिशत शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा, वित्तीय, सञ्चार तथा घरजग्गा व्यवसायमा २.८ प्रतिशत र पेशागत क्षेत्रमा ३.४ प्रतिशत सङ्लग्न छन्। घरेलु कामदारको रूपमा १ प्रतिशत रोजगार छन्। यसको वर्गीय चित्रण गर्दा २०.३ प्रतिशत प्रारम्भिक पेशामा, ५.४ प्रतिशत मेशिन उपकरण सञ्चालनमा, १९ प्रतिशत व्यापार व्यवसायमा, १८.१ प्रतिशत सीपयुक्त तथा प्राविधिक सेवामा र ९.४ प्रतिशत मात्र उच्च व्यावसायिक तथा व्यवस्थापकीय पेशामा छन्।
- लैङ्गिक दृष्टिकोणले रोजगारमध्ये पुरुष ६३ प्रतिशत र महिला ३७ प्रतिशत छन्। व्यवस्थापकीय क्षेत्रमा रोजगार मध्ये ८७ प्रतिशत पुरुष र १३ प्रतिशत महिला छन् भने प्रारम्भिक पेशामा पुरुष ५५.५ प्रतिशत र महिला ४५ प्रतिशत छन्।
- ६२.८% श्रमिक अनौपचारिक क्षेत्रमा (महिलामा ९०% भन्दा बढी) छन्।
- रु. १५ हजार मुनि कमाउने न्यून वैतनिक श्रमिक ४४% र २५ हजार माथि कमाउने उच्च वैतनिक १५% मात्र छन्।
- औसत काम समय ४४ घण्टा छ, तर होटल/निर्माणमा ५० घण्टा भन्दा बढी छ।
- बेरोजगारी दर ११.४% छ।
- उच्च शिक्षा प्राप्त श्रमिकमा बेरोजगारी १५% भन्दा बढी छ।
- सञ्चालित प्रतिष्ठानहरूको सङ्ख्या ९ लाख २३ हजार रहेको छ। (४ लाख ६३ हजार प्रतिष्ठानहरू (५०.१%) दर्ता भएका र ४ लाख ६० हजार प्रतिष्ठानहरू (४९.९ %) दर्ता नभएका तथा दर्ता स्थिति नखुलेका ३२९ (०.०४% ) सञ्चालनमा रहेको।)
- प्रतिष्ठानहरूमा सक्रिय रूपमा सङ्लग्न जनशक्ति सङ्ख्या ३२ लाख २८ हजार (पुरुष २० लाख १२ हजार र महिला १२ लाख १६ हजार) रहेका छन्।

— दर्ता भएका व्यवसायमध्ये कृषि, वन तथा माछापालन व्यवसायमा २.६ प्रतिशत, औद्योगिक उत्पादनमा ११.३ प्रतिशत, खानी तथा उत्खनन, विद्युत, ग्याँस, पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधन, खानी तथा उत्खनन एवं निर्माणमा ०.६ प्रतिशत, थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मतमा ५४.० प्रतिशत, यातायात तथा गोदाम, आवास सुविधा तथा खाना व्यवस्थामा १५ प्रतिशत, वित्त बिमा तथा घर जग्गा कारोवारमा २.० प्रतिशत, शिक्षा तथा स्वास्थ्य सेवामा ७ प्रतिशत र पेशागत तथा प्रशासनिक सेवामा १.६ प्रतिशत र ६ प्रतिशत अन्य सेवामा रहेका छन्।

— सन् १९९२ मा ठूला उद्योगको सङ्ख्या ४२७१ रहेकोमा सो सङ्ख्या घटेर सन् २००२ सम्ममा ३२१३ र सन् २०११ मा ४०७६ मा सिमित रहेको। २०२० मा बल्ल ५०१७ पुगेको छ। औद्योगिक श्रमिकको सङ्ख्यामा पनि खासै बृद्धि नभएको। २८ वर्षमा उद्योग तथा औद्योगिक श्रमिकको ज्यामितीय वृद्धि क्रमश: ०.६ प्रतिशत र ०.९ प्रतिशत मात्र रहेको छ। यसै अवधिमा औद्योगिक क्षेत्रको मूल्य अभिवृद्धि र श्रमिकको ज्याला पनि क्रमश: ११.२ प्रतिशत र १२.० प्रतिशतले मात्र बढेको।

— सन् २०२० श्रमको ज्याला रु १०८ अर्ब तथा उत्पादन रु १२०१ अर्ब हुँदा श्रमको हिस्सा ९.० प्रतिशत मात्र रह्यो। सन् १९९२ मा यो १०.१ प्रतिशत थियो भने सन् २००२ मा ६.७ प्रतिशत र सन् २०११ मा ५.१ प्रतिशत।

— देशमा औद्योगीकरण हुन नसकेको उदाहरण उत्पादनमुलक उद्योगमा १० जना भन्दा कमलाई रोजगारी दिने उद्योग ९१ प्रतिशत रहेकोबाट प्रष्ट हुन्छ।

यसरी, श्रम बजारले मध्यम वर्गलाई बढाएको भए पनि सिमान्त श्रमिकहरूको स्थिति अझै असुरक्षित छ।

## विप्रेषण र गरिबी

— सन् २०२३ को सर्वेक्षण अनुसार ७६% परिवारले कुनै न कुनै प्रकारको (आन्तरिक या वाह्य) विप्रेषण आय गर्छन्।

— औसत वार्षिक विप्रेषण आय रु. १ लाख ४५ हजार छ।

— विप्रेषणले निरपेक्ष गरिबी (१९९६ को) ४२% बाट २०२२ मा २०.३% मा झार्न सघाएको छ।

— विप्रेषण पनि गरिबको तुलनामा धनी परिवारले ३.३ गुणा बढी पाउने गरेको देखिन्छ, जसले वर्गीय भिन्नता कायम राख्छ।

— निरपेक्ष गरिबीमा रहेका व्यक्तिहरू सूचनाको अभाव, खर्च व्यवस्थापनमा कठिनाइ र सिपका अभावमा वाह्य रोजगारीमा जान नसक्ने या गए पनि जोखिमपूर्ण काम गर्न वाध्य हुने अवस्था देखिएको छ।

## सम्पत्ति स्वामित्व

नेपालमा अझै पनि जग्गा–जमिन वर्ग विभाजनको मुख्य आधार हो, तर वित्तीय सम्पत्ति र उद्योग–व्यवसायमा स्वामित्वले नयाँ प्रकारको विभाजन उत्पन्न गरेको छ।

— कूल कृषियोग्य ४१ लाख ३१ हजार कित्ता जग्गामध्ये ३४ लाख ४९ हजार कित्ता (८३% ) १ हेक्टरभन्दा कम छन्, ०.२% (७८५४ कित्ता) मात्र ५ हेक्टरभन्दा माथिका छन्।

— भूमिहीन परिवार १ लाख १५ हजार (कृषिगणना २०११) बाट सन् २०२२ मा १ लाख ३१ हजार पुगे।

— घर–जग्गा स्वामित्वमा महिलाको हिस्सा ८% बाट बढेर २३. ८% पुगेको छ।

— भौतिक सुविधामा पहुँच धेरै बढेको छ। २००१ मा टेलिभिजन हुने परिवार २२ प्रतिशत रहेकोमा २०२१ मा ५० प्रतिशत, एक दशक अघि ३ प्रतिशत परिवारमा सीमित रहेको इन्टरनेट सुविधा हाल ३८ प्रतिशत र मोटर तथा मोटरसाइकल हुने परिवारको सङ्ख्या एक दशकमा ११ प्रतिशतबाट ३० प्रतिशत माथि पुगेको छ। रेडियो, टिभी, फ्रिज, सवारी साधन, इन्टरनेट केही पनि नहुने परिवार ३ प्रतिशत मात्र रहेका छन्।

— जस्तापाताको छाना हुने परिवार ४२ प्रतिशत र सिमेन्टको पक्की छाना हुने ३८ प्रतिशत छन्। फुस र माटोको छाना हुने ५ प्रतिशत मात्र छन्। शौचालय नहुने ५ प्रतिशत मात्र घर छन्। एलपिजी ग्यासले खाना पकाउनेको सङ्ख्या ४४ प्रतिशत माथि पुगेको छ।

— विद्युत र सौर्य उर्जाको पहुँच ९९ प्रतिशत परिवारमा पुगेको छ।

— ब्याङ्कका निक्षेपकर्ता ४ करोड भन्दा माथि रहँदा बैंक कर्जाको उपयोग भने २० लाख व्यवसायीले मात्र गरेका।

— ब्याङ्क, बीमा र पुँजीबजारमा सिमित घरानाको नियन्त्रण कायमै छ।

## भौगोलिक र क्षेत्रगत असमानता

गरिबी घटे पनि ग्रामीण क्षेत्रमा अझै उच्च छ।

— सन् २०२३ को तथ्याङ्कमा सहरी क्षेत्रको गरिबी १८.३% छ भने ग्रामीण क्षेत्रको गरिबी २४.७%।

— काठमाडौंको गरिबी ७.४% छ भने सुदूरपश्चिमको ग्रामीण क्षेत्रको गरिबी ४०.२%।

— यसले भौगोलिक विकटता वर्गीय विभाजनको आधार बनेको देखाउँछ।

— शिक्षा, स्वास्थ्य र सामाजिक सूचक

— साक्षरता दर १९९६ को ३५.६% बाट २०२३ मा ७२.५% पुगेको छ।

— महिला साक्षरता १९.४% बाट ६४.१% मा पुगेको छ। उल्लेख्य सुधार भए पनि अझै खाडल देखिन्छ।

- विद्यालय शिक्षामा लैङ्गिक अनुपात हासिल भएको, उच्च शिक्षामा हुने क्रममा रहेको छ। तर माध्यमिक भर्नामा धनी परिवारका ६२% छात्रछात्रा छन् भने गरिब परिवारका २९%।
- उच्च शिक्षामा धनीको पहुँच ३७.४% हुँदा गरिब परिवारका २.३% मात्र छन्।
- स्वास्थ्य सेवामा जातीय र वर्गीय विभेद अझै कायम छ। दलित/मुस्लिम महिलामा बालबिबाह र गर्भावस्था दर उच्च छ।
- कृषि र वर्गीय रूपान्तरण
- कृषि अझै प्रमुख रोजगारी र आय स्रोत भए पनि भूमिको खण्डीकरण र सिमान्तीकरणले निम्न वर्गलाई विस्तार गरेको छ।
- कृषक परिवार २०५८ मा ७९% थिए, २०७८ मा ६२% छन्।
- १ हेक्टरभन्दा बढी जमिन हुने परिवार घट्दैछ, र भूमिहीन किसान बढ्दै छ।
- जमीनमा महिलाको स्वामित्व बढे पनि मुख्यतया सानो जमिनमा सीमित छ।
- कृषि सहकारी विस्तार भए पनि निर्वाहमुखी कृषि अझै प्रबल छ।
- जग्गाको वित्तीयकरणले सहरी–ग्रामीण अन्तर बढाएको छ। सहरमा थोरै आना जमिन हुने परिवार सम्पन्न मानिन्छ भने गाउँमा सय रोपनी जमिन भएका पनि विपन्न मानिन्छन्।
- जमिन अब कृषि उपजको साधनभन्दा पनि बढी वित्तीय उपकरण बन्न थालेको छ।

## निष्कर्ष

- नेपाली समाजको वर्ग संरचना बहुआयामी बनेको छ। निम्न वर्ग अझै भूमिहीन किसान र अनौपचारिक श्रमिकमा सीमित छ। मध्यम वर्ग विप्रेषण, शिक्षा र सहरीकरणसँगै विस्तार भएको छ। उच्च वर्गले वित्तीय–राजनीतिक शक्ति कायम राखेको छ।
- आय र उपभोग असमानता घट्दै गएको छ, तर जातीय, लैङ्गिक र भौगोलिक अन्तर अझै गहिरो छ।
- पछिल्ला वर्षहरूमा नेपालको सामाजिक–आर्थिक संरचना तीव्र रूपान्तरणको चरणमा छ। गणतान्त्रिक व्यवस्थाको आगमनपछि सामन्तवादी शोषण र वर्गीय असमानता कमजोर हुँदै गएको देखिन्छ। यद्यपि परम्परागत निर्वाहमुखी अर्थतन्त्र र रुढीवादी सामाजिक संरचनाका कारण जातीय, वर्णीय तथा पेशागत विभेद अझै आंशिक रूपमा कायम छन्।
- उत्पादन सम्बन्ध, प्रविधि, ज्ञान–सीप, कानूनी संरचना र अन्तर्राष्ट्रिय आवद्धतामा आएको परिवर्तनले समाजको वर्गीय स्वरूपलाई जटिल बनाइरहेको छ। सेवा क्षेत्रको विस्तार, स्वरोजगारी र साना–मझौला व्यवसायको वृद्धि, साथै अनौपचारिक क्षेत्रको प्रभावशाली उपस्थितिले समाजको वर्गीय विभाजनलाई स्पष्टतापूर्वक चित्रण गर्न कठिन बनाइरहेका छन्।
- वैदेशिक रोजगारीले आर्थिक उत्थानसँगै सांस्कृतिक विचलन पनि ल्याएको छ। आन्तरिक–बाह्य आप्रवासन, बजार अर्थतन्त्रको विस्तार, प्रविधिको सहज पहुँच र बढ्दो

चेतनाले समाजलाई गतिशील बनाएको छ। यसले वर्गीय सम्बन्धमा नयाँ आयाम थपेको भए पनि उत्पादन, स्वामित्व र आय वितरणसम्बन्धी आधारभूत प्रश्नहरू अझै खुला छन्।

— उदीयमान मध्यमवर्गको आकार बढ्दो छ, तर यसको वर्गीय स्थिति अझै अस्थिर छ। यो निम्न वर्गबाट धेरै माथि उठ्न सकेको छैन।

— राजनीतिक दलहरूको सिद्धान्त, नीति र कार्यदिशाबाट कुन दल कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने प्रश्नमा स्पष्टता आएन भने निम्न वर्गप्रतिको प्रतिनिधित्व कमजोर भई, दलहरू जनताको दृष्टिमा 'उस्तै' देखिने जोखिम बढ्नेछ।

— वर्गीय गतिशीलता (क्लास मोबिलिटी) बढ्दो भए पनि संरचनागत असमानता कायम छ। नीति दृष्टिकोणले भूमिहीन र सिमान्त किसानको संरक्षण, अनौपचारिक श्रमिकको औपचारिकीकरण, शिक्षा–स्वास्थ्यमा समान पहुँच र वित्तीय/उद्योगमा स्वामित्वको लोकतान्त्रीकरणलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ।

— सेवा क्षेत्रले आर्थिक क्रियाकलापको झण्डै दुईतिहाई अंश ओगटेको र यो क्षेत्रमा साना, मझौला देखि ठूला व्यवसाय, निम्न वैतनिक देखि उच्च वेतन लिने श्रमीक तथा व्यवस्थापकसम्म अटाएको एवं स्वरोजगारीको हिस्सा प्रमुख रहेकाले यसभित्रको प्रत्येक उपक्षेत्रको सूक्ष्म विश्लेषणवाट मात्र सटिक रूपमा वर्ग पहिचान गर्न सकिनेछ।

— अदृष्य रूपमा हुने सेवाको उत्पादन र व्यापार तथा तेस्रो पक्षसँगको करार वा ठेक्कामा वस्तुको उत्पादन गर्ने परिपाटीसँगै व्यवसायिक क्षेत्रमा को मालिक, को कामदार, उत्पादनको लाभ कसले कति पाउने वा आयको वितरणको आधार के हुने जस्ता प्रश्न क्रमश: जटिल बन्दै जाँदैछन्।

— नेपाल सङ्क्रमणकालीन अवस्थामा छ – जहाँ सामन्तवाद अन्त्यतिर उन्मुख छ, तर पुँजीवादले अझै स्पष्ट आकार लिन सकेको छैन। वर्गीय विश्लेषण अझै आवश्यक छ। तर यसको लागि मात्र तथ्याङ्कीय होइन, गुणात्मक दृष्टिकोण र सूक्ष्म सामाजिक अध्ययन पनि अपरिहार्य देखिन्छ।

— सारमा, श्रमजीवी वर्गीय पक्षधरता र निम्न वर्गलाई माथि उठाउन सम्पूर्ण प्रयासकेन्द्रित गर्ने, मध्यम वर्गलाई सुदृढ गर्ने र त्यससँगको मित्रता बलियो बनाउने, उच्च वर्गभित्रका राष्ट्रिय पुँजीपतिहरू, रोजगारदाताहरू, करदाताहरू र मुलुकमा केही गरौँ भन्ने हुटहुटी भएका, जोखिम मोलिरहेका रसमृद्धिका संवाहकहरूलाई प्रोत्साहन गर्ने तथा त्यस वर्गभित्रका बिचौलिया, कालो धन थुपार्नेहरू, राजस्व छली गर्नेहरू र दलाल प्रवृत्तिहरूलाई कानुन र विधिबाट नियन्त्रित गर्दै राष्ट्रिय पुँजी निर्माणलाई तीव्रता दिने नीति नै हाम्रो वर्गीय नीति हुनुपर्छ।

# ६. भूराजनीति र परराष्ट्र नीति

भूराजनीति अभूतपूर्व परिवर्तनको चरणबाट गुज्रिरहेको छ। विश्व राजनीति पूर्वानुमान गर्नै नसकिने गरी तरल बनेको छ। दोस्रो विश्व युद्धपछि विकसित भएको बहुपक्षीयता र अन्तर्राष्ट्रिय व्यवस्था विस्तारै कमजोर हुँदै गइरहेका छन्। नियममा आधारित (रुल बेस्ड) प्रणाली निष्प्रभावी हुँदै गएर लेनदेन आधारित (डिल बेस्ड) स्थिति सिर्जना भएको छ। उग्रराष्ट्रवाद, संरक्षणवाद र एकपक्षीयताको उदयले संयुक्त राष्ट्र सङ्घको भूमिका तथा त्यसको अगुवाइमा सञ्चालित सहयोग र पारस्परिक सम्मानका सिद्धान्तहरूलाई कमजोर बनेको छ। शक्ति राष्ट्र प्रतिष्पर्धा अस्वस्थ ढङ्गले बढिरहेको छ। कुनै सार्वभौम राष्ट्रको भूभागबारे उसको अनुपस्थितिमै निर्णय हुने, कुनै सार्वभौम राष्ट्रका राष्ट्राध्यक्ष या नेताहरूलाई लक्षित गरेर अर्को देशले सिधै हत्याको धम्की दिने, एकातिर आतङ्कवादको डरलाग्दो आक्रमण र अर्कोतिर त्यसलाई नियन्त्रण गर्ने नाममा हजारौँ निर्दोष व्यक्ति, बालबालिका र महिलाहरूको नरसंहार हुने जस्ता अकल्पनीय परिघटना देखा परेका छन्। जलवायु सङ्कट जस्ता नयाँ चुनौतीले मानव जातिको अस्तित्वमै खतरा पैदा गर्न थालेका छन्। मानिस र पृथ्वीको संरक्षण गर्ने गंभीर चुनौती थपिएको छ। नयाँ परीक्षणका नाममा भइरहेका गलत प्रयोगहरूले नयाँ महामारी थपिने स्थिति बनेको छ।

यस्तो जटिल भूराजनीतिका बिचमा नेपाल जस्ता मुलुकका लागि विश्व शक्ति प्रतिष्पर्धा र अनिश्चितताहरूको बिचमा राष्ट्रिय हितको रक्षा गर्ने चुनौती थपिएको छ। अन्तर्राष्ट्रिय रूपमा स्वीकृत र स्थापित नियमहरू पटक– पटक उल्लङ्घन भइरहेको अवस्थामा आफ्ना एजेन्डा कार्यान्वयन गर्ने विषय असहज बनेको छ। विश्वव्यापी सहकार्य र सहयोग घट्दै गएको अवस्थामा आफ्ना विकास लक्ष्यहरूलाई चाहिने स्रोतको जोहो कसरी गर्ने भन्ने समस्या बढ्दै गएको छ।

## बदलिँदो शक्ति सन्तुलन

विश्वव्यापी शक्ति सन्तुलनमा तीव्र परिवर्तन आइरहेको छ। लामो समयसम्म प्रमुख विश्व शक्ति रहेको संयुक्त राज्य अमेरिका आफ्नो परम्परागत भूमिकाबाट पछि धकेलिँदै गएको छ। विश्व मामिलामा दुई शताब्दीसम्म हावी रहेको पश्चिमी प्रभुत्व द्रूत गतिमा घट्दै गइरहेको देखिन्छ। अफगानिस्तान, इराक र लिबियाको घटनाक्रमपछि पश्चिमी शक्तिहरूको अजेय ठानिने सैन्य शक्ति अब त्यस्तो देखिँदैन। उनीहरूको विशिष्टताका रूपमा रहेको अन्वेषण र प्रविधि–श्रेष्ठतालाई पनि चीन, जापान र दक्षिण कोरिया जस्ता नयाँ शक्तिहरूले चुनौती दिइरहेका छन्। परम्परागत शक्तिहरूको आर्थिक प्रभुत्वलाई चीन, भारत र ब्राजिल जस्ता उदीयमान अर्थतन्त्रहरूले टक्कर दिएका छन्। GDP को हिसाबले गत: वर्ष BRICS ले G-7 लाई उछिनेको छ। BRICS मुद्रा सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय कारोबारमा गैर–डलरीकरणलाई प्रबर्द्धन गर्ने र स्थानीय मुद्राहरूमा द्विपक्षीय व्यापार गर्ने विषयमा जारी छलफलले द्रूत गतिमा परिवर्तन भइरहेको वित्तीय व्यवस्थालाई अभिव्यक्त गर्दछ। लोकतन्त्र, मानव अधिकार, विकास, सभ्यता र मूल्यहरूको परम्परागत सङ्कथन र परिभाषा नयाँ सन्देश र अर्थका साथ विकसित हुँदैछन्।

तर अमेरिका लगायत पश्चिमा शक्तिहरू यो नयाँ वास्तविकता स्वीकार गर्न र परिवर्तित शक्ति सन्तुलनलाई प्रतिबिम्बित गर्ने गरी विश्वव्यापी व्यवस्थालाई पुन: संरचना गर्न तयार देखिँदैनन्। बरु, तिनीहरू नयाँ यथार्थलाई अस्वीकार गरिरहेका छन्, र नयाँ अर्थतन्त्रको उदयलाई कमजोर पार्न हानिकारक प्रयास

गरिरहेका छन् । पछिल्लो समय अमेरिकाले सुरु गरेको 'भन्सार युद्ध' यसैको अभिव्यक्ति हो । 'हामी' र 'अरु' बिचको मनोमानी सीमाङ्कनले अवाञ्छित कटुता सिर्जना गरिरहेको छ । यस्ता गतिविधिहरू पृथ्वीमा शान्ति, सद्भाव, सहअस्तित्व र बहुलता चाहने बहुसङ्ख्यक मानिसहरूको इच्छामा आघात पुऱ्याइरहेका छन् ।

विश्वव्यापी अर्थतन्त्र, नवप्रवर्तन र जनसङ्ख्याको केन्द्रबिन्दुको रूपमा एसियाको उदयले हामीलाई अवसर र चुनौती दुबै प्रदान गर्दछ । चीनको शान्तिपूर्ण उदय एउटा नयाँ घटनाको रूपमा रहेको छ । चीनले छोटो समयमै ८० करोड मानिसहरूलाई गरिबीबाट माथि उठाएर विश्व मानवतामा महत्वपूर्ण योगदान पुऱ्याएको छ। विकासशील देशहरूलाई संयुक्त राष्ट्र सङ्घ र अन्य बहुपक्षीय मञ्चहरूमा आफ्नो एजेन्डालाई आकार दिन मद्दत गरिरहेको छ । विश्वव्यापीकरण र उदारीकरणका समर्थकहरू संरक्षणवादी बन्ने प्रवृत्ति बढ्दै जाँदा, चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ्स (बिआरआइ) को व्यापक ढाँचा अन्तर्गत समावेशीकरण र साझा लाभमा आधारित विश्वव्यापीकरणको नयाँ दृष्टिकोण प्रस्तुत गरिरहेको छ ।

भारत पनि शक्ति राष्ट्र बन्न चाहेको देखिन्छ । यद्यपि, छिमेकीहरूसँग भारतका धेरै मुद्दाहरू अझै समाधान हुन सकेका छैनन् र दक्षिण एसियाली देशहरू बढ्दो अमेरिका–भारत सुरक्षा सहकार्यको परिणामहरूका बारेमा चिन्तित छन् ।

शक्ति सन्तुलनको यस परिवर्तनको कम्पन दक्षिण एसियाको आँगनसम्मै आइपुगेको छ । नेपालले यस गतिशीलतालाई सूक्ष्म रूपमा अवलोकन गर्नुपर्छ। वाह्य सम्बन्धमा तटस्थता कायम राख्न, प्रमुख खेलाडीहरू बिच उचित सन्तुलन कायम गर्न र परिपक्व नीतिगत दृष्टिकोण अपनाउनु पर्छ । सबै बाधाहरू विरुद्ध राष्ट्रिय हितहरूको संरक्षण गर्न आफ्नो क्षमता बढाउनुपर्छ ।

## त्रुटिपूर्ण आर्थिक संरचना, विज्ञान प्रविधिमा फड्को र डिजिटल विषमता

विश्व सम्पत्तिमा असाधारण वृद्धि भएको छ। तर, सबै देशहरूले त्यस विकास र समृद्धिबाट लाभ उठाउन सकेका छैनन् । धनी र गरिब बिचको खाडल बढेको छ, जसले विभिन्न देशहरूमा सामाजिक अशान्ति र राजनीतिक अस्थिरता निम्त्याएको छ। व्यापार, लगानी र प्रविधि हस्तान्तरणका लागि असमान अवसरहरूको यो स्थितिले विश्वव्यापी आर्थिक व्यवस्था त्रुटिपूर्ण छ भन्ने कुरालाई पुष्टि गर्छ । विश्व जनसङ्ख्याको लगभग एक अर्ब अझै पनि पूर्ण गरिबीमा छ । देशहरू बिच र देशहरूभित्र राष्ट्रिय आयको असमान वितरण र शोषणकारी श्रमबजार सम्बन्ध यस अवस्थाको लागि जिम्मेवार छन्। विश्वव्यापी सम्पत्ति वितरणको विरोधाभाष भोकमरी, गरिबी र अभावको निरन्तर समस्याहरूले अझ जटिल बनाएको छ ।

भूपरिवेष्ठित, स्रोतहरू सीमित भएका र विकासशील अवस्थामा स्तरोन्नत हुँदै गरेको नेपालले यसै विश्व आर्थिक व्यवस्थाका बिचबाट आफ्नो विकास आकाङ्क्षा हासिल गर्नु पर्नेछ ।

विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति, विशेष गरी एआई, थ्रीडी प्रिन्टिङ, मेसिन लर्निङ, जेनेटिक इञ्जिनियरिङ र रोबोटिक्सको अकल्पनीय विकासले सकारात्मक र नकारात्मक दुवै अर्थमा जीवनको ढाँचामा ठूलो परिवर्तन ल्याएका छन्। तीव्र रूपमा फड्को मारिरहेको प्रविधिले उपभोक्ता, उद्योग वा

व्यवसायहरूले सञ्चालन गर्ने तरिकामा उल्लेखनीय परिवर्तन ल्याएको छ। वास्तवमा विश्व व्यवस्था प्रकाशको गतिमा परिवर्तन भइरहेको छ। डिजिटल विषमता अर्थात् सूचना र सञ्चार प्रविधिहरूमा पहुँच भएकाहरू र नभएकाहरू बिचको खाडल बढ्दो चिन्ताको विषय हो। यस्तो विभाजनले विद्यमान असमानता अझ बढाउन सक्छ र विकासका अवसरहरू अझ सीमित गर्न सक्छ। एकातिर, यी तीव्र रूपमा फड्को मारिरहेका प्रविधिहरूले मानिसहरूको जीवनलाई सजिलो बनाउन, भौगोलिक अवरोधहरू पार गर्न र नयाँ रोजगारीहरू अन्वेषण गर्न अवसरहरूको नयाँ क्षितिज खोलेका छन्। अर्कातिर यिनले धेरै जोखिम र चुनौतीहरू पनि थुपारेका छन्– जस्तै, श्रम बजारहरू सङ्कुचित हुँदै जानु, विषमतालाई फराकिलो बनाउँदै जानु र गलत सूचनाको बाढी ल्याउनु।

धनको अत्यधिक केन्द्रीकरण र विज्ञान र प्रविधिका फलहरूको असमान वितरणका कारण विश्वको संरचना असमान भएको छ। श्रमको रूप, श्रम सम्बन्ध, शोषणका रूप, पुँजीवादको चरित्र, राष्ट्रहरू बिचको सम्बन्ध, विज्ञान र प्रविधि, उत्पादनको तरिका, वाणिज्य, उपयोग साथै विश्व राजनीतिमा ठूलो परिवर्तन आएको छ। विज्ञान, प्रविधि र नवप्रवर्तनका उपलब्धिहरू एकाधिकार पुँजीवादको विकास गर्ने माध्यम नबनून् भन्ने विषयमा विश्वव्यापी विमर्श र वैकल्पिक ढाँचाको खोजी अपरिहार्य बन्दै गएको। छ।

## लोकतन्त्रमा चुनौती

अतिवाद, कट्टरपन्थवाद, विभिन्न रूपहरूका प्रियतावाद (पपुलिज्म), संरक्षणवाद र दक्षिणपन्थी राजनीतिको उदय आज संसारले सामना गरिरहेका अन्य प्रमुख चुनौती हुन्। यिनले प्राय: विभाजनकारी र बहिष्करणकारी भाष्यहरूलाई बढावा दिन्छन्, जसबाट सामाजिक अशान्ति र राजनीतिक अस्थिरता ह्वात्तै बढ्न सक्छ। साम्प्रदायिक हिंसा, धार्मिक अतिवाद र आतङ्कवादका रूपमा विभाजनका नयाँ शक्तिहरू उदाइरहेका छन्, जसले व्यक्तिगत स्वतन्त्रता, लोकतान्त्रिक संस्थाहरू र कानुनको शासनका लागि ठूलो खतरा खडा गर्दैछन्।

नेपालले राष्ट्रिय एकता, सामाजिक सद्भाव र लोकतान्त्रिक मूल्य मान्यताहरूलाई सुदृढ पार्न आफ्नो प्रयास दोब्बर बनाउनु पर्नेछ।

## जलवायु सङ्कट

जलवायु परिवर्तन हाम्रो समयको एउटा यस्तो विशाल समस्या हो जसले हामीलाई घच्घच्याइरहेको छ। समाधान खोज्ने हाम्रो शक्ति, दृढ विश्वास र सामूहिक प्रयाशमा चुनौती दिइरहेको छ। हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य भए पनि जलवायु सङ्कटको असमान मार नेपालले बेहोरिरहेको छ। एकपछि अर्का प्रतिवेदनहरूले आसन्न विपत्तिको पूर्वसूचना दिएका छन् र तत्काल प्रभावकारी कदम चाल्न आह्वान गरेका छन्। यसै वर्ष सोलुखुम्बुको थामेमा भएको हिमताल विस्फोट र त्यसले पुऱ्याएको नोक्सान, हुम्लामा एउटा गाउँ नै बसाइँ सर्न वाध्य पार्ने हिमपहिरो र भर्खरै रसुवागढीमा मितेरी पुल बगाउने गरी आएको बाढी खतराका घण्टीहरू हुन्। हामी जस्ता जोखिममा रहेका, स्रोतसाधनको सीमितता भएका र कम तयार देशहरूले पेरिस सम्झौताको भाग्य के हुने हो भनेर चिन्तित हुनु पर्ने

परिस्थिति बिडम्बनापूर्ण छ। नेपालले पर्वतीय देशको एजेन्डाका नेतृत्व गर्नुपर्छ, जोखिममा रहेका देशहरूको सहकार्य प्रबर्द्धन गर्नुपर्छ र जलवायु न्यायको लागि लड्नुपर्छ। केही समय अगाडि आयोजित 'सगरमाथा संवाद' र त्यसमा भएको 'जलवायु परिवर्तन, पर्वतहरू र मानव जातिको भविष्य' विषयक छलफल एकदमै सान्दर्भिक छ।

नेकपा (एमाले) ले परिवर्तित शक्ति सन्तुलन र जटिल भूराजनीतिको अवस्थालाई प्रतिबिम्बित गर्दै परराष्ट्र नीति र दृष्टिकोणलाई पुन: परिभाषित, पुन: संरचित र अग्रगामी बनाउँदै अगाडि बढ्नुपर्छ। बाह्य सम्बन्धहरूलाई बुद्धिमानीपूर्वक सञ्चालन गर्नुपर्छ। सबै अवरोधको सामना गर्दै राष्ट्रिय हितहरूको संरक्षण गर्नुपर्छ।

यस्तो अवस्थामा हामीले अवलम्बन गर्नु पर्ने (र गरिरहेको) परराष्ट्र नीतिका आधारभूत सिद्धान्तहरूलाई निम्नानुसार सूत्रीकृत गर्न सकिन्छ–

### स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित वाह्य सम्बन्ध

नेकपा (एमाले) ले स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित वाह्य सम्बन्ध हाम्रो बाह्य सङ्लग्नताको आधार हुनुपर्छ भन्ने विश्वास गर्छ। सरकारमा होस् वा विपक्षमा, हाम्रो ध्यान सधैंभरि पञ्चशील, असङ्लग्नता, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताहरूको पालना गर्दै सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, स्वतन्त्रता र अहस्तक्षेपलाई प्रवर्द्धन गर्ने कुरामा केन्द्रित रहेको छ। कहिल्यै कुनै बाह्य शक्तिको नियन्त्रणमा नभएको देशका जनताको रूपमा, हामी अरु कुनै पनि कुरा भन्दा बढी सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्तहरूलाई हृदयको नजिक राख्छौं।

### सबैसँग मित्रता, कसैसँग छैन शत्रुता

हाम्रो आदर्श वाक्य 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता छ' रहेको छ र रहनेछ। छिमेकीहरू र मित्र राष्ट्रहरू बिच कुनै विषयहरू, भिन्नता र विवादहरू पनि हुन सक्छन्। तर यी कुनै पनि रूपमा, विचारधारात्मक वा रणनीतिक आधारमा राष्ट्रहरू बिचको ध्रुवीकरण र विभाजनका बहाना हुनुहुँदैन। हामी के ठान्छौं भने विश्व राजनीतिमा बहुलवाद सुनिश्चित गरिनुपर्छ। कुनै पनि देशले आफ्नो विचारधारा, विकास मोडालिटी वा रणनीति अरुमाथि लाद्ने प्रयास गर्नु हुँदैन। र, सबैभन्दा महत्वपूर्ण कुरा, हाम्रो संस्कृति, सभ्यता र पहिचान साथै अविकसित र विकासशील देशहरूसँग ऐक्यबद्धताको भावना केन्द्रमा रहनुपर्छ।

### व्यापक सहयोग र साझेदारी

हामी हाम्रा दुबै निकट छिमेकीहरू भारत र चीनसँग सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्धमा जोड दिन्छौं। हामी यी सम्बन्धहरूलाई अझ सुदृढ गर्ने र पारस्परिक विश्वासको आधारमा अगाडि बढाउन चाहन्छौँ। हाम्रा सम्बन्धहरू राजनीतिक, आर्थिक, सांस्कृतिक र जनता– जनताको स्तरमा गरी बहुआयामिक छन्। नेपाल छिमेकमा भइरहेको आर्थिक समृद्धि, रूपान्तरणको दूरत गति र आयतनको लाभ लिन चाहन्छ। भारतसँगको सम्बन्धमा सीमा, असमान सन्धि र व्यापार घाटा जस्ता केही सुल्झिन बाँकी मुद्दाहरू छन्

जसलाई नेकपा (एमाले) ले कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्छ भन्ने ठान्दछ। नेपालको भूभाग लिपुलेक विषयमा हालै चीनले भारतसँग गरेको सहमतिले हामीलाई गंभीर बनाएको छ। यसको पनि कुटनीतिक समाधान खोज्नु पर्छ भन्नेमा हामी स्पष्ट छौँ। तर यस्ता कुनै पनि विषयहरूलाई छिमेक सम्बन्ध र विकास साझेदारीमा बाधा सिर्जना गर्न दिनु हुँदैन। नेपालले विश्वभरका विकास साझेदारहरू र मित्र राष्ट्रहरूसँग आफ्नो सम्बन्ध बढाउन चाहन्छ। हाम्रा मित्र र साझेदारहरूले नेपाललाई प्रदान गरेको सबै सहयोग महत्वपूर्ण छ। पारस्परिक सम्मान र विश्वासमा आधारित सहयोग प्रवर्द्धन गर्नु हाम्रो प्राथमिकता हो।

## सार्थक क्षेत्रीय सहयोग: परिणाममुखी बहुपक्षीयता

दक्षिण एसिया प्राचीन सभ्यताको भूमि र समृद्ध प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न भएकोले र यसकै अङ्ग भएकाले नेपालले क्षेत्रीय सहयोगलाई उच्च महत्व दिन्छ। यस क्षेत्रले विश्व जनसङ्ख्याको २१ प्रतिशतभन्दा बढी र विश्व भूभागको ३.४ प्रतिशतको प्रतिनिधित्व गर्दछ। यो युवा जनसङ्ख्याको क्षेत्र हो, जहाँ जनसाङ्ख्यिक लाभको ठूलो संभावना छ। २०२१ मा, विश्वको कुल ग्राहस्थ उत्पादनमा दक्षिण एसियाको योगदान ४.४७ ट्रिलियन भन्दा बढी छ। २०२४ को लागि दक्षिण एसियाको अनुमानित क्षेत्रीय वृद्धि औसतमा ५.९ प्रतिशत छ। उदीयमान चीन र दक्षिण पूर्वी एसिया एवं तेलले भरिपूर्ण खाडी क्षेत्र र विशाल हिन्द महासागर बिचको यसको रणनीतिक स्थान महत्वपूर्ण छ।

यति सम्भावनाहरूको बावजुद, यस क्षेत्रमा क्षेत्रीय सहयोगको तस्बिर भने निराशाजनक छ। यस क्षेत्रले विश्वको वाणिज्य व्यापारको लगभग १.३ प्रतिशत मात्र ओगटेको छ, जसमा अन्तर– क्षेत्रीय व्यापार केवल ५ प्रतिशत मात्र छ। यस अर्थमा, दक्षिण एसिया विश्वको सबैभन्दा कम एकीकृत क्षेत्रहरूमध्ये एक हो जुन EU (६५ प्रतिशत), दक्षिण–पूर्वी एसिया (२५ प्रतिशत) र सब–सहारा अफ्रिका (२२ प्रतिशत) जस्ता अन्य क्षेत्रीय ब्लकहरूको तुलनामा विश्वको सबैभन्दा कम एकीकृत क्षेत्रहरू मध्ये पर्छ।

दक्षिण एसियालाई विश्वको सबैभन्दा तीव्र वृद्धि भइरहेका क्षेत्रहरूमध्ये एक मानिन्छ। तर यस क्षेत्रका सबै देशहरूले आर्थिक विकासबाट समान रूपमा लाभ उठाइरहेका छैनन्। देशहरू बीच पर्याप्त समपूरकताको कमी र क्षेत्रीय एवं विश्वव्यापी मूल्य शृङ्खलाहरूको अभाव यसको मुख्य कारण बनेको छ। यस क्षेत्रका साना देशहरूले गरिबी, कुपोषण, अशिक्षा, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, सुरक्षा र अन्य धेरै चुनौतीहरूको सामना गरिरहेका छन्। सीमित यातायात सञ्जाल, भन्सार र गैर भन्सार अवरोधहरू यस क्षेत्रमा व्यापार सम्बन्धको विकासका लागि प्रमुख बाधाहरू हुन्। हामी के विश्वास गर्छौं भने बढ्दो विश्वव्यापीकरण र अन्तरनिर्भरताको यस युगमा क्षेत्रीय सहयोग विकल्प नभएर अनिवार्य आवश्यकता हो।

हामी विरोधाभास र अनिश्चितताहरूले भरिएको संसारमा बाँचिरहेका छौं। स्थिरता र अवरोध दुबैका शक्तिहरू सक्रिय छन्। द्रूत गतिमा परिवर्तन भइरहेको यस संसारसँग सामञ्जस्य कायम राख्नु सबैका लागि र अझ बढी हाम्रो जस्तो देशको लागि एउटा प्रमुख चुनौती हो। विश्वव्यापी शान्ति, विकास र लोकतन्त्रको लागि विश्वव्यापी स्थिरता आवश्यक छ। प्रमुख शक्तिहरूका नीति र व्यवहारले अन्तर्राष्ट्रिय संस्थाहरूमा नकारात्मक प्रभाव पार्दै लगेका छन्।

नेकपा (एमाले) बहुपक्षीयतालाई महत्व दिन्छ र साझा हितको लागि तिनीहरूलाई विकास गर्न चाहन्छ। हामी के विश्वास गर्छौं भने आज हामीले विश्वव्यापी स्तरमा सामना गर्ने समस्याहरू विश्वव्यापी सहकार्य र साझेदारीद्वारा मात्र समाधान गर्न सकिन्छ। हामीले अझै पनि अन्तर्राष्ट्रिय प्रणालीलाई साँच्चै समावेशी बनाउन सकेका छैनौं, जसले ठूला वा साना सबै राज्यहरूको लागि निष्पक्षता, समानता र न्यायलाई प्रवर्द्धन गर्न सकोस्। हामी विश्वव्यापी शान्ति, सुरक्षा र विकासको उद्देश्यमा प्रतिबद्ध छौं। सामान, सेवा र जनताको स्वतन्त्र प्रवाहलाई प्रवर्द्धन गरिनु पर्छ। साना राष्ट्रहरू र जनताको पक्षमा विश्वव्यापी व्यवस्थालाई पुनः परिभाषित गर्नु आवश्यक छ।

## स्वतन्त्रता र अहस्तक्षेपको सुनिश्चितता

हामीले स्वतन्त्रता र छनौटको लोकतान्त्रिक अधिकारलाई महत्व दिनुपर्छ र कुनै पनि देशको घरेलु मामिलामा सबै प्रकारका बाह्य हस्तक्षेप रोकिनु पर्छ। आवाजविहीन जनता र राज्यहरूले आवाज उठाउन र उनीहरूको आवाजको सुनुवाइ हुन पाउनुपर्छ। हाम्रो ध्यान अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधानमा केन्द्रित हुनुपर्छ। अन्तर्राष्ट्रिय समुदाय, संस्था र संस्थाहरूले गैरराजनीतिक (तटस्थ र व्यवसायिक) भूमिका खेल्नुपर्छ। खास देश र क्षेत्रलाई लक्षित गर्ने गरी हुने पायक पर्ने (सेलेक्टिभ) दृष्टिकोणहरू बन्द गर्नुपर्छ। आक्रमण, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप र कसैको राष्ट्रिय हितलाई आँच पुऱ्याउने हिंसा र अतिवादलाई उक्साउने कार्य रोकिनुपर्छ। यस सन्दर्भमा, संयुक्त राष्ट्र सङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूको ठूलो भूमिका हुनुपर्छ।

## न्यायपूर्ण र समतामूलक विश्वव्यापी व्यवस्था

हाम्रा प्रयासहरू न्यायपूर्ण र समतामूलक अन्तर्राष्ट्रिय व्यवस्थालाई प्रवर्द्धन गर्न केन्द्रित छन्, जहाँ सबै देशहरू (साना र ठूला) ले आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गरुन्। सबै देशहरूले विकास र समृद्धिको लक्ष्यहरू पछयाउन समान अवसरहरू उपभोग गर्न पाऊन्। वर्तमान संसार द्वन्द्व, अन्तरविरोध र विरोधाभासहरूले भरिएको छ। आधुनिकीकरणले विश्वमा अभूतपूर्व वैभव ल्याएको भए पनि, यसको वितरण न्यायपूर्ण छैन। आज विश्वमा सङ्कीर्णतावादी प्रवृत्ति र संरक्षणवाद बढ्दै गएको छ। सत्य र अर्धसत्य बिचको रेखा धमिलो भएको छ। विचार र विचारहरू ट्वीट र फेसबुक पोस्टहरूको लहडमा सीमित हुँदै गइरहेका छन्। 'पहिचानको राजनीति' ले विचारधाराहरूको आधारभूत लक्ष्यहरूलाई कमजोर बनाइरहेको छ। जातीय, सांस्कृतिक र जातीय मुद्दाहरूले वर्ग दृष्टिकोणको समग्र अवधारणालाई कमजोर पार्न खोजिरहेका छन्। यस सन्दर्भमा, मार्क्सवादी विचारधारा र सिद्धान्तहरूलाई विश्वभरका उत्पीडित र शोषित समुदायहरूको उन्नतिको लागि उत्तम हतियारका प्रयोग गर्नुपर्छ। यसले हामीलाई यो फराकिलो खाडललाई कम गर्न र शान्ति, सुरक्षा, विकास र समृद्धिको लागि अपरिहार्य समानता र न्यायका लागि सामाजिक आधार स्थापित गर्न मद्दत गर्नेछ।

दिगो विकास लक्ष्यहरूतर्फको उपलब्धि सन्तोषजनक छैन। हामीले केही लक्ष्यहरूमा राम्रो गरेका छौँ भने अन्य क्षेत्रहरूमा प्रगति घामछाया जस्तो रहेको छ। सामूहिक कार्यहरू बिना दिगो विकास लक्ष्य हासिल हुनेछैन। यी अन्तर्राष्ट्रिय रूपमा निर्धारित यी लक्ष्यहरू प्राप्त गर्न विकासका लागि अन्तर्राष्ट्रिय साझेदारी महत्वपूर्ण पक्ष हो। हामी घट्दै गइरहेको विकास सहायताका बारेमा चिन्तित छौं।

### मानवताको हितमा आधुनिक प्रविधिको प्रयोग, नवीन दृष्टिकोण

सूचना र सञ्चार प्रविधिमा भएको प्रगतिले हामीलाई ठूलो फाइदा पुऱ्याएको छ। यसले हामीलाई थप आबद्ध (कनेक्टेड) र थप जानकारीमूलक (अद्यावधिक) बनाएको छ। यसले हाम्रो जीवनलाई सहज बनाएको छ। तर यो प्रगतिसँगै चुनौती पनि उत्तिकै छन्। सूचना र सञ्चारको विकासको सहउत्पादनको रूपमा मिथ्यासमाचार र प्रचारको चुनौती देखिन्छ। सही सूचनाले मानिसहरूलाई सशक्त बनाउँछ, गलत सूचनाले धोका दिन्छ। हामी हाम्रा मानिसहरूलाई सही सूचना र गलत सूचना बिच सही रूपमा फरक छुट्याउन कसरी सक्षम बनाउनेछौं ? रोबोटहरूले विगतमा मानिसहरूले गरेका धेरै कामहरू गर्न थालेका छन्। हामी हाम्रा मानिसहरूका लागि वैकल्पिक रोजगारी कसरी सिर्जना गर्ने छौं ? के हामी सबै आधा मानिस, आधा रोबोट जस्तो काम गर्ने वातावरणको लागि तयार छौं? कृत्रिम बुद्धिमत्ता (AI) ले उत्पन्न गर्ने सिर्जनात्मक खाडल र आय असमानताको खाडललाई कसरी सम्बोधन गर्ने? सम्भावित मानवरहित सैन्य शक्तिलाई कसरी व्यवस्थापन गर्ने ? समुद्रमाथि विश्व व्यापारको ठूलो हिस्सा निर्भर छ। हामी महासागरहरूलाई कसरी सुरक्षित बनाउने छौं ? समुद्री द्वन्द्व कसरी रोक्ने ? भूपरिवेष्ठित देशहरूले व्यापार र पारवहनको लागि समुद्रमा राम्रो पहुँच पाउने कुरा कसरी सुनिश्चित गर्ने ?

मार्क्सवादको रचनात्मक प्रयोगमाथि आधारित जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शनमा, हामी अघि बढिरहेका छौं। जबजले राजनीतिक प्रणालीमा मात्र ध्यान केन्द्रित गर्दैन, बरु उच्च नैतिक र सांस्कृतिक स्तर भएको समाज स्थापना गर्न जोड दिन्छ। यसले सार्वभौम समानता, क्षेत्रीय अखण्डता, अहस्तक्षेप र पारस्परिक लाभको सिद्धान्तमा आधारित छिमेकीहरू र मित्र राष्ट्रहरूसँग सौहार्दपूर्ण सम्बन्धको नीतिको पक्षपोषण गर्दछ। राष्ट्रहरू जमिनको आकार, जनसङ्ख्या वा आर्थिक शक्तिको आकारमा फरक हुन सक्छन्, तर सबैको सार्वभौमिकता र राष्ट्रिय सम्मान समान छन्। हामी विवादहरूको शान्तिपूर्ण समाधानको दृष्टिकोणमा छौं, र श्रमिक वर्गको विशाल बहुमतको पक्षमा विश्व व्यवस्थालाई पुन: आकार दिन चाहन्छौं।

हामी भूराजनीतिक संवेदनशीलता र परिवर्तित विश्व सन्दर्भप्रति अत्यन्त सचेत छौ।

हाम्रो परराष्ट्र नीतिको सार यही हो, यही हुनुपर्छ।

## ७. क्रान्ति

प्रकृतिसँग सङ्घर्ष, वर्ग सङ्घर्ष र वैचारिक सङ्घर्षको लामो यात्रा तय गरेर मानव जाति यहाँसम्म आइपुगेको हो। नेपाली जनताको यात्रा पनि यिनै सङ्घर्षका क्रममा अगाडि बढ्दै आएको छ।

कठिन भौगोलिक चुनौतीलाई चिर्दै कृषि, पशुपालन र जडिबुटीको विकास गर्नु, श्रमदानद्वारा बाटोघाटो, कुलोपैनी र पाटीपौवाहरू निर्माण गर्दै भौगोलिक दुर्गमतालाई सुगम बनाउनु, औलो र महामारीसँग जुझेर तराईका फाँटहरूलाई उर्बर बनाउनु एवं भूपरिवेष्ठितताका कारण सिर्जित अवरोधलाई छिचोल्दै मुलुकको विकास र समृद्धिका लागि निरन्तर प्रयत्नशील रहनु नेपाली जनताका प्रकृतिसँग सङ्घर्षका दृष्टान्तहरू हुन्। यहाँका जनताले दास युगमा दास मालिकहरू विरुद्ध एवं सामन्ती युगमा स्थानीय सामन्तहरूका

विरुद्ध अनवरत सङ्घर्ष गरे। एकीकरणका माध्यमबाट बलियो राज्य निर्माण गरे। नयाँ चिन्तन, मन्थन र अन्वेषणमार्फत् नयाँ नयाँ मूल्य मान्यताहरूको विकास गरे। रुढी, अन्धविश्वास र गलत मान्यताहरूका विरुद्ध सङ्घर्ष गर्दै सहिष्णुता, सहअस्तित्व, शान्ति र लोकतन्त्रका मूल्यहरू विकास गर्दै आए। यद्यपि, स्पष्ट वैचारिक मार्गदर्शन बिनै, कुनै व्यवस्थित सङ्गठनको अगुवाइ बिनै गरिएका ती सङ्घर्षहरू आम रूपमा स्वत:स्फूर्त रूपमा सञ्चालित थिए र तिनका आफ्नै सीमा थिए।

## आन्दोलनका तीन धारा

नेपालको एकीकरणपछि सङ्घर्षको यस परम्परामा तीनवटा धारा प्रतिनिधिमूलक रूपमा देखा परे– देशभक्तिपूर्ण धारा, समाज सुधारको धारा र प्रजातान्त्रिक/प्रगतिशील आन्दोलनको धारा। अङ्ग्रेज उपनिवेशवादका विरुद्ध नेपाली जनताले देशभक्तिपूर्ण सङ्घर्षको गौरवशाली परम्परालाई अगाडि बढाए। आर्थिक सामर्थ्य, साधनस्रोत र सैन्य उपकरणका दृष्टिले निकै कमजोर हाम्रा पूर्खाहरूले अङ्ग्रेज उपनिवेशवादी हमलालाई पटक–पटक परास्त गरे। त्यही प्रतिरोध र बलिदानका बलमा हाम्रो देशले आफ्नो स्वतन्त्रतालाई सधैभरि कायम राख्न सक्यो।

पार्टीहरू गठन भइनसकेको र आधुनिक राजनीतिक विचारधाराको समेत प्रवेश भइनसकेको पृष्ठभूमिमा समाज सुधारका विभिन्न विषयमा, शिक्षाको अधिकारको पक्षमा, धार्मिक सुधारका लागि र मानवतावादको पक्षमा सङ्घर्षहरू सञ्चालित भए। यस क्रममा सन्त शशिधर स्वामी र आर्य समाजीहरूले अगाडि बढाएका धार्मिक सुधार अभियानहरू, लखन थापा र बाँकावीरको विद्रोह, योगमायाको नेतृत्वमा चालिएको सामाजिक जागरण र उनीहरूले लिएको सामूहिक जलसमाधी, सुब्बा कृष्णलाल अधिकारीको मकैको खेती प्रकाशन, उनको गिरफ्तारी एवं जेलभित्रै शङ्कास्पद मृत्यु, जयपृथ्वीबहादुर सिँहको मानवतावादी अभियान आदि महत्वपूर्ण छन्। ती सङ्घर्षहरूले नेपाली जनतालाई जागृत गर्न र तत्कालीन निरङ्कुश सत्तालाई कमजोर गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। समाज सुधार, मानवतावाद र जागरणको त्यस बिरासतलाई अगाडि बढाउने दायित्व हाम्रो काँधमा छ।

१९९३ साल जेठ २० गते स्थापित नेपाल प्रजा परिषद्को गठन नेपालको इतिहासको एउटा महत्वपूर्ण परिघटना थियो। त्यसो त, १९८८ मै 'प्रचण्ड गोर्खा' को जन्म भइसकेको थियो। तर राणाशासन अन्त्य गर्न त्यसले अवलम्बन गरेको षडयन्त्रको बाटो सफल भएन, हुनु संभव पनि थिएन। त्यसपछि 'नेपाली नागरिक अधिकार समिति' गठन भयो, त्यसले पनि आन्दोलन अगाडि बढाउन सकेन। यस्तो पृष्ठभूमिमा गठित नेपाल प्रजा परिषद् भने प्रजातन्त्रको स्पष्ट उद्देश्य लिएको, जनतामाथि आधारित आन्दोलन अगाडि बढाउने मान्यता बोकेको र स्वदेशी माटोमै जन्मिएको तुलनात्मक रूपमा व्यवस्थित राजनीतिक सङ्गठन थियो। सङ्गठन विस्तार गर्दै गएर प्रजापरिषद्ले १९९७ असार ९ गते छरेको 'नेपाल प्रजापरिषद् भन्ने संस्था नेपाली प्रजालाई तिमी (राणा) हरूको क्रूर पञ्जाबाट आजाद या स्वतन्त्र गराई ......आफ्नो देशको गौरव हजारौँ वर्षसम्म दिशा–दिशामा गुञ्जन गराउने उद्देश्यले गठन भएको' सन्देश समेटिएको पर्चाले सामन्तवादको अन्धकारभित्र कैद नेपाली समाजलाई तरङ्गित गरिदियो। चार पटकसम्म छरिएका पर्चाहरूले राणाहरूलाई त्रसित र क्रुद्ध बनायो। सङ्गठनभित्र घुशपैठ गरेका एक व्यक्तिका कारण प्रजापरिषद्माथि चरम दमन सुरु भयो। ३ सयभन्दा बढी गिरफ्तार भए। शुक्रराज शास्त्री,

धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइयो। (शुक्रराज शास्त्री प्रजापरिषद्सँग आबद्ध हुनुहुन्थेन भने शहादतका बेला गङ्गालालको उमेर २२ वर्ष मात्र थियो।) सभापति टङ्कप्रसाद आचार्य सहित कतिलाई चारपाटा मुडेर सर्वस्वसहित जन्मकैद र अरु कतिपयलाई जन्मकैदको सजाय दिइयो। यसरी एउटा प्रजातान्त्रिक आन्दोलनलाई अल्पायुमै समाप्त पार्ने कुचेष्टा भयो।

तर प्रजापरिषद्ले सल्काएको आगो भने निभेन। त्यसपछि विभिन्न नाममा राणा विरोधी आन्दोलनलाई अगाडि बढाउने प्रयास भयो। पुष्पलाल, प्रेमबहादुर, सूर्यबहादुर भारद्वाज र शम्भुरामले १९९८ सालमा 'नेपाल प्रजातन्त्र सङ्घ' गठन गर्नुभयो, जसको परेड गीत थियो– 'पहाड पर्वत खोला नाला जग्गा जमिन सबको, मालिक हामी दास बनौँ किन हिस्सा सबमा सबको'। २००२ सालमा गोपालप्रसाद रिमालहरूले 'नेपाल प्रगतिशील सङ्घ' गठन गर्नुभयो भने २००३ सालमा गङ्गालाल श्रेष्ठ हलुवाई समेतको अगुवाइमा 'लाल कम्युनिष्ट पार्टी' स्थापना भयो। यसै सिलसिलामा २००३ सालमा 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' को गठन भयो। लगत्तै भएको प्रथम सम्मेलनमा जेलविद्रोह गरेर बाहिर निस्कनुभएका गणेशमान सिँहसमेतको अग्रसरतामा यसको नामबाट 'अखिल भारतीय' हटाएर 'नेपाली राष्ट्रिय काङ्ग्रेस' राखियो। सुरुमा यो पार्टी एउटा संयुक्त मोर्चा जस्तै थियो, जसमा वामपन्थी झुकाव राख्नेहरू, प्रजापरिषद्सँग सम्बद्ध रहेकाहरू र सामान्य सुधारवादीहरू सबै अटाएका थिए। कमरेड पुष्पलाल पनि यसमै सङ्गठित र केन्द्रीय सचिवको भूमिकामा हुनुहुन्थ्यो। तर क्रमश: पार्टीभित्र वैचारिक मतभिन्नता देखा पर्न थाले। कतिपय नेताहरूमा रहेको कम्युनिष्ट विरोधी चरम पूर्वाग्रह, स्वतन्त्र राष्ट्रको रूपमा नेपालको अस्तित्व नै नस्वीकार्ने गलत प्रवृत्ति र सामन्तवादतर्फ झुकावले वैचारिक मतभिन्नता बढ्दै गए। अन्ततोगत्वा, सामन्तवादलाई समूल अन्त्य गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्न र समाजवादी क्रान्ति अगाडि बढाउन एउटा वैकल्पिक क्रान्तिकारी शक्तिको आवश्यकता बोध गरेर कमरेड पुष्पलाल नेपाली राष्ट्रिय काङ्ग्रेसबाट अलग हुनुभयो। कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवादको भूमिकामा पुष्पलालले लोकतान्त्रिक र समाजवादी क्रान्तिको नेतृत्व गर्न कम्युनिष्ट पार्टीको आवश्यकतामा जोड दिनुभएको थियो। कतिपय भारतीय कम्युनिष्ट नेताहरूले नेपाली काङ्ग्रेसभित्रै वामपन्थी दलका रूपमा रहेर काम गर्न र कतिपय प्रजातन्त्रवादी नेताहरूले 'मजदुर किसान पार्टी' या 'श्रमिक पार्टी' गठन गर्न दिएको सुझावलाई अस्वीकार गर्दै उहाँले कम्युनिष्ट पार्टी गठनको तयारीलाई अगाडि बढाउनु भयो।

सन् १९३० को दशकसम्म आइपुग्दा नेपालमा कम्पनी कानुन निर्माण भएर केही वित्तीय संस्था र उद्योगहरू समेत स्थापना हुन थालेका थिए। उत्पादनको यो परिवर्तित मोडसँगै समाजमा दुई नयाँ वर्ग– श्रमिक र पुँजीपति वर्गको विधिवत् उदय भएको थियो। श्रमिक वर्गले १९४७ मार्चमा विराटनगरमा पहिलो मजदुर आन्दोलन अगाडि बढाएको थियो। यसले नेपालमा कम्युनिष्ट पार्टी निर्माणको वर्गीय आधार तयार गर्दै लगेको थियो।

विश्वयुद्धमा लडेका सिपाहीहरू विश्व राजनीतिको बारेमा नयाँ जागरुकताका साथ स्वदेश फर्किए। विदेशमा अध्ययनरत विद्यार्थीहरू नयाँ लोकतान्त्रिक दृष्टिकोण लिएर घर आए। वि.सं. २००४ सालमा आधुनिक शिक्षाको माग सहित जयतु संस्कृतम् आन्दोलन अगाडि बढ्यो। यसरी, नयाँ राजनीतिक दलहरू स्थापना गर्ने वस्तुगत आधार परिपक्व भयो।

## सात सालको क्रान्ति

कमरेड पुष्पलालले आफ्ना सहयोद्धाहरू नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ (स्थापना बैठकमा कोलकाता पुग्न नसक्नुभएको) सँग मिलेर २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो।

नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेसको एकीकरण भएर २००५ सालमा नेपाली काङ्ग्रेसको स्थापना भयो।

यसरी समाजवादी–क्रान्तिकारी धारा र सुधारवादी धारा गरेर दुई शक्ति, दुई प्रवृत्ति र दुई गन्तव्य (समाजवाद र पुँजीवाद) का साथ नेपाली राजनीति अगाडि बढ्यो।

नेपाली काङ्ग्रेसको आह्वानमा २००७ कार्तिकदेखि राणाविरोधी क्रान्ति सुरु भयो। नेपाल कम्युनिष्ट पार्टीले त्यसलाई सही दिशामा लैजान सक्दो प्रयास गर्‍यो। तर 'जमिन कसको जोत्नेको' जस्ता नाराका साथ किसानहरू सामन्तवादका विरुद्ध उत्रिन थालेपछि, ठाउँठाउँमा स्वशासनको घोषणा र आन्दोलनले निर्णायक रूप लिन थालेपछि सामन्तवादका प्रतिनिधिहरू अत्तालिन थाले। चीनमा जस्तै नेपालमा 'कम्युनिष्ट क्रान्ति हुन सक्ने' मनोवैज्ञानिक भय फैलाउँदै आन्दोलनलाई रोक्न हारगुहार सुरु भए। अनि यस क्रान्तिलाई भारत, राणा शासकहरू र राजतन्त्र बीचको त्रिपक्षीय दिल्ली सम्झौतामा लगेर अधुरै टुङ्ग्याइयो। जहानियाँ राणाशासनको उन्मूलन निस्सन्देह एक उपलब्धि थियो। तर नेपाली जनताको आकाङ्क्षा अझै पूरा भएको थिएन। शक्तिहीन राजाका ठाउँमा शक्तिशाली राजा, राणा प्रधानमन्त्रीका ठाउँ राणा प्रधानमन्त्री नै र सरकारमा आन्दोलनकारीहरूको तुलनात्मक कमजोर प्रतिनिधित्वका कारण शक्ति केबल एक सामन्तका हातबाट अर्काको हातमा सरे जस्तै भयो।

लोकतान्त्रिक शक्तिमा विभाजन ल्याउँदै गएपछि र सेना, कर्मचारी प्रशासन एवं न्यायपालिकामाथि आफ्नो बिस्तारै नियन्त्रण सुदृढ गरेपछि, राजाले लोकतान्त्रिक संविधानको निर्माण गर्न संविधानसभाको चुनाव गर्ने भन्ने आफ्नै प्रतिबद्धतालाई लत्याए। राजनीतिक शक्तिहरूमाझ खेल्दै रहेर अन्त्यमा राजाले आफैले बनाएको संविधान अन्तर्गत संसदीय चुनावको घोषणा गरे। नेपाली काङ्ग्रेस संविधानसभाको मागमा अडिन सकेन। कम्युनिष्ट पार्टीको दबाबले मात्रै राजाको घोषणा सच्याउन संभव थिएन। अन्ततः, २०१५ मा संसदीय चुनाव भयो र नेपाली काङ्ग्रेसले दुई तिहाई बहुमत हासिल गर्‍यो। नेकपाले १०९ मध्ये ४ संसदीय सिट मात्र जित्न सक्यो। बीपी कोइराला पहिलो निर्वाचित प्रधानमन्त्री बन्नुभयो।

चरम महत्वाकाङ्क्षी र निरङ्कुश राजा महेन्द्रले लोकतान्त्रिक सरकारलाई ढाल्न र राज्यसत्ता कब्जा गर्न बहाना खोजिरहेका थिए। सत्तारुढ दलको एकाधिकारवादी सोच र राष्ट्रिय हितलाई हानि पुर्‍याउने कतिपय निर्णयका कारण सिर्जित असन्तुष्टिलाई समेत दुरूपयोग गर्दै प्रतिगामी शक्तिहरूको समर्थनमा राजाले क्रमशः शक्ति सञ्चय गर्दै लगे। सम्भावित 'कु'को बारेमा राम्ररी सचेत कमरेड पुष्पलालले लोकतान्त्रिक शक्तिहरू बिच एकताको लागि अपील गर्नुभयो, तर काङ्ग्रेसले राजाको संभाव्य कदमलाई कम आँकलन गर्‍यो। अन्ततः, २०१७ साल पुस १ गते, राजाले निर्वाचित प्रधानमन्त्री र अन्य वरिष्ठ नेताहरूलाई गिरफ्तार गरे, संसद विघटन गरे, राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए र दलविहीन

पञ्चायती व्यवस्था नामक निरङ्कुश शासन सुरु गरे, जुन ३० वर्षसम्म चल्यो। यसरी, नेपाल फेरि निरङ्कुशताको चक्रव्यूहमा फस्यो।

पञ्चायती तानाशाही विरुद्ध प्रतिरोधका प्रयासभए, तर प्रभावकारी हुन सकेनन्। दक्षिणपन्थी आत्मसमर्पणवादी केशरजङ्ग रायमाझीको नेतृत्वका कारण कम्युनिष्ट पार्टीको जुझारु क्षमता कमजोर भएको थियो, तेस्रो महाधिवेशनपछि त छिन्नभिन्न जस्तै हुनपुग्यो। नेपाली काङ्ग्रेसले २०१८ मा आह्वान गरेको सशस्त्र सङ्घर्ष पनि ठूलो क्षतिमा पुगेर टुङ्गियो। छिटफुट सङ्घर्ष हुँदै गए पनि तिनले निरङ्कुश सत्तामाथि चुनौती खडा गर्न सकेनन्। २०२८ सालमा भएको झापा विद्रोहले जनवादी गणतन्त्रको स्पष्ट उद्घोष गऱ्यो, सिङ्गो समाज र विशेष गरेर युवा पङ्क्तिलाई तरङ्गित गऱ्यो र विभाजित कम्युनिष्ट आन्दोलनलाई जगैदेखि पुनर्गठन एवं एकताबद्ध गर्ने प्रक्रिया अगाडि बढायो। नेपाली काङ्ग्रेसले २०२९–३० मा गरेका सशस्त्र विद्रोहका प्रयाशहरू पनि दमनमै गएर टुङ्गिए। भित्रभित्र कमजोर हुँदै गए पनि सतहमा भने निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही निरन्तर कायम मात्रै होइन, थप दमनकारी हुँदै गए।

यसो हुनुको एउटा मुख्य कारण चाहिँ तानाशाही विरुद्ध सबै शक्तिहरू एकताबद्ध हुन र संयुक्त आन्दोलन उठाउन नसक्नु बरु उल्टै उनीहरू बिच मतभिन्नता र अन्तरविरोध गहिरिँदै जानु पनि थियो। कमरेड पुष्पलालले अगाडि सार्नुभएको संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली काङ्ग्रेसले सधैंभरि उपेक्षा गर्दै रह्यो। कम्युनिष्ट आन्दोलनलाई चौथो महाधिवेशनका नाममा औपचारिक विभाजन गरेर गठन भएको समूहले पञ्चायती तानाशाहीका विरुद्ध आन्दोलनमा केन्द्रित हुनु पर्ने बेला ‘गद्दार पुष्पलाल’ भन्दै विभाजनलाई थप तिक्त बनाउने, आन्तरिक र वाह्य सबै शक्तिहरूसँगको अन्तरविरोध प्रधान भन्दै भ्रम सिर्जना गर्ने र ‘देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार’ को नाममा आन्दोलनलाई अन्यौलग्रस्त बनाउने काम गऱ्यो।

निरङ्कुश सत्तालाई धक्का दिने काम चाहिँ २०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनले गऱ्यो। यसले निरङ्कुश राजतन्त्रलाई बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था छनौट गर्न जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य पाऱ्यो भने र समाजलाई खुला बनाउन मार्ग प्रशस्त गऱ्यो। निरङ्कुश शासकहरूले शक्तिको अत्यधिक दुरूपयोग र धाँधलीका बलमा बहुदल पक्षलाई बहुमत प्राप्त गर्नबाट रोक्न सके पनि त्यसपछिको राजनीतिलाई उत्तिकै निरङ्कुश बनाइरहन सकेनन्। अपेक्षाकृत खुकुलो अवस्थाको उपयोग गर्दै विभिन्न राजनीतिक पार्टी र जनसङ्गठनहरूले गतिविधि बढाए। ट्रेड युनियन र विद्यार्थी सङ्गठनले आफ्ना सङ्गठन विस्तार गरे। त्यसपछिको दशक विद्यार्थी, मजदुर, शिक्षक लगायत पेशागत र जनवर्गीय सङ्गठनहरूक विभिन्न मुद्दामा सञ्चालित आन्दोलनले चलायमान भइरह्यो। छिन्ताङ, पिस्कर र नमिता–सुनिता हत्याकाण्डका विरुद्ध जनताले सशक्त प्रतिवाद गरे। नेपाली काङ्ग्रेसले सत्याग्रह आन्दोलन गऱ्यो। मानव अधिकार आन्दोलन अगाडि बढ्यो। पञ्चायती मञ्चहरूबाटै जनपक्षीय प्रतिनिधिहरूले बहुदलको माग गर्दै बुलन्द आवाज गरे। झापा आन्दोलन सम्बद्ध राजबन्दीहरूको रिहाइले जनआन्दोलनको विकासमा थप अनुकूलता सिर्जना गऱ्यो।

## आन्दोलनको नयाँ उचाइ र तानाशाही व्यवस्थाको अन्त्य

२०४६ भदौमा सम्पन्न चौथो महाधिवेशनबाट हाम्रो पार्टीले निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही विरुद्ध संयुक्त जनआन्दोलनको प्रस्ताव अगाडि सा-यो। पार्टीको अग्रसरता र सहभागितामा संयुक्त वाम मोर्चा गठन गरियो। संयुक्त वाम मोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त नेतृत्वमा २०४६ सालको जनआन्दोलन सुरु भयो। ४९ दिन लामो शान्तिपूर्ण सङ्घर्ष पछि शहीदहरूको बलिदान र व्यापक जनसहभागिताको बलमा राजा निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गर्न, बहुदलीय प्रजातन्त्र पुनर्स्थापित गर्न र लोकतान्त्रिक शक्तिहरूलाई सत्ता हस्तान्तरण गर्न बाध्य भए। वाम मोर्चा र नेपाली काङ्ग्रेसका प्रतिनिधिहरू सम्मिलित आयोगले राजतन्त्रलाई संवैधानिक सीमाहरूमा सीमित गर्दै र जनतामा राजनीतिक र नागरिक अधिकार सुनिश्चित गर्दै नयाँ संविधानको मस्यौदा तयार पा-यो।

यसरी नेपाली जनआन्दोलन तानाशाही व्यवस्था परिवर्तनको उचाइमा पुग्न सफल भयो।

तर नवस्थापित बहुदलीय प्रजातान्त्रिक प्रणालीलाई सुदृढ गर्न आन्दोलनकारी शक्तिहरू बिच न्यूनतम समझदारी बनाउनु पर्ने हाम्रो पार्टीको मागलाई लत्याइँदा, २०४८ सालको आम निर्वाचनमा बहुमत प्राप्त गर्न सफल नेपाली काङ्ग्रेसले नवउदारवादी आर्थिक बाटो र दमनकारी शासनशैली अवलम्बन गर्दै जाँदा व्यवस्थामाथि चुनौती थपिँदै गए। मध्यावधि निर्वाचनपछि लोकप्रिय सरकार सञ्चालन गरिरहेको नेकपा (एमाले)लाई अदालतको दुरूपयोग गर्दै गलत तरिकाले विस्थापित गरिएपछि लोकतान्त्रिक र शान्तिपूर्ण ढङ्गले पनि क्रान्तिकारी शक्ति सञ्चय गर्न र समाजको रूपान्तरण गर्न संभव छ भन्ने वामपन्थी धारलाई कमजोर पार्ने कोशिस गरियो। यसै पृष्ठभूमिमा, २०५२ फागुन १ गते नेकपा (माओवादी) को नेतृत्वमा 'जनयुद्ध' का नाममा हिंसात्मक गतिविधिहरू सुरु भए। नेकपा (एमाले) ले सुरुदेखि नै माओवादीहरूको अति–वामपन्थी र अराजकतावादी नीति, कार्यदिशा र क्रियाकलापको आलोचना ग-यो। यसलाई राजनीतिक समस्याको रूपमा लिँदै वार्ताबाट समाधान गरिनु पर्ने नीति र प्रयासमा लागिरह्यो। २०५९ जेठमा गरिएको संसद विघटनसँगै बढ्दो अशान्ति, हिंसा र राजनीतिक अस्थिरताको पृष्ठभूमिमा, तत्कालीन राजाले बलजफ्ती सम्पूर्ण सत्ता हातमा लिए। लोकतान्त्रिक शक्तिहरूलाई किनारा लगाए। राजाको यस निरङ्कुश कदमले अब राजतन्त्र र लोकतन्त्रको सहअस्तित्वलाई पूर्ण रूपमा असान्दर्भिक र निरर्थक बनाइदियो। नेकपा (एमाले) ले ७ लोकतान्त्रिक दलहरूको गठबन्धन निर्माण गर्न र माओवादीहरूसँग १२ बुँदे सम्झौता गर्न पहल ग-यो। त्यसपछि २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सुरु भयो।

## राज्यव्यवस्था परिवर्तन

अन्तत: १९ दिन लामो शान्तिपूर्ण जनविद्रोहसँगै निरङ्कुश राजतन्त्रले जनता अगाडि घुँडा टेक्यो। २०६३ जेठमा पुनर्स्थापित प्रतिनिधिसभाले राजाको सम्पूर्ण अधिकार कटौती गर्दै जनतामा ल्याउने ऐतिहासिक घोषणा ग-यो भने २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना गरियो। यसलाई निष्कर्षमा पु-याउन एकातिर उपलब्धिलाई अवमूल्यन गर्दै अन्त्यहीन विद्रोहको पैरवी गर्ने उग्रवामपन्थी सोचहरू र अर्कातिर संसद पुनर्स्थापनामै सीमित गर्ने यथास्थितिवादी सोचहरूसँग जुझ्नु प-यो। लामो उतार–चढाव, मतान्तरहरू र अग्रगमन–

पश्चगमनका द्वन्द्वहरूलाई छिचोल्दै २०७२ साल असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी गरियो। नेपाली क्रान्तिले तेस्रो, निर्णायक र ऐतिहासिक उचाइ हासिल गऱ्यो। नेपालको संविधान नेपाली जनआन्दोलन र क्रान्तिको अमूल्य उपलब्धि हो। यसले लोकतान्त्रिक गणतन्त्र, सङ्घीय र समावेशी शासन प्रणाली, मौलिक अधिकार, सामाजिक न्याय र धर्मनिरपेक्षतालाई संस्थागत गरेको छ। महिला, दलित, अल्पसङ्ख्यक समुदाय र श्रमिक वर्गका लागि विशेष व्यवस्था गरेको छ। यसले समाजवाद–उन्मुख दृष्टिकोणलाई प्रस्तुत गरेको छ र तदनुसार आर्थिक र सामाजिक प्रबन्ध गरेको छ।

२०६२/६३ को शान्तिपूर्ण जनक्रान्ति नेपालको इतिहासमा अद्वितीय घटना हो। यसको आफ्नै मौलिकता छ। यद्यपि वामपन्थी शक्ति र उदारवादी बुर्जुवा दुबै नेतृत्वपङ्क्तिमा थिए, तर आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन वामपन्थी शक्तिको भूमिका रचनात्मक, प्रभावकारी र निर्णायक रहेको छ। यो क्रान्ति पुँजीवादी व्यवस्था स्थापनामा गएर टुङ्गिएको युरोपेली पुँजीवादी क्रान्ति र श्रमजीवी वर्गको एकल नेतृत्वमा सम्पन्न भई जनवादी गणतन्त्र स्थापनामा टुङ्गिएको जनताको जनवादी क्रान्ति दुबैभन्दा पृथक र मौलिक रहेको छ। क्रान्तिमा वैचारिक नेतृत्व र मुख्य संवाहकको भूमिकामा वामपन्थी शक्तिहरू भए पनि उदार पुँजीवादी वर्ग समेतको संयुक्त नेतृत्वमा अगाडि बढेको हुनाले यसका आफ्नै सीमाहरू छन् र क्रान्तिपश्चात्को संरचनामा दुबै वर्गको उपस्थिति, पहुँच र प्रभाव रहेको छ। राणाशासन समाप्त पारेर नेपाली समाजलाई खुल्लापनमा प्रवेश गराउने २००७ सालको क्रान्ति र निर्दलीय तानाशाही व्यवस्था समाप्त पारेर बहुदलीय प्रजातन्त्र स्थापना गर्ने २०४६ सालको आन्दोलनको तुलनामा यसको प्रभाव धेरै फराकिलो र गहिरो रहेको छ। राजतन्त्र अन्त्य हुनु, समावेशी र सङ्घीय प्रणाली स्थापना हुनु, सामाजिक न्याय र अधिकार स्थापित हुनु, समाजवाद–उन्मुख राज्यका रूपमा राज्य परिभाषित हुनुले प्रणाली परिवर्तनका दृष्टिले यो गुणात्मक महत्वको छ। तर क्रान्तिका सीमाहरू पनि स्पष्ट छन्। सामन्तवादका अवशेष कायम रहनु, राज्यसंरचनाको समयानुकूल लोकतान्त्रिक रूपान्तरण हुन नसक्नु, परिवर्तनकारी कदममा कहिले अदालत, कहिले कर्मचारीतन्त्र त कहिले राज्यका अन्य अङ्ग असहयोगी बन्नु, जुन अनुपातमा मुलुकको शासन प्रणालीमा परिवर्तन भएको छ, त्यसको तुलनामा सामाजिक आर्थिक संरचना नबदलिनु, राष्ट्रिय पुँजीमाथि सीमित वर्गको वर्चस्व बढ्दै जानु, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादन सम्बन्ध निर्माण गर्ने नीतिगत कामहरू भए पनि कार्यान्वयन प्रभावकारी हुन नसक्नु जस्ता विषयलाई क्रान्तिका सीमाको रूपमा रहेका छन्।

महत्वपूर्ण कुरा, क्रान्ति श्रमजीवी र पुँजीपति वर्गका प्रतिनिधिहरूको सह–नेतृत्वमा सम्पन्न भएको हुनाले क्रान्ति कुन दिशामा अगाडि बढ्छ भन्ने कुरा प्रतिष्पर्धामा कुन वर्गले श्रेष्ठता हासिल गर्छ भन्ने कुराले तय गर्ने अवस्था छ। हाम्रो क्रान्ति बलात् आन्दोलनबाट अन्य वर्ग र शक्तिमाथि निर्णायक विजय हासिल गरेको, उनीहरूमाथि 'अधिनायकत्व' लागू गर्ने र एकल शासन गर्ने चरित्रको क्रान्ति होइन। यो त एक किसिमले क्रमिक क्रान्ति (इभोल्युसनरी रिभोल्युसन) को विशेषता बोकेको क्रान्ति हो। यो संवैधानिक प्रबन्ध अनुसार, जनताको अभिमत लिएर, संविधानको सर्वोच्चता, विधिको शासन र शक्ति पृथकीकरण जस्ता लोकतान्त्रिक मान्यताको दायराभित्रबाट अगाडि बढ्दै जाने क्रान्ति भएको हुनाले प्रतिष्पर्धामा श्रमजीवी वर्ग पछाडि पर्नासाथ क्रान्तिका कैयौं उपलब्धिहरू सङ्कुचनमा पर्ने, निस्तेज हुने र उल्टिने जोखिम रहने कुरातर्फ सजग रहनैपर्छ।

हाम्रो क्रान्तिको अर्को जटिलता र सीमा के हो भने हामीले वुर्जुवा वर्गसँग सहकार्य गरेर राजनीतिक प्रणाली परिवर्तन गरेका छौँ, तर राज्यका परम्परागत अङ्गहरूको अपेक्षित मात्रामा लोकतान्त्रिक रूपान्तरण हुन सकेको छैन। राज्य संयन्त्र सामाजिक आर्थिक रूपान्तरणको परिवर्तित अभिभारासँग राम्ररी अभ्यस्त नभएको मात्रै होइन, कतिपय सन्दर्भमा बाधक समेत बन्ने गरेको छ। अग्रगतिको वाधक यस समस्याको समाधानका लागि योजनाबद्ध प्रयास अगाडि बढाउनु पर्छ।

हामीले नेपाली क्रान्तिको चरित्र निर्धारण गरिरहँदा यसको ऐतिहासिक विकासक्रम, यसका विशेषता र मौलिकपन, यसका उपलव्धि र सीमालाई वस्तुनिष्ठ, वैज्ञानिक र सही हिसाबले विश्लेषण गर्न सक्नुपर्छ।

यस विश्लेषण मार्फत् स्थापित हुने महत्वपूर्ण तथ्य हो– आन्दोलनमा कम्युनिष्ट पार्टीको भूमिका, प्रभाव र नेतृत्व जुन तहसम्म विस्तार हुँदै गएको छ, त्यही अनुपातमा आन्दोलनका उपलव्धिको दायरा पनि बढ्दै गएको छ। सात सालको क्रान्तिमा कम्युनिष्ट पार्टी नयाँ र तुलनात्मक रूपमा कमजोर थियो। यो कुनै नेतृत्वदायी भूमिकामा थिएन। त्यसैले सात सालको क्रान्ति अधुरै रह्यो, सम्झौतामा टुङ्गियो र त्यसबाट प्राप्त सीमित उपलव्धि पनि दश वर्षमै खोसियो।

तर २०४६ सालको आन्दोलनसम्म आइपुग्दा कम्युनिष्ट पार्टी आन्दोलनको संयुक्त नेतृत्व गर्ने बिन्दुमा पुगिसकेको थियो। पार्टीको सामथ्र्य पनि तदनुरूप नै विस्तार भएको थियो। तसर्थ त्यस आन्दोलनका उपलव्धि पनि फराकिला भए। आन्दोलनमा शासकहरूको दमनलाई साहसका साथ प्रतिवाद गरियो। पार्टीमाथिको प्रतिबन्ध मात्रै हटाएर पञ्चायती व्यवस्था कायमै राख्ने राजाको प्रयास विफल बनाइयो। अन्त्यमा पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय व्यवस्थाको स्थापना र नयाँ संविधानको निर्माणमा आन्दोलन टुङ्गियो। उक्त संविधानमा पार्टीले राखेका २७ वटा असहमतिका बुँदाहरू स्वीकार गरिएको भए बहुदलीय प्रजातन्त्र थप सुदृढ हुने थियो, जसको औचित्य र दूरदृष्टि २०६३ जेठमा पुनर्पुष्टि भयो। आन्दोलनलाई ‘बहुदलीय पञ्चायत’ मा सीमित गर्ने प्रयाशलाई असफल पार्दै बहुदलीय व्यवस्थाको स्थापना र नयाँ संविधान निर्माणमा टुङ्गोमा पुऱ्याउन कम्युनिष्ट पार्टीले निर्णायक भूमिका खेलेको थियो।

२०६२/६३ को आन्दोलन काङ्ग्रेस– वामपन्थी संयुक्त नेतृत्वमा सञ्चालित भएको भए पनि यसका एजेण्डा निर्धारण गर्न र सडकबाट यसलाई निर्णायक बिन्दुमा पुऱ्याउन कम्युनिष्ट पार्टीको नेतृत्वदायी भूमिका थियो। यसले गर्दा विघटित संसद पुनस्थापनामा टुङ्ग्याउन खोजिएको आन्दोलनलाई राजतन्त्रको समाप्ति, लोकतान्त्रिक गणतन्त्रको स्थापना र सामाजिक न्याय, समावेशिता, मौलिक अधिकार र समाजवाद उन्मुख संविधान निर्माणको उपलव्धिमा पुऱ्याउन संभव भयो। सबैलाई थाहा छ, त्यतिबेला नेपाली काङ्ग्रेस विघटित संसदको पुनस्थापना चाहन्थ्यो। अर्कातर्फ, सुरुमा जनआन्दोलनको सफलतालाई ‘धोखा’ भनेर विश्लेषण गर्ने पुष्पकमल दहाल ‘प्रचण्ड’ शान्ति प्रक्रियालाई राज्यकब्जाको रणनीतिका रूपमा प्रयोग गर्न चाहन्थे। माओवादीका अति–वामपन्थी नीतिहरूका कारण, शान्ति प्रक्रिया र सङ्क्रमणकाल लम्बियो। पहिलो संविधानसभालाई असफल बनाइयो। पहिचान र सङ्घीयताका नाममा विभिन्न अतिवादी प्रवृत्तिहरू देखा परे र सङ्क्रमणकालीन चरणमा कतिपय बाह्य कारकहरूले पनि नकारात्मक भूमिका खेले। हाम्रो पार्टीले सबै चुनौतीहरूको सामना गर्दै संविधान निर्माणमा समझदारी

निर्माण गर्न र जनआन्दोलनका उपलब्धिलाई सुदृढ पार्न अगुवाइ गऱ्यो। अन्ततः संविधान जारी भयो। संविधानको प्रगतिशील चरित्र सुनिश्चित गर्न नेकपा (एमाले) को निर्णायक र महत्वपूर्ण भूमिका छ।

नेपाली जनताको आन्दोलनलाई यसरी कम्युनिष्ट पार्टीले निरन्तर नयाँ उचाइ, विस्तार र सफलतामा पुऱ्याउन नेतृत्व गरिरहेको छ।

आगामी दिनमा सामाजिक–आर्थिक रूपान्तरणलाई तीव्रता दिँदै समाजवादका आधार निर्माण गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई गन्तव्यमा पुऱ्याउन पनि कम्युनिष्ट पार्टीको नेतृत्वदायी, निर्णायक र रचनात्मक भूमिका अपरिहार्य छ।

# ८. कम्युनिष्ट आन्दोलन

## गौरवशाली आठ दशक

नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिक इतिहासमा नयाँ अध्यायको सुरुवात थियो। पार्टी स्थापनासँगै त्यतिबेलासम्म सुधारवादी ढाँचाको दायरामा सीमित लोकतान्त्रिक आन्दोलनले सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्तिकारी चरित्र सहित नयाँ उचाइ लियो। सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताका लागि नेपाली जनताको आन्दोलनमा कम्युनिष्ट पार्टी अग्रदस्ताका भूमिकामा उभियो। नेपाली श्रमिक वर्गले मुक्तिको नयाँ दृष्टिकोण र आफ्नो राजनीतिक प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी पाए। यसबाहेक, कम्युनिष्ट पार्टीले देशभक्तिपूर्ण सङ्घर्षको धारा, सामाजिक आन्दोलनको धारा र र लोकतान्त्रिक आन्दोलनको धाराको विरासतलाई पनि ग्रहण गऱ्यो। ती परम्पराहरूलाई माथि उठायो र आफूलाई राष्ट्रियता, लोकतन्त्र र सामाजिक–आर्थिक रूपान्तरणको वास्तविक प्रतिनिधिको रूपमा विकास गर्दै लग्यो।

## पहिलो: आन्दोलन, सङ्गठन र विचलन

नेपाली कम्युनिष्ट आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गका रूपमा उदाएको हो। समय क्रममा यो लोकतान्त्रिक आन्दोलनको निर्णायक शक्तिको रूपमा विकसित हुँदै गएको छ। २२ अप्रिल, १९४९ मा प्रकाशित नेकपाको पहिलो पर्चाको शीर्षक नै 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ' भन्ने थियो। कम्युनिष्ट पार्टीले सबै नेपालीलाई राणाशाही विरुद्धमा एकताबद्ध हुन आह्वान गऱ्यो र पूर्ण नागरिक स्वतन्त्रता, पढ्न र लेख्न पाउने, बोल्न र सङ्गठित हुन पाउने अधिकार, कामदारहरूको ज्याला वृद्धि, कृषि उत्पादनको उचित मूल्य निर्धारण जस्ता मागहरू अगाडि साऱ्यो। यसले विश्वभरका साम्राज्यवाद विरोधी, समाजवादी र श्रमजीवी वर्गीय आन्दोलनसँग ऐक्यबद्धता घोषणा गऱ्यो।

नेकपाको पहिलो घोषणापत्र १५ सेप्टेम्बर १९४९ मा प्रकाशित भएको थियो। घोषणापत्रमा सामन्ती निरङ्कुशता र विदेशी प्रभुत्वको उन्मूलनको आह्वान गरिएको थियो। पूर्ण स्वतन्त्रता, श्रमिक वर्ग र किसानहरूको सहभागितामा लोकतान्त्रिक सरकार, वयस्क मताधिकार मार्फत पूर्ण लोकतान्त्रिक

संविधान, सबै प्रकारका भेदभावहरूको अन्त्य, क्रान्तिकारी भूमि सुधार र जोताहाहरूलाई भूमि वितरण, विदेशी एकाधिकार पूँजीको राष्ट्रियकरण, न्यूनतम ज्याला र सम्मानजनक कामको ग्यारेन्टी, दमनकारी कानूनको खारेज, निर्वाचित जनसमितिहरूद्वारा शासन सञ्चालन, सर्वव्यापी र नि:शुल्क शिक्षा एवं महिलाहरूलाई समान अधिकार आदि मागलाई जोड दिइएको थियो।

नेपाल कम्युनिष्ट पार्टीले २००७ सालको राणाशासन विरोधी क्रान्तिलाई सही दिशामा लैजान सक्दो प्रयास गर्‍यो। दिल्ली सम्झौताको विरोध गर्‍यो। तत्कालीन सरकारले डा. केआई सिँह, भीमदत्त पन्त र रामप्रसाद राई जस्ता देशभक्तहरूको विद्रोह दबाउन भारतीय फौज भित्र्यायो। यसै बहानामा पार्टीमाथि प्रतिबन्ध लगाइयो। पार्टीले टङ्कप्रसाद आचार्य नेतृत्वको वैधानिक मोर्चा र जनसङ्गठनहरूका माध्यमबाट आफ्नो सङ्घर्ष जारी राख्यो। भूमि सुधार, आत्मसम्मान र सामन्ती शोषणको विरुद्धमा २००९–१३ मा बारा, पर्सा, रौतहटमा भएको किसान विद्रोह, झापामा भएको ठूलो किसान आन्दोलन (जसको नेतृत्व गर्ने बुधारु मेचे लगायतले १० वर्षसम्मको जेल जीवन ब्यहोर्नु परेको थियो) ऐतिहासिक र यस सन्दर्भमा धेरै महत्वपूर्ण थिए। पार्टीले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका मुद्दाहरूमा सम्बन्धमा महत्वपूर्ण भूमिका खेल्यो।

पार्टीले २०१० मा पाटनमा आफ्नो पहिलो राष्ट्रिय महाधिवेशन आयोजना गर्‍यो। सरकारले लगाएको प्रतिबन्धका कारण, महाधिवेशन भूमिगत रूपमा आयोजना गरिएको थियो। कमरेड मनमोहन अधिकारी महासचिवमा निर्वाचित हुनुभयो। पछि, उहाँ आफ्नो उपचारको लागि चीन गएपछि नेतृत्व केशरजङ्ग रायमाझीलाई सुम्पियो। यो नेपाली कम्युनिस्ट आन्दोलनको नकारात्मक मोड थियो। रायमाझीमा दक्षिणपन्थी झुकाव थियो र पुष्पलाल एवं अन्य कमरेडहरूले अगाडि बढाएको क्रान्तिकारी मार्गका विरुद्धमा थिए। उनले राष्ट्रिय हितका लागि राजतन्त्रसँग गठबन्धनको वकालत गर्थे। २०१४ मा दोस्रो राष्ट्रिय महाधिवेशनले भारी बहुमतले गणतन्त्रको कार्यक्रमलाई अनुमोदन गरे पनि उनी नेतृत्व कब्जा गर्न सफल भए। रायमाझीको दक्षिणपन्थी विचलनका कारण, विस्तारै जुझारूपन गुमाउँदै गयो। आन्दोलन उठाउन सकेन।

## दोस्रो: विभाजन र विखण्डनको शृङ्खला

नेपाल कम्युनिष्ट पार्टीले २०१७ को प्रतिगामी कदमको सक्दो प्रतिरोध गर्‍यो। केशरजङ्ग रायमाझीले शाही कदमलाई उचित ठहर्‍याउने प्रयास गरे र तथाकथित राष्ट्रवादी शक्तिहरूको एकताको तर्क गरे। पार्टीलाई क्रान्तिको अग्रदस्ताको रूपमा विकास गर्न, क्रान्तिकारी नेतृत्व स्थापना गर्नका लागि दरभङ्गा प्लेनम आयोजना गरियो। रायमाझीलाई नेतृत्वबाट हटाइयो, अधिकारसम्पन्न संसदको पुनस्र्थापनाको नारा पारित गरियो र तेस्रो राष्ट्रिय महाधिवेशनको तयारीका लागि अन्तर–जोनल समन्वय समिति गठन गरियो।

२०१९ मा भारतको गोरखपुरमा पार्टीको तेस्रो महाधिवेशन सम्पन्न भयो। महाधिवेशनले रायमाझीलाई पार्टीबाट निष्काशित गर्‍यो र किसान आन्दोलनका नेता कमरेड तुल्सीलाल अमात्यलाई महासचिवमा निर्वाचित गर्‍यो। महाधिवशेनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गर्‍यो, जसले नेपाली समाजको यथार्थलाई प्रतिनिधित्व गर्न सकेन। संस्थापक महासचिव पुष्पलाल र नयाँ महासचिव तुल्सीलाल

बिचको फाटो फराकिलो हुँदै गयो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न बहस र विभाजनले पनि त्यस फाटोलाई तीव्र बनायो।

तत्कालीन महासचिवका नीति र कार्यशैलीसँग निराश भएर कमरेड पुष्पलालले २०२५ मा नयाँ जनवादको ब्यानरमा पार्टीलाई पुनर्गठन गर्नुभयो। तर यसले पनि सबै पक्षलाई समेट्न सकेन। बरु, पार्टीमा तटस्थ हुने वा केन्द्रबाट अलग हुने प्रवृत्ति फैलिँदै गयो। विभिन्न प्रान्तीय र जिल्ला कमिटीहरूले केन्द्रीय नेतृत्व पार्टीलाई एकताबद्ध गर्न असमर्थ भएको आरोप लगाउँदै आफूलाई स्वतन्त्र घोषणा गर्न थाले। विभाजन र विखण्डनको शृङ्खला तीव्र भयो। जेलमा रहेका मनमोहन अधिकारी, मोहनविक्रम सिँह जस्ता वरिष्ठ नेताहरूले पार्टीलाई पुनर्एकीकरण गर्ने प्रयास गर्नुभयो। बाहिर निस्केपछि उहाँहरूले केन्द्रीय न्युक्लियस गठन गर्नुभयो। तर यो पहल पनि असफल भयो। मोहनविक्रमले २०३१ मा 'चौथो महाधिवेशन' आयोजना गरेर औपचारिक रूपमै पार्टी विभाजनलाई संस्थागत गर्नुभयो। पछि मनमोहन अधिकारीले छुट्टै नेकपा (मार्क्सवादी) गठन गर्नुभयो। यसरी नेपाली कम्युनिष्ट आन्दोलन एउटा कठिन र असहज समयबाट गुज्रिन पुग्यो।

## तेस्रो: विद्रोह, पुनर्गठन र एकीकरण

राजाले आफ्ना निरङ्कुश कदमहरू झनै कठोर बनाउँदै लगेका थिए र सिङ्गो राष्ट्र राजतन्त्रको नियन्त्रणमा निसास्सिरहेको थियो। २०१८ सालको असफल सशस्त्र विद्रोहपछि नेपाली काङ्ग्रेसको आन्दोलन पनि शिथिल भएको थियो। किसानहरू जोत्न जग्गाको माग गरिरहेका थिए, तर सरकार उनीहरूमाथि दमन गर्दै थियो। विद्यार्थीहरू आफ्नो अधिकारको लागि सङ्घर्ष गर्न उत्सुक थिए, तर उपयुक्त दिशानिर्देशको अभाव थियो।

यसै पृष्ठभूमिमा, पूर्व कोशी प्रान्तीय कमिटी अन्तर्गत काम गरिरहेका युवा कम्युनिष्टहरूको समूहले झापामा नयाँ सङ्घर्ष सञ्चालन गर्‍यो। यद्यपि झापा विद्रोहमा चिनियाँ सांस्कृतिक क्रान्ति र भारतीय नक्सलवादी आन्दोलनको अति–वामपन्थी प्रभावका कारण गम्भीर गल्तीहरू पनि भए। तर झापा विद्रोहको प्रभाव दूरगामी खालको रह्यो। यसले जनतालाई राजतन्त्र विरुद्ध उठ्न प्रोत्साहित गर्‍यो। क्रान्तिकारी कार्यदिशाका आधारमा कम्युनिष्ट पार्टीको पुननिर्माण, पुनर्गठन र एकीकरणको नयाँ शृङ्खला सुरु गर्‍यो। झापाली विद्रोहीहरूले बलिदान र समर्पणको अनुपम दृष्टान्त स्थापित गरे। फागुन २१, २०२९ मा पाँचजना योद्धाहरू– रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई सरकारले सुखानी जङ्गलमा गरेको नृशंश हत्यासँगै उहाँहरूको शौर्य र बलिदानले लोकतन्त्रको सङ्घर्षमा होमिन लाखौं युवाहरूलाई प्रेरित गर्‍यो।

झापा विद्रोहले गम्भीर धक्का भोगे पनि, यसले सल्काएको आगो कहिल्यै निभेन। झापा र मोरङका युवा कम्युनिष्टहरूको आह्वानमा २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को–अर्डिनेशन कमिटी (को.के.) गठन गरियो। २०३४ मा को.के. र मुक्ति मोर्चा समूहको एकीकरणसँगै पार्टीको राष्ट्रव्यापी विस्तार भयो। उक्त समूहमा दाङको 'सन्देश समूह' र 'पूर्वको रातो झण्डा' जस्ता विभिन्न क्रान्तिकारी समूहहरू समाहित हुँदै गएर २०३५ पुसमा नेपाल कम्युनिष्ट पार्टी (माले)को स्थापना भयो। क्रान्तिकारी राजनीतिक कार्यदिशाको आधारमा कम्युनिष्ट आन्दोलनलाई पुनर्गठन गर्ने यो आधारभूत तहबाट

गरिएको नयाँ र सार्थक पहल थियो । नेकपा (माले) छोटो समयमै सबैभन्दा प्रभावशाली, जनआधारित र जुझारु क्रान्तिकारी शक्तिका रूपमा देखा पऱ्यो ।

## चौथो: लोकतान्त्रिक आन्दोलन र वैचारिक विकास

२०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलन नेपाली लोकतान्त्रिक आन्दोलनको नयाँ मोड थियो । बहुदल पक्ष पराजित भए पनि अपेक्षाकृत खुकुलो अवस्थाको उपयोग गर्दै राजनीतिक पार्टी र जनसङ्गठनहरूले नयाँ गति प्राप्त गरे । नेकपा (माले) त्यतिञ्जेलसम्म जनसङ्गठन र शान्तिपूर्ण कानुनी सङ्घर्षहरूका बारेमा द्विविधामै थियो, अति–वामपन्थी मानसिकता पूर्णरूपमा परित्याग गरिसकिएको थिएन । परिवर्तित सन्दर्भले पार्टीलाई आफ्ना नीतिहरूको समीक्षा गर्न अनिवार्य बनाइदिएको थियो । लामो, तातो र तीव्र राजनीतिक बहसपछि, नेकपा (माले) ले हिंसात्मक सङ्घर्षको बाटोलाई पञ्छाउँदै वृहत् जनसहभागिता सहितका जनआन्दोलनलाई अवलम्बन गर्ने ('मिलिटरी एक्सन'को ठाउँमा 'मिलिट्यान्ट मास मुभमेन्ट') नीति लियो । फौजी प्रकृतिको सङ्गठनात्मक ढाँचालाई प्रतिस्थापित गर्दै जनआधारित पार्टी र जनसङ्गठनहरू निर्माण गर्ने मान्यता पारित गऱ्यो । मूल्यवृद्धि, सीमा अतिक्रमण र जनविरोधी कानूनका विरुद्ध विभिन्न प्रकारका जनसङ्घर्षहरूको नेतृत्व गऱ्यो । व्यापक जनसहभागिता सहितका आम हडताल र 'नेपाल बन्द' आयोजना गऱ्यो । श्रमिक वर्ग, किसान एवं ग्रामीण र सहरी गरिबहरू माझ आफ्ना जरा बलियो बनायो । पञ्चायती मञ्चभित्रै पसेर प्रजातन्त्रका लागि लड्ने संसदीय सङ्घर्ष, मानव अधिकार आन्दोलन र पेशागत सङ्घर्षको अगुवाइ गऱ्यो । ती दिनहरूमा, पार्टीले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका विभिन्न अनुभवहरूको गहिरो अध्ययन गऱ्यो, आफ्नै सफलता र असफलताबारे निष्कर्ष निकाल्यो एवं क्रान्ति र समाजवाद निर्माणको मौलिक र विशिष्ट नेपाली मोडेल विकास गर्न प्रयास गऱ्यो । चिनियाँ सांस्कृतिक क्रान्तिको परिणाम, सोभियत मोडेल समाजवादले भोगिरहेका सङ्कट र विभिन्न मुलुकका सशस्त्र विद्रोहको असफलता जस्ता परिघटनाहरूबाट पाठ सिक्दै पार्टी के निष्कर्षमा पुग्यो भने नेपालले क्रान्तिको आफ्नै बाटो पहिल्याउनु पर्छ, समाजवाद निर्माणको आफ्नै मोडेल विकास गर्नुपर्छ । यस अवधिमा विभिन्न क्रान्तिकारी समूहहरूलाई समाहित गर्दै एकीकृत पार्टी निर्माणको बलियो आधार निर्माण गऱ्यो ।

वैचारिक वहसका त्यस कालखण्डमा कमरेड मदन भण्डारी प्रमुख र नवीन विचारकको रूपमा स्थापित हुनुभयो ।

२०४६ भदौमा सिराहामा आयोजित नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशन नेपाली कम्युनिष्ट आन्दोलनको एउटा विशिष्ट र ऐतिहासिक परिघटना थियो । महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गरियो, जसमा पहिलो पल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न ठूला विवादहरूको पृष्ठभूमि, कम्युनिष्ट पार्टी हुनका लागि त्यसले हिंसात्मक बाटो र जनवादी (या सर्वहारा) अधिनायकत्वको अवधारणा बोकेकै हुनु पर्ने जस्तो गरेर स्थापना गरिएका सङ्कथन र कम्युनिष्ट आन्दोलन जडसूत्रवाद तथा विसर्जनवादको चुनौतीबिचबाट गुज्रिरहेको बेला निकालिएको यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो । यो २०३७ सालदेखि पार्टीमा सञ्चालित विचारधारात्मक बहसको

वस्तुनिष्ठ संश्लेषण तथा सही निष्कर्ष थियो । यसले नेपाली क्रान्तिको आफ्नै मौलिक, सिर्जनात्मक तथा विशिष्ट बाटोको गोरेटो कोऱ्यो ।

महाधिवेशनले झण्डै ३० वर्ष अगाडि टुटेको कम्युनिष्ट आन्दोलनको कडीलाई जोड्ने काम गऱ्यो । नेपाल कम्युनिष्ट पार्टीको पहिलो र दोस्रो राष्ट्रिय महाधिवेशन तथा सन् १९६२ मा केशरजङ्ग रायमाझी गुटका विरुद्ध सङ्घर्ष गर्दै सम्पन्न भएको तेस्रो राष्ट्रिय महाधिवेशनको वैधानिकतालाई मान्यता प्रदान गऱ्यो र नेकपा (माले) लाई नेपाल कम्युनिष्ट पार्टीभित्रको क्रान्तिकारी मार्क्सवादी–लेनिनवादी धाराको पुनस्थापना र विकासको अनिवार्य परिणामका रूपमा मूल्याङ्कन गऱ्यो ।

महाधिवेशनले संस्थापक महासचिव कमरेड पुष्पलालले आफ्नो जीवनकालमा पार्टी र क्रान्तिलाई अघि बढाउन दिनुभएको सकारात्मक योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान प्रकट गऱ्यो । पार्टी विभाजनसँगै इतिहासलाई निषेध गर्ने, त्यसको अवमूल्यन गर्ने र पार्टीका संस्थापक सहित अन्य नेताहरूलाई कतिपय विषयमा असहमति भएकै आधारमा अपमान, निन्दा र विरोध गर्ने जस्ता अपसंस्कृति देखा परेका थिए । यस्तै अपसंस्कृति र गुटगत सङ्कीर्णताको शिकार कमरेड पुष्पलाललाई पनि बनाइएको थियो । महाधिवेशनले यस्ता प्रवृत्तिहरूलाई अस्वीकार गर्दै नेपाली कम्युनिष्ट आन्दोलनमा पुष्पलालका योगदानहरूलाई पुनस्थापित गर्ने महत्वपूर्ण निर्णय गऱ्यो ।

महाधिवेशनले कमरेड माओ त्सेतुङले दिनुभएका योगदानहरू र चिनियाँ क्रान्तिका अनुभवहरूबाट सिक्ने तर मार्गदर्शक सिद्धान्तका रूपमा भने माओ त्सेतुङ विचारधारालाई कायम नराख्ने निर्णय गऱ्यो । यो निर्णय नेपाली क्रान्तिलाई आफ्नै यथार्थ धरातलमा उभ्याउने, आन्दोलनलाई कुनै पनि विदेशी अनुभवहरूको यान्त्रिक अन्धानुकरण र नक्कलबाट मुक्त गर्ने एवं क्रान्ति र समाजवाद निर्माणको आफ्नै मौलिक बाटो अन्वेषण गर्ने सन्दर्भमा अत्यन्त महत्वको थियो ।

महाधिवेशनले निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाहीका विरुद्ध संयुक्त जनआन्दोलनको प्रस्ताव अगाडि साऱ्यो । 'जनवाद, जनजीविका र राष्ट्रियताका न्यूनतम साझा सबालहरूमा एकजुट हुन र राष्ट्रव्यापी रूपमा संयुक्त जनआन्दोलनको उभार सिर्जना गर्न' देशमा विद्यमान सबै वामपन्थी तथा गैरवामपन्थी शक्तिहरूलाई आह्वान गऱ्यो ।

चौथो महाधिवेशनबाट कमरेड मदन भण्डारी सर्वसम्मत रूपमा महासचिव निर्वाचित हुनुभयो । त्यसो त २०३६/३७ देखि नै पार्टीमा वैचारिक नेताको रूपमा कमरेड मदन भण्डारीको प्रभाव देखिन थालेका थियो । नेपाली समाजको प्रधान अन्तरविरोध के हो ? नेपाली क्रान्तिको मौलिक कार्यक्रम कस्तो हुनुपर्छ र यसका आम तथा विशिष्ट पक्षहरू बिचको अन्तरसम्बन्ध के हो ? राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रताका अर्थ, महत्व र सीमाहरू के हुन् ? जनमत सङ्ग्रहको घोषणालाई कसरी हेर्ने र यस सम्बन्धी कस्तो नीति अवलम्बन गर्ने ? सङ्घर्षका मुख्य स्वरूप र सङ्गठनका मुख्य चरित्र कस्तो हुनुपर्छ ? कम्युनिष्ट पार्टीले प्रजातन्त्र र मानव अधिकारसम्बन्धी कस्तो दृष्टिकोण लिनुपर्छ र यसको अगुवाइ कसरी गर्नुपर्छ ? आन्दोलनको मञ्चका रूपमा पञ्चायती निर्वाचन र निकायहरूको उपयोग गर्न सकिन्छ/सकिन्न ? यस्ता गम्भीर वैचारिक–राजनीतिक प्रश्नमा उहाँले पार्टीलाई सही मार्गदर्शन गरिरहनु भएको

थियो । त्यसैले महाधिवेशनबाट महासचिवका रूपमा उहाँको चयन स्वाभाविक, सही र दूरदर्शी निर्णय थियो ।

## पाँचौँः असाधारण उपलब्धि, गंभीर धक्का

महाधिवेशनकै निष्कर्षका आधारमा संयुक्त वाममोर्चाको गठन, नेपाली काङ्ग्रेससँग सहकार्य र ऐतिहासिक जनआन्दोलनको सफलता पाँचौँ दशकका विशिष्ट परिघटना हुन् ।

विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासलाई उचाइमा उठाउँदै २०४७ पुसमा दुई ठूला वामपन्थी दलहरू नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकीकरण भएर नेकपा (एमाले) बन्यो । मनमोहन अधिकारी अध्यक्ष र मदन महासचिवमा निर्वाचित हुनुभयो । अन्य साना समूहहरू र विभिन्न अनुभवी वामपन्थी नेताहरू पार्टीका एकताबद्ध हुने सिलसिला निरन्तर अगाडि बढ्यो । २०४८ सालको आम निर्वाचनमा नेकपा (एमाले) ले संसदमा एक तिहाइ सिटमा विजय हासिल गऱ्यो । सोभियत सङ्घको पतनपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले गम्भीर धक्काको सामना गरिरहेको एवं मार्क्सवाद र समाजवादको भविष्य विरुद्ध शीतलहर फैलिरहेको बेला नेपाली कम्युनिष्टहरूले हिमालयको फेदमा रातो झण्डा फहराउन सफल हुनु असाधारण उपलब्धि थियो । कमरेड मदन भण्डारी तत्कालीन अन्तरिम प्रधानमन्त्री तथा प्रख्यात काङ्ग्रेस नेता कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै काठमाडौँका दुई सिटबाट निर्वाचित हुनुभयो । त्यसैले 'न्यूज विक' ले 'नेपाल, जहाँ कार्ल मार्क्स जीवित छन्' शीर्षकमा विशेष सामग्री प्रस्तुत गऱ्यो। पार्टीले संसदभित्र र समाजमा प्रभावकारी भूमिका खेलेको थियो। पार्टीको सही नीति, चुस्त कार्यशैली, जुझारु छवि र नेताहरूको लोकप्रियताले पार्टीलाई नेपालको सबैभन्दा प्रभावशाली राजनीतिक शक्तिको रूपमा स्थापित गर्न मद्दत गऱ्यो ।

अन्तर्राष्ट्रिय आन्दोलनमा आएको धक्काको पृष्ठभूमिमा २०४९ माघमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन आयोजना गरिएको थियो । महाधिवेशनले नेपाली क्रान्तिको विशिष्ट र मौलिक कार्यक्रमको रूपमा जनताको बहुदलीय जनवाद (जबज) पारित गऱ्यो । सोभियत मोडेल समाजवादको असफलताको अर्थ मार्क्सवादको असफलता होइन, बरु यो खास ढाँचाको असफलता हो भन्ने निष्कर्षका साथ पार्टीले मार्क्सवादको सान्दर्भिकताको पुनर्पुष्टि गऱ्यो। पुँजीवादसँग वर्तमान सङ्कटको कुनै समाधान नरहेको निष्कर्षका साथ समाजवादको अवश्यंभावी विजयप्रति आफ्नो विश्वास दोहोऱ्यायो। कम्युनिष्ट पार्टीले प्रतिष्पर्धाका माध्यमबाट आफ्नो श्रेष्ठता प्रमाणित गर्नु पर्ने, अन्य शक्तिहरूलाई संवैधानिक ढाँचाभित्र सञ्चालन गर्न दिनु पर्ने, जनवादी व्यवस्थामा लोकतान्त्रिक मूल्यहरू समावेश गरिनुपर्ने र समाजवादी लोकतन्त्र पुँजीवादीभन्दा उत्कृष्ट हुने गरी विकास गर्नु पर्ने विषयमा जबजले जोड दियो। जबजले सङ्घर्षको हिंसात्मक बाटो सिद्धान्त वा विश्वव्यापी सत्य होइन भन्ने निष्कर्ष निकाल्यो र जनताको जनवादी राज्यको नयाँ मान्यता अगाडि साऱ्यो। यसरी, नेकपा (एमाले) ले मार्क्सवादमा आधारित आफ्नो मौलिक वैचारिकी विकास गऱ्यो । जबजले नेपाली कम्युनिष्ट आन्दोलनमा व्याप्त प्रश्नहरूको सही जवाफ दियो र अन्य कम्युनिष्ट र वामपन्थी दलहरूको पनि ध्यान आकर्षित गऱ्यो ।

पाँचौं राष्ट्रिय महाधिवेशनपछि, कमरेड मदन भण्डारीले पार्टीलाई वैचारिक र सङगठनात्मक रूपमा बलियो बनाउन राष्ट्रव्यापी अभियान सुरु गर्नुभयो। उहाँ लोकप्रियताको उचाइमा हुनुहुन्थ्यो। नेपाल

महाकाली नदीमा आफ्नो अधिकारको लागि लडिरहेको थियो। यस्तै पृष्ठभूमिमा, ३ जेठ २०५० अपराह्न महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितलाई बोकेको जीप त्रिशुली नदीमा खस्यो। कमरेडहरूले आफ्नो ज्यान गुमाउनु भयो। यो दुखद र रहस्यपूर्ण दुर्घटनाले नेपाली कम्युनिष्ट आन्दोलनलाई असाधारण धक्का पुऱ्यायो। यस त्रासदीको रहस्य अझै पनि खुल्न सकेको छैन। दुर्घटनास्थल, चालकको विवादास्पद बयान, पछि उनको रहस्यमय ढङ्गले गरिएको हत्या र त्यसपछिका राजनीतिक–सामाजिक सन्दर्भले यो सामान्य जीप दुर्घटना थिएन, यो कम्युनिष्ट र देशभक्तिपूर्ण आन्दोलनका विरुद्धको षडयन्त्र थियो भन्ने आशङ्कालाई पुष्टि गर्छन्।

पार्टीले शोकलाई शक्तिमा परिणत गऱ्यो। २०५१ को मध्यावधि निर्वाचनमा पार्टी सबैभन्दा ठूलो राजनीतिक शक्तिको रूपमा उदायो। कमरेड मनमोहन अधिकारी देशको पहिलो जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री बन्नुभयो। यद्यपि पार्टीले ९ महिना मात्र सरकार चलाउने मौका पायो, तर त्यो त्यतिबेलासम्मकै सबैभन्दा जनमुखी सरकार थियो। सरकारका जनमुखी नीतिहरू, स्वच्छ प्रशासन र राष्ट्रवादी अडानले सरकारलाई धेरै लोकप्रिय बनायो। यद्यपि, विपक्षीहरूले सर्वोच्च अदालतको समेत प्रयोग गरेर नौ महिनामै सरकारलाई विस्थापन गरे। यससँगै नेपाली राजनीतिमा अस्वस्थ, अनुचित र विकृत राजनीतिक अभ्यास सुरु भयो।

२०५१ को मध्यावधि चुनाव बहिष्कारपछि पुष्पकमल दाहाल 'प्रचण्ड' र डा. बाबुराम भट्टराईको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गठन भयो र 'जनयुद्ध' का नाममा हिंसात्मक गतिविधिहरू सुरु भए। 'रिम'को सदस्यता, पेरुको 'साइनिङ पाथ' को 'आदर्श' र 'गोन्जालो विचारधारा' को नक्कल गर्दै 'प्रचण्डपथ' को घोषणा गर्नु यसको उग्रवामपन्थी विचलनका दृष्टान्तहरू थिए। आफ्नो पार्टीलाई समर्थन नगर्ने वा चन्दा नदिने राजनीतिक कार्यकर्ताहरूको हत्या, सर्वसाधारणलाई विस्थापन र भय त्रासको विस्तार माओवादीको कार्यशैली बन्यो। सरकारले पनि दमनका क्रूर विधिहरू अवलम्बन गऱ्यो। हिंसाको दोहोरो मारमा धेरै सर्वसाधारणहरू परे। हाम्रो पार्टीका सयौँ कार्यकर्ता हिँसाको दोहोरो मारमा परे।

सबै प्रतिकूलताहरूलाई चिर्दै पार्टी अगाडि बढिरहेको, स्थानीय निकाय निर्वाचनमा राष्ट्रव्यापी सफलता हासिल गरेको र निकट भविष्यमा हुने निर्वाचनमा सहज बहुमतको संभावनामा रहेको पार्टीलाई विभाजन नगरी कमजोर पार्न नसकिने यथार्थ प्रतिक्रियावादी शक्तिहरूले आँकलन गरे। त्यसै पृष्ठभूमिमा २०५४ सालमा अकारण पार्टी विभाजन गरियो। विभाजनको धक्कालाई चिर्दै पार्टीले २०५६ को निर्वाचनमा पूर्ववत् स्थिति कायम गर्न सके पनि मुलुकको शक्ति सन्तुलन प्रतिकूलतामा बदलियो। माओवादी सशस्त्र द्वन्द्व र त्यसकै जगमा राजतन्त्रले गरिरहेको शक्ति सञ्चयले मुलुकमा राजनीतिक सङ्कट गहिऱ्याउँदै लगे।

## छैटौं: ऐतिहासिक आन्दोलन र लोकतान्त्रिक गणतन्त्र

सम्पूर्ण सत्ता हातमा लिनु र लोकतान्त्रिक शक्तिहरूलाई किनारा लगाउनु जस्ता राजाका निरङ्कुश कदमले राजतन्त्र र लोकतन्त्रको सह–अस्तित्वको संभावनालाई पूर्ण रूपमा असान्दर्भिक र निरर्थक बनाइदियो। नेकपा (एमाले) ले नेपाली काङ्ग्रेस सहित सात दलको मोर्चा निर्माण गर्न र माओवादीहरूसँग १२ बुँदे

सम्झौता गर्न पहल गऱ्यो। त्यसपछि २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सुरु भयो, जहाँ एमाले अग्रपङ्क्तिमा थियो।

त्यस क्रान्तिको अन्तरवस्तु र सीमाबारे माथि नै चर्चा भइसकेको छ। यद्यपि संविधानसभाको पहिलो निर्वाचनमा पार्टी तेस्रो स्थानमा सीमित भएको थियो। तर आन्दोलनलाई निर्णायक बनाउन र यसलाई लोकतान्त्रिक गणतन्त्रसम्म अगुवाइ गर्न पार्टीले प्रभावकारी राजनीतिक खेल्यो।

## सातौँ: संविधान निर्माण र समृद्धिको यात्रा

संविधानसभा निर्वाचनमा पहिलो बनेको माओवादीका अतिवादी सोच, दम्भ र मुलुकको देखा परेका जातीय–क्षेत्रीय–साम्प्रदायिक सङ्कीर्णताका बिचमा पहिलो संविधानसभा संविधान बनाउन नसकी विघटित भयो। त्यस संवैधानिक रिक्तताका बिचमा मुलुकलाई सही निकास दिन, संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्न र संविधानसभाबाट लोकतान्त्रिक संविधान जारी गर्न पार्टीले निर्णायक भूमिका खेल्यो। नेतृत्वमा देखा परेका कतिपय ढुलमुले, द्विविधायुक्त र अवसरवादी विचलनबाट जुन अनुपातमा पार्टी मुखर हुँदै गयो, त्यसै अनुपातमा पार्टीको लोकप्रियता, शाख र भूमिका पनि प्रभावकारी बन्दै गयो। संविधानसभाको दोस्रो निर्वाचनमा पार्टी प्रभावकारी सिट सङ्ख्यासँगै दोस्रो शक्तिका रूपमा स्थापित भएपछि र संविधानसभा निर्वाचनले माओवादी र मधेसवादी दलहरूका अतिवादलाई निकै हदसम्म किनारा लगाइदिएपछि संविधानसभाको शक्ति सन्तुलन पनि सापेक्ष रूपमा अनुकूल बन्यो। एकातिर परम्परागत कम्युनिष्ट ढाँचाका पक्षधर र अर्कातिर परम्परागत संसदीय व्यवस्थाका पक्षधर शक्तिहरूको प्रभावशाली उपस्थिति रहेको र सङ्घीय संरचना, शासकीय स्वरूप र अर्थ–राजनीतिक कार्यदिशाका बारेमा विभिन्न अन्तरविरोधी विचारहरू विद्यमान रहेको संविधानसभाबाट यस रूपको संविधान निर्माण गर्नु सहज थिएन। यसै पृष्ठभूमिमा पार्टीले संविधानलाई लोकतान्त्रिक, अग्रगामी, सामाजिक न्याययुक्त र समाजवाद–उन्मुख बनाउन रचनात्मक भूमिका खेल्यो। संविधानसभाबाट संविधान पारित भइसकेपछि यसलाई जारी हुन नदिन भएका आन्तरिक र वाह्य दबाबहरूलाई झेल्दै पार्टीले संविधान निर्माण र जारी गराउन जुन प्रभावकारी भूमिका खेल्यो, त्यो कम्युनिष्ट आन्दोलनको इतिहासकै एउटा महत्वपूर्ण परिघटना हो।

संविधान जारी भएसँगै नेपालमाथि आर्थिक नाकाबन्दी सुरु भयो। ६ महिना अगाडिमात्रै विनाशकारी भूकम्पले थिलोथिलो परेको, ९ हजार व्यक्तिको ज्यान गएको र ४० लाखभन्दा बढी नागरिक घरबारविहीन भएको मुलुकमाथि यस्तो नाकाबन्दी अनपेक्षित र अन्यायपूर्ण मात्रै थिएन, अमानवीय पनि थियो। एउटा स्वतन्त्र राष्ट्रको रूपमा आफ्नो राजनीतिक फैसला आफैले गर्न पाउने कि नपाउने भन्ने गंभीर प्रश्न र एकखाले अग्निपरीक्षाका सामु मुलुक उभिएको बेला हाम्रो पार्टीले मुलुकको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानको अभियानको दृढतापूर्वक अगुवाइ गऱ्यो। मुलुकको स्वनिर्णयको अधिकारलाई स्थापित गऱ्यो। नाकाबन्दीको नियमित आकस्मिकतालाई सदाका लागि अन्त्य गर्दै चीनसँग पारवहन–यातायात सम्झौता गऱ्यो। लोकतन्त्र प्राप्तिको आन्दोलनले सफलता प्राप्त गरेर क्रान्तिका राजनीतिक अभिभारा धेरै हदसम्म पूरा भइसकेको सन्दर्भमा अब समृद्धि र सामाजिक–आर्थिक रूपान्तरण मुख्य कार्यभार बनेको निष्कर्षका साथ समृद्ध नेपाल, सुखी नेपालीलाई मुलुकको राष्ट्रिय आकाङ्क्षा निर्धारित गऱ्यो।

ओइलाएका सपनाहरूलाई व्युँताउन, हाम्रो मुलुकलाई समृद्ध, सबल र समुन्नत बनाउन सकिन्छ भन्ने विश्वास जागृत गर्न यो दशक ऐतिहासिक महत्वको रहेको छ। त्यसै कालखण्डमा नेकपा (एमाले) ले गणतन्त्र नेपालको पहिलो महिला राष्ट्रपति समेत निर्वाचित गर्न सफल भयो। हामीलाई सरकारबाट ९ महिनामै विस्थापन गरिए पनि र हामीले बसालेको राष्ट्रिय स्वाभिमान, समृद्धि र आत्मविश्वासको जग भत्काउने कोशिस गरिए पनि हामीले ती सबै प्रतिकूलतालाई चिर्दै आयौँ। संविधान संशोधनको नाममा मुलुकमा विद्वेष र विभाजनलाई प्रश्रय दिने प्रयासलाई विफल तुल्यायौँ, मेची–महाकाली अभियान मार्फत् राष्ट्रिय जागरण र एकताको नयाँ यात्रा अगाडि बढायौँ। यसै क्रममा भएको २०७४ को आम निर्वाचनमा पार्टीले इतिहासमै सर्वाधिक (२७५ सदस्यीय प्रतिनिधिसभामा १२१ र कुल जनमतमा ३४ प्रतिशत) सफलता प्राप्त गऱ्यो। कम्युनिष्ट आन्दोलनका दुई धार– नेकपा (एमाले) र (माओवादी केन्द्र) बिचको एकताले झण्डै दुई तिहाई बहुमत सहित राजनीतिक स्थायित्व, समृद्धि र श्रमजीवी जनताको पक्षमा अनुकूल राजनीतिक शक्ति सन्तुलन निर्माण भयो। समृद्धितर्फको यात्राले नयाँ उचाइँ लिदै गयो।

## आठौँ: विभाजन, पुनर्गठन, पुनरोदय र निर्णायक शक्तिको निर्माण

२०७६ सालबाट सुरु भएको कम्युनिष्ट आन्दोलनको आठौँ दशकको समग्र दृश्यचित्र हामी सबैका सामु छर्लङ्गै छ। त्यस दशकको आरम्भमा समृद्धि, सुशासन, राष्ट्रिय स्वाभिमानको प्रबर्द्धन, वाह्य सम्बन्ध विस्तार, संविधान तथा सङ्घीयताको कार्यान्वयन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण काम हुँदै थिए। पार्टीभित्र र बाहिरबाट भएका असहयोग, घेराबन्दी र विरोधका बाबजुद त्यस अवधिमा असाधारण उपलब्धि हासिल हुँदै थियो। पृथकतावाद र हिंसाका प्रयासहरूलाई अस्वीकार गर्दै त्यस्ता प्रवृत्ति र पात्रहरूलाई वार्ता मार्फत् शान्ति र संविधानको मूलधारमा ल्याइएको थियो। संविधानको स्वीकार्यता स्थापित गरिएको थियो। पूर्वाधार निर्माणमा अभूतपूर्व फड्को हासिल भएको थियो। आर्थिक वृद्धि तीव्र बनेको थियो र नेपाल अल्पविकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नत हुन संयुक्त राष्ट्र सङ्घबाट सिफारिस भएको थियो। सामाजिक न्याय र सुरक्षाका क्षेत्रमा महत्वपूर्ण निर्णय भएका थिए। सारमा, जनतामा भरोसा बढ्दै थियो। वाह्य जगतमा नेपालको छवि प्रभावकारी बन्दै गएको थियो।

तर नेपाललाई पुन: अस्थिरताको चक्रव्यूहमा फँसाउने सुनियोजित प्रयत्नको शृङ्खला स्वरूप नेकपाभित्र विग्रह सिर्जना गरियो। त्यसपछि विभाजनतिर धकेलियो। पार्टी बाहिरका शक्तिहरूसँग मिलेर अदालत समेतको सहयोगमा पार्टीलाई सरकारबाट विस्थापित गरियो र षडयन्त्रपूर्ण ढङ्गले नेकपा (एमाले) लाई चोइट्याउने काम भयो। प्रतिपक्षमा रहेको शक्तिका विरुद्ध सत्तापक्षबाट घेराबन्दी, गठबन्धन र सत्ताको चरम दुरूपयोग गर्दै हामीलाई नामेट पार्ने धम्की र दुस्साहस गरियो। कम्युनिष्ट सरकारले बसालेको समृद्धिको जगलाई भत्काउने कुचेष्टा गरियो।

त्यो प्रयास नेकपा (एमाले) लाई सरकारबाट विस्थापित गर्ने कदम मात्रै थिएन, पार्टीको नेतृत्वमा स्थापित कोर्सलाई नै उल्ट्याएर अस्थिरता, सामाजिक विद्वेष र विकृतितिर धकेल्ने कुत्सित मनशाय पनि थियो।

आज हामी सम्पूर्ण पार्टी पङ्क्तिको अविचलित निष्ठा र न्यायप्रेमी जनताको साथ–समर्थनको बलमा ती सबै घेराबन्दीलाई चिर्दै पुन: राष्ट्रिय राजनीतिको केन्द्रभागमा स्थापित भएका छौँ। सही राजनीतिक कोर्स

उल्ट्याउने प्रयास विफल भएको छ । यावत् षडयन्त्र र कुप्रचारका बिचमा पनि पार्टी जनताको रोजाइको पहिलो शक्ति बन्न सफल भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनका विगत आठ दशकतिर फर्केर हेर्दा हामीले गर्व गर्ने पर्याप्त ठाउँ छन् । हो, आन्दोलनमा त्रुटि र कमी पनि रहन गएका छन् । कहिले दक्षिणपन्थी विचलन र कहिले उग्रवामपन्थी भड्काउ पनि देखा परेका छन् । कहिले सिद्धान्तका नाममा जडता, कहिले यान्त्रिक अन्धानुकरण र कहिले व्यवहारिकताका नाममा सिद्धान्तबाट विचलनका प्रवृत्ति पनि देखा परेका छन् । तर हामीले गर्वका साथ भन्न सक्छौँ– शान्तिपूर्ण प्रतिष्पर्धा, लोकतान्त्रिक बाटो र जनताको अभिमतबाट, यत्तिको प्रतिकूलताका बिचमा पनि यो ठाउँमा आइपुग्नु र यस बिन्दुमा टिकिरहनु नेपाली कम्युनिष्ट आन्दोलनको गौरवशाली पक्ष हो । यस अवधिमा हामीले स्थापित गरेको मुख्य राजनीतिक योगदान (लिगेसी) लाई यसरी सूत्रबद्ध गर्न सकिन्छ–

— लोकतन्त्रप्रतिको अविचलित निष्ठा र बलिदानी सङ्घर्ष (जहानियाँ राणाशासन, निरङ्कुश पञ्चायती व्यवस्था र राजतन्त्र लगायत सबै खाले निरङ्कुशतन्त्र विरुद्ध आन्दोलनको अगुवाइ),
— सार्थक लोकतन्त्रको पक्षपोषण (लोकतन्त्रलाई औपचारिक राजनीतिक प्रणाली मात्र होइन, जनताको जीवन परिवर्तनको समग्र प्रणालीका रूपमा स्तरोन्नत गर्ने अभियानको नेतृत्व, जुन आज परिपूर्ण लोकतन्त्रका रूपमा परिभाषित भएको छ ),
— राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको पक्षमा अनवरत नेतृत्व,
— हिंसा, भयदोहन र सत्ता कब्जाका प्रयाशको प्रतिवाद, शान्ति प्रक्रियाको रक्षा,
— राष्ट्रिय एकता र सामाजिक सद्भावको अगुवाइ, सबै खाले जातीय–क्षेत्रीय सङ्कीर्णता, साम्प्रदायिक विद्वेष र विभाजनको विरोध,
— संविधान निर्माणको नेतृत्व, कार्यान्वयनमा अगुवाइ
— नाकाबन्दी लगायत राष्ट्रिय अपमान र हेपाइको सामना, स्वाभिमानको पक्षपोषण,
— पारवहन सुविधाको विस्तार मार्फत् भूपरिवेष्ठित अवस्थाका कठिनाइलाई चिर्दै भूजडित बनाउने अभियानको नेतृत्व,
— मुलुकहरू भौगोलिक हिसाबले ठूला या साना भए पनि सार्वभौमसत्ता र स्वाभिमानमा बराबरी हुन्छन् भन्ने मान्यताको विकास, पारस्परिक लाभ र विश्वासका आधारमा वाह्य सम्बन्ध सञ्चालनको परराष्ट्र नीति र सानो राष्ट्र हीनताबोधको अन्त्य,
— सामाजिक न्याय र सामाजिक सुरक्षाको 'पायनियर',
— ग्रामीणमुखी, जनसहभागितामूलक र पारदर्शी विकास अभियानको 'ट्रेण्ड सेटर',
— लैङ्गिक समावेशिताको नेतृत्व,
— भौतिक पूर्वाधार र रणनीतिक महत्वका विकास अभियानको नेतृत्वकर्त्ता, आदि ।

यिनै योगदानहरू हुन्, जसले गर्दा यो पार्टी आम जनताका बिचमा लोकप्रिय र जस्तासुकै धक्काको पनि सामना गर्न सक्ने दृढ (रेजिलिएन्ट) अवस्थामा छ। कुनै बेला नेकपा (एमाले) को कित्ता कुन हो भनेर खुलेआम चुनौती दिइन्थ्यो। त्यस स्थितिबाट आज पार्टी राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित भएको छ। मूल राष्ट्रिय प्रश्नहरूमा अगुवाइ गरिरहेको छ र विभिन्न प्रश्नमा अरुलाई सँगै हिडाइरहेको पनि छ।

नेपाल राष्ट्र र नेपाली जनताले हासिल गर्दै गएका यी उपलब्धि मन नपराउने, प्रतिरोध गर्ने र उल्ट्याउन चाहने अस्थिरताका संवाहक, सामाजिक विद्वेषका पक्षपोषक, अराजक र 'पपुलिस्टहरू'को पनि नेकपा (एमाले) निशानामा छ। राष्ट्रियताको मुख्य संवाहक र राष्ट्रिय एकताको मुख्य आधार, संविधान निर्माणको निर्णायक शक्ति र यसको मुख्य संवाहक, लोकतन्त्रको अग्रणी र सामाजिक–आर्थिक रूपान्तरणको अगुवा शक्ति हुनुको नाताले एमालेलाई कमजोर नगरुञ्जेल आफ्ना अवाञ्छित उद्देश्य पूरा हुनु संभव छैन भन्ने तिनीहरूलाई थाहा छ। त्यसैले विगतमा नेकपा (एमाले) लाई सत्ताबाट बाहिऱ्याउने र विभाजन गर्ने षडयन्त्र गरिएको थियो। आज पनि चुनौती विद्यमान छन्, जसलाई चिर्दै अगाडि बढ्नु पर्नेछ।

नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य शक्ति हुनुको नाताले आन्दोलनलाई एकताबद्ध बनाउने दायित्व हाम्रो काँधमा छ। तर कस्तो एकता र कुन बाटोबाट एकता ? मूल प्रश्न यो हो। मुख्य नेताहरूको स्वार्थ केन्द्रित 'एकता' गर्ने, त्यसपछि पार्टीको सम्पूर्ण उर्जा र समय नेताहरूको 'व्यवस्थापन' र गुनासो संबोधनमा खर्चिनु पर्ने र स्वार्थ पूरा नहुँदाको दिन क्षणभरमै भत्किने खालको एकता हामीलाई चाहिएको छैन। जनता र राष्ट्रको सर्वोपरि हितमा आधारित एकता मात्रै जनता र कार्यकर्ताले खोजेको एकता हो। त्यस्तो एकता मात्रै दिगो र उपलब्धिपूर्ण हुन्छ।

पार्टी एकताका दुईवटा ऐतिहासिक परिघटनालाई हामी तुलना गर्न सक्छौँ। २०४७ पुसमा तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकता भई हामीले नेकपा (एमाले) बनायौँ। त्यस एकतालाई मन नपराउने, आफ्नो स्वार्थलाई केन्द्रमा राख्ने र स्वार्थ सिद्ध भएन भने पार्टीलाई घात गर्ने केही व्यक्ति त्यतिबेला पनि थिए। तर मूल नेतृत्व एकताको भावनामा दृढ र राष्ट्रको हितमा निष्ठावान भएका कारण केही असन्तुष्ट नेता पलायन भए पनि पार्टी एकता अक्षुण्ण रह्यो। पार्टी एकताको असल दृष्टान्तका रूपमा आज पनि त्यो सन्दर्भ स्मरणीय छ।

२०७५ जेठमा हामीले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच एकीकरण गऱ्यौँ। एकताको मूल भावना र उद्देश्य सही थियो। तर केही नेताहरूले आफ्नो स्वार्थ पूरा नभए पछि कथित व्यवस्थापनको किचलोमा पार्टीलाई फँसाउदै लगे। पार्टीभित्रको अन्तरविरोधमा खेल्दै गए, पार्टी कब्जा गर्ने हरसंभव कोशिस गरे। त्यस्ता यावत् प्रयास असफल भएपछि अन्ततोगत्वा पार्टीलाई विभाजित गरे। पार्टी पङ्क्तिको ठूलो हिस्सा एकतालाई जोगाइरहन चाहन्थ्यो, तर त्यो प्रयास सफल हुन सकेन। विभाजनलाई अस्वीकार गर्ने नेकपा (माओवादी केन्द्र)का महत्वपूर्ण कमरेडहरू नेकपाको निरन्तरताका रूपमा नेकपा (एमाले)मा दृढतापूर्वक टिकिरहनु भयो।

त्यसैले आज हामी स्वार्थ––केन्द्रित अर्थात् 'टाउका जोडेर' गरिने एकतामा होइन, असल कार्यकर्ताहरूलाई जगैदेखि समेट्दै आन्दोलनलाई वैचारिक, सङ्गठनात्मक र भावनात्मक रूपमा एकताबद्ध बनाउने बाटोमा छौँ। आजको सन्दर्भमा यही नै उपयुक्त बाटो हो।

आज हामी पुन: सामाजिक–आर्थिक रूपान्तरण, सुशासन र राष्ट्रिय स्वाभिमानको यात्रामा समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यका साथ अगाडि बढिरहेका छौँ।

कम्युनिष्ट आन्दोलनले सय वर्ष पूरा गरिरहँदा नेपाललाई समृद्ध, समुन्नत, सामाजिक न्यायले सुसज्जित र समाजवादको प्रारम्भिक अवस्थामा प्रवेश गराउने हाम्रो सङ्कल्प छ।

हामी इतिहासका यी भूमिकाप्रति गर्व गर्छौँ।

# ९. समाजवाद

## सिद्धान्त र अभ्यास

समाजवाद मानव जातिको युगौँ पुरानो सपना हो। 'समाजवाद' शब्दको प्रयोग उन्नाइसौं शताब्दीबाट थालिएको भए पनि र यस सम्बन्धी बहसले त्यतिबेलै देखि मूर्त रूप लिएको भए पनि यसमा अन्तरनिहित भाव अर्थात् समानता, अविभेद, सबैका लागि सुख, सबैका लागि समृद्धि जस्ता अवधारणाहरू भने मानव जातिले हजारौँ वर्षदेखि अगाडि बढाउँदै आएको छ। हाम्रै भूभागमा पनि, 'बसुधैव कुटुम्बकम्', 'सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया' तथा 'संगच्छध्वं संबदध्वं, सं वो मनांसि जानताम्। समानो मन्त्र: समिति: समानी, समानं मन: सहचित्तमेषाम्' जस्ता सूक्तहरूमा यी भाव प्रकट हुँदै आएका छन्। गौतम बुद्धको सङ्घ सम्बन्धी अवधारणा, अपरिग्रह, चार आर्य सत्य र अष्टाङ्ग मार्गमा पनि समाजवादका प्रारम्भिक बिजहरू खोज्न सकिन्छ। यद्यपि, यी अग्रजहरूका अवधारणा र कल्पनामा मात्रै विभेदरहित, समानतायुक्त र सुखी समाजका परिदृश्यहरू थिए। ती उद्देश्यलाई हासिल गर्ने वैज्ञानिक चिन्तन र त्यसका लागि उचित मार्गको खोजी त्यतिबेलाको सन्दर्भमा संभव पनि थिएन।

पन्ध्रौँ शताब्दीमा आइपुग्दा थोमस मुर जस्ता चिन्तकहरूले यस्तो समाजको सविस्तार चरित्र–चित्रण गरे। उन्नाइसौँ शताब्दीमा रोबर्ट ओवेनले सहकारीका माध्यमबाट यसको प्रयोग गरे, सफल हुन भने सकेनन्। फ्रान्सका सेन्ट सिमोन, प्रुधोँ र चाल्स फुरिये तथा बेलायतका जोन स्टुआर्ट मिल लगायतले पनि समाजवादको अवधारणालाई मूर्त रूप दिने कोशिस गरे। तर उनीहरू कसैले पनि समाजको ऐतिहासिक विकासक्रम, उत्पादन पद्धति र वर्ग सङ्घर्षको अनिवार्य विकासको परिणामका रूपमा समाजवादको व्याख्या गर्न सकेनन्। उनीहरू काल्पनिक समाजवादी थिए।

समाजवादलाई कुनै कल्पना लोकको विषय या अमूर्त सपना होइन, मानव जातिको अनिवार्य गन्तव्यका रूपमा परिभाषित गर्ने र त्यसलाई प्राप्त गर्न वैज्ञानिक बाटो देखाउने कामको श्रेय कार्ल मार्क्स र उनका सहयोद्धा फ्रेडरिक एङ्गेल्सलाई जान्छ। श्रमजीवी वर्गको मुक्तिका लागि उनले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बिसौं शताव्दीमा विश्व राजनीतिलाई व्यापक रूपमा प्रभावित र

रूपान्तरित गरेको छ । आर्थिक बिषमता अझ फराकिलो र विश्व पुँजीवादी सङ्कट अझ गहिरिँदै गरेको एक्काइसौं शताव्दीमा मार्क्सका सिद्धान्त अझ बढी सान्दर्भिक बनिरहेका छन् ।

अक्टोबर समाजवादी क्रान्ति मानव जातिको इतिहासको यस्तो मोड हो, जहाँबाट नयाँ युग आरम्भ भएको थियो । मानव जातिले युगौंदेखि सँगालेको समाजवादी सपनालाई मूर्त रूप दिने त्यसै क्रान्तिपछि नै विश्वको राजनीतिक शक्ति सन्तुलनमा गुणात्मक परिवर्तन आयो र श्रमजीवी वर्गले पहिलोपल्ट राज्यसत्ताको नेतृत्व गर्ने अवसर पायो। शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मानव गरिमा र अधिकारका क्षेत्रमा समाजवादले जुन उपलब्धि दियो, ती अविस्मरणीय छन्। समाजवादले स्थापना गरेका यिनै मानवमूल्यहरू हुन्, जसले नाफा बाहेक केही नसोच्ने पुँजीवादलाई पनि सुधारका देखावटी कदम चाल्न र मानवीय चेहरा भिर्न वाध्य पा¥यो । अक्टोबर क्रान्तिले स्थापित ग¥यो– अजेय जस्तो देखिने विश्व पुँजीवादमाथि विजय संभव छ, श्रमजीवी वर्गको पक्षमा नयाँ संसार निर्माण संभव छ । केही आन्तरिक र केही वाह्य कारणले संसारको पहिलो समाजवादी सत्ता ढल्न पुगे पनि अक्टोबर क्रान्तिले रेखाङ्कन गरेको नयाँ समाजवादी भविष्य र त्यसले छाडेका दूरगामी छापहरू जीवन्त छन्। आज अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र समाजवादी प्रणाली तुलनात्मक रूपमा रक्षात्मक अवस्थामा छ, तर यसले राष्ट्रिय स्वाधीनता र विश्व मानवतामा गरेको योगदान भने असाधारण छ ।

त्यस यता चीन, भियतनाम, क्युबा जस्ता देशहरूले आ–आफ्नो विशिष्टतामा समाजवादको विकास गरिरहेका छन् । सुरुवाती दिनहरूमा संसारभर क्रान्ति एकै किसिमले र समाजवादको निर्माण पनि एकै ढाँचामा हुने अनुमान गरिए पनि बिसौँ शताब्दीको उत्तरार्धमा आइपुग्दा समाजवाद निर्माणको बाटो र यसको ढाँचा सम्बन्धित मुलुकको विशिष्टता अनुरूप फरक प्रकृतिको, राष्ट्रिय विशेषता सहितको र मौलिक हुने निष्कर्षमा पुगिएको छ ।

समाजवाद निर्माणका केही सफल र केही असफल दृष्टान्तहरूले हामीलाई एकातिर समाजवादप्रतिको विश्वासलाई थप सुदृढ गर्न मद्दत गर्छन् भने अर्कातिर यिनलाई आफ्नै मौलिकतामा विकास गर्न घच्घच्याउँछन् ।

सोभियत सङ्घः तत्कालीन रुस (पछि सोभियत सङ्घ) मा अक्टोबर क्रान्ति लगत्तै समाजवाद निर्माणका प्रारम्भिक प्रयाशहरू सुरु गरिएका थिए । लेनिनले तुलनात्मक रूपमा खुकुलो परिस्थितिमा नयाँ आर्थिक नीति मार्फत् मिश्रित र खुकुलो आर्थिक प्रणाली लागू गर्ने प्रयासगरे । तर गृह युद्ध र नवोदित सोभियत सङ्घमाथि साम्राज्यवादी शक्तिहरूको आक्रमणका कारण त्यो नीति लामो समयसम्म कायम रहन सकेन । त्यसपछि सोभियत सङ्घमा योजनाबद्ध रूपमा समाजवादी अर्थतन्त्र निर्माणका कदमहरू सुरु गरिए, जसका मुख्य विशेषताहरू थिए– तीव्र औद्योगीकरण र विद्युतीकरण (जसले तीन दशकको छोटो अवधिभित्रै मुलुकलाई पछयौटे कृषि अर्थतन्त्रबाट बलियो औद्योगिक अर्थतन्त्रमा रूपान्तरित ग¥यो), सर्वव्यापी साक्षरता (जसले अनिवार्य शिक्षा मार्फत् छोटो अवधिमै पूर्ण साक्षरताको लक्ष्य हासिल गर्न सघायो), निशुल्क स्वास्थ्यसेवा (जसले नागरिकहरूको जीवनमा गुणात्मक प्रभाव पा¥यो), कृषिको सामूहिकीकरण (जसले प्रारम्भिक दशकमा भोकभरिको अन्त्य र खाद्य सुरक्षाको प्रत्याभूति ग¥यो), विज्ञान प्रविधिको विकास (राज्यको योजनाबद्ध लगानी र अगुवाइका कारण सोभियत सङ्घ अन्तरिक्षमा

मानव पठाउने पहिलो मुलुक बन्न र विज्ञानका धेरै विधामा अग्रणी बन्न सफल भयो), महिला अधिकार र सशक्तीकरण (जसका माध्यमबाट महिला मताधिकार, महिला शिक्षा र योजनाबद्ध रूपमा महिलाको नेतृत्वको विकास गरियो), आवासको हक जस्ता महत्वपूर्ण उपलब्धिहरू हासिल भयो । दोस्रो विश्वयुद्ध ताका आफ्ना पौने ३ करोड नागरिकको बलिदान गरेर भए पनि फासिवादलाई पराजित गर्न सोभियत सङ्घले खेलेको भूमिका इतिहासको अविष्मरणीय तथ्यका रूपमा रहेको छ । यसका साथै अक्टोबर क्रान्ति र सोभियत सङ्घको भूमिकाले विश्वमा औपनिवेशिक प्रणालीको अन्त्य गर्न र तेस्रो विश्वका धेरै देशहरूलाई स्वतन्त्र र स्वाधीन बनाउन ऐतिहासिक भूमिका खेले ।

तर समयक्रममा सोभियत सङ्घको समाजवाद जडता, यथास्थिति र नोकरशाही प्रणालीका कारण सङ्कटग्रस्त बन्दै गयो । खास ऐतिहासिक समयसीमाले निर्माण गरेको एकदलीय प्रणालीका कारण आन्तरिक लोकतन्त्र साँघुरिँदै गयो । पार्टीभित्र फरक मतमाथि अनावश्यक शङ्का, निषेध र दमन बढ्दै गयो । आजीवन तथा गतिहीन नेतृत्व जस्ता राजनीतिक समस्याले सङ्कटलाई सघन बनाउँदै लगे । एक अवस्थामा तीव्र औद्योगीकरण तथा कृषिको आधुनिकीकरणका लागि प्रयोग गरिएका राष्ट्रियकरण, सामूहिकीकरण र कम्युनहरू श्रम प्रोत्साहनको अभावमा उत्पादकत्वका बाधक बन्न पुगे । त्यसमाथि, आफूले धान्न नसक्ने गरी सैन्य खर्च बढाउनु, बाह्य मुलुकहरूमा हस्तक्षेप गर्नु र अमेरिकासँगको तीव्र प्रतिष्पर्धा आदिले सोभियत राजनीति, राजनीतिक प्रणाली र अर्थतन्त्रलाई धक्का दिए । अन्तिम अवस्थामा गरिएका सुधार र पुनर्संरचनाका प्रयास सफल हुनुको साटो सोभियत सङ्घको विघटन र सोभियत ढाँचाको समाजवादको असफलताका कारक बन्न पुगे । यसरी ७३ वर्षपछि संसारको पहिलो समाजवादी मुलुक धराशायी भयो । विश्व राजनीतिको नक्सा नै नकारात्मक ढङ्गले बदलियो ।

सोभियत ढाँचाको असफलताबाट सिक्नु पर्ने नकारात्मक शिक्षाहरू पनि पर्याप्त छन् । तर सोभियत समाजवादले विश्व मानवतालाई दिएका उपलब्धिहरू प्रेरक र अविस्मरणीय छन् । नेपालमा समाजवादको निर्माणको छलफल गरिरहेको वर्तमान सन्दर्भमा हाम्रा लागि सोभियत समाजवादका सकारात्मक र नकारात्मक दुबै शिक्षाहरू सान्दर्भिक हुनेछन् ।

चीन: १९४९ मा सम्पन्न जनवादी क्रान्ति पश्चात् चीनले १९५६ मा समाजवादमा प्रवेश गरेको घोषणा गऱ्यो । समाजवादमा प्रवेशको तुलनात्मक हतारो र यस सम्बन्धमा लिइएका केही अतिवादी गल्तीहरूले केही क्षति पुऱ्याए पनि त्यस अवधिमा पूर्वाधार निर्माण, कृषिको रूपान्तरण, भोकमरीबाट मुक्ति, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरूको विस्तार तथा विश्वमा आफ्नो उचित भूमिका निर्माण गर्दै उत्पीडित राष्ट्रहरूलाई सघाउन चीनले सफलता प्राप्त गऱ्यो । तङ श्याओफिङको नेतृत्वमा अवलम्बन गरिएका सुधार र खुलापनका नीतिहरूले चीनलाई आधुनिकीकरणको बाटोमा अगाडि बढाउन निर्णायक भूमिका खेले । त्यसपछिका नेताहरूले पनि चिनियाँ विशेषता सहितको समाजवाद निर्माणको बाटोमा तीव्र रूपले अगाडि बढाए । आज सि चिनफिङको नेतृत्वमा चीन दुई शताब्दी लक्ष्यका दिशामा चामत्कारिक ढङ्गले प्रगति गर्दै अगाडि बढिरहेको छ । चीनलाई मध्यम रूपमा विकसित समाजवादी मुलुक बनाउने पहिलो लक्ष्य हासिल भइसकेको छ भने चीनको पुनरोदयको अर्को लक्ष्य हासिल गर्ने दिशामा चिनियाँहरू अगाडि बढिरहेका छन् ।

चिनियाँ समाजवादले गएको ७० वर्षमा हासिल गरेका उपलब्धिहरूलाई यसरी उल्लेख गर्न सकिन्छ– ८५ करोडभन्दा बढी मानिसहरूलाई छोटो समयावधिभित्रै गरिबीबाट मुक्त गर्दै विश्वमै गरिबी अन्त्य गर्ने लक्ष्यमा असाधारण योगदान गर्नु, १९४९ मा ३८ वर्ष रहेको औसत आयुलाई ७८ वर्ष पुऱ्याउँदै नागरिकको जीवनमा गुणात्मक सुधार ल्याउनु, क्रान्ति पूर्व २० प्रतिशतभन्दा तल रहेको साक्षरतालाई ९९.८ प्रतिशत पुऱ्याउनु, एउटा पछयौटे कृषि अर्थतन्त्र भएको मुलुकलाई आधुनिक औद्योगिक मुलुक र विश्वको उत्पादन पावर हाउसमा रूपान्तरित गर्नु, भोकमरी र कुपोषण जस्ता इतिहासका कटु पीडालाई अन्त्य गर्दै गुणात्मक खाद्य सुरक्षा र पोषण सुरक्षित गर्नु, स्वास्थ्य सेवालाई सर्वव्यापी, सुलभ र प्रभावकारी बनाउनु, अधिकारका रूपमा सर्वव्यापी शिक्षा कार्यान्वयन गर्नु र गुणस्तरीय शिक्षाको विकास गर्नु, चामत्कारिक पूर्वाधारको विकास गर्नु, महिलाको स्तर माथि उठाउनु, समाजमा स्थायित्व कायम गर्नु, सोभियत सङ्घसँग अचानक द्वन्द्व सुरु भएपछि मुलुकलाई आत्मनिर्भरताको दिशामा अग्रसर गराउन सफल हुनु र विश्व शान्ति, साना राष्ट्रहरूको न्याय तथा विकास सम्बन्धी अधिकारलाई टेवा पुऱ्याउनु आदि ।

'चिनियाँ विशेषता सहितको समाजवाद' को बाटोमा अगाडि बढ्दै चीनले हासिल गरेका यी उपलब्धि हाम्रा लागि पनि प्रेरणादायी छन् । चीनले आफ्नो प्रभाव र सामर्थ्य जतिसुकै बढे पनि आफूहरूले कहिल्यै अन्य मुलुकका आन्तरिक मामलामा हस्तक्षेप नगर्ने, भौगोलिक महत्वाकाङ्क्षा नराख्ने र आफूहरूबाट कसैलाई असुरक्षित महसुस हुन नदिने प्रतिबद्धता दोहोऱ्याइरहेको छ । सबै खाले जडताबाट मुक्त हुँदै आफ्नो राष्ट्रिय विशेषता अनुरूपको प्रणाली विकास गर्ने र आधुनिकीकरणको अभियानमा पनि इतिहासका गौरवहरूलाई संरक्षित गर्ने चीनका अनुभवहरूबाट सिक्न सकिने धेरै कुराहरू छन् । खास गरी यसले गरिबी निवारणमा प्राप्त गरेका उपलब्धि, अवलम्बन गरेका व्यवहारिक नीतिहरू, समाजवादी प्रणाली र बजार अर्थतन्त्रका नियमहरू बिचको समुचित सन्तुलन, केन्द्रीय योजना मातहत क्रमश: खुकुलोपनको नीति, अन्वेषण र नवप्रवर्तनमा दिइएको जोड, विश्वको शक्ति सन्तुलन अनुसार अवलम्बन गरिएका नीतिहरू, राष्ट्रिय गौरवको पुनर्जागरण आदि उदाहरणीय छन् ।

भियतनाम: उत्तर भियतनामले १९४५ मा स्वतन्त्रता प्राप्त गरे पनि दक्षिण भियतनाम भने अमेरिकी नियन्त्रण र आक्रमणबाट १९७५ मा मात्रै मुक्त हुन सक्यो । १९७६ मा उत्तर र दक्षिण भियतनामको एकीकरण भएर 'समाजवादी गणतन्त्र भियतनाम' घोषणा भएपछि यस मुलुकले समाजवाद निर्माणको आफ्नै विशिष्ट बाटो अवलम्बन गरिरहेको छ । 'दोई मोई' भनिने सुधार अभियान अन्तरगत झण्डै साढे चार करोड भियतनामीहरूलाई गरिबीबाट मुक्त गरिएको छ । आन्तरिक साधनस्रोतहरूको प्रयोग र वाह्य लगानीमा आकर्षक वृद्धि गर्दै भियतनामले तीव्र आर्थिक वृद्धि हासिल गरेको छ । कृषिको आधुनिकीकरण गर्न सफल भएको छ भने विश्वव्यापी मूल्य शृङ्खलामा आबद्ध हुँदै आधुनिक प्रविधिको उत्पादन र विकास गरिरहेको छ । शिक्षा र स्वास्थ्यमा पनि गुणात्मक सुधार गरेको देखिन्छ । बौद्ध दर्शन र संस्कृतिलाई समाजवादका मूल्यमान्यताहरूसँग आबद्ध गर्दै आफ्नै विशेषतासहितको समाजवाद निर्माणमा लागिरहेको देखिन्छ । सामाजिक समता, महिला सशक्तीकरण र राजनीतिक स्थायित्वका क्षेत्रमा भियतनामले हासिल गरिरहेका उपलब्धिहरू महत्वपूर्ण छन् ।

तीन दशकभन्दा लामो समयसम्म युद्धले जर्जर मुलुकलाई एकीकृत गर्दै छोटो समयमा आफ्नै मौलिकता सहितको समाजवादी प्रणाली विकास गर्नु, खुल्लापन र वाह्य लगानीको अनुकूल वातावरण निर्माण गर्नु र आफ्ना मौलिक सांस्कृतिक विशेषता र पहिचानलाई कायम गर्दै आधुनिकीकरणको बाटोमा अगाडि बढ्न सक्नु जस्ता भियतनामी समाजवादको सफलताको कथा हाम्रा लागि पनि प्रेरक छन्।

क्युबा: लामो समयदेखिको आर्थिक नाकाबन्दी, घेराऊ र असहयोगका बिचमा पनि क्युबाले समाजवाद निर्माणको आफ्नो मौलिक बाटोलाई अगाडि बढाइरहेको छ। असाध्यै प्रतिकूल अवस्थामा पनि नि:शुल्क र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति, नर्सरीदेखि विश्वविद्यालयसम्मै नि:शुल्क शिक्षा, आर्थिक विषमताको न्यूनीकरण, नागरिकहरूलाई आवासको प्रत्याभूति, भूमिसुधार, महामारी र अन्य सङ्कटमा अन्तर्राष्ट्रिय समुदायलाई स्वास्थ्य क्षेत्रमा सहयोग, मौलिक कृषि विकास तथा खेलकुदका क्षेत्रमा क्युबाले हासिल गरेका उपलव्धि उल्लेख्य छन्। यद्यपि, अमेरिका लगायत विभिन्न मुलुकहरूको नाकाबन्दीका कारण क्युबाको अपेक्षित आर्थिक वृद्धि हुन सकेको देखिँदैन।

प्रतिकूल विश्व परिस्थितिमा असहयोग र वाह्य हस्तक्षेपका चुनौतीहरू टड्कारो देखिन्छन्। लोकतन्त्रको एउटै सर्वमान्य ढाँचा हुन सक्दैन र सबैभन्दा महत्वपूर्ण विषय भनेको जनताको जीवनस्तरमा सुधार र जनताको सन्तुष्टिको दायरा विस्तार गर्नु हो। अनेकौँ चुनौतीका बिचमा पनि समाजवादी मुलुकहरूले यस दिशामा उल्लेख्य सफलता हासिल गरेका छन्।

समाजवादी व्यवस्था अवलम्बन गरेका यी मुलुकहरूका अलावा सामाजिक जनवादी प्रणाली अवलम्बन गरेका स्क्यान्डेनेभियन मुलुकहरू र एक हदसम्म जर्मनीका कतिपय उपलब्धि पनि हाम्रा लागि सान्दर्भिक हुन सक्छन्। बहुदलीय प्रतिष्पर्धात्मक लोकतान्त्रिक प्रणाली र बजारको केन्द्रीय भूमिकाका बिचमा यी मुलुकहरूले तीव्र औद्योगीकरण गरेका छन्। गरिबी निवारणमा उल्लेख्य सफलता हासिल गरेका छन्। र, नागरिकहरूलाई सुलभ शिक्षा, स्वास्थ्य, आवास तथा सन्तुलित पर्यावरण प्रदान गरेका छन्। लैङ्गिक सशक्तीकरण एवं सामाजिक न्याय र मानव अधिकारका क्षेत्रमा यी मुलुकहरूले हासिल गरेका उपलव्धि पनि महत्वपूर्ण छन्। हामीले समाजवाद निर्माणको मौलिक बाटो तर्जुमा गरिरहँदा सान्दर्भिक हुन र काम लाग्न सक्ने शिक्षा र अनुभवहरू अन्य मुलुकहरूबाट पनि ग्रहण गर्नुपर्छ।

# १०. कार्यक्रम

नेपाली कम्युनिष्ट आन्दोलनमा नेपालमा सम्पन्न गरिने जनवादी क्रान्ति, त्यसको कार्यक्रम र समाजवादको लक्ष्यका बारेमा निरन्तर विमर्श, विश्लेषण र संश्लेषण हु“दै आएको छ। छलफलका क्रममा यस सम्बन्धी विचारहरू निरन्तर परिष्कृत र उन्नत बन्दै आएका छन्। आजका हाम्रा समुन्नत निष्कर्षमा तिनै विमर्शहरूको लामो शृङ्खलाको योगदान छ।

**'नवप्रजातन्त्र'**

कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवादको भूमिकामा पुष्पलालले घोषणापत्रलाई नेपालमा कार्यान्वयन गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो। उहाँले १८४८ को युरोपेली मजदुर वर्गको अवस्था, घोषणापत्रको

ऐतिहासिकता, पुँजीवादपछि समाजवाद र साम्यवाद आउनै पर्ने ऐतिहासिक खाँचो, रुसी बोल्सेभिक पार्टीको नेतृत्वमा सम्पन्न क्रान्ति र त्यसको महत्व एवं पूर्वी युरोप र दक्षिण पूर्वी एसियाका देशहरू नवप्रजातन्त्र स्थापना गरी समाजवादतिर लम्किँदै गरेको अवस्थाको चित्रण गर्नुभएको थियो। समाजवादले अर्द्ध उपनिवेश र उपनिवेशका देशहरूलाई सही बाटो देखाएको चर्चा गर्दै तत्कालीन अवस्थामा संसार अमेरिकाको नेतृत्वमा पुँजीपतिहरूको खेमा र रुसको नेतृत्वमा मजदुर किसानहरूको खेमामा विभाजित भएको विश्लेषण गर्नुभएको थियो। 'आज सानै सङ्ख्यामा भए पनि भविष्य चाहिँ उदीयमान मजदुर वर्गकै रहेको' विश्लेषण गर्नुभएको थियो र आफ्नो मुक्तिका लागि उनीहरूले कम्युनिज्मको बाटो अपनाउनु पर्ने आवश्यकतामा जोड दिनुभएको थियो।

नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चाले 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता: अत: क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ।' भन्ने शीर्षकमा 'सामन्तवादी शासन व्यवस्थालाई चकनाचुर गर। विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको घेरा र प्रभावदेखि अलग होऊ। मजदुर किसानको शासन खडा गर। यस शासनमा धनी, साम्राज्यवादी र प्रतिक्रियावादी दलालहरू बाहेक सबै शोषित जनतालाई हिस्सा देऊ। सोभियत रुस, दक्षिण पूर्व युरोपका नव प्रजातन्त्रहरू र आजाद चीनसँग राजनीतिक सम्बन्ध खडा गर। समाजवादको लक्ष्य राखी शासन चलाऊ। यसैलाई नव प्रजातन्त्र (न्यू डेमोक्रेसी) भन्दछन्।' भन्ने आह्वान गरेको थियो।

१५ सेप्टेम्बर १९४९ मा प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रले द्वितीय विश्वयुद्धपछि संसार प्रतिक्रियावादी, साम्राज्यवादी र युद्धवादी र अर्को साम्राज्यवाद विरोधी, जनवादी र शान्तिवादी गरी 'दुई गुटमा बाँडिएको' निष्कर्ष निकालेको थियो। मजदुर, पसिना चुहाउने किसान र शोषित तथा दलित निम्न मध्यम वर्गलाई प्रतिनिधित्व गर्ने एउटा प्रजातान्त्रिक सरकारको जग बसाउने र जनताको प्रजातान्त्रिक क्रान्तिलाई विजयी बनाउने लक्ष्य उल्लेख गरेको थियो। घोषणापत्रमा समाजवाद बारे खासै चर्चा गरिएको छैन।

## 'नयाँ जनवाद'

प्रथम सम्मेलन (२००८ कोलकाता) ले 'नयाँ जनवादको निम्ति नेपाली जनताको बाटो' नामक दस्तावेज पारित गऱ्यो, जसमा सात सालको क्रान्तिको विश्लेषण गरिएको छ। यसले सर्वोच्च अधिकार जनतामा रहनु पर्ने, मजदुर किसान र जातीय (राष्ट्रिय) पँुजीपति वर्गको शासन व्यवस्था अर्थात् नयाँ जनवादी व्यवस्था हुनु पर्ने र त्यसले जनताको जनवादी अधिनायकत्व लागू गर्नु पर्ने माग गरिएको छ। प्रत्याह्वानको अधिकारसहितको जन निर्वाचित सभा, १६ वर्षमाथिका सबैलाई बालिग मताधिकार, समानुपातिक प्रतिनिधित्व, स्थानीय र क्षेत्रीय सरकारको स्वशासन, पूर्ण प्रजातान्त्रिक अधिकार,सबैलाई समानता, जातिहरूलाई आत्मनिर्णयको अधिकार, मातृभाषामा शिक्षाको अधिकार, जननिर्वाचित न्यायाधीशहरूको न्याय प्रणाली, पुलिसको सट्टा मिलिसियाको व्यवस्था, किसानलाई जमिनको अधिकार सहित भूमिसुधार र राष्ट्रिय उद्योगहरूको विकासको कार्यक्रम अगाडि सारिएको छ। यसले अन्तर्राष्ट्रिय ऐक्यवद्धता, स्वतन्त्रता, बराबरी र आपसी फाइदाका आधारमा सबै देशहरूसँग सम्बन्ध विकास, भारतसँग मित्रता र सम्बन्ध विस्तार तर हस्तक्षेपको विरोध गर्ने परराष्ट्र नीतिको पक्षपोषण गरेको

छ। मार्क्सवादका आधारमा अगाडि बढेर विश्वको आधा हिस्सा मुक्त भइसकेको पृष्ठभूमिमा नेपालले पनि त्यही बाटोमा हिँड्ने अठोट प्रतिवेदनमा गरिएको छ। पार्टीको दोस्रो सम्मेलन (कार्तिक २०१२) ले पनि समाजवादी जनवादी राष्ट्रहरूले साम्राज्यवादी आर्थिक श्रेष्ठतालाई चुनौती दिँदै गरेको विश्लेषणका साथ नेपाली जनताको पनि विजय सुनिश्चित रहेको विश्वास व्यक्त गरेको छ।

पाटनमा सम्पन्न प्रथम पार्टी महाधिवेशन (२०१०) ले सामन्तवादी एकसत्तात्मक व्यवस्थालाई खतम गर्नु, वालिग मताधिकारका आधारमा विधान सभा डाक्नु, एउटा जनतन्त्रवादी विधान बनाउनु, भूमिसुधार, मजदुर, दस्तकार, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति वर्गको माग पूरा गर्न जनवादी मोर्चामा आबद्ध गर्नुलाई क्रान्तिको समस्या (अभिभारा ?) का रूपमा विश्लेषण गरेको छ। 'कम्युनिष्ट पार्टी नेपालमा समाजवादको निर्माणको कुरा गर्दैन, किनभने यो अनुभव गर्दछ कि देशको अहिलेको परिस्थिति यस्तो कार्यक्रमको निम्ति उपयुक्त छैन। यसकारण ..नेपालमा जनवादी सरकार कायम होस्।....आजको राजनीतिक व्यवस्थामा परिवर्तन होस्.....एकतन्त्रात्मक सरकारका ठाउँमा जनतन्त्रवादी र वैधानिक सरकार कायम होस्।'.. जनताको हातमा सार्वभौमसत्ता अर्थात् सर्वाधिकार पार्लियामेन्टमा हुनु पर्ने मान्यता पनि त्यसमा अगाडि सारिएको छ। यसरी प्रथम महाधिवेशनले जनवादी क्रान्ति र समाजवादी क्रान्तिका बिचमा तुलनात्मक रूपमा सही दृष्टिकोण अवलम्बन गरेको देखिन्छ।

तर 'राज्यका प्रधानलाई कुनै विशेष अधिकार नदिइयोस्।' भन्ने प्रावधान राखेर महाधिवेशन संवैधानिक राजतन्त्रको पक्षमा उभिन पुग्यो, जुन कालान्तरमा दक्षिणपन्थी अवसरवादका निम्ति प्रस्थानबिन्दु बन्न पुग्यो।

## पार्टी कार्यक्रममा 'संशोधन' प्रयाश

दोस्रो महाधिवेशनले मुलुकमा तीन खाले शक्ति– पुनरुत्थानवादी (गोर्खा दल), प्रजातन्त्रवादी (नेकाँ, नेराकाँ र प्रजापरिषद्) र कम्युनिष्ट पार्टी रहेको विश्लेषण गर्दै प्रजातान्त्रिक शक्तिहरूको एकताका लागि प्रयत्न गरिरहेको एकमात्र शक्ति कम्युनिष्ट पार्टी हो भन्ने मान्यता अगाडि सारेको थियो।

'तत्काल देशको पछयौटेपनले गर्दा तत्काल नै हाम्रो देशमा समाजवादी क्रान्तिको संभावना रहेको छैन।' भन्ने महाधिवेशनको निष्कर्ष सही नै रहेको भए पनि केशरजङ्ग रायमाझीले पार्टीले त्यतिबेलासम्म अवलम्बन गर्दै आएको कार्यक्रममा संशोधनको प्रस्ताव अगाडि सारे। उनले उक्त कार्यक्रमले तत्काल जनवादी क्रान्ति संभावनाको आशय बोकेको, २००७ सालको क्रान्तिबाट उत्तेजित हुने दिशातर्फ झुक्न गएको, अन्तर्राष्ट्रिय नक्कलबाजीमा डुबेको, मजदुर वर्गको अभावमा सात सालको क्रान्ति असफल भएको गलत निष्कर्ष निकालेको र यही गलत विश्लेषणले गर्दा 'धिराज र मन्त्रीमण्डलको तानातानीबाट उत्पन्न सङ्कटप्रति सजग नभएको' टिप्पणी गर्दै प्रथम महाधिवेशनमा स्वीकृत कार्यक्रम, कार्यनीति र विधानमा अव्यवहारिकता र उग्रवादी गल्ती भएको आक्षेप लगाए।

रायमाझीले तत्काल जनवादी क्रान्ति संभव नभएकाले समाजवाद र जनवादको कुरा नगर्ने नीति अगाडि सारे। उनले 'किसान आन्दोलनका अप्रिय तौरतरिकाले हाम्रा मित्रहरूलाई टाढा पुऱ्याएको' टिप्पणी गर्दै जमीन कब्जा या जसको जोत उसको पोतको नाराको ठाउँमा जमिनको स्वामित्वमा हदबन्दीको विषय

उठाउनु पर्ने तर्क गरे । महाधिवेशनमा प्रस्तुत 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' नामक दस्ताबेजमा उनले सात सालको क्रान्तिका उपलब्धिहरूको रक्षाका लागि प्रजातन्त्रवादीहरूसँगको एकजुट गराउनुको साटो त्यस क्रान्तिको गलत व्याख्या गर्दै निकट भविष्यमै जनवादी क्रान्तिको संभावना देख्यो भनेर टिप्पणी गरे । त्यस दस्ताबेजमा उनले 'राजनीतिक सम्मेलनबाट अन्तरिम सरकार बनाई चुनाव गराउने माग ठिकै भए पनि चुनाव गराउने कुरा ओझेलमा र सम्मेलन एवं सरकारको विषय मुख्य बनाएको' टिप्पणी सहित 'जननिर्वाचित न्यायालय, मिलिसिया, जातीय आत्मनिर्णयको अधिकार र भूमिपतिको जमीन जफतको माग पनि गलत भएको' निक्यौल गऱ्यो । दस्ताबेजको निष्कर्ष थियो– आजको स्वेच्छाचारी सत्तालाई पुँजीवादी संसदीय व्यवस्थामा ढाल्नु जनवादी क्रान्तितर्फको एक पाइला हो ।' यसले 'राष्ट्रिय उत्थान' का लागि संवैधानिक राजतन्त्रका पक्षधरसँग समेत व्यापक संयुक्त मोर्चा बनाउनु पर्ने आह्वान गऱ्यो । यसरी दोस्रो महाधिवेशनमा आइपुग्दा कम्युनिष्ट पार्टी गंभीर सैद्धान्तिक राजनीतिक विचलनमा फँस्न पुग्यो ।

नेकपाले २०१८ साल माघ १२ गते जारी गरेको अपिलमा 'पुस १ गतेको पर्व राजदरबारका षडयन्त्रहरूको पराकाष्टा रहेको बताउँदै राजा सामन्ती स्वार्थका प्रतीक रहेको र संयुक्त जनआन्दोलन नै प्रजातान्त्रिक सङ्घर्षको विजयको ग्यारेन्टी रहेको मान्यता अगाडि साऱ्यो ।

अन्तरजोनल सामञ्जस्य समितिले २०१८ फागुन २५ गते पार्टीभित्रका 'राजावादीहरू' ले राजासँग साँठगाँठ, देश र जनताप्रतिको गद्दारी तथा आफ्नो आत्मसमर्पणवादी नीतिमाथि पर्दा हाल्न भ्रम फैलाएको भन्दै पार्टी बचाउन र प्रजातन्त्र स्थापना गर्न आह्वान गऱ्यो ।

## 'कुन बाटो' र 'मूल बाटो'

२०१९ वैशाखमा सम्पन्न तेस्रो महाधिवेशनले राजाको पञ्चायती प्रजातन्त्रको कार्यक्रमको विरोध गर्दै विकासको गैरपुँजीवादी बाटो र राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अगाडि साऱ्यो । सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्न जनमत तयार गर्ने कार्यनीति पारित गऱ्यो । राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रममा 'नेपालमा समाजवादी क्रान्तिका निम्ति भूमि तयार छैन । कारण नेपालमा औद्योगिक मजदुरको विकास भएको छैन । (त्यसको अभावमा)....समाजवाद कल्पनावाद नै रहनेछ । नेपालमा पुँजीवादी प्रजातन्त्रको जरुरत छैन । समाजवादी प्रजातन्त्र संभव छैन । हाम्रो निम्ति एउटै बाटो हो, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति । यसले औद्योगिक विकास गरी समाजवादका निम्ति चाहिने भूमि तयार गर्नेछ र हाम्रो देशमा दोस्रो खुड्किलोमा छिटो समाजवादी व्यवस्था स्थापना भइजानेछ ।' भन्ने मान्यता अगाडि सारिएको थियो । त्यतिबेला चर्किन सुरु भइसकेको चीन–सोभियत सङ्घ विवादका बिच मास्को सम्मेलनको घोषणापत्रलाई आधार बनाएर तयार गरिएको यस कार्यक्रममा नेपाली मौलिकता र विशेषता देख्न सकिँदैन ।

तेस्रो महाधिवेशनपछि पार्टीभित्र अन्तरविरोध चर्किँदै गएर २०२२ पछि औपचारिक विभाजन नै देखा पऱ्यो । यसै पृष्ठभूमिमा कमरेड पुष्पलालले जेठ २०२५ मा तेस्रो सम्मेलन आयोजना गर्नुभयो । सम्मेलनले 'नयाँ जनवादी कार्यक्रम (नेपाली क्रान्तिको एकमात्र मूलबाटो)' नामक दस्ताबेज पारित गऱ्यो । दस्ताबेजमा नेपाली समाज र तत्कालीन युगको विश्लेषण गरिएको छ । नेपाली क्रान्तिका दुई

कार्यभार– सामन्ती शोषण र त्यसको रक्षक निरङ्कुश राजतन्त्र र पञ्चायतको अन्त्य गर्नु अनि विदेशी एकाधिकार पुँजीवादको अन्त्य गर्नु निर्दिष्ट गरिएको छ। यो सर्वहारा क्रान्ति नभई सबै वर्गको सहयोगमा सञ्चालन हुने पुँजीवादी जनवादी क्रान्ति रहेको निष्कर्ष सहित यसको नेतृत्व सर्वहारा वर्गले गर्ने र मजदुर किसान एकतामा आधारित हुने विश्लेषण गरिएको छ। यसले समाजवादमा सङ्क्रमणको पृष्ठभूमि निर्माण गर्ने विश्लेषण सहित यसले अवलम्बन गर्ने जनवादी गणतन्त्र न युरोपको जस्तो, न समाजवादको जस्तो हुने निष्कर्ष निकालिएको छ। दस्ताबेजले रणनीति, कार्यनीति, संयुक्त मोर्चा आदिबारे तुलनात्मक व्यवस्थित प्रस्तुति गरेको छ र वर्तमान क्रान्तिकारी लक्ष्य नयाँ जनवाद र अन्तिम लक्ष्य समाजवाद र साम्यवाद निर्धारण गरिएको छ।

## ‘बहुदलीय जनवादी शासन प्रणाली’

तेस्रो महाधिवेशनपछि विभाजन, विखण्डन र विघटनको सँघारमा पुगेको कम्युनिष्ट आन्दोलनलाई नयाँ सिराबाट पुनर्गठन गर्ने क्रममा झापा विद्रोह, कोके गठन, मुक्ति मोर्चा लगायत विभिन्न क्रान्तिकारी समूहसँग एकीकरण र २०३५ मा नेकपा (माले) गठन हुनु एउटा नयाँ परिघटना थियो। सुरुमा चिनियाँ सांस्कृतिक क्रान्ति एवं भारतको नक्सलबाडी आन्दोलनका प्रभावका कारण उग्रवामपन्थी गल्तीको प्रक्रियाबाट गुज्रेको यस धारले क्रमशः आफ्ना त्रुटिहरू सच्याउँदै नेपाली क्रान्तिको सिद्धान्त, नीति र मौलिक कार्यक्रमको अन्वेषण गर्न कष्टसाध्य प्रयासअगाडि बढायो। नेकपा (माले) नेपाली कम्युनिष्ट आन्दोलनको मूल धार र नेपाली राजनीतिकै एउटा जबर्जस्त शक्तिका रूपमा उदायो।

नेकपा (माले) ले २०४६ भदौमा नेकपाको चौथो महाधिवेशन आयोजना गर्‍यो।

यस महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गर्दै इतिहासमा पहिलो पल्ट ‘बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने’ सङ्कल्प गरिएको थियो। यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो। यो पार्टीमा २०३७ सालदेखि सञ्चालित विचारधारात्मक बहसको वस्तुनिष्ठ संश्लेषण तथा सही निष्कर्ष थियो। यसले नेपाली क्रान्तिको आफ्नै मौलिक, सिर्जनात्मक तथा विशिष्ट बाटोको दिशानिर्देश गरेको थियो।

## जनताको बहुदलीय जनवाद

चौथो महाधिवेशनको यसै निष्कर्षलाई अझ मूर्त, व्यापक र सैद्धान्तिकीकृत गर्दै २०४९ सालमा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनबाट मदन भण्डारीको नेतृत्वमा नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा ‘जनताको बहुदलीय जनवाद’ पारित भयो, जुन आज नेपाली विशिष्टतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग तथा नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रूपमा स्थापित छ। त्यस अगाडि सम्पन्न नेकपा (एमाले) र नेकपा (मार्क्सवादी) बिचको पार्टी एकता घोषणापत्रमा पनि जनवादी व्यवस्था अन्तरगत बहुदलीय प्रतिष्पर्धाको बाटोको उल्लेख गरिएको थियो। गएका ३० वर्षका व्यवहारिक परीक्षणका क्रममा यस सिद्धान्तको सच्चाइ बारम्बार पुष्टि भएको छ र यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई मात्रै होइन, सिङ्गो नेपाली समाजलाई सही दिशाबोध र मार्गदर्शन गरेको छ।

महाधिवेशनको निष्कर्ष छ– नेकपा (एमाले) नेपालका सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टी हो। यसले नेपालमा गरिबी, अभाव र सबै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध समाजको निर्माण गर्न चाहन्छ। त्यसका निम्ति वैज्ञानिक समाजवाद र साम्यवाद नै त्यो उच्चतम लक्ष्य हो भन्ने दृढ विश्वास राख्दछ। समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम र अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेर त्यसको प्राप्तिका निम्ति निरन्तर लागिरहने अठोट व्यक्त गर्दछ।.....तर देशको औद्योगीकरण र समाजको पर्याप्त भौतिक विकास बिना योग्यता अनुसारको काम र काम अनुसारको दाम' दिने समाजवादी समाजको निर्माण गर्न सकिन्न।.....त्यसकारण हाम्रो वर्तमान क्रान्तिको सामाजिक आर्थिक चरित्र पुँजीवादी जनवाद हो, हाम्रो लक्ष्य जनताको जनवादी व्यवस्था स्थापना गर्नु हो। यो पहिलो काम पूरा गरेर मात्र हामी समाजवादका निम्ति अघि बढ्न सक्छौँ।

यसका आधारमा राज्य व्यवस्था, शासन प्रणाली, आर्थिक व्यवस्था, संस्कृति र शिक्षा, जाति, भाषा र धर्म, स्वास्थ्य, महिला, सामाजिक सुधार, न्याय, प्रशासन, प्रवासी, विदेश सम्बन्ध, सेना, भूपू सैनिक, खेलकुद सहितका कार्यक्रम अगाडि सारिएको थियो। जनताको बहुदलीय जनवादका १४ विशेषतालाई सूत्रबद्ध गरिएको थियो।

२०५४ मा सम्पन्न छैटौँ महाधिवेशनले जबजलाई पुनर्पुष्टि गर्दै यसले नेपाली क्रान्तिको कार्यक्रमको रूपरेखा कोर्नुका साथै नेपाली क्रान्तिलाई निर्देशित गर्ने मौलिक विशेषता सहित सिद्धान्त र कार्यदिशाको समेत निरूपण गरेको निष्कर्ष निकाल्यो। '......यिनै कारणहरूले गर्दा जबज नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित भएको छ र कार्यक्रम एवं कार्यनीति निर्धारण गर्ने मूल आधार बनेको छ।..यसले हाम्रो दैनन्दिन चिन्तन प्रणाली, विचार र व्यवहारलाई समेत मार्गदर्शन गरिरहेको छ।' महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

२०५९ मा सम्पन्न सातौँ महाधिवेशनले पनि पाँचौँ महाधिवेशनका कार्यक्रमिक निष्कर्षहरूको पुनर्पुष्टि र निरन्तरता दिँदै 'जबज मार्क्सवादलाई नेपाली समाजमा सिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रममा विकसित भएको मौलिक सिद्धान्त हो' भन्ने छैटौँ महाधिवेशनका निष्कर्षको पुनर्पुष्टि गऱ्यो।

तर राजतन्त्रले निरङ्कुश यात्रा सुरु गरिसकेको पृष्ठभूमिमा 'राजतन्त्रको पारदर्शिता र प्रजातान्त्रिकरण आजको ज्वलन्त विषय बन्न पुगेको' भन्ने सातौँ महाधिवेशनको निष्कर्ष भने फितलो र दिशाविहीन रहन पुग्यो।

२०६५ मा सम्पन्न पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनले २०६२/६३ को परिवर्तनलाई नेपालमा मौलिक पुँजीवादी जनवादी क्रान्ति भनेर विश्लेषण गऱ्यो र जबजलाई मार्गदर्शक सिद्धान्तका रूपमा विधिवत् घोषणा गऱ्यो। महाधिवेशनको राजनीतिक प्रतिवेदनमा जबज किन मार्गदर्शक सिद्धान्त हो भन्ने पुष्टि गर्ने गरी २३ सैद्धान्तिक आधार प्रस्तुत गरिएका छन्। यसै महाधिवेशनबाट पार्टी निर्माण सम्बन्धी जबजको अवधारणामाथि आधारित पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी प्रस्ताव पारित र कार्यान्वयन गरियो।

२०७१ असार–साउनमा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले २०६२/६३ को क्रान्तिलाई मौलिक ढङ्गले सम्पन्न पुँजीवादी– जनवादी क्रान्तिका रूपमा विश्लेषण गर्दै नेपाली समाज प्रारम्भिक पुँजीवादी चरणमा प्रवेश गरेको निष्कर्ष निकाल्यो। नेपाललाई 'अर्धऔपनिवेशिक' भनेर विश्लेषण गरिनु अनुचित रहेको र दुई दशकको व्यवहारले जनताको बहुदलीय जनवादको सान्दर्भिकता र सहीपनालाई अकाट्य ढङ्गले पुष्टि गरेको संश्लेषण गऱ्यो। क्रान्तिको राजनीतिक अभिभारा एक हदसम्म पूरा भएको भए पनि सामाजिक–आर्थिक रूपान्तरणको काम भने बाँकी नै रहेको निष्कर्षका साथ सामाजिक–आर्थिक रूपान्तरणलाई केन्द्रबिन्दुमा राखी जनताको बहुदलीय जनवादको ठोस कार्यक्रम अगाडि सार्‍यो। यसमा मूलत: सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्दै राजनीतिक क्रान्तिलाई पूर्णता दिने, संविधानसभाबाट प्रगतिशील अन्तरवस्तुसहितको संविधान निर्माण गर्ने, जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै राज्यमा श्रमजीवी वर्गको पहुँच विस्तार गर्दै लग्ने कुरा उल्लेख गरिएको छ। संविधान निर्माणका अन्तरवस्तु स्पष्ट रूपमा रेखाङ्कन गर्दै महाधिवेशनले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा गरिने कामहरूलाई सूत्रबद्ध गरेको छ। त्यसै गरी सङ्घीयता र स्थानीय स्वशासन एवं सामाजिक–सांस्कृतिक रूपान्तरणका क्षेत्रमा गर्ने कामहरूको पनि व्यवस्थित प्रस्ताव अगाडि सारेको छ।

## 'समाजवाद उन्मुख जनताको जनवाद'

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच एकीकरण भएर २०७५ जेठ ३ गते नेकपा बनेपछि पारित राजनीतिक प्रतिवेदनले 'समाजवाद उन्मुख जनताको जनवाद' लाई कार्यक्रमका रूपमा पारित गऱ्यो। यसले '२०६२/६३ को जनक्रान्ति र त्यसका उपलव्धिहरूलाई संस्थागत गर्ने संविधान निर्माणसँगै नेपालको जनवादी क्रान्ति राजनीतिक रूपमा मूलत: सम्पन्न भएको' निष्कर्ष निकाल्यो। यस तथ्यलाई पुष्टि गर्ने आधारमा रूपमा प्रतिवेदनमा सामन्तवादको प्रतिनिधि संस्थाका रूपमा शदियौंदेखि कायम रहेको राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, जनतामा निहित सार्वभौमसत्ताको संवैधानिक प्रत्याभूति, सामाजिक न्यायसहितको समावेशी लोकतान्त्रिक प्रणाली, राज्य र अर्थतन्त्रको चरित्र समाजवाद–उन्मुख हुने संवैधानिक प्रबन्ध जस्ता विषयहरूलाई उल्लेख गरिएको छ। प्रतिवेदनले नेपाली जनवादी क्रान्ति प्रक्रिया र सारतत्व दुवै हिसाबले मौलिक रहेको पनि विश्लेषण गरेको छ।

जनताको बहुदलीय जनवादका अन्तरवस्तुहरू आत्मसात गरिए पनि एकता महाधिवेशन सम्मका लागि जनताको बहुदलीय जनवादको सिद्धान्त र कार्यक्रम स्थगन गरिनु चाहिँ उपयुक्त थिएन। यसले पार्टीमा वैचारिक अन्यौलको स्थिति सिर्जना भयो।

## जबज र समाजवादको आधार निर्माण

२०७८ असोजमा सम्पन्न पार्टीको प्रथम विधान महाधिवेशन र मङ्सिरमा सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशनले कार्यक्रमिक प्रश्नमा थप स्पष्टता र दिशाबोध गरेको छ। दशौँ राष्ट्रिय महाधिवेशनका यी निष्कर्षहरूलाई पुनस्मरण र मनन गर्नु यहाँनिर सान्दर्भिक हुनेछ। महाधिवेशनले २०६२/६३ को नेपाली क्रान्तिको चरित्र स्पष्ट रूपमा निरूपण गर्दै यसका उपलव्धि, सीमा र चुनौतीलाई रेखाङ्कन गरेको छ।

'वर्तमान युग समाजवादी क्रान्तिको युग हो र जनवादी क्रान्ति पनि वृहत्तर अर्थमा समाजवादी क्रान्तिकै अङ्गका रूपमा रहेको यथार्थ हो। हाम्रो संविधानले राज्यको चरित्रलाई समाजवाद–उन्मुख उल्लेख गरेको छ। तर समाजवाद–उन्मुख भन्नु र समाजवादी भन्नु गुणात्मक रूपले नै फरक कुरा हो। आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो। हामीले २०४९ मा अगाडि सारेको जनताको बहुदलीय जनवादी कार्यक्रमभित्रका सामन्तवाद र राजतन्त्रको अन्त्य एवं लोकतान्त्रिक गणतन्त्र स्थापना जस्ता अभिभारा पूरा भएका छन्। तर सामन्तवादका अवशेषहरू उन्मूलन गर्ने क्रम जारी नै छ, दलाल पुँजीवादको चङ्गुलबाट मुक्त गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने काम जारी नै छ, टुङ्गिएको छैन। परनिर्भरतालाई अन्त्य गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने प्रक्रिया जारी नै छ। राष्ट्रिय स्वाधीनतालाई चुनौती दिने वाह्य हस्तक्षेपको पूर्ण अन्त्य, असमान सन्धीहरूको पुनरावलोकन तथा गुमेको भूभाग फिर्ता गर्ने लगायतका विषय टुङ्ग्याउन बाँकी छ। हामी राष्ट्रियता र सार्वभौमसत्तालाई थप सुदृढ गरिरहेका छौँ। उत्पादक शक्तिको विकासका लागि उपयुक्त नयाँ उत्पादन सम्बन्धको विकास गर्ने प्रयासगरिरहेका छौँ। उत्पादन प्रक्रियामा मात्र होइन, वितरणमा र राज्यमा श्रमजीवी वर्गको पहुँच र वर्चस्वलाई विस्तार गर्ने काम गरिरहेका छौँ। यसो भएमा मात्रै श्रमजीवी वर्ग ज्याला आर्जक वर्गमा मात्रै सीमित नरही सार्वभौम नागरिकमा रूपान्तरण हुनसक्छ। हाम्रो तात्कालिक कार्यक्रमको मुख्य तत्वहरू यिनै हुन्। सारमा, यो जनताको बहुदलीय जनवादकै कार्यक्रम हो, जसले समाजवादको आधार तयार गर्छ।' यसरी दशौँ राष्ट्रिय महाधिवेशनले क्रान्तिका सन्दर्भमा एकदमै स्पष्ट र सही निष्कर्ष निकालेको छ। यी निष्कर्षहरू आज पनि उत्तिकै सान्दर्भिक छन्। हामीले यिनै निष्कर्षको जगमा उभिएर समाजवादको आधार निर्माणको व्यवस्थित कार्यक्रम अगाडि सार्नुपर्छ र नेपाली मौलिकता सहितको समाजवादको अवधारणालाई विकास गर्नुपर्छ।

## ११. आम निर्वाचन

नेपाल कम्युनिष्ट पार्टी सात सालको क्रान्तिपछि सम्पन्न सबै तहका प्रजातान्त्रिक निर्वाचनमा सहभागी हुँदै आएको छ। २००८ सालमा सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा मेयर सहित विभिन्न पदहरूमा विजयी हुन सफल कम्युनिष्ट पार्टी २०१५ सालमा सम्पन्न पहिलो संसदीय आम निर्वाचनमा पनि सहभागी भएको थियो। यद्यपि, संविधानसभालाई लत्याएर आफैले बनाएको संविधान अन्तरगत संसदीय निर्वाचन गराउने राजाको कदमप्रति कम्युनिष्ट पार्टी आलोचक र विरोधी थियो।

२०१५ सालको निर्वाचनमा जारी घोषणापत्रमा पार्टीले गोर्खा भर्तीको खारेजी र असमान व्यापार सन्धीमा सुधार, स्वतन्त्र न्यायपालिका र एकसदनात्मक संसद जस्ता मागहरू अगाडि सारेको थियो। देशको पुनर्निर्माण मुख्य विषय रहेको निष्कर्षका साथ यसका लागि औद्योगीकरण, भूमिसुधार, बेरोजगारी अन्त्य, महिलाहरूलाई समान ज्याला, छुवाछुत अन्त्य र जातीय समानता, प्राथमिक शिक्षा निशुल्क हुनु पर्ने विषयहरू प्रस्तुत गरिएको थियो। तर तात्कालीन शक्ति सन्तुलन, संसदमा कम्युनिष्ट पार्टीको कमजोर उपस्थिति (१०९ सदस्यीय प्रतिनिधिसभामा ४ जना र राज्यसभामा जम्मा १ जना) जस्ता कारणले पार्टीले घोषणापत्रमा उल्लेखित विषयहरूको कार्यान्वयनमा खासै भूमिका खेल्न सकेन। प्रजातन्त्रका पक्षमा पार्टीको निरन्तर खबरदारी भने उल्लेख्य पक्ष रह्यो।

२०४६ सालको आन्दोलनपछि मुलुकमा नयाँ संविधान अन्तरगत बहुदलीय व्यवस्था स्थापना भयो र २०४८ सालमा पहिलो आम निर्वाचन भयो। त्यस निर्वाचनमा पार्टीले आन्तरिक र वाह्य अनेकौँ प्रतिकूलताका बिचमा पनि महत्वपूर्ण सफलता हासिल गऱ्यो, प्रतिनिधिसभामा एक तिहाई (२०५ मा ६९) सिटमा विजयी भयो। तत्कालीन परिस्थितिमा यो असाधारण सफलता थियो। निर्वाचनका लागि जारी घोषणापत्रमा प्रजातन्त्रको दृढतापूर्वक रक्षा र आमूल परिवर्तनको सङ्घर्ष अगाडि बढाउने, पुनरुत्थानवादी र सुधारवादी शक्तिको अपवित्र गठबन्धनको विरोध गर्ने, सामन्ती भूस्वामित्वको अन्त्य र कृषि अर्थतन्त्रको जनवादी पुनर्गठन गर्ने, सबै भाषा, धर्म, संस्कृतिलाई बराबरीका हकदार मान्दै स्वायत्तताको अधिकार दिने, सबैका लागि शिक्षा, कल्याणकारी कानुनी राज, बहुदलीय खुल्ला समाज, छोरीलाई पैतृक सम्पत्तिमा अधिकार र लैङ्गिक विभेदको विरोध, प्रजातन्त्र, मानव अधिकार र राष्ट्रिय स्वतन्त्रता, श्रमिकहरूका लागि सामूहिक सौदाबाजी सहितको ट्रेड युनियन अधिकार, योजनाबद्ध र विकेन्द्रित विकास, रोजगारी सिर्जना, ग्रामीण विद्युतीकरण, भूमिहीन र सुकुम्बासी समस्या समाधान र भूमिको न्यायोचित वितरण, उत्पादनको विकासका लागि सहकारी र साझाहरूको प्रबर्द्धन, जलस्रोतमा नेपाली जनता र नेपाल राष्ट्रको स्वामित्वको प्रत्याभूति, न्यूनतम ज्याला निर्धारण, माध्यमिक तहसम्म निशुल्क शिक्षा, स्थानीय तहहरूलाई स्वायत्तता, असङ्लग्न, सन्तुलित र पारस्परिक लाभमा आधारित वाह्य सम्बन्ध र परराष्ट्र नीतिको अवलम्बन, असमान सन्धीको पुनरावलोकन, संविधान र कानुनहरूमा समयानकूल संशोधन जस्ता विषयहरू अगाडि सारिएको छ।

पार्टीले त्यतिबेला प्रतिपक्षमा रहेर खेलेको सशक्त भूमिका अहिले पनि प्रेरणादायी रहेको छ।

२०५१ सालको मध्यावधि निर्वाचनमा पार्टी 'आगामी सरकार एमालेको: देशभक्त र प्रजातन्त्रवादीको' भन्ने नाराका साथ सहभागी भयो। त्यतिबेला जारी घोषणापत्रका मुख्य प्रतिबद्धताहरू थिए– बहुदलीय प्रणाली र प्रजातान्त्रिक परिपाटीको रक्षा तथा सुदृढीकरण (बहुमतको सत्ता र अल्पमतको विपक्ष, मौलिक अधिकारको रक्षा, बहुलवादी खुल्ला समाज, व्यक्तिगत सम्पत्तिको रक्षा, एकाधिकारको विरोध, संविधान र कानुन संशोधन, स्थानीय स्वायत्त शासनको, मतदाता परिचयपत्र, वाह्य दबाब र हस्तक्षेपको विरोध), राष्ट्रिय हितका लागि सबै मुलुकसँग मैत्रीपूर्ण सम्बन्ध, सामन्ती भूस्वामित्वको अन्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता, मोहियानी हक र द्वैध स्वामित्वको अन्त्य, जमिन्दारीप्रथाको उन्मूलन, भूस्वामित्व परिचयपत्र, सामाजिक न्यायमा आधारित भूमिसुधार, लुकाइएका जमिनको खोजी, सुकुम्बासी समस्या समाधान र वैकल्पिक पेशामा स्थानान्तरण, चक्लाबन्दी, कृषि विश्वविद्यालयको स्थापना, सिचाइँमा व्यापक विस्तार र कृषि उत्पादकत्व वृद्धि, वनको संरक्षण र सम्बर्द्धन, सामाजिक आर्थिक समानता र क्षेत्रीय सन्तुलनका लागि योजनाबद्ध विकास, भ्रष्टाचारको विरोध, राष्ट्रिय आवश्यकता अनुरूप विदेशी सहायताको दक्ष प्रयोग, प्रविधि विकासका लागि वाह्य लगानी, स्वाधीन राष्ट्रिय अर्थतन्त्रका लागि औद्योगीकरण, रोजगारी तथा गरिबी निवारण,व्यवस्थित बसोबास, सुकुम्बासीलाई आवास, शिक्षा नागरिकको जन्मसिद्ध अधिकार, यातायातको विस्तार,जलस्रोतमा नेपालीजनताको अक्षुण्ण अधिकार, निशुल्क प्राथमिक स्वास्थ्य सेवा, कानुनको शासन, जनमुखी प्रशासन,मानव अधिकारको प्रत्याभूति,लैङ्गिक समानता, सामाजिक भेदभाव र विकृतिको अन्त्य र दिगो विकास लगायत।

त्यस अवधिमा अल्पमतको सरकार निर्माण गरेर पार्टीले राष्ट्रिय राजनीतिमा छाडेको छाप आज पर्यन्त अनुभूत भइरहेकै छ ।

२०५६ सालमा सम्पन्न तेस्रो आम निर्वाचनमा पार्टी 'राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान' को नाराका साथ सहभागी भयो ।

निर्वाचन घोषणापत्रमा मुख्यतया – बहुदलीय प्रणालीको सुदृढीकरण र प्रजातान्त्रिक परिपाटीको सम्बर्द्धन, मानव अधिकार, शान्ति सुरक्षा, कानुनी राज्य र न्यायपूर्ण समाज, भ्रष्टाचार उन्मूलन, गरीबी अन्त्य र राष्ट्रको समृद्धि, छनोटपूर्ण निजीकरण, कृषि प्रणालीमा क्रान्तिकारी सुधार, सुकुम्बासीलाई आवास, जलस्रोतको वहुपक्षीय उपयोग, औद्योगीकरण, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, माध्यमिक शिक्षा र आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा मान्यता, महिला अधिकार लगायत विषय अगाडि सारिएका थिए ।

विभाजनको कष्टपूर्ण कालखण्ड र बढ्दै गएको माओवादी द्वन्द्वलाई चिर्दै पार्टीले ७० सिटमा विजय हासिल गर्नु सामान्य सफलता थिएन । तर सरकार बनाउने सङ्ख्या भने पुग्न सकेन । पार्टीले सशक्त प्रतिपक्षका रूपमा भूमिका खेल्यो ।

२०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा पार्टीको मुख्य घोषणा थियो– 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ, सबल र समृद्ध नेपालको निर्माण गरौँ ।' संविधान निर्माणलाई मुख्य केन्द्रबिन्दु बनाएर तयार गरिएको घोषणापत्रमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, आर्थिक सामाजिक अधिकारसहित बहुलतामा आधारित समावेशी लोकतन्त्र, सङ्घात्मक लोकतान्त्रिक गणराज्य, सबै खाले विभेद एवं आर्थिक शोषणको अन्त्य, समतामूलक राज्यप्रणाली, राज्यको अग्रगामी पुनर्संरचना, समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताको परिपूर्ति, समग्र लोकतान्त्रिकरण, गरिबी र बेरोजगारी अन्त्य, केन्द्र, प्रदेश र स्थानीय तहबिच स्रोतको बाँडफाँट, पुँजी र श्रमबिच सहअस्तित्व, दिगो शान्ति,बहुलता र विविधताको सम्मान, राष्ट्रिय एकता र अखण्डताको प्रत्याभूति, शक्तिको स्रोत नेपाली जनता, मानव अधिकार, मौलिक अधिकार र राजनीतिक स्वतन्त्रता, सामाजिक सुरक्षा र लोककल्याण, धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता, छुवाछुत मुक्त नेपाल, सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता, नेपाली भाषा सम्पर्क भाषा सहित बहुभाषिक नीति, राष्ट्रपति र प्रधानमन्त्री दुबै व्यवस्थासहितको मौलिक शासन प्रणाली, समावेशी लोकतन्त्र, सामन्तवादको अन्त्य, समाजवाद उन्मुख अर्थराजनीतिक दिशा लगायत विषयहरू तय गरिएका थिए । 'नेकपा (एमाले) को परिकल्पना: सबल र समृद्ध नेपालको स्थापना' नारा अन्तरगत समृद्धिका विभिन्न पक्षहरूको घोषणा गरिएको थियो ।

नेकपा (एमाले) ले प्रगतिशील संविधान निर्माणका लागि आफ्नो तर्फबाट हरसंभव प्रयत्न गऱ्यो ।

२०७० सालमा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनमा पार्टी 'सही नीति एमालेको: सबल र समृद्ध नेपालका लागि एमालेकै नेतृत्व' भन्ने आह्वानका साथ होमियो । विगत संविधानसभाले गरेका काम र सहमतिहरूको स्वामित्व ग्रहण गर्ने र नयाँ संविधानमा निरन्तरता दिने, एक वर्षभित्रमा संविधानको

मस्यौदा तयार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने, राजनीतिक सहमतिमा निरन्तर जोड दिने लगायतका विषयहरू उल्लेख गरिएको थियो। संविधानका अन्तरवस्तुका रूपमा २० बुँदे विषयहरू प्रस्तुत गरिनुका साथै 'नेकपा (एमाले) को परिकल्पना: सुखी नेपाली र समतामूलक समृद्ध नेपाल स्थापना' भन्ने नाराका साथ समृद्धिका विभिन्न कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।

निर्वाचन घोषणापत्रमा उल्लेख भए अनुरूप नै पार्टीले संविधान निर्माणका निम्ति निर्णायक र नेतृत्वदायी भूमिका खेल्यो।

२०७४ सालको आम निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच निर्वाचन तालमेल भई साझा घोषणा जारी गरियो। 'सुशासन र समृद्धिका लागि वामपन्थी सरकार' को आह्वानका साथ जारी गरिएको घोषणामा राजनीतिक स्थायित्व र समृद्धिको अपिल गरिएको थियो। घोषणापत्रमा सामाजिक–आर्थिक रूपान्तरणका १० मुख्य नीतिहरू र समृद्धिका २४ कार्यक्रमहरू प्रस्तुत गरिएका थिए।

वामपन्थी तालमेल र स्थायित्व एवं समृद्धिको अपिलले आम जनताको मन जित्यो। नेकपा (एमाले) ले संविधान निर्माण, नाकाबन्दीको सामना र राष्ट्रिय एकता तथा सामाजिक सद्भावको पक्षमा खेलेको महत्वपूर्ण भूमिकाको गहिरो प्रभाव नेपाली समाजमा विद्यमान नै थियो। यसै बलमा वामपन्थी उम्मेदवारहरूले झण्डै दुई तिहाई स्थानमा विजय हासिल गरे। केपी शर्मा ओलीको नेतृत्वमा बलियो वामपन्थी सरकार निर्माण भयो। पछि दुई पार्टी बिच एकीकरण समेत भएर नेकपा बन्यो।

तर नेकपाभित्र दुराशयपूर्वक सुरु गरिएको विवाद र विग्रह तथा वाह्य शक्ति केन्द्रहरूको समेत स्वार्थका कारण अन्ततोगत्वा नेकपा विभाजनको दु:खद बिन्दुमा पुग्यो। एकता कायम राख्ने सारा प्रयाशहरू विफल भए। नेकपाको सरकारले सुरु गरेको समृद्धि, सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानको यात्रामा गंभीर धक्का लाग्यो। सरकारबाट विस्थापित भइसकेपछि पार्टीले प्रतिपक्षका रूपमा नेपाललाई शक्ति केन्द्रहरूको रणनीतिक स्वार्थमा जोड्ने दुष्प्रयाशका विरुद्ध, राष्ट्रिय हित र स्वाभिमानको रक्षाका लागि, राजनीतिक विकृति र सिद्धान्तविहीन एवं अनैतिक राजनीतिक क्रियाकलाप विरुद्ध सडक र सदनबाट सङ्घर्ष जारी राख्यो।

निर्वाचन घोषणापत्रका उल्लेखित प्रतिबद्धता कार्यान्वयनका दृष्टिले त्यो सरकार निकै प्रभावकारी रह्यो।

पार्टीका विरुद्ध असंवैधानिक आक्रमण, विभाजन र घेराबन्दीका विरुद्ध पार्टी २०७९ सालको निर्वाचनमा होमियो। सरकारमा रहेका ६ दलको गठबन्धन एकातिर र प्रतिपक्षमा रहेको नेकपा (एमाले) एकातिर भएर लडिएको उक्त निर्वाचन आफैमा एउटा विशिष्ट परिघटना थियो। सत्तापक्षले गरेको राज्यस्रोत र संयन्त्रको चरम दुरूपयोगलाई चिर्दै पार्टी जनताको रोजाइमा पहिलो पार्टी बन्न सफल भयो, यद्यपि संसदीय सिटका हिसाबले हामी दोस्रो बन्न पुग्यौँ।

निर्वाचनमा पार्टीले 'एमालेले उठायो देश र जनताको स्वाभिमान: एमालेकै नेतृत्वमा समृद्धिको अभियान' को शीर्षकमा घोषणपत्र जारी गरेको थियो। यसमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्तिका लागि आगामी ५ वर्षमा गरिने कामहरूबारे ३० शीर्षकमा नीति र प्राथमिकताका अतिरिक्त

‘२० ग्यारेन्टी’ को घोषणा गरिएको छ। जसभित्र समृद्धिका लागि नीतिगत र संरचनागत सुधार, राष्ट्र हित र नागरिक हितलाई सर्वोपरि राखी राज्य सञ्चालन, कोही भोकै पर्दैन: कोही भोकले मर्दैन नीति कार्यान्वयन, ‘मेक इन नेपाल’ अभियान सञ्चालन, आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन, सबैका लागि काम र नियमित कमाइ, पूर्ण साक्षर देश र उद्यमशील शिक्षित युवा, निरोगी नेपाल: सबल नागरिक, स्वच्छ पानी: सफा वातावरण, सबैलाई बिजुली:बिजुलीबाटै देशको उन्नति, खेतबारीमा पानी, दोब्बर हुन्छ उब्जनी, सडक पूर्वाधार र सुलभ सार्वजनिक यातायात, व्यवस्थित सहर: स्वच्छ बस्ती, सरल सहज सार्वजनिक सेवा, सामाजिक सुरक्षाको दायरा र सुविधा विस्तार, सबै नागरिकमा वित्तीय पहुँच, स्वस्थ महिनावारी, सुरक्षित मातृत्व, सस्तो, सहज र भरपर्दो सञ्चार सेवा, सभ्य समाज: मर्यादित नागरिक तथा प्रतिव्यक्ति आयमा दोब्बर वृद्धि जस्ता विषय समेटिएका छन्।

निर्वाचनको जनादेश र प्रतिकूल राजनीतिक शक्ति सन्तुलनका कारण पार्टीले मुलुकलाई आफ्नो योजना अनकूल नेतृत्व गर्ने परिस्थिति निर्माण हुन सकेन। तर पनि पार्टीले रणनीतिक कौशल, सामथ्र्य र सही कदमहरू मार्फत् आफू विरुद्धको घेरा तोड्न तथा शक्ति सन्तुलनलाई तुलनात्मक रूपमा अनुकूल बनाउँदै आज सरकारको नेतृत्व गर्ने बिन्दुमा ल्याइपुऱ्याएको छ। एमाले विरुद्धका घेराबन्दी, आक्रमण, षडयन्त्र र धम्कीका पृष्ठभूमिमा पार्टी पुन: राष्ट्रिय राजनीतिको केन्द्रबिन्दुमा र सरकारको नेतृत्व गर्ने स्थानमा आइपुग्नु सामान्य सफलता होइन। अहिले सरकार निर्वाचन घोषणापत्र र प्रतिबद्धताको कार्यान्वयनमा लागिपरेको छ, यद्यपि संयुक्त सरकारका सीमाहरू छँदैछन्।

## १२. प्रतिबद्धता र परिणाम

नेकपा (एमाले) का सबै निर्वाचन घोषणापत्रहरू र पार्टीको पाँचौँ महाधिवेशनदेखि १० औँ महाधिवेशनसम्मका नीतिहरूले देशको सामाजिक– आर्थिक रूपान्तरणमा पारेका प्रभावहरूलाई चार चरण र आयाममा विश्लेषण गर्न सकिन्छ– प्रतिपक्षमा रहेर राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका निम्ति दबाबमूलक भूमिकाको चरण (२०४८–५१), जनअभिमतबाट लोकप्रिय सरकार सञ्चालन गर्दै क्रान्तिकारी शक्ति सञ्चय र प्रगतिशील सुधारका निम्ति क्रियाशील चरण (२०५१–६४), संविधान निर्माण र शान्ति प्रक्रियाको चरण (२०६३–७२) र समाजवादका आधार निर्माण र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यतर्फ अग्रसर रहेको चरण।

२०४८ सालको निर्वाचन घोषणापत्रमा पार्टीको पक्षमा बहुमतको आह्वान गरिए पनि सरकारबारे ठोस उल्लेख गरिएको थिएन। असाध्यै प्रतिकूल अवस्थामा पार्टीले हासिल गरेको उल्लेखनीय सफलतालाई सशक्त प्रतिपक्षका रूपमा पार्टीले सदुपयोग गऱ्यो। २०४७ सालको संविधानको सीमा र प्रजातन्त्रको अपूर्णताप्रति निरन्तर खबर्दारी गऱ्यो। प्राप्त उपलब्धिको रक्षाका लागि लोकतान्त्रिक शक्तिहरूको सहकार्यमा जोड दियो र सत्तारुढ पार्टीको सर्वसत्तावादी शैलीको प्रतिवाद गऱ्यो। जनआन्दोलनको भावना अनुरूप नीति कार्यक्रम तथा बजेट बनाउन माग गऱ्यो। प्रभावकारी विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको पक्षमा आवाज उठायो। ट्रेड युनियन, सहकारी लगायत विभिन्न विषयमा कानुन बनाउन रचनात्मक भूमिका खेल्यो। टनकपुर सम्झौतामा राष्ट्रहितमा पुऱ्याइएको आघात विरुद्ध प्रभावकारी

सङ्घर्ष गर्‍यो। महङ्गी, शान्तिपूर्ण आन्दोलनमाथि गरिएको दमन, पूर्वाग्रहका आधारमा गरिएको कर्मचारी बर्खास्तगी लगायतको विरुद्ध सशक्त आवाज उठायो। त्यस अवधिमा राष्ट्र र जनताको हितमा खेलिएको संसदीय भूमिकाले पार्टीको प्रतिष्ठा माथि उठाउन उल्लेखनीय योगदान गर्‍यो।

२०५१ सालको मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो दल बनेर पार्टीले निर्माण गरेको अल्पमतको सरकार नेपालको इतिहासकै महत्वपूर्ण परिघटना थियो। यसले राज्यसञ्चालनमा निश्चित मानकहरू निर्माण गर्दै नयाँ 'ट्रेण्ड सेटिङ' गर्‍यो। बृद्धभत्ताका माध्यमबाट सामाजिक सुरक्षा र लोककल्याणकारी राज्यको आरम्भ गरियो। 'आफ्नो गाउँ आफै बनाऊँ नारा अन्तरगत गाउँमुखी विकास र जनसहभागितामूलक बजेट विनियोजनको सुरुवात भयो। उच्चस्तरीय भूमिसुधार आयोग गठन गरेर नेपालको भूमि समस्या र रूपान्तरणको दूरगामी अध्ययन र निष्कर्ष निकालियो। सुकुम्बासी समस्याको समाधान थालियो। स्वच्छ, जनमुखी र उच्च लोकतान्त्रिक छवि सहितको शासन सञ्चालन गर्‍यो। भारतसँग १९५० को सन्धीको पुनरावलोकनको औपचारिक वार्ता अगाडि बढायो। यी कार्यक्रमहरूले पार्टीको लोकप्रियता र प्रभावलाई त विस्तार गरे नै, त्यसपछिका सरकारहरूलाई पनि यस्तै मार्गमा अग्रसर हुन दबाब सिर्जना गरे। ढिलासुस्ती र निष्प्रभावी पार्ने कोशिस गरे पनि त्यस यताका कुनै पनि सरकारहरूले चाहेर पनि यी कार्यक्रमहरूलाई उल्ट्याउन सकेनन्।

त्यसपछिका दशकमा पार्टी विभिन्न रूपमा संयुक्त सरकारमा सहभागी भयो। २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा राष्ट्रव्यापी सफलता हासिल गर्न, आधारभूत तहबाटै महिला र दलित प्रतिनिधित्वको कानुनी प्रत्याभूति गराउन, स्थानीय स्वायत्त शासन ऐन निर्माण गर्न र स्थानीय निकायहरूबाट जनसेवा र विकास निर्माणका कामलाई अगाडि बढाउन पार्टीले नेतृत्वदायी भूमिका खेल्यो। माओवादी द्वन्द्व बढ्दै जाँदा सरकारमा सहभागी भएर पनि २०५६ को आम निर्वाचन सम्पन्न गराउन पहल गर्‍यो। त्यस अवधिमा प्रतिपक्षका रूपमा रहेर कमैया प्रथा उन्मूलन, छुवाछुतको अन्त्य, मुलुकी ऐनमा समयानकूल संशोधन गर्दै अंश र वंशमा महिलाहरूको अधिकार स्थापना, विभिन्न भ्रष्टाचार काण्डहरूको छानबिनका लागि दबाब सिर्जना, माओवादी द्वन्द्वको शान्तिपूर्ण समाधान तथा दरबारिया चलखेलको विरोध जस्ता विषयमा सशक्त आवाज उठायो। गर्भवती आमाहरूलाई स्वास्थ्यकेन्द्रमा प्रसुती गराउन गरिएको प्रोत्साहन र महिलाका नाममा घरजग्गा रजिस्ट्रेशन गर्दा शुल्क छुट जस्ता हेर्दा सानो देखिने तर दूरगामी महत्वका कतिपय निर्णयहरूको गहिरो र सकारात्मक असर रह्यो। यद्यपि, जुनसुकै शक्तिसँगको सहभागिता र जुनसुकै अवस्थामा पनि सरकारमा जाने नीतिहरूका कारण पार्टीको प्रभावमा प्रतिकूल प्रभाव पर्‍यो। प्रतिनिधिसभा विघटन र राजा ज्ञानेन्द्रको तानाशाही कदमपछि पार्टी नयाँ आन्दोलनको तयारीमा सङ्लग्न भयो। पुनस्र्थापित प्रतिनिधिसभाबाट राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाई सहभागिता सुनिश्चित गर्ने सङ्कल्प प्रस्ताव पार्टीकै अगुवाइमा प्रस्तुत र पारित गरियो भने अन्य त्यस प्रतिनिधिसभाले गरेका अन्य निर्णयहरू पनि दूरगामी महत्वका थिए।

पहिलो संविधानसभामा हाम्रो उपस्थिति सापेक्षित रूपमा कमजोर थियो। तर पार्टीले संविधान निर्माणका लागि रचनात्मक पहलकदमी र सही दृष्टिकोणका आधारमा प्रभावकारी भूमिका खेल्यो। संविधानसभाभित्रको जटिल संरचना र प्रतिकूल शक्ति सन्तुलन, पहिलो पार्टीको रूपमा रहेको नेकपा (माओवादी) का गलत दृष्टिकोण, मधेस केन्द्रित दलहरूको अनुचित दबाब र संविधानसभा बाहिर

चलेका अनेकौँ चलखेलका कारण संविधान निर्माण हुन नसके पनि पार्टीका पहलहरू र मान्यताहरू महत्वपूर्ण रहे। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पार्टीको भूमिका उल्लेख्य रह्यो। नयाँ सैनिक ऐन, जातीय विभेद र छुवाछुत विरुद्धको ऐन लगायत महत्वपूर्ण कानुन निर्माणमा अगुवाइ गऱ्यो।

दोस्रो संविधानसभाको शक्ति सन्तुलन र संरचना भने तुलनात्मक रूपमा अनुकूल थियो। केपी शर्मा ओली संसदीय दलको नेतामा निर्वाचित भइसकेपछि र नवौँ महाधिवेशनबाट अध्यक्षको जिम्मेवारीमा आइसकेपछि पार्टीले थप नीतिगत स्पष्टता, नेतृत्वदायी पहलकदमी र निर्णायक भूमिका खेल्न सफल भयो। प्रगतिशील अन्तरवस्तु सहितको संविधान निर्माण गर्न र जारी गर्न पार्टीको भूमिका निर्णायक र नेतृत्वदायी रह्यो। संविधान जारी भइसकेपछि पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री निर्वाचित हुनुभयो। भारतीय नाकाबन्दी, मधेसमा जारी अशान्ति, विनाशकारी भूकम्पले थिलोथिलो परेको जनजीवन र पूर्वसहमति विपरीत नेपाली काङ्ग्रेसको विरोधका बिच त्यस सरकारले नाकाबन्दीको साहस र सफलताका साथ सामना गऱ्यो। पारवहनमा एकपक्षीय निर्भरता अन्त्य गर्न चीनसँग ऐतिहासिक पारवहन–यातायात सम्झौता गऱ्यो। जनतामा आशा र भरोसा जगाउने काम गऱ्यो। भूकम्पपछिको पुनर्निर्माणको व्यवस्थित कार्ययोजना निर्माण गऱ्यो र समृद्धिको यात्रामा केही ऐतिहासिक थालनीहरू गऱ्यो। प्रचण्ड र पार्टीभित्रकै कतिपय नेताहरूको असहयोग र विरोधका कारण नौ महिनामै सरकारबाट बाहिरिनु परे पनि त्यस सरकारले गरेका कामहरूको दूरगामी प्रभाव आज पर्यन्त अनुभूत भइरहेको छ। प्रतिपक्षको भूमिकामा रहेर पनि पार्टीले संविधानमा गर्न लागिएका हानीकारक संशोधनहरूको विरोध एवं राष्ट्रिय एकता र अखण्डताको रक्षाका लागि सङ्घर्ष गरिरह्यो।

संसदीय भूमिकाको चौथो आयामको ठोस आरम्भ भने २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट आरम्भ भयो। उक्त निर्वाचन र त्यसपछि बनेको सरकार नेपालको संविधान जारी भइसकेपछिका निर्वाचन र सरकारहरू थिए। तिनीहरू नितान्त नयाँ संरचना र प्रणाली अन्तरगतका संरचना थिए। सरकारले तदनुरूप नै नयाँ प्रणालीको संस्थागत सुदृढीकरणका लागि ऐतिहासिक भूमिका खेल्यो।

त्यस सरकारले गरेका ऐतिहासिक कामहरू सबैको स्मृतिमा ताजै छन्। संविधानको कार्यान्वयनको लागि आवश्यक कानुनहरू तीव्र गतिमा निर्माण, सङ्घीयताको कार्यान्वयनमा प्रभावकारी नेतृत्व, पृथकतावादी गतिविधि गरिरहेको सिके राउत समूह र 'निरन्तर क्रान्ति' का नाममा हिंसाको पुनरावृत्तिमा सङ्लग्न नेत्रविक्रम चन्द 'विप्लव' समूहहरूलाई शान्ति प्रक्रियामा ल्याउने काम सम्पन्न भए। संविधानसँग असहमत समूहहरूलाई सहमत गराउँदै संविधानको स्वीकार्यता व्यापक बनाउने जस्ता महत्वपूर्ण उपलब्धि हासिल भए। सार्वभौम समानता, आपसी हित, अहस्तक्षेप, सन्तुलन र सबैसँग मित्रता, कसैसँग छैन शत्रुताको भावनाका साथ वाह्य सम्बन्ध प्रभावकारी रूपमा विस्तार भयो र नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा उच्च पार्ने काम भयो। तीव्र आर्थिक वृद्धिदर हासिल गर्दै 'दक्षिण एसियाको उदाउँदो तारा' का रूपमा नेपाल प्रशंसित भयो, अल्पविकसित अवस्थाबाट विकासशील देशमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्र सङ्घबाट सिफारिस भयो। पूर्वाधार निर्माणमा अभूतपूर्व प्रगति हासिल भए। सामाजिक न्याय, सुरक्षा, स्वास्थ्यसेवा विस्तार लगायतका क्षेत्रमा ठूला उपलब्धि प्राप्त भए। पुनर्निर्माणका क्षेत्रमा प्रशंसनीय सफलता प्राप्त भए। कोभिड महामारीको सफलतापूर्वक सामना गरियो।

२०७९ सालमा सम्पन्न निर्वाचनको परिणाम जनताको अपेक्षा र राष्ट्रको अपेक्षा अनुरूप रहेन । तर पनि यसलाई अनुकूल बनाउने कोशिस गर्दै पार्टी अगाडि बढिरहेको छ ।

तीन वर्षसम्म धेरै हिसाबले लथालिङ्ग बनाइएको अर्थतन्त्रलाई लयमा फर्काइएको छ। लगानी र व्यवसाय मैत्री वातावरण निर्माणका लागि धेरै कानुनी र संरचनागत सुधारहरू गरिएका छन्। सुस्त या उपेक्षामा पारिएका विकासका कामले गति लिएका छन्। ४.६ प्रतिशतले आर्थिक वृद्धि हासिल भएको छ। सहकारी ठगी लगायत भ्रष्टाचारका विरुद्ध प्रभावकारी कानुनी कार्बाहीहरू अगाडि बढेका छन्। समस्यामा परेका सहकारीका ५६ हजारभन्दा बढी वचतकर्ताको पूर्ण र आंशिक गरी ३ अर्ब ४३ करोड वचत फिर्ता गरिएको छ। सङ्क्रमणकालीन न्यायले एउटा गति लिएको छ। पीडितले न्याय र पीडकले सजाय पाउने आधार बलियो बन्दै गएको छ। मुलुकलाई दीर्घकालीन हिसाबले उर्जा र खनिजमा आत्मनिर्भर बनाउने एवं राष्ट्रिय पुँजी निर्माणमा ठूलो योगदान गर्न सक्ने दैलेखको मिथेन ग्यास भण्डार र धौवादीको फलाम खानी उत्खननले गति लिएका छन्। पहिलो चोटी गरिएको सोभेरन क्रेडिट रेटिङमा नेपालले राम्रो अङ्क प्राप्त गरेको छ। वाह्य सम्बन्धलाई अनुकूल बनाउँदै राष्ट्रिय हितको रक्षा र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको भूमिकालाई अझ प्रभावकारी बनाउने प्रयासतीव्र बनेको छ। गणतन्त्र उल्ट्याउने राजावादीहरूको प्रयाशलाई विफल तुल्याइएको छ। समग्रमा हामी सही दिशामा अगाडि बढिरहेका छौँ।

नेकपा (एमाले) को नेतृत्वमा समाजवाद–उन्मुख अर्थतन्त्र निर्माणमा गरिएका मुख्य कामहरूलाई यसरी उल्लेख गर्न सकिन्छ–

— कानुनी, संस्थागत, नीतिगत, प्रशासनिक, भौतिक तथा शासकीय प्रबन्ध समेत सुधार गरी समाजवाद– उन्मूख अर्थतन्त्र निर्माणको आधार तयार गर्न थालिएको।

— सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत उत्पादनका साधनमा सबैको पहुँच तथा सामूहिक स्वामित्व र उत्पादन, कामको प्रत्याभूति, न्यूनतम ज्यालाको ग्यारेन्टी, रोजगारीमा जोडिन नसक्नेलाई जीवन निर्वाह भत्ता, सबै नागरिकलाई कुनै न कुनै प्रकारको सामाजिक सुरक्षाको व्यवस्था।

— निरोगी नेपालको नीति, स्वास्थ्य विमा– आधारभूत अस्पताल– योजनाबद्ध रूपमा स्वास्थ्यकर्मीहरू उत्पादन सहितको 'इकोसिस्टम' निर्माण, जोखिममा रहेका ८०० भन्दा बढी सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्धार जस्ता कार्यहरू।

— शिक्षाको गुणस्तर सुधार, हरेक पालिकामा प्राविधिक धारका विद्यालय स्थापना, भर्नादरमा वृद्धि, टिकाउ दरमा सुधार र एसईई एवं कक्षा १२ को नतिजामा उल्लेख्य सुधार।

— सुकुम्बासी समस्याको समाधान, खाद्य र उर्जा सुरक्षा, विपन्न परिवारका लागि आवास निर्माण, सामाजिक रूपमा पछि परेको वर्गको उत्थान गर्ने कामले समाजवादको मार्ग पछ्याएका।

— संवैधानिक सीमाभित्रै रहेर भूमिहिनहरूको कृषि र आवासका लागि जमीन उपलव्ध गराउने, भूउपयोग ऐन, भूमि ब्याङ्क र चक्लाबन्दीको प्रोत्साहन मार्फत् कृषिको व्यवसायीकरण,

वित्तीय क्षेत्रको पुँजीमा सहज पहुँच पुग्ने, शिक्षा, सीप र प्रविधिमा आधारभूत वर्गलाई जोड्ने, महिला उत्थानका कार्यक्रम अघि बढाउने, बाल संरक्षण अनुदान स्थापना र विस्तार, सडक मानवको अवस्थाको अन्त्य गर्ने, जनता एवं सुरक्षित आवासको व्यवस्था गर्ने तथा विपद र कोभिड प्रभावित गरिब कमजोर वर्गलाई राज्यले सुविधा दिने काम भएका।

— विकासको अवस्थाका आधारमा सार्वजनिक स्रोतको न्यायिक वितरण, प्रगतिशील कर प्रणालीको कार्यान्वयन, कमजोर वर्ग र क्षेत्रका लागि बजेट अनुदानको सुविधा, न्यूनतम ज्याला वृद्धि एवं मर्यादित श्रम सम्बन्धको विकासबाट आयको वितरणमा सकारात्मक प्रभाव पर्न थालेको।

— भौतिक प्रगति बिनाको समाजवाद असंभव भएकाले सिँचाइ, खानेपानी र सरसफाइ, सडक, रेल, तथा हवाइ यातायात, सञ्चार, उर्जा, र ग्रामीण एवं सहरी विकासका पूर्वाधारहरूको तीव्र निर्माण भइरहेको।

— अर्को वर्ष नेपाल अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने।

— रोजगारी प्रत्याभूति ऐनको तर्जुमादेखि यसको कार्यान्वयनसम्म, समान कामका लागि समान ज्याला देखि सम्मानजनक ज्यालादरको व्यवस्थासम्म, व्यवसायजन्य स्वास्थ्य सुरक्षादेखि श्रम विवाद निरूपण सम्म तथा देशमा स्वरोजगारीका अवसर बढाउने देखि वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित तुल्याउनेसम्मका कार्यहरू भएका।

— युवा स्वरोजगार कार्यक्रम। स्थानीय विकास, सामाजिक परिचालन, विकास कार्यक्रमहरूको अनुगमन र सामाजिक कुरीतिहरूको अन्त्य गर्न राष्ट्रव्यापी रूपमा युवा परिचालन। राष्ट्रिय युवा परिषद् गठन। स्टार्ट अपको सुरुवात।

— छुवाछुतमुक्त नेपाल घोषणा गर्न निर्णायक पहल, छुवाछुत र जातीय विभेद विरुद्धको कानुन निर्माणमा अग्रणी भूमिका, २०५१ सालमा आफ्नो थर सहित नागरिकता बनाउन पाउने व्यवस्थाको थालनी। दलितको भूमिमाथि अधिकार स्थापना गर्न भूमि ऐनमा संसोधन, जनता आवास कार्यक्रम आदि।

— अधिकार सम्पन्न स्थानीय तहको निर्माणमा अग्रणी भूमिका।

— रणनीतिक महत्वका पूर्वाधार (हुलाकी राजमार्ग, काठमाडौँ तराई द्रूत मार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग, सुरुङ मार्गहरू, भेरी–बबई र सुनकोशी–मरिन डाइभर्सन जस्ता 'गेमचेञ्जर' परियोजनाहरूको निर्माणमा तीव्रता।

— पारवहन सुविधाको विविधिकरण र व्यापक कनेक्टिभिटीका माध्यमबाट भूपरिवेष्ठित चुनौतीलाई भूजडित अवसरमा रूपान्तरण गर्ने कामको ऐतिहासिक थालनी।

— लोडसेडिङ अन्त्य, ९९ प्रतिशत नागरिकमा विद्युत् र सौर्य उर्जाको पहुँच। विद्युतको क्षेत्रीय व्यापारको आरम्भ।

— भूकम्पपछिको पुनर्निर्माण सफल, शीघ्र र उदाहरणीय, आदि।

निर्वाचन र संसदीय भूमिकाका यी चार आयामहरू– प्रतिपक्ष, पुरानो संरचनाभित्र प्रगतिशील हस्तक्षेप, नयाँ संविधान र नयाँ राज्य प्रणाली निर्माण एवं राज्यको नेतृत्व गर्दै समृद्धिको आधारशीला निर्माण गर्ने चरणहरूमा पार्टीले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। यद्यपि, हाम्रा कमी र सीमाहरू पनि उजागर भएकै छन्। शान्तिपूर्ण बाटो, लोकतान्त्रिक प्रतिष्पर्धा र संवैधानिक माध्यमबाट समाजवादका आधार निर्माण गर्ने कार्यदिशाका साथ अगाडि बढेको हाम्रो पार्टीका लागि निर्वाचन, त्यस क्रममा सार्वजनिक गरिने घोषणापत्र र तिनको कार्यान्वयन उक्त कार्यदिशा कार्यान्वयनका महत्वपूर्ण पूर्वशर्तहरू हुन्। त्यसैले हामीले निर्वाचनमा श्रेष्ठता हासिल गर्न, सरकार सञ्चालनको जनादेश प्राप्त गर्न, त्यस अनुरूप प्रभावकारी सरकार सञ्चालन गर्न र केही गरी प्रतिपक्षमा रहने स्थिति उत्पन्न भयो भने पनि त्यसलाई आगामी निर्वाचनका लागि बलियो जनाधार निर्माण गर्ने हिसाबले प्रभावकारी बनाउन ध्यान दिनु पर्छ। संसदीय अभ्यासको ३५ वर्षले यस दिशामा हाम्रा उपलब्धिहरू महत्वपूर्ण रहेको पुष्टि गर्छन्।

# १३. कार्यदिशा

हामीले अहिलेको अवस्थालाई पुँजीवादी–जनवादी क्रान्तिका मुख्य राजनीतिक अभिभारा पूरा भएको तर सामाजिक–आर्थिक रूपान्तरणको कार्यभार भने बाँकी रहेको अर्थमा विश्लेषण गर्दै आएका छौं। आजको कार्यभारलाई हामीले समाजवादका आधार तयार गर्ने कार्यभारका रूपमा परिभाषित गरेका छौं। राजतन्त्रको अन्त्य र सामन्ती अर्थ–राजनीतिक प्रणालीको समाप्ति जस्ता जनताको बहुदलीय जनवादी कार्यक्रमका कतिपय अभिभारा पूरा भएका छन्। तर राष्ट्रिय पुँजी निर्माण, उत्पादक शक्तिको विकास, आत्मनिर्भर अर्थतन्त्रको निर्माण, असमान सन्धीहरूको खारेजी र सामाजिक–सांस्कृतिक क्षेत्रमा रहेका सामन्तवादका अवशेष अन्त्य गर्ने जस्ता विषय पूरा भएका छैनन्। तसर्थ हामी जबजको कार्यक्रम कार्यान्वयनकै चरणमा छौं।

आन्दोलन दुई भिन्न वर्गस्वार्थ भएका राजनीतिक शक्तिहरूको संयुक्त नेतृत्वमा भएको हुनाले दुई शक्ति बिच अगाडिको बाटोको बारेमा मतभिन्नता र प्रतिष्पर्धा छ। आन्दोलनमा सहकार्य, संविधान र शान्ति प्रक्रियामा सहकार्य हुँदै अगाडि बढेको सम्बन्ध यतिबेला भने सहकार्य सहितको प्रतिष्पर्धामा रूपान्तरित भएको छ। सामाजिक न्याय, जनताका आर्थिक–सामाजिक–सांस्कृतिक अधिकार तथा समाजवाद–उन्मुख राज्यव्यवस्था जस्ता प्रगतिशील प्रावधान संविधानमा समावेश गर्न वाध्यात्मक रूपमा तयार भए पनि यी विषय पुँजीपतिको वर्ग स्वार्थ विपरीतका विषय हुन्। तसर्थ सके यी विषय हटाउने, नभए पनि यिनको कार्यान्वयनमा विलम्ब, अवरोध र अन्यौल सिर्जना गर्नु वर्ग–राजनीतिभित्रैको विषय हो। तसर्थ, सामाजिक–आर्थिक रूपान्तरण, समाजवादका आधार निर्माण र समाजवादी लक्ष्य प्राप्तिको सुनिश्चितताका लागि श्रमजीवी वर्गले प्रतिष्पर्धामा निरन्तर श्रेष्ठता हासिल गर्नु अनिवार्य पूर्वशर्त हो।

आजको मुख्य कार्यभार लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र सामाजिक–आर्थिक रूपान्तरण हो। तर यसको बाटोमा विभिन्न वाधक पक्षहरू छन्। राजनीतिक प्रणालीमा युगान्तकारी परिवर्तन भए पनि विस्थापित शक्तिहरू पूर्ण रूपमा शक्तिविहीन भइसकेका छैनन्, पुनरुत्थानको दुष्प्रयाशमा लागिरहेकै छन्। अधिसंरचनाका विभिन्न तहमा परिवर्तन बाँकी छ। सबभन्दा ठूलो समस्या छ हाम्रो पुँजीको,

जसको एउटा हिस्सा दलाल प्रकृतिको छ। कर छल्ने, कालो धन चोख्याउने, कमिसनमा रमाउने, वस्तु, सेवा र सार्वजनिक निर्माणमा राज्य तथा उपभोक्ता दुबैलाई ठग्ने, राजनीतिक व्यक्ति र कर्मचारी संयन्त्रलाई प्रभावित पारेर सधैंभरि संरक्षित हुने, अनि विलासी, भ्रष्ट र अनैतिक जीवन जिउने/जिउन प्रेरित गर्ने– मुख्यतया यस्तो चारित्रिक विशेषता भएको पुँजीवाद आज सामाजिक–आर्थिक रूपान्तरणको वाधक छ। यसले उद्योग खोल्दैन, कमिशन आउने व्यापारमा रमाउँछ। प्राकृतिक स्रोतमा कब्जा जमाउँछ, दोहन गर्छ र वातावरण पनि ध्वस्त पार्छ। यसो भए पछि रोजगारी बढ्दैन, पुँजीको पुनरुत्पादन हुँदैन, राष्ट्रिय पुँजी निर्माण हुँदैन र मुलुक आत्मनिर्भर बन्दैन। यसले नागरिकलाई उद्यमशील होइन, उपभोक्ता, अल्छी र रातारात धनी हुने अन्त्यहीन दौडको धावक बनाउँछ। भ्रष्टाचार, अनियमितता, ठेक्कापट्टामा हुने मिलेमतो र ढिलासुस्ती, सेवामा हुने ठगी चुनौतीका रूपमा खडा छन्। यसको मारमा राष्ट्रिय पुँजी निर्माण गर्न चाहनेहरू पर्छन्, किनभने नीति निर्माणमा यसको दबाब र प्रभाव हुन्छ। जनता पिल्सिइन्छन्, किनभने प्रशासन र न्यायलाई उनीहरूले प्रभावित गर्छन्। दशौं महाधिवेशनले समाजवादका आधार निर्माणको बाटोमा रहेका मुख्य चुनौतीलाई यसरी पहिचान गरेको थियो– राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर, खुल्ला व्यापार, निजी लगानी र जमिनमाथि निजी स्वामित्वले सिर्जना गरेको जटिलता, परनिर्भरता, सामन्तवादका अवशेष, नवउदारवादी नीतिका कमजोर भएको सार्वजनिक क्षेत्र, शिक्षा र स्वास्थ्य क्षेत्रको व्यापारीकरण, खानी, जलस्रोत र जमीन लगायतको लाभ बिचौलियाहरूका हातमा हुनु, भ्रष्टाचार, परम्परागत कृषि अर्थतन्त्रबाट ठूलो युवा शक्ति जगेडा श्रम शक्तिका रूपमा बजारमा आउनु तर औद्योगीकरण कमजोर भएका कारण रोजगारीका अवसर नपाउनु, श्रम शक्तिको विदेश प्रवासन, नयाँ प्रविधिको तीव्र विस्तारले वैदेशिक रोजगारीका अवसर पनि सीमित हुँदै जानु, समाज उत्पादनशील होइन, क्रमश: उपभोक्तावादी बन्दै जानु, आर्थिक विषमता, लाखौँ नागरिक भूमिहीन या सुकुम्बासी अवस्थामा हुनु, २० प्रतिशत नागरिक गरिबीमा रहनु र वित्तीय संस्थाको सम्पत्तिमाथि सीमित परिवारहरूको वर्चस्व बढ्दै जानु आदि। यो पहिचान आज पनि सान्दर्भिक छ।

एकातिर ठूलो परिवर्तनले जगाएका आशा, आकाङ्क्षा र सपना छन्, अर्कातिर निष्प्रभावी, डेलिभरी दिन नसक्ने र अक्षम उत्पादन सम्बन्ध छ। एकातिर हामीसँग परम्परागत कृषि र अन्य पेशाबाट बाहिरिएको (स्वेच्छाले बाहिरिएको, उब्रिएको या बेरोजगार बनेको) ठूलो जगेडा श्रम शक्ति छ। तर यो नयाँ उत्पादक शक्तिलाई अनुकूल हुने उत्पादन सम्बन्ध निर्माण भइसकेको छैन, किनभने उनीहरूका लागि श्रम बजारमा अवसर छैन। वैदेशिक रोजगारीले यस अन्तरविरोधको अस्थायी समाधान त दिएको छ। तर यो दिगो पनि छैन र यसरी देश बन्न पनि सक्दैन।

आज हाम्रो मुख्य अभिभारा हो– कानुनी, संरचनागत र प्रशासनिक सुधारका माध्यमबाट दलाल पुँजीलाई नियन्त्रण गर्ने, राजनीतिसँग यसको अपवित्र गठबन्धनलाई परास्त गर्ने, राज्यमा यसको प्रभाव न्यून गर्ने, राष्ट्रिय पुँजी निर्माणका लागि कृषिको व्यवसायीकरण, औद्योगीकरण र स्वरोजगारीका अवसरलाई तीव्र पार्ने, प्राकृतिक स्रोतमा सार्वजनिक स्वामित्व सुनिश्चित गर्दै सदुपयोग गर्ने, लगानी वृद्धि गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने।

यी कामहरूले मुलुकमा तीव्र आर्थिक वृद्धि ल्याउने छन्। तर आर्थिक वृद्धि मात्रैले समाजमा समृद्धि ल्याउँदैन। कूल ग्राहस्थ उत्पादन (जीडीपी) र प्रतिव्यक्ति आयमा उच्च वृद्धि देखिए पनि सबैले त्यसको

लाभांश पाउँदैनन् । हामीले खोजेको समृद्धि सामूहिक समृद्धि हो, समृद्धिका लाभ सबैसँग पुगेको समृद्धि हो । सामाजिक न्यायसँग जोडिएको आर्थिक वृद्धि या समृद्धि सहितको लोकतन्त्र हामीले खोजेका हौं ।

समाजवादको आधार निर्माण गर्नु र समाजवादी कार्यक्रम लागू गर्नु एउटै विषय होइन। समाजवाद हाम्रो रणनीतिक लक्ष्य हो। समाजवादको आधार निर्माण गर्नु भनेको जनताको बहुदलीय जनवादकै कार्यक्रमको निरन्तरता हो, जननेता कमरेड मदन भण्डारीले व्याख्या गर्नु भएका क्रान्तिपछिका तीनवटा उपचरणकै शृङ्खला हो । यसमा कुनै द्विविधा राख्नु हुँदैन र जबजको सान्दर्भिकता तथा महत्वलाई कहिँ कतै पनि अवमूल्यन गर्नु हुँदैन ।

शान्तिपूर्ण बाटो, लोकतान्त्रिक प्रतिष्पर्धा र संवैधानिक माध्यमबाट प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै जनताको बहुदलीय जनवादको कार्यक्रम लागू गर्नु र राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादको आधार निर्माण गर्नु हामीले निक्र्यौल गरेको कार्यदिशाको सार हो । यसका लागि हामीले आवधिक निर्वाचन, तीनै तहका जनप्रतिनिधि निकाय र सरकारलाई कामको मुख्य क्षेत्रका रूपमा निर्धारण गरेका छौं। आवश्यकता अनुसार शान्तिपूर्ण जनदबाब र जनसङ्घर्षको बाटोलाई पनि खुल्लै राखेका छौं ।

## १४. सिद्धान्त

श्रमजीवी वर्गको मुक्तिका लागि मार्क्स र उनका घनिष्ट सहयोद्धा एङ्गेल्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बीसौं शताव्दीमा विश्व राजनीतिलाई व्यापक रूपमा प्रभावित र रूपान्तरित गरेको छ । आर्थिक विषमता अझ फराकिलो र विश्व पुँजीवादी सङ्कट अझ गहिरिंदै गरेको एक्काइसौं शताव्दीमा मार्क्सका सिद्धान्त अझ बढी सान्दर्भिक बनिरहेका छन् । ऐतिहासिक भौतिकवादी दर्शनको आलोकमा समाजको वैज्ञानिक विश्लेषण गर्दै समाजवादको अपरिहार्यता सम्बन्धी मार्क्सले निकालेको निष्कर्ष व्यवहारको कसीमा सही प्रमाणित भएको छ। मार्क्सवाद एउटा प्रभावशाली बौद्धिक प्रवृत्तिमात्र होइन, विश्वका विभिन्न भूभागका जनताको न्याय, समानता र स्वतन्त्रता निम्तिका आन्दोलनलाई दिशा निर्देशित गर्ने वैचारिक हतियारका रूपमा स्थापित भएको छ ।

सोभियत सङ्घको विघटनसँगै केही समय पुँजीवादी विश्व निकै हौसियो र पश्चिमा थिङ्कट्याङ्कहरूले 'विचारधाराको मृत्यु' र 'इतिहासको अन्त्य' जस्ता कथित न्यारेटिभहरू निर्माण गर्दै मार्क्सवाद र समाजवादको असान्दर्भिक भएको घोषणा गरे । तर यो तामझाम धेरै टिकेन । सन् २००८ बाट सुरु भएको विश्व वित्तीय पुँजीवादी सङ्कटले अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको जग नै हल्लाइदियो । आज दशौं बर्ष बित्न लाग्दा समेत विश्व पुँजीवाद उक्त धक्काबाट व्युँझिन सकेको छैन। पुँजीको अत्यधिक केन्द्रीकरण, चरम विषमता, करोडौं श्रमजीवीहरू जोखिमपूर्ण वर्गमा धकेलिने वाध्यता तथा विचारधाराको द्वन्द्व समाप्त भएर सभ्यताको द्वन्द्व सुरु भयो भन्ने पुँजीवादी भाष्यकै पृष्ठभूमिमा सिर्जित विश्वव्यापी अतिवाद, आतङ्कवाद र सामाजिक विभाजन यसबीचका मुख्य प्रवृत्ति रहेका छन् । यसरी अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको अन्तिम विजय भयो भनेर गरिएको पुँजीवादी घोषणा गलत रहेछ भन्ने पुष्टि गरेको छ । समाजवादको सान्दर्भिकता झनै पुष्टि भएको छ ।

उन्नाइसौं शताव्दीको मध्यमा आविर्भाव भएको मार्क्सवादी सिद्धान्त मार्क्स र एङ्गेल्सका मेधावी मस्तिष्कको मनोगत उपज थिएन । पुँजीवादी उत्पादन सम्बन्धले सिर्जना गरेका जटिल अन्तरविरोधहरूको समाधान र श्रमजीवी वर्गको मुक्तिको ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा यसको जन्म भएको थियो । त्यतिबेलासम्म मानव जातिले आर्जन गरेका उपलव्धिहरूलाई उत्तराधिकारका रूपमा ग्रहण गर्दै मार्क्सले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक समाजवादलाई समष्टिगत रूपमा समेट्दै श्रमजीवी वर्गका लागि वैचारिक अस्त्र अगाडि सारे ।

मार्क्सले द्वन्द्वात्मक भौतिकवादलाई नयाँ उचाइमा विकसित गर्दै यसलाई इतिहासको अध्ययनमा कुशल ढङ्गले प्रयोग गरे । ऐतिहासिक भौतिकवादका रूपमा निरूपित यो सिद्धान्त मार्क्सको सर्वाधिक महत्वपूर्ण योगदान पनि हो, जसले त्यतिबेलासम्म विशृङ्खलित, अनुमान गर्न असंभव र कुनै अदृष्य शक्तिबाट परिचालित जस्तो लाग्ने सामाजिक घटनाक्रमलाई कार्यकारण सम्बन्धमा वेष्ठित र वस्तुगत नियमहरूद्वारा सञ्चालित सिलसिलाका रूपमा बुझ्न संभव तुल्यायो । यसैका आधारमा श्रमजीवी वर्गले आफ्ना दुःखका कारण थाहा पायो, दुःख निवारण संभव छ भन्ने जान्यो र त्यसको बाटो पनि पहिल्याउन सक्ने बन्यो । मार्क्सवादी वैचारिक अस्त्र प्राप्त गरेको श्रमजीवी वर्ग 'आफैमा' बाट 'आफ्ना लागि' मा रूपान्तरित भयो ।

मार्क्सवाद श्रमजीवी वर्गको मुक्तिको वैचारिक हतियार हो । तर यसले श्रमजीवी वर्गलाई मात्रै होइन, सबै उत्पीडित समुदाय र राष्ट्रको मुक्तिका लागि समेत बाटो देखाउँछ । समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माणका लागि प्रेरणा प्रदान गर्छ । त्यसो भएर संसारका सबै मुलुकमा कम्युनिष्ट/श्रमिक पार्टीहरू मार्क्सवादलाई आफ्नो मार्गदर्शकका रूपमा सम्मान गर्छन् ।मार्क्सवाद प्रत्येक समस्याको बनिबनाऊ समाधानको सूत्र भने होइन । यो समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने पद्धति हो । ऐतिहासिक विकासक्रम, सामाजिक–आर्थिक संरचना, वर्ग सङ्घर्षको स्तर र खास सांस्कृतिक परम्परा आदि कारणले गर्दा हरेक राष्ट्र या समाजको चारित्रिक विशेषता मौलिक र विशेष ढङ्गको बनेको हुन्छ । यस मौलिकता र वैशिष्ट्यका कारण सम्बन्धित मुलुकको क्रान्ति र समाजवाद निर्माणको बाटो मौलिक र विशिष्ट हुनु अनिवार्य हुन्छ ।

हरेक सिद्धान्तकार/चिन्तकले आफू बाँचिरहेको समय र परिस्थितिको सीमाभित्र रहेर नै आफ्ना मान्यताहरूको विकास गर्छ । त्यसैले उसका चिन्तनमा स्थानिक र सर्वव्यापी, अस्थायी र दीर्घकालीन, परिवर्तनशील र शाश्वत पक्षहरू हुन्छन् । मार्क्सका लेखनीमा पनि यी दुबै आयाम छन् । मार्क्सवादी शास्त्रीय रचनामा कुन चाहिँ शाश्वत, सार्वभौम र सर्वकालिक सिद्धान्त हुन् र कुन चाहिँ तात्कालिक र समय–सन्दर्भका विषय हुन् भन्ने छुट्याउनु कष्टप्रद काम हो । त्यसरी नै, मार्क्सवादको आलोकमा आफ्नो मुलुकको क्रान्तिका मौलिक सिद्धान्तहरूको निर्माण र विशिष्ट बाटो पहिल्याउने विषय पनि चुनौतीपूर्ण छ । यिनमा चुक्दा कतिपय पार्टीहरू या त जडसूत्रवाद र यान्त्रिक नक्कलको दलदलमा फँसेका छन्, या मौलिकताको खोजीका नाममा मार्क्सवादका आधारभूत मान्यताबाटै विचलित भएका छन् ।

मार्क्सवादको मौलिक विकासका दुईवटा आयाम छन्– समय–क्रममा उत्पन्न नयाँ प्रश्न, चुनौती र परिस्थितिको सिर्जनात्मक उत्तर खोज्नु र आफू बाँचिरहेका समाजको ठोस स्थितिको ठोस विश्लेषण

गर्नु । कम्युनिष्ट घोषणापत्र प्रकाशन भएको आज १७७ बर्ष भएको छ । यस अवधिमा संसारमा निकै ठूला परिवर्तनहरू आएका छन्– श्रमको स्वरूप, श्रम सम्बन्ध, शोषणका ढाँचा, पुँजीवादको चरित्र, राष्ट्रहरूका सम्बन्ध, विज्ञान–प्रविधि र उत्पादन ढाँचा, व्यापार र उपभोग एवं विश्व राजनीतिमा अकल्पनीय ढङ्गले बदलिएको छ । क्रान्तिको खाँचो र समाजवादको अपरिहार्यता झनै बढेको छ, तर आन्दोलनका सामु नयाँ प्रश्नहरू खडा भएका छन् । एउटा विज्ञान हुनुको नाताले मार्क्सवादले यी नयाँ प्रश्नको ठोस उत्तर दिने सामथ्र्य राख्छ । यसका लागि सिर्जनात्मक चिन्तन र प्रयोगको आवश्यकता छ ।

असमान विकासका कारण देश–देशमा क्रान्ति र समाजवाद निर्माणको बाटो झनै विविधतायुक्त र स्थानीयकरण सहितको हुनु अनिवार्य छ । प्रत्येक देशका कम्युनिष्टहरू जति बढी आफ्नो समाजको विकासक्रम, त्यसको मौलिकता र विशेषताका बारेमा जानकार र संवेदनशील बन्न सक्छन् र आन्दोलनको आफ्नै मौलिकता अन्वेषण गर्न सक्छन्, समाजवाद त्यति नै नजिक हुन्छ । मार्क्सवादको प्रयोग र विकासमा एकरूपता होइन, विविधताभित्र एकता खोजिनुपर्छ ।

## नेपालमा मार्क्सवादको सिर्जनात्मक विकास

कम्युनिष्ट आन्दोलनको ८० बर्ष लामो इतिहासमा हामीले धेरै आरोह–अवरोहहरू व्यहोरेको छौं । आन्दोलनमा उत्पन्न दक्षिणपन्थी र वामपन्थी विचलनका कारण धक्का, विभाजन र विखण्डनको कहालीलाग्दो शृङ्खला पार गरेका छौं । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न विवाद र विभाजनमा अनावश्यक ढङ्गले धु्रवीकृत भएका छौं र यसको परिणामस्वरूप एकीकृत पार्टी खण्ड–खण्डमा टुक्रिएको कटु यथार्थ भोगेका छौं ।

२०६/३७ देखि हामीले पार्टीभित्र गंभीर वैचारिक बहसहरू सञ्चालन गऱ्यौं– नेपाली इतिहासको नयाँ व्याख्या, समाजको चरित्र निरूपण, क्रान्तिको मौलिक कार्यक्रम तर्जुमा, प्रधान अन्तरविरोधको निक्र्यौल तथा नेपाली क्रान्तिको आफ्नै विशिष्ट बाटोको पहिचानका सम्बन्धमा । यस सघन बहसका क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा हामीले नेपाली क्रान्तिको आफ्नै विशिष्ट र मौलिक बाटोको प्रतिपादन गऱ्यौं, जसलाई हामीले जनताको बहुदलीय जनवाद (जबज) नामाकरण गरेका छौं ।

यो सिद्धान्त प्रतिपादन गरिरहँदा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन ठूलो सङ्कटबाट गुज्रिँदै थियो । एकातिर संसारको पहिलो समाजवादी सत्ता–सोभियत सङ्घ विघटन हुँदै थियो भने पूर्वी युरोपका समाजवादी सरकारहरू विस्थापित हुँदै थिए । अर्कोतिर सशस्त्र विद्रोहको बाटो हिंडिरहेका विभिन्न मुलुकका कम्युनिष्ट पार्टीहरूले पनि ठूलो धक्का खाँदै थिए । अक्टोबर क्रान्तिपछि सुरु भएको युगकै अन्त्य भएको जस्तो लाग्ने ती दिनमा समाजवादको भविष्यमाथि गंभीर प्रश्नचिह्न खडा गर्रिंदै थियो । विसर्जनवादको हावा चलिरहेको थियो र चरम नैराश्य फैलिँदै थियो । आन्दोलनका सामु नयाँ प्रश्न र नयाँ चुनौती खडा भएका थिए ।

ती प्रश्नको जवाफ न त मार्क्सवादबाट पलायन र विसर्जनवादले दिन सक्थ्यो, न शास्त्रीय रचनाहरूको जडसूत्रीय रटानले । यसका लागि सिर्जनात्मक सोचको खाँचो थियो । त्यसैले हामीले नारा अगाडि साऱ्यौं– 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं ।' जनताको

बहुदलीय जनवाद (जबज) यही वैचारिक मान्यतामाथि आधारित छ। यो मार्क्सवादलाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्ने क्रममा विकसित नेपाली क्रान्तिको सिद्धान्त हो, यो मार्क्सवादको नेपाली संस्करण हो।

जबजले कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कटलाई मार्क्सवादको कमजोरी होइन, यसको प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरीका रूपमा विश्लेषण गरेको छ। मार्क्सवादको सान्दर्भिकता उत्तिकै रहेको पुनर्पुष्टि गर्दै जबजले सङ्कटको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासमा जोड दिएको छ। मार्क्सवादको सार्वभौम सच्चाइहरू संसारका सबै मुलुकमा उत्तिकै सान्दर्भिक भएतापनि तिनको प्रयोग भने आफ्नो देशको विशिष्ट परिस्थिति अनुरूप मौलिक र विशिष्ट ढङ्गले हुने कुरामा विशेष जोड दिंदै जबजले नेपाली समाजका विशिष्टताहरूमाथि ध्यान केन्द्रित गरेको छ।

झण्डै पाँच हजार बर्ष लामो गौरवपूर्ण इतिहास बोकेको नेपाली समाज संसारका प्राचीनतम सभ्यताहरू बोकेको समाजमध्ये एक हो। बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक संरचनामा आवद्ध नेपाली समाजमा विविधता र बहुलता चारित्रिक विशेषताको रूपमा रहेको छ।

हजारौँ वर्षको विकासक्रममा विविध सभ्यता र संस्कृतिको सहअस्तित्व, अन्तरक्रिया र अन्तरभुक्ति मार्फत् मौलिक नेपाली चिन्तन परम्परा विकसित भएको छ। शान्ति, सहिष्णुता, सहअस्तित्व र सहकार्य जस्ता सकारात्मक विशेषता समाजमा विद्यमान छन्। जबजमा यी विशेषता प्रतिविम्बित छन्।

जबजले नेपाली जनताको सङ्घर्षका विभिन्न धारा– देशभक्तिपूर्ण धारा, समाज सुधार र मानवतावादको धारा र लोकतान्त्रिक आन्दोलनको धारालाई .आत्मसात गरेको छ र यिनलाई समाजवादी अन्तरवस्तु प्रदान गरेको छ।

विधिको शासन, आवधिक निर्वाचन, मानव अधिकार र संविधानको सर्वोच्चता जस्ता विषयहरू पुँजीवादी क्रान्तिका दौरान विकसित भएको भए पनि यिनीहरू आफैमा पुँजीवादी होइनन्, यी मानव जातिले आर्जन गरेका जीवन्त उपलव्धिहरू हुन्। राज्यसत्ताको सार (चरित्र)लाई निर्धारण गर्ने मुख्य विषय त्यसले कुन वर्गलाई प्रतिनिधित्व गर्छ र राज्यसंयन्त्र तथा अर्थतन्त्र कसको नियन्त्रणमा छ भन्ने हो। त्यसले अवलम्बन गर्ने शासन प्रणाली त्यसको रूप पक्ष मात्रै हो। त्यसैले जबजले श्रमजीवी वर्ग पक्षधर राज्य तथा लोकतान्त्रिक प्रतिष्पर्धात्मक शासन प्रणालीलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको हो। यसले सार र रूप, अन्तरवस्तु र आकृति सम्बन्धी मार्क्सवादी दर्शनको आधारभूत पक्षलाई अभिव्यक्त गरेको छ।

जनवादी व्यवस्थामा मात्रै होइन, समाजवादको प्रारम्भिक चरणमा पनि समाज वर्गीय नै रहिरहन्छ। समाजमा वर्ग भइसकेपछि तिनलाई प्रतिनिधित्व गर्ने भिन्नभिन्न विचारहरू अभिव्यक्ति हुनु र तिनीहरू सङ्गठित हुनु स्वाभाविकै हो। त्यसैले समाजको वर्गीय चरित्रसँग तादात्म्य कायम हुने गरी जबजले बहुदलीय प्रतिष्पर्धाको बाटोलाई स्वीकार गरेको छ। सीमित प्रतिगामी शक्तिबाहेक अन्य वर्ग, विचार र दलहरूका बीचमा प्रतिष्पर्धालाई स्वीकार गर्ने तथा कम्युनिष्ट पार्टीले यही प्रतिष्पर्धाकै बीचबाट आफूलाई

श्रेष्ठ साबित गर्ने बाटो अख्तियार गरेको छ । कम्युनिष्ट पार्टीले बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्छ भने र उसले सही बाटो अवलम्बन गरेको छ भने प्रतिष्पर्धाबाट किन तर्सिने ?

हरेक राज्य वर्गीय हुन्छ र राज्यसत्ता आफैमा एक खालको अधिनायकत्व हो । फरक यत्ति हो– पुँजीवादी राज्यसत्ता अल्पमतको अधिनायकत्व हो भने समाजवादी सत्ता बहुसङ्ख्यक जनताको । तर राज्यसत्ताको काम अधिनायकत्व अर्थात् नियन्त्रण मात्रै होइन । समाजवादी सत्ताको मुख्य विशेषता बहुसङ्ख्यक जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउनु हो । समाजवादी लोकतन्त्र पुँजीवादी लोकतन्त्र भन्दा गुणात्मक रूपमै अग्रगामी हुन्छ, हुनुपर्छ । त्यसैले जबजले 'जनताको जनवादी सत्ता' भन्ने शव्दावली प्रयोग गर्छ ।

पुँजीवादी सत्ता हिंसात्मक दमनमा उत्रिएका कारण संसारका विभिन्न देशमा कम्युनिष्ट पार्टीले हिंसात्मक प्रतिरोधको बाटो लिनु पर्‍यो । तर हिंसा क्रान्तिको अपरिहार्य साधन या सिद्धान्तको बिषय होइन । हिंसालाई क्रान्तिको पर्यायवाची जस्तो गरेर प्रस्तुत गर्दा थुप्रै ठाउँमा कम्युनिष्ट पार्टीले अनावश्यक क्षति र दमन व्यहोरेको छ, जनताबाट अलग्गिएको छ र बदनाम पनि भएको छ । त्यसैले जबजको मान्यता छ– सङ्घर्षको स्वरूप र बाटो परिस्थितिजन्य हुन्छन् । विपक्षी कसरी प्रस्तुत हुन्छ, त्यसले तपाईले लिने बाटो तय हुन्छ । एक्काइसौं शताव्दीमा आइपुग्दा नयाँ विश्व सन्दर्भले समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक रूपान्तरणको बाटोलाई संभव तुल्याइदिएको छ ।

यसका अलावामा बदलिएको विश्व सन्दर्भ, हाम्रो संवेदनशील भूराजनीतिक अवस्था र अन्य विशेषतालाई पनि ध्यानमा राखेर हामीले नेपाली क्रान्तिको सिद्धान्तको रूपमा जबजलाई निर्माण र विकास गरेका छौं ।

सिद्धान्तको विकास क्रमिक ढङ्गले अगाडि बढ्दै जान्छ । सुरुमा पूर्व अनुभव, भावी अनुमान र केही सैद्धान्तिक–दार्शनिक अवधारणामाथि आधारित भएर सिद्धान्तहरू निर्माण हुन्छन् । व्यवहारमा लागू हुने क्रममा तिनको परीक्षण हुन्छ र तिनीहरू अझ उन्नत र समृद्ध हुँदै जान्छन् । फेरि तिनीहरूले अझ उन्नत स्तरको व्यवहारलाई मार्गदर्शन गर्छन् र प्राप्त अनुभवका आधारमा थप विकसित हुँदै जान्छन् । सिद्धान्तको निर्माण र विकासको यही द्वन्द्वात्मकताकै क्रममा सुरुमा कार्यक्रमको रूपमा अगाडि सारिएको जनताको बहुदलीय जनवादले सिद्धान्तको रूप ग्रहण गरेको हो ।

गएको ३३ बर्षको नेपाली राजनीतिको अग्निपरीक्षामा जबजको सच्चाइ बारम्बार पुष्टि र प्रमाणित भएको छ । सामन्तवादलाई परास्त गर्न यसले निर्णायक भूमिका खेलेको छ । नवउदारवादसँगको वैचारिक प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै सामाजिक न्यायलाई स्थापित गर्न निर्णायक भूमिका खेलेको छ । उग्रवामपन्थविरुद्धको वैचारिक सङ्घर्षमा यसले विजय हासिल गरेको छ र हतियार बोकेकाहरूलाई शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोमा आउन उत्प्रेरित गरेको छ । आज जबजले अवलम्बन गरेको सामाजिक न्यायसहितको लोकतन्त्र सिङ्गो राष्ट्रकै मान्यता बन्न पुगेको छ । तीन दशक यताका परिवर्तनमा जबजका विचारहरूको जबर्जस्त प्रभाव छ । प्रतिगामी, यथास्थितिवादी र क्षेत्रीय/जातीय सङ्कीर्णतावादी चिन्तनहरू कमजोर बनेका छन् ।

जबजलाई कार्यान्वयन गर्ने क्रममा यसलाई हामीले समयानुकूल विकास पनि गर्दै लगेका छौँ। समाजवाद निर्माण र समृद्धिको अभियानको मार्गदर्शन गर्न गरिएका नयाँ मान्यताहरूको विकास यस सन्दर्भमा उल्लेखनीय र महत्वपूर्ण छन्।

कार्यान्वयनका क्रममा जबजमा गरिएका विकासका मुख्य आयामहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ–

— जबजले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापनाको अभियानमा वैचारिक नेतृत्व गरेको छ।

— प्रगतिशील अन्तरवस्तु र समाजवाद ओरियन्टेशन भएको संविधान निर्माणका लागि मार्गदर्शन गरेको छ।

— औपचारिक प्रजातन्त्र होइन, जनताको जीवनमा सार्थक परिवर्तन ल्याउन सक्ने प्रजातन्त्र आवश्यक छ भन्ने जननेता मदन भण्डारीको अगुवाइमा निर्मित सोचलाई आज परिपूर्ण लोकतन्त्रको समष्टिमा व्याख्या र विकास गरिएको छ।

— कमरेड मदन भण्डारीले प्रस्तुत गर्नुभएको 'प्रगतिशील राष्ट्रवाद' को अवधारणा आज अझ समुन्नत भएर भूगोल, जनसङ्ख्या या आर्थिक सामथ्र्यका दृष्टिले राष्ट्रहरूको आकार भिन्नभिन्न भए पनि सबैको सार्वभौमसत्ता र राष्ट्रिय आत्मसम्मान बराबरी हुन्छ भन्ने मान्यता स्थापित भएको छ। राष्ट्रिय स्वाभिमानको विकास, सानो राष्ट्र हीनताबोधको अन्त्य गर्न मार्गदर्शन गरेको छ।

— समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र गन्तव्यको पहिचान एवं रेखाङ्कन गरिएको छ।

— समृद्धितिरको सार्थक यात्राका लागि यसले बाटो देखाइरहेको छ।

सारमा, लोकतन्त्रको उन्नत स्वरूपका रूपमा परिपूर्ण लोकतन्त्र र नेपाली विशेषता सहितको समाजवादको अवधारणाका रूपमा समृद्ध नेपाल, सुखी नेपालीको रेखाङ्कन जबजको सैद्धान्तिक भण्डारमा थप गरिएको नयाँ आयाम हो।

त्यसैले, जनताको बहुदलीय जनवादको 'कार्यान्वयन भएन', 'चुनावदेखि चुनावसम्म सीमित भयो' या 'यो पार्टी नेताहरूको सत्तागमनको साधन मात्रै भयो' भनेर यदाकदा सुनिने गरेका टिप्पणीहरू सही होइनन्। नि:सन्देह, कार्यान्वयनमा क्रममा कुनै कमजोरी नै रहेनन् भन्ने हाम्रो दाबी छैन। कुनै पनि सिद्धान्तको कार्यान्वयनमा त्रुटि, कमी या सीमाहरू हुन सक्छन्। हामी पनि त्यसको अपवाद होइनौँ। तर जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजको रूपान्तरण गर्ने हाम्रो प्रयाशको निष्ठा, इमान र सङ्कल्पमा भने कुनै सन्देह छैन।

समयक्रममा आज जबज सामाजिक जीवनका विविध आयामहरूलाई समेटेको समग्र सिद्धान्तका रूपमा विकसित भएको छ। जबजको सहीपना नै मुख्य कारण हो, जसले समाजवाद प्रतिरक्षात्मक अवस्थामा रहेको प्रतिकूल विश्व परिस्थितिमाझ पनि नेपालमा वामपन्थी आन्दोलनको प्रबल संभावनालाई जीवन्त राखेको छ। राष्ट्रिय राजनीतिमा कम्युनिष्ट पार्टीको प्रभाव र भूमिका फराकिलो बन्दै गइरहेको छ र आज

नेकपा (एमाले) कम्युनिष्ट आन्दोलन र लोकतन्त्र आन्दोलनको मात्र होइन, मुलुककै मुख्य शक्तिका रूपमा स्थापित भएको छ।

निश्चय नै, चुनौतीहरू छन्। केही नयाँ प्रश्नहरू पनि छन्। जस्तो कि, प्रतिकूल विश्व शक्ति सन्तुलन र जटिल भूराजनीतिका बिचमा नेपाल जस्तो मुलुकले एक्लै समाजवाद निर्माण गर्नु संभव छ ? बीसौं शताब्दीको उत्तरार्धमा चिलीमा आयन्देले, कङ्गोमा प्याट्रिस लुमुम्बाले या इन्डोनेसियामा सुकार्नोले भोग्नु परेको 'नियति' पनि हामीलाई याद छ। तर एक्काइसौं शताब्दीमा आइपुग्दा जननिर्वाचित प्रगतिशील सरकारहरूलाई सिधै हस्तक्षेप या आक्रमण गर्नु सहज हुनेछैन।

जस्तो कि, शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोबाट अगाडि बढ्दा निर्वाचनलाई गलत ढङ्गले प्रभावित गरेर पुँजीपतिहरूले लाभ लिन सक्ने जोखिमको सामना कसरी गर्ने ? तर चुनौती जुनसुकै बाटोमा पनि हुन्छन्। कम्युनिष्ट पार्टी निरन्तर जनताको हृदयमा बसिरहन सक्यो भने, उनीहरूसँग निरन्तर सान्निध्य र निगरानीमा रहिरहन सक्यो तथा आफ्ना विचारहरूलाई निरन्तर जनताबाट अनुमोदित गराइरहन सक्यो भने प्रतिकूलता, प्रतिगमन तथा प्रतिक्रान्तिका संभावनालाई परास्त गर्न सकिन्छ।

जस्तो कि, खुल्ला समाजमा बाहिरी अवाञ्छित प्रभावका कारण कम्युनिष्ट पार्टीमा सिर्जना हुन सक्ने विकृतिलाई कसरी रोक्ने ? यसका लागि पार्टीभित्र निरन्तर शिक्षा, सजगता र शुद्धीकरण नै यसको समाधान हो भन्ने हामीलाई लाग्छ।

जस्तो कि, चौथो औद्योगिक क्रान्तिले ल्याएको परिवर्तन, यसले श्रम, उत्पादन, उपभोग र वितरणमा ल्याएका अकल्पनीय फेरबदलहरू अनि सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) ले ल्याएको सुनामी बिच वर्ग्गीय आन्दोलनलाई कसरी अगाडि बढाउने ? सत्यको रक्षा कसरी गर्ने ? श्रमिकहरूको काम गरी खाने अधिकारको रक्षा कसरी गर्ने ? हामीलाई लाग्छ, यसको कुनै तम्तयार जवाफ छैन। तर सिर्जनात्मक सोच, नवीन अन्वेषण र नयाँ मान्यताको विकास गर्दै हामी यी नयाँ प्रश्नहरूको पनि समाधान गर्दै जान सक्नेछौँ।

सन् १९९४ मा कोलकतामा आयोजित विश्वका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूको विशेष कार्यक्रममा जननेता मदन भण्डारीले भन्नुभएको थियो– मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पुँजीवादीहरूले आशा गरेजस्तो पुँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।...... विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ, जसले मानव जातिको स्वाधीनता, मुक्ति र प्रगतिका निम्ति, सामाजिक शोषणको समाप्तिका निम्ति, उत्पादक शक्तिको विकासका निम्ति मार्क्सवादको कुनै विकल्प छैन भन्ने कुरा प्रमाणित गरोस् र यसको शाश्वत जीवनको प्रत्याभूति गरोस्।....समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त ढङ्गले लागू गर्नाका लागि नयाँ चिन्तनको आवश्यकता छ।'

जबज यही चिन्तनको एउटा महत्वपूर्ण अभिव्यक्ति हो।

# १५. पार्टी

समाजवादको आधार निर्माणको ऐतिहासिक अभिभारा अरु कुनै पार्टी या शक्तिबाट पूरा हुनु संभव छैन। नेपाली काङ्ग्रेस मुलुकको पुरानो पार्टी हो र प्रजातान्त्रिक आन्दोलनमा सकारात्मक भूमिका खेलेको पार्टी पनि हो। तर लोकतन्त्रको रक्षा, राज्य सञ्चालन र समृद्ध समाज निर्माण लागि भने यो 'टेस्टेड' भइसकेको शक्ति हो। यसले सात सालपछि क्रान्तिका पक्षधर शक्तिहरूलाई समेट्दै आन्दोलनको रक्षा गर्न सकेन। पन्ध्र सालको निर्वाचनमा दुई तिहाई बहुमत पाएर पनि क्रान्तिका उपलव्धि जोगाउन सकेन। २०४८ र २०५६ मा दुई–दुई पटक बहुमत पाएर पनि आफ्नै अन्तरकलहका कारण सरकार गुमायो, र २०५९ सालमा त प्रजातन्त्र नै राजाको हातमा पुग्ने स्थिति निर्माण भयो। उसले अवलम्बन गरेको नवउदारवादी आर्थिक नीतिले समृद्धिको यस अभियानको नेतृत्व गर्न सक्दैन भन्ने प्रष्ट छ। नवउदारवाद संसारभरि नै असफल भइसकेको छ भने नेपालमा यस विचारले अगुवाइ गर्न सक्ने कुनै संभावना छैन।

नेकपा (माओवादी केन्द्र) बाट यस्तो नेतृत्व संभव छ त ? बिल्कुलै छैन। कुनै बेला नेकपा (एमाले) र यसको सिद्धान्त जनताको बहुदलीय जनवादको 'एण्टिथेसिस' का रूपमा 'प्रचण्ड' ले विकास गरेको भनिएको सशस्त्र युद्धको बाटो, सेना बिनाको पार्टी कम्युनिष्ट पार्टी नै होइन भन्ने आग्रह र बहुदलीय प्रतिष्पर्धालाई अस्वीकार गर्दै जनवादी अधिनायकत्वको एकदलीय सोच त उहिल्यै असफल भइसकेको हो। 'प्रचण्डपथ' लाई कुनै निर्जन बाटोतिर थन्क्याएका माओवादी साथीहरूका लागि आज 'माओवादी' ट्याग पनि भारी भएको छ। शान्ति प्रक्रियामा आइसकेपछि अगाडि सारिएका सत्ता कब्जा, सेनामा समूहगत समायोजन, जातीय राज्य लगायत माओवादीका प्राय: सबै प्रयोग असफल भएका छन्। अस्थिरता, अवसरवाद एवं विभाजनकारी सोच र भ्रष्ट व्यवहारले गर्दा आज माओवादी वैचारिक, साङ्गठनिक र चारित्रिक हिसाबले निरन्तर क्षयीकरण हुँदै गएको छ। कसैको पनि बहुमत नभएको 'हङ् पार्लियामेन्ट'का कारण सत्ताको लाभ लिइरहनु एउटा कुरा हो। तर मुलुकको वैचारिक–राजनीतिक नेतृत्व गर्ने प्रतिष्पर्धाबाट माओवादी केन्द्र बाहिरिइसकेको छ।

सङ्कीर्ण, यथास्थितिवादी एवं राष्ट्रियताका बारेमा त्रुटिपूर्ण सोच बोकिरहेका मधेस–केन्द्रित दलहरूले राष्ट्रको नेतृत्व गर्न सक्ने प्रश्नै भएन।

राष्ट्रिय प्रजातन्त्र पार्टी र अन्य राजावादी समूहहरू राजतन्त्र फर्काउने सपना देख्छन्, कतिले धर्मलाई राजनीतिक हतियार बनाउन चाहन्छन्। जन्मजात श्रेष्ठताको सामन्ती विचारले र त्यस्तो विचार बोक्ने त्यसका अनुयायीहरूले आजको लोकतान्त्रिक युगमा समाजको नेतृत्व गर्ने कुरा कल्पना बाहिरको कुरा हो। पछिल्लो समय राजावादीका नाममा संविधान नै नमान्ने, प्रचलित कानुन र प्रशासनका आदेशहरूको अवज्ञा गर्ने, शान्तिपूर्ण प्रदर्शनका नाममा हिंसा र अराजकता मच्चाउने प्रवृत्ति बढेको छ। यो स्वीकार्य हुन सक्दैन।

समाजमा असन्तुष्टि, गुनासो र बेथिति सिर्जना गर्दै त्यसबाट उत्पन्न नकारात्मकतालाई प्रयोग गर्दै केही दल र व्यक्तिहरू गत: निर्वाचनबाट नाटकीय ढङ्गले राजनीतिक रङ्गमञ्चमा उदाए। विशेष गरेर नेकपाको विभाजन, जनादेशबाट सरकार चलाइरहेको नेकपा (एमाले) लाई परमादेशबाट गरिएको

विस्थापन, त्यसपछिका नीतिहीन गठबन्धन र त्यसले सिर्जना गरेको राजनीतिक विकृतिले गर्दा समाजको एउटा तप्काले विकल्पको खोजी गरिरहेको थियो। समाजको यही मनोविज्ञानलाई 'पपुलिस्टहरू' ले राम्रैसँग दुरूपयोग गरे। तर उनीहरूसँग प्रश्नहरू थिए, उत्तर थिएन। हातमा समस्याको चाङ थियो, तर समाधानको कुनै विकल्प थिएन। न कुनै वैचारिक–राजनीतिक स्पष्टता। न विगतको कुनै बिरासत र योगदान। न कुनै सुस्पष्ट गन्तव्य। न त निश्चित वर्गआधार र लक्षित समूह। तलाउमा देखा पर्ने एउटा तरङ्ग जस्तै यस्तो पपुलिज्म उठ्नु र छिट्टै सेलाउनु अनिवार्य नै थियो। हामीले सुरुदेखि नै भन्दै आएका थियौं– यो कुनै विकल्प होइन, हुन सक्दैन। दुई वर्ष बित्दानबित्दै समाजले पनि निष्कर्ष निकालिसकेको छ– पपुलिज्म कुनै समाधान या विकल्प होइन।

विचारका हिसाबले जनताको बहुदलीय जनवाद र शक्तिका हिसाबले नेकपा (एमाले) यस अभियानको सारथी हो भन्ने कुरामा कुनै द्विविधा छैन।

## निर्णायक राष्ट्रिय शक्तिको रूपमा पार्टी निर्माण

यस अभियानको सफल नेतृत्वका लागि हाम्रो पार्टीको सोच, संरचना र शैलीको 'रिइञ्जिनियरिङ' भने जरुरी छ। क्रान्ति पछि पनि यदि जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्न र 'डेलिभरी' दिन सक्षम हुन सकेनौं, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थन र अपनत्वको दायरा विस्तार हुँदै जान सकेन भने क्रान्तिकारी परिवर्तनहरू दिगो हुन सक्दैनन्। त्यस कमजोरीको जगमा उत्पन्न हुने असन्तुष्टि, आक्रोश र वितृष्णाको लाभ जुनसुकै पश्चगामी या अतिवादी शक्तिले लिन सक्छन्। यही कुरालाई ध्यानमा राखेर यतिबेला हामी पार्टीलाई नयाँ अभिभारा पूरा गर्न सक्ने गरी पुनर्व्यवस्थित गरिरहेका छौं।

विगतका अनुभवहरूले हामीलाई यस सम्बन्धमा महत्वपूर्ण शिक्षा दिन सक्छन्।

पञ्चायतकालमा तत्कालीन नेकपा (माले) को असाध्यै अनुशासित, जनआधारित र गतिशील सङ्गठन निर्माण गरिएको थियो। अरु धेरै पार्टीहरूले भारत प्रवासलाई आश्रयस्थल बनाए। तर हामीले देशभित्रै, जनताका झुपडीमा बसेर, जनतामै आधारित रहेर सङ्गठन विस्तार गऱ्यौं। सानो र चुस्त सङ्गठन थियो। थोरै, तर समर्पित भूमिगत र पेशेवर कार्यकर्ताहरूको पङ्क्ति थियो। अनेरास्ववियु, नेस्वमयु, अनेमसङ्घ, शिक्षक सङ्गठन र जनपक्षीय मञ्च लगायतका खुल्ला एवं वैध संरचनाहरू मार्फत् हामी श्रमजीवी जनतासँग गहिरो गरी जोडिएका थियौं। जसरी माझीले हातमा डोरी लिएर माछा मार्ने जाललाई नदीभरि फैलाउँछ, त्यसरी नै नेतृत्वले पार्टी निर्माणको राष्ट्रव्यापी नेटवर्क निर्माण गरेको थियो। पञ्चायती चुनावमा हस्तक्षेप गर्दै त्यस्ता मञ्चबाट समेत लोकतन्त्रका निम्ति आधार निर्माण गरेका थियौं। महङ्गी, भ्रष्टाचार, पञ्चायती शासकहरूका दमन, राष्ट्रियताका प्रश्न लगायत जनसरोकारका विषयमा सशक्त हस्तक्षेप गरेका थियौं।

सङ्गठन निर्माण र विस्तारका हिसाबले त्यो कालखण्ड एउटा विशेष कालखण्ड थियो।

२०४६ सालको परिवर्तनसँगै पार्टी निर्माणको नयाँ चरण सुरु भयो। हामीले पार्टीलाई खुल्ला गऱ्यौं। पार्टी एकीकरण मार्फत् पार्टीको पुरानो पुस्ता (पहिलो महाधिवेशनबाट निर्वाचित महासचिव मनमोहन

अधिकारी र तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव तुलसीलाल समेत) र नयाँ पुस्ताको संयोजन गर्‍यौं। जनआधारित कार्यकर्ता पार्टीको मान्यता अनुरूप जनतामा आधारित सशक्त पार्टी सङ्गठन निर्माण गर्‍यौं। जनताको बहुदलीय जनवादको मार्गदर्शन, जननेता मदन भण्डारीको लोकप्रिय व्यक्तित्व, मनमोहन अधिकारीको अभिभावकीय भूमिका र नेता तथा कार्यकर्ताहरूको समर्पित पङ्क्तिले पार्टीलाई राष्ट्रव्यापी विस्तार र जनताको प्रिय पार्टीका रूपमा स्थापित गर्‍यो। संसारभरि कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको बेला नेपालमा हामीले ऐतिहासिक उपलव्धि हासिल गर्‍यौं।

मदन–आश्रितको रहस्यमय निधनपछिको जटिल स्थिति, २०५२ सालमा पार्टी सरकारबाट बाहिरिएपछिको अवस्था र त्यसपछिको तरल राजनीतिमा भने पार्टी निर्माणमा समस्याहरू थपिन थाले। सत्ता राजनीतिप्रतिको अत्यधिक आशक्तिले हामीलाई विस्तारै जनताबाट अलग्याउँदै लग्यो। 'लोकतान्त्रिक–वामपन्थी शक्ति' का रूपमा राष्ट्रिय राजनीतिमा हाम्रो जुन 'स्पेश' थियो, त्यो स्थानबाट हामी विस्तारै धकेलिन थाल्यौं। त्यसै अवधिमा भएको पार्टी विभाजनले सङ्गठनमा गंभीर धक्का लाग्यो। पार्टी विभाजन, माओवादी आक्रमण र बढ्दो प्रतिगामी गतिविधिका बिचमा पनि हामीले सङ्गठनका रक्षा त गरिरह्यौं। २०५६ को निर्वाचनमा पार्टीको पुरानो स्थितिलाई कायम राख्न पनि सफल भयौं। तर पनि नीतिगत अस्पष्टताका कारण सङ्गठनमा अन्यौल र शिथिलता देखा परे। त्यसैको परिणति थियो– पहिलो संविधानसभा निर्वाचनमा पार्टीको कमजोर उपस्थिति। यसै अवधिमा केही नेता र कार्यकर्ताहरूमा विभिन्न भ्रम, विचलन र पलायन पनि देखा पर्‍यो। कतिपयलाई 'पहिचानको राजनीति' नाममा आएका अतिवादी सोचहरूले बहकायो। सङ्गठन संरचना एक हदसम्म सङ्कुचनमा पर्न पुग्यो।

तर ६० को दशकको उत्तरार्धदेखि हामीले सङ्गठनलाई नयाँ धारमा उभ्याउँदै ल्याएका छौं। माओवादी गलत नीतिहरूबारेको स्पष्टता, जातीय–क्षेत्रीय अतिवादको विरोध, संविधान निर्माणमा नेतृत्वदायी भूमिका, भूकम्पपीडितहरूका सेवामा स्वयंसेवकहरूको परिचालन, नाकाबन्दीको सामना र मधेसमा चलेको पृथकतावादी गतिविधिको प्रतिवाद जस्ता विषयले पार्टीको लोकप्रियतालाई उचो बनायो। यसैको जगमा हामीले पार्टीलाई २०७४ को निर्वाचनमा ३४ प्रतिशत लोकप्रिय मत र प्रतिनिधिसभामा १२१ (४४ प्रतिशत) सिटसहित पहिलो शक्तिका रूपमा उभ्याउन सफल भयौं।

माओवादी–केन्द्रसँग पार्टी एकतासँगै नेपाली कम्युनिष्ट आन्दोलन इतिहासमै पहिलो पटक झण्डै दुई तिहाइ बहुमतको हाराहारीमा पुगेको थियो। यसको नेतृत्वमा मुलुकका रूपान्तरणकारी योजनाहरू अगाडि बढाइएका थिए। तर मुलुकलाई निरन्तर अस्थिरता, अन्यौल र पछ्यौटेपनमा राखेर आफ्नो स्वार्थ पूर्ति गरिरहन चाहने शक्तिकेन्द्रहरूको उक्साहटमा पार्टीभित्रको दक्षिणपन्थी अवसरवादी प्रवृत्तिले पार्टीलाई अनावश्यक विवाद, विग्रह र विभाजनको बिन्दुमा पुर्‍यायो। तर समर्पित नेतृत्व र प्रतिबद्ध कार्यकर्ताहरूको बलमा इतिहासकै सर्वाधिक कठिन विभाजन, आक्रमण एवं घेराबन्दीको यस कालखण्डलाई चिर्न सफल भएका छौं। सत्तारुढ छ दलको गठबन्धन र सत्ताको चरम दुरूपयोगका बिचमा पनि विगत निर्वाचनमा पार्टीले हासिल गरेको उपलब्धि र जनताको रोजाइको पहिलो पार्टी हुने गरी पाएको सफलता चानचुने होइन।

लोकतान्त्रिक आन्दोलनमा मात्रै होइन, राज्य सञ्चालन र समृद्धिको अभियानमा पनि पार्टीले आफूलाई अब्बल साबित गर्दै ल्याएको छ । सत्ताको नेतृत्व गर्ने अवसर हामीले थोरै मात्र पाएका छौं, तर जति पाएका छौं– तिनलाई अविस्मरणीय र ऐतिहासिक छाप छाड्ने गरी सदुपयोग गरेका छौ । २०५१ मा मनमोहन अधिकारी प्रधानमन्त्री रहनु भएको नेकपा (एमाले) को सरकार सामाजिक सुरक्षाको थालनी, गाउँमुखी विकासको नयाँ अभियान, सुकुम्बासी समस्याको समाधान, सुशासन र भारतसँगको असमान सन्धीहरू पुनरावलोकनको पहल गर्ने भूमिकाका कारण जनताको मनमा बस्न सफल भएको छ । २०७२ सालमा केपी शर्मा ओलीले नेतृत्व गर्नुभएको सरकार राष्ट्रिय स्वाभीमानको रक्षा, नाकाबन्दीको सामना, मधेस आन्दोलनलाई साम्य पार्ने काम, चीनसँग पारवहन सम्झौताको हस्ताक्षर तथा रणनीतिक पूर्वाधारका कामको थालनीका दृष्टिले अविस्मरणीय रहेको छ । २०७४ देखि २०७८ सम्म करिब साढे तीन वर्ष सरकारको नेतृत्व गर्दा हामीले सङ्घीयताको सफल कार्यान्वयन गरेका छौं । सिके राउतको पृथकतावाद, विप्लवको हिंसा तथा मधेसवादी दलहरूको संविधानको विरोध जस्ता राजनीतिक समस्याको समाधान गर्ने सफलता कायम गरेका छौं । आर्थिक वृद्धि र नेपाललाई अल्पविकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने कीर्तिमान कायम गरेका छौं । सार्वभौम समानताका आधारमा वाह्य सम्बन्धको विस्तार र सुसञ्चालन, सन्तुलित र राष्ट्रिय हितमाथि आधारित परराष्ट्र नीतिको तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई माथि उठाउने काम गरेका छौं । सामाजिक न्याय र सुरक्षाको दायरा विस्तार गरेर लोककल्याणकारी राज्यको आधार निर्माण गरेका छौं ।

यसरी हामीले समृद्धिको अभियानको मोर्चामा पनि सफल नेतृत्व गर्दै आइरहेका छौं ।

आज हामी पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने सङ्कल्पका साथ अगाडि बढिरहेका छौं । नेपालमा सङ्गठित राजनीतिक गतिविधि सुरु भएदेखि नै राष्ट्रिय शक्ति र आत्मसमर्पणवादी शक्ति गरी दुईथरि धारका बिचमा निरन्तर प्रतिष्पर्धा रहँदै आएको छ । एकातिर नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा राष्ट्रिय शक्तिलाई बलियो बनाउने धार र अर्को यसलाई कमजोर गर्दै मुलुकमा वाह्य हस्तक्षेप, आत्मसमर्पण र अस्थिरतालाई बढावा दिने धार । राष्ट्रिय शक्तिको प्रतिनिधित्व गरेकै कारण नेकपाले पटक पटक हस्तक्षेप र आक्रमणको समेत सामना गर्नु परेको छ । दिल्ली सम्झौताको आलोचना गरेका कारण, उत्तरी सीमामा भारतीय चेकपोष्ट राख्ने निर्णयप्रति आपत्ति जनाएका कारण तथा देशभक्तहरूलाई दमन गर्न भारतीय सेना भित्र्याएको कुराको विरोध गरेका कारण पार्टीमाथि २००८ सालदेखि २०१३ सम्म प्रतिबन्ध लाग्यो । लोकप्रिय सरकार सञ्चालन गर्दै जनतामा आशा भरोसा बढाउँदै लगेको बेला मनमोहन अधिकारीले अस्पतालको बेडबाट राजिनामा गर्नु पर्‍यो । भारतीय नाकाबन्दीको सामना र चीनसँग पारवहन सन्धी गरेकै कारण केपी शर्मा ओलीका विरुद्ध २०७३ सालमा अविश्वास प्रस्ताव ल्याइयो । अनि, राष्ट्रिय स्वाभिमानलाई उचो पारेका कारण, आर्थिक समृद्धि र राजनीतिक स्थायित्वतिर मुलुकलाई लगेका कारण नेकपालाई पुन: विभाजन गरियो । आज पनि राष्ट्रिय शक्तिलाई बलियो बनाउने र कमजोर बनाउने यो प्रतिष्पर्धा, यो वर्ग सङ्घर्ष जारी नै छ ।

पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न केन्द्रित गर्नु पर्ने मुख्य काम देहाय बमोजिम रहेका छन् –

**वैचारिक काम–** अब हामीले पार्टीमा वैचारिक काम सघन बनाउनु पर्दछ। पछिल्लो समय वैचारिक काम, पठन संस्कृति र नीतिगत बहसको काम पातलिँदै गएको छ। एकातिर विश्वको शक्ति सन्तुलन, भूराजनीति, नेपाली समाज, उत्पादनका ढाँचा, शोषणका स्वरूप लगायत विषयमा तीव्र परिवर्तन आइरहेका छन् र यसले आन्दोलन सामु नयाँ नयाँ प्रश्न खडा भइरहेका छन्, तर हाम्रो पार्टी पङ्क्तिलाई यस विषयमा अद्यावधिक (अपडेटेड) बनाउन सकिएको छैन। परिवर्तनसँग अपडेटेड हुन नसक्ने संरचनाहरू 'आउट डेटेड' हुन सक्छन्। या कुनै हावाहुरीका पछाडि बग्न सक्छन्। त्यसैले हामीले वैचारिक काम र स्कुलिङलाई प्रभावकारी बनाउनै पर्छ।

**सदस्यता विस्तार र गुणस्तर वृद्धि–** पार्टीको जगका रूपमा रहेको सदस्यताको विस्तार र उनीहरूको गुणस्तर अभिवृद्धिमा समस्या देखा परेका छन्। योजनाबद्ध ढङ्गले सदस्यता विस्तारको प्रयासनगर्ने, सदस्यहरूको गुणस्तर अभिवृद्धि नगर्ने र सदस्यता प्रदान तथा नवीकरण गर्ने विषयलाई पार्टीभित्रको प्रतिष्पर्धामा आफ्नो अनुकूल पार्ने गरी स्वार्थप्रेरित ढङ्गले सञ्चालन गर्ने प्रवृत्ति पनि देखा परेको छ। यसलाई सच्याउनै पर्छ।

**सङ्गठन परिचालन–** कमिटीलाई पद्धतिसम्मत् ढङ्गले सञ्चालन गर्ने काममा पनि समस्या देखा परेका छन्। गुटबन्दीका प्रवृत्ति नियन्त्रण भएका छैनन्। हामीले जित्नु पर्ने प्रतिद्वन्द्वीहरू पार्टी बाहिर छन्। हामीले जित्नु पर्ने गरिबी विरुद्धको लडाइँ, पछ्यौटेपन विरुद्धको लडाइँ, राष्ट्रिय हितको रक्षा र स्वाभिमानको लडाइँ पार्टी बाहिर छ। तर त्यस दायित्वलाई बिर्सेर व्यक्ति स्वार्थलाई प्राथमिकता दिने, पार्टीभित्रको प्रतिष्पर्धालाई मुख्य ठान्ने, त्यसलाई अनावश्यक रूपमा तिक्त बनाउने र पार्टीमा भावनात्मक रूपमा विभाजनको रेखा कोर्ने प्रयासपनि छिटफुट रूपमा देखा परेका छन्। यसलाई नियन्त्रण गरिएन भने पार्टी बन्दैन। किनभने गुट बलियो हुनु भनेको पार्टी कमजोर हुनु हो।

**आचरणमा शुद्धता–** कतिपय नेता कार्यकर्ताहरूको आर्थिक र अन्य आचरणमा सार्वजनिक रूपमा प्रश्न उठ्ने स्थिति बनेको छ। हाम्रो पार्टी नाम, झण्डा र लोगोमा मात्रै अन्य पार्टीभन्दा भिन्न होइन, यो सिद्धान्त, नीति, आचरण या शैली हरेक हिसाबले अरुभन्दा पृथक र उन्नत पार्टी हो। यस्तो पार्टीका एकाध नेता कार्यकर्तामा पनि यस्ता प्रश्न उठ्नु कदापि उचित होइन। त्यसैले पार्टी पङ्क्तिमा शुद्धता ल्याउनै पर्दछ।

**जनसम्पर्क र जनपरिचालन–** जनसरोकारका मुद्दाहरूमा पार्टीलाई अग्रपङ्क्तिमा उभ्याउँदै जनताको भरोसाको पार्टीका रूपमा थप विकास गर्नुपर्दछ। यस बिचमा पार्टी अलि बढी राजकीय जस्तो, जनताका समस्याको समाधानमा जनपरिचालनमा भन्दा पनि भनसुनमा ध्यान दिन थालेको जस्तो भएको छ। यसलाई अन्त्य गर्नै पर्छ र जनताको दुखसुखको साथीका रूपमा पार्टीलाई थप क्रियाशील बनाउनु पर्छ। ताकि जनताले भनून्– हामीलाई समस्या पर्दा अरुले हेरुन् नहेरुन्, हामीलाई हेर्ने एमाले छँदैछ नि। विश्वका सबै कम्युनिष्ट निर्माणमा देखिने साझा आयाम हो– पार्टी नेता तथा कार्यकर्ताहरू जनताको बिचमा घुलमिल हुने, आचरण र व्यवहारले जनताको मन जित्ने र यसकै आधारमा पार्टीको राष्ट्रव्यापी र अभेद्य सञ्जाल निर्माण गर्ने। कम्युनिष्ट पार्टीको देखासिकी गरेर कतिपय गैरलोकतान्त्रिक पार्टी या व्यवस्थाहरूले समेत यस्तो अभ्यास गर्ने प्रयत्न गरेको देखिन्छ। हाम्रो ध्यान यसमा केन्द्रित हुनुपर्छ।

**निर्वाचनको योजनाबद्ध तयारी**– योजनाबद्ध तयारीका साथ आगामी निर्वाचनमा पार्टीलाई बहुमतप्राप्त पहिलो शक्तिका रूपमा स्थापित गर्नु पर्दछ। हाम्रा लागि निर्वाचन व्यक्तिगत रूपमा कसले उम्मेदवारी पाउने या नपाउने जस्तो प्राविधिक प्रश्न होइन, समाजवादको आधार निर्माणको अनिवार्य पूर्वशर्त हो। त्यसैले यसलाई व्यक्ति केन्द्रित गरेर सोच्ने, आफूले उम्मेदवारी पाए ठिक नपाए बेठिक भन्दै असहयोग, असमझदारी या अन्तरघात गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नैपर्छ। तबमात्रै हामी प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न सक्छौं।

**पार्टीको शासकीय क्षमता अभिवृद्धि**– परिवर्तित सन्दर्भमा पार्टीको शासकीय क्षमता अभिवृद्धि गर्नु अपरिहार्य भएको छ। आज हामी केन्द्र, तीनवटा प्रदेश र २०६ पालिकामा सरकारको नेतृत्व गरिरहेका छौँ। अन्यत्र पनि हाम्रो प्रभावशाली उपस्थिति छ। ती ठाउँहरूमा शासकीय क्षमता अभिवृद्धि गर्न एवं समृद्धि र सुशासनको कुशल नेतृत्व गर्न सक्नैपर्छ। तर अझै पनि कतिपय ठाउँमा हाम्रो पङ्क्तिमा राज्य सञ्चालनको सही समझ, नेतृत्व क्षमता र कुशलताको अभाव देखिन्छ। पार्टीले नेतृत्व गरेका निकायहरू पनि अरुको जस्तै औसत मात्रै देखिन मिल्दैन, ती उत्कृष्ट बन्नैपर्छ। त्यसैले पार्टीको शासकीय क्षमताका लागि वैचारिक र व्यवहारिक दुबै प्रयाशलाई सघन बनाउनु पर्छ।

हामीले जसरी समुन्नत लोकतन्त्रका रूपमा जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गरेका छौँ, त्यसरी नै, त्यससँग अनुकूल हुने गरी पार्टी जीवनको लोकतान्त्रिकरणको पनि अगुवाइ गर्दै आएका छौँ। आफैभित्र लोकतान्त्रिक आचरण नहुने पार्टीले समाजमा पनि लोकतन्त्रको अगुवाइ गर्न सक्दैन भन्ने हाम्रो स्पष्ट मान्यता छ। पार्टीको लोकतान्त्रिकरणको सार हो– पार्टीका सिद्धान्त, विचार र नीति निर्माणमा पार्टी पङ्क्तिको व्यापक सहभागिता, एकैजना व्यक्तिमा सम्पूर्ण अधिकार केन्द्रित गर्ने 'महासचिवीय' ढाँचाको ठाउँमा बहुपद सहितको सामूहिक नेतृत्व, पदाधिकारीहरू सिधै महाधिवेशनप्रति उत्तरदायी हुने निर्वाचन प्रणाली, पार्टी कामको आवधिक मूल्याङ्कनका लागि महाधिवेशन/अधिवेशन प्रतिनिधि परिषद्को व्यवस्था, पार्टीका नीतिहरूका बारेमा समाजका विभिन्न तहतप्काहरूबाट पनि पृष्ठपोषण प्राप्ति, पार्टीमा नयाँ पुस्ताको योजनाबद्ध पहिचान, प्रवेश र नेतृत्व विकास, पार्टीमा समावेशिता आदि। नेकपा (एमाले) ले यी विषयहरूमा मुलुकका अन्य पार्टीलाई समेत प्रभावित गर्दै आएको छ।

पार्टी जीवनको लोकतान्त्रिकरण भनेको पार्टीको लक्ष्यसँग अविभाज्य ढङ्गले जोडिएको विषय हो। लक्ष्यबाट बहकिएको या त्यसलाई सघाउ नपुऱ्याउने खालको लोकतान्त्रिकरणको उपादेयता हुँदैन। लोकतन्त्र र अनुशासन अन्तरसम्बन्धित हुन्, निषेधकारी होइनन्। बहस र निर्णय कार्यान्वयन परिपूरक विषय हुन्, अन्तरविरोधी होइनन्। मूल नेतृत्व र पदाधिकारीहरू एउटा टिम हुन्, स्वयंभू र स्वायत्त टापुहरू होइनन्। युवा पुस्ताको निरन्तर विकास र पुरानो पुस्ताको अविच्छिन्न मार्गदर्शन एकापसमा जोडिएका विषय हुन्, विभाजनकारी होइनन्। त्यसैले यसलाई समष्टिमा हेर्नुपर्छ। हाम्रा सबै प्रयाशहरू पार्टीलाई एकताबद्ध बनाउन, जनतामा पार्टीको प्रतिष्ठालाई माथि उठाउन र हाम्रो गन्तव्यमा पुग्न सघाउने खालको हुनुपर्छ। जीवनभर जनताको बहुदलीय जनवादको आलोचना गर्ने, लोकतान्त्रिकरणका प्रश्नलाई खिसिट्युरी गर्ने र पायक पर्दा छनौटपूर्ण विषय उठाएर (सेलेक्टिभ ढङ्गले) बहस गर्नु उचित हुँदैन। कुनै पनि विषय अपरिहार्य, निर्विकल्प या हस्तान्तरण नहुने हुँदैन। तर परिस्थिति, सन्दर्भ, आन्दोलनको आवश्यकता र समग्र आयामलाई हेरेर यसको निक्र्यौल गरिनुपर्छ।

यसो गर्न सकियो भने मात्रै राष्ट्रिय शक्ति निर्णायक बिन्दुमा पुग्न सक्दछ र यसको जगमा समृद्ध नेपालको निर्माण गर्न सकिन्छ ।

# १६. नेपाली विशेषताको समाजवाद

माथि नै चर्चा गरिसकिएको छ, हरेक मुलुकको विशिष्ट इतिहास, संस्कृति, सामाजिक–आर्थिक विकासको स्तर र विशेषताका कारण क्रान्तिको बाटो पनि मौलिक हुन्छ र समाजवाद निर्माणको ढाँचा पनि विशिष्ट प्रकृतिको । हरेक समष्टि व्यष्टिमा अभिव्यक्त हुन्छ र हरेक व्यष्टिमा समष्टि अन्तरनिहित हुन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादको मान्यता क्रान्ति र समाजवाद निर्माणको प्रक्रियामा पनि लागू हुन्छ ।

नेपालको संविधानमै राज्यको चरित्र समाजवाद उन्मुख र अर्थतन्त्रको दिशा समाजवाद– उन्मुख भन्ने घोषणा भएसँगै समाजवाद अब कुनै सुदूर कल्पनाको विषय रहेन । यो हामीले पछयाउनु पर्ने र योजनाबद्ध ढङ्गले निर्माण गर्दै जानु पर्ने राष्ट्रिय अभिभाराको विषय बनेको छ ।

## नेपाली विशेषता

समाजवाद सम्बन्धी बुझाइमा भने नेपाली समाजमा एकरूपता छैन । कसैका लागि यो विकासको बाधक विषय हो, किनभने तिनका नजरमा विकासको काम ‘बजारका अदृश्य हातहरू’ ले गर्छन् । त्यसैले खुल्ला बजार अर्थतन्त्र, व्यवसायीहरूलाई अनियन्त्रित स्वतन्त्रता र नवउदारवाद उनीहरूको आदर्श हो । कोही भने राज्य नियन्त्रित समाजवाद र सर्वहारा अधिनायकत्वको नाममा असफल सिद्ध भइसकेको ढाँचाको धङधडीमा देखिन्छन् । हाम्रो समाजवाद सोभियत सङ्घ र त्यसलाई अन्धानुकरण गरेर आम रूपमा पूर्व समाजवादी देशहरूमा लागू गरिएको ‘सोभियत मोडेल’ को समाजवाद होइन । ’प्रजातान्त्रिक समाजवाद’ का पक्षधरहरूसँग असमान सम्पत्ति सम्बन्धको विकल्प के हो, श्रमजीवी वर्गको साँचो मुक्तिको बाटो के हो र नवउदारवादको तीव्र प्रहारका बिचमा समाजवादको रक्षाको बाटो के हो भन्ने कुनै पनि प्रश्नको जवाफ छैन । यतिबेला त्यो नउवदारवादी पुँजीवादको एउटा अङ्गको रूपमा निकम्मा र अकर्मण्य बनेको छ ।

हाम्रो समाजवाद त्यस प्रकारको समाजवाद पनि होइन । हामी यस विषयमा स्पष्ट छौँ ।

हाम्रो सन्दर्भमा समाजवादी प्रणाली मूलत: लोककल्याणकारी चरित्रको, खुला, प्रतिष्पर्धी एवं आर्थिक–सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ–राजनीतिक प्रणाली हो भनेर हामीले विगतमा स्पष्ट पारिसकेका छौँ । सशस्त्र क्रान्तिका माध्यमबाट स्थापित भएका र कम्युनिष्ट पार्टीको नेतृत्वको संवैधानिक प्रबन्ध भएका मुलुकहरूका समाजवाद निर्माणका अनुभवसँग हाम्रा सन्दर्भ मेल खाँदैनन् । हामीले नेपाली विशेषता सहितको समाजवाद निर्माणको मौलिक ढाँचा अन्वेषण र विकास गर्नुपर्छ भनेर पनि जोड दिएका छौँ ।

समाजवाद यस्तो राज्य प्रणालीको नाम हो, जहाँ मानिस–मानिस बिचका विभेदहरू अन्त्य हुन्छन् । असमानताहरू रहन सक्छन्, तर विभेद हुने छैनन् । कोही वैभवको शिखरमा रमाइरहने र कोही आधारभूत

जैविक र मानवीय आवश्यकताबाट पनि बञ्चित हुने स्थितिको अन्त्य भएको हुनेछ। सम्पत्तिको अत्यधिक केन्द्रीकरणलाई नियमन गर्दै उत्पादनका साधनहरूमाथि जनताको पहुँचलाई सुनिश्चित गरिएको हुनेछ। प्रत्येकलाई कामको प्रत्याभूति र परिश्रमको उचित प्रतिफल निश्चित गरिएको हुनेछ। राज्य जनताप्रति जिम्मेवार हुनेछ। कुनै कानुनका कारण वाध्यात्मक जिम्मेवारी होइन, ऊ जनताप्रति नैसर्गिक रूपमै जिम्मेवार हुनेछ। जनता र राज्यप्रतिको कर्त्तव्यबोधबाट निर्दिष्ट हुनेछ। प्रतिष्पर्धा गर्न नसक्ने, श्रम गर्न र आफ्नो जीविकोपार्जन गर्न नसक्नेहरूको दायित्व राज्यले कुनै न कुनै हिसाबले लिनेछ। सामाजिक न्याय र सुरक्षा राज्यको अनिवार्य दायित्व हुनेछ। राज्यले गरिबीको अन्त्य र हरेक नागरिकलाई मानवोचित र मर्यादापूर्ण जीवनको प्रत्याभूति दिलाउन योजनाबद्ध रूपमा काम गर्नेछ। सार्वजनिक क्षेत्रको प्रभावकारी भूमिका हुनेछ, तर निजी क्षेत्र र सहकारी तथा सामूहिक अर्थतन्त्रले पनि राष्ट्रको समृद्धिमा समन्वयात्मक ढङ्गले काम गर्नेछन्।

नेपाली विशेषतासहितको समाजवादले प्रतिष्पर्धात्मक, जनमुखी र पारदर्शी आर्थिक नीति अवलम्बन गर्नेछ। नयाँ प्रगतिशील उत्पादन सम्बन्धको विकासमा सहयोग, उत्पादक शक्तिको विकास, श्रमजीवी वर्गलाई आर्थिक न्याय र सुखद् जीवनयापनको सुनिश्चितता, आर्थिक उत्पादनको प्रचुरता, समन्यायिक वितरण, सहकारिताको सही प्रयोग, पर्यावरणको रक्षा, श्रमलाई प्रोत्साहन तथा उन्नयन, नवप्रवर्तन र नवअन्वेषणलाई निरन्तर प्रेरित गरिनेछ। विश्व मानव समुदायले विकास गरेका नवीनतम प्रविधिलाई आवश्यकता अनुरूप ग्रहण गर्दै तीव्र आर्थिक विकास सुनिश्चित गरिनेछ।

नेपाली समाजको विशेषताको रूपमा रहेको बहुलता र विविधतालाई समाजवादी राज्यप्रणालीमा सामञ्जस्यका साथ अगाडि बढाइनेछ। एकरूपतामा एकता होइन, विविधतामा एकतालाई प्रबर्द्धन गरिनेछ।

विश्व कम्युनिष्ट आन्दोलन र समाजवादी प्रणालीहरूका अनुभवहरूलाई ध्यानमा राख्दै कम्युनिष्ट पार्टीलाई निरन्तर जनताको बिचमा स्थापित गर्ने, जनताको सुखदु:खको साथी र सच्चा प्रतिनिधिका रूपमा यसको चरित्रलाई अक्षुण्ण राख्ने, राज्यको नेतृत्व गरिरहँदा उत्पन्न हुन सक्ने भ्रष्टाचार र नोकरशाहीको जोखिमबाट बचाउन निरन्तर शुद्धीकरण गरिनेछ।

नेपाली इतिहासका गौरवपूर्ण पक्षहरू, संस्कृतिका जीवन्त आयामहरू र नेपालीपनलाई प्रबर्द्धन गर्ने काम गरिनेछ। समाजवादलाई कुनै आकस्मिक, पराई या शून्यबाट सिर्जित व्यवस्था होइन, नेपाली इतिहासको हजारौँ वर्षको विकासको स्वाभाविक परिणतिका रूपमा, त्यसको निरन्तरता र उत्तराधिकारीका रूपमा विकास गरिनेछ।

राष्ट्रिय हितको रक्षा, राष्ट्रिय स्वाभिमान, पहिचान र स्वाधीनताको रक्षा तथा विकास समाजवादका अनिवार्य कार्यभार हुनेछन्।

## परिपूर्ण लोकतन्त्र

नेपाली विशेषताको समाजवादको एउटा महत्वपूर्ण पक्ष हो– यसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताहरूलाई आत्मसात गर्नेछ। संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार,

शक्ति पृथकीकरण र आवधिक निर्वाचन जस्ता विषयहरू राज्यसञ्चालनका अभिन्न विषय हुनेछन्। दलहरू बिचको प्रतिष्पर्धा सुनिश्चित गरिनेछ। जनताको अभिमतबाट मात्रै शासन सञ्चालन गर्ने, अनिर्वाचित सत्ता नहुने कुराको प्रत्याभूति गरिनेछ।

समाजवादी लोकतन्त्रलाई पुँजीवादी लोकतन्त्रभन्दा हरेक आयाममा अझ उन्नत, सुसंस्कृत र सार्थक बनाउने प्रयासहुने छ। नागरिकहरूको अभिव्यक्ति, आलोचना वा विरोध, सिर्जना र व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूत गरिनेछ। राज्य सञ्चालनमा आम जनसमुदायको संस्थागत सहभागिता एवं निर्णायक भूमिकालाई सुनिश्चित गरिनेछ।

हामी परिपूर्ण लोकतन्त्रको पक्षमा छौँ। यस्तो लोकतन्त्रका पक्षमा होइन, जहाँ अधिकारका नाममा पाँच वर्षमा एक पटक भोट हाल्ने र बोल्ने, लेख्ने, सभा सङ्गठन गर्न पाउने औपचारिकतामा सीमित हुनु परोस्। आधारभूत आवश्यकता पूरा भएन भने जनताका लागि यस्तो लोकतन्त्र कागलाई बेल पाके जस्तो बन्न पुग्छ। हामी यस्तो लोकतन्त्रको पक्षमा छौँ, जहाँ आम नागरिकलाई अधिकार बराबर हुनेछ। अवसरमा पहुँच समान हुनेछ। सुरक्षा र सम्मानमा बराबरी हक हुनेछ।

राज्य साँचो अर्थमा जनताको हुनेछ। राज्यका उपलव्धिमा जनताको हक हुनेछ।

## समृद्ध नेपाल, सुखी नेपाली

मानव जातिको अन्तिम उद्देश्य सुख प्राप्त गर्नु हो र समृद्धि हासिल गर्नु त्यसको अनिवार्य पूर्व शर्त हो। राष्ट्र समृद्ध हुनु र जनता सुखी हुनु नै समाजवादको लक्ष्य हासिल हुनु हो।

नेपाली मौलिकता सहितको यस समाजवादलाई हामीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र गन्तव्यका रूपमा पनि व्याख्या गर्न सक्छौँ।

समृद्धिलाई वृहत् नेपाली शब्दकोशले 'समृद्ध हुनुको भाव वा अवस्था, सम्पन्नता। उन्नति, अभ्युदय, बढिबढाउ' भनेर अर्थ्याएको छ। त्यसै गरी समृद्ध शब्दलाई 'धनधान्य आदिले सम्पन्न, पुगीसरी आएको, उन्नतिशील, उन्नत' भनेर परिभाषित गरिएको छ। विश्वव्यापी परिभाषामा पनि समृद्धि (Prosperity) लाई सफलता, प्रगति हासिल गरिरहेको अवस्था या आर्थिक खुशहालीको अर्थमा व्याख्या गरिएको छ। त्यसै गरी सुखलाई नेपाली वृहत् शब्दकोशले 'शारीरिक र मानसिक आनन्दको अनुभव, सबै चाँजोपाँजो मिलेर हुने प्रिय या अनुकूल अनुभूति, आनन्द, हर्ष। ... मनोकामना पूरा हुँदा मनमा हुने खुसियाली, प्रिय वस्तुको प्राप्तिबाट हुने आनन्दको अनुभव। सुविधा, सुबिस्ता। समृद्धि, उन्नति। कल्याण, मङ्गल। निरोगी अवस्था, आरोग्य।' आदिका रूपमा व्याख्या गरेको छ। 'Happyness' लाई अङ्ग्रेज कोशकारहरूले खुशहाली या तृप्तिको अवस्था, आनन्द या सन्तुष्टिको अवस्थाका रूपमा अर्थ्याएका छन्।

हामीले विश्वव्यापी रूपमा स्वीकृत परिभाषाको दायराभित्रै समृद्धि र सुखको कुरा गरिरहेका छौँ।

समृद्धि भनिरहँदा हामीले कूल ग्राहस्थ उत्पादनको वृद्धिलाई आधार बनाएर त्यसको औसतलाई मापन गरिरहेका छैनौँ। यदि समृद्धिले प्रत्येक नागरिकलाई संवोधन गर्न सकेन, उनीहरूका आधारभूत जैविक र मानवीय आवश्यकताहरूको परिपूर्ति गर्न सकेन भने आँकडामा देखिने औसत प्रतिव्यक्ति आय या कूल ग्राहस्थ उत्पादन वृद्धिको खास अर्थ हुँदैन। त्यसैले हामी आम नागरिकले सापेक्षित सन्तुष्टि पाउन सक्ने समृद्धिको वहस गरिरहेका छौँ।

पन्ध्रौं पञ्चवर्षीय योजना निर्माण गरिरहँदा हामीले २५ वर्षे दीर्घकालीन सोच पनि तर्जुमा गरेका छौँ। विक्रम सम्बत्को एक्काइसौँ शताव्दीको अन्त्यसम्ममा नेपाललाई समुन्नत राष्ट्र निर्माण गर्नका लागि त्यस योजना र दीर्घकालीन सोचमा समृद्धिका चारवटा आयामहरू पहिचान गरिएको छ। ती हुन्– सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर–आबद्धता, मानव पुँजी निर्माण एवं संभावनाको पूर्ण उपभोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व एवं उच्च र समतामूलक राष्ट्रिय आय। त्यसै गरी निक्र्यौल गरिएका सुखका ६ वटा आयामहरू हुन्– परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान। यी आयामहरूमा थपघट गर्न सकिन्छ, तर आधारभूत रूपमा समृद्धि र सुखका लागि यी विषयहरू धैरै महत्वपूर्ण छन्।

सामान्यतया समृद्धिलाई मापन गर्न सकिन्छ। जस्तो कि जनताको जीवनमा के परिवर्तन आयो ? औसत आयु, साक्षरता या मातृ शिशु मृत्युदरमा के सुधार देखियो ? सबै नागरिकले आवास सुविधा पाए ? खाद्य सुरक्षाको पूर्ण प्रत्याभूति भयो ? बालबालिकाहरू स्कुल गइरहेका छन् ? नागरिकले स्वास्थ्य सुविधा उपभोग गर्न पाएका छन् ? आदि। सुख चाहिँ मनोगत विषय हो, यो अनुभूतिजन्य विषय हो। तर यो कतिपय धार्मिक अगुवाहरूले भने जस्तो लौकिक सम्मोहनबाट मुक्त भएर पारलौकिक चिन्तनले प्राप्त हुने अनुभूति या सन्तुष्टिको विषय होइन। समृद्धिले सुखको आधार तयार गर्छन्। यदि नागरिकलाई खाने, बस्ने, ओत लाग्ने जस्ता आधारभूत जैविक विषयको चिन्ता छैन भने, उनका लागि पर्याप्त पोषण र अनुकूल वातावरण उपलव्ध छ भने, नानीहरूलाई कसरी पढाउने होला, विमारी पर्दा कसरी उपचार गर्ने होला या ऋण कसरी तिर्ने होला भन्ने सामाजिक चिन्ताहरूबाट मुक्त छन् भने उनले सुखको अनुभूति गर्नेछन्। समाजमा पाइने समान मर्यादा, सुरक्षाको ढुक्क प्रत्याभूति र अधिकारको समानताले सुखलाई प्रत्याभूत गर्छन्। त्यसैले सुख मनोगत विषय भए पनि यो भौतिक परिस्थिति (समृद्धि) सँग अविभाज्य ढङ्गले जोडिएको छ।

सबै जीवजस्तै मानिसको पनि पहिलो सहजवृत्ति सुरक्षाको खोजी हो। जैविक आवश्यकताको पूर्ति हो। तर मानिस चेतनशील प्राणी हो। त्यसैले ऊ त्यत्तिमै सीमित रहन सक्दैन। त्यसैले उसले सम्मान खोज्छ, अधिकार खोज्छ। जैविक र मानवीय न्यायोचित आवश्यकताहरूको सहज परिपूर्ति नै सुख हो।

समाजवादी प्रणाली निर्माण गर्ने या यसका आधार तयार गर्ने क्रममा कैयौं विषयहरू भोलि अनुभवका क्रममा समृद्ध बन्दै जालान्। आजका सन्दर्भमा हामीले समाजवाद– उन्मुख शासन प्रणालीभित्र देहायका विषयहरूलाई सुनिश्चित गर्नैपर्छ, जसलाई हामीले दशौँ महाधिवेशनमै निर्दिष्ट गरेका छौँ–

— उत्पादनका साधनमा सबैको पहुँच,
— ल्याकत अनुसारको काम, उपयुक्त पारिश्रमिक,
— स्वाधीन अर्थप्रणालीको विकास,
— नागरिकहरूले माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र अन्य सामाजिक सेवाहरू सर्वसुलभ ढङ्गले पाउने प्रबन्ध,
— प्रगतिशील कर प्रणाली,
— लोककल्याणकारी राज्यको स्थापना। सर्वव्यापी सामाजिक सुरक्षा।
— सबै खाले विभेदको अन्त्य एवं समतामूलक, न्यायपूर्ण र सभ्य समाजको निर्माण।
— अनुकूल उत्पादन सम्वन्धको विकास। आवश्यकता अनुसार विदेशी पुँजी र प्रविधिको समेत उपयोग गरेर तीव्र आर्थिक विकास।

हामीले प्रस्ताव गरेको समृद्ध नेपाल, सुखी नेपालीको अवधारणा संयुक्त राष्ट्र सङ्घको बडापत्र, नागरिक र राजनीतिक अधिकार बारेको अभिसन्धी, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बारेको अभिसन्धी र दिगो विकास लक्ष्य २०३० का आम भावनासँग मिल्दाजुल्दा छन्। कोही पछाडि नपरुन् भन्ने संयुक्त राष्ट्र सङ्घको आह्वानसँग यसको भावना मिल्छ। हाम्रा पूर्खाहरूले भन्ने गरेको 'सर्वे भवन्तु सुखिन:' को भावनालाई पनि यसले आत्मसात गरेको छ।

यसैको जगमा उभिएर हामीले आगामी दिनमा राष्ट्रको विकासलाई तीव्रता दिने, सुशासनको प्रत्याभूति गर्ने र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्दै समाजवादका आधार निर्माण गर्नेछौं। त्यसका लागि–

**आर्थिक कार्यदिशा–** सामन्तवादका अवशेषको अन्त्य, नोकरशाही तथा दलाल पुँजीवादी शोषणको उन्मूलन, सामूहिकतामा आधारित उत्पादक शक्ति, उत्पादकत्व एवं उत्पादन वृद्धि, आय र अवसरको न्यायोचित वितरणसहितको विकास, गरिबी, बेरोजगारी, असमानता एवं परनिर्भरताको अन्त्य, आत्मनिर्भर अर्थतन्त्रको विकास र समग्रमा समाजवाद– उन्मुख राष्ट्रिय औद्योगिक आर्थिक क्रान्ति।

**कामको केन्द्रबिन्दु–** राष्ट्रिय पुँजी निर्माण, आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणका माध्यमबाट कृषिको उत्पादकत्व वृद्धि एवं किसानहरूको हितको रक्षा। कृषिमा आश्रित ठूलो जनसङ्ख्यालाई क्रमश: औद्योगिक, व्यवसायिक र सेवामूलक क्षेत्रमा स्थानान्तरण गर्दै कृषिलाई श्रम–सघन, यान्त्रीकृत र आधुनिक बनाउने।

**प्राथमिकता–** कृषि पेशाबाट बाहिरिएको, प्रारम्भिक शिक्षा हासिल गरेको र सूचना प्रविधिका माध्यमले एकहदसम्म विश्वसँग परिचित युवा शक्तिलाई रोजगारीका अवसर र उत्पादक शक्तिको उच्चतम विकासका आधार निर्माण। उर्जाशील श्रम शक्ति बाहिर जाने, जोखिमपूर्ण काम गर्न वाध्य हुने, अर्कातिर देशभित्र श्रमशक्तिको अभाव हुने विरोधाभाषपूर्ण स्थितिको अन्त्य। उपभोक्तावादी बन्दै गएको समाजलाई उत्पादनशील समाजमा रूपान्तरण।

**समानता र सुशासन**– बढ्दो आर्थिक विषमता र परनिर्भरताको अन्त्य, अनियन्त्रित उदारीकरण र निजीकरणका कारण खुम्चिएको राज्यको भूमिकामा वृद्धि, सशस्त्र द्वन्द्वले कमजोर बनाएको राज्य प्रणालीको सुदृढीकरण तथा राजनीतिक सङ्क्रमण र अस्थिर सरकारका कारण राज्यको स्रोत साधन र अवसरको दोहनमाथि नियन्त्रण। राजनीतिक संरक्षणमा हुर्किएको कमिशनतन्त्र र भ्रष्टाचारको नियन्त्रण। बिचौलियाको प्रभाव अन्त्य गर्ने र अर्थतन्त्रमा जनताको हिस्सा वृद्धि। उपभोक्ताको हित। खानी, जलस्रोत र जमीन लगायतको लाभ सीमित व्यक्तिको हातमा रहेको वर्तमान स्थितिको अन्त्य। सार्वजनिक यातायात लगायत क्षेत्रमा राज्यको उपस्थिति वृद्धि।

**सामाजिक न्याय**– जातीय विभेद र छुवाछुत विहीन मानव मर्यादायुक्त समाज। यसका लागि सशक्त जागरण अभियान। दलित समुदायका लागि उत्पादनका साधनमा पहुँच र गरिबी अन्त्य गर्ने ठोस कार्यक्रम। साक्षरता, औसत आयु, मानव विकास सूचकाङ्क सबैमा औसत राष्ट्रिय स्तर हासिल गर्ने विशेष व्यवस्था। राजनीतिक प्रतिनिधित्वमा क्रमश: वृद्धि र सार्वजनिक प्रशासन, न्यायसेवा, सुरक्षा निकाय र वित्तीय संस्थामा प्रतिनिधित्व अभिवृद्धि। शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेको व्यापारीकरणको अन्त्य।

लैङ्गिक समावेशिताका दिशामा हासिल उपलब्धिलाई सुदृढ गर्दै लैङ्गिक समानता हासिल गर्नेतिर योजनाबद्ध प्रयास। अझै पनि कायम रहेका बोक्सी, छाउपडी, दाइजो लगायत विकृतिको अन्त्य। परम्परागत तरिका र आधुनिक प्रविधिको दुरूपयोग समेतबाट बढिरहेको महिला हिंसाको अन्त्य। आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक सबै हिसाबले समानताको लक्ष्य।

**सहकार्य**– मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा, वाह्य सम्बन्ध, ठूला पूर्वाधार र परियोजनाहरू, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण लगायत सामाजिक क्षेत्र तथा आर्थिक विकासलाई गति दिन राज्यको नेतृत्वदायी भूमिका। निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र रोजगारी सिर्जना लगायत क्षेत्रमा निजी क्षेत्रको गतिशील भूमिका। सहकारी र समूहहरू मार्फत् छरिएको पुँजी एकत्रित गर्दै अर्थतन्त्रमा जनताको सहभागिता वृद्धि। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरी राष्ट्रियता सुदृढ बनाउने।

**भूअर्थनीति र समन्वय**– विश्वको राजनीतिक र आर्थिक शक्ति सन्तुलनमा आइरहेको परिवर्तन, क्षेत्रीय सहयोगका नयाँ संस्थाहरूको विकास, नयाँ वित्तीय संस्थाहरूको स्थापना र जी– २० समूहमा एसियाली मुलुकहरूको बढ्दो सहभागिता आदिले सिर्जना गरेका भूअर्थनैतिक प्रभावलाई ध्यानमा राख्ने। सूचना–प्रविधिको विकासमा भएको अभूतपूर्व विकास, चौथो औद्योगिक क्रान्तिले ल्याएको प्राविधिक क्रान्ति र रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स, थ्रिडी प्रिन्टिङ आदिले श्रम, उत्पादन र उत्पादन सम्बन्धमा ल्याएको अकल्पनीय परिवर्तनका अवसर र जोखिमको आँकलन। सही नीतिको तर्जुमा। जलवायु परिवर्तनका नयाँ चुनौतीले मानव जाति र हाम्रो पृथ्वीको भविष्यमाथि नै खडा गरेको चुनौतीलाई केन्द्रबिन्दुमा राख्ने। शान्ति, स्थायित्व, र विकासका लागि छिमेकीहरूसँगको सम्बन्धलाई केन्द्रमा राख्दै विश्वका सबै मुलुकहरूसँग सम्बन्ध सुदृढ गर्दै लैजाने।

**विकासको दीर्घकालीन सोच–** आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय दृष्टिले विकसित, समृद्ध र समाजवादी नेपाल र सुखी नेपालीको राष्ट्रिय गन्तव्य। हाम्रो बीस वर्षे लक्ष्य 'नेपाललाई अल्पविकसित मुलुकबाट उच्च–मध्यम आयस्तर सहितको समाजवाद–उन्मुख सबल राष्ट्र बनाउने। यसका लागि (क) लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्वाधीन, आत्मनिर्भर, समतामुलक, शान्तिपूर्ण र सद्भावयुक्त समाजवाद– उन्मुख राष्ट्र निर्माण प्रकृयालाई संस्थागत गर्ने, (ख) उच्च ज्ञान, सीप र प्रविधिमा आधारित आधुनिक, प्रतिस्पर्धी तथा गतिशील आर्थिक व्यवस्थाको माध्यमबाट दुई अङ्क वा त्यस नजिकको आर्थिक वृद्धिदर हासिल गर्ने, र (ग) आधारभूत भौतिक तथा सामाजिक संरचनाको विस्तार, शिक्षित, सीपयुक्त, दक्ष तथा उत्पादक जनशक्तिको विकासमा सार्वजनिक क्षेत्रको भूमिकालाई प्रभावकारी तुल्याउँदै मुलुकलाई समाजवाद तर्फ लैजान संस्थागत, नीतिगत र कार्ययोजनागत संरचना तयार पार्ने।

आगामी १० वर्षमा प्रतिव्यक्ति वार्षिक आय कम्तीमा ४ हजार अमेरिकी डलर र वि.सं. २०९९ सम्ममा प्रतिव्यक्ति वार्षिक आय १३ हजार अमेरिकी डलर पुऱ्याउने। उच्च आम्दानी र गुणस्तर जीवनशैली र सुरक्षित मातृत्व एवं बालमृत्युदरमा न्यूनताका कारण औसत आयु ८० वर्ष पुग्ने। सबै नागरिक कम्तीमा माध्यमिक शिक्षा हासिल गरेका हुने, र अधिकांश स्वास्थ्य सेवा देशभित्रै सर्वसुलभ भएको हुने।

**गरिबीको अन्त्य र मर्यादित जीवन–** निरपेक्ष गरिबीको रेखाबाट सबै नागरिक माथि उठेका हुने। सबै नागरिक कुनै न कुनै प्रकारले आधारभूत सामाजिक सुरक्षाको दायरामा आएको हुने। देशमा खाद्यान्न, औषधी उपचार, आधुनिक उर्जा तथा कामका अवसर सुनिश्चित भएको हुने। संविधान– प्रदत्त मौलिक अधिकारहरूको पूर्ण पालना भएको अवस्था हुने। कृषि अर्थतन्त्रबाट साना, मझौला र ठूला उद्योग–व्यवसाय र सेवा क्षेत्र– प्रधान अर्थतन्त्रमा रूपान्तरित हुने। डिजिटल नेपालको अवधारणा लागू गर्दै सरकारी प्रशासन, व्यवसायिक क्षेत्र, सार्वजनिक तथा निजी सेवाहरू, अभिलेखहरू, तथ्याङ्क, तथा वित्तीय कारोवारहरू डिजिटाइज्ड हुने। सम्पूर्ण आर्थिक तथा शासकीय व्यवस्था विद्युतीय सूचना प्रविधिमा आधारित हुने।

यसको प्राप्तिका लागि नीति र प्राथमिकता देहाय बमोजिम रहनेछन्–

— सामाजिक सद्भाव, राष्ट्रिय एकता र सुदृढ लोकतन्त्र
— आधुनिक कृषि र सम्पन्न किसान
— राष्ट्रिय स्रोतहरूको अधिकतम सदुपयोग
— देशभित्र रहेका खनिज पदार्थहरूको खोज, अध्ययन–अनुसन्धान, उत्खनन, प्रशोधन र प्रयोग
— सहकारीताका माध्यमबाट नागरिकको आर्थिक उन्नयन
— औद्योगीकरण र अर्थतन्त्रको रूपान्तरण
— राष्ट्रको समुन्नतिका लागि पर्यटन र संस्कृति
— वन र वातावरणको संरक्षण, जलवायु अनुकूलन र विपद् व्यवस्थापन
— विद्युत् तथा ऊर्जा विकासबाट समृद्धि

— स्वच्छ खानेपानी
— गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार
— मर्यादित श्रम र सुरक्षित रोजगारी
— निरोगी नेपाल
— जीवनचक्रमा आधारित सामाजिक सुरक्षा
— अन्वेषण, नवप्रवर्तन, सेवा र खेलकुदमा युवा
— लैङ्गिक समावेशिता, समानता र सशक्तीकरण
— सुरक्षित र सर्वसुलभ आवास
— गतिशील अर्थतन्त्र र सेवाका लागि यातायात पूर्वाधार, हवाइ सेवा र जलमार्ग
— समावेशी विकास
— वर्गीय शोषण, जातीय विभेद र छुवाछुतको अन्त्यको प्रत्याभूति
— स्वतन्त्र र जिम्मेवार प्रेस
— भ्रष्टाचार र ढिलासुस्ती मुक्त शासन, सुशासन
— उपभोक्ता हितको रक्षा
— एउटै नेपाल सरकार, अधिकार सम्पन्न प्रदेश र स्थानीय सरकार
— मौलिक राष्ट्रिय संस्कृति
— राष्ट्रिय हित र स्वाभिमानको रक्षा, स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित वाह्य सम्बन्ध।

प्रिय कमरेडहरू, हामीले अवलम्बन गर्ने सिद्धान्त, कार्यक्रम, कार्यदिशा र मुख्य नीतिहरू यिनै हुन्। यिनको कार्यान्वयनबाट हामी एकातिर निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकास र सुदृढीकरण गर्नेछौँ भने अर्कातिर समाजवादका आधार निर्माण गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यतिर हाम्रो यात्रालाई तीव्र पार्नेछौँ। यसका लागि हामीलाई आज एकता, समझदारी र अझ उन्नत स्तरको एकता चाहिएको छ। पार्टीको दोस्रो विधान महाधिवेशनले यस दिशामा ऐतिहासिक कदम चाल्नेछ भन्ने विश्वास लिएको छु।

हार्दिक अभिवादन सहित,

**केपी शर्मा ओली**
अध्यक्ष

२० भदौ २०८२

*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

नेकपा (एमाले)

**दोस्रो विधान महाधिवेशन**

CPN (UML) 2nd Statute Congress, 5-7 September 2025

२०–२२ भदौ २०८२, गोदावरी, ललितपुर

# विधान संशोधन प्रस्ताव

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ बाट भएको संशोधन सहित)को धारा– १५ को १. मा "केन्द्रीय कमिटीले दुई राष्ट्रिय महाधिवेशनको बीचमा विधान महाधिवेशन आयोजना गर्ने" व्यवस्था गरिएको छ। धारा– ८९ को २. मा "केन्द्रीय कमिटीले विधान महाधिवेशन सुरु हुनुभन्दा एक महिना अगावै मातहत कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्ने" व्यवस्था गरिएको छ। त्यसैगरी धारा– ८९ को ३ मा "विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय कमिटी वा सदस्यले केन्द्रीय कमिटीसमक्ष लिखित सुझाव प्रस्तुत गर्नुपर्ने र त्यस्तो सुझावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्ने" व्यवस्था गरिएको छ। उपरोक्त व्यवस्थाअनुरूप दोस्रो विधान महाधिवेशनसमक्ष देहायबमोजिमको विधान संशोधन प्रस्ताव प्रस्तुत गरिएको छ:

## १. प्रस्तावनाको चौथो अनुच्छेद

| | |
|---|---|
| **हालको व्यवस्था** | यो पार्टी नेपाली सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्था हो। यसले शारीरिक तथा मानसिक श्रम गर्ने श्रमिक, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपतिका साथै सम्पूर्ण जाति, भाषा, संस्कृति, भूगोल, पेशा र समुदायका जनताको हितको प्रतिनिधित्व गर्दछ। यस पार्टीको नेतृत्वदायी र निर्णायक भूमिकामा सामन्ती राजतन्त्रको अन्त्य र धर्मनिरपेक्ष तथा समावेशीतासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। यस पार्टीको अधिकतम् कार्यक्रम समाजवाद हो। यो पार्टी संविधानसभाबाट निर्माण भएको संविधानको रक्षा, प्रयोग र विकास गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, सामन्तवादका अवशेषहरूलाई अन्त्य गर्न, दलाल– नोकरशाही पुँजीवादी शोषण उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्न; राष्ट्रिय पुँजीको विकासका साथै सामाजिक न्याय र समानतामा आधारित सामाजिक–आर्थिक रूपान्तरण गर्न, जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्न र समाजवाद स्थापना गर्न प्रतिबद्ध छ। यो पार्टी समाजवाद विकसित हुँदै जाँदा मानव समाज साम्यवादसम्म पुग्नेछ भन्ने विश्वास गर्दछ। |
| **प्रस्तावित संशोधन** | यो पार्टी नेपाली सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्था हो। यसले शारीरिक तथा मानसिक श्रम गर्ने श्रमिक, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपतिका साथै सम्पूर्ण जाति, भाषा, संस्कृति, भूगोल, पेशा र समुदायका जनताको हितको प्रतिनिधित्व गर्दछ। यस पार्टीको नेतृत्वदायी र निर्णायक भूमिकामा सामन्ती राजतन्त्रको अन्त्य र धर्मनिर पेक्ष तथा समावेशीतासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। यस पार्टीको अधिकतम् कार्यक्रम समाजवाद हो। यो पार्टी संविधानसभाबाट निर्माण भएको संविधानको रक्षा, प्रयोग र विकास गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, सामन्तवादका अवशेषहरूलाई अन्त्य गर्न, दलाल– नोकर शाही पुँजीवादी शोषण उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्न; राष्ट्रिय पुँजीको विकासका साथै सामाजिक न्याय र समानतामा आधारित सामाजिक–आर्थिक रूपान्तरण गर्न, जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्न र नेपाली विशेषता सहितको समाजवाद स्थापना गर्न प्रतिबद्ध छ। यो पार्टी समाजवाद विकसित हुँदै जाँदा मानव समाज साम्यवादसम्म पुग्नेछ भन्ने विश्वास गर्दछ। |
| **संशोधन गर्नु पर्ने कारण** | हामीले निर्माण गर्ने समाजवाद नेपाली विशेषतामा आधारित हुने हुँदा यो संशोधन प्रस्ताव गरिएको हो। |

## २. प्रस्तावनाको सातौं अनुच्छेद

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टी सदस्यले पार्टीको उद्देश्य र आर्दशअनुरूप विचार, सङ्गठन, सङ्घर्ष र उत्पादनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नेछन्। आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै जनसरोकारका विषयमा सक्रिय हुनेछन्। सादा एवं नैतिक जीवन र कठोर संघर्षको आदर्शलाई अनुशरण गर्नेछन्। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाँक्षा पुरा गर्न समाजमा विद्यमान सबै प्रकारका अन्याय, अत्याचार र विभेदको समाप्ती तथा न्याय, स्वतन्त्रता, समानता, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा योगदान गर्नेछन्। नि:स्वार्थ भावका साथ देश, जनता र पार्टीको सेवामा समर्पित हुनेछन्। दक्षिणपन्थी तथा उग्रवामपन्थी अवसरवाद र अराजकता तथा सङ्कीर्णताका विरुद्ध जुझ्नेछन् र जनतामा पार्टीका नीति, विचार स्थापित गर्नेछन्। पार्टीलाई जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र अग्रगामी राजनीतिक शक्तिको भूमिकामा स्थापित गर्न र पार्टीको एकता तथा अग्रगती सुनिश्चित गर्न समर्पित हुनेछन्। |
| **प्रस्तावित संशोधन** | पार्टी सदस्यले पार्टीको उद्देश्य र आर्दशअनुरूप विचार, सङ्गठन, सङ्घर्ष र उत्पादनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नेछन्। आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै जनसरोकारका विषयमा सक्रिय हुनेछन्। सादा एवं नैतिक जीवन र कठोर संघर्षको आदर्शलाई अनुशरण गर्नेछन्। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाँक्षा एवं राष्ट्रिय गन्तव्य पुरा गर्न समाजमा विद्यमान सबै प्रकारका अन्याय, अत्याचार र विभेदको समाप्ती तथा न्याय, स्वतन्त्रता, समानता, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा योगदान गर्नेछन्। नि:स्वार्थ भावका साथ देश, जनता र पार्टीको सेवामा समर्पित हुनेछन्। दक्षिणपन्थी तथा उग्रवामपन्थी अवसरवाद र अराजकता तथा सङ्कीर्णताका विरुद्ध जुझ्नेछन् र जनतामा पार्टीका नीति, विचार स्थापित गर्नेछन्। पार्टीलाई जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र अग्रगामी राजनीतिक शक्तिको भूमिकामा स्थापित गर्न र पार्टीको एकता तथा अग्रगती सुनिश्चित गर्न समर्पित हुनेछन्। |
| **संशोधन गर्नु पर्ने कारण** | 'समृद्ध नेपाल सुखी नेपाली' राष्ट्रिय आकाङ्क्षा मात्र नभएर, सचेत र संगठित प्रयासबाट हासिल हुने राष्ट्रिय गन्तव्य पनि भएको हुनाले 'समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा' भन्ने वाक्यांशपछि ''एवम् राष्ट्रिय गन्तव्य'' भन्ने वाक्यांश थपिएको। |

## ३. धारा ४, पार्टी सदस्य

| | |
|---|---|
| **हालको व्यवस्था** | मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको र देहायको योग्यता भएको नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछ:<br>१. १८ वर्ष उमेर पुरा भएको।<br>२. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको।<br>३. मानसिक सन्तुलन नगुमेको।<br>४ नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि पुरा गरेको।<br>५. पार्टीद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी भएको वा जनवर्गीय संगठन वा सम्पर्क मञ्चको सदस्यता प्राप्त गरी कम्तीमा एक वर्षको अवधि पुरा गरेको। |
| **प्रस्तावित संशोधन** | **धारा ४, पार्टी सदस्य**<br>**(क) पार्टी सदस्य देहायबमोजिम हुनेछन्:**<br>१. सदस्य।<br>२. संगठित सदस्य।<br>**(ख) देहायको योग्यता भएको नेपाली नागरिक सदस्य हुन सक्नेछ:**<br>१. १८ वर्ष उमेर पुरा भएको।<br>२. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको।<br>३. मानसिक सन्तुलन नगुमेको।<br>४. नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि पूरा गरेको।<br>४. पार्टीको नीति, विचारलाई समर्थन गर्ने।<br>५. तोकेबमोजिम सदस्यता शुल्क तिर्न तत्पर।<br>**(ग) सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ:**<br>१. साधारण सभामा सहभागी हुने।<br>२. पार्टीको नीति, विचार सुन्ने, बुझ्ने र अध्ययन गर्ने।<br>३. पार्टीद्वारा आयोजना हुने सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुने।<br>४. पार्टीको पक्षमा प्रचार–प्रसार गर्ने।<br>५. पार्टीको चुनाव चिह्न सूर्यमा मतदान गर्ने।<br>**(घ) सदस्यता प्राप्त गर्ने प्रक्रिया**<br>सदस्यता प्राप्त गर्ने प्रक्रिया र सदस्यतासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | "जनआधारित कार्यकर्ता पार्टी"को संगठनात्मक सिद्धान्तअनुरूप पार्टी निर्माणको कामलाई प्रभावकारी रूपमा अगाडि बढाउन दुई प्रकारको सदस्यताको व्यवस्था आवश्यक भएको। |

## ४. धारा ५, पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ:<br>१. धारा– ४ बमोजिम पार्टी सदस्य बन्न योग्यता पुगेको व्यक्तिले तोकिएको ढाँचामा दुईजना पार्टी सदस्यको सिफारिससहित वडा/शाखा कमिटीमार्फत् पालिका/इलाका कमिटीमा आवेदन दिने।<br>२. पालिका/इलाका कमिटीले त्यस्तो आवेदनउपर आवश्यक छानवीन गरी सिफारिससहित जिल्ला कमिटीमा पठाउने।<br>३. जिल्ला कमिटीले छानवीन गरी योग्यता पुगेको आवेदकलाई सदस्यता प्रदान गर्ने र उक्त निर्णय अनुमोदनका लागि सिफारिससहित प्रदेश कमिटीमा पठाउने।<br>४. प्रदेश कमिटीले आवश्यक प्रक्रिया पुरा गरी अनुमोदन गर्ने र सदस्यता नम्बर प्रदान गर्न केन्द्रीय सङ्गठन विभागमा पठाउने ।<br>५. केन्द्रीय सङ्गठन विभागले सदस्यता नम्बर प्रदान गरी अभिलेख राख्ने र प्रदेश कमिटीमार्फत् सबै तहका सम्बन्धित कमिटीमा पठाउने।<br>६. सदस्यता नम्बर प्राप्त गरी अनुसूची– ४ को ढाँचामा शपथग्रहण गरेपछि पार्टी सदस्यता प्राप्त गरेको मानिनेछ।<br>७. सदस्यता सम्बन्धी विवाद उत्पन्न भएमा वा मापदण्ड पुरा भएको व्यक्तिले उपरोक्त बमोजिम आवेदन गर्दा सदस्यता प्राप्त गर्न नसकेमा विवरण खुलाई प्रदेश कमिटीमा निवेदन दिन सक्नेछ र प्रदेश कमिटीले त्यसउपर निर्णय दिनेछ।<br>८. राष्ट्रिय महाधिवेशनको मिति तोकिएपछि सदस्यता वितरण र स्थानान्तरण हुनेछैन। प्रदेश र स्थानीय कमिटीको अधिवेशनको मिति तोकिएपछि सम्बन्धित क्षेत्रभित्र नयाँ सदस्यता वितरण र स्थानान्तरण हुनेछैन। |
| **प्रस्तावित संशोधन** | **धारा ५, संगठित सदस्य**<br>**(क) देहायको योग्यता भएको नेपाली नागरिक संगठित सदस्य हुन सक्नेछ:**<br>१. धारा– ४ (ख) बमोजिमको योग्यता पूरा गरेको।<br>२. मार्क्सवाद, लेनिनवाद, जनताको बहुदलीय जनवाद र पार्टीको सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति प्रतिवद्ध भएको।<br>३. सदस्य वा जनवर्गीय संगठनको सदस्य वा पेसागत संगठनको सदस्य वा सम्पर्क मञ्चको सदस्य भई कम्तिमा एक वर्ष काम गरेको।<br>४. पार्टीद्वारा आयोजित राजनीतिक महत्वका र जनसरोकारका कार्यक्रमहरूमा सक्रिय रहेको।<br>५. तोकेबमोजिम संगठित सदस्यता शुल्क र लेबी तिर्न तत्पर। |
| **संशोधन गर्नु पर्ने कारण** | दुई प्रकारको सदस्यता अर्थात् सदस्य र संगठित सदस्यको व्यवस्थाअनुरूप हुनेगरी संशोधन प्रस्ताव गरिएको। |

## ५. धारा ६, पार्टी सदस्यको परिक्षणकालीन अवधि र दायित्व

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टी सदस्यको परिक्षणकालीन अवधि र दायित्व देहायबमोजिम हुनेछ:<br>१. पार्टी सदस्यता प्राप्त गरेको मितिले ६ महिनासम्म परीक्षणकालमा रहेको मानिनेछ र सो अवधिमा परिक्षणकालीन दायित्व पुरा गरेमा त्यस्तो व्यक्ति स्वत: पार्र्टी सदस्य हुनेछ ।<br>२. पार्टी सदस्यको परिक्षणकालीन दायित्व देहायबमोजिम हुनेछ:<br>(क) सम्बन्धित कमिटीले तोकेको सङ्गठनमा सङ्गठित भइ काम गर्ने,<br>(ख) पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिको अध्ययन गर्ने,<br>(ग) पार्टीले सञ्चालन गरेको प्रशिक्षण कक्षामा सामेल हुने । |
| **प्रस्तावित संशोधन** | यो धारा हटाउने । |
| **संशोधन गर्नु पर्ने कारण** | दुई प्रकारको पार्टी सदस्यता सम्बन्धी व्यवस्थामा परिक्षणकालीन अवधि आवश्यक नहुने । |

## ६. धारा ७, पार्टी सदस्यको अधिकार र कर्तव्य

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टी सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:<br>१. पार्टी कमिटी वा निकाय वा विभाग वा जनसङ्गठन वा सम्पर्क मञ्च वा तोकिएका संयन्त्रमा सङ्गठित भइ काम गर्ने ।<br>२. पार्टी सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको कार्यान्वयन गर्र्ने ।<br>३. तोकिएबमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने ।<br>४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको अनुशरण गर्ने, सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पुरा गर्ने, पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सहभागी हुने ।<br>५. पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठाको पक्षमा क्रियाशील रहने, पार्टीप्रति सदैव इमान्दार रहने र पार्टी अनुशासन पालना गर्ने ।<br>६. आवश्यकता अनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने ।<br>७. उत्पादनशील काम, विकास निर्माण र जनसरोकारका विषयहरूमा सक्रिय रहने ।<br>८. तोकिएबमोजिम सदस्यता शुल्क र लेबी बुझाउने तथा सदस्यता नवीकरण गर्ने । |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | **धारा ५ (ख) संगठित सदस्यको अधिकार र कर्तव्य**<br>संगठित सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:<br>१. पार्टी कमिटी वा निकाय वा विभाग वा जनसङ्गठन वा सम्पर्क मञ्च वा तोकिएका संयन्त्रमा सङ्गठित भइ काम गर्ने ।<br>२. संगठित सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको कार्यान्वयन गर्र्ने ।<br>३. तोकिएबमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने ।<br>४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको अनुशरण गर्ने, सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पुरा गर्ने, पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सहभागी हुने ।<br>५. पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठाको पक्षमा क्रियाशील रहने, पार्टीप्रति सदैव इमान्दार रहने र पार्टी अनुशासन पालना गर्ने ।<br>६. आवश्यकता अनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने ।<br>७. उत्पादनशील काम, विकास निर्माण र जनसरोकारका विषयहरूमा सक्रिय रहने ।<br>८. तोकिएबमोजिम सदस्यता शुल्क र लेबी बुझाउने तथा सदस्यता नवीकरण गर्ने । |
| **संशोधन गर्नु पर्ने कारण** | संगठित सदस्यको अधिकार र कर्तव्य उल्लेख गरिएको । |

## ७. धारा ८, पार्टी सदस्यताको समाप्ति र पुन प्राप्ति

| | |
|---|---|
| **हालको व्यवस्था** | १. देहायको अवस्थामा पार्टी सदस्यता समाप्त हुनेछ:<br>(क) स्वेच्छाले सदस्यता परित्याग गरेमा,<br>(ख) पार्टीबाट अनुशासनात्मक कारबाहीमा परी सदस्यबाट निष्कासित भएमा,<br>(ग) नेपाली नागरिकता परित्याग गरेमा,<br>(घ) समयमा सदस्यता नवीकरण नगरेमा,<br>(ङ) मृत्यु भएमा।<br>२. नवीकरण नभएको कारण सदस्यता गुमेको व्यक्तिले तोकिएबमोजिम पुन: नवीकरण गरेमा निजको सदस्यता कायम हुनेछ।<br>३. स्वेच्छाले सदस्यता परित्याग गरेको व्यक्तिले पुन: सदस्यता लिन चाहेमा शुरु प्रक्रिया पुरा गरी सदस्यता लिन सक्नेछ।<br>४. परिक्षणकालीन अवस्थामा सदस्यता समाप्त भएको व्यक्तिले पुन: सदस्यता लिन चाहेमा शुरु प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।<br>५. सम्बन्धित कमिटीले कारबाही फिर्ता लिएको वा कारबाहीको स्वरूप परिवर्तन गरेकोमा बाहेक अनुशासनको कारबाहीमा परी पार्टी सदस्यबाट निष्कासित व्यक्तिले तोकिएको शर्त पुरा गरी लगातार एक वर्ष पार्टीको पक्षमा क्रियाशील रहेमा सदस्यताका लागि आवेदन दिन सक्नेछ।<br>६. सदस्यता समाप्ती र पुन: प्राप्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। |
| **प्रस्तावित संशोधन** | **धारा ५ (ग) संगठित सदस्यताको समाप्ति र पुन: प्राप्ति**<br>१. देहायको अवस्थामा संगठित सदस्यता समाप्त हुनेछ:<br>(क) स्वेच्छाले सदस्यता परित्याग गरेमा,<br>(ख) पार्टीबाट अनुशासनात्मक कारबाहीमा परी संगठित सदस्यबाट निष्कासित भएमा,<br>(ग) नेपाली नागरिकता परित्याग गरेमा,<br>(घ) तोकिएको समयमा संगठित सदस्यता नवीकरण नगरेमा,<br>(ङ) मृत्यु भएमा।<br>२. नवीकरण नभएको कारण संगठित सदस्यता गुमेको व्यक्तिले तोकिएबमोजिम पुन: नवीकरण गरेमा निजको सदस्यता कायम हुनेछ।<br>३. स्वेच्छाले संगठित सदस्यता परित्याग गरेको व्यक्तिले पुन: संगठित सदस्यता लिन चाहेमा शुरु प्रक्रिया पुरा गर्नुपर्नेछ।<br>४. सम्बन्धित कमिटीले कारबाही फिर्ता लिएको वा कारबाहीको स्वरूप परिवर्तन गरेकोमा बाहेक अनुशासनको कारबाहीमा परी संगठित सदस्यबाट निष्कासित व्यक्तिले तोकिएको शर्त पुरा गरी लगातार एक वर्ष पार्टीको पक्षमा क्रियाशील रहेमा संगठित सदस्यताका लागि आवेदन दिन सक्नेछ।<br>५. संगठित सदस्यता समाप्ती र पुन: प्राप्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। |

| | |
|---|---|
| **संशोधन गर्नु पर्ने कारण** | संगठित सदस्यको समाप्ति र पुन: प्राप्तिका सम्बन्धमा उल्लेख गर्न आवश्यक भएको। |

## ८. धारा ९, सदस्यता कायम हुने

| | |
|---|---|
| **हालको व्यवस्था** | १. नेपाल कम्युनिष्ट पार्टीको कुनै समूहमा सदस्यता प्राप्त गरेको व्यक्तिले आफ्नो समूह परित्याग गरी पार्टी प्रवेश गरेमा निजको सदस्यता कायम हुनेछ।<br>२. शारीरिक अवस्था कमजोर भएको र राजनीतिक वा झुट्टा मुद्दामा जेल परेको सदस्य पार्टीप्रति निष्ठावान् र आस्थावान् रहँदासम्म निजको सदस्यता कायम रहनेछ।<br>३. पार्टीले विशेष काममा खटाएको सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ। |
| **प्रस्तावित संशोधन** | **धारा ५ (घ) संगठित सदस्यता कायम हुने**<br>१. नेपाल कम्युनिष्ट पार्टीको कुनै समूहमा सदस्यता प्राप्त गरेको व्यक्तिले आफ्नो समूह परित्याग गरी पार्टी प्रवेश गरेमा निजको संगठित सदस्यता कायम हुनेछ।<br>२. शारीरिक अवस्था कमजोर भएको र राजनीतिक वा झुट्टा मुद्दामा जेल परेको संगठित सदस्य पार्टीप्रति निष्ठावान् र आस्थावान् रहँदासम्म निजको संगठित सदस्यता कायम रहनेछ।<br>३. पार्टीले विशेष काममा खटाएको संगठित सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको संगठित सदस्यता कायम रहनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | साविकको धारा ९ हटाई संगठित सदस्यता कायम गर्ने व्यवस्था उल्लेख गरिएको। |

## ९. धारा १०, केन्द्रीय कमिटीले सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्नसक्ने

| | |
|---|---|
| **हालको व्यवस्था** | केन्द्रीय कमिटीले देहायबमोजिम सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ:<br>१. गैरकम्युनिष्ट पार्टीबाट प्रवेश गरेका वा लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका प्रतिष्ठित व्यक्तिलाई पार्टी सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ।<br>२. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका निर्वाह गरेका वा जनता र राष्ट्रको पक्षमा विशेष योगदान गरेका व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।<br>३. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलन वा जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेको व्यक्तिलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | **धारा ५ (ङ) केन्द्रीय कमिटीले संगठित सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्नसक्ने**<br>केन्द्रीय कमिटीले देहायबमोजिम संगठित सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ:<br>१. गैरकम्युनिष्ट पार्टीबाट प्रवेश गरेका वा लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका प्रतिष्ठित व्यक्तिलाई संगठित सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ।<br>२. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका निर्वाह गरेका वा जनता र राष्ट्रको पक्षमा विशेष योगदान गरेका व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।<br>३. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलन वा जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेको व्यक्तिलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | दुई प्रकारको सदस्यताको नयाँ प्रस्तावसँग संगति मिलाइएको। |

## १०. धारा ११, सदस्यताको अभिलेख र नवीकरण

| | |
|---|---|
| **हालको व्यवस्था** | **सदस्यताको अभिलेख र नवीकरण देहायबमोजिम हुनेछ:**<br>१. पार्टी सदस्यको अभिलेख केन्द्रीय संगठन विभागमा राखिनेछ।<br>२. मातहत कमिटीले आ–आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यको अभिलेख राख्नेछन्।<br>३. पार्टी सदस्यताको नवीकरण तोकिएबमोजिमको समयमा तोकिएबमोजिमको शुल्क र लेबी तिरी प्रत्येक वर्ष गर्नुपर्नेछ। पार्टी सदस्यता नवीकरण नगरेको व्यक्तिको सदस्यता स्वत: समाप्त हुनेछ।<br>४. पार्टी सदस्यता नवीकरण सम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ। |
| **प्रस्तावित संशोधन** | **धारा ११, सदस्य, संगठित संदस्य र मानार्थ सदस्यको अभिलेख र नवीकरण तोकिएबमोजिम हुनेछ।** |
| **संशोधन गर्नु पर्ने कारण** | सदस्य, संगठित सदस्य र मानार्थ सदस्यको अभिलेख र नवीकरण सम्बन्धी व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। |

## ११. धारा १२, पार्टीका केन्द्रीय निकाय

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टीका केन्द्रीय निकाय देहायबमोजिम हुनेछन्:<br>१. राष्ट्रिय महाधिवेशन/विधान महाधिवेशन<br>२. केन्द्रीय कमिटी,<br>३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्,<br>४. केन्द्रीय अनुशासन आयोग,<br>५. केन्द्रीय लेखा आयोग,<br>६. केन्द्रीय निर्वाचन आयोग,<br>७. केन्द्रीय सल्लाहकार परिषद् । |
| **प्रस्तावित संशोधन** | **पार्टीका केन्द्रीय निकाय**<br>(क) पार्टीका केन्द्रीय निकाय देहायबमोजिम हुनेछन्:<br>१. राष्ट्रिय महाधिवेशन ।<br>२. नीति महाधिवेशन ।<br>३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् ।<br>४. केन्द्रीय कमिटी ।<br>५. केन्द्रीय अनुशासन आयोग ।<br>६. केन्द्रीय लेखा आयोग ।<br>७. केन्द्रीय निर्वाचन आयोग ।<br>८. केन्द्रीय सल्लाहकार परिषद् ।<br>(ख) केन्द्रीय कमिटी अन्तर्गत देहायबमोजिम तहगत संरचना हुनेछन्:<br>१. पोलिट्ब्युरो<br>२. स्थायी कमिटी । |
| **संशोधन गर्नु पर्ने कारण** | राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीको मर्यादाक्रम मिलाइएको । |

## १२. धारा १५ विधान महाधिवेशन

| | |
|---|---|
| **हालको व्यवस्था** | विधान महाधिवेशन । |
| **प्रस्तावित संशोधन** | नीति महाधिवेशन । |
| **संशोधन गर्नु पर्ने कारण** | विधिको आधार नीति हुने हुँदा नीति र विधि पारित गर्न आयोजना गरिने महाधिवेशनलाई नीति महाधिवेशन भन्नु उपयुक्त हुने । |

## १३. धारा १६. २.

| | |
|---|---|
| **हालको व्यवस्था** | राष्ट्रिय महाधिवेशनले अध्यक्ष– १, बरिष्ठ उपाध्यक्ष– १, उपाध्यक्ष– ६, महासचिव– १, उपमहासचिव– ३, सचिव– ७ समेत ३०१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचन गर्नेछ। प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन्। |
| **प्रस्तावित संशोधन** | राष्ट्रिय महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष– ३, महासचिव, उपमहासचिव– ३, सचिव– ७ समेत २५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ। प्रदेश कमिटीका अध्यक्ष र केन्द्रीय कार्यालयका सचिव केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन्। |
| **संशोधन गर्नु पर्ने कारण** | प्रभावकारी कार्यविभाजन र नतिजामूलक कार्यसम्पादनका लागि केन्द्रीय कमिटीको सदस्य संख्या र पदाधिकारी संख्या घटाउन आवश्यक भएको। |

## १४. धारा १६(५)

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टीका निवर्तमान अध्यक्ष बरिष्ठ नेता हुनेछन्। महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक निजको मर्यादाक्रम अध्यक्षपछि रहनेछ। |
| **प्रस्तावित संशोधन** | यो धारा हटाउने। |
| **संशोधन गर्नु पर्ने कारण** | अनिर्वाचित व्यक्ति केन्द्रीय कमिटीको दोस्रो बरियताको पदाधिकारी हुने व्यवस्था लोकतान्त्रिक प्रणालीको मर्मविपरीत हुनाले हटाउने प्रस्ताव गरिएको। |

## १५. धारा १७ (२), आन्तरिक निर्वाचन र मनोनयन

| | |
|---|---|
| **हालको व्यवस्था** | केन्द्रीय कमिटीका सदस्यहरू मध्येबाट पदाधिकारीसहित बढीमा ९९ सदस्यीय पोलिटब्यूरो, ४५ सदस्यीय स्थायी कमिटीको निर्वाचन गर्ने, अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको केन्द्रीय सचिवालय गठन गर्ने, महासचिवको नेतृत्वमा उपमहासचिव र सचिवहरू सदस्य रहेको केन्द्रीय कार्यालय गठन गर्ने, तोकिएबमोजिमका केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने र तिनको अधिकार तथा कर्तव्य तोक्ने, विधानबमोजिम मनोनयन गर्ने। |
| **प्रस्तावित संशोधन** | **धारा १७ (२), आन्तरिक निर्वाचन र मनोनयन:**<br>पदाधिकारीसहित केन्द्रीय कमिटीका सदस्यहरू मध्येबाट बढीमा एकतिहाई सदस्य रहनेगरी पोलिट्ब्युरोको निर्वाचन गर्ने। अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहने गरी स्थायी कमिटी गठन गर्ने। कमिटीका पदाधिकारी र सदस्यहरूको बरियताक्रम तोक्ने। तोकिएबमोजिम केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने। |
| **संशोधन गर्नु पर्ने कारण** | केन्द्रीय कमिटीअन्तर्गत पोलिट्ब्युरो र स्थायी कमिटी गठनको व्यवस्था गरिएको। |

## १६. धारा १९ (२), स्थायी कमिटीको अधिकार र कर्तव्य

| | |
|---|---|
| **हालको व्यवस्था** | आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति पोलिटब्यूरो वा केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने, |
| **प्रस्तावित संशोधन** | **धारा १९ (२), स्थायी कमिटीको अधिकार र कर्तव्य**<br>आफूले गरेका निर्णय अनुमोदनका लागि केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने |
| **संशोधन गर्नु पर्ने कारण** | स्थायी कमिटीको निर्णय अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्न उपयुक्त हुने। |

## १७. धारा २१, पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य

| | |
|---|---|
| **हालको व्यवस्था** | **धारा २१ १ (ग), अध्यक्षको काम, कर्तव्य अधिकार**<br>विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठकको अध्यक्षता गर्ने, |
| **प्रस्तावित संशोधन** | **धारा २१, पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य**<br>**१ (ग), अध्यक्षको काम, कर्तव्य अधिकार**<br>राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्मा केन्द्रीय कमिटीको तर्फबाट र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीमा अध्यक्षको हैसियतले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने। |
| **संशोधन गर्नु पर्ने कारण** | अध्यक्ष (पार्टीको प्रमुख पदाधिकारी) को अधिकार र कर्तव्यका सम्बन्धमा थप स्पष्ट पारिएको। |

## १८. धारा २१, १ (घ)

| | |
|---|---|
| **हालको व्यवस्था** | २. केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी तथा केन्द्रीय सचिवालयको बैठक बोलाउन निर्देशन दिने, आवश्यकता अनुसार केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने, |
| **प्रस्तावित संशोधन** | **धारा २१ (घ), राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्,** केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने। बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने, बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने। |
| **संशोधन गर्नु पर्ने कारण** | अध्यक्ष (पार्टीको प्रमुख पदाधिकारी) को अधिकार र कर्तव्यका सम्बन्धमा थप स्पष्ट पारिएको। |

## १९. धारा २१, ४ (क)

| | |
|---|---|
| **हालको व्यवस्था** | राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्बाट पारित नीति–निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी तथा केन्द्रीय सचिवालयसमक्ष प्रस्तुत गर्ने, |
| **प्रस्तावित संशोधन** | **धारा २१, ४ (क)** अध्यक्षको निर्देशनमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउने । |
| **संशोधन गर्नु पर्ने कारण** | सचिवालयको व्यवस्था हटाइएको हुनाले महासचिवको अधिकार र कर्तव्यको सम्बन्धमा स्पष्ट गरिएको । |

## २०. धारा २१, ४ (ख)

| | |
|---|---|
| **हालको व्यवस्था** | अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी, केन्द्रीय सचिवालय र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने, |
| **प्रस्तावित संशोधन** | **धारा २१ ४ (ख)** अध्यक्षको निर्देशनअनुरूप राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का निर्णयहरू कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा प्रस्तुत गर्ने |
| **संशोधन गर्नु पर्ने कारण** | सचिवालयको व्यवस्था हटाइएको हुनाले महासचिवको अधिकार र कर्तव्यको सम्बन्धमा स्पष्ट गरिएको । |

## २१. धारा २१, ४ (घ)

| | |
|---|---|
| **हालको व्यवस्था** | राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने, |
| **प्रस्तावित संशोधन** | **धारा २१ ४ (घ)** राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सघाउने |
| **संशोधन गर्नु पर्ने कारण** | महासचिवको अधिकार र कर्तव्यको सम्बन्धमा स्पष्ट गरिएको । |

## २२. धारा २१, ४ (ङ)

| | |
|---|---|
| **हालको व्यवस्था** | केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने |
| **प्रस्तावित संशोधन** | **धारा २१ ४ (ङ)** तोकिएबमोजिम केन्द्रीय कार्यालय संचालन गर्ने । |
| **संशोधन गर्नु पर्ने कारण** | केन्द्रीय कार्यालय नामको संरचना हटाइएको हुनाले यो व्यवस्था प्रस्ताव गरिएको । |

## २३. धारा २२, केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य

| | |
|---|---|
| **हालको व्यवस्था** | केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ:<br>१. केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।<br>२. केन्द्रीय निकाय, केन्द्रीय विभाग, मातहत कमिटी, जनसंगठन, तीनै तहको सरकार, जनप्रतिनिधि संस्था, राज्यका विभिन्न निकाय र सामुदायिक एवं जनसरोकारका संस्थासँग सम्पर्क तथा समन्वय गर्ने ।<br>३. मातहत कमिटी र जनसंगठनको कामको प्रतिवेदन प्राप्त गर्ने, विश्लेषण गर्ने र अध्यक्षसमक्ष प्रस्तुत गर्ने ।<br>४. केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरूको व्यवस्थापन गर्ने ।<br>५. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने । |
| **प्रस्तावित संशोधन** | यो धारा हटाउने । |
| **संशोधन गर्नु पर्ने कारण** | केन्द्रीय कार्यालय नामक संरचना आवश्यक नभएको । |

## २४. धारा २३

| | |
|---|---|
| **हालको व्यवस्था** | **धारा २३**<br>**२. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**<br>धारा– १५ बमोजिमको विधान महाधिवेशनको हैसियतमा बाहेक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकता अनुसार आयोजना गरिनेछ । |
| **प्रस्तावित संशोधन** | **धारा २३**<br>**२. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**<br>राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा सामान्यतया एकपटक आयोजना गरिनेछ । |
| **संशोधन गर्नु पर्ने कारण** | दुई राष्ट्रिय महाधिवेशनको बीचमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक कम्तिमा एकपटक आयोजना गर्नुपर्ने बाध्यात्मक व्यवस्था प्रस्ताव गरिएको । |

## २५. धारा २४, केन्द्रीय अनुशासन आयोग

| | |
|---|---|
| **हालको व्यवस्था** | १. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ ।<br>२. आयोगको अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन । |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | १. आयोग महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ।<br>२, आयोगको अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **संशोधन गर्नु पर्ने कारण** | साबिक सचिवालयको व्यवस्था हटाइएको र स्थायी कमिटीको अधिकार र कर्तव्य प्रयोग र पालना गर्ने गरी पोलिट्ब्युरो गठन गर्ने व्यवस्था गरिएको हुनाले सोही बमोजिम मिलाइएको। |

## २६. धारा २५, केन्द्रीय लेखा आयोग

| | |
|---|---|
| **हालको व्यवस्था** | १. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ।<br>२, आयोगको अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **प्रस्तावित संशोधन** | १. आयोग महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ।<br>२, आयोगको अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **संशोधन गर्नु पर्ने कारण** | साबिक सचिवालयको व्यवस्था हटाइएको र स्थायी कमिटीको अधिकार र कर्तव्य प्रयोग र पालना गर्ने गरी पोलिट्ब्युरो गठन गर्ने व्यवस्था गरिएको हुनाले सोही बमोजिम मिलाइएको। |

## २७. धारा २६, केन्द्रीय निर्वाचन आयोग

| | |
|---|---|
| **हालको व्यवस्था** | १. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ।<br>२, आयोगको अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **प्रस्तावित संशोधन** | १. आयोग महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ।<br>२, आयोगको अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **संशोधन गर्नु पर्ने कारण** | साबिक सचिवालयको व्यवस्था हटाइएको र स्थायी कमिटीको अधिकार र कर्तव्य प्रयोग र पालना गर्ने गरी पोलिट्ब्युरो गठन गर्ने व्यवस्था गरिएको हुनाले सोही बमोजिम मिलाइएको। |

## २८. धारा २७, केन्द्रीय सल्लाहकार परिषद्

| | |
|---|---|
| **हालको व्यवस्था** | **धारा २७ (१)** केन्द्रीय कमिटीले आवश्यकता अनुसार सल्लाह–सुझाव लिन आफ्नो कमिटीको कूल सदस्यभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ। केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ। |
| **प्रस्तावित संशोधन** | **धारा २७ (१)**, केन्द्रीय कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ। केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | सल्लाहकार परिषद्को गठन सम्बन्धमा थप स्पष्ट गरिएको। |

## २९. धारा २७ (२)

| | |
|---|---|
| **हालको व्यवस्था** | सल्लाहकार परिषद्का अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १ र सदस्यहरूको मनोनयन केन्द्रीय कमिटीले गर्नेछ। यसका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीको सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **प्रस्तावित संशोधन** | केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्य सरह र उपाध्यक्ष, सचिव तथा सदस्यको मर्यादा केन्द्रीय कमिटी सदस्य सरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरो बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन। |
| **संशोधन गर्नु पर्ने कारण** | केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरूको मर्यादा र भूमिका थप स्पष्ट गरिएको। |

## ३०. धारा २८, पार्टीका प्रदेश र स्थानीय कमिटीहरू

| | |
|---|---|
| **हालको व्यवस्था** | सामान्यतया देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका प्रदेश तथा स्थानीय तहका कमिटीको नामाकरण गरिनेछ। काठमाडौँ उपत्यकामा प्रदेशस्तरीय विशेष कमिटी, तोकिएबमोजिमका विशेष जिल्ला कमिटी, सो मातहतका कमिटीहरू रहनेछन्। काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र सो मातहतमा प्रदेश सम्पर्क कमिटी तथा जिल्ला सम्पर्क मञ्च रहनेछन्। पार्टीका प्रदेश तथा स्थानीय कमिटीको सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ:<br>१. प्रदेश कमिटी, २. प्रदेश अधिवेशन प्रतिनिधि परिषद्,<br>३. जिल्ला कमिटी, ४. जिल्ला अधिवेशन प्रतिनिधि परिषद्,<br>५. पालिका/इलाका कमिटी, ६. पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्,<br>७. वडा/शाखा कमिटी, ८. वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्,<br>९. टोल/प्रारम्भिक कमिटी, १०. टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्। |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | **धारा–२८, पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू**<br>सामान्यतया देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका प्रदेश तथा स्थानीय कमिटीको नामाकरण गरिनेछ। राजधानीमा प्रदेशस्तरीय राजधानी विशेष कमिटी (उपत्यका अन्तर्गतका भुगोलका तीन जिल्ला र विशेष जिल्ला कमिटी कार्यक्षेत्र भएको), तोकिएबमोजिमका विशेष जिल्ला कमिटी र मातहतका कमिटी रहनेछन्। त्यसैगरी सम्पर्क विशेष कमिटी, प्रदेश सम्पर्क कमिटी, जिल्ला सम्पर्क कमिटी र पालिकास्तरमा सम्पर्क मञ्च रहनेछन्। पार्टीका प्रदेश तथा स्थानीय कमिटीको सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ :<br>१. प्रदेश कमिटी/राजधानी विशेष कमिटी/सम्पर्क विशेष कमिटी<br>२. प्रदेश अधिवेशन प्रतिनिधि परिषद्/राजधानी विशेष अधिवेशन प्रतिनिधि परिषद्/सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्<br>३. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी/प्रदेश सम्पर्क विशेष कमिटी<br>४. जिल्ला अधिवेशन प्रतिनिधि परिषद्/विशेष जिल्ला अधिवेशन प्रतिनिधि परिषद्/प्रदेश सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्<br>५. पालिका/इलाका कमिटी,<br>६. पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्,<br>७. वडा/शाखा कमिटी,<br>८. वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्,<br>९. टोल/प्रारम्भिक कमिटी,<br>१०. टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्। |
| **संशोधन गर्नु पर्ने कारण** | राजधानी र सम्पर्क क्षेत्रको पार्टी कामलाई व्यवस्थित र प्रभावकारी बनाउन तदनुकूलको संगठनात्मक ढाँचाको प्रबन्ध गरिएको। |

## ३१. धारा ३१(२)

| | |
|---|---|
| **हालको व्यवस्था** | **प्रदेश कमिटी**<br>प्रदेश अधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, उपसचिव– २ समेत बढीमा उपधारा ३ बमोजिमका सदस्यहरू रहेको प्रदेश कमिटी निर्वाचन गर्नेछ। प्रदेश मातहतका जिल्ला कमिटीका अध्यक्ष प्रदेश कमिटीका पदेन सदस्य हुनेछन्। |
| **प्रस्तावित संशोधन** | **प्रदेश कमिटी**<br>प्रदेश अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ समेत उपधारा ३ बमोजिम सदस्यहरू रहेको प्रदेश कमिटी निर्वाचन गर्नेछ। प्रदेश मातहतका जिल्ला कमिटीका अध्यक्षहरू प्रदेश कमिटीका पदेन सदस्य हुनेछन्। |
| **संशोधन गर्नु पर्ने कारण** | पदाधिकारीमा कम्तिमा एक महिला सुनिश्चितता गर्न उपयुक्त हुने। |

### ३२. धारा ३१ (३)

| | |
|---|---|
| **हालको व्यवस्था** | प्रदेश कमिटीको आधार संख्या ७५ हुनेछ । यो संख्यामा प्रदेशअन्तर्गतका प्रतिनिधिसभाको निर्वाचन क्षेत्र बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिनेछ । काठमाडौँ उपत्यका विशेष कमिटीको हकमा आधार संख्याको अतिरिक्त विशेष जिल्ला कमिटी बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिनेछ । |
| **प्रस्तावित संशोधन** | प्रदेश कमिटीको सदस्य संख्या र प्रतिनिधित्वको आधार तोकिएबमोजिम हुनेछ । |
| **संशोधन गर्नु पर्ने कारण** | निश्चित मापदण्डसहित प्रदेश कमिटीको सदस्य संख्या नियमावलीमा उल्लेख गर्न उपयुक्त हुने । |

### ३३. धारा ३२ (३)

| | |
|---|---|
| **हालको व्यवस्था** | **सल्लाहकार परिषद्को गठन**<br>आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने । |
| **प्रस्तावित संशोधन** | **सल्लाहकार परिषद्को गठन**<br>प्रदेश कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार परिषद् गठन गर्नेछ। प्रदेश सल्लाहकार परिषद् प्रदेश कमिटीप्रति उत्तरदायी हुनेछ । यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । |
| **संशोधन गर्नु पर्ने कारण** | प्रदेश सल्लाहकार परिषद्सम्बन्धी अन्य आवश्यक व्यवस्था नियमावलीमा उल्लेख गर्न उपयुक्त हुने । |

### ३४. धारा ३६ (२)

| | |
|---|---|
| **हालको व्यवस्था** | **जिल्ला कमिटी**<br>जिल्ला अधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, **उपसचिव– २** र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको जिल्ला कमिटी निर्वाचन गर्नेछ। जिल्ला मातहतका पालिका/इलाका कमिटीका अध्यक्षहरू जिल्ला कमिटीका पदेन सदस्य हुनेछन् । |
| **प्रस्तावित संशोधन** | **जिल्ला कमिटी**<br>जिल्ला अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र उपधारा ३ बमोजिम सदस्यहरू रहेको जिल्ला कमिटी निर्वाचन गर्नेछ। जिल्ला मातहतका पालिका/इलाका कमिटीका अध्यक्षहरू जिल्ला कमिटीका पदेन सदस्य हुनेछन् । |
| **संशोधन गर्नु पर्ने कारण** | पदाधिकारीमा कम्तिमा एक महिला सुनिश्चितता गर्न उपयुक्त हुने । |

### ३५. धारा ३६(३)

| | |
|---|---|
| **हालको व्यवस्था** | जिल्ला कमिटीको आधार संख्या ७५ हुनेछ। यो संख्यामा जिल्ला अन्तर्गतका प्रतिनिधिसभाको प्रत्येक निर्वाचन क्षेत्र बराबर १५ का दरले कायम हुने संख्या थप गर्न सकिनेछ। विशेष जिल्ला कमिटीको अधिकतम् सदस्य संख्या ८५ हुनेछ। |
| **प्रस्तावित संशोधन** | जिल्ला कमिटीको सदस्य संख्या र प्रतिनिधित्वको आधार तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | निश्चित मापदण्डको आधारमा जिल्ला कमिटीको सदस्य संख्या र प्रतिनिधित्व सम्बन्धी व्यवस्था नियमावलीमा उल्लेख गर्न उपयुक्त हुने। |

### ३६. धारा ३७ (३)

| | |
|---|---|
| **हालको व्यवस्था** | जिल्ला कमिटीका अधिकार र कर्तव्य<br>सल्लाहकार परिषद्को गठन: आफ्नो कमिटीको कूल सदस्य संख्याभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने। |
| **प्रस्तावित संशोधन** | **सल्लाहकार परिषद्को गठन:**<br>जिल्ला कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य संख्याभन्दा बढी नहुने गरी जिल्ला सल्लाहकार परिषद् गठन गर्नेछ। जिल्ला सल्लाहकार परिषद् जिल्ला कमिटीप्रति उत्तरदायी हुनेछ। यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | जिल्ला सल्लाहकार परिषद्का सम्बन्धमा थप स्पष्ट गरिएको। |

### ३७. धारा ३९

| | |
|---|---|
| **हालको व्यवस्था** | **३९ पालिका/इलाका अधिवेशन**<br>१. पालिका/इलाका कमिटीले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्नेछ।<br>२. पालिका/इलाका अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्:<br>(क) पालिका/इलाका कमिटी र पालिका/इलाका सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू,<br>(ख) पालिका/इलाका कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,<br>(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी पालिका/इलाका कमिटीबाट मनोनित प्रतिनिधिहरू। |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | **पालिका/इलाका अधिवेशन**<br>१. पालिका/इलाका कमिटीले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्नेछ।<br>२. पालिका/इलाका अधिवेशनको प्रतिनिधित्व तोकिएबमाजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | पालिका/इलाका अधिवेशनको आयोजनाका सम्बन्धमा थप स्पष्ट गरिएको र प्रतिनिधित्वका सम्बन्धमा नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने। |

## ३८. धारा ४१ को २, ३, ४

| | |
|---|---|
| **हालको व्यवस्था** | **पालिका/इलाका कमिटी**<br>२. पालिका/इलाका अधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, उपसचिव– २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको पालिका/इलाका कमिटी निर्वाचन गर्नेछ। पालिका/इलाका मातहतका वडा/शाखा कमिटीका अध्यक्षहरू पालिका/इलाका कमिटीका पदेन सदस्य हुनेछन्।<br>३. गाउँपालिका र नगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या ७५, उपमहानगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या ८५, महानगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या १०१ र इलाका कमिटीको अधिकतम् सदस्य संख्या ५१ हुनेछ।<br>४. पालिका/इलाका कमिटी कम्तीमा एक तिहाइ महिलासहित पालिका/इलाकाको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण हुनेछ। |
| **प्रस्तावित संशोधन** | **पालिका/इलाका कमिटी**<br>२. पालिका/इलाका अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको पालिका/इलाका कमिटी निर्वाचन गर्नेछ। पालिका/इलाका मातहतका वडा/शाखा कमिटीका अध्यक्षहरू पालिका/इलाका कमिटीका पदेन सदस्य हुनेछन्।<br>३. गाउँपालिका, महानगर, नगरपालिका, ईलाका र वडा कमिटीहरूको संख्या तोकिएबमोजिम हुनेछ।<br>४. पालिका/इलाका कमिटी कम्तीमा एक तिहाइ महिलासहित पालिका/इलाकाको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | पदाधिकारीमा कम्तिमा एक महिला सुनिश्चितता गर्न र प्रतिनिधित्व लगायत अन्य व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। |

## ३९. धारा ४४

| | |
|---|---|
| **हालको व्यवस्था** | **वडा/शाखा अधिवेशन**<br>१. वडा/शाखा कमिटीले सामान्यतया हरेक दुई वर्षमा वडा/शाखा अधिवेशनको आयोजना गर्नेछ ।<br>२. वडा/शाखा अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि हुनेछन्:<br>(क) वडा/शाखा कमिटी र सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू,<br>(ख) वडा/शाखा कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,<br>(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी वडा/शाखा कमिटीबाट मनोनित प्रतिनिधिहरू । |
| **प्रस्तावित संशोधन** | **वडा/शाखा अधिवेशन**<br>१. वडा/शाखा कमिटीले सामान्यतया हरेक ३ वर्षमा वडा/शाखा अधिवेशनको आयोजना गर्नेछ ।<br>२. वडा/शाखा अधिवेशनमा तोकिएबमोजिम प्रतिनिधि हुनेछन्: |
| **संशोधन गर्नु पर्ने कारण** | वडा शाखा अधिवेशनको आयोजना तीन वर्षमा गर्न उपयुक्त हुने । वडा शाखा अधिवेशनका प्रतिनिधिका सम्बन्धमा नियमावलीमा तोक्न उपयुक्त हुने । |

## ४०. धारा ४६ को २ र ३

| | |
|---|---|
| **हालको व्यवस्था** | **वडा/शाखा कमिटी**<br>२. वडा/शाखा अधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, उपसचिव– २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको वडा/शाखा कमिटी निर्वाचन गर्नेछ ।<br>३. गाउँ र नगरका वडा कमिटीको अधिकतम् सदस्य संख्या ३१, उपमहानगरका वडा कमिटीको अधिकतम् संख्या ४१ र महानगरका वडा कमिटीको अधिकतम् सदस्य ५१ र शाखा कमिटीको अधिकतम् संख्या २५ हुनेछ । वडा/शाखा मातहतका टोल/प्रारम्भिक कमिटीका अध्यक्षहरू वडा/शाखा कमिटीका पदेन सदस्य हुनेछन् । |
| **प्रस्तावित संशोधन** | २. वडा/शाखा अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ मा र उपधारा ३ बमोजिमको अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको वडा/शाखा कमिटी निर्वाचन गर्नेछ ।<br>३. गाउँ, नगर, महानगरका वडा कमिटीको अधिकतम् सदस्य संख्या तोकिएबमोजिम हुनेछ । |
| **संशोधन गर्नु पर्ने कारण** | कमिटीमा कम्तिमा एक महिला पदाधिकारीको व्यवस्था गर्न ।<br>कमिटीको सदस्य संख्या नियमावलीमा तोक्न उपयुक्त हुने । |

## ४१. धारा ४९

| | |
|---|---|
| **हालको व्यवस्था** | **टोल/प्रारम्भिक कमिटी**<br>१. टोल/प्रारम्भिक अधिवेशन सामान्यतया हरेक दुई वर्षमा हुनेछ। टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू टोल/प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन्।<br>२. टोल/प्रारम्भिक अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :<br>(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने,<br>(ख) टोल/प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,<br>(ग) अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, उपसचिव– २ र सदस्यहरू समेत बढीमा २१ सदस्यीय टोल/प्रारम्भिक कमिटीको निर्वाचन गर्ने। |
| **प्रस्तावित संशोधन** | **टोल/प्रारम्भिक अधिवेशन**<br>१. टोल/प्रारम्भिक कमिटीले सामान्यतया हरेक दुई वर्षमा टोल/प्रारम्भिक अधिवेशन आयोजना गर्नेछ।<br>२. पालिकाले परिभाषित गरेको टोल विकास समितिको कार्यक्षेत्रमा आधारित भएर टोल अधिवेशन र तोकेबमोजिमको कायक्षेत्रमा आधारित भएर प्रारम्भिक अधिवेशनको आयोजना हुनेछ।"<br>३. टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रअन्तर्गतका सम्पूर्ण संगठित सदस्यहरू टोल/प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन्। |
| **संशोधन गर्नु पर्ने कारण** | टोल प्रारम्भिक अधिवेशनको कार्यक्षेत्र र प्रतिनिधित्वको व्यवस्था गर्न आवश्यक भएको। |

## ४२. धारा ५०

| | |
|---|---|
| **हालको व्यवस्था** | **टोल/प्रारम्भिक कमिटीको अधिकार र कर्तव्य**<br>टोल/प्रारम्भिक कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :<br>१. **टोल/प्रारम्भिकभित्रको पार्टी कामको नेतृत्व:** टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रभित्र पार्टीको कामको नेतृत्व गर्ने। महाधिवेशन र माथिल्लो कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने।<br>२. आन्तरिक निर्वाचन र मनोनयन: टोल/प्रारम्भिक कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने। आफ्नो कमिटीको कूल सदस्य संख्याभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने।<br>३. **जनपरिचालन:** पार्टीको उमेद्वारको पक्षमा निर्वाचन अभियान संचालन गर्ने। केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरूप आफ्नो क्षेत्रभित्रको भौतिक तथा मानवीय स्रोत विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने। आफ्नो क्षेत्रको समग्र विकास र सामाजिक–आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। पार्टीपङ्क्तिलाई टोल विकास संस्थासँग जोडेर विकास निर्माणको काममा परिचालित गर्ने। राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने।<br>४. **संगठन निर्माण:** आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने।<br>५. अधिवेशन र बैठकको आयोजना: आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने। विधानअनुरूप नियमित बैठक र अधिवेशनको आयोजना गर्ने।<br>६. **कार्यविभाजन र निर्णयको जानकारी:** कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने। पार्टी सदस्यलाई कमिटीको निर्णय र माथिल्लो कमिटीको निर्देशन जानकारी गराउने। आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषयमा अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने।<br>७. **स्रोत व्यवस्थापन:** माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने। पार्टी प्रकाशनको बिक्री–वितरण गर्ने। विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम स्रोत परिचालन र व्यवस्थापन गर्ने।<br>८. अनुशासनको पालना: अनुशासन पालना नगर्ने सदस्यलाई कारबाही गर्ने।<br>९. विधानमा उल्लेखित अन्य कार्य: यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा टोल/प्रारम्भिक कमिटीले गर्ने भनिएको कार्य गर्र्ने। |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | टोल/प्रारम्भिक अधिवेशनको अधिकार र कर्तव्य<br>१. अधिवेशन संचालन गर्न अध्यक्षमण्डल र आवश्यक संरचना गठन गर्ने।<br>२. टोल/प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी निर्णय गर्ने।<br>३. पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ सहित तोकिएको संख्यामा टोल/प्रारम्भिक कमिटीको निर्वाचन गर्ने।" |
| **संशोधन गर्नु पर्ने कारण** | पदाधिकारीमा महिला सहभागिता र अधिवेशनसम्बन्धी व्यवस्था गर्न आवश्यक भएको। |

## ४३. धारा ५१

| | |
|---|---|
| **हालको व्यवस्था** | धारा ५१ को २ पछि ३ थप्ने। |
| **प्रस्तावित संशोधन** | ३. पालिकाद्वारा निर्धारण गरिएका टोलहरूमा संगठित सदस्य र सदस्यहरूको उपस्थितिमा टोलसभाको आयोजना गरिनेछ। टोलसभाको अध्यक्षता टोल कमिटीका अध्यक्षले गर्नेछन्। टोलसभाको अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | पार्टी सदस्यहरूलाई टोलसभाका माध्यमबाट प्रशिक्षित र परिचालित गर्न आवश्यक भएको। |

## ४४. धारा ५३

| | |
|---|---|
| **हालको व्यवस्था** | सम्पर्क समन्वय कमिटी<br>१. देशका विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गर्ने पार्टी सदस्यहरू मध्येबाट प्रदेश कमिटीस्तरको सम्पर्क समन्वय कमिटी गठन गरिनेछ। सम्पर्क समन्वय कमिटीमा देहायबमोजिम पदाधिकारी तथा सदस्य रहनेछन्:<br>१. प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरू,<br>२. सम्पर्क समन्वय कमिटी अन्तर्गतका राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यहरू,<br>३. उपरोक्त सङ्ख्याको ५० प्रतिशतमा नबढ्ने गरी सम्पर्क समन्वय कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले मनोनित गरेका सदस्यहरू। तर यस कमिटीको अधिकतम् संख्या ८५ भन्दा बढी हुनेछैन।<br>४. सम्पर्क समन्वय कमिटीको संयोजक, सहसंयोजक र सचिव केन्द्रीय कमिटीले तोकेबमोजिम हुनेछ। |

| | |
|---|---|
| **प्रस्तावित संशोधन** | सम्पर्क कमिटी र सम्पर्क मञ्चहरू<br>१. देशका विभिन्न भागबाट राजधानी (काठमाडौँ, ललितपुर, भक्तपुर)मा आई अस्थायी रूपमा बसोबास गरेका जनसमुदायलाई पार्टीको वरिपरि गोलबन्द गर्न, उनीहरूलाई सम्बन्धित प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कामसँग जोड्न अधिवेशनद्वारा सम्पर्क विशेष कमिटी, प्रदेश सम्पर्क कमिटी र जिल्ला सम्पर्क कमिटीको गठन गरिनेछ। जिल्ला सम्पर्क कमिटीको मातहतमा तोकिएबमोजिम प्रतिनिधिसभा निर्वाचन क्षेत्र र पालिकास्तरमा सम्पर्क मञ्च गठन गर्न सकिनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | सम्पर्क कमिटी र सम्पर्क मञ्चलाई थप व्यवस्थित गर्नुपर्ने भएकाले। |

**४५. धारा ५६ (१)**

| | |
|---|---|
| **हालको व्यवस्था** | प्रदेश सम्पर्क कमिटीको गठन तथा अधिकार र कर्तव्य<br>१. प्रदेश सम्पर्क अधिवेशनले अध्यक्ष– १, उपाध्यक्ष– १, सचिव– १, उपसचिव– २ सहित बढीमा ७५ सदस्यीय प्रदेश सम्पर्क कमिटीको निर्वाचन गर्नेछ। |
| **प्रस्तावित संशोधन** | धारा ५६ (१), सम्पर्क विशेष अधिवेशन, प्रदेश सम्पर्क अधिवेशन र जिल्ला सम्पर्क अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र तोकिएको संख्यामा सदस्यहरूको निर्वाचन गर्नेछन्। सम्पर्क कमिटी सम्बन्धी अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | सम्पर्क कमिटीमा महिला पदाधिकारीको सहभागिता सुनिश्चित गर्ने आवश्यक भएकोले। |

## ४६. धारा ५८ (१)

| | |
|---|---|
| **हालको व्यवस्था** | सम्पर्क मञ्च गठन गर्न सकिने<br>१. देशका विभिन्न भागबाट काठमाडौँ उपत्यकामा आई बसोबास गर्ने जनसमुदायलाई पार्टीको वरीपरी गोलबन्द गर्न, उनीहरूलाई सम्बन्धित जिल्लाको पार्टी कामसँग जोड्न र जिल्लासँग जीवन्त सम्बन्ध राख्न जिल्ला सम्पर्क मञ्च गठन हुनेछ ।<br>२. जिल्ला सम्पर्क मञ्चले प्रदेश सम्पर्क कमिटीको अनुमतिमा निर्वाचन क्षेत्र वा पालिका तहमा सम्पर्क मञ्चहरू गठन गर्न सक्नेछन् ।<br>३. सम्पर्क मञ्चहरूमा पार्टीका सदस्य, समर्थक र पार्टीप्रति आस्थावान् रहेका व्यक्तिहरू रहन सक्नेछन् ।<br>४. सम्पर्क मञ्चले सम्बन्धित जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कमिटीसँग सम्पर्क समन्वय गर्ने, त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा मातहतको सम्पर्क मञ्च, पार्टी सदस्य र समर्थकहरूलाई परिचालित गर्ने र पार्टीको पक्षमा जनमत निर्माण गर्नेछन् ।<br>५. जिल्ला, निर्वाचन क्षेत्र तथा पालिका तहका सम्पर्क मञ्चका अधिकार र कर्तव्य सम्पर्क समन्वय कमिटीले तोकेबमोजिम हुनेछ । |
| **प्रस्तावित संशोधन** | धारा ५८ (१),<br>३. जिल्ला सम्पर्क कमिटीको मातहतमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र र पालिकास्तरमा सम्पर्क मञ्च गठन हुनेछन् ।<br>तोकिएबमोजिमका देशका प्रमुख शहरी केन्द्रहरूमा सम्पर्क मञ्च गठन गर्न सकिनेछ ।<br>तर, काठमाडौँ उपत्यका वा तोकिएका शहरी केन्द्रहरूको मतदाता सूचिमा नामावली भएको व्यक्ति कुनै पनि तहको सम्पर्क कमिटी वा सम्पर्क मञ्चको पदाधिकारी वा सदस्य हुनसक्ने छैन । |
| **संशोधन गर्नु पर्ने कारण** | सम्पर्क कमिटी र सम्पर्क मञ्चको दायरा विस्तार गरिएको र यस सम्बन्धी ब्यवस्थालाई थप स्पष्ट गरिएको । |

## ४७. धारा ५९ (१)

| | |
|---|---|
| **हालको व्यवस्था** | **निर्वाचन क्षेत्र समन्वय कमिटी**<br>१. जिल्ला कमिटीले सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला कमिटीमा प्रतिनिधित्व गर्ने सदस्यहरू, पालिका कमिटीका पदाधिकारीहरू र पालिका अन्तरगतका वडा कमिटीका अध्यक्षहरू रहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्न सक्नेछ। वडा अध्यक्ष र सोभन्दा माथिल्लो जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू निर्वाचन क्षेत्र समन्वय कमिटीमा स्थायी आमन्त्रित हुनेछन्।<br>२. निर्वाचन क्षेत्र समन्वय कमिटीका संयोजक, सहसंयोजक र सचिव जिल्ला कमिटीले तोकेबमोजिम हुनेछन्।<br>३. निर्वाचन क्षेत्र समन्वय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :<br>(क) पार्टीको नीति तथा माथिल्लो कमिटीको निर्देशनअनुरूप प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको पार्टी कामको संयोजन गर्ने,<br>(ख) प्रतिनिधिसभा/प्रदेशसभा सदस्यको निर्वाचनमा संयोजन गर्ने,<br>(ग) प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको विकास निर्माण र जनसरोकारको कामको संयोजन गर्ने,<br>(घ) जिल्ला कमिटीले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने। |
| **प्रस्तावित संशोधन** | **धारा ५९**<br>१, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचिन क्षेत्र भएको जिल्लामा तोकिएबोजिम प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुनेछ।<br>२. प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको अधिकार, कर्तव्य र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको गठन र परिचालनका सम्बन्धमा नियमावलीमा तोक्न उपयुक्त हुने। |

## ४८. धारा ६१(१)

| | |
|---|---|
| **हालको व्यवस्था** | **निर्वाचन विधि**<br>१. समन्वय र संगठन कमिटीबाहेक सबै तहका कमिटी महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन्। |
| **प्रस्तावित संशोधन** | **धारा ६१**<br>१. समन्वय र संगठन कमिटीबाहेक सबै तहका कमिटी र आयोग महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन्। |
| **संशोधन गर्नु पर्ने कारण** | आयोगहरूका निर्वाचन व्यवस्था साबिकको व्यवस्थामा नरहेकोले व्यवस्था गर्नका लागि। |

## ४९. धारा ६३ (१२)

| | |
|---|---|
| हालको व्यवस्था | **उम्मेदवार हुन आवश्यक योग्यता**<br>पदाधिकारी वा सदस्य पदमा निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी परेमा सम्बन्धित कमिटीले छानवीन गर्नेछ र तोकिएको न्युनतम् योग्यता पुरा नभएको पुष्टि भएमा निज पदमुक्त हुनेछ। |
| प्रस्तावित संशोधन | **धारा ६३**<br>१२. सबै तहका कमिटी वा निकायमा पदाधिकारी वा सदस्यका लागि उम्मेदवार हुन चाहने व्यक्तिले आधारभूत वा सोभन्दा माथिल्लो तहको पार्टी स्कुल वा प्रशिक्षण कक्षमा सहभागी भएको हुनुपर्नेछ। तर, कुनै पनि तहको कमिटी वा निकायको वहालवाला पदाधिकारी वा सदस्यलाई कुनै पनि तहको कमिटी वा निकायमा उम्मेदवार हुन उक्त व्यवस्था अनिवार्य हुने छैन।<br>१३. पदाधिकारी वा सदस्य पदमा निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी परेमा सम्बन्धित कमिटीले छानवीन गर्नेछ र तोकिएको न्युनतम् योग्यता पुरा नभएको पुष्टि भएमा निज पदमुक्त हुनेछ। |
| संशोधन गर्नु पर्ने कारण | कुनै पनि तहको कमिटीको पदाधिकाी वा सदस्य हुन आधारभूत तहको प्रशिक्षण लिन अनिवार्य गरिएको। |

## ५०. धारा ६४

| | |
|---|---|
| **हालको व्यवस्था** | **उम्मेद्वार हुन नपाउने**<br>सबै तहको कार्यकारी कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित हुन ७० वर्ष उमेर पुरा नभएको हुनुपर्नेछ । तर ७० बर्ष पुरा नहुँदै निर्वाचित वा मनोनित भएको व्यक्तिले अर्को महाधिवेशन/अधिवेशन नभएसम्म आफू निर्वाचित वा मनोनित पदमा रही जिम्मेवारी बहन गर्न बाधा पुग्ने छैन। |
| **प्रस्तावित संशोधन** | २०८० बैशाख २८–३० मा सम्पन्न केन्द्रीय कमिटीको पाचौँ बैठकको **"७० बर्षको उमेर हद हाललाई निलम्बन गर्ने"** भन्ने निर्णयलाई दोस्रो विधान महाधिवेशनबाट अनुमोदन गर्ने र उक्त धारा ६४ विधानबाट हटाउने। |

| | |
|---|---|
| **संशोधन गर्नु पर्ने कारण** | २०८० बैशाख २८–३० मा सम्पन्न केन्द्रीय कमिटीको पाचौँ बैठकले विधानको धारा– ६४ मा उल्लिखित **"७० बर्षको उमेर हद हाललाई निलम्बन गर्ने" भन्ने निर्णय गरेको थियो ।**<br><br>आन्दोलनको सफल नेतृत्वका लागि योग्यता, अनुभव, योगदान र स्वीकार्यताको निर्णायक भूमिका रहन्छ । ब्यक्तिको उमेर ७० बर्षभन्दा कम भएर पनि यी विशोषताहरू छैनन् भने त्यस्तो ब्यक्तिले आन्दोलनको नेतृत्व गर्न सक्तैन । यी बिशेषताहरूसहित क्रियाशील ब्यक्तिले ७० बर्षभन्दा बढी उमेर भए पनि आन्दोलनको सफल नेतृत्व गर्न सक्तछ । नेपाल र अन्तर्राष्ट्रिय जगतमा यस्ता उदाहरण प्रशस्त छन् ।<br><br>दशौं राष्ट्रिय महाधिवेशनबाट बाहिर निस्केको केही महिनामै उमेर हदको वैधानिक व्यवस्था निलम्बन गरेर ७० बर्ष भन्दाबढी उमेरको कमरेडलाई केन्द्रीय कमिटीमा मनोनयन गरेको अनुभव हामीसँग छ । हरेक व्यक्तिको जीवनको उमेरहद र सक्रियताको उमेरहद फरक–फरक हुन्छ । उमेरहदको नाममा योग्य नेताहरूको पंक्तिबाट योग्यतम् नेताको छनोट गर्ने अवसर गुमाउन हुँदैन । योग्यहरू मध्येको योग्यतम् र सक्रिय नेतालाई नेतृत्वदायी भूमिकाबाट हटाउन वा त्यस्तो भूमिकामा पुग्न नदिन ७० बर्षे उमेर हदको प्रवन्ध गर्नु उचित हुँदैन । तसर्थ, ७० बर्षे उमेर हद निलम्बन गर्ने केन्द्रीय कमिटीको निर्णयलाई दोस्रो विधान महाधिवेशनबाट अनुमोदन गर्न र विधानको धारा ६४ हटाउन आवश्यक भएको । |

## ५१. धारा ६५ (२)

| | |
|---|---|
| **हालको व्यवस्था** | **मनोनयनसम्बन्धी व्यवस्था**<br>२. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगले आ–आफ्नो आयोगमा निर्वाचित संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनयन गर्न सक्नेछन् । |
| **प्रस्तावित संशोधन** | **धारा ६५**<br>२, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनबाट निर्वाचित सदस्य संख्याको बढीमा १० प्रतिशत सदस्य मनोनित गर्न सक्नेछन्" |
| **संशोधन गर्नु पर्ने कारण** | आयोगको संरचनालाई भद्दा र बोझिलो हुनबाट जोगाउन मनोनित गर्ने संख्या साबिकको २० प्रतिशतबाट घटाई १० प्रतिशत कायम गर्ने । |

## ५२. धारा ६८ (२)

| | |
|---|---|
| **हालको व्यवस्था** | **पदपूर्ति**<br>अध्यक्षको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक अध्यक्ष चयन नहुँदासम्म वरिष्ठ उपाध्यक्ष/उपाध्यक्षले कार्यबाहक भई काम गर्नेछ। महासचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक महासचिव चयन नहुँदासम्म पहिलो वरियताको उपमहासचिवले कार्यबाहक भई काम गर्नेछ। प्रदेश र स्थानीय कमिटीको सचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक सचिव चयन नहुँदासम्म पहिलो वरियताको उपसचिवले कार्यवाहक भई काम गर्नेछ। |
| **प्रस्तावित संशोधन** | **धारा ६८**<br>२, अध्यक्षको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक अध्यक्ष चयन नहुँदासम्म उपाध्यक्षले कार्यबाहक भई काम गर्नेछ। महासचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक महासचिव चयन नहुँदासम्म उपमहासचिवले कार्यबाहक भई काम गर्नेछ। प्रदेश र स्थानीय कमिटीको सचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यवाहक सचिव चयन नहुँदासम्म उपसचिवले कार्यवाहक भई काम गर्नेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | अध्यक्ष, महासचिव, प्रदेश तथा स्थानीय कमिटीका सचिवको पद रिक्त हुँदाको अवस्थाका लागि कार्यबाहकको व्यवस्था गरिएको। |

## ५३. धारा ७० बैठक

| | |
|---|---|
| **हालको व्यवस्था** | १. सामान्यतया केन्द्रीय कमिटीको बैठक ६ महिना, प्रदेश कमिटी र जिल्ला कमिटीको बैठक २ महिना र सो मातहतका कमिटीका बैठक एक महिनामा नबढाई आयोजना गर्नुपर्नेछ। |
| **प्रस्तावित संशोधन** | १. सामान्यतया केन्द्रीय कमिटीको बैठक ६ महिना, प्रदेश कमिटीको ४ महिना, जिल्ला कमिटीको बैठक ३ महिना, पालिका कमिटीको बैठक २ महिना र सो मातहतका कमिटीका बैठक एक महिनामा नबढाई आयोजना गर्नुपर्नेछ। |
| **संशोधन गर्नु पर्ने कारण** | बैठकको प्रभावकारी आयोजना र उपलब्धीपूर्ण बैठकका लागि आवश्यक। |

## ५४. अनुसूची १

| | |
|---|---|
| **हालको व्यवस्था** | पार्टी झण्डाको लम्बाई–चौडाई ३:२ अनुपातको हुनेछ। झण्डाको भुई रातो हुनेछ र बाँयापट्टिको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको हुनेछ। |
| **प्रस्तावित संशोधन** | पार्टी झण्डाको लम्बाई–चौडाई ३:२ अनुपातको हुनेछ। झण्डाको भुई रातो हुनेछ र बाँयापट्टिको माथिल्लो कुनामा सुनौलो रङ्गको हँसिया र हथौडा खप्टिएको हुनेछ: |
| **संशोधन गर्नु पर्ने कारण** | झण्डामा रहेको हँसिया–हथौडाको रङ्ग लोगोमा रहेको हँसिया–हथौडाको रङ्गसँग मिलान गरिएको। |

*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

नेकपा (एमाले)

दोस्रो विधान महाधिवेशन

CPN (UML) 2nd Statute Congress, 5-7 September 2025

२०–२२ भदौ २०८२, गोदावरी, ललितपुर

# संगठनात्मक प्रस्ताव

## क. विषय प्रवेश

१. पार्टी निर्माण र सञ्चालनको आफ्नै विधिसम्मत संगठनात्मक प्रणाली हुन्छ। त्यसलाई निश्चित दर्शन, सिद्धान्त र नीतिले मार्गदर्शन गरिरहेको हुन्छ। पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई सबैभन्दा वैज्ञानिक र व्यावहारिक मान्ने गरिन्छ। विधिसम्मत प्रणालीको अभावमा बनेका संगठनहरू व्यक्ति–समूहजस्ता बन्न पुग्दछन्। उनीहरू समाजको रूपान्तरण र विकासको उद्देश्यसँग गाँसिएका हुँदैनन्। उनीहरू यथास्थितिवादलाई सेवा पुऱ्याउने गरी लोकप्रियतावाद र अराजकतावादको शिकार बन्न पुग्दछन्।

लेनिनवादी संगठनात्मक सिद्धान्तको विकास हुनुपूर्व संगठन निर्माण र सञ्चालनका आफ्नै खाले विधि र प्रणालीहरू अभ्यासमा थिए। ती विधि र प्रणालीमा प्रशस्त कमी र कमजोरीहरू थिए, जसका कारणले राजनीतिक दलहरू अन्तरसंघर्षको शिकार बन्दथे। पार्टी सञ्चालन र नेतृत्व निर्माणको विधिसम्मत प्रणाली नबन्दा विवादमा समेत टूटफूटको निरन्तर शृङ्खला चलिरहन्थ्यो। यस्तो अवस्थामा सुधार गरेर लेनिनले अक्टुबर क्रान्तिको दौरानमा लेनिनवादी संगठनात्मक सिद्धान्तको विकास गर्नुभयो। विश्वका कम्युनिष्ट पार्टीहरूले आमरूपमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई अवलम्बन गर्दै आएका छन्। आफ्नो मुलुक र आन्दोलनको विशिष्टतामा त्यसको सिर्जनात्मक अभ्यास गर्दै आएका छन्।

२२ अप्रिल १९४९ तदनुरूप २००६ साल वैशाख ९ गतेका दिन स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै सैद्धान्तिक रूपमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई आत्मसात गर्दै आएको छ। उक्त सिद्धान्तअन्तर्गत पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी आफ्नैखाले अभ्यास र अनुभवबाट गुज्रिन पुग्यो। विभिन्न कालखण्डमा कहिले भूमिगत भएर, कहिले अर्धभूमिगत रूपमा र कहिले खुलारूपमा नेपाल कम्युनिष्ट पार्टीले काम गर्नुपऱ्यो। भारत प्रवासमा बसेर देशभित्रको कामको संयोजन गर्ने अवस्थाबाट पनि गुज्रिनु पऱ्यो। झापा विद्रोहको जगमा को–अर्डिनेशन केन्द्र हुँदै नेकपा (माले) को कालमा पार्टीले जनतामा आश्रित रहेर कडा भूमिगत शैलीमा पार्टी निर्माण र सञ्चालन गर्ने अभ्यास गऱ्यो। २०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापछि, खुला राजनीतिमा आएपछिका हाम्रा अभ्यास र अनुभवहरू विस्तारित हुन पुगे। यसै अवधिमा हाम्रो पार्टी राज्यसत्ताको प्रमुख अङ्ग केन्द्रीय सरकारमा सहभागी बन्न पुग्यो। विभिन्न समयमा सरकारको नेतृत्वसमेत गर्न पुग्यो। सरकारमा रहँदाका र प्रतिपक्षमा रहँदाका हाम्रा अनुभवहरू पनि त्यसमा जोडिन पुगे। यतिबेला हाम्रो पार्टी इतिहासका विभिन्न कालखण्डका संगठनात्मक कामका विशिष्ट अनुभव, वर्तमानमा राष्ट्रिय राजनीतिमा खेलिरहेको नेतृत्वदायी केन्द्रीय भूमिका र भविष्यमा विकास एवं समृद्धिको आकाङ्क्षा पूरा गर्नसक्ने जनताको भरोसायोग्य पार्टीको हैसियतमा आफ्नो संगठनात्मक जीवनलाई थप व्यवस्थित र सुदृढ गर्दै अघि बढ्नुपर्ने अवस्थामा छ।

२. नेपालको कम्युनिष्ट आन्दोलन गुट, फूट र विभाजनको शृङ्खलाबाट गुज्रिंदै, एकता अनि एकीकरणको प्रक्रिया हुँदै यहाँसम्म आइपुगेको हो। पार्टी स्थापनाको छोटो समयमा नै नेकपाका

संस्थापक महासचिव पुष्पलाललाई महाधिवेशनको नेतृत्वसमेत गर्न नदिई पोलिटब्यूरोको बैठकबाट हटाइएको दु:खद इतिहास पनि हाम्रासामू छ। पार्टी नीति र नेतृत्वका बीचमा संगति नमिलेर आन्दोलनले नोक्सानी व्यहोर्नुपरेका तीता अनुभवहरू पनि हाम्रासामू छन्। केन्द्रीय नेतृत्वले कार्यकर्ताको भावनाको नेतृत्व गर्न असफल भएर कार्यकर्ताका बीचबाट पुन: पार्टी नेतृत्वको निर्माण गर्नुपरेको अनुभव पनि हामीसँग छ। तेस्रो महाधिवेशनसम्म नेकपा एकताबद्ध रूपमा रहे पनि त्यसपछि भने गठन, विघटन र पुनर्गठनको प्रक्रियाबाट गुज्रिनु पऱ्यो। तेस्रो महाधिवेशनपछि पार्टी पुनर्गठनको अगुवाइ कमरेड पुष्पलालले गर्नुभयो। कमरेड पुष्पलाललाई नेकपा विभाजनको आरोप लगाउँदै पार्टीलाई "एकताबद्ध बनाउने अभियान सञ्चालन गर्नेहरू" पनि कालान्तरमा कमरेड पुष्पलालकै बाटोको अनुशरण गर्न पुगे। तर कमरेड पुष्पलालको नेतृत्वमा पुनर्गठन भएको पार्टी आफैँ फूट र विभाजनको शिकार बन्न पुग्यो।

झापा विद्रोहको जगमा को–अर्डिनेशन केन्द्र हुँदै गठन भएको नेकपा (माले) नेपालको कम्युनिष्ट आन्दोलनको पुनर्गठन र एकताको मूलपक्ष बन्न पुग्यो। यही पार्टीको अगुवाइमा २०४६ सालमा वाममोर्चा गठन भई नेपाली कांग्रेससमेतको सहभागितामा संयुक्त जनआन्दोल सफल भएको थियो। ऐतिहासिक जनआन्दोलनको सफलतासँगै २०४७ सालमा नेकपा (माले) र मार्क्सवादी समूहका बीचमा पार्टी एकता भई नेकपा (एमाले) निर्माण हुनपुग्यो। त्यसपछि पनि एकता र एकीकरणको प्रक्रिया निरन्तर अघि बढ्यो। केन्द्रीय न्यूक्लियस हुँदै अघि बढेको पार्टी पुनर्गठनको अर्को धारा चौथो महाधिवेशनको धाराका रूपमा अघि बढ्यो। नेपाली राजनीतिमा माओवादी धाराका शक्तिहरूको जग मूलत: चौथो महाधिवेशनको धारा नै हो। २०७४ सालपछि नेकपा (एमाले)ले माओवादी आन्दोलनको मुख्य धारा नेकपा (माओवादी) लाई समेत एकीकृत गराएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गठन गर्नपुग्यो। तर त्यो एकता जटिल अन्तरसंघर्षमा फस्न गई असफल भयो।

३. नेपालको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहका रूपमा रहेको नेकपा (एमाले) जतिबेला जनताका बीचमा लोकप्रिय बन्नपुग्दछ, त्यतिबेला पार्टीभित्र अन्तरसंघर्ष तीव्र बन्ने र पार्टी विभाजनसम्म पुग्ने तीतो अनुभव पनि हाम्रोसामू छ। पार्टीको नेतृत्वमा पहिलो सरकार बनेसँगै सुरु भएको पार्टीभित्रको अन्तरसंघर्ष एकीकृत महाकाली सन्धिका नाममा राष्ट्रघात भयो भनेर २०५६ सालमा पार्टी विभाजन गर्ने तहसम्म पुग्यो। त्यसक्रममा पार्टीको एउटा हिस्सा पार्टीबाट बाहिरिन पुग्यो। समयक्रममा विभाजनको नेतृत्व गर्ने नेताहरू सीपी मैनालीलाई छोडेर पुन: पार्टीमा जोडिनुभयो। तर उक्त विभाजनको क्षतिपूर्ति गर्न लामो समय लाग्यो। दोस्रो संविधानसभाबाट संविधान जारी भएसँगै हाम्रो पार्टीको नेतृत्वमा बनेको सरकारले नाकाबन्दीको सामना गर्नेदेखि लिएर संविधान कार्यान्वयनमा खेलेको प्रभावकारी भूमिकाका कारणले पार्टी जनताका बीचमा निकै लोकप्रिय बन्न पुग्यो। त्यसको जगमा २०७४ सालमा नेकपा (एमाले) र नेकपा (माओवादी) का बीचमा ६०–४० को अनुपातमा चुनावी तालमेल भयो र चुनावमा गठबन्धनले ऐतिहासिक सफलता हासिल गऱ्यो। झन्डै दुई तिहाइको नजिक पुगेको गठबन्धनलाई सरकार गठनमा समेत रोक्ने कोशिस भयो। गठबन्धनको साझेदार माओवादी नेतृत्व चुनावी गठबन्धनको मर्मविपरीत सत्ताको

सौदाबाजीमा संलग्न भयो। ऊ पार्टी एकताको शर्तमा मात्र सरकारमा सहभागी हुन तयार भयो। संयुक्त सरकार गठन भएको केही समयमा दुई पार्टीका बीचमा पार्टी एकता भई नेकपा गठन भयो। नेकपा नेतृत्वको सरकार अत्यन्त सफल र लोकप्रिय बन्दै गएको बेलामा पुन: नेकपाभित्र निकै गहिरो अन्तरसंघर्ष उत्पन्न भयो। दुई पार्टीका बीचमा भएको एकताको मर्मविपरीत बहुमतका नाममा सरकार र पार्टीको नेतृत्वबाट नेकपा (एमाले) को **नवौं महाधिवेशन**बाट निर्वाचित नेतृत्वलाई विस्थापित गर्ने कोशिस भयो। उक्त अन्तरसंघर्षका कारणले नियोजित रूपमा २०७४ सालको जनताको लोकप्रिय जनादेशलाई खण्डित गर्ने र जनमत प्राप्त गर्न असफल भएको नेपाली कांग्रेसको नेतृत्वमा अदालतको परमादेशका आधारमा नयाँ सरकार बनाउने काम भयो।

नेकपा गठनपछि नेकपा (एमाले) को गौरवपूर्ण संगठनात्मक जीवन खल्बलिन पुग्यो। नेकपाको नामका सन्दर्भमा परेको मुद्दामा सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा पुनर्स्थापित भएका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुन: एकताबद्ध हुने अवस्था रहेन। बरु उल्टै नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरिकाबाट विभाजन गर्ने काम भयो। नेकपा (एकीकृत समाजवादी) का नाममा विभाजित भएका नेता र कार्यकर्ताहरू यतिबेला उक्त पार्टीको भविष्य नरहेको निष्कर्षमा पुगेका छन्। नेपालका सन्दर्भमा मूल पार्टीबाट विभाजित भएर बनेका पार्टीहरू समयक्रममा कार्यकर्ता र जनता दुवैबाट तिरस्कृत भएका छन्। तर पनि नेपालका राजनीतिक दलहरूभित्र शक्ति सुदृढ भएसँगै र पार्टीले सरकारको नेतृत्व गर्ने सम्भावना प्रबल भएसँगै पार्टीको एकता जोगाउने कुरा सदैव चुनौतीपूर्ण बन्ने गरेको देखिन्छ।

४. **मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास**का क्रममा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तको विकाससँगै पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा जबजले अवलम्बन गरेको लोकतान्त्रिकरणको मान्यताका आधारमा हाम्रो पार्टी लेनिनवादी संगठनात्मक सिद्धान्तलाई सिर्जनात्मक रूपमा प्रयोग गर्दै अघि बढिरहेको छ। पार्टीको **आठौँ राष्ट्रिय महाधिवेशन**ले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गर्दै अघि बढेपछि त्यसका सबल र दुर्बल पक्षको समीक्षा गर्दै अघि बढ्ने कोशिस पार्टीले गर्दैआएको छ। **दशौं राष्ट्रिय महाधिवेशन**पछि पार्टीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा योजनाबद्ध पहल अघि बढाउँदै आएको छ। फूट र विभाजनका असरहरू कम गर्नका लागि आन्तरिक एकतामा जोड दिन पुग्दा आन्तरिक लोकतन्त्र कमजोर भएको भनेर आलोचना हुने र आन्तरिक प्रतिस्पर्धालाई अघि बढ्न दिँदा पक्ष र विपक्षका रूपमा पार्टीमा समूहबन्दीको अवस्था सिर्जना हुने अनि त्यसले पार्टी जीवनलाई समेत अस्वस्थकर बनाउने स्थिति उत्पन्न हुने गरेको छ। नेतृत्व निर्माणका सन्दर्भमा पार्टीले विगतदेखि नै अवलम्बन गर्दैआएको असल अभ्यासलाई समेत हस्तक्षेपका रूपमा चित्रित गर्ने र विवादित बनाउने काम हुने गरेको छ। त्यसमाथि आमरूपमा चुनावी प्रतिस्पर्धा पछि प्रतिस्पर्धी नेतृत्वका बीचमा एकता र सहकार्यको विषय निकै चुनौतीपूर्ण बन्न पुगेको देखिन्छ। पार्टीमा आन्तरिक लोकतन्त्रलाई विस्तार गर्नका लागि लोकतान्त्रिक संस्कृतिको विकास अपरिहार्य देखिन्छ।

५. पछिल्लो समयमा पार्टीमा पुराना र अनुभवी कार्यकर्ताको ठूलो पङ्क्ति तयार भएको छ। तल्ला कमिटीमा लामो समय बसेर विदा हुने र माथिल्लो कमिटीमा व्यवस्थापनका लागि वैधानिकताको समस्या उत्पन्न हुने अवस्था सिर्जना भएको छ। अन्य पार्टीबाट हाम्रो पार्टीमा आउन चाहनेहरूको संख्या पनि निकै ठूलो छ। पार्टी प्रवेश गराएर व्यवस्थापन गर्ने कुरा पनि चुनौतीको विषय बन्न पुगेको छ। त्यसमाथि समावेशिताको व्यवस्थाअनुसार नेतृत्वमा आइपुगेका कतिपय नेता र कार्यकर्ताको क्षमता विकास हुन नसक्दा पार्टी काममा समस्या देखिने गरेको छ। नेकपाको समयदेखि नै पार्टी कमिटी र कार्यकर्ताको स्व–परिचालनमा गम्भीर समस्या देखिंदै आएको हो। अभियान र निर्देशनआधारित परिचालनको अभ्यास प्रबल बन्दै गएको छ। आमजनतासँगको पार्टी कार्यकर्ताको अन्तरसम्बन्धलाई घनिष्ठ बनाउने कुरा थप चुनौतीको विषय बन्न पुगेको देखिन्छ। पार्टी सदस्यताको विस्तारसँगै संगठित सदस्य कुनै न कुनै कमिटीमा संगठित हुनुपर्ने वैधानिक व्यवस्थाको कार्यान्वयनमा समेत जटिलता देखिने गरेको छ। परिणामस्वरूप पार्टीसम्बद्ध जनसंगठन र सरोकारवाला संगठनहरू पार्टी कार्यकर्ता व्यवस्थापन गर्ने थलो बन्दै गएका छन्। पार्टीका स्थानीय तहमा स्वार्थआधारित समूहबन्दी समस्याको जटिल विषय बन्दै गएको छ। उक्त समस्या चुनावी घात र प्रतिघातमा समेत प्रकट हुनथालेको छ।

६. पार्टीले विभिन्न समयमा देखिने फूट र विभाजनका चुनौतीहरूलाई सहजै सामना गर्दैआएको छ। छोटो समयमा फूट र विभाजनका असरहरूलाई मेटेर पार्टीलाई जनताको रोजाइको पहिलो पार्टी बनाउन सफलसमेत भएको छ। तर राष्ट्रिय आवश्यकताका दृष्टिकोणबाट हाम्रो पार्टी अझै निर्णायक शक्तिका रूपमा विकास हुन सकिरहेको छैन। बलियो र निर्णायक पार्टी वैचारिक एकता र संगठनात्मक अनुशासनको जगमा मात्र निर्माण गर्न सकिन्छ। पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले **दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौं** भन्ने मूल नारा अघि सारेको थियो। तर त्यसका आधारमा पार्टीलाई अझै सुदृढ र व्यवस्थित गर्न सकिएको छैन। त्यसमाथि पार्टीमा उत्पन्न हुने असहमति र अन्तरसंघर्ष विधिसम्मत ढंङ्गले अघि बढ्न नसक्दा जटिलता उत्पन्न हुने गरेको छ। वास्तवमा विधिसम्मत ढङ्गले अघि बढ्ने हो भने असहमतिलाई सहमतिमा र अन्तरविरोधलाई एकतामा बदल्न सकिन्छ। तर पार्टी एकतालाई कमजोर बनाउने गरी विग्रह पैदा गर्ने, अन्तर्घात गर्ने, अन्तरध्वंस मच्चाउने कुराको औचित्य कहिल्यै पुष्टि हुनसकेको छैन र हुन पनि सक्दैन।

## ख. पार्टी निर्माणको सैद्धान्तिक आधार

१. वर्गीय समाजमा राजनीतिक दलहरू वर्गीय दृष्टिकोणका आधारमा वर्गीय हितलाई केन्द्रबिन्दूमा राखेर गठन र सञ्चालित हुन्छन्। वर्ग दृष्टिकोणबाट अलगथलग भएको राजनीतिक दल लामो समयसम्म अस्तित्वमा रहनसक्दैन। कम्युनिष्ट पार्टीले आफ्नो मुलुकको श्रमजीवी वर्ग र उत्पीडित समुदायको हितलाई केन्द्रबिन्दूमा राखेर काम गर्दछ। निश्चित वर्ग र समुदायको हितका दृष्टिले आंशिक हितको प्रतिनिधित्व वर्गीय संगठन र सामाजिक संघ–संस्थाले पनि गर्न सक्दछन्। तर तिनीहरूका माध्यमबाट राज्यसत्ताको नेतृत्व गर्न र त्यसका माध्यमबाट समग्र हितको

प्रतिनिधित्व गर्न सम्भव हुँदैन। मार्क्सवादले सामाजिक विकासको मुख्य कडी वर्गसंघर्षलाई मान्दछ। लोकतन्त्रमा वर्गसंघर्ष आवधिक निर्वाचनका माध्यमबाट केन्द्रित रूपमा प्रकट हुने गर्दछ। आवधिक निर्वाचनमा जुन वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलले बहुमत प्राप्त गर्न सक्यो, राज्यसत्ताको कार्यकारी भूमिकामा त्यही वर्गको नेतृत्व कायम हुन्छ। नेपालमा पुरातनवादी पार्टीहरू सामन्ती समाजका उपज हुन्। २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले त्यस वर्गको राजनीतिलाई पराजित गरेको अवस्था हो। पूँजीवादी पार्टीहरूले पूँजीपति वर्गको र कम्युनिष्ट तथा वामपन्थी पार्टीहरूले श्रमजीवी वर्गको हितको प्रतिनिधित्व गर्दछन्। नेपालको संविधान २०७२ को प्रस्तावनामा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने कुरामा जोड दिइएको छ। यस अर्थमा नेपालको संवैधानिक व्यवस्थामा विश्वास गर्ने राजनीतिक दलहरूका लागि उक्त मान्यतामा आधारित रहेर अघि बढ्नुपर्ने हुन्छ। समाजवाद निर्माणका सन्दर्भमा विश्वमा दुई प्रमुख मान्यता स्थापित छन्; पहिलो वैज्ञानिक समाजवाद र दोस्रो प्रजातान्त्रिक समाजवाद। नेकपा (एमाले) वैज्ञानिक समाजवादको अवधारणामा आधारित नेपाली विशेषतासहितको समाजवाद निर्माण गर्न चाहन्छ।

२. नेकपा (एमाले) प्रमुख रूपमा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो। तथापि, वर्तमान परिस्थितिमा हाम्रो पार्टी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्यप्रति सहमत समाजका सबै सकारात्मक वर्ग र समुदायलाई समेत साथमा लिएर अघि बढ्न चाहन्छ। अहिले नेपाली समाज पूँजीवादको प्रारम्भिक चरणमा रहेको भए पनि तदनुरूपको उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास हुनसकेको छैन। २०६२/०६३ मा राजनीतिक क्रान्ति सम्पन्न भए पनि न त्यो बुर्जुवा क्रान्तिजस्तो पूँजीपति वर्गको नेतृत्वमा सम्पन्न हुनसक्यो, न त त्यो जनवादी क्रान्तिको तहमा मजदूर र किसानको नेतृत्वमा सम्पन्न हुनसक्यो। त्यो राजनीतिक क्रान्ति बुर्जुवा वर्ग र श्रमजीवी वर्गको नेतृत्व गर्ने राजनीतिक दलहरूको संयुक्त सहभागिता र नेतृत्वको संयुक्त जनआन्दोलन थियो। त्यसले शान्तिपूर्ण तरिकाबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरे पनि राज्यसत्तामा कुनै पनि एउटा वर्गको नेतृत्व स्थापित हुनसकेको छैन। **जनताको बहुदलीय जनवाद**ले यस प्रकारको परिस्थिति र सम्भावनाको आङ्कलन समेत गर्दै राजनीतिक क्रान्तिपछि तीन विशेष अवधि पूरा गरेरमात्र समाजवादमा पुग्न सकिने मान्यता अघि सारेको छ। त्यसमा पहिलो, पुरानो समाज व्यवस्थाका अवशेषहरूलाई समूल अन्त्य गर्ने, दोस्रो, क्रान्तिबाट स्थापित भएको उत्पादन सम्बन्धलाई सबल र सुदृढ बनाउने गरी आर्थिक, सामाजिक र सांस्कृतिक विकास एवं रूपान्तरणको कामलाई अघि बढाउने र तेस्रो, समाजवादमा सङ्क्रमणको उद्देश्यअनुरूप आर्थिक, सामाजिक विकासको कामलाई तीव्रता दिने। यही नीतिअनुरूप यतिबेला हाम्रो पार्टीले **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ। सोही गन्तव्य हासिल गर्नेक्रममा नै नेपाली समाजमा नेपाली विशेषताको समाजवाद निर्माण गर्न सकिने पार्टीको निष्कर्ष र विश्वास रहेको छ।

३. अहिले विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएको विकासले उत्पादक शक्ति र उत्पादन सम्बन्धको ढाँचा एवं अन्तरसम्बन्धमा गहिरो प्रभाव र परिवर्तन ल्याइरहेको छ। विगतको प्रत्यक्ष

श्रमशोषणमा आधारित उत्पादन ढाँचामा परिवर्तन आएको छ। सूचना प्रविधिमा आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) को विकासले वर्गसंघर्षको स्वरूप र श्रमसम्बन्धमा जटिलता ल्याउने अनुमान गरिएको छ। प्रविधि र डाटाको एकाधिकारले समाजमा असमानता र बेरोजगारीको समस्या तीव्र रूपमा बढ्ने अनुमान गरिएको छ। यस्तो अवस्थामा सूचना प्रविधि र डाटाको प्रयोगमा एकाधिकारको स्थिति आउन नदिनका लागि नयाँ शिराबाट सामाजिक र राजनीतिक आन्दोलनलाई संगठित गर्नुपर्ने कुराको आवश्यकता विश्वस्तरमै बढ्न गएको छ। एआईको बढ्दो प्रयोगले समाजमा पर्नसक्ने असरलाई कम गर्नका लागि अहिलेदेखि नै कानूनी, प्राविधिक र संरचनागत कामलाई तीव्रता दिनुपर्ने आवश्यकता देखिन्छ। यी र यस्ता पक्षहरूले पनि हाम्रो आन्दोलन र संगठनात्मक व्यवस्थापनमा गहिरो प्रभाव पार्नेछन्।

४. कम्युनिष्ट पार्टीको नाम र झण्डाले मात्र कुनै पनि पार्टी क्रान्तिकारी हुँदैन। नेपालमा कम्युनिष्ट नामका पार्टीहरू नै कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाउने माध्यम बनेका देखिन्छन्। शान्तिपूर्ण प्रतिस्पर्धाका माध्यमबाट जनविश्वास आर्जन गरी अघि बढ्ने प्रबल सम्भावना भएका बेलामा पार्टी विभाजनको नेतृत्व गर्ने र कम्युनिष्टविरोधी शक्तिहरूसँग साँठगाँठ गरेर क्रान्तिका नाममा हिंसाको राजनीति सुरु गर्नेसम्मका काम पनि कम्युनिष्ट पार्टीका नाममा नै भए। एउटै कम्युनिष्ट पार्टी निर्माण गर्ने उद्देश्यसहित चुनावी तालमेल गरेका र तत्पश्चात् पार्टी एकता गरेर एउटै पार्टी बनाएका बेलामा पनि आफ्नै पार्टी नेतृत्वको सरकार ढाल्नका लागि विपक्षीसँग मिलेकाहरूले पनि कम्युनिष्ट आन्दोलनको रक्षा र विकासको कुरा गर्ने गरेको हामीले सुन्ने गरेका छौं। समाजको परिवर्तन र रूपान्तरणका लागि सही सिद्धान्त, नीति र कार्यक्रमका साथै सोहीअनुसारको व्यवहारको आवश्यकता पर्दछ। जननेता मदन भण्डारीले सिद्धान्तलाई व्यवहारमा लागू गर्ने कुरामा निरन्तर जोड दिनुभयो। व्यवहारमा लागू नहुने सिद्धान्तलाई बोकेर हिंड्न नसकिने बताउनुभयो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले व्यहोर्नुपरेको अभूतपूर्व धक्काको वस्तुनिष्ठ समीक्षा गर्दै जननेता भण्डारीले **मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास**मा जोड दिनुभयो। सोहीक्रममा नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा **जनताको बहुलीय जनवाद**को विकासको नेतृत्व गर्नुभयो। आज **जनताको बहुदलीय जनवाद** नेपाली क्रान्तिलाई मार्गदर्शन गर्ने सिद्धान्तका रूपमा स्थापित छ। यही सिद्धान्तले हामीलाई पार्टी निर्माणमा र पार्टी जीवनको लोकतान्त्रिकरण गर्नमा दिशानिर्देश गरिरहेको छ।

५. कमरेड पुष्पलालले सदैव **पार्टीमाथि विश्वास गर** भन्ने कुरामा जोड दिनुभयो। उहाँले पार्टी निर्माणका सन्दर्भमा तीन 'स' (सिद्धान्त, संगठन र संघर्ष) को नीतिमा जोड दिनुभयो। पार्टी निर्माणका लागि सही सिद्धान्तपछिको सबैभन्दा महत्वपूर्ण विषय पार्टीको संगठनात्मक सिद्धान्त रहेको कुरामा उहाँ विशेष जोड दिनुहुन्थ्यो। **जनताको बहुदलीय जनवाद**का सर्जक जननेता भण्डारीले पार्टी निर्माणको सन्दर्भमा नवीन दृष्टिकोणको रूपमा प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने मूल नीति अघि सार्नुभयो। सोही नीतिका आधारमा पार्टी निर्माणको लोकतान्त्रिक मान्यतालाई अघि बढाउनुभयो। उहाँले पार्टीका गुण–अवगुणहरूमात्र होइन; नेता, कार्यकर्ता र सदस्यका गुण–अवगुणहरूलाई समेत जनताको मूल्याङ्कनको विषय बनाउनुपर्ने

कुरामा जोड दिनुभयो। उहाँले सिंगो पार्टीका निश्चित तहहरूका बीच अन्तरसम्बन्ध भएको शृङ्खलाबद्ध कमिटी प्रणाली हुनुपर्ने विषयमा जोड दिनुभयो। पार्टीमा निर्धारित गुण र मापदण्डको ग्यारेन्टी गर्दै सबै जाति, भाषा, धर्म, सम्प्रदाय र भौगोलिक क्षेत्रहरूमा पार्टीलाई विस्तार गर्न तथा पार्टीलाई व्यापक जनतामा आधारित बनाउन जोड दिनुभयो। उपरोक्त दृष्टिकोण र मान्यतासमेतका आधारमा सबल र सुदृढ पार्टी निर्माणका सन्दर्भमा निम्न विषयमा जोड दिनु आवश्यक छ :

**एक–** पार्टीको सिद्धान्त, नीति र कार्यक्रमका आधारमा पार्टीपङ्क्तिलाई वैचारिक र राजनीतिक रूपमा सबल र सक्षम बनाउने।

**दुई–** श्रमजीवी वर्गीय दृष्टिकोणमा आधारित रहँदै सबै जाति, भाषा, धर्म, सम्प्रदाय र भौगोलिक क्षेत्रमा पार्टी कामलाई विस्तार गर्ने। सम्बन्धित क्षेत्रको कामको नेतृत्व गर्नसक्ने सक्षम र योग्य कार्यकर्ता पङ्क्ति तयार गर्ने।

**तीन–** नेतृत्व, कमिटी, कार्यकर्ता र जनताका बीचमा गहिरो अन्तरसम्बन्ध भएको शृङ्खलाबद्ध कमिटी प्रणालीको विकास गर्ने। आवधिक रूपमा पार्टी कमिटी र कार्यकर्ताको विधिसम्मत मूल्याङ्कन गर्ने।

**चार–** पार्टी नीतिअनुरूप राष्ट्रिय हित र जनसरोकारका विषयमा पार्टीपङ्क्तिको व्यापक परिचालन गर्ने। पार्टीसम्बद्ध जनसंगठनलाई सम्बन्धित वर्ग र समुदायआधारित बनाउँदै बहुसंख्यक जनताका बीचमा पार्टीलाई स्थापित गर्ने।

**पाँच–** आर्थिक–सामाजिक विकास र रूपान्तरणको राजनीतिक कार्यदिशा कार्यान्वयन गर्ने गरी उद्यमशीलता, उत्पादकत्व वृद्धि र सामाजिक सुधारको काममा पार्टी कमिटी र कार्यकर्तालाई परिचालित गर्ने। उत्पादन र उद्यमशीलता आधारित श्रम संस्कृतिको विकास गर्ने।

**छ–** पार्टीपङ्क्तिलाई आमजनताका बीचमा घनिष्ठरूपमा स्थापित गर्दै संघ, प्रदेश र स्थानीय, तीनै तहको निर्वाचनमा विजय हासिल गर्न सक्ने गरी पार्टीपङ्क्तिलाई सुदृढ बनाउने। पार्टीको नेतृत्व र सहभागिता रहेका तीनै तहका सरकार र जनप्रतिनिधिहरूका कामलाई राजनीतिक कार्यदिशाअनुरूप प्रभावकारी बनाउने।

**सात–** शक्तिसंचयको कार्यनीतिअनुरूप शक्ति सुदृढ गर्दै पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिमा बदल्ने। आमनिर्वाचनमा लोकप्रिय जनादेश प्राप्त गरी बहुमतको सरकारको नेतृत्व गर्दै शान्तिपूर्ण र वैधानिक बाटोबाट नेपाली विशेषताको समाजवाद निर्माणको आधार तयार गर्ने,

## ग. संगठनात्मक सिद्धान्त र जबज

१. हाम्रो पार्टी नेकपा (एमाले)ले मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासको बाटोबाट आजको अवस्थामा आइपुगेको हो। मार्क्सवादको प्रतिपादनमा मार्क्स र एंगेल्सको नेतृत्वकारी भूमिका रह्यो। तर संगठनात्मक सिद्धान्तका प्रश्नमा उहाँहरूले खासै ध्यान दिनुभएन। लेनिनले विगतका अनुभवहरूबाट सिक्दै बोल्सेभिक क्रान्तिलाई अघि बढाउने क्रममा विकसित गर्नुभएका

संगठनात्मक कामका अनुभवहरू लेनिनवादी संगठनात्मक सिद्धान्तका रूपमा स्थापित भए। त्यही लेनिनवादी संगठनात्मक सिद्धान्त क्रमश: विश्व कम्युनिष्ट आन्दोलनमा मात्र होइन आमरूपमा पार्टी निर्माण र सञ्चालनको वैज्ञानिक सिद्धान्त बन्न पुग्यो। अन्य सबै प्रकारका संघ, संगठन सञ्चालनमा समेत यस सिद्धान्तको अनुशरण हुँदै आयो। माथि नै चर्चा गरिसकिएको छ, नेपाल कम्युनिष्ट पार्टीले स्थापनाकालदेखि नै त्यसलाई आत्मसात गर्दै आएको छ। मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका क्रममा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तको विकासपछि भने लेनिनवादी संगठनात्मक सिद्धान्तलाई लोकतान्त्रिकरणको नवीन मान्यताका आधारमा परिष्कृत गर्दै अघि बढ्ने काम हुँदै आएको छ।

२. लेनिनवादी संगठनात्मक सिद्धान्तअन्तर्गत व्यक्तिहरू संगठनको मातहत हुन्छन्, तल्ला कमिटीहरू माथिल्ला कमिटीको मातहत हुन्छन्। केन्द्रीय कमिटी र केन्द्रीय निकायहरू महाधिवेशनको मातहत हुन्छन्। अधिवेशन र महाधिवेशन पार्टी सदस्यहरूका मातहत हुन्छन्। पार्टी सदस्यहरूले आफूमा नीहित सम्प्रभूताको प्रयोग गरी महाधिवेशनका माध्यमबाट नीति, विधि र नेतृत्व निर्माणमा निर्णायक भूमिका खेल्छन्। महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटी दुई महाधिवेशनका बीचको सर्वोच्च नेतृत्वदायी अंगका रूपमा रहन्छ। केन्द्रीय कमिटीले महाधिवेशनका माध्यमबाट कार्यकर्ताले प्रत्यायोजन गरेका अधिकारको प्रयोग गर्दछ। तर त्यसरी अधिकारको प्रयोग गरिरहँदा महाधिवेशनले पारित गरेका नीति र विधिको पालना गर्नुपर्ने हुन्छ।

३. लेनिनको नेतृत्वमा बोल्सेभिक क्रान्तिको समयमा विकास भएको लेनिनवादी संगठनात्मक सिद्धान्त प्रयोगमा आएको एक सय वर्षभन्दा बढी भइसकेको छ। यस अवधिमा सोभियत क्रान्तिबाट स्थापित भएको समाजवाद विघटनसमेत भएको लामो समय बितिसकेको छ। क्रान्तिकालमा गरिएका संगठनात्मक अभ्यासहरू क्रान्तिपश्चात्को शान्तिकालमा समेत सोहीरूपमा लागू गर्न पुग्दा अन्तरपार्टी जनवाद कमजोर हुने र सर्वसत्तावाद हावी हुने स्थिति उत्पन्न भयो। रुसी क्रान्तिको सफलता र त्यसको लोकप्रियताले विश्वका धेरै कम्युनिष्ट पार्टीहरूमा रुसी कम्युनिष्ट पार्टीको अन्धानुकरणको प्रवृत्तिसमेत मौलायो। लेनिनको निधनपछि सोभियत सत्तामा सर्वसत्तावादको अभ्यास हुनथाल्यो र त्यसैलाई लेनिनवाद भनेर बुझ्ने र व्याख्या गर्ने प्रवृत्ति पनि बढ्न पुग्यो। यद्यपि, पहिलो र दोस्रो विश्वयुद्धमा नाजीवाद र फासीवादलाई पराजित गर्नका लागि सोभियत संघ र सोभियत जनताले निकै ठूलो मूल्य चुकाउनु पऱ्यो। त्यसक्रममा अवलम्बन गरिएको नीति र सफलताले पनि राज्यसत्ता र पार्टी सञ्चालनमा गहिरो प्रभाव पर्न गयो। विश्वयुद्धको समाप्तिपश्चात् मानव समाजमा नयाँ मूल्य–मान्यताहरू स्थापित भए। संयुक्त राष्ट्र संघजस्ता संस्थाको जन्म भयो, जसले विश्वमा शान्ति र सुरक्षा कायम गर्ने उद्देश्यलाई प्रमुख जिम्मेवारीका रूपमा लियो। राष्ट्रहरूबीचको समानता, मानवअधिकारको संरक्षण, अन्तर्राष्ट्रिय सहयोग, विवादहरूको शान्तिपूर्ण समाधान र त्यसका लागि आवश्यक संरचनाहरूको प्रबन्ध आदिलाई संयुक्त राष्ट्रसंघको दायित्व र भूमिकाका रूपमा स्वीकार गरियो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो, जसले सभ्य समाज निर्माणका लागि बलियो आधार प्रदान गऱ्यो। यद्यपि, शक्ति राष्ट्रहरूका लागि यी विषयहरू आफ्नो स्वार्थअनुकूल व्याख्या र प्रयोग गर्ने विषय बन्ने गरेकै छन्। तर पनि यसले

विश्व जनमत निर्माण गर्न र हरेक देशका सरकारहरूलाई आधारभूत मूल्यहरू कायम गर्नका लागि एक प्रकारको नैतिक दबाब सिर्जना गर्न पुग्यो। दोस्रो विश्वयुद्धको अन्त्य, अक्टुबर समाजवादी क्रान्तिको सफलता र संयुक्त राष्ट्र संघजस्ता विश्व संस्थाहरूको निर्माणजस्ता विषयले राज्यसत्ता, वर्गसंघर्ष, पूँजीवादी एवं साम्राज्यवादी शोषण र उत्पीडनका तरिकाहरूमा बदलावहरू आए। यस्तो स्थितिमा लेनिनवादी संगठनात्मक सिद्धान्तको अभ्यासमा बदलाव आवश्यक बन्नुपर्दथ्यो। जनताका स्वतन्त्र आकाङ्क्षा र चाहनाहरूलाई विधिसम्मत हिसाबले सम्बोधन गर्नसक्नु पर्दथ्यो। तर उल्लेखित पक्षलाई कम्युनिष्ट आन्दोलन र समाजवादी राज्यहरूले समयमै ठीक ढङ्गले ग्रहण गर्न नसक्दा आफैंले ल्याएका उपलब्धिहरूबाट आफैं आरोपित हुने दु:खद् अवस्थासमेत सिर्जना भयो। त्यसमाथि पछिल्ला दिनहरूमा विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएका उपलब्धिहरूले मानवीय स्वतन्त्रता र गरिमाको प्रश्न निकै महत्वपूर्ण बन्न पुगेका छन्। यी र यस्तै परिवेशहरूका कारणले लेनिनवादी संगठनात्मक सिद्धान्तको सिर्जनात्मक अभ्यास गर्नुपर्ने आवश्यकता बन्न पुगेको हो।

४. नब्बेको दशकमा सोभियत संघको विघटन र सोभियत मोडेलको समाजवादको असफलतापछि विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक बन्न पुग्यो। त्यसपछि विश्व कम्युनिष्ट आन्दोलनमा दुई प्रकारका गलत प्रवृत्ति हावी बन्न पुगे। एकातिर विगततिर फर्किने जडसूत्रवादी मान्यता देखियो भने अर्कोतिर अब कम्युनिष्ट पार्टीको नाम र झण्डा बोकेर अघि बढ्न सकिंदैन भन्ने विसर्जनवादी मान्यताको विकास भयो। नेपालको कम्युनिष्ट आन्दोलनले जननेता मदन भण्डारीको नेतृत्वमा यी दुवै मान्यताको वैचारिक रूपमा प्रतिवाद गऱ्यो। **जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं** भन्ने मूल नाराका साथ कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई अघि सारियो। यही मान्यताको जगमा नेपाली क्रान्तिको मौलिक कार्यक्रम र सिद्धान्तका रूपमा **जनताको बहुदलीय जनवाद**को विकास भयो। सशस्त्र क्रान्ति र सशस्त्र क्रान्तिको सफलतापश्चात् कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा राज्यसत्ता सञ्चालन गरिरहेका कम्युनिष्ट पार्टीहरूको संगठन सञ्चालनका अभ्यास र जनआन्दोलनको नेतृत्व गरेर अघि बढेको तथा प्रतिस्पर्धा, पहलकदमीका आधारमा सरकारको नेतृत्वमा समेत पुग्ने गरेको पार्टीका लागि पार्टी सञ्चालनका विधि र पद्धति एउटै हुन सम्भव हुँदैनथ्यो। यसअर्थमा **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम र सिद्धान्तले लेनिनवादी संगठनात्मक सिद्धान्तको सिर्जनात्मक प्रयोग र विकासको आधार तयार गऱ्यो।

५. नेपालको कम्युनिष्ट आन्दोलन वैचारिक र सांगठनिक रूपमा त्यति स्पष्ट नहुँदा पनि जनसंगठन र जनसंघर्षको नीति अवलम्बन गर्दै अघि बढ्यो। २००७ सालको आन्दोलनको सफलतापश्चात् सम्पन्न भएको काठमाडौँ नगरपालिकाको निर्वाचनमा नेकपा सहभागी भयो र त्यसको नेतृत्व गर्न पुग्यो। उक्त आन्दोलनको सफलतापश्चात् राजा त्रिभुवनबाट घोषणा गरिएको संविधान निर्माणका लागि पहिले विधानसभाको चुनाव हुनुपर्दछ भन्ने मान्यताका पक्षमा उभियो। तर राजाबाट जारी गरिएको संविधानका आधारमा २०१५ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा पनि सहभागी भयो। निर्वाचनमा सहभागी हुने कि नहुने भन्ने अन्योलका बीच चुनावमा भाग लिएका

कारणले नेकपाले अपेक्षित सफलता पाउन सकेन। राजा महेन्द्रले २०१७ सालमा सैनिक बलमा संसद विघटन गरी सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम गरेपछि नेकपाले निरन्तर रूपमा संयुक्त जनआन्दोलनको पैरवी गऱ्यो। २०३५/०३६ को विद्यार्थी आन्दोलन र त्यसको जगमा भएको जनमत संग्रहजस्ता घटनाले नेपालको राजनीतिक आन्दोलनमा नयाँ जागरण ल्यायो। नेकपा (माले) ले पनि आफ्ना उग्रवामपन्थी र जडसूत्रवादी चिन्तन र व्यवहारलाई सच्याउँदै जनआन्दोलन र जनसंघर्षको नीति अवलम्बन गर्न पुग्यो। २०४३ सालमा सम्पन्न स्थानीय निर्वाचन र राष्ट्रिय पञ्चायतको निर्वाचनमा जनपक्षीय उम्मेदवार खडा गर्ने, चुनावका माध्यमबाट जनमत निर्माण गर्ने, निरंकुश सत्ताको विरोध र भण्डाफोर गर्दै अघि बढ्ने नीति अवलम्बन गऱ्यो। यी र यस्तै प्रयासहरूबाट नेपालमा वाममोर्चा र नेपाली कांग्रेसका बीचमा संयुक्त जनआन्दोलका लागि सहकार्यको आधार तयार भयो। यसप्रकारको स्थिति निर्माणमा राजबन्दीहरूको रिहाइ, जनपक्षको रूपमा निर्वाचित जनप्रतिनिधिहरूको बढ्दो लोकप्रियता, २०४६ सालमा सम्पन्न नेकपा (माले) को चौथो महाधिवेशनले लिएका नीतिहरूको महत्वपूर्ण योगदान रहेको छ। संयुक्त जनआन्दोलन र **जनताको बहुदलीय जनवाद**को मौलिक कार्यक्रम एवं सिद्धान्त निर्माणका आधार सोही महाधिवेशनका माध्यमबाट अवलम्बन गरिएका नवीन सोचहरू बन्न पुगे। यसरूपमा नेपालको कम्युनिष्ट आन्दोलनका आफ्नै अभ्यास र अनुभवहरू नै पार्टीको लोकतान्त्रिकरणको आधार तयार गर्न सफल भएको हो।

६. पार्टीको **पाँचौ राष्ट्रिय महाधिवेशन**को राजनीतिक प्रतिवेदनका माध्यमबाट जननेता मदन भण्डारीले पार्टी निर्माणसम्बन्धी नवीन दृष्टिकोण प्रस्तुत गर्नुभयो। तर उक्त दृष्टिकोणका आधारमा पार्टीको संगठनात्मक ढाँचा भने त्यतिबेला निर्माण हुनसकेको थिएन। पार्टीको संगठनात्मक ढाँचा र संगठन प्रणाली यथावत नै रहेको थियो। **पाँचौ राष्ट्रिय महाधिवेशन** सम्पन्न भएको केही समयपछि नै दासढुंगामा रहस्यमय जीप दुर्घटनामा उहाँको हत्या भएपछि लामो समयसम्म पार्टी पुरानै ढाँचामा अघि बढ्यो। पार्टीको **सातौं राष्ट्रिय महाधिवेशन**मा पहिलोपटक वर्तमान अध्यक्ष कमरेड केपी शर्मा ओलीले जनताको बहुदलीय जनवादको नीतिअनुसार पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई अघि बढाउनुभयो। अध्यक्षात्मक प्रणालीका रूपमा चर्चित बन्नपुगेको उक्त प्रस्तावलाई पार्टीको सातौँ राष्ट्रिय महाधिवेशनले आत्मसात गर्न सकेन।

पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**मा आइपुग्दा भने राष्ट्रिय राजनीतिमा उल्लेख्य परिवर्तन आइसकेको थियो। बाह्रबुँदे सहमतिको जगमा संयुक्त जनआन्दोलनका माध्यमबाट राजा ज्ञानेन्द्रको अधिनायकवादी शासन पराजित भएको थियो। उक्त जनआन्दोलनबाट पुन:स्थापित भएको प्रतिनिधिसभाको बैठकले जनआन्दोलनको भावनाअनुरूप ऐतिहासिक घोषणा गऱ्यो। उक्त ऐतिहासिक घोषणाबाट जननेता मदन भण्डारीको अगुवाइमा २०४७ सालको संविधानमा राखिएका २७ बुँदे असहमतिहरू अनुमोदित भएका थिए। त्यस्तो अवस्थामा आयोजना गरिएको **आठौँ राष्ट्रिय महाधिवेशन**ले वर्तमान पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले अघि सार्नुभएको मान्यतालाई पार्टी जीवनको लोकतान्त्रिकरणको प्रस्तावका रूपमा सर्वसम्मतिले ग्रहण गर्न पुग्यो। आज हाम्रो पार्टीको निर्माण र सञ्चालन सोही नीतिका आधारमा हुने गरेको छ।

७ हाम्रो पार्टी नेकपा (एमाले)को मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो। यही सिद्धान्त नै पार्टी निर्माणको मूल आधार हो। नेपालको कम्युनिष्ट आन्दोलनका विशिष्ट अनुभवहरूको संश्लेषणका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा जनताको बहुदलीय जनवादको मौलिक कार्यक्रम र सिद्धान्तको विकास भयो। जनताको बहुदलीय जनवादले अघि सारेको पार्टी निर्माणका नविन मान्यताको जगमा वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीको अगुवाइमा पार्टी जीवनको लोकतान्त्रिकरण संगठनात्मक नीति र संरचनाहरू विकसित हुन पुगे। यतिबेला नेकपा (एमाले) सोही नीतिका आधारमा जनताको रोजाईको पहिलो पार्टीका रूपमा राष्ट्रिय राजनीतिमा स्थापित छ।

## घ. जबज र पार्टीको लोकतान्त्रिकरण

१. **जनताको बहुदलीय जनवाद**का थप १४ विशेषताहरू नै कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणका मूलभूत मान्यताहरू हुन्। सोही मान्यताको जगमा नै **जनताको बहुदलीय जनवाद**ले पार्टी निर्माणका सन्दर्भमा नवीन मान्यता अघि सारेको छ। **जनताको बहुदलीय जनवाद**ले शान्तिपूर्ण प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्न सक्नेगरी पार्टी निर्माणमा जोड दिएको छ। पार्टीका नेता, कार्यकर्ता र कमिटीको ढाँचासमेत सोहीअनुरूप तयार हुनुपर्ने कुरामा जोड दिएको छ। प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने कुरा पार्टी जीवन र वर्गसंघर्षका दुवै मोर्चामा उत्तिकै जरुरी हुन्छ भन्ने कुरामा जोड दिएको छ। आजको समयको वर्गसंघर्ष राजनीतिक संघर्षमा र राजनीतिक संघर्ष चुनावी संघर्षमा परिणत भएको अवस्थामा त्यसमा कसरी सफलता हासिल गर्ने भन्ने कुरासँग सम्बन्धित छ– पार्टीको लोकतान्त्रिकरणको संगठनात्मक सिद्धान्त। पार्टीको लोकतान्त्रिकरणका सन्दर्भमा जननेता मदन भण्डारीले पार्टीका गुण अवगुणहरू, नेता, कार्यकर्ता र सदस्यका गुण अवगुणहरू जनताको मूल्याङ्कनको विषय बनाइनुपर्ने मान्यता अघि सार्नुभएको छ। उहाँले पार्टीले माथिबाट नियुक्त गरिदिएको होइन, वर्गसंघर्षमा आफ्नो विश्वासयोग्य अगुवाका रूपमा स्वयं जनताद्वारा समेत स्वीकार गरिएका नेताहरू भएको पार्टीपङ्क्ति तयार गर्नुपर्ने कुरामा जोड दिनुभएको छ। प्रतिस्पर्धाका आधारमा श्रेष्ठता हासिल गर्ने मान्यतालाई सफल र सार्थक बनाउनका लागि उहाँले पार्टीलाई सबै जात, धर्म, समुदाय र क्षेत्रका जनताका बीचमा स्थापित भएको शृङ्खलाबद्ध कमिटी प्रणालीको विकासमा जोड दिनु भएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूलाई व्यापक जनताका बीचमा पार्टीलाई पुर्‍याउने गरी सबै वर्ग र समुदायमा स्थापित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ।

२. **जनताको बहुदलीय जनवाद** पार्टीको **पाँचौ राष्ट्रिय महाधिवेशनमा पार्टीको कार्यक्रम**का रूपमा प्रस्तुत भई पारित भएको थियो। **जनताको बहुलीय जनवाद**को कार्यक्रमले छोटो समयमा नेपाली राजनीतिमा पारेको गहिरो प्रभाव, जननेता मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय जीप दुर्घटनामा भएको रहस्यमय हत्याले नेपाली जनमानसमा छोडेको गहिरो प्रभाव र २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको नेकपा (एमाले) को एकल सरकारको लोकप्रियताको जगमा नेकपा (एमाले) नेपाली राजनीतिमा सर्वाधिक लोकप्रिय शक्ति बन्न पुग्यो। सोही समयमा पार्टीभित्र उत्पन्न अन्तरसंघर्षले जबजको विकासमा महत्वपूर्ण भूमिका निर्वाह

गऱ्यो । क्रान्तिपूर्व बनेको सरकारको कार्यनीति कस्तो हुनुपर्दछ भन्ने कुराको पहिलो बहस पार्टीमा सुरु भयो । प्रगतिशील सुधार कि शक्तिसञ्चयको कार्यनीति भन्ने बहसको नेतृत्व पार्टीको संस्थापन पक्षका तर्फबाट कमरेड केपी शर्मा ओलीले गर्नुभएको थियो । पार्टीभित्र **जनताको बहुदलीय जनवाद**लाई कार्यक्रमका रूपमा मात्र सीमित गर्नु हुँदैन भन्ने मान्यता प्रस्तुत भयो । **छैटौं राष्ट्रिय महाधिवेशन**सम्म आइपुग्दा पार्टीले **जनताको बहुदलीय जनवाद**लाई नेतृत्वकारी विचारका रूपमा ग्रहण गऱ्यो ।

पार्टीको **सातौं राष्ट्रिय महाधिवेशन** विचार निर्माणका दृष्टिकोणबाट प्रभावकारी रहन सकेन । महाधिवेशनमा प्रस्तुत फरक मतहरू महाधिवेशनबाट पारित हुन नसके पनि ती मान्यताहरू समयक्रममा पार्टीमा स्थापित भए । पार्टीको **आठौँ राष्ट्रिय महाधिवेशन**ले पार्टी निर्माणका सन्दर्भमा जबजलाई पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यताका रूपमा ग्रहण गऱ्यो । सोही महाधिवेशनले जबजलाई पार्टीको **मार्गदर्शक सिद्धान्त**का रूपमा समेत ग्रहण गर्न पुग्यो । यस हिसाबले जबजको महत्वलाई सहीरूपमा विश्लेषण र स्थापित गर्ने कुरामा पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**को महत्वपूर्ण योगदान रहेको छ ।

पार्टीको **नवौँ राष्ट्रिय महाधिवेशन**ले २०६२/०६३ को जनआन्दोलनको सफलतापश्चात् जबजको सान्दर्भिकता सकिएको भन्ने भ्रमपूर्ण प्रचारलाई अस्वीकार गर्दै त्यसलाई आजको सन्दर्भमा कसरी अघि बढाउने भन्ने मान्यतालाई अघि सार्ने काम गऱ्यो । पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले आजको सन्दर्भमा जबजको सिद्धान्तमा आधारित राजनीतिक कार्यदिशा निरूपण गर्ने महत्वपूर्ण काम गरेको थियो । यतिबेला हाम्रो पार्टी निर्णायक राष्ट्रिय शक्ति निर्माणको उद्देश्यसहित **मिशन चौरासी**लाई सफल पार्ने काममा जुटिरहेका बेलामा पार्टी जीवनको लोकतान्त्रिकरणको मूल मर्मलाई आत्मसात गर्दै त्यसका अभ्यास र अनुभवका आधारमा संगठनात्मक सिद्धान्तलाई थप परिस्कार र परिमार्जन गर्दै अघि बढ्नुपर्दछ ।

३. नेकपा (एमाले) ले **जनताको बहुदलीय जनवाद**लाई **मार्गदर्शक सिद्धान्त**का रूपमा ग्रहण गर्नुको अर्थ लोकतन्त्रका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण छ । यसको अर्थ हो, लोकतन्त्र – पार्टी र समाज दुवैका लागि जीवन पद्धति हो । नेकपा (एमाले) ले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यताअनुरूप अधिवेशनबाट कमिटी र नेतृत्व चयन गर्ने बहुपदीय प्रणाली अवलम्बन गरेपछि नेपालका सबै राजनीतिक दलहरूले सोहीअनुरूपको मान्यतालाई अनुसरण गर्दै गएको देखिन्छ । महाधिवेशनबाट मुख्य नेतृत्वमात्र चयन गर्ने बुर्जुवा वर्गका राजनीतिक दलहरूले समेत महाधिवेशनबाट बहुपदसहितका पदाधिकारी र बहुसंख्यक कमिटी सदस्य निर्वाचित गर्ने व्यवस्था अवलम्बन गरेको देखिन्छ । महाधिवेशनबाट केन्द्रीय कमिटी र केन्द्रीय कमिटीबाट पार्टीमा एकल नेतृत्व चयन गर्ने नेपालका अन्य वामपन्थी पार्टीहरूले पनि महाधिवेशनबाट बहुपदाधिकारी समेत चयन गर्ने अभ्यास सुरु गरेका छन् । हाम्रो पार्टीका लागि यसप्रकारको स्थिति उत्पन्न हुनु सुखद र गौरवपूर्ण अवस्था हो । तर कुनै पनि नीति र कार्यक्रम अत्यन्त लोकप्रिय बन्दै जानेक्रममा त्यसमा जडता कायम हुने जोखिम रहन्छ । त्यस प्रवृत्तिबाट भने हाम्रो आन्दोलन जोगिनु पर्दछ किनकी **जनताको बहुदलीय जनवाद** मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा स्थापित भएकोले

यसको प्रयोग र विकासका सन्दर्भमा पनि सिर्जनात्मकताको खाँचो पर्दछ। सूचना प्रविधिको तीव्र विकास भएसँगै मानव समाजमा त्यसको गहिरो प्रभाव पर्दै गएको छ। पछिल्लो समयमा विकास भएको एआई (कृत्रिम बौद्धिकता) को प्रयोगले उत्पादक शक्ति र उत्पादन पद्धतिमा समेत गहिरो प्रभाव पार्ने सम्भावना देखिन्छ। यसबाट उत्पादन सम्बन्धमा समेत असर पर्ने अनुमान गर्न सकिन्छ। त्यसमाथि आधुनिक ज्ञान, सिद्धान्त, विज्ञान र प्रविधिका क्षेत्रमा भएको नवीनतम् विकासले मानव सभ्यतामा निकै गहिरो प्रभाव पारेको छ। प्रविधिको विकास र उपयोगसँगै नयाँ पुस्ताको सोंच र व्यवहारमा उल्लेख्य परिवर्तनहरू आएका विश्लेषणहरू सार्वजनिक भइरहेका छन्। हाम्रो समाजमा नयाँ पुस्तालाई मूलधारको राजनीतिसँग जोड्ने कुरामा यस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने भएको छ। पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई पनि सोही परिप्रेक्ष्यमा सिर्जनात्मक रूपमा अवलम्बन गर्न सक्नुपर्दछ।

४. पार्टीको **आठौं राष्ट्रिय महाधिवेशन**ले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आत्मसात गरेको हो। आजको सन्दर्भमा पार्टीको लोकतान्त्रिकरणका मूलभूत नीति र मान्यतालाई यसरूपमा अघि बढाउनु पर्दछ :

- पार्टीका सिद्धान्त, नीति, विधि तथा कार्यक्रमहरू लोकतान्त्रिक हुनु र लोकतान्त्रिक विधि र प्रक्रियाबाटै तिनको निरूपण गरिनु।
- पार्टीका नेता, कार्यकर्ता र सिङ्गो पार्टी निरन्तररूपमा जनताबाट अनुमोदित भइरहनु र जनअनुमोदनको विधिसम्मत प्रणाली स्थापित गरिनु।
- जनताका बीचमा घनिष्ठ सम्बन्ध कायम हुने गरी पार्टीका नेता र कार्यकर्ताको जीवन शैली र आचरण जनपक्षीय हुनु।
- पार्टीको सम्प्रभुता पार्टी सदस्यमा निहीत रहनु र त्यसको सही प्रयोग गर्न सक्नेगरी वैचारिक र राजनीतिक रूपमा सक्षम बन्नु।
- नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने गरी सबै तहमा नियमित रूपमा अधिवेशनको आयोजना गरिनु।
- पार्टीभित्र सिर्जनात्मक सोंच र पहलकदमीलाई निरन्तर रूपमा प्रोत्साहित गरिनु र पार्टीमा आन्तरिक रूपमा जीवन्त छलफल र बहसको प्रणाली स्थापित गरिनु।
- निर्धारित गुण र मापदण्डको सुनिश्चिता गर्दै पार्टीलाई समावेशी बनाउनु।
- पार्टीका सबै तहका कमिटी र अङ्गहरूका बीचमा नियन्त्रण र सन्तुलनको विधिसम्मत प्रणाली कायम गरिनु।
- पार्टीको प्रमुख नेतृत्वमा केन्द्रीकृत हुनेगरी बहुपदीय प्रणाली र सामूहिक नेतृत्वको अभ्यास गर्नु।
- पार्टी सामूहिक रूपमा, नेता र कार्यकर्ताहरू व्यक्तिगत रूपमा आफ्ना कामप्रति उत्तरदायी हुनु।
- लोकतान्त्रिक विधिअनुरूप नेतृत्व विकास र हस्तान्तरणको सहज प्रणाली स्थापित गर्नु।

— पार्टीमा अनुगमन र मूल्याङ्कनको विधिसम्मत प्रणाली स्थापित गरिनु ।

— पार्टीको राजनीतिक कार्यदिशाअनुरूप उद्देश्य हासिल गर्नका लागि पार्टीका नेता र कार्यकर्ताहरू स्व–परिचालित हुनु ।

पार्टी जीवनको लोकतान्त्रिकरणका यी मान्यताहरू जडतामा होइन, सिर्जनात्मकतामा प्रयोग र विकास गर्दै अघि बढ्नुपर्ने हुन्छ ।

५. विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेका बेलामा पनि नेपालमा **जनताको बहुदलीय जनवाद** जस्तो मौलिक कार्यक्रम र सिद्धान्त तथा पार्टीको लोकतान्त्रिकरणको नवीन मान्यताको प्रयोगका कारणले हाम्रो पार्टी नेकपा (एमाले) राष्ट्रिय राजनीतिको केन्द्रभागमा छ र सरकारको नेतृत्वसमेत गरिरहेको छ । अनेकपटक षड्यन्त्रपूर्ण तरिकाबाट यस पार्टीलाई कमजोर बनाउने कोशिसहरू भए पनि प्रतिकूलताहरूको सामना गर्दै अघि बढ्न हाम्रो पार्टी सफल भएको छ । यतिबेला नेकपा (एमाले) नेपालका राजनीतिक दलहरूमा संगठनात्मकरूपमा सबैभन्दा व्यवस्थित पार्टी हो । यस पार्टीमा आन्दोलन र अनुभवबाट खारिएका अनुशासित, सक्षम र समर्पित कार्यकर्ताको विशाल पङ्क्ति छ । यस अर्थमा शृङ्खलाबद्ध कमिटी प्रणाली र लोकतान्त्रिक अभ्यासका दृष्टिकोणबाट यो पार्टी एशियाकै अग्रणी पार्टी हो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठनका समयमा नेकपा (एमाले) को संगठन प्रणाली एकहदसम्म प्रभावित हुनपुग्यो । नेकपा विघटित भएपछि पुनस्थापित भएको नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरीकाबाट विभाजित गरेर कमजोर बनाउने कोशिस समेत भयो । त्यस परिस्थितिको सामना गर्दै यतिबेला नेकपा (एमाले) जनताको रोजाइको पहिलो पार्टी बनेको छ । पार्टी विभाजनको लगत्तै विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशनको आयोजना गरेर पार्टीलाई पुनर्गठित गर्ने काम सम्पन्न गरिएको छ । महाधिवेशनसँगै आधारभूत तहमा एकैपटक वडा, पालिका र जिल्ला अधिवेशन आयोजना गर्ने नीति अवलम्बन गरियो । त्यसक्रममा आन्तरिक एकतामा जोड दिइयो । त्यस समयमा आयोजना भएका अधिवेशनहरूबाट आमरूपमा सहमतिमै नेतृत्वहरू चयन हुन पुगे । पार्टीको संगठनात्मक जीवन पूर्णरूपमा व्यवस्थित हुन नपाउँदै भएको स्थानीय निर्वाचन र आमनिर्वाचनमा गठबन्धनका विरुद्धमा प्रतिस्पर्धा गरेर पार्टीले आफ्नो बलियो उपस्थिति कायम गर्न सफल भयो । दुवै निर्वाचनमा जनताको मतका दृष्टिले नेकपा (एमाले) देशको पहिलो पार्टी बन्न सफल भयो । तत्पश्चात् पार्टीले **मिशन चौरासी**लाई दृष्टिगत गरी समयअगावै अधिवेशन आयोजना गर्ने नीति अवलम्बन गऱ्यो । यतिबेला अधिकांश तहका अधिवेशनहरू सम्पन्न भएका छन् । अधिकांश ठाउँमा प्रतिस्पर्धाबाट नेतृत्व चयन गरिएको छ । पार्टी संगठनात्मक रूपमा विधिसम्मत र व्यवस्थित बनेको छ । दुवै समयका अधिवेशनहरूमा भएका सहमति र प्रतिस्पर्धाका अभ्यास एवं अनुभवहरू हाम्रा लागि भविष्यमा कसरी अघि बढ्ने भन्ने कुराको शिक्षाका विषय बनेका छन् ।

६. पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यासका क्रममा केही जटिल समस्या पनि देखिएका छन् । पार्टीको **नवौं महाधिवेशन**मा दुई अलगअलग प्यानल बनाएर मतपत्रमा अलग्गै नाम राख्ने जस्तो गलत अभ्यास पनि अवलम्बन गरियो । त्यसको परिणाम सुखद रहन सकेन । **नवौँ महाधिवेशन**मा लामो समय पार्टीको नेतृत्व गर्नुभएका माधवकुमार नेपाल वर्तमान पार्टी अध्यक्ष केपी शर्मा

ओलीसँग अध्यक्ष पदको प्रत्यासी बन्नुभयो। पराजयपछि उहाँले पार्टीमा समानान्तर गतिविधि सञ्चालन गर्नुभयो। पार्टी एकतापश्चात् नेकपा गठन भएसँगै महाधिवेशनबाट निर्वाचित आफ्नै पार्टीको नेतृत्वलाई विस्थापन गर्ने अभियानमा जुट्नुभयो। नेकपा विघटन भएसँगै पुनस्थापित नेकपा (एमाले) लाई षड्यन्त्रपूर्ण तरिकाले विभाजन गर्ने कामको नेतृत्व गर्न पुग्नुभयो। पार्टीको **दशौं महाधिवेशन**मा अध्यक्षका उम्मेदवार बन्नुभएका भीम रावल निरन्तर पार्टी नीति र नेतृत्वका विरुद्धमा परिचालित हुनुभयो। अन्ततः पार्टी अनुशासन कायम गर्नका लागि कारबाही गर्नुपर्ने बाध्यकारी स्थिति उत्पन्न भयो।

पछिल्लो समयमा पार्टीमा सहमतिका लागि नेतृत्वले भूमिका निर्वाह गर्दा हस्तक्षेपको रूपमा बुझ्ने र प्रतिस्पर्धापछि परिणामलाई सहजरूपमा स्वीकार गर्न तयार नहुने अवस्था आन्तरिक लोकतन्त्रका लागि चुनौतीको विषय बन्न पुगेको छ। पार्टीले प्रतिस्पर्धा गर्दा व्यक्तिगत रूपमा गर्नका लागि दिएका निर्देशनहरू पालना भएको देखिंदैन। नेतृत्वमा पुग्नका लागि समूह बनाउने र पराजित भएको अवस्थामा त्यसलाई कायमै राख्न चाहने प्रवृत्ति देखिन थालेको छ। जित्ने पक्षले पनि प्रतिस्पर्धीलाई समेटेर अघि बढ्ने कुरामा समस्या देखिने गरेको छ। कतिपय जिल्लामा विभिन्न प्रतिष्ठान र फाउन्डेशनलाई प्रयोग गरेर गुटबन्दीपूर्ण गतिविधि गर्न खोजेको देखिन्छ। यस्ता कुराप्रति सम्बन्धित प्रतिष्ठान र फाउन्डेशनहरूको ध्यान पुग्नसकेको देखिंदैन। पदाधिकारीमा प्रतिस्पर्धा गर्दा सदस्यमा समेत उम्मेदवार हुने केन्द्रको व्यवस्था प्रदेश र जिल्ला तहमा अभ्यास नगरिंदा सक्षम नेतृत्वको एउटा हिस्सा अधिवेशनपछि कामबाट बाहिरिने स्थिति समेत उत्पन्न भएको छ। नेतृत्वमा हुने प्रतिस्पर्धाले नीति–निर्माणमा प्रतिकूल असर पुगेको महसुस गरी केन्द्रीय तहमा दुई महाधिवेशनको मान्यता अघि सारियो। **प्रथम विधान महाधिवेशन** नीति–निर्माणमा नै केन्द्रित रह्यो। **दोस्रो विधान महाधिवेशन**को पूर्वसन्ध्यामा आइपुग्दा पुनः नीति–निर्माणको विषय ओझेलमा पर्ने गरी नेतृत्वको बहसलाई चर्चामा ल्याउने कोशिश भयो। **नवौँ महाधिवेशन**का समयमा अघि सारिएको दुई कार्यकाल र उमेरहदको विषयलाई जबज र पार्टी जीवनको लोकतान्त्रिकरणसँग जोडेर मुख्य नेतृत्वलाई कमजोर बनाउने गरी चर्चामा ल्याउने काम भयो। **जनताको बहुदलीय जनवाद**ले प्रतिस्पर्धालाई खुम्च्याउने गरी कार्यकाल र उमेरहदको कुरा गरेको छैन। जबजले त प्रतिस्पर्धालाई खुला नै राखेको छ। प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने नीति नै जबजको मूल पक्ष हो। त्यसलाई संकुचन गर्ने मान्यतालाई आवश्यक नठानेर नै हटाइएको हो।

७. पार्टीको आन्तरिक जीवनमा देखिएका समस्याहरू पार्टी जीवनको लोकतान्त्रिकरणका कारणले सिर्जना भएका समस्याहरू हुन् भन्नु गलत हुनेछ किनकि लोकतान्त्रिक अभ्यासमा निकै संकुचित भएका राजनीतिक दलहरूमा हाम्रो पार्टीको भन्दा जटिल समस्या र अन्तरविरोधहरू देखिन्छन्। पटकपटक फूट र विभाजनबाट गुज्रिएका देखिन्छन्। तसर्थ हामीले पार्टी जीवनमा उत्पन्न समस्यालाई लोकतान्त्रिकरणका कारणले नै समस्या उत्पन्न भएको भनेर लोकतान्त्रिक अभ्यासलाई संकुचन गर्ने होइन, बरु त्यसमा आवश्यक सुधार गरेर अघि बढ्नु पर्दछ। पार्टीमा बहुपदको सिर्जना गर्नुको अर्थ बहुकेन्द्र बनाउने भन्ने होइन र हुन दिनु हुँदैन। पार्टीको आन्तरिक

जीवनलाई लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै स्वस्थ र जीवन्त बनाउन सक्नुपर्दछ। लोकतन्त्रको विकल्प निरंकुशतन्त्र नभएझैं पार्टी जीवनको लोकतान्त्रिकरणको पनि विकल्प खोज्न सकिंदैन। बरु त्यसको अभ्यासमा रहेका त्रुटिहरूलाई सच्याएर स्वस्थ, पारदर्शी र मर्यादित बनाउन जोड दिनु पर्दछ। लोकतान्त्रिकरणको अर्थ नेतृत्व निर्माणमा प्रतिस्पर्धाको विषयमात्र हो भने जसरी बुझ्ने गल्ती पनि गर्नुहुँदैन। यो सामूहिक रूपमा नीति–निर्माण गर्ने र पार्टी सञ्चालन गर्ने सबैभन्दा वैज्ञानिक बाटो हो। लोकतान्त्रिक व्यवस्थामा हुने आवधिक निर्वाचनले पार्टी र पार्टीको नेतृत्वलाई जनताका बीचमा घनिष्ठरूपमा जोड्न सहयोग पुऱ्याउने गर्दछ। त्यसरी नै पार्टीभित्रको आन्तरिक लोकतान्त्रिक अभ्यासले नेतृत्वलाई कार्यकर्ताका बीचमा घनिष्ठरूपमा जोड्ने काम गर्दछ। तसर्थ हामीले अवलम्बन गर्दैआएको पार्टी जीवनको लोकतान्त्रिकरणको नीतिलाई समयानुकूल बनाउँदै कमिकमजोरीहरू उत्पन्न हुन नदिने गरी लोकतान्त्रिक संस्कृति निर्माणमा जोड दिनुपर्दछ। हामीले अवलम्बन गर्दै आएको संगठन प्रणाली र जनताआधारित कार्यकर्ता पार्टी निर्माण गर्ने जबजको मान्यताअनुरूप पार्टी निर्माणमा पार्टी कार्यकर्ताको सम्प्रभुता कमजोर नहुने गरी समयानुकूल परिमार्जन र सुधार गर्दै अघि बढ्नु पर्दछ।

## ङ. पार्टी कार्यदिशा र पार्टी काम

पार्टीको **दशौं राष्ट्रिय महाधिवेशन**ले पार्टीसामू उत्पन्न चुनौती र पार्टीको राजनीतिक कार्यदिशालाई मूर्तरूपमा अभिव्यक्त हुनेगरी मूल नारा अघि सारेको थियो, **दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौं**। यतिबेला हाम्रो पार्टी **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई राष्ट्रिय गन्तव्य बनाएर त्यसको प्राप्तिको दिशामा क्रियाशील छ। क्रान्तिपछि राज्यसत्ता एउटा वर्गबाट अर्को वर्गको नियन्त्रणमा पुग्ने र त्यही वर्गको नेतृत्व गर्ने राजनीतिक शक्तिले सरकार र राज्यको नेतृत्व गर्ने परम्पराका विपरीत हामीकहाँ दुई फरक स्वार्थ बोकेका वर्गहरूका सहकार्यमा राजनीतिक क्रान्ति सम्पन्न भयो। राजनीतिक क्रान्तिबाट सरकार र राज्यसत्तामा कुनै एक वर्गको नेतृत्व र प्रभुत्व कायम हुनसकेको छैन। यतिबेला सरकारमा समेत दुई भिन्न शक्तिहरू सहकार्यको अवस्थामा छन्। यद्यपि यो अवस्था विशिष्ट परिस्थितिको उपज हो। भविष्यमा हाम्रो पार्टी प्रमुख शक्तिहरूका बीचमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण तयार गर्नुपर्ने मान्यताका पक्षमा दृढ छ। चुनावका समयमा गठबन्धनको राजनीतिले नीतिगत बहस र वैचारिक ध्रुवीकरणलाई कमजोर बनाउने गरेको छ। नेपालको संविधानले समाजवादको आधार तयार गर्ने कुरालाई प्रस्तावनाको महत्वपूर्ण विषयका रूपमा अङ्गीकार गरेको भए पनि समाजमा अझै पनि ठूलो संख्यामा समाजवादको विपक्षमा रहेका शक्तिहरू क्रियाशील रहेको अवस्था छ। नेपालमा सम्पन्न पछिल्लो जनआन्दोलनले शान्तिपूर्ण रूपमा राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गऱ्यो। जनआन्दोलनको बलमा सामन्तवादको अन्त्य भए पनि राजतन्त्रले समेत संरक्षण गर्दैआएको दलाल नोकरशाही पूँजीवादको प्रभाव नेपाली समाजमा यथावत छ। यस्तो अवस्थामा पछौटे निर्वाहमुखी उत्पादन ढाँचामा परिवर्तन गर्नुका साथै दलाल नोकरशाही पूँजीवादको नियन्त्रणबाट नेपाली अर्थतन्त्रलाई मुक्त गरी स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुपर्दछ। त्यसका लागि नीतिगत नेतृत्वसहितको बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा

पार्टीको विकास गर्नुपर्ने हुन्छ । पार्टीको **प्रथम राष्ट्रिय महधिवेशन प्रतिनिधि परिषद्**को बैठकले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने संकल्प गरेको छ । त्यसका लागि पार्टीको एकल बहुमतको सरकार बनाउने गरी **मिशन चौरासी**को अभियानमा सिङ्गो पार्टी जुटेको छ । यस अवधिमा पार्टीले सञ्चालन गरेका प्रमुख गतिविधि र अभियानहरूको समीक्षा गर्दै त्यसका आधारमा आगामी कार्ययोजना अघि बढाउनुपर्ने हुन्छ । यस अवधिमा पार्टीले सञ्चालन गरेका प्रमुख अभियान र गतिविधिहरू यसप्रकार रहेका छन् :

### १. स्थानीय निर्वाचन, आमनिर्वाचन र उपनिर्वाचनहरू

**दशौं राष्ट्रिय महाधिवेशन**को लगत्तै पार्टी स्थानीय तहको निर्वाचनमा होमिनुपर्‍यो । षड्यन्त्रपूर्ण ढङ्गले सरकारबाट बाहिर पारिएको र पार्टी विभाजनसमेत गरिएको अवस्थामा भएको स्थानीय तहको निर्वाचन हाम्रा लागि अग्निपरीक्षा बन्नपुगेको थियो । स्थानीय तहको निर्वाचन २०७९ वैशाखमा दुई चरणमा सम्पन्न भएको थियो । उक्त निर्वाचनमा हाम्रो पार्टीका विरुद्धमा सत्तापक्षले अधिकांश ठाउँमा चुनावी तालमेल र गठबन्धन गरेको थियो । **म जिताउँछु मेरो वडा, हामी जिताउँछौ हाम्रो पालिका** भन्ने नीतिका आधारमा हाम्रो पार्टीका तर्फबाट जनशक्ति परिचालनको योजना बनाइएको थियो । महानगर, उपमहानगरपालिका प्रमुख र उपप्रमुखका उम्मेदवारहरूको टुङ्गो स्थानीय कमिटीको सिफारिसमा पार्टी केन्द्रले लगाएको थियो । नगरपालिका र गाउँपालिका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष तथा महानगर र उपमहानगरपालिकाका वडाध्यक्षका उम्मेदवार चयनको जिम्मेवारी प्रदेश कमिटीलाई दिइएको थियो । त्यसभन्दा बाहेकका उम्मेदवार चयनको जिम्मेवारी जिल्ला कमिटीलाई प्रदान गरिएको थियो । केन्द्रका तर्फबाट स्थानीय चुनावको घोषणापत्र जारी गरिएको थियो । सम्बन्धित स्थानीय पालिकालाई प्रतिबद्धता–पत्र तयार गरी जारी गर्न लगाइएको थियो । उक्त निर्वाचनमा ७ सय ५३ पालिकामध्ये पार्टीले २ सय ६ पालिकामा प्रमुख र अध्यक्ष तथा २ सय ४१ पालिकामा उपप्रमुख र उपाध्यक्ष जित्न सफल भयो । स्थानीय तहका ६ हजार ७ सय ४३ वडाहरूमध्ये २ हजार १ सय ३० वडाको नेतृत्व जित्न सफल भयो । हाम्रो पार्टीबाट विभाजित भएर बनेको एकीकृत समाजवादीले गठबन्धनको सहारामा २० स्थानमा प्रमुख/अध्यक्ष जितेको थियो । २०७४ सालको स्थानीय निर्वाचनमा प्रमुख पदका उम्मेदवारले ३३ प्रतिशत मत प्राप्त गरेकोमा यसपटकको निर्वाचनमा त्यो मत बढेर ३४ प्रतिशत पुगेको थियो । अघिल्लो चुनावको तुलनामा विभाजनका बावजूद ६ लाख १९ हजार मत बृद्धि भयो । स्थानीय तहको निर्वाचनमा गठबन्धनका कारण नेपाली कांग्रेसले बढी सीटमा विजय हासिल गर्‍यो ।

स्थानीय तहको निर्वाचन सम्पन्न भएको ६ महीनाभित्र २०७९ मङ्सिर ४ मा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भयो । स्थानीय तहको निर्वाचनको अनुभवलाई ध्यानमा राखेर निर्वाचनका समयमा सत्ता गठबन्धनलाई भत्काउने कोशिस भयो । जनता समाजवादी पार्टीमात्र हामीसँगको सहकार्यमा आयो । तराई–मधेशका ३० निर्वाचन क्षेत्रमा जसपासँग तालमेल सम्भव भयो । राप्रपासँग झापा, रूपन्देही र बाँकेमा चुनावी तालमेल भयो । चितवन, मकवानपुर, नवलपरासी पश्चिम र डडेल्धुरामा स्वतन्त्र उम्मेदवारलाई सहयोग गरिएको थियो । बाँकी सबै निर्वाचन क्षेत्रमा नेकपा (एमाले) एक्लै निर्वाचनमा होमिएको थियो ।

स्थानीय निर्वाचनमा हामीलाई प्राप्त भएको जनमतबाट सशङ्कित बन्न पुगेको सत्तापक्षले आमनिर्वाचनका समयमा गठबन्धनलाई थप कसिलो बनाउने काम गऱ्यो । आमनिर्वाचनमा बहुमत ल्याउनका लागि पार्टीका तर्फबाट ६ प्रतिशत मत बृद्धि गर्नुपर्ने योजना बनाइयो । त्यसका लागि प्रत्येक सदस्यले २ मत बृद्धि गर्ने प्रस्ताव अघि बढाइएको थियो । सत्ता गठबन्धन दिन प्रतिदिन अलोकप्रिय बन्दैगएको र उनीहरूभित्र गठबन्धनका कारणले असन्तुष्टिसमेत बढिरहेको अवस्थामा हामीले निर्धारण गरेको योजना सही नै थियो । तर निर्वाचनका समयमा सत्ताको विपक्षमा रहेको जनमत नेकपा (एमाले) तिर आउन नदिन नयाँ विकल्प खडा गर्न हाम्रा विरुद्धमा नियोजित प्रचार गरियो । जातीय र धार्मिक अतिवादलाई भड्काएर जनमतलाई बिथोल्ने कोशिस गरियो । स्थानीय निर्वाचनका समयमा काठमाडौँ महानगरलगायतका केही ठाउँमा स्वतन्त्र उम्मेदवारले जितेको कुरालाई आधार बनाएर स्वतन्त्रका नाममा अलग पार्टी खडा गर्ने काम गरियो । तराई–मधेशमा क्षेत्रीय पार्टीबाट जनता विमुख भइरहेको अवस्थाको आङ्कलन गरेर नयाँ क्षेत्रीय पार्टी खडा गर्ने काम भयो । यसरी नेकपा (एमाले) तर्फ आकर्षित भएको र हुनसक्ने जनमतलाई अलग गर्ने षडयन्त्र गरियो । यसका बाबजुद हाम्रो पार्टीले प्रत्यक्षतर्फ ४४ स्थानमा विजय हासिल गऱ्यो । हाम्रा पार्टी अध्यक्षले आमनिर्वाचनमा देशभरकै मत परिणामअनुसार सर्वाधिक मत ल्याएर चुनाव जित्नुभयो । गठबन्धनको सहयोगमा नेपाली कांग्रेस सीटका आधारमा पहिलो स्थानमा रह्यो । नेपाली कांग्रेससँग हाम्रो पार्टीको सीटको अन्तर ११ मात्र रह्यो । हाम्रो पार्टी प्रदेशतर्फ कोशीमा ४० सीटसहित पहिलो स्थानमा, मधेशमा २३ सीटसहित पहिलो स्थानमा, बागमतीमा २७ सीटसहित दोस्रो स्थानमा, गण्डकीमा २२ सीटसहित दोस्रो स्थानमा, लुम्बिनीमा २९ सीटसहित पहिलो स्थानमा, कर्णाली र सुदूरपश्चिममा १० सीटसहित तेस्रो स्थानमा रह्यो । तर समानुपातिकतर्फ ७७ जिल्लामध्ये ४४ जिल्लामा पहिलो स्थानमा रह्यो । त्यस्तै, ७ प्रदेशमध्ये ६ प्रदेशमा पहिलो स्थानमा रह्यो । २०७४ को आमनिर्वाचनमा नेपाली कांग्रेससँगको लोकप्रिय मतको अन्तर ४५ हजारमात्र बढी रहेकोमा यसपटक त्यो मत बढेर १ लाख ३० हजारको हाराहारीमा पुगेको छ । यसअर्थमा अहिले पनि नेकपा (एमाले) जनताको पहिलो रोजाइको पार्टी हो । विगतको समानुपातिक मतको तुलनामा ६ प्रतिशत मत कम आउनु चिन्ताको विषय हो । तर पनि सत्तापक्षीय गठबन्धनसहित अनेकन षडयन्त्र र जालझेलका बाबजुद हामीले प्राप्त गरेको सफलता महत्वपूर्ण छ । यसले मुलुकको विकास र समृद्धिका लागि बलियो र निर्णायक राष्ट्रिय शक्ति निर्माणको सामथ्र्य नेकपा (एमाले) राख्न सक्दछ भन्ने कुराको संकेत गरेको छ ।

२०७९ को स्थानीय र आमनिर्वाचनपछि तीनपटक उपनिर्वाचन सम्पन्न भएका छन् । आमनिर्वाचनमा स्वतन्त्र पार्टीले प्राप्त गरेको आकस्मिक सफलताको चर्चा सेलाउन नपाउँदै भएको पहिलो उपनिर्वाचनको परिणाम त्यति सुखद रहेन । चितवन र तनहुँमा सम्पन्न उपनिर्वाचनमा दुवै ठाउँमा राष्ट्रिय स्वतन्त्र पार्टीले जित्न पुग्यो । इलामको प्रतिनिधिसभा र बझाङको प्रदेशसभामा भएको दोस्रो उपनिर्वाचनमा हामी दुवै ठाउँमा सफल भयौं । स्थानीय तहका लागि भएको तेस्रो उपनिर्वाचनमा हामीले हाम्रो पार्टीको विगतको हैसियतमा केही वृद्धि गर्न सफल भयौं । हामीले जितेका ७ वटा वडाध्यक्षको ठाउँमा चुनाव भएकोमा हामीले पालिका अध्यक्ष र उपप्रमुख सहित ८ सीटमा सफलता पाउन सक्यौं । तर उपचुनाव भएको कूल सीटको हिसाबले हामीले आशातित

सफलता पाउन सकेनौं। बरु पहिले जितेका वडा गुमाउने र पहिले हारेका ठाउँमा चुनाव जित्ने स्थिति देखियो। यसले जनप्रतिनिधिप्रतिको स्थानीय जनताको नकारात्मक रुझानलाई संकेत गर्दछ। यसबाट सिङ्गो पार्टीपङ्क्तिले सचेत भएर जनप्रतिनिधिहरूका कामलाई प्रभावकारी बनाउन र जनताका बीचमा उनीहरूलाई स्थापित गर्न जोड दिनुपर्ने देखिन्छ।

## २. मिशन ग्रासरुट (पार्टी सुदृढीकरण तथा विस्तार अभियान)

आमनिर्वाचन सम्पन्न भएको केही समयपश्चात् नै केन्द्रीय सचिवालय बैठकको निर्णयअनुसार **मिशन ग्रासरुट** (संगठन सुदृढीकरण र विस्तार) अभियान अघि बढाइयो। फागुन र चैत महिनासम्म सञ्चालन गर्ने भनिएको यस अभियानका लागि समय अपुग भएपछि स्थानीय आवश्यकताअनुसार समय थप गरिएको थियो। अभियानमा केन्द्रीय कमिटीका तर्फबाट केन्द्रीय प्रतिनिधि, प्रदेशका तर्फबाट प्रदेश प्रतिनिधि र जिल्लाका तर्फबाट जिल्ला प्रतिनिधिहरू खटिनुभएको थियो। प्रदेश, जिल्ला र पालिका तहमा समेत अभियानका बारेमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिए। कतिपय वडा तहमा समेत अभिमुखीकरण प्रकृतिका कार्यक्रमहरू भए। जहाँ बैठक र योजनामा जोड दिइयो, त्यहाँ अभियान बढी प्रभावकारी रह्यो। राम्रो योजना बनाइएका अधिकांश जिल्लामा वडा तहमा अभियान पुग्न सफल भयो।

यस अभियानका क्रममा भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरेर सदस्यता अभिलेखलाई व्यवस्थित गर्ने योजना अघि बढाइएको थियो। अभियानका क्रममा कतिपय पालिकाले वास्तविक सदस्यहरू पहिचान गरी नवीकरणको काम अघि बढाए। यस अभियानमा अनुपस्थित सदस्यहरू (परिचय नखुलेका), दोहोरिएका, पार्टी छोडेकाहरू र मृत्यु भएकाहरूको पहिचान गरी तिनीहरूलाई अभिलेखबाट हटाउने काम भएको छ। अभियानबाट नयाँ सदस्यको अनुपातमा उल्लेख्य रूपमा बृद्धि भएको छ। नवप्रवेशीहरूलाई सदस्यता प्रदान गर्ने काम पनि यस अभियानका क्रममा भएको छ। अभियानको मुख्य काममध्ये धेरैभन्दा धेरै टोल कमिटी गठन गर्ने रहेको थियो। टोल कमिटी गठनका सन्दर्भमा अपेक्षाअनुसार उपलब्धि हुन सकेन। अभियानका क्रममा धेरैजसो पालिकामा सभादल गठन भए। कतिपय वडामा समेत सभादल गठन गरिए। पार्टी र जनप्रतिनिधिका बीचमा संयन्त्र गठन गरी कामलाई व्यवस्थित गर्ने काम भने सीमित ठाउँमा मात्र हुन सक्यो। विषयगत रूपमा तोकिएअनुसारका प्रशिक्षणहरू केही ठाउँमा सम्पन्न भए। अधिकांश ठाउँमा परम्परागत ढाँचामा समसामयिक विषयमा आधारित प्रशिक्षण कार्यक्रम आयोजना गरिए। जहाँ प्रशिक्षण कार्यक्रम आयोजना गरियो, त्यसको प्रभाव सकारात्मक रह्यो।

यस अभियानका क्रममा पार्टीसम्बद्ध जनसंगठनहरूका आधारभूत तहको कामलाई व्यवस्थित गर्ने योजना बनाइएको थियो। त्यसका लागि जनसंगठनको सम्बन्धित तहको नेतृत्वलाई जोड्न भनिएको थियो। प्रमुख जनसंगठनहरू अधिवेशनको तयारीमा रहेका कारणले पनि अभियानका क्रममा यसलाई प्रभावकारी रूपमा जोड्न सकिएन। तर पनि, जनसंगठनको भेला आयोजना गर्ने र उनीहरूको अवस्थाका बारेमा जानकारी लिने काम अधिकांश ठाउँमा भयो। कतिपय ठाउँमा गठन, पुनर्गठन र सम्मेलन/अधिवेशनहरूको आयोजनासमेत गरियो। अभियानका क्रममा नेतृत्व

विकासको सम्भावना भएका युवाहरूको पहिचान गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको थियो। त्यो रूपमा काम अघि बढ्न सकेन। अभियानका क्रममा जनता के चाहन्छन् भनेर बुझ्ने प्रयास गरिएको थियो। विभिन्न विषयमा आधारित जनसरोकारका मुद्दाहरूको प्राथमिकीकरण गर्न लगाइएको थियो। यो काम एक हदसम्म भएको छ। उपलब्ध सबै प्रतिवेदनहरूमा यस विषयलाई महत्वका साथ समावेश गरिएको छ। यसको विश्लेषणको काम विज्ञहरूको सहयोगमा प्रदेशस्तरमा र केन्द्रस्तरमा समेत गरिएको छ।

अभियानका क्रममा स्थानीय अन्तरविरोधको पहिचान गर्ने काम भयो। तिनको समाधानका प्रयासहरू अघि बढे। अभियानले अन्तरविरोधको अवस्थाबाट सहकार्यको अवस्थामा बदल्न सहयोग पुऱ्यायो। अभियानबाट पहिचान भएका समस्यालाई नियमित संगठनात्मक कामका माध्यमबाट समाधान गर्न जोड दिइएको छ। अभियानबाट पार्टीको संगठनात्मक जीवन व्यवस्थित हुने प्रक्रिया सुरु भयो। पार्टीपङ्क्तिमा देखिएको शिथिलता एकहदसम्म तोडियो। पार्टीमा सक्रिय र निष्क्रियको पहिचान हुन पुग्यो। कमिटी प्रणालीमा देखिएका समस्याहरू उजागर भएका छन्। निष्क्रिय कमिटीको पुनर्गठन र नयाँ अधिवेशनका माध्यमबाट समाधानको प्रयास अघि बढाउने काम भएको छ।

अभियानको क्रममा पालिका, जिल्ला र प्रदेश तहमा अभियानको समीक्षाको योजना बनाइएको थियो। अभियान घोषित उद्देश्यप्रति अल्मलिएको देखेपछि मध्यावधि समीक्षाको योजना बनाइयो। प्रदेशस्तरमा आयोजना गरिएको मध्यावधि समीक्षाबाट अभियानलाई उद्देश्यमूलक बनाउन सहयोग पुगेको थियो। समीक्षाका लागि समीक्षाको ढाँचा उपलब्ध गराइएपछि अभियान अझ बढी प्रभावकारी बन्न पुगेको थियो। यस अभियानले केन्द्रीय सदस्य र प्रतिनिधिहरूलाई प्रतिवेदन लेखनको काममा प्रेरित गऱ्यो। अभियानका क्रममा तयार भएका आधाआधी प्रतिवेदनहरू भविष्यको पार्टी कामका आधार दस्तावेजका रूपमा रहेका छन्। यस अभियानका क्रममा ७ सय ५३ पालिकास्तरका, ८८ वटा जिल्लास्तरका र ९ वटा प्रदेशस्तरका गरी ८ सय ५० भन्दा बढी प्रतिवेदनहरू तयार गरिएका थिए।

### ३. प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक

पार्टी विधानको धारा २३ ले 'महाधिवेशनका प्रतिनिधिहरू अर्को महाधिवेशनका लागि प्रतिनिधिहरू निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का सदस्य रहने' र विधान महाधिवेशनको हैसियतमा बाहेक परिषद्को बैठक 'दुई महाधिवेशनका बीचमा आवश्यकताअनुसार आयोजना गरिने' व्यवस्था गरेको छ। पार्टीको सर्वोच्च निकाय, महाधिवेशन प्रतिनिधिका रूपमा नीति र नेतृत्व निर्माणमा निर्णायक योगदान गर्नुहुने कमरेडहरूलाई अर्को महाधिवेशनसम्म क्रियाशील बनाइराख्न र पार्टी कामको आवधिक समीक्षा र दिशानिर्देशनको भूमिकामा स्थापित गर्न सकियोस् भनेर यस्तो व्यवस्था गरिएको हो। नेकपा (एमाले) को जीवनमा यो नयाँ व्यवस्था हो। विधानले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का तीनवटा कार्यादेश निर्धारण गरेको छ; केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक

निर्देशन दिने तथा यस विधानमा उल्लेख भएबमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने ।

विधानको यसै व्यवस्थाअनुरूप **निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकास हाम्रो संकल्प : सुशासन, समृद्धि, स्वाभिमान र समाजवाद हाम्रो गन्तव्य** भन्ने मूल नाराका साथ राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गरिएको थियो। बैठकमा अध्यक्ष कमरेड केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन र महासचिव शंकर पोखरेलले संगठनात्मक कामको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसका साथै केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष कमरेड अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष कमरेड पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष कमरेड विजय सुब्बाले आफूसम्बद्ध केन्द्रीय निकायका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रतिवेदनको प्रस्तुतिपश्चात् सबै परिषद् सदस्यहरूलाई ६ समूहमा विभाजन गरेर पार्टी संगठन तथा सुदृढीकरणका सम्बन्धमा विभिन्न विषय र प्रश्नमा कार्यशालाको आयोजना गरिएको थियो । पार्टी निर्माणका समस्या र चुनौतीहरू पहिल्याउन तथा आगामी दिनमा तिनको समाधान गर्न कार्यशालामा भएको जीवन्त छलफल र सक्रिय सहभागिता निकै उपयोगी रहेको थियो । बैठकमा 'लोकतान्त्रिक भित्तो' स्थापना गरेर आफूलाई लागेका महत्वपूर्ण सुझावहरू उल्लेख गर्न प्रोत्साहन गरिएको थियो, जसमार्फत् पनि महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए । कार्यशालाका निष्कर्षहरूलाई समेत समेटेर उपमहासचिव कमरेड प्रदीप ज्ञवालीले संगठन सुदृढीकरण तथा शुद्धीकरणसम्बन्धी विशेष प्रस्ताव प्रस्तुत गर्नुभएको थियो, जसलाई परिषद्ले सर्वसम्मत रूपमा पारित गरेको थियो ।

बैठकमा उपमहासचिव कमरेड विष्णु रिमालले १५ बुँदामा समसामयिक प्रस्तावहरू प्रस्तुत गर्नुभएको थियो, जसलाई बैठकले सर्वसम्मत रूपमा पारित गरेको थियो । **दशौं राष्ट्रिय महाधिवेशन**यताको अवधिमा पार्टी उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष कमरेड सुवासचन्द्र नेम्बाङसहित निधन हुनुभएका १२ जना परिषद् सदस्यहरूप्रति बैठकले उच्च सम्मानसहित श्रद्धासुमन अर्पण गरेको थियो । **प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक**बाट नेकपा स्थापनाको ७५ वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको विशेष समारोहमा निवर्तमान राष्ट्रपति सम्माननीय विद्यादेवी भण्डारीलाई **गणतन्त्र गौरव** सम्मान प्रदान गर्ने निर्णय गरिएको थियो । पार्टी जीवनबाट अलग भएका, निष्क्रिय रहेका र सम्पर्कबाहिर रहेका परिषद्का केही सदस्यहरू बाहेक बैठकमा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । पार्टी जीवनमा पहिलोपल्ट आयोजना गरिएको **राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**को बैठक निकै जीवन्त, महत्वपूर्ण र उपलब्धिमूलक रहन पुगेको छ ।

## ४. झुलाघाट–चिवाभञ्ज्याङ: समृद्धिका लागि संकल्प यात्रा

२०८० साल मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूरपश्चिमको झुलाघाटदेखि सुदूरपूर्वको चिवाभञ्ज्याङसम्म **समृद्धिका लागि संकल्प यात्रा** सम्पन्न गरिएको थियो। पहाडको विकासका सम्भावनाहरूको खोजी गर्ने, तीव्ररूपमा भइरहेको बसाइँसराइलाई न्यून गर्ने

उपायहरूका बारेमा विमर्श गर्ने, लोकतन्त्र, सामाजिक सद्भाव एवं राष्ट्रिय एकतालाई सम्बर्द्धन गर्ने र समाजमा व्याप्त निराशा अनि 'देश समृद्ध हुन सक्दैन, सुशासन पनि कायम हुँदैन' भन्ने नकारात्मक भाष्यलाई चिर्दै जनतामा आशा, आत्मविश्वास र भरोसा जागृत गर्ने उद्देश्यसहित यो अभियान सञ्चालन गरिएको थियो । प्रतिकूल मौसम र जटिल भौगोलिक अवस्थितिका बाबजूद संकल्प यात्रामा प्रकट भएको स्वत:स्फूर्त जनसहभागिता, अभूतपूर्व जनसमर्थन, उच्च राजनीतिक संस्कार र सांस्कृतिक विविधताको प्रदर्शनबाट पार्टीको अभियान सिङ्गो राष्ट्रको अभियान बन्न सफल रह्यो । यस अभियानका क्रममा हाम्रो पार्टीका अध्यक्ष कमरेडप्रति समाजका सबै तप्काका समुदायले देखाएको हार्दिकता र सम्मानलाई हाम्रो पार्टी र आन्दोलनप्रतिको सम्मानका रूपमा हामीले बुझ्नुपर्दछ, नेपाली जनताको आशा र विश्वासका रूपमा लिनुपर्दछ । अभियानमा जनताको समर्थन र अभूतपूर्व सहभागितालाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रूपमा लिनुपर्दछ । **सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय** भन्ने योजनाका साथ सुरु गरिएको संकल्प यात्रा अपेक्षा गरिएभन्दा बढी स्थानमा जनताको बाक्लो उपस्थिति भएका कारणले समय व्यवस्थापनमा निकै ठूलो समस्या उत्पन्न भयो। सकेसम्म साँझ ५/७ बजेसम्म कार्यक्रम सम्पन्न गरिसक्ने योजना अछामदेखि नै खल्बलिन पुग्यो । कतिपय जिल्लामा कार्यक्रम स्थलमा लस्कर आइपुग्दा रातको १०/११ बज्दथ्यो । चिसो मौसममा, रातको समयमा लामो प्रतीक्षा गरेर बसेको जनसमुदायलाई सम्बोधन गरेर विश्राम लिनपुग्दा रातको १२/१ बज्न पुग्दथ्यो । **समृद्धिका लागि संकल्प यात्रा**को क्रममा प्रकट भएको त्यो भावना र सद्भाव हाम्रो पार्टीका लागि प्रेरणा र मार्गदर्शक विषय रहेका छन्, जसले यात्राको थकानलाई बिर्साएर अर्को दिनको यात्राका लागि ऊर्जा प्रदान गर्ने काम गरे। संकल्प यात्रा कोशी प्रदेशमा प्रवेश गर्न नदिने भनेर पहिचानवादीका नाममा अनेकन् प्रकारका दुष्प्रचारहरू गरिए । लाठी र घरेलु हातहतियारसहितको प्रदर्शन, कोशी प्रदेश बन्द आह्वान र कार्यक्रममा सहभागी नहुनका लागि दबाब सिर्जना गर्नेसम्मका कामहरू भए । हाम्रो तर्फबाट अभियानका क्रममा कुनै प्रकारको मुठभेड वा क्षति नहोस् भनेर हदैसम्मको संयमता अपनाउने काम भयो । अतिवादलाई जनताले रुचाउँदैनन् भन्ने कुरा यात्राका क्रममा कोशी प्रदेशका जनताले प्रमाणित गरे। कोशी प्रदेशका सभाहरूमा जनताको ऐतिहासिक र अभूतपूर्व सहभागिता देखियो । कोशी प्रदेशको नामकरणमा आफै संलग्न भएर पुन: भड्काउन खोज्ने तत्कालीन सत्ताधारी गठबन्धनलाई पनि कोशीका जनताले व्यापक सहभागितामार्फत् जवाफ दिने काम गरे । यसबाट 'हाम्रा भगवान् भनेका जिउँदा जनता हुन्' भन्ने जननेता मदन भण्डारीको भनाइलाई कोशी प्रदेशका जनताले सार्थक बनाए ।

हाम्रो पार्टीलाई विभिन्न राजनीतिक दल, संघ–संस्था, स्थानीय तहहरू, व्यावसायिक क्षेत्र र व्यक्तिगत रूपमा समेत सयौं ज्ञापनपत्र, ध्यानाकर्षण, माग र सुझावहरू प्राप्त भए। सर्वदलीय बैठकबाट पारित भएरसमेत प्राप्त भएका ती मागहरूलाई हामीले जनताको नासो ठानेका छौँ। **समृद्धिका लागि संकल्प यात्रा**को सफलताले पार्टीको प्रतिष्ठामा उल्लेख्य बृद्धि भयो । समाजमा फैलिंदै गरेको निराशा र कुण्ठालाई चिरेर भविष्यप्रतिको आशाको दियो बाल्ने काम अभियानका क्रममा भयो । यसका प्रभाव र उपलब्धिहरूलाई अभिलेखीकरण गर्ने कामसमेत गरिएको छ ।

## ५. जाजरकोट भूकम्पमा पार्टीको तर्फबाट स्वयंसेवा

जाजरकोट केन्द्रबिन्दू भएर २०८० कार्तिक १७ गते मध्यरातको समयमा गएको विनाशकारी भूकम्पमा परी १ सय ५७ जनाको मृत्यु भयो। २ सय ७५ जनाभन्दा बढी घाइते हुन पुगे। उक्त भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा सबैभन्दा धेरै मानवीय र भौतिक क्षति हुन पुग्यो। सरकारले तयार पारेको तथ्याङ्कअनुसार ९ हजार ७ सय ९४ निजी घर पूर्णरूपमा क्षति भए। जाजरकोटमा २४ हजार ७ सय ७ घर आंशिक क्षति भए। रुकुम पश्चिममा १६ हजार ५ सय ७० वटा निजी घर पूर्णरूपमा क्षति भए। ९ हजार ९ सय ६१ घर आंशिक रूपमा क्षति भए। तर पछिल्लो समय उक्त तथ्याङ्कमा बृद्धि भएको देखिन्छ। जाजरकोट भूकम्पपश्चात् राष्ट्रपतिदेखि राज्यका विभिन्न ओहोदाका व्यक्तिहरू हेलिकप्टरमा जाने र राहत तथा उद्धारमा लाग्ने कुराले प्रहरी प्रशासन स्वागत सत्कारमा लाग्नुपर्ने अवस्था सिर्जना भयो। त्यसप्रकारको भ्रमण 'विपद् पर्यटन' को नाममा आलोचित बन्न पुग्यो। तर, हाम्रो पार्टी सुरुदेखि नै त्यहाँको वस्तुगत अवस्था बुझ्ने, तथ्याङ्क संकलन गर्ने र पीडामा परेका जनसमुदायलाई तत्काल राहत उपलब्ध गराउने कुरामा केन्द्रित रह्यो। राज्यले समयमा राहत र पुनस्र्थापनाको काम अघि बढाउन नसक्दा चिसोबाट सुत्केरी महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको मृत्यु हुन थालेपछि हतोत्साहित भएका जनतालाई आफैं केही गर्नुपर्दछ भन्ने भावना जागृत गर्नका लागि बाहिरी जिल्लाबाट स्वयंसेवक परिचालित गर्ने योजना अघि बढाइयो। जाजरकोट र रुकुम पश्चिममा पार्टीले पहिचान गरेका स्थानमा स्थानीय जनतालाई कुनै प्रकारको बोझ नहुने गरी सबै प्रकारका लजिस्टिक सामानसहित १ हजार स्वयंसेवक परिचालन गर्ने योजना केन्द्रीय कार्यालयका तर्फबाट तयार गरियो। विपद् व्यवस्थापन विभागको व्यवस्थापकीय संयोजनमा प्रदेश तहका पार्टी कमिटी र जनसंगठनका तर्फबाट तोकिएअनुसारका स्वयंसेवक पठाउन निर्देशन गरियो। सोहीअनुसार कार्तिक ३० गतेदेखि मङ्सिर १८ गतेसम्म २५ जनाका दरले ४० समूह बनाएर जाजरकोटमा २५ र रुकुम पश्चिममा १५ समूहहरू परिचालन गरिएका थिए। सबैभन्दा जोखिमपूर्ण र कठीन भौगोलिक स्थानमा पुगेर पार्टीका स्वयंसेवकहरूबाट ५ सय ३ वटा भग्नावशेषको सुरक्षित रूपमा व्यवस्थापन गर्ने र दबिएका सामग्रीहरू निकालेर घरधनीलाई बुझाउने काम भयो। स्वयंसेवक टोलीहरूले ८ सय १३ अस्थायी आवास बनाउने काम गरे। १६ वटा विद्यालयको असुरक्षित भग्नावशेष हटाउनुका साथै अस्थायी विद्यालय बनाएर हस्तान्तरण गर्ने काम गरिएको थियो, जसले गर्दा ती विद्यालयहरूमा पुन: पठनपाठन सञ्चालन गर्न सम्भव भयो। केन्द्रीय स्वयंसेवकहरू फर्किने बेला आफ्ना लजिस्टिकहरू स्थानीय स्वयंसेवकलाई उपलब्ध गराएर पुनस्र्थापनाको कामलाई निरन्तरता दिन प्रेरित गरेका थिए। अभियानका क्रममा पार्टीका स्वयंसेवकहरूले गरेका कामबाट स्थानीय जनता, प्रहरी र प्रशासनसमेत प्रभावित बन्न पुगे। बिना कुनै राजनीतिक विभेद प्राथमिकता निर्धारण गरेर गरिएको कामबाट अन्य राजनीतिक दलका नेता र कार्यकर्ताले समेत हाम्रा स्वयंसेवकहरूको खुलेर प्रशंसा गरेका थिए। स्वयंसेवकका रूपमा सुदूरपश्चिमबाट ५०, कर्णाली प्रदेशबाट १ सय ५०, लुम्बिनी प्रदेशबाट २ सय, गण्डकी प्रदेशबाट ५०, बागमती प्रदेशबाट ५०, मधेश प्रदेशबाट २५, कोशी प्रदेशबाट २५, उपत्यका विशेषबाट २५, सम्पर्क समन्वयबाट १ सय जना स्वयंसेवक परिचालन गरिएका थिए। जनसंगठनहरूमा अनेरास्ववियूबाट १ सय, युवा संघबाट १ सय ५०, जिफन्टबाट १ सय, भूपू सैनिकबाट ५०

र खेलकूद महासंघबाट ५० स्वयंसेवक परिचालन गरिएका थिए। अभियानका क्रममा किसान महासंघले थप २ सय स्वयंसेवक परिचालन गरेको थियो। यसरी कूल १ हजार ३ सय २५ केन्द्रीय स्वयंसेवकहरू भूकम्प प्रभावित क्षेत्रमा पन्ध्र दिनभन्दा बढी खटेका थिए। स्थानीय पार्टी कमिटीका तर्फबाट त्यसलाई सहजीकरण गर्नका लागि थप स्थानीय स्वयंसेवक परिचालन गरिएका थिए। उक्त अवधिमा स्वास्थ्यकर्मीहरूको टिमसमेत परिचालित थियो। राहत नपुगेका ठाउँमा केन्द्र र जनसंगठन तथा स्थानीय कमिटीको सहयोगमा विशेष योजना बनाएर राहतसमेत वितरण गरिएको थियो। यसरी परिचालित भएका स्वयंसेवकहरूलाई समृद्धिका लागि संकल्प यात्राका क्रममा भव्य समारोहका बीचमा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले सम्बोधन गर्दै धन्यवाद दिनुभएको थियो। जाजरकोट भूकम्पका क्रममा जाजरकोट र रुकुम पश्चिममा परिचालित स्वयंसेवकहरूको कामबाट **नेकपा (एमाले) सदैव एक कदम अगाडि** भन्ने मान्यता पुन: पुष्टि भएको थियो। पार्टी नेतृत्वको सरकार गठन भएपछि जाजरकोटमा भूकम्पबाट क्षतिग्रस्त बनेका भवनको पुनर्निर्माणको काम पनि अघि बढेको छ।

## ६. वडाकेन्द्रित अभियान: पार्टीलाई जरासम्म पुऱ्याउने प्रयास

केन्द्रीय संगठन विभागको आयोजनामा सम्पन्न राष्ट्रिय कार्यशालाको निष्कर्षसमेतका आधारमा पार्टीको केन्द्रीय सचिवालयको ४४औं बैठकले २०८१ माघदेखि चैतसम्म तीन महिने वडाकेन्द्रित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो। निर्णायक राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजनाको अङ्गका रूपमा सञ्चालन गरिएको तीन महिने अभियानमा आ–आफ्नो प्रदेशका केन्द्रीय तहदेखिका सम्पूर्ण नेता र कार्यकर्ता परिचालनको योजना प्रदेश र जिल्ला कमिटीले बनाउने गरी निर्देशन गरिएको थियो। अभियान मूलत: निम्नानुसारका काममा केन्द्रित थियो:

— पार्टी सदस्यतासम्बन्धी काम सुव्यबस्थित गर्ने (नवीकरण, विस्तार, अनलाइन अभिलेखीकरण, प्रशिक्षण र परिचालन)

— कम्तिमा वडा तहसम्म कमिटीका अधिवेशनहरू सम्पन्न गरिसक्ने। टोलहरूमा पार्टी कमिटीहरू बनाउने र सुचारू गर्ने।

— संगठनात्मक अराजकता र अवसरवादलाई परास्त गर्न गहिरो वैचारिक कामका साथै कमिटी जीवनमा व्यापक शुद्धीकरण गर्ने।

— पार्टीको नीति र नेतृत्वका विरुद्ध भइरहेको प्रायोजित मिथ्या–प्रचारको (साइवर हमलाको) जमेर प्रतिवाद गर्ने। भ्रम पार्ने नदिने गरी कार्यकर्तालाई प्रशिक्षित गर्ने।

— कार्यकर्तामा आत्मविश्वास जगाएर पार्टीलाई घरघर पुऱ्याउने, जनगुनासो सुन्ने र जनतामा आशा जगाउने।

— जनताका माग–मुद्दा तथा समस्यामा अग्रसरता लिने र आर्थिक–सामाजिक तथा सांस्कृतिक रूपान्तरणलाई तीव्रता दिने।

— युवामा पहुँच बढाउने र युवा नेतृत्व विकासको योजनाबद्ध थालनी गर्ने।

— अबको पार्टी काममा डिजिटल माध्यम अपनाउन वडा तहसम्मका पार्टी कमिटीहरूलाई सचेत पार्ने।

— **जनतासँग जनसंगठन** अभियान चलाउने (वडासम्म जनसंगठनका कमिटी निर्माण, सदस्यता विस्तार, प्रशिक्षण र सम्बन्धित समुदायका समस्या समाधानमा अग्रसरता लिने।)

— वडा तहसम्म पार्टी कार्यालयहरू सुव्यवस्थित रूपमा सञ्चालन गर्ने।

वडाकेन्द्रित जरा अभियान देशव्यापी रूपमा चल्यो। भूगोल तथा गैर–भूगोलका सबै प्रदेश, जिल्ला, पालिका तथा वडा तहका कमिटीहरूले कार्यादेशबमोजिम योजनाहरू बनाए र परिचालित भए। जनसंगठनका केन्द्रीय कमिटीहरूले छलफल चलाए र केही योजनाहरू पनि बनाए। तर राष्ट्रिय महाधिवेशनमा लाग्नु परेका कारण **जनतासँग जनसंगठन अभियान** अपेक्षितरूपमा अघि बढ्न सकेन। तथापि, यस अवधिमा जनसंगठनका आधारभूत तहका कमिटीहरू बढेका छन् र उल्लेखनीय रूपमा सदस्यता विस्तार भएको छ। अभियानमा पार्टी सदस्य संख्या दुई लाख बृद्धि गर्ने लक्ष्य राखिएकोमा डेढ लाख सदस्य थप भएका छन्। अपेक्षित संख्यामा नै पुराना सदस्यहरूको पार्टी सदस्यता नवीकरण भएको छ। कूल सदस्य संख्या ५ लाखबाट बढेर साढे ६ लाख पुगेको छ। त्यसमध्ये १ लाख ६० हजारको अनलाइन अभिलेखीकरण पनि भएको छ। त्यसैगरी भूगोलका वडामा ३ हजार १ सय ४१ र गैर–भौगोलिक वडामा १ हजार ७२ सहित यो अभियानमा ४ हजार २ सय १३ वडा स्तरका पार्टी अधिवेशनहरू सम्पन्न भएका छन्। जिल्ला अधिवेशनमा भएको ढिलाइका कारण मधेशमा ठूलो संख्यामा वडा तहका अधिवेशनहरू गर्न बाँकी रहेको भए पनि अभियानका क्रममा कमिटी नबनेका वडाहरूमा कमिटी बनेका छन्। तीन महिने अभियानमा ५ हजार टोल कमिटी निर्माण गर्ने लक्ष्य राखिएकोमा ९ हजार नयाँ टोल कमिटीहरू बनेका छन्। भूगोल र गैर–भूगोलका गरी अब टोलस्तरका कमिटीको कूल संख्या १९ हजार ८ सय ५ पुगेको छ। टोल कमिटीहरूमध्ये ५० प्रतिशतको हाराहारीमा टोल अधिवेशनहरू सम्पन्न भएका छन्। माथिल्ला कमिटीका अधिवेशनहरू समयमा आयोजना हुन नसक्दा टोल अधिवेशन भएको संख्या मधेशमा अत्यन्त न्यून छ। वडा अभियानकै सिलसिलामा भूगोलका २ सय ८२ र गैर–भूगोलका १ सय ६० सहित ४ सय ४२ पालिकास्तरका अधिवेशनहरू मात्र होइन विविध कारणले अधिवेशन हुन नसकेका मोरङ, सिराहा, सप्तरी, अछाम र धनुषा जिल्ला कमिटीका पार्टी अधिवेशनहरू पनि सम्पन्न भएका छन्। कतिपय वडामा कमिटीको बैठक र सदस्यता नवीकरणमा मात्रै अभियान सीमित रह्यो भने कतिपय वडामा जनताको घरघर पुगेर समस्या बुझ्ने तथा समाधानमा पहल गर्ने काममा पनि अग्रसरता रह्यो। प्रशिक्षणमार्फत कार्यकर्तामा आत्मविश्वास भर्ने, एमालेको नीति र नेतृत्वप्रति रहेको भ्रम चिर्ने, साइबर हमलाको प्रतिवाद गर्ने तथा जनतामा आशा जगाउने उल्लेखनीय कामहरू भएका छन्।

समग्रमा, अभियानपछि स्थानीय कमिटीहरूमा पार्टी गतिविधिहरू बढेका, कमिटीका अधिवेशनहरू सम्पन्न भएका, पार्टी सदस्यताको नवीकरण निर्धारित समयमै सकिएको, जनतासँग पार्टी नेता/कार्यकर्ताको सम्बन्धमा सुधार आएको, समय पुगेका जनसंगठनका अधिवेशनहरू सम्पन्न भएका तथा ती संगठनहरू क्रमश: आफ्नो समुदायमा स्थापित हुँदै गएका छन्। अभियानले

नेता/कार्यकर्ताहरूलाई आफ्नो परिभाषित काममा सक्रिय बनाएको छ। अभियानको पछिल्लो अवधिमा राजावादी र प्रतिक्रियावादीहरूका प्रतिगामी क्रियाकलापका विरुद्ध तथा लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण अभियान सञ्चालन गर्नुपरेका कारण अभियान प्रभावित भयो। घरदैलो अभियानका समयमा पार्टी शहर बजारका गतिविधिमा केन्द्रित हुनुपर्‍यो। मौसमी प्रतिकूलताले हिमाली क्षेत्रमा भने आमरूपमा अभियान अघि बढाउन सकिएन। **मिशन चौरासी**मा सफलता प्राप्त गर्नका लागि मुख्य आधार निर्णायक तहमा सबल पार्टी संगठन निर्माण गर्नु नै हो र जनतासँगको सम्बन्धमा घनिष्ठता कायम गर्नसक्नु नै हो। पार्टीको जनआधार विस्तारको महत्वपूर्ण क्षेत्रका रूपमा रहेका पार्टीसम्बद्ध जनसंगठनहरू सुदृढ र सबल हुनु नै हो। जनसंगठनहरूको आजको आकार, चेतना, गति र समर्पणमा गुणात्मक बृद्धि नगरी तथा उनीहरूभित्र विश्वासको कुण्डलिनी नजगाई पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन सकिन्न। तसर्थ बाँकी अविधमा संगठन सुदृढीकरण तथा शुद्धीकरणको काममा पार्टीपङ्क्ति असाधारण ढङ्गले सक्रिय हुनु आवश्यक देखिन्छ।

## ७. यूथ सेलिब्रेशन: वैशाख ११, जनताले जितेको दिन

संघीय लोकतान्त्रिक गणतन्त्र एउटा व्यवस्थामात्र हैन, आधुनिक युगको गौरव हो। जनता पूर्णरूपमा सार्वभौम भएको जनसार्वभौम सत्ताको प्रतीक पनि हो। **वैशाख ११** नेपालमा पारिवारिक र परम्परागत राजतन्त्र जनआन्दोलनबाट पराजित भएको दिन हो। सामन्ती राजा र रजौटाहरूको युग समाप्त भएर जनताको युग सुरु भएको दिन हो। अर्थात् नेपाली जनताले जितेको दिन हो। यस दिनलाई युवाहरूका बीचमा युवाहरूसँगै मनाउने निर्णय पार्टीको केन्द्रीय सचिवालयले गरेको थियो। कार्यक्रमका माध्यमबाट नयाँ पुस्तालाई लोकतन्त्रप्रतिको गौरवबोध गराउने र जनआन्दोलनले मिल्काएको राजतन्त्रलाई पुनस्थापित गर्ने प्रतिगामी तथा प्रतिक्रियावादीहरूको कुचेष्टा कुनै पनि हालतमा पूरा हुन सक्दैन भन्ने सन्देश दिने उद्देश्य राखिएको थियो। ४० वर्षमुनिका युवा लक्षित **यूथ सेलिब्रेशन: वैशाख ११, जनताले जितेको गौरवपूर्ण दिन**मा काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिएको थियो। नयाँ शैलीमा आयोजना गरिएको युवालक्षित उक्त कार्यक्रमले युवाहरूमा मात्र होइन आमजनतामा नयाँ सन्देश दिन सफल भएको छ। उक्त कार्यक्रमले युवा समुदायमा हाम्रो पार्टीप्रति आशा र आकर्षण पैदा गरेको छ। ४० वर्षमुनिका हजारौं युवाहरूको सहभागिताले कार्यक्रम वास्तवमै उत्सवमय बन्न पुगेको थियो। कार्यक्रममा युवाहरूका बीचमा लोकप्रिय रहेका ब्यान्ड र कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिएका थिए। कार्यक्रमको अन्त्यमा लाइटिनिङसहित विशेष ढङ्गले सेलिब्रेट गरिएको थियो। पार्टीको तर्फबाट अध्यक्ष र महासचिवले सम्बोधन गर्नुभएको थियो। उक्त कार्यक्रमको आयोजना पार्टीले गरेको भए पनि व्यवस्थापन र सञ्चालन युवाहरूका तर्फबाट गरिएको थियो। युवाहरूका तर्फबाट अनेरास्ववियूका अध्यक्ष समिक बडालले स्वागत र राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेवेले धन्यवाद दिनुभएको थियो। उक्त कार्यक्रममा युवा आवाजहरू लोकतान्त्रिक गणतन्त्रका पक्षमा मुखरित भएका थिए। शर्मिला भण्डारी (सुदूरपश्चिम), विमल पुन मगर (कर्णाली), शिवकुमारी चौधरी (लुम्बिनी), विष्णु पोखरेल (गण्डकी), सुनिता डंगोल (बागमती), डा. आनन्द सिंह (मधेश), आश्मिन शेष र प्रकाश सुनारले युवाहरूलाई सम्बोधन गर्नुभएको थियो। कार्यक्रममा

युवाहरूका अतिरिक्त उल्लेख्य मात्रामा पार्टी कार्यकर्ता र जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## ८. लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण अभियान

पूर्व राजा ज्ञानेन्द्र शाहले फागुन ७ को सन्दर्भ पारेर पुन: सत्ता लिन तयार भएको उद्घोषसहितको भिडियो सन्देश सार्वजनिक गरेसँगै प्रतिगामी र प्रतिक्रियावादी तत्वहरूले अस्थिरता सिर्जना गर्ने उद्देश्यसहित अराजक गतिविधिहरू सुरु गर्न लागिरहेकै समयमा पार्टीले लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण कार्यक्रम अघि बढाउने निर्णय गऱ्यो। उक्त निर्णयअनुरूप चैत ११ गतेका दिन देशभर एकसाथ वडास्तरमा जागरण कार्यक्रम सञ्चालन गरियो। चैत १८ गतेका दिन जिल्ला सदरमुकाममा लोकतान्त्रिक गणतन्त्रका पक्षमा प्रदर्शन तथा जागरण भेलाहरू आयोजना गरिए। शहरी क्षेत्र, विशेषगरी तराईका जिल्लाहरूमा मोटरसाइकल ऱ्यालीहरू निकालिएका थिए। चैत १५ गतेका दिन राजावादीहरूले आगजनी, लूटपाट र हिंसा मच्चाएर आतङ्कको वातावरण सिर्जना गरेको काठमाडौंको तीनकुनेबाट चैत १८ गतेका दिन विशाल मोटरसाइकल ऱ्याली निकालिएको थियो। पार्टी अध्यक्षसहित केन्द्रीय नेताहरूको उपस्थितिमा देशका विभिन्न भागमा प्रदेशस्तरका जनसभाहरू आयोजना गरिएका थिए। बुटवल र दमकमा आयोजना गरिएको जागरण सभामा पार्टी अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, पोखरामा पार्टीका बरिष्ठ उपाध्यक्ष कमरेड ईश्वर पोखरेल, बुटवलमा उपाध्यक्ष तथा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, धनगढीमा उपाध्यक्ष कमरेड युवराज ज्ञवाली, सुर्खेत र धनगढीको सभामा महासचिव शंकर पोखरेललगायतले सम्बोधन गर्नुभएको थियो। विगतमा जेठ १५ को गणतन्त्र दिवसको कार्यक्रम सरकारीस्तरमा मात्र मनाउने गरिएकोमा यस वर्ष पार्टीले विभिन्न कार्यक्रमहरू आयोजना गरी देशभर मनाउने निर्णय गरेको थियो। गणतन्त्र दिवसको दिनबाटै राजावादीहरूले काठमाडौंमा अनिश्चितकालीन आन्दोलनको घोषणासमेत गरेका थिए। सोही दिन पार्टीले काठमाडौं उपत्यकाका पार्टी कमिटी र पार्टीसम्बद्ध जनसंगठनहरूको सहभागितामा बाजागाजा र सांस्कृतिक झाँकीहरूसहित उत्सवमय वातावरणमा गणतन्त्र दिवस मनाउने योजना अघि साऱ्यो। भृकुटीमण्डपबाट सुरु भएको सांस्कृतिक ऱ्याली शहीदगेट–रत्नपार्क हुँदै पुन: भृकुटीमण्डपमा आएर संक्षिप्त सम्बोधनसहित समापन भएको थियो। पार्टीका तर्फबाट आयोजना गरिएको लोकतान्त्रिक गणतन्त्रका पक्षको जागरण सभा र गणतन्त्र दिवसका दिन काठमाडौँमा आयोजना गरिएको सांस्कृतिक ऱ्यालीले राजावादीहरूको आन्दोलनलाई कमजोर बनाउन महत्वपूर्ण भूमिका खेलेको थियो। उल्लेखित कार्यक्रमका सन्दर्भमा कतिपयले सरकारमा रहेको पार्टी सडकमा आएको भनेर खिसिट्युरी गरे पनि नेकपा (एमाले) लोकतन्त्र र गणतन्त्रप्रति प्रतिबद्ध छ र आवश्यक पर्दा त्यसको रक्षाका लागि सडकमा उत्रिन पनि तयार छ भन्ने सन्देश दिने काम भएको छ। भविष्यमा पनि राष्ट्र र जनताको हितका विरुद्धमा प्रतिगामी, प्रतिक्रियावादी र अराजकतावादीले गर्नसक्ने अराजक र अपराधिक हरकतका विरुद्धमा हाम्रो पार्टीको तर्फबाट सजगता र खबरदारी जरुरी देखिन्छ।

## च. पार्टीको संगठनात्मक अवस्था

**दशौं राष्ट्रिय महाधिवेशन**का समयमा पार्टीको संगठनात्मक जीवन निकै अस्तव्यस्त थियो। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विघटन र पुनस्र्थापित नेकपा (एमाले) मा भएको षडयन्त्रपूर्ण विभाजनका कारणले पार्टी जीवन प्रभावित बन्न पुगेको थियो। प्रथम विधान महाधिवेशनको आयोजनासँगै सुरु भएको पार्टी पुनव्र्यवस्थित गर्ने काम यतिबेला आएर आधारभूत रूपमा सम्पन्न भएको छ। पार्टी संगठनात्मक जीवन विधिसम्मत र व्यवस्थित बन्न पुगेको छ। तर राष्ट्रिय आवश्यकता र निर्णयक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकासका दृष्टिकोणबाट अझै संगठनात्मक कामलाई थप व्यवस्थित र सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। समग्रतामा अहिले पार्टीको संगठनात्मक अवस्था यसप्रकार रहेको छ:

### १. पार्टीको बैठक, कार्ययोजना र कार्यविभाजन

दशौं राष्ट्रिय महाधिवेशनयता केन्द्रीय कमिटीका ९ वटा, पोलिटब्यूरोका ४ वटा, स्थायी कमिटीका ३ वटा र केन्द्रीय सचिवालयका ५४ वटा बैठकहरू सम्पन्न भएका छन्। केन्द्रीय कमिटीको बैठक नीति–निर्माणका सवालमा बस्ने गरेको छ भने सचिवालयको बैठक पार्टीले गर्नुपर्ने नियमित काममा आधारित रहेर आवश्यकताअनुसार बस्ने गरेको छ। केन्द्रीय कमिटीदेखि सचिवालयको बैठकले गरेका महत्वपूर्ण निर्णयहरूको जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन जारी गर्ने गरिएको छ। अहिलेसम्म पार्टी केन्द्रका तर्फबाट १२ वटा अन्तरपार्टी निर्देशनहरू जारी गरिएका छन्। पार्टीका केन्द्रीय निकाय, केन्द्रीय विभाग र पार्टी निर्णयको कार्यान्वयनका लागि विभिन्न समयमा केन्द्रीय कार्यालयका तर्फबाट परिपत्र जारी गर्ने गरिएको छ। पार्टी निर्णय र पार्टीको कार्ययोजना कार्यान्वयन तथा विभाग, फाँट र मातहत कमिटीलाई वैचारिक नेतृत्व प्रदान गर्ने गरी तीनपटक कार्यविभाजनमा हेरफेर गरिएको छ। अभियानअन्तर्गत दुईपटक केन्द्रीय सदस्यहरूलाई विभिन्न जिम्मेवारीमा खटाउने काम भएको छ। पार्टी कामलाई योजनाबद्ध र व्यवस्थित ढङ्गले अघि बढाउन दुईपटक वार्षिक कार्ययोजना तयार गरी मातहत कमिटीमा पठाउने काम भएको छ। **दशौं राष्ट्रिय महाधिवेशन**यता आमरूपमा कमिटीका बैठकहरू नियमित र व्यवस्थित बनेका छन्। निर्वाचन, अभियान र सत्तासमीकरण परिवर्तनजस्ता घटनाक्रमहरूले सचिवालय बाहेकका बैठकको आयोजनामा एकहदसम्म असर पर्न गएको देखिन्छ। **दशौं राष्ट्रिय महाधिवेशन**यता एकपटक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकसमेत सम्पन्न गरिएको छ। पार्टी केन्द्रका तर्फबाट विभिन्न समयमा लिइएका निर्णय र जारी गरिएका अन्तरपार्टी निर्देशन एवं परिपत्रहरूले पार्टी जीवनलाई व्यवस्थित र गतिशील बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्।

### २. पार्टी सदस्यता नवीकरण र विस्तार

दशौं राष्ट्रिय महाधिवेशनयता पार्टी सदस्यता नवीकरणको काम वार्षिक रूपमा सम्पन्न गर्ने नीति अवलम्बन गरिएको छ। महाधिवेशनलगत्तै पार्टी स्थानीय र आमनिर्वाचनमा सहभागी हुनुपरेका कारणले एक वर्षको नवीकरणको काम प्रभावित बन्न पुगेको थियो। **मिशन ग्रासरुट** अभियानअन्तर्गत भौतिक उपस्थितिमा सदस्यता नवीकरण गर्ने योजनाअन्तर्गत दुई वर्षको सदस्यता

नवीकरण गर्ने काम एकसाथ सम्पन्न गरिएको थियो। तत्पश्चात् प्रत्येक वर्ष नवीकरण गर्ने काम भएको छ। नयाँ सदस्यता प्रदान गर्दा र पार्टी प्रवेशबाट आएकाहरूको सदस्यताको अभिलेख तयार गर्दा एक वर्षको सदस्यता शुल्क लिने गरिएको छ। सदस्यता विस्तार र नवीकरणको काम सम्पन्न भएपछि केन्द्रले पाउनुपर्ने शुल्क प्राप्त गरेरमात्र संगठन विभागका तर्फबाट सदस्यता प्रमाणीकरण गर्ने व्यवस्था मिलाइएको छ। यस वर्षको सदस्यता नवीकरणको काम असार मसान्तमा सम्पन्न गरिएको छ। केन्द्रीय संगठन विभागमा अभिलेख प्रमाणीकरणको काम जारी छ। यस वर्ष सदस्यता नवीकरण र विस्तारमा उल्लेख्य प्रगति भएको छ। कोशी प्रदेशको सदस्य संख्या १ लाख १४ हजार ७ सय १०, मधेश प्रदेशको १ लाख ५४ हजार १ सय ७, बागमती प्रदेशको १ लाख १६ हजार ४ सय ९९, गण्डकी प्रदेशको ५५ हजार ५ सय १२, लुम्बिनी प्रदेशको ८० हजार ३ सय ५२, कर्णाली प्रदेशको ४७ हजार ६ सय ४७, सुदूरपश्चिम प्रदेशको ६३ हजार १ सय १०, उपत्यका विशेष प्रदेशको ८ हजार ७ सय ८१, सम्पर्क समन्वयअन्तर्गत १३ हजार ७ सय ५२, भारत प्रवास १ हजार ७ सय ५२ र अन्य प्रवासको ४ हजार ६ सय २० रहेको छ। केन्द्रीय कार्यालयमा रहेको सदस्य संख्या ३ सय ३५ रहेको छ। यस वर्ष मधेश प्रदेशका दुई जिल्ला धनुषा र महोत्तरीमा पार्टी सदस्य संख्या निकै बृद्धि भएको देखिन्छ। यस वर्षको कूल पार्टी सदस्य संख्या ६ लाख ६१ हजार १ सय ७७ पुगेको छ। प्रमाणीकरणको प्रक्रिया जारी रहेको हुँदा यसमा केही तलमाथि हुने सम्भावना छ। समग्रतामा गत वर्षको तुलनामा यस वर्ष पार्टी सदस्यता नवीकृत र नयाँ गरी करीब ३० प्रतिशतले बृद्धि भएको छ। *(यसको विस्तृत जानकारी परिशिष्ट–१ मा उपलब्ध छ।)*

### ३. प्रदेश, जिल्ला र स्थानीय कमिटीका अधिवेशनहरू

**दशौं महाधिवेशन**यता प्रदेश कमिटीको अधिवेशन एकपटक र जिल्ला तह र सोभन्दा तलका अधिवेशनहरू प्राय: दुईपटक सम्पन्न भएका छन्। विधान महाधिवेशन लगत्तै एकैपटक वडा र पालिका अधिवेशन गर्ने योजनाअनुरूप पार्टी अध्यक्षबाट भर्चुअल माध्यमबाट अधिवेशन उद्घाटन गरिएको थियो। **दशौं राष्ट्रिय महाधिवेशन**पछि जिल्ला अधिवेशन एकैपटक उद्घाटन गरिएको थियो। उक्त समयमा जिल्ला र सोभन्दा तलका अधिवेशनहरू आमरूपमा सहमतिमा सम्पन्न भए। वडा र पालिकाको संरचना नयाँ भएका कारणले सबैतिर प्रथम अधिवेशन आयोजना गरिएको थियो। प्रदेश अधिवेशन, **मिशन ग्रासरुट** पछि भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरी प्रमाणीकरण भएको सदस्यताका आधारमा सम्पन्न गरिएको थियो। यतिबेला प्रदेश तहका सबै अधिवेशन सम्पन्न भएका छन्। ७ वटा भौगोलिक प्रदेशमध्ये २ वटामा सहमति र ५ प्रदेशमा निर्वाचनको विधिबाट नेतृत्व चयन भएको छ। उपत्यका विशेषमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। भारत प्रवास र बाँकी प्रवासको कामसँग सम्बद्ध प्रवासी नेपाली संघ भारत र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका अधिवेशनहरू पनि सम्पन्न भएका छन्।

निरन्तरको प्रयासपश्चात् जिल्ला तहका सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन्। दुई तिहाइ जिल्ला कमिटीका अधिवेशनहरू चुनावी प्रक्रियाबाट नेतृत्व चयन भई सम्पन्न भएका छन्। बाँकीमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ। कूल ७ सय ५३ पालिकामध्ये ६ सय ५३ पालिकाका अधिवेशन सम्पन्न भएका छन्, जसअन्तर्गत सुदूरपश्चिमका ८८ वटै पालिका

अधिवेशन सम्पन्न भएका छन्। कोशीका १ सय ३७ मा १, बागमतीका १ सय १९ मा २, गण्डकीका ८५ मा ७, लुम्बिनीका १ सय ९ मा १ र कर्णालीका ७९ मा ३ पालिकाको अधिवेशन बाँकी रहेको छ। मधेश प्रदेशका १ सय ३६ पालिकामध्ये ५० पालिकामा मात्र अधिवेशन सम्पन्न भएको छ।

यस अवधिमा मधेश प्रदेशलाई छोडेर अन्य प्रदेशमा ९० प्रतिशतभन्दा बढी वडामा वडा अधिवेशन सम्पन्न भएका छन्। बागमतीका १ हजार १ सय २१ वडामा ३०, कोशीका १ हजार १ सय ५७ मा २ सय ४५, गण्डकीका ७ सय ५९ मा ७४, लुम्बिनीका ९ सय ८३ मा ५३, कर्णालीका ७ सय १८ मा ४८ र सुदूरपश्चिमका ७ सय ३४ मा ६० वडाका अधिवेशन हुन बाँकी रहेका छन्। मधेश प्रदेशमा भने १ हजार २ सय ७१ वडामध्ये ३ सय वडामा मात्र अधिवेशन भएको रिपोर्ट छ। मधेश प्रदेशमा तीन जिल्लाको अधिवेशन यस वर्षमात्रै सम्पन्न भएको र पालिका तथा वडा अधिवेशन नयाँ सदस्यता नवीकरणपछि गर्ने योजना प्रदेश कमिटीले बनाएका कारणले पनि कम भएको देखिन्छ। यसरी कूल ६ हजार ७ सय ४३ वडामध्ये ५ हजार ३ सय ४० वडामा वडा अधिवेशन सम्पन्न भएका छन्। यस अभियानका क्रममा ५० प्रतिशत जति टोलमा टोल अधिवेशन भएको अनुमान छ। उपत्यका विशेषअन्तर्गत इलाकास्तरका ५५ वटा कमिटीमध्ये ५२ वटामा अधिवेशन सम्पन्न भएको छ।

(वडास्तर)/शाखा तहका २ सय ४ कमिटीमध्ये १ सय ७५ मा अधिवेशन सम्पन्न भएको छ। टोल तहमा ४ सय ८ मध्ये ४८ वटा कमिटीमा मात्र अधिवेशन भएको छ। सम्पर्क समन्वयअन्तर्गत ७ वटै प्रदेश सम्पर्क कमिटीको अधिवेशन सम्पन्न भएको छ। जिल्ला सम्पर्क मञ्च ७४ रहेकामा सबैको अधिवेशन सम्पन्न भएको छ। पालिका सम्पर्क मञ्च ७ सय ४३ रहेकामा ५ सय ३७ मा अधिवेशन सम्पन्न भएको छ। प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीअन्तर्गतका राष्ट्रिय कमिटीको संख्या ३६ रहेकामा ३२ वटामा अधिवेशन सम्पन्न भएको छ। राज्य/क्षेत्रीय/नगर कमिटीको संख्या ७० रहेकोमा ५९ वटा कमिटीमा अधिवेशन सम्पन्न भएको छ। भारत प्रवासमा प्रवासी नेपाली संघ भारतअन्तर्गत १० वटा राज्यस्तरका कमिटी क्रियाशील छन्। तिनमा करीब ६ हजारभन्दा बढी नेपालीहरू संगठित छन्। विगतको तुलनामा पार्टी अधिवेशनको आयोजनामा उल्लेख्य सफलता प्राप्त भएको छ। तर आधारभूत तहमा पार्टीलाई स्थापित गर्न भने अझै बाँकी नै देखिन्छ। त्यसका लागि अधिवेशन गर्न बाँकी रहेका वडा र टोलमा राष्ट्रिय महाधिवेशनअगावै अधिवेशन सम्पन्न गरिनु पर्दछ। *(यसको विस्तृत जानकारी परिशिष्ट–२ मा उपलब्ध छ।)*

### ४. पार्टीको संगठित शक्ति

केन्द्रीय कमिटीको सदस्य संख्या ३ सय ५७ रहेको छ। तीनवटा केन्द्रीय निकायका कूल सदस्य संख्या ९० रहेको छ। केन्द्रीय सल्लाहकार परिषद्मा संगठित रहेको संख्या ३ सय ८१ रहेको छ। केन्द्रीय विभागमा संगठित संख्या करीब ८ सय २५ रहेको छ। यसरी केन्द्रीय कमिटी र केन्द्रीय निकायमा संगठित रहेको कूल संख्या १ हजार ६ सय ५२ रहेको छ। प्रदेश/विशेष प्रदेश कमिटीमा संगठित रहेको संख्या ४ हजार ३९ रहेको छ, जसमा १ हजार ८ सय १४ प्रदेश कमिटीमा, १ हजार ५ सय ८४ सल्लाहकार परिषद्मा, ६ सय ४१ ज्येष्ठ कम्युनिष्ट मञ्चमा, २ सय २६ विभागमा रहेका

छन् । विभागमा संगठित सदस्यको विवरण अपूर्ण रहेकोले यसमा केही संख्या बृद्धि हुनसक्दछ । यसरी नै जिल्ला/विशेष जिल्ला कमिटीमा संगठित रहेको संख्या ९ हजार ७ सय ७४ रहेको छ । पालिका वा सो सरहको कमिटीमा संगठित रहेको संख्या ४१ हजार ६ सय ३३ रहेको छ । वडा र वडा तहको कमिटीमा संगठित संख्या १ लाख ७४ हजार ७ सय ३६ रहेको छ । टोल वा सो सरहको कमिटीमा संगठित रहेको संख्या २ लाख ६६ हजार २ सय ४५ रहेको छ । यसरी जिल्ला र जिल्लाभन्दा तलका कमिटीहरूको कूल संख्या २९ हजार २ सय २३ र कमिटीमा आबद्ध कूल संख्या ४ लाख ३३ हजार ३ सय ८७ रहेको छ । यसरी पार्टीमा कूल संगठित सदस्य संख्या ४ लाख ३९ हजार ७८ को हाराहारीमा रहेको छ । नयाँ र पुरानासमेत गरी करीब २ लाखको संख्यामा पार्टी सदस्यहरूलाई कमिटीमा संगठित गर्न बाँकी रहेको देखिन्छ । यसको एउटा महत्वपूर्ण हिस्सा पार्टीसम्बद्ध जनसंगठन र सरोकारवाला संगठनमा आबद्ध रहेको हुनसक्छ । तर पार्टीसम्बद्ध जनसंगठनमा कति पार्टी सदस्य आबद्ध छन् भन्ने कुराको अभिलेख तयार हुनसकेको छैन । जनसंगठनमा समेत आबद्ध नरहेको, जिम्मेवारी प्राप्त गर्न बाँकी हिस्सालाई पार्टी काममा अनिवार्य रूपमा जोड्नुपर्ने देखिन्छ । *(यसको विस्तृत जानकारी परिशिष्ट–३ मा उपलब्ध छ ।)*

### ५. केन्द्रीय विभागहरू

पार्टी नियमावलीले व्यवस्था गरेअनुरूप केन्द्रीय नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अतरिक्त ३३ वटा केन्द्रीय विभागहरू रहेका छन् । पार्टीसम्बद्ध प्रतिष्ठानहरूको समन्वय गर्नका लागि एक समन्वय संयन्त्रसमेत गठन गरिएको छ । पार्टी विधानको व्यवस्थाअनुरूप पार्टी नियमावलीमा विभागहरूका नाम र अधिकार तथा कर्तव्य किटान गरिएका छन् । विभागहरूमा पार्टीसम्बद्ध विभाग र राज्यका निकायसम्बद्ध विभाग गरी दुई प्रकारका विभागहरू रहेका छन् । पार्टीका केन्द्रीय विभागहरूलाई ७ वटा समूहमा विभाजन गरी प्रत्येक समूहको संयोजनको जिम्मेवारी बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष कमरेडहरूलाई प्रदान गरिएको छ । यसमा समूह (१) नीति तथा योजना, (२) पूर्वाधार निर्माण तथा विकास, (३) कृषि तथा उद्यमशीलता, (४) सामाजिक विकास, (५) मानव स्रोत, (६) सुशासन र सेवा प्रवाह र ७ पार्टीसम्बद्ध विभागहरू रहेका छन् । नीति, योजना अन्तर्गत ३ र बाँकी सबैमा ५–५ वटा विभागहरू रहेका छन् । विभागहरूले वार्षिक कार्ययोजना तयार गरी विभागीय कामलाई अघि बढाउने गरेका छन् । विभागहरूले पार्टी नियमावलीले व्यवस्था गरेअनुरूपका कामका क्षेत्रको समस्या पहिचान गरी सोको समाधानका लागि नीतिगत प्रस्ताव तयार गर्ने काम गर्दछन् । राज्यसम्बद्ध विभागहरूले राज्यका कामको अनुगमन गर्ने र सुधारका उपायहरू सुझाउने कामसमेत गर्दैआएका छन् । त्यस्तै, सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमाका समयमा विषयगत सुझाव दिने गरेका छन् । चुनावी घोषणापत्रको तयारी र पार्टीको नीति–निर्माणमा समेत विभागहरूले आवश्यक सुझाव दिने गर्दछन् । पार्टीसम्बद्ध विभागहरूले पार्टीको योजनाअनुरूपका काममा भूमिका खेल्दैआएका छन् । संगठन विभागले पार्टीको संगठनात्मक कामलाई व्यवस्थित बनाउन भूमिका खेल्दैआएको छ । संगठनात्मक कामको अनुगमनका साथै संगठनात्मक काममा उत्पन्न विवादको निरूपणमा समेत यस विभागले भूमिका खेल्दैआएको छ । केन्द्रीय पार्टी स्कूल विभागले प्रशिक्षणसम्बन्धी कामको नेतृत्व गर्ने गरेको छ । यस विभागले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागू गर्दैआएको छ । यस वर्षदेखि केन्द्रीय पार्टी स्कूल विभागले मदन आश्रित

प्रतिष्ठानसँगको सहकार्यमा नियमित पार्टी स्कूल सञ्चालन गर्ने योजना अघि बढाएको छ। प्रचार विभागले प्रचारात्मक कामको नेतृत्व र संयोजन गर्ने गर्दछ। यस विभागले पार्टीका प्रकाशनको संयोजनसमेत गर्ने गरेको छ। निर्वाचन विभागले पार्टीको तर्फबाट निर्वाचन आयोगसँग समन्वय गर्नुका साथै निर्वाचनको तयारीको काममा सहजीकरण गर्दैआएको छ। वित्त तथा कोष विभागले पार्टीको आम्दानी र खर्चको व्यवस्थापन गर्दछ। वार्षिक बजेट तयार गर्ने, सो अनुसार आम्दानी र खर्चको व्यवस्थापन गर्ने काम पनि यस विभागले गर्दछ। साथै नियमित रूपमा लेखापरीक्षण गर्ने कामको संयोजनसमेत यस विभागले गर्दछ। **दशौं राष्ट्रिय महाधिवेशन**यता पार्टीले विभागको काममा समेत जोड दिंदै आएको छ। पार्टी अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूले प्रत्यक्ष रूपमा विभागहरूलाई दिशानिर्देश गर्दै आउनुभएको छ। केही विभागलाई छोडेर अधिकांश केन्द्रीय विभागहरू क्रियाशील छन्। यी विभागहरूले नियमितरूपमा बैठक बस्ने, कार्ययोजना बनाउने, कार्ययोजनाअनुरूप गतिविधि गर्ने र तिनको रिपोर्ट केन्द्रीय कार्यालयमा बुझाउने काम गर्दै आएका छन्। *(यसको विस्तृत जानकारी परिशिष्ट–४ मा उपलब्ध छ।)*

### ६. पार्टीसम्वद्ध जनसंगठनहरू

पार्टीसम्बद्ध जनसंगठनहरूको संख्या २३ रहेको छ। पार्टीसम्बद्ध जनसंगठनको कामलाई समन्वय गर्नका लागि केन्द्रमा एक समन्वय संयन्त्र रहेको छ। केन्द्रीय समन्वय संयन्त्रले जनसंगठनको कामलाई व्यवस्थित गर्न आवश्यक सहजीकरण गर्ने गरेको छ। पार्टीको योजनाअनुरूप विभिन्न समयमा कार्यशालाको आयोजना गरेर कामलाई व्यवस्थित गर्ने प्रयास गर्दैआएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूलाई 'क' वर्ग र 'ख' वर्ग गरी दुई भागमा विभक्त गरिएको छ। पछिल्लो समय निर्देशिका संशोधन गरी 'क' वर्गका जनसंगठनहरूको केन्द्रीय कमिटीको आकार बढीमा १ सय ५१ हुने र 'ख' वर्गका जनसंगठनहरूको केन्द्रीय कमिटीको आकार ९९ सदस्यीय हुने व्यवस्था गरिएको छ। महासंघको हकमा समेत बढीमा ९९ सदस्यीय हुने व्यवस्था गरिएको छ। पदाधिकारी संख्या ९ मा सीमित गरिएको छ। पार्टीसम्बद्ध जनसंगठनहरूको केन्द्रीय तहमा कूल ३ हजार १८ कार्यकर्ता संगठित छन्। जनसंगठनका प्रदेश तहका कमिटीको संख्या १ सय ५६ रहेको छ, जसमा १ सय २१ वटा प्रदेश अधिवेशनहरू सम्पन्न भएका छन्। जिल्ला तहका कमिटीहरूको संख्या १ हजार ६ सय ४२ रहेको छ, जसमा १ हजार २ सय ७७ ले अधिवेशन सम्पन्न गरेका छन्। पालिका तहका कमिटीको संख्या १० हजार ३ सय ९६ रहेकोमा ४ हजार ९६ वटा कमिटीका मात्र अधिवेशनहरू सम्पन्न भएका छन्। यस हिसाबले केन्द्रीय तहमा सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन्। नयाँ निर्देशिका जारी भएपछि १६ वटा जनसंगठनका अधिवेशनहरू पार्टीको राष्ट्रिय महाधिवेशनयता दोस्रोपटक सम्पन्न भएका छन्। अधिकांश महासंघीय ढाँचाका जनसंगठनको अधिवेशनको अवधि बाँकी रहेको छ। यसै वर्षभित्र अधिवेशन गर्ने गरी ती संगठनहरू तयारीमा जुटेको अवस्था छ। समग्रतामा हेर्दा प्रदेश र जिल्ला तहमा ७८ प्रतिशत कमिटीले आफ्नो अधिवेशन सम्पन्न गरेको देखिन्छ। पालिका तह वा सो सरहका कमिटीमध्ये ३९ प्रतिशतको मात्र अधिवेशन भएको देखिन्छ। पालिका तहसम्म अधिवेशन आयोजना गर्ने प्रमुख संगठनहरूमा राष्ट्रिय युवा संघ नेपालले ७० प्रतिशत, अनेमसंघले ६५ प्रतिशत, नेपाल उद्योग तथा व्यवसाय महासंघले ६० प्रतिशत, नेपाल बौद्धिक परिषद्ले ५१ प्रतिशत अधिवेशन

सम्पन्न गरेका छन्। अन्य संगठनहरूको पालिका तहको अधिवेशनको अनुपात ५० प्रतिशतभन्दा निकै तल रहेको छ। प्रतिष्ठान र क्याम्पस आधारित संगठन संरचना भएका संघ–संगठनहरूको संगठनात्मक विवरण यसमा संलग्न छैन। यद्यपि भूगोलआधारित सबै संगठनहरू सबै क्षेत्र र भूगोलमा एकसमान पुग्नसक्ने अवस्था छैन। पिछडा वर्ग तराईका जिल्लामा रहनुपर्ने अवस्था छ। अन्य कतिपय सामुदायिक संगठन सम्बद्ध समुदायको बसोबास सबै भोगोलिक क्षेत्रमा एकसमान नरहेका कारणले एक समानरूपमा संगठनको ढाँचा निर्माण गर्नसक्ने अवस्था छैन। कतिपय पेशागत र व्यावसायिक संघ–संगठनहरू पालिका तहसम्म पुग्नसक्ने अवस्था छैन। तर आधारभूत तहका अन्य सबै संगठनहरू भने कम्तिमा वडा तहसम्म नै पुग्न सक्नुपर्दछ। तर अहिले त्यसो हुनसकेको देखिंदैन। त्यसरी नै पार्टीसम्बद्ध जनसंगठनमा आबद्ध सदस्यको संख्या पनि राम्ररी एकिन हुनसकेको छैन। अधिकांश जनसंगठनमा विवरण संकलन गर्ने र अद्यावधिक गर्ने काम खासै हुने गरेको छैन। पछिल्लो समयमा उपलब्ध रिपोर्टका आधारमा पार्टीसम्बद्ध जनसंगठनमा करीब १२ लाख ६९ हजार १ सय ६१ सदस्य आबद्ध रहेको देखिन्छ। पार्टीको संगठन संरचनाको तुलनामा उदार सदस्यताको वैधानिक व्यवस्था भएका जनसंगठनमा आबद्ध भएको सदस्य संख्या निकै कम हो। मिशन चौरासीलाई सफल बनाउनका लागि पार्टीले जनआधार विस्तारको महत्वपूर्ण क्षेत्रका रूपमा पार्टीसम्बद्ध जनसंगठनको सदस्यता र संगठनात्मक सञ्जाल निर्माणको कामलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। बनेका सबै तहका कमिटीहरूका नियमित बैठक, भेला, प्रशिक्षणका साथै तोकिएको समयमा सम्बन्धित तहको अधिवेशनको आयोजना गर्नुपर्दछ। पार्टीसम्बद्ध जनसंगठनको काममा सम्बन्धित तहको पार्टीले सहजीकरण गर्नु पर्दछ र सम्बन्धित समुदायको नेताका रूपमा जनसंगठनको नेतृत्वलाई स्थापित गरिनु पर्दछ। *(यसको विस्तृत जानकारी परिशिष्ट–५ मा छ।)*

### ७. सामुदायिक, पेसागत र सामाजिक संगठनहरू

साझा प्रकृतिका संघ–संगठनहरू सामाजिक र सामुदायिक कामका महत्वपूर्ण क्षेत्र हुन्। त्यस्ता संघ–संगठनहरू सामाजिक प्रतिष्ठा आर्जन गर्ने र नेतृत्व विकास गर्ने महत्वपूर्ण क्षेत्र पनि हुन्। उपरोक्त संगठनहरूमध्ये ग्रामीण क्षेत्रका संगठनहरूमा हाम्रो उपस्थिति बलियो देखिन्छ भने तुलनात्मक रूपमा शहरी क्षेत्रमा कमजोर देखिन्छ। राष्ट्रियस्तरमा प्रभावकारी भूमिका खेल्नसक्ने साझा प्रकृतिका सामुदायिक, पेशागत र सामाजिक संगठनमा हाम्रो पार्टीको सहभागिता र भूमिका सुरुदेखि नै उल्लेख्य रहँदैआएको हो। राष्ट्रिय राजनीतिमा हाम्राविरुद्धको गठबन्धनको राजनीति कसिंदै गएको बेला कतिपय त्यस्ता संगठनमा हाम्रो नेतृत्व र सहभागिता कमजोर बन्न पुगेको थियो। यसअघिको सत्तासमीकरण भत्किएसँगै सामुदायिक, पेसागत र सामाजिक संघ–संगठनमा पार्टीको नेतृत्व र सहभागिता पुन: बृद्धि हुँदै गएको छ। विशेषगरी स्थानीयस्तरका व्यवस्थापन समिति र उपभोक्ता समितिमा पार्टी कार्यकर्ता र समर्थकहरूको सहभागिता उल्लेख्य मात्रामा बृद्धि भएको छ। तर पार्टीको प्रभाव बलियो भएका कतिपय स्थानीयस्तरका उपभोक्ता समिति र व्यवस्थापन समितिमा गठबन्धन बनाएर हामीलाई कमजोर बनाउने नीति अवलम्बन गरेको पाइन्छ। यस्ता कुराप्रति पार्टीपङ्क्ति सचेत बन्नु पर्दछ। योजनाबद्ध पहलकदमीबाट त्यस्ता संघ–संगठनहरूमा पार्टीको उपस्थिति र भूमिका कायम गर्नुपर्दछ। **जहाँ नेपाली, त्यहाँ नेकपा**

**(एमाले)** भन्ने नीतिका आधारमा जनस्तरका सबै साझा संघ–संस्थाहरूमा हाम्रो सहभागिता र नेतृत्व स्थापित गर्ने कोशिस गरिनु पर्दछ। ती संस्थाहरूमा पुग्न सफल हाम्रो पार्टी सम्बद्ध नेता तथा कार्यकर्ताले उक्त संस्थाको गरिमा र प्रतिष्ठालाई माथि उठाउन भूमिका खेल्नुपर्दछ। आफूसम्बद्ध त्यस्ता संघ–संस्थाका माध्यमबाट जनसेवा र जनकार्यलाई प्रभावकारी बनाउँदै उदाहरणीय बन्ने कोशिश गर्नुपर्दछ। ती संघ–संगठनका माध्यमबाट पार्टीको प्रतिष्ठा र जनआधार विस्तार गर्ने कुरामा समेत यथोचित ध्यान दिनु पर्दछ।

## छ. पार्टी निर्माणका चुनौतीहरू

हाम्रो पार्टीले **दशौं राष्ट्रिय महाधिवेशन**बाट दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई नेपाली राजनीति र पार्टी निमार्णको चुनौतीको रूपमा अघि सारेको थियो। अवसरवाद र अराजकतावाद माथि विजय हासिल गर्नका लागि वैचारिक र संगठनात्मक काममा जोड दिने नीति पार्टीले अवलम्बन गर्दैआएको छ। **राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को**बैठकबाट पार्टी शुद्धीकरण र सुदृढीकरणको विषयलाई महत्वपूर्ण एजेन्डा बनाएर अघि बढाउने काम भयो। तर त्यसलाई पार्टी जीवनमा प्रभावकारी ढंगले लागू गर्न सकिएको छैन। समग्रतामा पार्टीको संगठनात्मक जीवन पहिलेको तुलनामा विधिसम्मत र व्यवस्थित बन्दै गएको भए पनि निर्णायक राष्ट्रिय शक्ति निर्माणका दृष्टिकोणबाट पार्टी अझै सुदृढ र सबल बनिसकेको छैन। अझै पनि निर्णायक शक्ति निर्माणका क्षेत्रमा थुप्रै चुनौतीहरू विद्यमान छन्। त्यसलाई सामना र समाधान गरेर मात्र हामीले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न सक्दछौं। **मिशन चौरासी**लाई सफल बनाउन सक्दछौं। उपरोक्त उद्देश्य प्राप्तिका लागि पार्टीसामू उपस्थित प्रमुख चुनौतीहरू यसप्रकार छन्:

### १. जीवनशैली र आचरणमा सुधार

नेकपा (एमाले) कठीन समयमा जनताको बीचमा हुर्किएको पार्टी हो। त्यसक्रममा यस पार्टीका नेता र कार्यकर्ताले उदाहरणीय जनशैलीको विकास गरे। पार्टी काममा उक्त जनशैलीलाई स्थापित गर्ने काम गरे। पार्टीले विकास गरेको सोही जीवनशैलीको बलमा जनतासँगको घनिष्ठ सम्बन्ध कायम गर्न पार्टी सफल रहँदैआएको छ। आज पनि पार्टी र नेतृत्वका विरुद्धमा चौतर्फी घेराबन्दी र आक्रमण भइरहँदा सोही जीवनशैलीसँग परिचित जनताको पङ्क्तिले नेकपा (एमाले) र यसको नेतृत्वको दृढतापूर्वक रक्षा गर्ने गरेको छ। तर पछिल्लो समयमा हाम्रो पार्टीका कतिपय नेता–कार्यकर्ताको जीवनशैली भड्किलो बन्दै जानु र आचरणमा समेत स्खलन देखिनु दु:खद् विषय हो। केही कमजोरी नहुँदा त आरोपित गर्ने जत्था खडा भएको अवस्थामा सामान्य कमजोरी भेटेपछि तिललाई पहाड बनाउने अवस्था छ। यस्ता कुरामा पार्टीपङ्क्तिले ध्यान पुऱ्याउन नसक्दा त्यसले पार्टीलाई समेत गम्भीर असर पुऱ्याउने गरेको छ। पार्टीका नेता र कार्यकर्ताहरू हरदम जनताको निगरानीमा हुन्छन् भन्ने तथ्यलाई हृदयंगम् गर्नु पर्दछ। जनता आफूले मन पराएका नेता र पार्टीका बारेमा आरोप लाग्दा चिन्तित बन्ने गर्छन्। नकारात्मक प्रचारले पार्टी पक्षको जनमतलाई समेत प्रभावित गर्दछ। तसर्थ, पार्टीका नेता र कार्यकर्ताले हरदम जनपक्षीय जीवनशैली र असल आचरण

अवलम्बन गर्नुपर्ने हुन्छ । पछिल्ला दिनमा पार्टीले जीवनशैली र अचारणका प्रश्नमा सुधारको योजना अघि बढाउन खोजे पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको छैन । यस्ता कुरामा पार्टीपङ्क्तिको ध्यान जानु आवश्यक छ ।

## २. वैचारिक राजनीतिक स्तर उठाउने

सूचना प्रविधिको विकाससँगै पठन संस्कृतिमा ह्रास आएको छ। त्यसमाथि सामाजिक सञ्जालको बढ्दो प्रयोगले सूचना प्रविधिको दुरूपयोग पनि बढिरहेको छ । त्यसले समाजमा नकारात्मकता बढाउने काम गरिरहेको छ । यस्तो अवस्थामा पार्टीका नेता र कार्यकर्ताहरूले सूचना प्रविधिका माध्यमबाट आफ्नो वैचारिक स्तर माथि उठाउन सक्नुपर्दछ । तर पार्टीका पुराना कार्यकर्ताहरू पुरानै अध्ययनमा सीमित रहेको देखिन्छ भने नयाँ कार्यकर्ताहरूको सैद्धान्तिक पक्ष निकै कमजोर देखिन्छ । पुराना कार्यकर्ताले विज्ञान, प्रविधि र ज्ञान, सिद्धान्तका क्षेत्रमा भएका पछिल्ला उपलब्धिसँग आफूलाई जोड्नुपर्ने आवश्यकता देखिन्छ भने नयाँ पुस्ताले दार्शनिक र सैद्धान्तिक विषयको आधारभूत ज्ञानका साथै आधारभूत विषयको विषयगत ज्ञान हासिल गर्नु आवश्यक छ। तर पछिल्लो समयमा पार्टीपङ्क्तिमा पार्टीका दस्तावेज र अन्तरपार्टी निर्देशनहरू समेत अध्ययन गर्ने परिपाटीमा समेत कमी आएको देखिन्छ । सामाजिक सञ्जालमा प्रवाह हुने सतही सूचना र विचारका आधारमा धारणा बनाउने प्रवृत्ति बढ्दै गएको छ । आर्थिक–सामाजिक विकास र परिवर्तनको नेतृत्व गर्ने पार्टीका नेता र कार्यकर्ताहरू पार्टीको सिद्धान्त, नीति र कार्यक्रमका बारेमा जानकार हुनुपर्दछ । बदलिंदो परिस्थितिमा उत्पन्न हुने समस्यालाई अध्ययन र विश्लेषण गर्ने क्षमता आफैँभित्र विकसित गर्नुपर्दछ । मार्क्सवादी दर्शन र सिद्धान्तको आधारभूत ज्ञानविना सामाजिक परिवर्तनका लागि नेतृत्वकारी भूमिका निर्वाह गर्न सकिंदैन । यतिबेला पुरानो पुस्तालाई गतिशील बनाउनु र नयाँ पुस्तालाई अनुशासित एवं धैर्यवान बनाउनु आवश्यक छ । त्यसका लागि समयानुकूल अध्ययन र प्रशिक्षणको खाँचो छ । पार्टीका नेता र कार्यकर्ताहरूमा अध्ययनप्रतिको रुचि पैदा नगरी उत्पन्न चुनौतीको सामना गर्ने सामथ्र्य निर्माण गर्न सकिदैन ।

## ३. सदस्यताको मापदण्ड पालना र त्यसको निरन्तरता

पार्टी र आन्दोलनको विकासमा पार्टी सदस्यको भूमिका अहम् हुने गर्दछ। हाम्रो पार्टीले पार्टी निर्माणमा पार्टी सदस्यको सम्प्रभुताको मान्यतालाई अङ्गीकार गरेको छ। वैचारिक र राजनीतिक रूपमा असचेत पार्टी सदस्यले उक्त भूमिका निर्वाह गर्न सक्दैनन्। पार्टीभित्रका अवसरवादी र गलत तत्वले त्यस्ता सदस्यहरूलाई आफ्नो स्वार्थका लागि दुरूपयोग गर्ने खतरा सदैव रहन्छ। लोकप्रियतावाद र अराजकतावादले सबैभन्दा पहिले त्यस्ता कार्यकर्ताहरूलाई असर पुऱ्याउँछ । पछिल्लो समयमा पार्टी सदस्य बनाउने क्रममा निर्धारित मापदण्डको पालनामा खासै ध्यान पुगेको देखिंदैन र कतिपय पार्टी सदस्यले पार्टी सदस्यताको महत्वसमेत बुझेको पाइँदैन, जसले गर्दा पार्टी सदस्यताको निरन्तरतामा पनि समस्या देखिन्छ । पुराना सदस्य निष्क्रिय हुँदै जाने र त्यसको ठाउँ नयाँ सदस्यबाट पूर्ति हुने गरेको छ । निर्णायक राष्ट्रिय शक्ति बनाउने गरी अझै पार्टीलाई सबै जात, धर्म, समुदाय र क्षेत्रमा पुऱ्याउने गरी काम

अघि बढाउन सकिएको छैन। पार्टी सदस्यता निश्चित भौगोलिक क्षेत्र र समुदायमा केन्द्रित हुँदा सबै समुदायका जनताका बीचमा पार्टीलाई स्थापित गर्न समस्या देखिने गरेको छ। परिवर्तनको वैचारिक नेतृत्व गर्नसक्ने सक्षम कार्यकर्तापङ्क्तिको विकास र निर्णायक शक्ति निर्माणका लागि जनआधार विस्तार गर्ने हिसाबले दुई भिन्न तरिकाले पार्टी सदस्यताको पुन:व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ। विना कुनै विलम्ब मिशन चौरासी पूर्व यस विषयमा प्रभावकारी सुधार आवश्यक देखिन्छ।

## ४. पार्टी प्रवेश र पार्टीका अगुवा कार्यकर्ताको व्यवस्थापन

पार्टी विधानले प्रत्येक पार्टी सदस्यलाई पार्टीको कुनै न कुनै कमिटीमा संगठित गर्नुपर्ने व्यवस्था गरेको छ। तर पार्टी सदस्यको महत्वपूर्ण हिस्सा अझै पनि असंगठित अवस्थामा छ। कुनै समय पार्टीका कमिटीहरू ठूला आकारका बने। पुराना कार्यकर्ताहरू क्रमश: माथिल्लो कमिटीमा पुग्ने स्थिति बन्यो। तर कमिटीको कामलाई प्रभावकारी बनाउने सन्दर्भमा कमिटीको संख्यालाई सीमित बनाउने काम भएपछि माथिल्लो कमिटीमा सहभागी भएका कार्यकर्ता तल जान तयार नहुने अवस्था सिर्जना भयो। यसले पार्टीका अनुभवी कार्यकर्ताहरूलाई पार्टी कामको जिम्मेवारी प्रदान गर्ने कुरामा समस्या देखिएको छ। त्यसमाथि अधिवेशनका समयमा प्यानल बनाएर हुने चुनावले पार्टीको क्रियाशील पङ्क्तिको एउटा महत्वपूर्ण हिस्सा कमिटीबाट बाहिरिने गरेको छ। अर्कोतिर अन्य पार्टीबाट हाम्रो पार्टीमा ठूलो संख्यामा नेता र कार्यकर्ताहरू प्रवेश गरेको र अरू धेरैले प्रवेश गर्ने चाहना राखेको अवस्था छ। तर उनीहरूको व्यवस्थापन चुनौतीको विषय बन्ने गरेको छ। कमिटीको कूल संख्याको १० प्रतिशतलाई मात्र पार्टी प्रवेशका नाममा व्यवस्थापन गर्न सकिने वैधानिक व्यवस्था छ। कतिपय जिल्लामा प्रवेश गर्ने अगुवा तथा पुराना कार्यकर्ताको संख्या त्योभन्दा निकै बढी छ। राजनीतिमा लामो समयसम्म क्रियाशील रहेका नेता तथा कार्यकर्ताहरूलाई व्यवस्थापन गर्न नसक्दा त्यसले पार्टी निर्माणमा नै समस्या उत्पन्न गर्ने गरेको छ।

## ५. अधिवेशन र कमिटी बैठकको नियमितता

पछिल्लो समयमा अधिवेशन र बैठकको नियमिततामा बृद्धि भएको छ। तर त्यसका लागि माथिल्लो कमिटीको योजना र निर्देशन अपरिहार्य बनेको छ। आधारभूत तहका कमिटीका अधिवेशन र ती कमिटीको सञ्चालनमा हिमाली क्षेत्रमा निकै समस्या देखिने गरेको छ। निश्चित समयसम्म मात्र हिमाली क्षेत्रमा मानिसको बसोबास हुने र बाँकी समय अन्य सुगम क्षेत्रमा जाने भएका कारणले ती क्षेत्रमा पार्टीको नियमित काममा समस्या हुने गरेको छ। तराई–मधेशमा कमिटी प्रणाली नै स्थापित हुनसकेको छैन। नेता र समुदायआधारित राजनीतिको प्रभाव ज्यादा छ। जनआधारित कार्यकर्ता पार्टी निर्माण मधेश प्रदेशको मुख्य चुनौती रहेको छ। पार्टीलाई निर्णायक शक्ति बनाउन यस प्रकारको अवस्थामा सुधार ल्याउनु आवश्यक छ। अर्कोतिर अधिवेशनका समयमा नेतृत्वमा आउन र कमिटीमा बस्न मरिहत्ते गर्ने र अधिवेशनपछि निष्क्रिय बस्ने प्रवृत्ति आम समस्याका रूपमा देखिन्छ। पछिल्लो समय कमिटीमा रहेकाहरू समेत वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले कमिटी सञ्चालनमा समस्या

आउने गरेको छ । काठमाडौँ उपत्यका आसपासका जिल्लाका कार्यकर्ताहरूको भूगोलको उपस्थिति घट्दै गएको देखिन्छ । यसले पनि त्यहाँको पार्टी कमिटीको जनतासँगको सम्बन्ध पातलिन पुगेको देखिन्छ । यी र यस्तै कारणले अधिवेशन र बैठकको नियमित सञ्चालनमा समस्या उत्पन्न हुने गरेको देखिन्छ । यस्ता विषयमा समस्या आधारित समाधान खोज्नुपर्ने भएको छ ।

## ६. अवसरवाद, अराजकतावाद र गुटबन्दी

पार्टीको दशौं राष्ट्रिय महाधिवेशनले दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई अन्त्य गर्ने उद्घोष गरेको भए पनि त्यो समस्या खासै हल हुनसकेको छैन । नीति र नेतृत्वका प्रश्नमा पछिल्लो समय पार्टीमा खासै समस्या नभए पनि स्थानीय तहका अन्तरविरोधले गुटबन्दीको स्वरूप ग्रहण गर्ने जोखिम बढेको छ । वैचारिक राजनीतिक कामको अभावमा दक्षिणपन्थी अवसरवाद मौलाउने र त्यसले पार्टी जीवनलाई समेत प्रभावित गर्ने अवस्था देखिन्छ । वैचारिक राजनीतिक स्तर र संगठनात्मक अनुभव कमजोर भएका कार्यकर्ताहरू कमिटीको महत्वपूर्ण जिम्मेवारीमा पुग्दा त्यसबाट पार्टी पद्धति र अनुशासनको पक्ष कमजोर बन्न पुगेको छ । पछिल्लो समयमा त्यस्ता कार्यकर्ताहरूबाट समर्थनमा होस् वा विरोधमा, अनुशासनको सीमा भत्काउने प्रवृत्ति देखिन्छ । पार्टीमा अवसरवाद र अराजकता गुटबन्दीका स्रोत हुन् । त्यस्ता कुरालाई समयमै समाधान गर्नुपर्दछ । मिशन चौरासीको सफलताका लागि अवसरवाद र संगठनात्मक अराजकताका विरुद्धको संघर्षमा सफलता हासिल गर्नु अपरिहार्य छ ।

## ७. काठमाडौँ उपत्यकामा पार्टी कामको संयोजन

काठमाडौँ उपत्यकामा लामो समयसम्म अस्थायी रूपमा बसोबास गर्ने ठूलो समुदाय उपस्थित छ । विभिन्न पेशा र व्यवसायमा संलग्न समुदाय पनि त्यतिकै ठूलो छ । पार्टीसम्बद्ध जनसंगठनहरूको कामको नेतृत्व गर्ने पङ्क्ति पनि काठमाडौं उपत्यकामै केन्द्रित छ । भूगोलको काममा प्रत्यक्षरूपमा नजोडिएको र भूगोलको कामलाई परोक्षरूपमा प्रभाव पार्नसक्ने कामका क्षेत्रहरू पनि यहाँ उल्लेख्य मात्रामा रहेका छन् । यहाँ भूगोलआधारित कमिटीका अतिरिक्त गैर–भौगोलिक कमिटीहरूमा ठूलो संख्यामा पार्टी सदस्यहरू संगठित छन् । उपत्यका विशेष कमिटी र सम्पर्क समन्वय कमिटीअन्तर्गत पार्टीको ठूलो हिस्सा आबद्ध छ । बागमती प्रदेशका पहाडी जिल्लाका कार्यकर्ता र समर्थकको ठूलो हिस्सा सम्पर्क समन्वय कमिटी र मंचहरूमा आबद्ध छ । यस्तो स्थितिमा त्यस पङ्क्तिलाई पार्टी काममा कसरी जोड्ने भन्ने कुरा पार्टी निर्माणको चुनौती बन्न पुगेको छ । उपत्यकामा सञ्चालन गरिने अभियानहरूमा गैर–भौगोलिक कमिटीहरूको सहभागिता उल्लेख्य हुने र निर्वाचनका समयमा त्यसलाई प्रत्यक्षरूपमा जोड्न नसक्दा निर्वाचन अभियान प्रभावित हुने गरेका छन् । विगतमा उपत्यकाको कामका सन्दर्भमा विशेष व्यवस्था गर्ने गरिएको थियो । प्रादेशिक ढाँचामा गएपछि उपत्यकाको पार्टी कामलाई प्रदेश कमिटीको कामसँग जोड्नुपर्ने भयो । यस्तो अवस्थामा काठमाडौँ उपत्यकामा रहेको भौगोलिक र गैर–भौगोलिक क्षेत्रको

कामलाई संयोजन गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ। आगामी दिनमा भौगोलिक र गैरभौगिक क्षेत्रको कामलाई संयोजन गर्नेगरी विशेष कमिटीको व्यवस्था गर्नु आवश्यक देखिन्छ।

## ८. पार्टी काम र कार्यकर्ताको मूल्याङ्कन

पार्टी काम र कार्यकर्ताको मूल्याङ्कनको विषय सदैव समस्याका रूपमा रहँदैआएको छ। कमिटीको भूमिका प्रभावकारी नहुँदा आधारभूत तहमा स्थापित र क्रियाशील कार्यकर्ताहरू अवसर र जिम्मेवारीबाट बञ्चित हुने गरेको गुनासो आउने गरेका छन्। पछिल्लो समयमा कार्यकर्ताको ठूलो हिस्सा पार्टीको मुख्य जिम्मेवारीको क्षेत्रमा उपस्थित नभएर जिल्ला सदरमुकाम, प्रदेश राजधानी र केन्द्रीय राजधानी काठमाडौँमा केन्द्रित हुने प्रवृत्ति बढ्दो छ। जनसंगठनका पदाधिकारीमात्र होइन भूगोलको जिम्मेवारीमा रहेका जनसंगठन र पार्टीका नेता कार्यकर्तासमेत राजधानीमा बस्ने गरेको देखिन्छ। पार्टी काममा आधारित रहेर नेता र कार्यकर्ताको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्न नसक्ने हो भने यस्तो अवस्थामा सुधार ल्याउन सकिदैन। साथै, भूगोलमै रहेर जनस्तरमा काम गर्ने कार्यकर्ताको सही मूल्याङ्कन हुन पनि सक्दैन। तसर्थ पार्टी कमिटी र नेता तथा कार्यकर्ताको मूल्याङ्कनको विधिसम्मत प्रणालीको विकास अपरिहार्य बन्दै गएको छ।

## ९. जनसरोकारका मुद्दामा हुने समस्या

पार्टी निर्माणको महत्वपूर्ण आधार भनेको आधारभूत तहका जनताका दु:ख र सुखमा पार्टीलाई जोड्ने कुरा नै हो। विगतमा हाम्रो पार्टी यस्ता सवालहरूमा निकै सक्रिय र प्रभावकारी थियो। विभेद, अन्याय र उत्पीडनमा परेकाहरूको न्याय खोज्ने पहिलो गन्तव्य पार्टीका नेता र पार्टी कार्यालय बन्दथ्यो। कतिपय घटनामा स्थानीय कार्यकर्ता पनि त्यस्तो गन्तव्यमा पर्दथे। तर पछिल्लो समय त्यसमा कमी आएको छ। त्यसको ठाउँ सोसल मिडिया र अनलाइनहरूले लिन थालेका छन्। जनताका हित र सरोकारका विषयमा सामूहिक रूपमा पहल गर्ने प्रचलन कमजोर बन्दै गएको छ। पार्टीका तर्फबाट भन्दा व्यक्तिगत रूपमा भूमिका खेलेको देखाउने र भूमिका खेल्न खोज्ने प्रवृत्ति बढ्दै गएको छ। यस्तो प्रवृत्तिको विकासले जनसरोकारको विषयमा पार्टीको संस्थागत सहभागिता कमजोर देखिन थालेको छ। आगामी दिनमा यसप्रकारको अवस्थामा सुधार गरी सामूहिक पार्टी भावनाको विकास गर्नु आवश्यक छ। पार्टीलाई जनसरोकारका मुद्दामा सघनरूपमा सक्रिय बनाउनु आवश्यक छ।

## १०. पार्टी काममा दोहोरोपनको समस्या

पार्टी काममा दोहोरोपनको समस्या समाधानका लागि पार्टीले निरन्तर पहल गर्दैआएको छ। तर अझै पनि कतिपय कामका क्षेत्रमा त्यो समस्या हट्नसकेको छैन। पार्टीसम्बद्ध श्रमजीवी वर्गको एउटै ट्रेड युनियन बनाउने पार्टीको नीति पनि व्यवहारमा लागू गर्न सकिएको छैन। एउटै प्रकृतिको कामको क्षेत्रमा पार्टीसम्बद्ध अलग संगठन र महासंघका घटकहरू क्रियाशील रहेको अवस्था छ। दुई भिन्न महासंघले पनि एकै प्रकृतिको कामको संयोजन गरिरहेको

अवस्था छ। महासंघ र राष्ट्रिय संघअन्तर्गत एकै प्रकृतिको पेशा र समुदायलाई आवद्ध गर्ने गरिएको छ। दोहरोपनको समस्याले सम्बन्धित क्षेत्रको कामको प्रभावकारीतामा समेत गम्भीर असर पुगिरहेको छ। यसप्रकारको अवस्थालाई ध्यानमा राखेर पार्टीले स्पष्ट दृष्टिकोण निर्माण गर्नु र तदनुरूप समाधानको दिशामा अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

### ११. कार्यविभाजनको जटिलता र जिम्मेवारीबोधको अभाव

पार्टीमा कार्यविभाजनको विषय सदैव जटिलताको विषयका रूपमा रहँदै आएको छ। नेतृत्वमा रहने सबैमा एकसमान क्षमता नहुने र पार्टी कामलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नका लागि खास व्यक्तिको भूमिका महत्वपूर्ण बन्ने गरेको छ। कतिपय भौगोलिक क्षेत्रमा नेतृत्वको ठूलो संख्या रहँदा पनि चाहनाअनुसारको जिम्मेवारी पाउन नसक्ने समस्या देखिन्छ। पछिल्लो समय भौगोलिक क्षेत्रको काममा जोडिन चाहने प्रवृत्ति बढ्नाले गैर–भौगोलिक क्षेत्रको जिम्मेवारीलाई गुनासोको रूपमा लिने प्रवृत्ति देखिन्छ। माथिल्लो कमिटीबाट खटाइएका इन्चार्ज र सम्बन्धित कमिटीका बीचमा तालमेल नहुँदा पनि पार्टी काममा समस्या आउने गरेको छ। कतिपय कमिटीको ठूलो आकार र कामका खास क्षेत्रमा कार्यकर्ताको आकर्षणले पनि कार्यविभाजनमा समस्या आउने गरेको छ। पार्टी कामको जिम्मेवारी प्राप्त गरेका व्यक्तिले आफ्नो कामको क्षेत्रमा भूमिका निर्वाह गर्न नसक्दा पनि समस्या उत्पन्न हुने गरेको छ। पछिल्लो समयमा नेता र कार्यकर्ताको एउटा महत्वपूर्ण हिस्सा जिम्मेवारी प्राप्त क्षेत्रभन्दा बाहिर रहने गरेको र बैठक तथा भेलामा मात्र उपस्थित हुने गरेको देखिन्छ। यस प्रकारको अवस्थाले पार्टीको गतिशीलतामा र प्रभावकारीतामा प्रत्यक्ष असर परेको देखिन्छ।

### १२. जनसंगठनलाई वर्ग र समुदायकेन्द्रित गर्ने समस्या

केन्द्रीय तहमा पार्टीसम्बद्ध जनसंगठनका गतिविधिहरू पहिलेको तुलनामा नियमित र व्यवस्थित हुँदैगएका छन्। तर पार्टीको ठूलो जनशक्ति जनसंगठनको काममा संलग्न भए पनि पार्टीसम्बद्ध जनसंगठहरूलाई अझै पनि समुदायकेन्द्रित वा समुदायआधारित गर्न सकिएको छैन। जनसंगठनमा जति माथि त्यति बढी सक्रियता र गतिविधि, जति तल त्यति कम सक्रियता र न्यून गतिविधि देखिन्छ। कामलाई समुदायकेन्द्रित वा समुदायआधारित गर्ने हो भने तलका गतिविधिमा उल्लेख्य वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ। पार्टीका आधारभूत तहसम्म पुग्नसक्ने जनसंगठनहरू पालिकाभन्दा तल खासै जानसकेका छैनन्। गतिविधिका हिसाबले जिल्लाभन्दा तल खासै पुग्नसकेका छैनन्। पार्टीसम्बद्ध जनसंगठनहरू पार्टी सदस्य र कार्यकर्ता व्यवस्थापन गर्ने क्षेत्रजस्ता भएका छन्। जनसंगठनको सदस्यताका माध्यमबाट पार्टी सदस्य निर्माण गर्ने योजना खासै प्रभावकारी हुनसकेको छैन। यी सबैको कारण पार्टीसम्बद्ध जनसंगठनहरू आमरूपमा समुदाय र आधारभूत तहमा पुग्न नसक्नु नै हो। त्यहाँ आफ्ना गतिविधिहरूलाई विस्तार गर्न नसक्नु नै हो। यस प्रकारको अवस्थामा सुधार आवश्यक देखिन्छ।

### १३. प्रवासको कामलाई विस्तार गर्ने समस्या

प्रवासको काम पहिलेको तुलनामा व्यवस्थित भएको देखिन्छ। गतिविधिहरू नियमित र व्यवस्थित बन्दै गएका छन्। तर प्रवासमा नेपालीहरूको उपस्थिति जुन मात्रामा बढ्दै गएको छ, त्यसको अनुपातमा त्यहाँ कामको विस्तार हुनसकेको छैन। प्रवासी नेपाली मञ्च र प्रवासी नेपाली संघ भारतअन्तर्गत संगठित भएको संख्यालाई आधार बनाएर हेर्ने हो भने त्यो निकै कम देखिन्छ। नेपालमा हामीले कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य पुऱ्याउने र उनीहरूलाई पार्टी काममा जोड्ने नीति लिएका छौं। पहाडी जिल्लाहरूले त्यस योजनाको नजीक आफूलाई पुऱ्याइरहेका पनि छन्। तर प्रवासको हकमा मञ्च र संघका माध्यमबाट संगठित गर्ने नीति लिए पनि त्यो निकै कमजोर अवस्थामा छ। छरिएर रहेका क्षेत्रमा संगठित गर्ने कुरा कठीन रहे पनि सघन उपस्थिति रहेका ठाउँमा भने अनुकूलता नै देखिन्छ। तर किन र के का लागि संगठित हुने भन्ने प्रश्नको उत्तर भने त्यहाँकै सन्दर्भमा खोजिनु पर्दछ। त्यसको औचित्य पनि पुष्टि हुनुपर्दछ। त्यस हिसाबले प्रवासको कामलाई त्यहींको समस्या र विशेषताका आधारमा नयाँ शिराबाट अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

### १४. नयाँ पुस्तामा पार्टी कामको विस्तार

पछिल्लो आमनिर्वाचनका समयमा गरिएको सर्वेक्षणले नयाँ पुस्तामा राजनीतिप्रतिको आकर्षण कम हुँदै गएको र लोकप्रियतावाद तथा अराजकतावादले उनीहरूलाई प्रभावित गर्दै गएको देखाएपछि हाम्रो पार्टीले नयाँ पुस्ताका बीचमा पार्टी कामलाई अघि बढाउने नीति अवलम्बन गर्दै आएको छ। मिशन ग्रासरुटको समयमा प्रत्येक वडामा १० युवा पहिचान गरी नेतृत्व विकासको योजना अघि बढाउने भनिएको थियो। तर त्यो काम खासै अघि बढ्न सकेन। पार्टी कमिटीमा युवाहरूको सहभागिता बृद्धि गर्ने गरी कोटा निर्धारण गर्ने र समय अगावै अधिवेशनको आयोजना गरेर नेतृत्वमा नयाँका लागि अवसर प्रदान गर्ने नीति अवलम्बन गरियो। त्यसले नेतृत्वमा युवाको सहभागिता पहिलेको तुलनामा बृद्धि भए पनि युवाका बीचको राजनीतिक काम भने विस्तार हुनसकेको छैन। पछिल्लो समयमा सूचना–प्रविधिको विकाससँग हुर्केको नयाँ पुस्ताको मनोविज्ञान र अपेक्षा फरक हुने विश्लेषण बाहिर आएसँगै त्यसमा आधारित रहेर युवाहरूबीचको कामलाई अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ। गत वैशाख ११ मा आयोजना गरिएको यूथ सेलिब्रेशनको सफलताले युवाहरूलाई एकहदसम्म राजनीतिप्रति आकर्षित गर्न सफल भएको थियो। निश्चित समयका केन्द्रिकृत अभियानबाट मात्र युवाहरूको बीचको काम प्रभावकारी ढंगले अघि बढ्न सक्तैन। त्यसका लागि स्थानीय तहदेखि नै युवा लक्षित राजनीतिक गतिविधि र अभियान अघि बढाउनुपर्ने हुन्छ।

## ज. निर्णायक शक्ति निर्माणको संगठनात्मक योजना

यतिबेला हाम्रो पार्टी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गर्दै नेपाली विशेषताको समाजवाद निर्माणको लक्ष्यसहित अघि बढिरहेको छ। त्यसका लागि समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य निर्धारण गरेर अघि बढिरहेको छ।

पार्टी निर्माणका सन्दर्भमा जनताको बहुदलीय जनवादले आत्मसात गरेको सैद्धान्तिक मान्यताको जगमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई आजको सन्दर्भमा सिर्जनात्मकरूपमा लागू गर्दै अघि बढिरहेको छ। नेपाली समाजमा विद्यमान राजनीतिक अस्थिरता र सामाजिक अराजकताको अन्त्य गर्दै मुलुकलाई आर्थिक–सामाजिक विकासको दिशामा तीव्रताका साथ अघि बढाउनका लागि पार्टीलाई निर्णायक शक्तिका रूपमा विकास गर्नु आवश्यक छ। पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकले पार्टीलाई निर्णायक शक्ति बनाउने संकल्पसहित पार्टी नेतृत्वको एकल बहुमतको सरकार बनाउने गरी मिशन चौरासीमा जुट्ने निर्णय गरेको थियो। यतिबेला पार्टीको समग्र काम सोही दिशातर्फ केन्द्रित रहँदै आएको छ। आगामी दिनमा सिङ्गो पार्टीपङ्क्ति "निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली र राष्ट्रिय गन्तव्य" मूल नाराअन्तर्गत एकताबद्ध रूपमा निर्णायक राष्ट्रिय शक्ति निर्माणको दिशामा केन्द्रित हुनुपर्दछ। त्यसका लागि निम्नानुसारको संगठनात्मक कामको योजना प्रभावकारी ढङ्गले अघि बढाउनु पर्दछ :

## १. पार्टी सदस्यता विस्तार र अभिलेखीकरण

जिल्ला र पालिकामा कूल मतदाताको ६ प्रतिशत र प्रत्येक वडामा कूल मतदाताको कम्तिमा ३ प्रतिशत पुऱ्याउनका लागि पार्टीमा दुई प्रकारका सदस्यताको व्यवस्था पुन: कार्यान्वयनमा लैजानु आवश्यक छ, पार्टी सदस्य र संगठित सदस्यका रूपमा। पार्टी सदस्यता ५० प्रतिशत र संगठित सदस्यता ५० प्रतिशत हुनेगरी कूल मतदाता संख्याको कम्तिमा ६ प्रतिशत पुऱ्याउने गरी पार्टी कामलाई अघि बढाउनु पर्दछ। पार्टी सदस्यको राजनीतिक प्रतिबद्धता र क्षमता विस्तार गरी संगठित सदस्यमा रूपान्तरण गर्ने योजना अघि बढाउनु पर्दछ। पार्टी सदस्यलाई टोल भेलामा अनिवार्य रूपमा सहभागी बनाउने र सम्भावना बोकेका पार्टी सदस्यलाई टोल कमिटीमा र संगठित सदस्य कम भएका वडाका हकमा वडा तहका कमिटीमा संगठित गर्ने नीति अवलम्बन गरिनु पर्दछ।

## २. नियमितरूपमा अधिवेशन आयोजना र व्यवस्थापन

गएको वर्ष अधिवेशनको वर्ष जस्तो बन्न पुग्यो। मिशन चौरासीलाई ध्यानमा राखेर समयअगावै अधिवेशन गर्ने नीति पार्टीले अवलम्बन गऱ्यो। अबदेखि निर्धारित समयमा अधिवेशन आयोजना गरिनुपर्दछ। टोल कमिटीदेखि प्रदेश तहका अधिवेशनहरू समयमै आयोजना गरिनुपर्दछ। अधिवेशन आयोजना गर्दा सदस्यताको प्रमाणित अभिलेख तयार गर्ने, प्रतिनिधि छनोट समयमै गर्ने र विधिसम्मत ढंगले प्रमाणिकरण गरेर मात्र उद्घाटन समारोह आयोजना गर्ने गर्नुपर्दछ। उद्घाटन समारोह सम्पन्न गरेपछि अधिवेशन सम्पन्न गर्न लामो समय नलागोस् भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ। समयमा सहमति जुट्न नसकेमा निर्वाचनको विधिबाट नेतृत्व निर्वाचित गर्नुपर्दछ। अधिवेशनबाट बिदा भएका वा निर्वाचनबाट पराजित भएका नेता र कार्यकर्ताहरूलाई पार्टी काममा जोड्ने नीति अवलम्बन गरिनु पर्दछ। निर्वाचनका कारणले अन्तरविरोध र गुटबन्दी सिर्जना नहोस् भन्ने कुरामा सचेत हुनुपर्दछ।

## ३. पार्टी शुद्धीकरण र सुदृढीकरण

पार्टीमा शुद्धीकरण र सुदृढीकरण नियमित कामको विषय बनाइनु पर्दछ। पार्टीका नेता तथा कार्यकर्ताहरूमा बेलाबखत देखिने आर्थिक, नैतिक तथा चारित्रिक विचलनले पार्टी जीवनलाई गम्भीर असर पुऱ्याउने गर्दछ। एउटा व्यक्तिको कमजोरीका कारणले सिङ्गो पार्टी त्यसबाट आक्रान्त बन्ने स्थिति आउने गरेको छ। तसर्थ विकृति, विसंगति र विचलनका घटनाप्रति पार्टी गम्भीर बन्नुपर्दछ। गम्भीर प्रकृतिका विषयहरू जानकारीमा आउनसाथ समयमै अनुसन्धान गरिनुपर्दछ र कमिकमजोरी गर्नेहरूलाई अनुशासनात्मक कारबाहीको विषय बनाउनु पर्दछ। यसरी नै पार्टी सुदृढीकरणका लागि पार्टी काममा नियमित रूपमा सहभागी नहुने कार्यकर्ताको अभिलेख तयार गरी काममा क्रियाशील हुन प्रेरित गरिनुपर्दछ। काममा जुट्न नसक्ने परिस्थिति देखिएमा स–सम्मान कमिटीबाट बिदा दिने र समय दिनसक्ने अवस्थामा पुन: काममा जोड्ने नीति अवलम्बन गर्नुपर्दछ। बिना कुनै कारण लगातार ३ पटक बैठकमा अनुपस्थित हुनेको हकमा कमिटीबाट बिदा दिने वैधानिक व्यवस्थालाई कार्यान्वयन गरिनुपर्दछ। पार्टी कमिटी काम गर्नेहरूका लागि हो भन्ने कुरा व्यवहारमा स्थापित गर्नुपर्दछ।

## ४. वैचारिक राजनीतिक स्तर उठाउने

पार्टीका नेता र कार्यकर्ताको वैचारिक स्तर माथि उठाउनका लागि पठनसंस्कृतिको विकास आवश्यक छ। पार्टीका नेता र कार्यकर्ता सबैका लागि नियमित रूपमा प्रशिक्षण र छलफल कार्यक्रम सञ्चालन गरिनुपर्दछ। केन्द्र र प्रदेशस्तरमा नियमित पार्टी स्कुल संचालन गरिनुपर्दछ। पार्टी स्कूल विभागको योजनामा प्रशिक्षण र पार्टी कमिटीको योजनामा विषयगत छलफल गर्ने पद्धति विकास गर्नुपर्दछ। सूचना प्रविधिको प्रयोगबाट नेता र कार्यकर्ताको क्षमता बृद्धि गर्ने कुरामा विशेष जोड दिनुपर्दछ। कमिटी पदाधिकारी र सदस्यहरू आफ्नो तहको पार्टी स्कूलमा वर्षमा एकपटक अनिवार्य सहभागी हुने व्यवस्था गरिनुपर्दछ। कमिटीको नेतृत्वमा आउनका लागि प्रशिक्षणमा अनिवार्यरूपमा सहभागी भएको हुने व्यवस्था गरिनुपर्दछ।

## ५. चुनावकेन्द्रित पार्टी काम

पछिल्लो समय पार्टीले कमिटी आधारित रहेर मिशन चौरासीको तयारीको योजना अघि बढाएको छ। केन्द्रले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने, प्रदेश कमिटीले पालिकाको निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने र जिल्लाले वडाको निर्वाचनको तयारी गर्ने गरी त्यसको नेतृत्व गर्ने योजना अघि बढाइएको छ। केन्द्रीय जनशक्ति नपुगेका ठाउँमा प्रदेशले प्रदेशसभा निर्वाचन क्षेत्रको कामको संयोजन गर्ने जिम्मेवारी प्रदान गरिएको छ। वडाले टोल र टोलले जनताका घरसम्म प्रत्यक्ष सम्पर्क गर्ने गरी निर्वाचनको तयारीको काममा अहिलेदेखि नै जुट्नु पर्दछ। निर्वाचनको परिणामसमेतका आधारमा सम्बन्धित कमिटी र नेतृत्वको मूल्याङ्कन गर्ने परिपाटी विकास गरिनुपर्दछ।

## ६. अवसरवादविरुद्ध वैचारिक संघर्ष

अवसरवाद के हो ? अवसरवादले पार्टी र आन्दोलनलाई कसरी क्षति पुऱ्याउँछ र त्यसको समाधानको उपाय के हो ? भन्ने कुरामा पार्टीपङ्क्तिलाई प्रशिक्षित गर्नु आवश्यक छ । पार्टीमा एकता, अनुशासन र सामूहिकता भएन भने पार्टीको उद्देश्य पूरा गर्न सकिंदैन । अवसरवाद समाज परिवर्तनको उद्देश्य पूरा गर्नका लागि प्रमुख चुनौती हो भन्ने कुरालाई वैचारिक र राजनीतिकरूपमा स्थापित गर्नुपर्दछ । त्यस्ता प्रवृत्तिहरू देखिने बित्तिकै सुधारको प्रयास गरिनुपर्दछ । दक्षिणपन्थी अवसरवाद गुटबन्दी, अनुशासनहीनता र अन्तर्घातको रूपमा प्रकट हुन नपाओस् भन्ने कुरामा सदैव सजग हुनुपर्दछ । प्रकट हुनासाथ कारबाहीको विषय बनाउनु पर्दछ ।

## ७. संगठनात्मक अराजकतामाथि नियन्त्रण

संगठनात्मक अराजकताले संगठनको मूल मर्मलाई नै आघात पुऱ्याइरहेको हुन्छ । विधिसम्मत ढङ्गले पार्टी सञ्चालनको माध्यमबाट नै संगठनात्मक अराजकतालाई नियन्त्रण गर्न सकिन्छ । पार्टीमा निर्णयपूर्व पर्याप्त परामर्श र छलफल गर्ने, निर्णयपश्चात् त्यसको पालना गर्ने कुरालाई अनिवार्य विषय बनाइनुपर्दछ । पार्टीको हितका विरुद्धमा अराजक ढङ्गले प्रस्तुत हुने प्रवृत्तिमाथि रोक लगाइनु पर्दछ । पार्टीको आन्तरिक छलफलको विषय र विवादलाई सामाजिक सञ्जालमा पोख्ने प्रवृत्तिलाई नियन्त्रण गरिनुपर्दछ । पार्टी कार्यकर्ताले सामाजिक सञ्जालमा प्रस्तुत गरेको सामग्रीलाई पनि कार्यकर्ताको मूल्याङ्कनको विषय बनाइनु पर्दछ । यस प्रकारको प्रयासबाट नै संगठनात्मक अराजकतालाई नियन्त्रण गर्न सम्भव हुनेछ ।

## ८. श्रम संस्कृतिको निर्माण/अभ्यासमा जोड

पार्टीको राजनीतिक कार्यदिशाअनुरूप देशको आर्थिक–सामाजिक विकास र रूपान्तरणको कामलाई प्रभावकारी ढङ्गले अघि बढाउनका लागि श्रम संस्कृतिको विकास र विस्तार अपरिहार्य छ । नेपालमा श्रम संस्कृतिको अभावका कारणले स्वदेशमा नरुचाएको काम विदेशमा गएर चाहिं गर्ने प्रवृत्ति देखिन्छ । मुलुकको श्रमशक्ति विदेश पठाएर समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सकिंदैन । तसर्थ श्रम संस्कृतिको विकासका लागि समय–समयमा पार्टीका नेता कार्यकर्ताहरूको सहभागितामा श्रमदानको कार्यक्रम सञ्चालन गरिनुपर्दछ । वडा र टोल कमिटीलाई नमूना उद्यम र सामूहिक उत्पादनको काममा लाग्न प्रेरित गर्नुपर्दछ । पार्टी कमिटीहरूले पनि आफ्नो नियमित आम्दानीको स्रोत बनाउने गरी उद्यम र उत्पादनको कामलाई अघि बढाउनुपर्दछ । अब पार्टीका कार्यकर्ताहरू नयाँ प्रविधि, सीप, तथा व्यवस्थापन कौशल प्रयोग गरी उत्पादन र उद्यमशीलतामा उदाहरणीय साथै अनुसरणयोग्य बन्नुपर्दछ ।

## ९. पार्टीसम्बद्ध जनसंगठनलाई समुदायकेन्द्रित गर्ने

पार्टीसम्बद्ध प्रत्येक संगठनले आफ्नो संगठनअन्तर्गतको कार्यक्षेत्रका वर्ग र समुदायको कुल संख्या आङ्कलन गर्नुपर्दछ । त्यो संख्या कुन भूगोलमा कहाँ कसरी रहेको छ, पहिचान

गर्नुपर्दछ। सो अनुसार कहाँ, कसरी र कहिलेसम्म कति सदस्यता विस्तार गर्न सकिन्छ ? कहाँ कसरी, कति कमिटी बनाउन सकिन्छ ? भन्ने योजना तयार गर्नुपर्दछ। सोहीअनुसार वार्षिक कार्ययोजना बनाएर संगठनको कामलाई बहुसंख्यक वर्ग र समुदायमा पुऱ्याउने गरी अघि बढ्नुपर्दछ। त्यस काममा पार्टी कमिटीहरूले सम्बन्धित जनसंगठनका अगुवाहरूसँग बसेर योजना निर्माणमा सहयोग गर्नुपर्दछ। आफ्नो तहका जनसंगठनलाई सम्बन्धित तहको पार्टी कमिटीले संयोजन र सहजीकरण गर्नुपर्दछ। सम्बन्धित तहको जनसंगठनको नेतृत्वलाई समुदायका बीचमा स्थापित गर्नका लागि पार्टी नेतृत्वले सहयोगी भूमिका खेल्नुपर्दछ। जनसंगठनमा आबद्ध नेता र कार्यकर्तालाई सम्बन्धित तहको पार्टी कमिटीले पार्टी कार्यकर्ताको रूपमा विकास गर्न भूमिका खेल्नुपर्दछ। यस प्रकारको कामका लागि पालिका तहसम्म जनसंगठन समन्वय संयन्त्रको निर्माण र परिचालन गरिनुपर्दछ।

### १०. युवापुस्ताको नेतृत्व विकास

वडा तहदेखि नै युवाहरूबीचमा पार्टी कामको विकास र विस्तारको योजना बनाउनुपर्दछ। सम्भावना बोकेका युवाहरू पहिचान गरी नेतृत्व विकासको तालिम प्रदान गर्नुपर्दछ। हाम्रो पार्टीले चुनाव जितेका पालिकाहरूमा युवालक्षित कार्यक्रम अघि बढाउन जोड दिनुपर्दछ। केन्द्र र प्रदेश सरकारले पनि नीति, कार्यक्रम र बजेटका माध्यमबाट युवाहरूलाई उत्पादन, उद्यमशीलता र नवप्रवर्तनका काममा जोड्नु पर्दछ। युवाहरूका बीचमा कार्यरत पार्टीसम्बद्ध जनसंगठनहरूसँगको सहकार्यमा युवापुस्ताको नेतृत्व विकासको योजना अघि बढाउनुपर्दछ। सबै तहका पार्टी कमिटीहरूले युवाहरूलाई राजनीतिमा आकर्षित गर्दै नेतृत्व क्षमताको विकास गर्नका लागि सहयोगी र अनुकूल वातावरण प्रदान गर्नुपर्दछ।

### ११. जनसम्बन्धको विकास र विस्तार

पार्टी कमिटी र पार्टीसम्बद्ध जनसंगठनहरूले आधारभूत तहसम्म जनसम्बन्ध विकास र विस्तारको योजना बनाएर काम गर्नुपर्दछ। सम्बन्धित क्षेत्र र समुदायका समस्या समाधानमा जोड दिनुपर्दछ। घरदैलो कार्यक्रम गर्ने, जनसरोकारका विषयमा छलफल चलाउने, सामाजिक र मानवीय कार्यका माध्यमबाट जनतासँगको घनिष्ठ सम्बन्ध बनाउने कुरामा जोड दिनुपर्दछ। संविधानत: वर्जित मानिएका छुवाछुत, जातिय र लैंगिक विभेद, वर्गीय उत्पीडनजस्ता समस्याहरूको प्रभावकारी समाधानमा अग्रसरता लिनु पर्दछ। यसरी नै कामका भिन्नभिन्न क्षेत्रमा विशिष्ट काम गरेका स्थापित व्यक्तित्व, अग्रज र नवप्रतिभाहरूलाई सम्मान र प्रोत्साहन गर्नुपर्दछ। समय–समयमा जनताका अपेक्षा र गुनासा सुन्नेगरी सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्नुपर्दछ। यस प्रकारको कामबाट सम्बन्धित वर्ग र समुदायका बीचमा पार्टीको सम्बन्ध घनिष्ट हुनगई प्रभावसमेत विस्तार हुन पुग्दछ।

### १२. कामका नयाँ क्षेत्रमा कार्यकर्ता परिचालन

पार्टीका अनुभवी र सक्षम कार्यकर्ताहरूलाई पार्टी कामको जिम्मेवारीबाट बाहिर रहेको अवस्था अन्त्य गरिनुपर्दछ। यसका लागि सम्बन्धित तहको पार्टी कमिटीले पार्टी कामका

नयाँ क्षेत्रहरू पहिचान गरी त्यस्ता कामका क्षेत्रहरूमा ती कार्यकर्ताहरू परिचालन गर्ने नीति कार्यान्वयन गर्नुपर्दछ। सामुदायिक, पेसागत र सामाजिक संगठनहरूमा कामको प्रकृति र वैधानिक व्यवस्थाअनुरूप ती क्षेत्रको कामको नेतृत्व गर्ने गरी कार्यकर्ता परिचालनको योजना बनाउनुपर्दछ। जिल्ला तहको राजनीतिक, सामाजिक र मानवीय कामका क्षेत्रमा महत्वपूर्ण भूमिका खेलिरहेका संघ–संस्थाहरूमा पार्टीको उपस्थिति र सहभागिता बढाउने नीति अवलम्बन गर्नुपर्दछ। हाम्रो सहभागीताबाट ती क्षेत्रका काम थप प्रभावकारी होऊन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ।

## १३. प्रवासको कामलाई प्रभावकारी बनाउने

प्रवासको काममा अहिलेसम्म प्रवासी नेपाली संघ भारत र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीको नेतृत्वमा काम हुँदैआएको छ। प्रवासको काम पहिलेको तुलनामा व्यवस्थित हुँदै गएको भए पनि बढ्दो संख्या र प्रवासमा मूलधारको राजनीतिप्रतिको बढ्दो वितृष्णा चिर्नसक्ने गरी त्यहाँको काम अघि बढ्नसकेको छैन। मिशन चौरासीलाई समेत दृष्टिगत गरी प्रवासका कामलाई रचनात्मक र प्रभावकारी ढङ्गले विस्तार गर्नु आवश्यक छ। अब प्रवासी नेपाली मञ्चका राष्ट्रिय कमिटीअन्तर्गत सम्भावनाको आङ्कलन गरी युवा, विद्यार्थी, श्रमिक, आदिवासी जनजाति, उद्यमी, महिला र बुद्धिजीवीहरूका बीचमा राष्ट्रिय कमिटीहरू बनाएर ती क्षेत्रको कामलाई विस्तारित रूपमा अघि बढाउनुपर्दछ। मध्यपूर्व र मलेशियाजस्ता देशहरूमा नेपाली श्रमिकहरू असुरक्षित र असंगठित भएकै कारणले हिंसा र शोषणमा परिरहेको कुरालाई ध्यानमा राखेर विशेष योजनाअनुरूप काम अघि बढाउनु पर्दछ। त्यसका लागि पार्टीका तर्फबाट त्यहाँको आवश्यकताका आधारमा थप जनशक्ति परिचालन गरिनु पर्दछ।

## १४. पार्टी नेतृत्वको सरकार र जनप्रतिनिधिमूलक निकायको काम

यतिबेला हाम्रो पार्टी निर्णायक राष्ट्रिय शक्ति निर्माणको उद्देश्यसहित **मिशन चौरासी**मा जुटेको छ। जनप्रतिनिधिहरू भनेका जनताले पार्टीलाई नजिकबाट हेर्ने र बुझ्ने आँखीझ्याल जस्तै हुन्। जनप्रतिनिधिको भूमिकाले पार्टीको प्रतिष्ठा र प्रभाव विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यतिबेला हाम्रो पार्टी स्थानीय, प्रदेश र संघ तीनवटै तहको सरकारको नेतृत्व गरिरहेको छ। तीनै तहका सरकारका सकारात्मक कामलाई जनताका बीचमा लगेर स्थापित गर्न सकियो भने त्यसले प्रत्यक्षरूपमा **मिशन चौरासी**लाई सफल बनाउन भूमिका खेल्दछ। आगामी दिनमा पार्टी कमिटीहरूले सरकारले गरेका राम्रा कामलाई जनताका बीचमा लगेर स्थापित गर्ने काम योजनाबद्ध रूपमा अघि बढाउनुपर्दछ। त्यस प्रकारको योजनामा जनप्रतिनिधिहरूलाई परिचालन गर्नुपर्दछ। जनप्रतिनिधि र जनताका बीचको अन्तरसम्बन्धलाई राम्रो बनाउनका लागि 'जनतासँग जनप्रतिनिधि' कार्यक्रम सञ्चालन गर्नुपर्दछ। केन्द्र र प्रदेश सरकारका तर्फबाट आफ्नो प्रदेशमा भएका राम्रा कामको प्रदेश कमिटीले, जिल्लामा भएका राम्रा कामको जिल्ला कमिटीले र तीन तहका सरकारका तर्फबाट पालिकास्तरमा भएका कामको प्रचार–प्रसार पालिका कमिटीले हातेपुस्तिकालगायत अन्य आवश्यक श्रब्य–दृश्य सामग्रीहरू समेत तयार गरी सम्प्रेषण गर्नुपर्दछ।

### १५. सूचना प्रविधि आधारित प्रचारको काम

सूचना प्रविधिको विकासले प्रचार–प्रसारका परम्परागत तरिकाहरू कम प्रभावकारी बन्दै गएका छन्। पछिल्लो समयमा अनलाइन मिडिया र सामाजिक सञ्जालको प्रभाव बढ्दै गएको छ। सामाजिक सञ्जालमा प्रभावकारी सामग्री (कन्टेन्ट) निर्माण र सम्प्रेषणको महत्व बढ्दै गएको छ। पार्टी कमिटी र पार्टीका नेता तथा कार्यकर्ताहरू अब सूचना प्रविधिमैत्री बन्नु अत्यावश्यक छ। पार्टी काममा त्यसको अधिकतम् उपयोग गर्नुपर्दछ। पार्टी कार्यालयहरू सूचना प्रविधिमैत्री बनाइनुपर्दछ। अनलाइन मिडिया र सामाजिक सञ्जालको अनुगमन गर्ने, त्यसका आधारमा पार्टीका पक्षमा सामग्री उत्पादन र सम्प्रेषण गर्ने काम गर्नुपर्दछ। यसका लागि सबै तहका कमिटीअन्तर्गत प्रचार तथा प्रकाशन विभाग र सूचना प्रविधिमा दक्ष आइटी (इन्फर्मेशन टेक्नोलोजी) टिम निर्माण गरी परिचालन गर्नुपर्दछ। यस कामको नेतृत्व गर्नेगरी केन्द्रीयस्तरमा पनि विशेष संयन्त्र निर्माण गरिनुपर्दछ।

### १६. विभागीय कामलाई प्रभावकारी बनाउने

पार्टी कामको आवश्यकताअनुरूप पार्टीले विभागीय काममा जोड दिंदै आएको छ। पार्टीका केन्द्रीय विभागहरूले वार्षिक कार्ययोजना बनाएर काम गर्दै आएका छन्। नीति, कार्यक्रम र बजेट निर्माणमा आफ्नो तर्फबाट सुझाव प्रस्तुत गर्दै आएका छन्। आमचुनाव र स्थानीय चुनावका समयमा चुनावी घोषणा–पत्र तयार गर्ने कुरामा सहयोगी भूमिका निर्वाह गर्ने गर्दछन्। पार्टीसम्बद्ध विभागहरू पार्टी नीतिअनुरूप पार्टी काममा संलग्न हुँदै आएका छन्। राज्यको कामसँग सम्बद्ध विभागहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ। त्यस्ता विभागहरूले आफूसँग सम्बद्ध मन्त्रालय र निकायको कामको समग्र अध्ययन गर्ने र सोका आधारमा आवश्यक दृष्टिकोण बनाउने गरेका छन्। अबदेखि संसदीय समितिहरूसँगको कामसँग पनि ती विभागहरूलाई जोड्ने काम गरिनुपर्दछ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य पुरा गर्र्ने कुरामा आवश्यक नीति तथा कार्यक्रम तयार गर्ने कुरामा समेत केन्द्रीय विभागहरूलाई परिचालन गरिनुपर्दछ।

### १७. बजेट निर्माण र स्रोत परिचालन

पार्टी केन्द्रीय कमिटीले वार्षिक बजेट तयार गरी सोका आधारमा आम्दानी र खर्चको व्यवस्था र लेखाजोखा गर्दै आएको छ। केन्द्रबाहेकका कमिटीहरूमा वार्षिक बजेट तयार गर्ने र सोका आधारमा आम्दानी र खर्चको व्यवस्थापन गर्ने काम हुनसकेको छैन। आगामी वर्षदेखि पालिका तहसम्मका कमिटीहरूले वार्षिक बजेट तयार गर्ने र सो अनुसार आम्दानी र खर्च गर्ने परिपाटी सुरु गर्नुपर्दछ। यसले पार्टी कार्यकर्ताको क्षमता बृद्धिमा सहयोग पुऱ्याउनुका साथै पार्टी कामलाई समेत व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्दछ।

### १८. पार्टी कार्यालयको व्यवस्थापन

पार्टीले कार्यालय व्यवस्थापनको कामलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ। केन्द्रीय कार्यालय भाडामा सञ्चालन भइरहेको अवस्थामा पनि हाम्रो पार्टी कार्यालयको

व्यवस्थापन अन्य पार्टीको तुलनामा राम्रो मानिन्छ। आगामी वर्ष हामी हाम्रो आफ्नै पार्टी कार्यालयमा सर्नेगरी दाताको सहयोगमा भवन निर्माणको काम अघि बढेको छ। नयाँ भवन निर्माण भएसँगै पार्टी कार्यालयमार्फत् पार्टीको कामलाई थप व्यवस्थित गर्न सहज हुनेछ। प्रदेश र जिल्ला तहमा अधिकांश ठाउँमा पार्टी कार्यालय सञ्चालनमा रहेका छन्। केही जिल्लालाई छोडेर प्रदेश र जिल्ला कार्यालयहरू पार्टी कामको आवश्यकताअनुरूप अझै व्यवस्थित हुनसकेका छैनन्। पालिका तहमा पार्टी कार्यालय र वडा तहमा सम्पर्क कार्यालय सञ्चालन गर्ने योजनालाई आगामी दिनमा अनिवार्यरूपमा कार्यान्वयन गरिनुपर्दछ। कार्यालय भवन र प्राङ्गणको साजसज्जा, सरसफाइ, सूचना सम्प्रेषण, जनसम्पर्क र अभिलेख व्यवस्थापनजस्ता कुरामा पार्टी कार्यालयलाई नमूना बनाउनुपर्दछ। पार्टी कार्यालयमा जिम्मेवार पदाधिकारीहरू नियमित रूपमा उपस्थित हुने व्यवस्था मिलाउनु पर्दछ।

## १९. टोलकेन्द्रित घरदैलो अभियान

पार्टीले **मिशन चौरासी**लाई लक्षित गरेर जनतासँगको घनिष्ठ सम्बन्ध कायम गर्ने योजनाका साथ वडा/शाखा अभियान चलाएको भए पनि त्यो आधारभूत तहसम्म पुग्नसकेको छैन। अब सम्बन्धित तहका पार्टी कमिटीहरूले जनतासँग प्रत्यक्ष सम्बन्ध कायम हुनेगरी घरदैलो अभियान सञ्चालन गर्नुपर्दछ। प्रत्येक घरधुरीलाई लक्षित गरेर पार्टी कामलाई टोलमा केन्द्रित गर्नुपर्दछ। निर्वाचन बुथका आधारमा टोलको कामलाई संयोजन गर्नुपर्दछ।

## २०. तराई–मधेश जागरण यात्रा

मिशन चौरासीलाई समेत मध्यनजर राख्दै २०८३ सालको हिउँदमा तराई–मधेश जागरण यात्रा सञ्चालन गरिनुपर्दछ। त्यसक्रममा जिल्ला–जिल्लामा व्यापक जनपरिचालनको योजना बनाउनुपर्दछ। यात्राको क्रममा **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने सन्दर्भको पार्टीको योजना र कार्यक्रमका विषयमा व्यापक अन्तर्क्रिया गरिनुपर्दछ। **समृद्धिका लागि संकल्प** यात्राको समयमा जस्तै जनतामा उत्पन्न निराशालाई चिरेर आशा जगाउने काम गर्नुपर्दछ।

## २१. पार्टी कामको नियमित रिपोर्टिङ, अनुगमन र मूल्याङ्कन

पार्टीको कामलाई व्यवस्थित बनाउनका लागि मातहतको कमिटीबाट माथिल्लो कमिटीलाई नियमित रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिनुपर्दछ। सम्बन्धित तहको कमिटीले कामको जिम्मेवारी तोकेका नेता र कार्यकर्ताले आफूले गरेको कामको रिपोर्ट सम्बन्धित कमिटीमा बुझाउने थिति बसाल्नुपर्दछ। माथिल्लो कमिटीका तर्फबाट आवश्यकताअनुरूप मातहतका कमिटीको अनुगमन गर्ने र त्यसका आधारमा परिषद्को बैठकमा मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्ने काम गर्नुपर्दछ।

●

परिशिष्ट–१

## नेकपा (एमाले)

# नविकृत पार्टी सदस्यको कूल विवरण, ०८२

| क्र.सं. | प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ३२३९९ | ८२३११ | ११४७१० |
| २ | मधेश प्रदेश | ५५३९० | १००६५१ | १५६०४१ |
| ३ | बागमती प्रदेश | ३२६७४ | ८३८२५ | ११६४९९ |
| ४ | गण्डकी प्रदेश | १७२६६ | ३८२४६ | ५५५१२ |
| ५ | लुम्बिनी प्रदेश | २५०७० | ५५२८२ | ८०३५२ |
| ६ | कर्णाली प्रदेश | १४२५९ | ३३३८८ | ४७६४७ |
| ७ | सुदुरपश्चिम प्रदेश | १९३९१ | ४३७१९ | ६३११० |
| ८ | उपत्यका विशेष प्रदेश | ३४०० | ५३८१ | ८७८१ |
| ९ | सम्पर्क | ४३८६ | ९३६६ | १३७५२ |
| १० | भारत प्रवास | ४७६ | १२७६ | १७५२ |
| ११ | प्रवास | ९२० | ३७०० | ४६२० |
| १२ | केन्द्रीय कार्यालय | १८५ | ६६५ | ८५० |
| | **जम्मा** | **२०५८१६** | **४५७१४५** | **६६२९६१** |

## जिल्ला अनुसार नविकृत पार्टी सदस्यता विवरण

**कोशी प्रदेश**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १ | १७३४ | ५३५३ | ७०८७ |
| २ | पाँचथर | १ | ५८९ | २६८३ | ३२७२ |
| ३ | ईलाम | २ | २७५५ | ८२९४ | ११०४९ |
| ४ | झापा | ५ | ५६७२ | १२६५९ | १८३३१ |
| ५ | संखुवासभा | १ | ७१६ | २३६१ | ३०७७ |
| ६ | तेह्रथुम | १ | १०३९ | २९८८ | ४०२७ |
| ७ | भोजपुर | १ | ९६९ | २९८८ | ३९५७ |
| ८ | धनकुटा | १ | २४२१ | ५८१५ | ८२३६ |
| ९ | मोरङ | ६ | ६९४८ | १६२३१ | २३१७९ |
| १० | सुनसरी | ४ | ३९३३ | ७९६७ | ११९०० |
| ११ | सोलुखुम्बु | १ | ५७७ | १७९२ | २३६९ |
| १२ | खोटाङ | १ | ९९० | ४०७० | ५०६० |
| १३ | ओखलढुंगा | १ | २१७६ | ४९४७ | ७१२३ |
| १४ | उदयपुर | २ | १८८० | ४१६३ | ६०४३ |
| | **जम्मा** | | **३२३९९** | **८२३११** | **११४७१०** |

**मधेश प्रदेश**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | सप्तरी | ४ | २९१० | ७३०४ | १०२१४ |
| २ | सिराहा | ४ | ५२५७ | ९१२४ | १४३८१ |
| ३ | धनुषा | ४ | २०१६४ | २९५०२ | ४९६६६ |
| ४ | महोत्तरी | ४ | १२५४० | २०७४७ | ३३२८७ |
| ५ | सर्लाही | ४ | ३२२१ | ५९९८ | ९२१९ |
| ६ | रौतहट | ४ | ३३३५ | ७००० | १०३३५ |
| ७ | बारा | ४ | ३००० | ७७९० | १०७९० |
| ८ | पर्सा | ४ | ४९६३ | १३१८६ | १८१४९ |
| | **जम्मा** | | **५५३९०** | **१००६५१** | **१५६०४१** |

**बागमती प्रदेश**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिन्धुली | २ | २३०७ | ७०२० | ९३२७ |
| २ | रामेछाप | १ | १६८० | ५८७२ | ७५५२ |
| ३ | दोलखा | १ | ३३९९ | १०५६ | ४४५५ |
| ४ | रसुवा | १ | ७७४ | २५७८ | ३३५२ |
| ५ | नुवाकोट | २ | १५५९ | ५५६५ | ७१२४ |
| ६ | सिन्धुपाल्चोक | २ | १९४९ | ७४२९ | ९३७८ |
| ७ | काभ्रे | २ | ३७५९ | ११३४७ | १५१०६ |
| ८ | ललितपुर | ३ | १४५८ | ३७७९ | ५२३७ |
| ९ | भक्तपुर | २ | २००७ | ५०५९ | ७०६६ |
| १० | काठमाण्डौं | १० | ४५२९ | ९७०७ | १४२३६ |
| ११ | मकवानपुर | २ | २११४ | ६५४४ | ८६५८ |
| १२ | चितवन | ३ | ४६६२ | ९६९२ | १४३५४ |
| १३ | धादिङ | २ | २४७७ | ८१७७ | १०६५४ |
| | **जम्मा** | | **३२६७४** | **८३८२५** | **११६४९९** |

**गण्डकी प्रदेश**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | नवपरासी पूर्व (नवलपुर) | २ | २६४१ | ४९९२ | ७६३३ |
| २ | गोरखा | २ | ६९७ | १४७२ | २१६९ |
| ३ | लमजुङ | १ | १७७९ | ३६९४ | ५४७३ |
| ४ | मनाङ | १ | ३३ | १०४ | १३७ |
| ५ | तनहुँ | २ | १७२५ | ३९२७ | ५६५२ |
| ६ | कास्की | ३ | ३७७० | ७९९८ | ११७६८ |
| ७ | स्याङ्जा | २ | २२२४ | ५४३६ | ७६६० |
| ८ | पर्वत | १ | २३६९ | ५५१५ | ७८८४ |
| ९ | बागलुङ | २ | ११९३ | ३०४१ | ४२३४ |
| १० | म्याग्दी | १ | ७४४ | १८२० | २५६४ |
| ११ | मुस्ताङ | १ | ९१ | २४७ | ३३८ |
| | **जम्मा** | | **१७२६६** | **३८२४६** | **५५५१२** |

**लुम्बिनी प्रदेश**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | नवलपरासी पश्चिम | २ | ९२९ | २९१५ | ३८४४ |
| २ | रूपन्देही | ५ | ५५५६ | ९६५८ | १५२१४ |
| ३ | कपिलवस्तु | ३ | १८४४ | ३९८९ | ५८३३ |
| ४ | बाँके | ३ | १४९१ | ३६२१ | ५११२ |
| ५ | बर्दिया | २ | २२८६ | ४५९९ | ६८८५ |
| ६ | दाङ | ३ | ३५०४ | ७३६७ | १०८७१ |
| ७ | अर्घाखाँची | १ | २५६२ | ५२७१ | ७८३३ |
| ८ | रुकुम पूर्व | १ | २८० | ९५८ | १२३८ |
| ९ | रोल्पा | १ | ४९३ | १७७१ | २२६४ |
| १० | पाल्पा | २ | १८७४ | ४७५६ | ६६३० |
| ११ | प्यूठान | १ | ११३२ | ३२१२ | ४३४४ |
| १२ | गुल्मी | २ | ३११९ | ७१६५ | १०२८४ |
| | **जम्मा** | | **२५०७०** | **५५२८२** | **८०३५२** |

## कर्णाली प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | पश्चिम रुकुम | १ | ६०९ | १४४६ | २०५५ |
| २ | सल्यान | १ | ८८१ | ३१३७ | ४०१८ |
| ३ | डोल्पा | १ | १०१७ | १९९८ | ३०१५ |
| ४ | मुगु | १ | ६२७ | १७३१ | २३५८ |
| ५ | जुम्ला | १ | ५९७ | १६८५ | २२८२ |
| ६ | हुम्ला | १ | ६९८ | १४७३ | २१७१ |
| ७ | कालीकोट | १ | १२३६ | ३०८९ | ४३२५ |
| ८ | सुर्खेत | २ | ३७९४ | ६९०० | १०६९४ |
| ९ | दैलेख | २ | ३१०१ | ७१४८ | १०२४९ |
| १० | जाजरकोट | १ | १६९९ | ४७८१ | ६४८० |
| | **जम्मा** | | **१४२५९** | **३३३८८** | **४७६४७** |

## सुदुरपश्चिम प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | बझाङ | १ | १६९३ | ४३१३ | ६००६ |
| २ | बाजुरा | १ | ३१२२ | ६४११ | ९५३३ |
| ३ | अछाम | २ | १६०२ | ४९९८ | ६६०० |
| ४ | डोटी | १ | १७३१ | ३५२७ | ५२५८ |
| ५ | कैलाली | ५ | ४९७३ | ८३९१ | १३३६४ |
| ६ | दार्चुला | १ | १८४१ | ४५७५ | ६४१६ |
| ७ | बैतडी | १ | २१५२ | ६०२२ | ८१७४ |
| ८ | डडेलधुरा | १ | ४२४ | १३०१ | १७२५ |
| ९ | कञ्चनपुर | ३ | १८५३ | ४१८१ | ६०३४ |
| | **जम्मा** | | **१९३९१** | **४३७१९** | **६३११०** |

## उपत्यका विशेष प्रदेश

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | पेशागत विशेष | १ | ११११ | ३२६० | ४३७१ |
| २ | मजदूर विशेष | १ | ५६५ | १२२० | १७८५ |
| ३ | विद्यार्थी विशेष | १ | १३९३ | ३१०८ | ४५०१ |
| ४ | उद्योग व्यवसायी विशेष | १ | ३३१ | १०५३ | १३८४ |
| | **जम्मा** | | **३४००** | **५३८१** | **८७८१** |

**प्रदेश सम्पर्क कमिटी**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश सम्पर्क कमिटी | १ | १३६९ | २४९८ | ३८६७ |
| २ | मधेश प्रदेश सम्पर्क कमिटी | १ | १६१ | ५३० | ६९१ |
| ३ | बागमती प्रदेश सम्पर्क कमिटी | १ | १०४८ | २२११ | ३२५९ |
| ४ | गण्डकी प्रदेश सम्पर्क कमिटी | १ | ८५८ | १४८८ | २३४६ |
| ५ | लुम्बिनी प्रदेश सम्पर्क कमिटी | १ | ५३५ | १५३४ | २०६९ |
| ६ | कर्णाली प्रदेश सम्पर्क कमिटी | १ | २९५ | ७२३ | १०१८ |
| ७ | सुदूर पश्चिम सम्पर्क कमिटी | १ | १२० | ३८२ | ५०२ |
| | **जम्मा** | | **४३८६** | **९३६६** | **१३७५२** |

**भारत प्रवास ०८१/०८२**

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | दिल्ली राज्य समिती | १ | ४० | १६२ | २०२ |
| २ | हरियाणा–राजस्थान राज्य समिती | १ | ६१ | १५९ | २२० |
| ३ | पञ्जाब–हिमाञ्जल, चडिगढ संयुक्त राज्य समिति | १ | १०७ | १६४ | २७१ |
| ४ | उत्तर प्रदेश राज्य समिती | १ | ० | ० | ० |
| ५ | महाराष्ट्र राज्य समिती | १ | ८० | ३११ | ३९१ |
| ६ | गुजरात राज्य समिती | १ | ३४ | १२३ | १५७ |
| ७ | कर्णटक–केरला राज्य समिती | १ | ५३ | १०० | १५३ |
| ८ | तामिलनाडु–पांदुचेरी राज्य समिती | १ | १४ | ५६ | ७० |
| ९ | आन्ध्र तेलांगाना संयुक्त राज्य समिती | १ | ० | १५ | १५ |
| १० | पूर्वोत्तर राज्य समिती | १ | १ | ० | १ |
| ११ | पश्चिम बंगाल झारखण्ड संयुक्त राज्य समिती | १ | १८ | ५८ | ७६ |
| १२ | मध्य प्रदेश–छत्तिसगढ राज्य समिती | १ | ६८ | १२८ | १९६ |
| १३ | उत्तराखण्ड राज्य समिती | १ | ० | ० | ० |
| | **जम्मा** | | **४७६** | **१२७६** | **१७५२** |

## प्रवासी नेपाली मञ्च

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | मेट्रो डिसी, अमेरिका | १ | २२४ | ६३९ | ८६३ |
| २ | क्यानाडा | १ | ३ | ६९ | ७२ |
| ३ | हङकङ | १ | ६ | ८० | ८६ |
| ४ | जापान | १ | ११५ | ३८२ | ४९७ |
| ५ | दक्षिण कोरिया | १ | ९ | १०१ | ११० |
| ६ | मकाउ | १ | १ | ३० | ३१ |
| ७ | मलेशिया | १ | ३६ | ३०७ | ३४३ |
| ८ | बेलायत प्रवास कमिटी | १ | ५१ | १४८ | १९९ |
| ९ | नेदरल्याण्ड | १ | ९ | २२ | ३१ |
| १० | रसिया | १ | २ | ३५ | ३७ |
| ११ | चेक रिपब्लिक | १ | ४ | ११ | १५ |
| १२ | अस्ट्रीया | १ | ५ | १४ | १९ |
| १३ | पोल्याण्ड | १ | १५ | ७९ | ९४ |
| १४ | फ्रान्स | १ | ८ | २५ | ३३ |
| १५ | बेल्जियम | १ | ४० | ८५ | १२५ |
| १६ | स्वीजरल्याड | १ | ३ | ९ | १२ |
| १७ | जर्मनी | १ | ४१ | ७८ | ११९ |
| १८ | नर्वे | १ | १ | ९ | १० |
| १९ | डेनमार्क | १ | ६५ | २४ | ८९ |
| २० | पोर्चुगल | १ | ११ | ६० | ७१ |
| २१ | स्पेन | १ | २५ | ९८ | १२३ |
| २२ | स्विडेन | १ | १ | ४ | ५ |
| २३ | साइप्रस | १ | ३ | ३ | ६ |
| २४ | आयरल्याण्ड | १ | ३ | १२ | १५ |
| २५ | माल्टा | १ | १ | १५ | १६ |
| २६ | रोमानिया | १ | ० | २ | २ |
| २७ | कतार | १ | ३३ | ३०० | ३३३ |
| २८ | यू.ए.ई | १ | ४३ | २६३ | ३०६ |
| २९ | कुवेत | १ | ९ | ३२ | ४१ |
| ३० | ओमन | १ | ८ | ४७ | ५५ |
| ३१ | बहराइन | १ | ४६ | २०५ | २५१ |
| ३२ | इजरायल | १ | ५४ | ६४ | ११८ |
| ३३ | साउदी अरव | १ | ४ | १७५ | १७९ |
| ३४ | अष्ट्रेलीया | १ | ३५ | २३० | २६५ |
| ३५ | न्युजलैण्ड | १ | ५ | २९ | ३४ |
| ३६ | इटाली | १ | ० | ० | ० |
| ३७ | फिनलैण्ड | १ | ० | ० | ० |

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ३८ | कम्बोडिया | १ | ० | ९ | ९ |
| ३९ | स्लोभेनिया | १ | १ | ५ | ६ |
| | **जम्मा** | | ९२० | ३७०० | ४६२० |

## केन्द्रीय कार्यालय

| क्र.सं. | जिल्ला | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | १ | १८५ | ६६५ | ८५० |

परिशिष्ट–२

## नेकपा (एमाले)

# पार्टी कमिटीका अधिवेशनहरूको विवरण

असार २०८२

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएका जिल्ला | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १. | कोशी | १४ | १३७ | १३६ | १ | ११५७ | १०७९ | ७८ | ७१०१ | ४२१२ | २८८९ |
| २. | मधेश | ८ | १३६ | ५० | ८६ | १२७१ | १०४८ | २२३ | ६५१५ | ८८५ | ५६३० |
| ३. | वागमती | १३ | ११९ | ११९ | ० | ११२१ | १०९८ | २३ | १४२०६ | ४५६४ | ९६४२ |
| ४. | गण्डकी | ११ | ८५ | ८५ | ० | ७५९ | ६३० | १२९ | ५५६० | १६८१ | ३८७९ |
| ५ | लुम्विनी | १२ | १०९ | १०९ | ० | ९८३ | ९४५ | ३८ | ९२६७ | ५४२२ | ३८४५ |
| ६. | कर्णाली | १० | ७९ | ६८ | ११ | ७१८ | ६६८ | ५० | ६४५३ | २०२७ | ४४२६ |
| ७ | सुदुरपश्चिम | ९ | ८८ | ८८ | ० | ७३४ | ६९२ | ४२ | ५८५० | २५४० | ३३१० |
| ८. | उपत्याका | ४ | ५५ | ५० | ५ | २०४ | १७५ | २९ | ४०८ | ४८ | ३६० |
| ९. | सम्पर्क समन्वय | ७ | ७४ | ७४ | ० | ७४३ | ५३७ | २०६ | – | – | – |
| १०. | प्रवासी नेपाली मञ्च | ५ | ३६ | ३२ | ५ | ७० | ५९ | ११ | – | – | – |
| ११. | प्रवासी नेपाली संघ भारत | १० | १४९ | ९९ | ५० | ४१६ | – | ४१६ | – | – | – |
| | **जम्मा** | **१०३** | **१०६७** | **९१०** | **१५८** | **७७६०** | **६२६३** | **१२४५** | **५५७७६** | **२१३७९** | **३३९८१** |

## १. कोशी प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | ताप्लेजुङ | २०८१-०१-२४,२५ | ९ | ९ | ० | ६१ | ६० | १ | ३३० | २४१ | ८९ |
| २ | पाँचथर | २०८०-१२-१७,१८ | ८ | ८ | ० | ६० | ६० | ० | ३६९ | २०० | १६९ |
| ३ | ईलाम | २०८१–०७–२९,३० | १० | १० | ० | ८१ | ७९ | २ | ३५६ | २४९ | १०७ |
| ४ | झापा | २०८०-१२-१३,१४ | १५ | १५ | ० | १३१ | १३१ | ० | ८८२ | ८८२ | ० |
| ५ | संखुवासभा | २०८०-११-२१,२२ | १० | १० | ० | ७६ | ७६ | ० | १५५ | १५५ | ५०० |
| ६ | तेह्रथुम | २०८१–०८–०४,५ | ६ | ६ | ० | ४३ | ३६ | ७ | ८१५ | ८१५ | ४५० |
| ७ | भोजपुर | २०८१-१-२०,२१ | ९ | ९ | ० | ८१ | ७९ | २ | ३५९ | ३५४ | ५ |
| ८ | धनकुटा | २०८१-२-१२,१३ | ७ | ७ | ० | ६० | ६० | ० | २८८ | १६५ | १२३ |
| ९ | मोरङ | २०८१–११–१७,१८ | १७ | १६ | १ | १५९ | १०५ | ५४ | २८१ | २३९ | १४२ |
| १० | सुनसरी | २०८१-०२-५,६ | १२ | १२ | ० | १२४ | १२१ | ३ | ४०० | २२२ | १७८ |
| ११ | सोलुखुम्बु | २०८०-१२-२३,२४ | ८ | ८ | ० | ५२ | ३७ | १५ | ३०७ | ६० | २४७ |
| १२ | खोटाङ | २०८०-१२-२८,२९ | १० | १० | ० | ७९ | ७६ | ३ | ३५० | २२५ | १२५ |
| १३ | ओखलढुंगा | २०८०-१२-२४,२५ | ८ | ८ | ० | ७५ | ७३ | २ | ३५० | २२५ | १२५ |
| १४ | उदयपुर | २०८०-१२-१३,१४ | ८ | ८ | ० | ७५ | ७५ | ० | ५३५ | ३६४ | १६१ |
| | | **जम्मा** | **१३७** | **१३६** | **१** | **११५७** | **१०६८** | **८९** | **६८१७** | **४३९६** | **२४२१** |

## २. मधेश प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | सप्तरी | २०८१ चैत्र २८–३० | १८ | २ | १६ | १६४ | १६ | १४८ | ११४८ | – | – |
| २ | सिराह | २०८१ चैत्र २६–२८ | १७ | ० | १७ | १६३ | १६ | १४७ | ११४८ | – | – |
| ३ | धनुषा | २०८२ वैशाख २०–२२ | १८ | १४ | ४ | १७९ | १८ | १६१ | ७१६ | – | – |
| ४ | महोत्तरी | २०८० माघ २२,२३ | १५ | ० | १५ | १३८ | १४ | १२४ | ६९० | – | – |
| ५ | सर्लाही | २०८१ वैशाख ३०,३१ | २० | ८ | १२ | २०० | २० | १८० | १००० | – | – |
| ६ | रौतहट | २०८० माघ २४,२५ | १८ | ५ | १३ | १५७ | १६ | १४१ | ५८५ | – | – |
| ७ | वारा | २०८० चैत्र १९,२० | १६ | ९ | ७ | १६७ | १८ | १४९ | ६६८ | – | – |
| ८ | पर्सा | २०८१ वैशाख १७,१८ | १४ | १२ | २ | ११२ | १२ | १०० | ५६० | – | – |
| | | **जम्मा** | **१३६** | **५०** | **७९** | **१२८०** | **१३०** | **११५०** | **६५१५** | **–** | **–** |

## ३. वागमती प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | सिन्धुली | २०८० चैत्र २८,२९ | ९ | ९ | ० | ७९ | ७६ | ३ | ४०७ | २८४ | १२३ |
| २ | रामेछाप | २०८१वैशाख २६–२८ | ८ | ८ | ० | ६४ | ६४ | ० | ४९५ | ४९५ | ० |
| ३ | दोलखा | २०८० माघ २२–२४ | ९ | ९ | ० | ७४ | ७४ | ० | ६०० | २५० | ३५० |
| ४ | रसुवा | २०८१ वैशाख २२,२३ | ५ | ५ | ० | २७ | २७ | ० | ८३७ | १३ | ८२४ |
| ५ | नुवाकोट | २०८१ जेष्ठ २२,२३ | १२ | १२ | ० | ८८ | ८७ | १ | ३२५ | २२० | १०५ |
| ६ | सिन्धुपाल्चोक | २०८० चैत्र १९,२० | १२ | १२ | ० | १०३ | ९६ | ७ | ९३७ | ४३५ | ५०२ |
| ७ | काभ्रे | २०८१ जेष्ठ२८,२९ | १३ | १३ | ० | १३५ | ११७ | १८ | ६७६ | ३०० | ३७६ |
| ८ | ललितपुर | २०८० चैत्र २३,२४ | ६ | ६ | ० | ७१ | ७१ | ० | ४६३ | २०६ | २५७ |
| ९ | भक्तपुर | २०८१ जेष्ठ ३ र ४ | ४ | ४ | ० | ३८ | ३८ | ० | ११७८ | २११ | ९६७ |
| १० | काठमाण्डौं | २०८१ जेष्ठ २६–२८ | ११ | ११ | ० | १३८ | १३७ | १ | १३२६ | ६८० | ६४६ |
| ११ | मकवानपुर | २०८१ जेष्ठ १८,१९ | १० | १० | ० | १०२ | १०२ | ० | ७०० | २५० | ४५० |
| १२ | चितवन | २०८१ जेष्ठ १२–१४ | ७ | ७ | ० | ९८ | ९८ | ० | ३०३८ | १००३ | २०३५ |
| १३ | धादिङ | फाल्गुण १,२, ३ २०८० | १३ | १३ | ० | १०४ | १०४ | ० | ३२२४ | २१७ | ३००७ |
| | | **जम्मा** | **११९** | **११९** | **०** | **११२१** | **१०९** | **२३** | **१४२०६** | **४५६४** | **९६४२** |

## ४. गण्डकी प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | नवलपुर | २०८० चैत्र २६,२७ | ८ | ८ | ० | ९२ | ९१ | १ | ५८८ | ३४८ | २४० |
| २ | गोरखा | २०८० फाल्गुण २५,२६ | ११ | ११ | ० | ९४ | ६७ | १७ | ६८५ | १३७ | ५४८ |
| ३ | लमजुङ | २०८० चैत्र १६, १७ | ८ | ८ | ० | ७५ | ६७ | ८ | ४५६ | २७० | १८६ |
| ४ | मनाङ | २०८१ कार्तिक २१–२२ | ४ | ० | ० | २८ | १२ | १६ | २५२ | ० | २५२ |
| ५ | तनहुँ | २०८१ वैशाख २८,२९ | १० | १० | ० | ८५ | ८४ | १ | ७३५ | २३० | ५०५ |
| ६ | कास्की | २०८० चैत्र १०, ११ | ५ | ५ | ० | ७२ | ६९ | ३ | ५५२ | २२० | ३३२ |
| ७ | स्याङजा | २०८० चैत्र २३,२४ | ११ | ११ | ० | ९७ | ८६ | ११ | ९९५ | ५५६ | ४३९ |
| ८ | पर्वत | २०८० चैत्र २७,२८ | ७ | ७ | ० | ६१ | ५९ | २ | ४६८ | २१६ | २५२ |
| ९ | बागलुङ | २०८० चैत्र २९, ३० | १० | १० | ० | ८५ | ७८ | ७ | ६६६ | १६५ | ५०१ |
| १० | म्याग्दी | २०८० चैत्र १२, १३ | ६ | ६ | ० | ४५ | ४० | ५ | २५३ | ३३ | २८६ |
| ११ | मुस्ताङ | २०८१ वैशाख २५,२६ | ५ | ० | ० | २५ | २३ | २ | १४४ | ० | १४४ |
| | | **जम्मा** | **८५** | **८५** | **०** | **७५९** | **६१९** | **७३** | **५७९४** | **२१७५** | **३६८५** |

## ५. लुम्बिनी प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | नवलपरासी पश्चिम | ०८१ बैशाख २१, २२ | ७ | ६ | ० | ७४ | ६३ | १ | ८८८ | ३४२ | ५४६ |
| २ | रूपन्देही | ०८१ जेष्ठ २३, २४ | १६ | १६ | ० | १५५ | १५५ | ० | १३९९ | १२६४ | १३५ |
| ३ | कपिलवस्तु | ०८१ जेष्ठ २६, २७ | १० | १० | ० | ९६ | ८६ | ० | ९६५ | २६२ | ७०३ |
| ४ | बाँके | ०८१ जेष्ठ ४, ५ | ८ | ८ | ० | ८१ | ८१ | ० | ८५६ | ४२७ | ४२९ |
| ५ | बर्दिया | ०८१ बैशाख १८, १९ | ८ | ८ | ० | ७५ | ७४ | ० | ४४३ | ३१८ | १२५ |
| ६ | दाङ | ०८१ जेष्ठ ६, ७ | १० | १० | ० | १०० | १०० | ० | १९९५ | ९१९ | १०७६ |
| ७ | अर्घाखाँची | ०८१ जेष्ठ २६, २७ | ६ | ६ | ० | ६१ | ६१ | ० | ३८८ | ३५४ | ३४ |
| ८ | रुकुम पूर्व | ०८० चैत्र २९, ३० | ३ | ३ | ० | ३१ | २७ | ४ | १४३ | ७३ | ७० |
| ९ | रोल्पा | ०८० फागुन २९, ३० | १० | १० | ० | ७२ | ६० | २ | ४६८ | २६५ | २०३ |
| १० | पाल्पा | ०८१ जेष्ठ ११, १२ | १० | १० | ० | ८१ | ८१ | ० | ८२६ | ४८३ | ३४३ |
| ११ | प्यूठान | ०८१ जेष्ठ २०, २१ | ९ | ९ | ० | ६४ | ६४ | ० | ३४८ | १८८ | १६० |
| १२ | गुल्मी | ०८१ जेष्ठ २९, ३१ | १२ | १२ | ० | ९३ | ९३ | ० | ८३७ | ५२७ | ३१० |
| | | **जम्मा** | **१०९** | **१०९** | **०** | **९८३** | **९४५** | **७** | **९५५६** | **५४२२** | **४१३४** |

## ६. कर्णाली प्रदेश

| क्रंसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | पश्चिम रुकुम | २०८० चैत्र १६,१७ | ६ | ६ | ० | ७३ | ६६ | ९ | ६५७ | ७२ | ५८५ |
| २ | सल्यान | २०८० चैत्र ज्ञ१८-२० | १० | १० | ० | ८३ | ८२ | १ | ७४७ | २०० | ५४७ |
| ३ | डोल्पा | २०८१ कार्तिक २७-२९ | ८ | ५ | ३ | ६५ | ४४ | २१ | ५८५ | ५४७ | ३८ |
| ४ | मुगु | २०८० मंसिर १४,१५ | ४ | ४ | ० | ४५ | ९ | ३६ | ४०५ | १३५ | २७० |
| ५ | जुम्ला | २०८१ वैशाख १५,२१ | ८ | ८ | ० | ६० | ४१ | १९ | ५४० | ६३ | ४७७ |
| ६ | हुम्ला | २०८० चैत्र २८-३० | ७ | ७ | ० | ४४ | ४३ | १ | ३८७ | ८० | ३०७ |
| ७ | कालीकोट | २०८० चैत्र २१,२३ | ९ | ९ | ० | ८२ | ८२ | ० | ७३८ | १९२ | ५४६ |
| ८ | सुर्खेत | २०८० चैत्र ८-१० | ९ | ९ | ० | ९९ | ९८ | १७ | ८९१ | २१८ | ६७३ |
| ९ | दैलेख | २०८० माघ २७,२९ | ११ | ११ | ० | ९० | ९० | ० | ८१० | ४७३ | ३३७ |
| १० | जाजरकोट | २०८० चैत्र २५,२६ | ७ | ७ | ० | ७७ | ७७ | ० | ६९३ | ४७ | ६४६ |
| | | **जम्मा** | **७९** | **६२** | **३** | **७१८** | **६३२** | **६८** | **६४५३** | **२०२७** | **४४२६** |

## ७. सुदुरपश्चिम प्रदेश

| क्रसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | बझाङ | २०८१ फाल्गुण १२–१३ | १२ | १२ | ० | ९४ | ७१ | २३ | ८४६ | ० | ८४६ |
| २ | बाजुरा | २०८१ जेष्ठ १,२,३ | ९ | ९ | ० | ६९ | ६७ | २ | ६२१ | १८८ | ४३३ |
| ३ | अछाम | २०८२ वैशाख १३–१५ | १० | १० | ० | ९१ | ८८ | ३ | ८१९ | ४५२ | ३६७ |
| ४ | डोटी | २०८१ चैत्र २८–२९ | ९ | ९ | ० | ६५ | ५८ | ७ | ५८५ | १५ | ५७० |
| ५ | कैलाली | २०८० फाल्गुण ६,७ | १३ | १३ | ० | १३६ | १२३ | १३ | ११३४ | ५११ | ६२३ |
| ६ | दार्चुला | २०८० माघ १९,२० | ९ | ९ | ० | ६१ | ५८ | ३ | ५४९ | ४०६ | १४३ |
| ७ | बैतडी | २०८० फाल्गुण२८,२९ | १० | १० | ० | ८४ | ८४ | ० | ७५६ | ५११ | २४५ |
| ८ | डडेलधुरा | २०८० चैत्र ५,६ | ७ | ७ | ० | ५२ | ५१ | १ | ४६८ | ११२ | ३५६ |
| ९ | कञ्चनपुर | २०८० चैत्र १,२,३ | ९ | ६ | ० | ९२ | ९२ | ० | ८२८ | ३४५ | ४८३ |
| | | **जम्मा** | **८८** | **८८** | **०** | **७४४** | **६९२** | **५२** | **५८५०** | **२५४०** | **३३१०** |

## ८. उपत्यका विशेष प्रदेश

| क्रसं | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | पेशागत विशेष | २०८० फागुण ५,६ | १५ | १५ | ० | ८८ | ५९ | २९ | १७६ | ४४ | १३२ |
| २ | युवा विद्यार्थी | २०८१ कार्तिक२८–२९ | १५ | १५ | ० | ६२ | ६२ | ० | १२४ | ० | १२४ |
| ३ | मजदुर विशेष | २०८० चैत्र २४,२५ | १३ | १० | ३ | ३२ | ३२ | ० | ६४ | ४ | ६० |
| ४ | उद्योग व्यवसाय विशेष | २०८१ जेष्ठ २६,२७ | १२ | १० | २ | २२ | २२ | ० | ४४ | ० | ४४ |
| | | **जम्मा** | **५५** | **५०** | **५** | **२०४** | **१७५** | **२९** | **४०८** | **४८** | **३६०** |

नोट: उपत्याका विशेष कमिटीलाई प्रदेश सरहको मान्यता प्रदान गरेकोले इलाकाहरूलाई पालिका र शाखाहरूलाई वडा सरह मान्यता प्रदान गरी डाटा व्यवस्थापन गरिएको छ।

### ९. सम्पर्क समन्वय कमिटी

| क्रं सं | जिल्ला | | पालिका | | | वडा | | |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | अधिवेशन भएको मिति | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी | कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन बाँकी |
| १ | कोशी प्रदेश | २०८० मंसिर २३,२४ | १४ | १४ | ० | १३५ | ११७ | १८ |
| २ | मधेश प्रदेश | २०८० पौष १४,१५ | ८ | ८ | ० | १३६ | ५० | ८६ |
| ३ | वागमती प्रदेश | २०८० पौष ७,८,९ | १० | १० | ० | ९८ | ७९ | १९ |
| ४ | गण्डकी प्रदेश | २०८० चैत्र ९,१०(वै–४) | ११ | ११ | १ | ८५ | ७४ | ११ |
| ५ | लुम्बीनी प्रदेश | २०८० मंसिर ३०,३१ | १२ | १२ | ० | १२२ | ११३ | ९ |
| ६ | कर्णाली प्रदेश | २०८० माघ २७,२८ | १० | १० | ० | ७९ | ६४ | १५ |
| ७ | सुदुरपश्चिम प्रदेश | २०८० पौष ७,८,९ | ९ | ९ | ० | ८८ | ४० | ४८ |
| | | **जम्मा** | **७४** | **७४** | **१** | **७४३** | **५३७** | **२०६** |

### १०. प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी

| क्रं सं | महादेश राष्ट्रिय कमिटी | राज्य/क्षेत्रीय कमिटी | | | प्रान्तीय /नगर कमिटी | | |
|---|---|---|---|---|---|---|---|
| | नाम | कमिटी संख्या | अधिवेशन भएको | अधिवेशन हन वाँकी | कमिटीको कुल संख्या | अधिवेशन भएका | अधिवेशन हुन वाँकी |
| १ | युरोप | २० | १८ | २ | १९ | १५ | ४ |
| २ | अमेरिका | २ | २ | ० | १६ | १६ | ० |
| ३ | मध्यपूर्व | ७ | ६ | १ | १३ | १३ | ० |
| ४ | पुर्वि एशिया | ६ | ५ | १ | १४ | १० | ४ |
| ५ | ओसिनिया | २ | १ | १ | ८ | ५ | ३ |
| | **जम्मा** | **३६** | **३२** | **५** | **७०** | **५९** | **११** |

### ११. प्रवासी नेपाली मञ्च भारत

| क्रं सं | राज्य /संयुक्त समिति | नगर समिति | | | प्रारम्भिक समिति |
|---|---|---|---|---|---|
| | नाम | कमिटी संख्या | कमिटी भएको | वनाउन वाँकी | प्रारम्भिक समिति संख्या |
| १ | महाराष्ट्र राज्य समिति | २५ | १८ | ७ | १५९ |
| २ | पंजाज–हिमाचल–चण्डिगढ संयुक्त राज्य समिति | २१ | १२ | ९ | ३८ |
| ३ | हरियाणा–राजस्तान संयुक्त राज्य समिति | १८ | १२ | ६ | ४२ |
| ४ | दिल्लि राज्य समिति | १५ | १२ | ३ | ३९ |
| ५ | मध्य प्रदेश–छत्तिसगढ संयुक्त राज्य समिति | ११ | ८ | ३ | २५ |
| ६ | गुजरात राज्य समिति | १० | ७ | ३ | १८ |
| ७ | कर्नाटक केराला संयुक्त राज्य समिति | १० | ६ | ४ | २५ |
| ८ | पश्चिम वंगाल–झारखण्ड संयुक्त राज्य समिति | ८ | ५ | ३ | १५ |
| ९ | तामिलनाडु–पण्डेष्वरी संयुक्त राज्य समिति | ७ | ५ | २ | १३ |
| १० | आन्द्र प्रदेश–तेलंगना संयुक्त राज्य समिति | ८ | ६ | २ | १८ |
| ११ | छुटपुट | १६ | ८ | ८ | २४ |
| | **जम्मा** | **१४९** | **९९** | **५०** | **४१६** |

परिशिष्ट–३

## नेकपा (एमाले)

# समग्र संगठनात्मक विवरण

### क. प्रदेश कमिटी, सल्लाहकार र जेष्ठ कम्युनिष्ट मञ्चमा संगठित विवरण

| क्रं सं | प्रदेश | अधिवेशन मिति | अध्यक्ष | सदस्य संख्या | सल्लाहकार | जेष्ठ कम्युनिष्ठ मञ्च | विभागहरू |
|---|---|---|---|---|---|---|---|
| १. | कोशी | २०८० अशोज १२—१३ | धनश्याम खतिवडा | २५७ | २५५ | ७१ | २७ |
| २. | मधेश | २०८० अशोज २४—२५ | चन्द्रेष्वर मण्डल | २३९ | १५१ | ० | १७ |
| ३. | वागमती | २०८० अशोज ८—९ | कैलाश ढुंगेल | २८८ | २८८ | १२३ | २८ |
| ४. | गण्डकी | २०८० अशोज १५—१६ | नवराज शर्मा | १८९ | १६५ | १११ | २६ |
| ५. | लुम्वीनी | २०८० भाद्र १६—१७ | राधाकृष्ण कंडेल | २३५ | २३५ | २०१ | ३१ |
| ६. | कर्णाली | २०८० अशोज १०—११ | गुलावजंग शाह | १५० | १४१ | ० | २९ |
| ७. | सुदुर पश्चिम | २०८० अशोज २१—२२ | कृष्णप्रसाद जैशी | १६९ | १६७ | १३५ | २८ |
| ८. | उपत्याका विशेष | २०८० अशोज १९—२० | प्रेमकुमार पाराजुली | ८२ | ३६ | ० | ९ |
| ९. | सम्पर्क समन्वय | अधिवेशन नहुने | श्याम वस्नेत | ८७ | ७८ | ० | ३१ |
| १० | प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी | २०७९ कार्तिक १९–२० (२०२२/११/५—६ एडि) | सञ्जय थापा | ३५ | ० | ० | ० |
| ११ | प्रवासी नेपाली मञ्च भारत | २०८० फाल्गुण ७–९ (२०२३/०२/१९–२१ एडि) | नारायणप्रसाद हुमागाँई | ८३ | ६८ | ० | ० |
| | | | **जम्मा** | **१८१४** | **१५८४** | **६४१** | **२२६** |

**प्रदेश कमिटीमा संगठित: ४०३९**

## ख. जिल्ला, पालिका, वडा र टोलहरूको प्रदेशगत एकमुष्ठ संगठित विवरण

| क्र सं | प्रदेश | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कमिटी संख्या | कमिटीमा आवद्ध | कुल संख्या | पालिका कमिटी | आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध |
| ज्ञ | कोशी | १४ | १६८४ | १३७ | १३६ | ८२८५ | ११६९ | १०७९ | २८३८६ | ७१०१ | ४२१२ | ४८८२४ |
| द्द | मधेश | ८ | १२९६ | १३७ | ५० | ६१५६ | १२८० | १०४८ | २७४७५ | ६५१५ | ८८५ | ११५१५ |
| घ | वागमती | १३ | १७०२ | ११९ | ११९ | ५४५७ | ११२१ | १०९८ | ३३६५९ | १४२०६ | ४५६४ | ६८४५० |
| द्ध | गण्डकी | ११ | १०५६ | ८६ | ८५ | ४४१९ | ७५९ | ६३० | १८९७२ | ५५६० | १६८१ | २५२१५ |
| छ | लुम्वीनी | १२ | १४५४ | १०९ | १०९ | ५५०८ | ९८३ | ९४५ | २९२९५ | ९२६७ | ५४२२ | ८०६०१ |
| ट | कर्णाली | १० | ११११ | ७१ | ६८ | ३८३६ | ७१८ | ६६८ | १२१०९ | ६४५३ | २०२७ | २४५३४ |
| ठ | सुदुरपश्चिम | ९ | ९२८ | ८८ | ८८ | ४१८८ | ७४४ | ६९२ | १७०९५ | ५८५० | २५४० | २१९०४ |
| ड | उपत्याका | ४ | २१२ | ५५ | ५० | १३१८ | २०४ | १७५ | १९३६ | ४०८ | ४८ | ९२२ |
| ९ | सम्पर्क समन्वय | ७ | ३२३ | ७४ | ७४ | १८२६ | ७४३ | ५३७ | ४३३९ | | | |
| १० | प्रवासी नेपाली मञ्च | ५ | ४४ | ३६ | ३२ | ६४० | ७० | ५९ | ९७९ | | | |
| १० | प्रवासी नेपाली संघ भारत | १० | (१० राज्य) ४१८ | | | | | | | | | सदस्य ६३७१ |
| | **जम्मा** | **१०३** | **९७७४** | **९१२** | **८११** | **४१६३३** | **७७९१** | **६९२०** | **१७४२४५** | **५५३६०** | **२१३७९** | **२०१३६४** |

## ग. जिल्ला, पालिका, वडा र टोलहरूको कमिटीको अलग अलग प्रदेशगत विवरण आवद्ध संख्या

| **१. कोशी प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | | पालिका | | | वडा | | | टोल | | |
| क्रं सं | नाम | जि क सदस्य संख्या | कुल संख्या | पालिका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ | ताप्लेजुङ | ९९ | ९ | ९ | ५०२ | ६१ | ६० | १८६० | ३३० | २३९ | ३५८५ |
| २ | पाँचथर | १०० | ८ | ८ | २९२ | ६८ | ६८ | १०६३ | ३६९ | २२२ | १५८१ |
| ३ | इलाम | १२७ | १० | १० | ५५३ | ८५ | ८२ | १३९४ | ४०९ | २१८ | २२३२ |
| ४ | झापा | १७५ | १५ | १५ | १०९३ | १३१ | १३० | ४०३० | ८९२ | ६८९ | ६२०१ |
| ५ | मोरङ | १६७ | १७ | १६ | १११५ | १५९ | १०५ | २६७५ | ६४० | १४० | १५४० |
| ६ | सुनसरी | १६१ | १२ | १२ | ७७५ | १२४ | १२१ | ३७५१ | १२६५ | ८६५ | १२९७५ |
| ७ | भोजपुर | ९९ | ९ | ९ | ४२८ | ८१ | ७९ | १६९२ | ४०० | २२२ | २१२० |
| ८ | संखुवासभा | १०३ | १० | १० | ६१५ | ७६ | ७६ | १५२० | ३७९ | २३९ | २३९० |
| ९ | तेह्रथुम | १०३ | ६ | ६ | ३३२ | ४३ | ३७ | ११४७ | २८८ | ११७ | १७५५ |
| १० | धनकुटा | १०९ | ७ | ७ | ४९६ | ६० | ६० | १८६० | ३५९ | ३५२ | ५२८० |
| ११ | सोलुखुम्बु | ९६ | ८ | ८ | ५७६ | ५२ | ३७ | ११४७ | ३०५ | ६० | ९०० |
| १२ | ओखलढुंगा | १०९ | ८ | ८ | ४०८ | ७५ | ७३ | २२६३ | ३५० | २२५ | ३३७५ |
| १३ | खोटाङ | १०९ | १० | १० | ४९६ | ७९ | ७६ | १६५९ | ५८० | २६० | १८२० |
| १४ | उदयपुर | १२७ | ८ | ८ | ६०४ | ७५ | ७५ | २३२५ | ५३५ | ३६४ | ५४६० |
| | **जम्मा** | **१६८४** | **१३७** | **१३६** | **८२८५** | **११६९** | **१०७९** | **२८३८६** | **७१०१** | **४२१२** | **४८८२४** |

| **२. मधेश प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | सप्तरी | ११८ | १८ | १८ (२) | ६३० | १६४ | १६४ | ४१०० | ११४८ | २० | २२० |
| २ | सिराह | १३५ | १ठ | १७ | ५९५ | १६३ | १४१ | ३५२५ | ११४८ | ६०० | ७८०० |
| ३ | धनुषा | १३२ | १८ | १८ (१४) | ९१८ | १७९ | १७९ | ४४७५ | ७१६ | ० | ० |
| ४ | महोत्तरी | १११ | १५ | १५ | ५२५ | १३८ | १३७ | ३४२५ | ६९० | २०० | २६०० |
| ५ | सर्लाही | १२४ | २० | २०(८) | ९०० | २०० | १०० | २५०० | १००० | २५ | ३२५ |
| ६ | रौतहट | ११३ | १८ | १८(५) | ९१८ | १५७ | १४० | ३५०० | ५८५ | १० | १३० |
| ७ | वारा | १३५ | १६ | १६(९) | ८१६ | १६७ | ९० | ३१५० | ६६८ | ० | ० |
| ८ | पर्सा | १३५ | १४ | १६(१२) | ८५४ | ११२ | ८० | २८०० | ५६० | ४० | ४४० |
| | **जम्मा** | **१२९६** | **१३७** | **५०** | **६१५६** | **१२८०** | **१०४८** | **२७४७५** | **६५१५** | **८८५** | **११५१५** |

| **३. वागमती प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | सिन्धुली | १२५ | ९ | ९ | ४५९ | ७९ | ७६ | २३५६ | ४०७ | २८४ | ४२६० |
| २ | रामेछाप | १०८ | ८ | ८ | ४०८ | ६४ | ६४ | १९८४ | ४९५ | ४९५ | ७४२५ |
| ३ | दोलखा | १०३ | ९ | ९ | ४५९ | ७४ | ७४ | २२९४ | ६०० | २५० | ३७५० |
| ४ | रसुवा | ९९ | ५ | ५ | २५५ | २७ | २७ | ६७५ | ८३७ | १३ | १९५ |
| ५ | नुवाकोट | १२१ | १२ | १२ | ६१२ | ८८ | ८७ | २६९७ | ३२५ | २२० | ३३०० |
| ६ | सिन्धुपाल्चोक | १२२ | १२ | १२ | ६६३ | १०३ | ९६ | २९७६ | ९३७ | ४३५ | ६५२५ |
| ७ | काभ्रे | ११६ | १३ | १३ | ६६३ | १३५ | ११७ | ३६२७ | ६७६ | ३०० | ४५०० |
| ८ | ललितपुर | १३६ | ६ | ६ | ३०६ | ७१ | ७१ | २२०१ | ४६३ | २०६ | ३०९० |
| ९ | भक्तपुर | १०७ | ४ | ४ | २०४ | ३८ | ३८ | ११७८ | ११७८ | २११ | ३१६५ |
| १० | काठमाण्डौं | २७१ | ११ | ११ | ५६१ | १३८ | १३७ | ४२४७ | १३२६ | ६८० | १०२०० |
| ११ | मकवानपुर | १२७ | १० | १० | ५१० | १०२ | १०२ | ३१६२ | ७०० | २५० | ३७५० |
| १२ | चितवन | १४३ | ७ | ७ | ३५७ | ९८ | ९८ | ३०३८ | ३०३८ | १००३ | १५०४५ |
| १३ | धादिङ | १२४ | १३ | १३ | ६६३ | १०४ | १०४ | ३२२४ | ३२२४ | २१७ | ३२५५ |
| | **जम्मा** | **१७०२** | **११९** | **११९** | **५४५७** | **११२१** | **१०९८** | **३३६५९** | **१४२०६** | **४५६४** | **६८४५०** |

| **३. गण्डकी प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | मुस्ताङ | २७ | ५ | ५ | १५५ | २५ | २३ | ५७५ | १४४ | ० | ० |
| २ | मनाङ | ४१ | ४ | ४ | १२४ | २८ | १२ | ३०० | २५२ | ० | ० |
| ३ | म्याग्दी | ९९ | ६ | ६ | ३०६ | ४५ | ४० | १२४० | २५३ | ३३ | ४९५ |
| ४ | लमजुङ | ९७ | ८ | ८ | ४०८ | ७५ | ६७ | २०७७ | ४५६ | २७० | ४०५० |
| ५ | बाग्लुङ | ९८ | ११ | ११ | ५६१ | ८५ | ७८ | २४१८ | ६६६ | १६५ | २४७५ |
| ६ | गोरखा | १०१ | ११ | १० | ५१० | ९४ | ६७ | २०७७ | ६८५ | १३७ | २०५५ |
| ७ | पर्वत | ९९ | ७ | ७ | ३५७ | ६१ | २ | ६२ | ४६८ | २१६ | ३२४० |
| ८ | तनहू | ११७ | १० | १० | ५१० | ८५ | ८४ | २६०४ | ७३५ | २३० | ३४५० |
| ९ | कास्की | १४० | ५ | ५ | २५५ | ७२ | ६९ | २१३९ | ५५२ | २२० | ३३०० |
| १० | स्याङ्जा | १०५ | ११ | ११ | ८२५ | ९७ | ९७ | २६५९ | ९९५ | १०३ | १५४५ |
| ११ | नवलपुर | १३२ | ८ | ८ | ४०८ | ९२ | ९१ | २८२१ | ५८८ | ३४८ | ५२२० |
| | **जम्मा** | **१०५६** | **८६** | **८५** | **४४१९** | **७५९** | **६३०** | **१८९७२** | **५५६०** | **१६८१** | **२५२१५** |

| **५. लुम्वीनी प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | नवलपरासी पश्चिम | ११६ | ७ | ६ | ३०६ | ७४ | ६३ | १९५३ | ८८८ | ३४२ | ५१३० |
| २ | रूपन्देही | १९५ | १६ | १६ | ८१६ | १५५ | १५५ | ४८०५ | १३९९ | १२६४ | १८९६० |
| ३ | कपिलवस्तु | १३६ | १० | १० | ५१० | ९६ | ८६ | २६६६ | ९६५ | २६२ | ३९३० |
| ४ | बाँके | १२१ | ८ | ८ | ४०८ | ८१ | ८१ | २५११ | ५६७ | ४६४ | ४१७६ |
| ५ | बर्दिया | ११६ | ८ | ८ | ४०८ | ७५ | ७४ | २२९४ | ४४३ | ३१८ | ४७७० |
| ६ | दाङ | १४४ | १० | १० | ५१० | १०० | १०० | ३१०० | १९९५ | ९१९ | १३७८५ |
| ७ | अर्घाखाँची | १०७ | ६ | ६ | ३०६ | ६१ | ६१ | १८९१ | ३८८ | ३५४ | ५३१० |
| ८ | रुकुम पूर्व | ९१ | ३ | ३ | १५३ | ३१ | २७ | ८३७ | १४३ | ७३ | १०९५ |
| ९ | रोल्पा | ८७ | १० | १० | ५१० | ७२ | ६० | १८६० | ४६८ | २६५ | ५४७५ |
| १० | पाल्पा | ११८ | १० | १० | ५१० | ८१ | ८१ | २५११ | ८२६ | ४८३ | ७२४५ |
| ११ | प्यूठान | १०१ | ९ | ९ | ४५९ | ६४ | ६४ | १९८४ | ३४८ | १८८ | २८२० |
| १२ | गुल्मी | १२२ | १२ | १२ | ६१२ | ९३ | ९३ | २८८३ | ८३७ | ५२७ | ७९०५ |
| | **जम्मा** | **१४५४** | **१०९** | **१०९** | **५५०८** | **९८३** | **९४५** | **२९२९५** | **९२६७** | **५४२२** | **८०६०१** |

| **६. कर्णाली प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | मुगु | ९० | ४ | ४ | १७३ | ४५ | ४५ | ८५१ | ४०५ | १३५ | १४८५ |
| २ | दैलेख | १२८ | ११ | ११ | ५२१ | ९० | ९० | १६२२ | ८१० | ४७३ | ५६७६ |
| ३ | डोल्पा | ८० | ८ | ५ | १८२ | ६५ | ४४ | ७१७ | ५८५ | ५४७ | ५५४७ |
| ४ | हुम्ला | ९६ | ७ | ७ | ४५४ | ४४ | ४३ | १२१८ | ३८७ | ८० | ८८० |
| ५ | जुम्ला | ९० | ८ | ८ | २९६ | ६० | ४१ | ६०५ | ५४० | ६३ | १८०० |
| ६ | जाजरकोट | १०५ | ७ | ७ | ४४६ | ७७ | ७७ | १३४४ | ६९३ | ४७ | ७५० |
| ७ | कालिकोट | १०७ | ९ | ९ | ५७५ | ८२ | ८२ | १८४८ | ७३८ | १९२ | २११२ |
| ८ | सल्यान | ९८ | १० | १० | ४२७ | ८३ | ८२ | १२७७ | ७४७ | २०० | २६५० |
| ९ | सुर्खेत | १०२ | ९ | ९ | ५७९ | ९९ | ९८ | १७१७ | ८९१ | २१८ | २८३४ |
| १० | रुकुम पश्चिम | ७३ | ६ | ६ | १८३ | ७३ | ६६ | ९१० | ६५७ | ७२ | ८०० |
| | **जम्मा** | **१११९** | **७१** | **६८** | **३८३६** | **७१८** | **६६८** | **१२१०९** | **६४५३** | **२०२७** | **२४५३४** |

| **७. सुदुरपश्चिम प्रदेश** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जिल्ला** | | **पालिका** | | | **वडा** | | | **टोल** | | |
| **क्रं सं** | **नाम** | **जि क सदस्य संख्या** | **कुल संख्या** | **पालिका कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **वडा कमिटी** | **कमिटीमा आबद्ध संख्या** | **कुल संख्या** | **टोल कमिटी** | **कमिटीमा आबद्ध संख्या** |
| १ | बझाङ | ६५ | १२ | १२ | ६१२ | ९४ | ७१ | २२०१ | ८४६ | ० | ० |
| २ | बाजुरा | ८९ | ९ | ९ | ५१७ | ६९ | ६७ | २१३९ | ६२१ | १८८ | २५४१ |
| ३ | अछाम | ११५ | १० | १० | ३९४ | ९१ | ८८ | १३२० | ८१९ | ४५२ | ३१६४ |
| ४ | डोटी | ८५ | ९ | ९ | ४५९ | ६५ | ५८ | १७९८ | ५८५ | १५ | २२५ |
| ५ | कैलाली | १७३ | १३ | १३ | ७३६ | १२६ | १२३ | २६४६ | ११३४ | ५११ | २५५५ |
| ६ | दार्चुला | ९१ | ९ | ९ | ४५९ | ६१ | ५८ | १७९८ | ५४९ | ४०६ | ६०९० |
| ७ | बैतडी | १०८ | १० | १० | ४३९ | ८४ | ८४ | १७६४ | ७५६ | ५११ | ४५९९ |
| ८ | डडेलधुरा | ७० | ७ | ७ | १७१ | ५२ | ५१ | १५८१ | ४६८ | ११२ | १६८० |
| ९ | कञ्चनपुर | १३२ | ९ | ९ | ४०१ | ९२ | ९२ | १८४८ | ८२८ | ३४५ | १०५० |
| | **जम्मा** | **९२८** | **८८** | **८८** | **४१८८** | **७४४** | **६९२** | **१७०९५** | **५८५०** | **२५४०** | **२१९०४** |

| ८. उपत्यका बिशेष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | | पालिकास्तरका कमिटी | | | वडास्तरका कमिटी | | | टोलस्तरका कमिटी | | |
| क्रं सं | नाम | जि क सदस्य संख्या | कुल संख्या | इलाका कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | वडा कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | टोल कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ | पेशागत विशेष | ५९ | १५ | १५ | ३८३ | ८८ | ५९ | ६६० | १७६ | ४४ | ९२० |
| २ | युवा विद्यार्थी | ४८ | १५ | १५ | २५५ | ६२ | ६२ | ६८२ | १२४ | ० | ० |
| ३ | मजदुर विशेष | ४६ | १३ | १० | १७० | ३२ | ३२ | ३५२ | ६४ | ४ | २८ |
| ४ | उद्योग व्यवसाय विशेष | ५९ | १२ | १० | ५१० | २२ | २२ | २४२ | ४४ | ० | ० |
| | **जम्मा** | **२१२** | **५५** | **५०** | **१३१८** | **२०४** | **१७५** | **१९३६** | **४०८** | **४८** | **९२२** |

| ९. सम्पर्क समन्वय कमिटी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्लास्तरका कमिटी | | जिल्ला सम्पर्क मञ्चहरू | | | पालिका सम्पर्क मञ्चहरू | | |
| क्रं सं | नाम | प्रदेश सम्पर्क कमिटी | कुल संख्या | कमिटी | कमिटीमा आबद्ध संख्या | कुल संख्या | कमिटी | कमिटीमा आबद्ध संख्या |
| १ | कोशी प्रदेश | ७० | १४ | १४ | ३९२ | १३५ | ११७ | ७०७ |
| २ | मधेश प्रदेश | ३७ | ८ | ८ | १९२ | १३६ | ५० | ४५० |
| ३ | वागमती प्रदेश | ६१ | १० | १० | ३२२ | ९८ | ७९ | ११३७ |
| ४ | गण्डकी प्रदेश | ५१ | ११ | ११ | २७५ | ८५ | ७४ | ६६६ |
| ५ | लुम्वीनी प्रदेश | ५३ | १२ | १२ | २७१ | १२२ | ११३ | ५७१ |
| ६ | कर्णाली प्रदेश | ३१ | १० | १० | १८५ | ७९ | ६४ | ४४८ |
| ७ | सुदुरपश्चिम प्रदेश | २० | ९ | ९ | १८९ | ८८ | ४० | ३६० |
| | **जम्मा** | **३२३** | **७४** | **७४** | **१८२६** | **७४३** | **५३७** | **४३३९** |

| १०. प्रवासी नेपाली मञ्च अन्तराष्ट्रिय कमिटी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महादेश समन्वय कमिटी | | महादेश राष्ट्रिय कमिटी | | | राज्य/ क्षेत्रीय/ नगर कमिटी | | |
| क्रं सं | नाम | कुल सदस्य संख्या | कमिटी संख्या | अधिवेशन भएको | कमिटीमा आवद्ध | कमिटीको संख्या | अधिवेशन भएका | कमिटीमा आवद्ध |
| १ | युरोप | ११ | २० | १८ | ३०५ | १९ | १५ | २३६ |
| २ | अमेरिका | ७ | २ | २ | ४७ | १६ | १६ | १४६ |
| ३ | मध्यपूर्व | १० | ७ | ६ | १४४ | १३ | १३ | २३४ |
| ४ | पुर्वि एशिया | १० | ६ | ५ | ९१ | १४ | १० | २०८ |
| ५ | ओसिनिया | ६ | २ | १ | ५३ | ८ | ५ | १५५ |
| | **जम्मा** | **४४** | **३६** | **३२** | **६४०** | **७०** | **५९** | **९७९** |

| **११. प्रवासी नेपाली संघ भारत** | | | | | |
|---|---|---|---|---|---|
| | **राष्ट्र र संयुक्त राज्य समिति** | | | | |
| **क्रं सं** | **नाम** | **राज्य समिती** | **सल्लाहकार** | **पार्टी सदस्य संख्या** | **मञ्चको सदस्य संख्या** |
| १ | महाराष्ट्र | ८० | २१ | ३९१ | १३०० |
| २ | पंजाज–हिमाचल–चण्डिगढ | ७५ | १५ | २७१ | ५५७ |
| ३ | हरियाणा–राजस्तान | ३२ | १५ | २२० | १४०० |
| ४ | दिल्लि | ६५ | ७ | २०२ | ६१० |
| ५ | मध्य प्रदेश–छत्तिसगढ | ६७ | ४ | १९६ | ७४७ |
| ६ | गुजरात | २१ | ५ | १५७ | ३०७ |
| ७ | कर्नाटक केराला | २५ | ७ | १५३ | ५१५ |
| ८ | पश्चिम वंगाल–झारखण्ड | १५ | ३ | ७६ | ३२० |
| ९ | तामिलनाडु–पण्डेष्वरी | २३ | १ | ७१ | ३१५ |
| १० | आन्द्र प्रदेश–तेलंगना | १५ | २ | १५ | ३०० |
| | **जम्मा** | **४१८** | **८०** | **१७५३** | **६३७१** |

# प्रतिष्ठान, विभाग र विशेष कामको क्षेत्र

## • नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान

नेकपा (एमाले) नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानले २०८० असार १ गते पहिलो बैठकबाटै वार्षिक कार्ययोजना तयार गरी कार्यलाई व्यवस्थित ढङ्गले अघि बढाएको छ। बैठकमार्फत 'समाज अध्ययन, बाह्य सम्बन्ध र राष्ट्रिय सुरक्षा', 'जबज र यसको विकास, सङ्घीयता र सुशासन, सामाजिक–आर्थिक रूपान्तरण', 'समाजवादको आधार निर्माण र समृद्ध नेपाल, सुखी नेपाली', 'इतिहास तथा जलवायु परिवर्तन र मानव सुरक्षा' जस्ता विषयमा निर्देशक समिति सदस्यहरूको संयोजकत्वमा विभिन्न डेस्कहरू गठन गरिएको छ। यी डेस्कहरूको उद्देश्य सम्बन्धित विषयमा अनुसन्धान, छलफल र नीतिगत सुझाव तयार पार्दै पार्टीको नीति निर्माण प्रक्रियालाई सुदृढ बनाउनु रहेको छ।

प्रतिष्ठानले समसामयिक र रणनीतिक विषयमा बौद्धिक बहसलाई प्रोत्साहन गर्न 'विश्वको अर्थ–राजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग' विषयक छलफल कार्यक्रम आयोजना गरेको छ, जसमा 'के विश्व बहुध्रुवीय हुँदैछ ?' जस्ता महत्वपूर्ण प्रश्नहरूलाई समेत उठाइएको थियो। यससँगै जनसङ्ख्या विकास र सामरिक क्षमता, विश्व अर्थ–राजनीतिमा लुप्त सामरिक स्वार्थ र नेपाल तथा समाजवादको आधार निर्माणमा पर्ने सम्भावित प्रभावहरूबारे गहन विचार–विमर्श गरिएको छ। हालसम्म प्रतिष्ठानका औपचारिक तथा अनौपचारिक गरी दशवटा बैठक सम्पन्न भइसकेका छन्, जसमा विभिन्न विषयका विज्ञहरूको सक्रिय सहभागिता रही, विज्ञद्वारा तयार गरिएका कार्यपत्रहरूमा आधारित विस्तृत छलफल भएको छ।

यस्तै, 'संविधान कार्यान्वयनको दश वर्ष: अनुभव, चुनौती र अबको बाटो' शीर्षकमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र बौद्धिक व्यक्तित्वहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। आन्तरिक छलफल र निष्कर्षका आधारमा कार्यपत्रहरू परिमार्जन गरी पार्टीसमक्ष प्रस्तुति दिने निर्णयअनुसार 'विश्वको अर्थ–राजनीति, शक्ति सन्तुलन र नेपालको समाजवाद मार्ग' विषयमा प्रस्तुति सम्पन्न भइसकेको छ। आगामी दिनमा प्रतिष्ठानले 'पोलिसी डायलग' अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। हाल प्रतिष्ठानमा अध्यक्ष, सात जना निर्देशक समिति सदस्य र कार्यकारी निर्देशक रहेका छन्, जसमा प्रत्येक निर्देशक समिति सदस्यले एक–एक डेस्कको संयोजन गरिरहेका छन्। विभिन्न डेस्कहरूमा आवश्यकता अनुसार सदस्य सङ्ख्या भिन्न भए पनि समग्रमा करिब ३० जना सदस्य सक्रिय रूपमा संलग्न रहेका छन्।

### १. अर्थ तथा योजना विभाग

वार्षिक कार्ययोजना अनुसार अर्थ र योजनाका क्षेत्रमा पार्टीले निर्वाह गर्नुपर्ने भूमिकासम्बन्धी स्पष्ट नीतिगत धारणा विभागले तयार पारेको छ। अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति र दिगो विकास लक्ष्य (क्न्क) कार्यान्वयनको वर्तमान अवस्था तथा आवश्यक सुधारका प्रस्तावबारे निरन्तर छलफल भइरहेको छ। यसअन्तर्गत, पन्ध्रौं पञ्चवर्षीय योजनाको समीक्षा तथा सोह्रौं पञ्चवर्षीय योजना निर्माणका लागि आवश्यक प्रस्तावहरूबारे विज्ञहरूसँग गहन परामर्श गरी पार्टीलाई सिफारिश गरिएको छ। साथै, स्थानीय तहहरूमा योजना तर्जुमा गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन आवश्यक पाठ्यक्रम निर्माणसम्बन्धी प्रारम्भिक छलफल पनि सम्पन्न गरिएको छ, जसले दीर्घकालीन विकास रणनीतिलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

पुस १० गतेदेखि विभागीय प्रमुख निलम्बनमा रहेकाले करिब छ महिनासम्म औपचारिक गतिविधिहरू सीमित भए पनि आवश्यकता अनुसार अनौपचारिक बैठकहरू सञ्चालन गरिएको छ। २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट निर्माणका सन्दर्भमा विभागभित्र गहन छलफल तथा अन्तरक्रिया गरी सरकारलाई दिने सुझावहरूको दस्तावेज तयार पारेर पार्टी महासचिवलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ। हाल विभागमा २२ जना सदस्यहरू सक्रिय रूपमा क्रियाशील रहँदै पार्टीको नीति निर्माण र कार्यान्वयन प्रक्रियामा योगदान पुऱ्याइरहेका छन्।

### २. उद्योग, वाणिज्य तथा आपूर्ति विभाग

यस विभागले वार्षिक कार्ययोजना पारित गर्दै उद्योग, वाणिज्य, आपूर्ति क्षेत्र लगायत अर्थतन्त्रका विविध विषयमा विशेषज्ञहरूसँग प्रभावकारी अन्तरक्रिया सम्पन्न गरेको छ। निजी क्षेत्रका उद्योगी, व्यापारी तथा मझौला र साना उद्योगीहरूले भोगिरहेका समस्याबारे गहिरो छलफल गरी समाधानका उपाय पहिचान गरिएको छ। यस क्रममा पूर्वअर्थमन्त्री र अर्थ–विज्ञहरूसँगको प्रत्यक्ष सम्वादमार्फत आर्थिक सुधारका लागि सुझावहरू सङ्कलन गरी सरकारको ध्यानाकर्षण गराइएको छ, जसले नीतिगत सुधारका प्रयासमा ठोस आधार प्रदान गरेको छ।

जाजरकोट र रुकुम जिल्लामा गएको भूकम्पबाट उत्पन्न मानवीय तथा भौतिक क्षतिको स्थलगत अवलोकन विभागका प्रतिनिधिहरूले सम्पन्न गरेका छन्। पीडित समुदायको तत्काल राहत आवश्यकतालाई सम्बोधन गर्न पार्टीका तर्फबाट एक करोड रूपैयाँ बराबरको राहत सामग्री उपलब्ध गराइएको छ। स्वाधीन अर्थतन्त्र निर्माणको लक्ष्यलाई ध्यानमा राख्दै विभागले भेला, बैठक तथा नियमित गतिविधिहरू निरन्तर सञ्चालन गर्दै आएको छ, जसले संगठनको आर्थिक दृष्टिकोणलाई स्पष्ट र परिणाममुखी बनाउन सहयोग पुऱ्याएको छ। हाल विभागमा २० जना सदस्यहरू रहेका छन्।

### ३. उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग

वार्षिक कार्ययोजना अनुरूप विभागले उपभोक्ता अधिकार र सुशासनका क्षेत्रमा आफ्नो भूमिका व्यवस्थित रूपमा अघि बढाइरहेको छ। महङ्गी, अनियमितता, कालाबजारी र भ्रष्टाचारका कारण नेपाली जनता आक्रान्त भइरहेका बेला, विभागले उपभोक्ताको हितमा काम गर्दै सर्वसाधारणको अधिकारको पक्षमा सरकारको ध्यानाकर्षण गराउँदै आएको छ। विषयगत कार्यविधि र स्रोत पुस्तिकाको मस्यौदा तयार भइरहेको छ भने उपभोक्ता हित र सुशासनबारे सांसदहरूसँग नीतिगत छलफल निरन्तर जारी छ। साथै, बिषयगत विद्वान र विज्ञका लेखहरू, उपभोक्ता अधिकारको इतिहास र यस क्षेत्रमा भएका गतिविधिहरूलाई समेटेर 'उपभोक्ता सन्देश' नामक वार्षिक बुलेटिन प्रकाशनका लागि सामग्री सङ्कलनको कार्य अगाडि बढाइएको छ।

विभागले विभिन्न वस्तु तथा सेवाका उपभोक्ताले भोगिरहेका समस्याको अध्ययन र समाधान खोजीलाई प्राथमिकतामा राखेको छ। यस क्रममा, सम्बन्धित संघ–संस्था र सरोकारवालासँग समन्वय गर्दै पार्टीको तर्फबाट लबिङको पहल गरिँदै आएको छ। आम उपभोक्ताले खेपिरहेका महङ्गी, कालोबजारी, कृत्रिम अभाव र बजार बेथितिबारे सरोकारवाला मन्त्री, संघ–संस्था, स्थानीय जनप्रतिनिधि र उपभोक्ता समूहबीच विभिन्न समयमा अन्तरसम्वाद कार्यक्रम आयोजना गरिएका छन्, जसबाट नीतिगत सुधार र व्यवहारगत समाधानका लागि ठोस सुझावहरू सङ्कलन भएको छ। हाल विभागमा २१ जना सदस्यहरू रहेका छन्।

### ४. ऊर्जा, जलस्रोत तथा सिंचाइ विभाग

विभागले बार्षिक कार्ययोजना पारित गरी कार्ययोजना अनुरूप सातै प्रदेशमा भेलाहरू सम्पन्न भएका छन्। सहकारी क्षेत्रमा भएका समस्या समाधान गर्न पार्टीले विशेष चासो दिँदै आएको छ। सहकारी क्षेत्रका समस्या समाधान गर्न र पीडितहरूलाई न्याय दिने गरी प्रभावकारी कदम चाल्न सरकारलाई ध्यानाकर्षण गराएको छ। राष्ट्रिय सहकारी महासंघ र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघसँग समेत निरन्तर समन्वय र परामर्श जारी राखिएको छ।

बार्षिक कार्ययोजना अनुसार विभागले गर्नुपर्ने कामको सन्दर्भमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाइएको छ। जलस्रोतको क्षेत्रमा पार्टीले खेल्नुपर्ने भूमिकाका विषयमा विभागले विज्ञहरूसँग छलफल र

अन्तरक्रिया गर्दै आएको छ। नेपाल र भारत सरकारबीच हस्ताक्षर भएको दीर्घकालीन विद्युत व्यापार सम्झौताका विविध पक्षहरूका सम्बन्धमा पार्टीको तर्फबाट विभागले आफ्नो धारणा तयार पारेको थियो। त्यसमा विद्युतको अन्तरदेशीय आयात र निर्यातका बारेमा दुबै देशका विद्यमान कानून, प्रक्रिया र निर्देशिका लागू हुने भनिए पनि सम्झौताका बुँदाले भारतीय पक्ष बढी हावी हुने अवस्था देखिन्छ। यस विषयमा विभागले दीर्घकालीन असरका बारेमा नियमित छलफल र अन्तरक्रिया गरिरहेको छ। हाल विभागमा ३० जना सदस्य रहेका छन्।

### ५. कृषि तथा पशुपन्छी विकास विभाग

यस विभागबाट बार्षिक कार्ययोजना पारित गरी कृषि क्षेत्रका नीति निर्माणमा योगदान गर्नुका साथै यस क्षेत्रका समस्या समाधान गर्न पहल गरिएको छ । कृषि र भूमिको अन्तर सम्बन्ध, कृषिको व्यवसायीकरण, रैथाने वालीको संरक्षण, कृषिउपजको मूल्य निर्धारण र बजारीकरण, कृषिमा उद्यमशीलता र वित्त व्यवस्थापन, लगानी मैत्री वाताबरण सिर्जना गर्ने एवं कृषि शिक्षा र अनुसन्धानका विषयमा पार्टीले लिनुपर्ने नीति सम्बन्धमा विज्ञहरूसँग अन्तक्रिया गरी सुझाव दिएको छ। कृषिक्षेत्रका समस्याहरू जस्तै दुग्ध किसानको समस्या, उखु किसानको भुक्तानी, रासायनिक मलको समस्या, किसानलाई कृषि प्रविधिमा पहुँच, कृषि सामग्री तथा कृषि उत्पादनको बजार, जलवायु परिवर्तनको कृषिमा प्रभाव सम्बन्धी समस्याको समाधान गर्न पटक पटक सरकारको ध्यानाकर्षण गरिएको छ। कृषिको विकासका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ। कृषिसम्बन्धी नीति निर्माण र कृषि क्षेत्रको व्यावसायीकरणका लागि पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा कृषि क्षेत्रका वैज्ञानिक तथा विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको छ। विभाग गठनको पहिलो वर्ष 'केपी ओलीसँग कृषि वैज्ञानिक' दोस्रो बर्ष 'समृद्धिको आधार : सम्मानित किसान र कृषिमा रूपान्तरण' र तेस्रो बर्ष 'रैथाने बीउ– रैथाने पशु संरक्षण र विकास : कृषिमा आत्मनिर्भर, आर्थिक समृद्धि र स्वाभिमानको आधार' बिषयक राष्ट्रिय बहस कार्यक्रम सम्पन्न गरी पार्टी र सरकारलाई सुझाव दिएको छ। समग्र कृषि तथा पशुपालन क्षेत्रमा नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिहरू समयानुकूल परिमार्जन गर्नुपर्ने बिषयमा छ ओटा बिषयगत विज्ञहरूको टोलीमार्फत विभागले समग्र कृषि नीतिहरूको सँगालो प्रकाशन गर्ने तयारी गरेको छ। हाल विभागमा १७ जना सदस्य रहेका छन्।

### ६. कानून विभाग

कानून विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार पार्टी विरुद्धमा परेका मुद्दाहरूको प्रतिरक्षा गर्दै पार्टीको तर्फबाट निरन्तर प्रतिनिधित्वको काम गर्दै आएको छ। विभागले संसदमा विचाराधीन विधेयक र प्रस्तावित संशोधनहरूबारे राय, परामर्श र आवश्यक दस्तावेज तयार गर्ने कार्य पनि नियमित रूपमा सञ्चालन गरिरहेको छ। आवश्यक परे कानूनी राय, निर्वाचनसम्बन्धी परामर्श र आवश्यक कागजात तयार गर्ने काम निरन्तर जारी रहँदै आएको छ।

विभागले न्यायपालिकाको न्याय सम्पादन र अभियोजन प्रतिरक्षासम्बन्धी विषयमा सरकारी वकिलबाट हुनुपर्ने कामको विश्लेषण गरी अदालतका फैसला र आदेशहरूको अध्ययन गरी पार्टीको तर्फबाट आवश्यक दृष्टिकोण तय गर्ने कार्य गर्दै आएको छ। अन्तर्राष्ट्रिय, बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय साझेदारी, परियोजना र सन्धि–सम्झौताको अध्ययन गरी पार्टीको नीति र दृष्टिकोण निर्माण गर्ने काम पनि विभागले जिम्मेवारीपूर्वक सम्पन्न गरिरहेको छ। विशेष उदाहरणका रूपमा, कोशी प्रदेशमा संसदीय कदमको विरुद्धमा दायर रिटदेखि फैसलासम्मको सम्पूर्ण प्रक्रिया कानून विभागको नेतृत्वमा प्रभावकारी रूपमा व्यवस्थापन गरिएको थियो।

नेपाल बार एसोसिएसनको निर्वाचनमा महासचिव लगायत प्रमुख पदहरू जिताउन विभागले मुख्य भूमिका खेलेको थियो। साथै, नेपाल बार एसोसिएसन तथा मातहतका बार इकाईहरूमा पार्टी सम्बद्ध कानुन व्यवसायीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न पहलकदमी पनि गरिरहेको छ। विभागमा १६ जना सदस्य रहेका छन्।

### ७. पुस्तकालय तथा अभिलेख विभाग

अभिलेख विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउन दश चरणमा

कार्यक्रम तयार गरेको छ। यसमध्ये हालसम्म चार चरणका कामहरू सफलतापूर्वक सम्पन्न भइसकेका छन्। विभागले गत वर्ष कार्यालयमा आएको बाढीका कारण पुस्तकालयमा ठूलो क्षति भएको विवरणसमेत सङ्कलन गरेको छ। त्यसमध्ये पुस्तकालयको लेजरमा दर्ता भएका ८,८७८ पुस्तकमध्ये ४,३४१ वटा पुस्तक नष्ट भएका छन् जसले विभागको अभिलेख व्यवस्थापनमा चुनौती थपेको छ।

पुस्तकालयलाई व्यवस्थित राख्न र पुराना दस्तावेज तथा ऐतिहासिक सामग्रीलाई सुरक्षित गर्न नयाँ प्रविधि र आधुनिक उपकरणको प्रयोगको आवश्यकता स्पष्ट देखिएको छ। विभागले यो कार्यलाई प्राथमिकताका आधारमा अघि बढाउँदै अभिलेख संरक्षण र पहुँच सुनिश्चित गर्ने उपायहरू अपनाउने योजना बनाइरहेको छ। यसले केवल ऐतिहासिक सामग्रीको संरक्षण नभई विभागको समग्र प्रशासनिक कार्यक्षमतामा समेत सुधार ल्याउने अपेक्षा गरिएको छ। विभागमा १२ जना सदस्य रहेका छन्।

### ८. खानेपानी तथा सरसफाई विभाग

बार्षिक कार्ययोजना अनुरूप विभागका कामलाई अगाडि बढाएको छ । विभागको कार्ययोजना कार्यान्वयनका सन्दर्भमा विज्ञहरूको रोष्टर तयार गरी तीन समूहमा विभाजन गरिएको छ । खानेपानी तथा सरसफाईका क्षेत्रमा पार्टी र उपभोक्ताबीच सम्बन्ध विस्तार गर्न र उपभोक्ताको हितमा काम गर्न यो विभागले नियमित गतिविधि गरिरहेको छ । यसैक्रममा मेलम्ची खानेपानी आयोजनाको स्थलगत अवलोकन गरेको छ । साथै खानेपानी र सरसफाईका विषयमा विभागले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । वार्षिक कार्ययोजना र वार्षिक बजेट निर्माणका लागि विभागभित्र वृहत छलफल, योजना निर्माण र तयारीका कार्यहरू सम्पन्न गरी पार्टीमा पेश गरिएको छ। विभागबाट तयार गरिएको विज्ञहरूको रोस्टरलाई अझ परिष्कृत गर्दै खानेपानी तथा सरसफाइ क्षेत्रमा विशेष दक्षता र पार्टीप्रति योगदान पुऱ्याएका व्यक्तिहरूको अद्यावधिक नामावली तयार गरिएको छ। मेलम्ची खानेपानी परियोजनाबाट वर्षभर पानी आपूर्ति गर्न कठिनाइ भइरहेको अवस्थालाई दृष्टिगत गर्दै ललितपुरको सिस्नेरी–कुलेखानी–काठमाडौं खानेपानी परियोजनाको सम्भाव्यता अध्ययनका लागि चार सदस्यीय उपसमिति गठन भई स्थलगत अवलोकन, विज्ञहरूसँगको छलफल र अघिल्ला अध्ययन प्रतिवेदनहरूको समीक्षा गरी डिपिआरसहितको प्रारम्भिक प्रतिवेदन सङ्कलन गरिएको छ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको महाधिवेशनलाई सफल बनाउन अधिवेशनअघि /अधिवेशन अवधिभर पदाधिकारी तथा सदस्यहरूसँग निरन्तर परामर्श गरी विभागको वार्षिक कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट निर्माण, सदस्यहरूको कार्यविभाजन, नयाँ सदस्यको नामावली पार्टीमा पेश गर्ने तथा प्रदेश र पालिका तहसम्म विभाग गठनका लागि आवश्यक पत्राचार गर्ने काम गरेको छ। विभागले सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटका सम्बन्धमा आवश्यक नीतिगत सुझावहरू प्रस्तुत गरेको छ। विभागका कार्यक्रमहरूलाई व्यवस्थित र अनुसन्धानमुखी बनाउन विभिन्न सेमिनार र गोष्ठीमा सहभागिता जनाउने, जसअन्तर्गत देशभरको खानेपानीको अवस्था अध्ययन गरी आवश्यक सुझाव सङ्कलन गर्ने काम गरेको छ। यस विभागमा १३ जना सदस्य रहेका छन्।

### ९. निर्वाचन विभाग

निर्वाचन विभागले नियमित बैठकमार्फत कार्यहरू सञ्चालन गर्दै वार्षिक कार्ययोजना बनाएर प्रभावकारी कार्यान्वयन गरिरहेको छ। विभाग प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तह निर्वाचन २०७९, इलाम क्षेत्र नं. २ को प्रतिनिधि सभा उपनिर्वाचन, बझाङ प्रदेश सभा क्षेत्र नं. क को उपनिर्वाचन, स्थानीय तह उपनिर्वाचन २०८१ लगायतका निर्वाचन व्यवस्थापन तथा तयारीमा केन्द्रित रहेको थियो। यी सबै प्रक्रियामा विभागले रणनीतिक दृष्टिकोणबाट तयारी र समन्वयको काम गर्दै आएको छ। साथै, निर्वाचन आयोगका कार्यविधिहरू, विदेशस्थित नेपालीको मतदाता नामावली सङ्कलन, स्थानीय तहमार्फत नामावली अद्यावधिक र निर्वाचन/मतदाता शिक्षाका सन्दर्भमा पार्टीको तर्फबाट लिखित सुझाव पेश गरिएको छ। निर्वाचन व्यवस्थापन तथा सञ्चालन ऐन र प्रस्तावित प्रदेश निर्वाचन कानूनबारे पनि

विभागले गहन छलफल गरी आवश्यक सुझावहरू दिएको छ ।

विभागले दल दर्ता, उम्मेदवारको मापदण्ड र संघीय संरचनाका तीनै तहमा हुने निर्वाचनका कानुनी तथा व्यावहारिक पक्षहरूबारे सुझाव दिने कार्य गरेको छ। यसै सन्दर्भमा, अनुशिक्षणका लागि आवश्यक पाठ्यसामग्री तयार गरी स्कुल विभागलाई उपलब्ध गराइएको छ। निर्वाचन आचारसंहिता, विशेष सर्कुलरको मस्यौदा, शक्ति संरचनाको विश्लेषण तथा धाँधली नियन्त्रणका उपायसम्बन्धी निर्देशिका तयार गरी पार्टी सचिवालयलाई उपलब्ध गराउने गरेको छ। साथै, निर्वाचनमा पार्टीले अवलम्बन गर्नुपर्ने रणनीति र पार्टीपङ्तीले निर्वाह गर्नुपर्ने भूमिकाबारे स्पष्ट जानकारी प्रदान गरिएको छ।

निर्वाचन व्यवस्थापनमा समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्दै विभागले पार्टीभित्र निर्वाचन एकेडेमी स्थापना गर्नुपर्ने प्रस्ताव तयार गरी केन्द्रीय सचिवालयमा पेस गरेको छ। यसका साथै निर्वाचन आयोगले तयार गरेको दलहरूको स्वमूल्याङ्कन कार्यविधिमा राय–सुझाव पेश गरिएको छ। हाल विभाग २०८२ कार्तिक २७ गते रूपन्देही क्षेत्र नं. ३ मा हुन लागेको उपनिर्वाचनका लागि तयारीको अन्तिम चरणमा छ। निर्वाचन विभागमा ११ जना सदस्य रहेका छन्।

### १०. पर्यटन तथा नागरिक उड्यन विभाग

यस विभागले आफ्नो वार्षिक कार्ययोजना अनुरूप पर्यटन क्षेत्रलाई चलायमान र प्रभावकारी रूपमा अघि बनाउनको लागि अन्तक्रिया कार्यक्रमको आयोजना गरेको छ । पर्यटन क्षेत्रले भोगिरहेका समस्याहरूको समाधान गर्न विज्ञहरूसँग छलफल गरी नीति तर्जुमा गर्ने चरणमा रहेको छ । साथै पर्यटन उद्योगको संरक्षण एवं विकासको लागि पार्टीको तर्फबाट विभागले सरोकार निकायसँग निरन्तर छलफल र सम्वाद समेत गरिरहेको छ ।

पर्यटन क्षेत्रका होटल, रिसोर्ट, उद्योग, रोजगारी, आयात, निर्यात, हिमाल आरोहण लगायत क्षेत्रका समस्या समाधान गर्नका लागि कार्यदलहरू गठन भएका छन् । ति कार्यदलहरूले दिने राय अनुसार पर्यटन क्षेत्रका समस्या समाधान गर्न ठोस कदम चालिने छ ।

होटल व्यवसायीहरूको लामो समयदेखिको विद्युतमा उद्योगले पाउनुपर्ने सुविधाका सम्बन्धमा नेपाल सरकारले सम्वोधन गरेको हुँदा नेकपा (एमाले) ले वास्तविकरूपमा व्यवसायीको आवाजलाई उठाएको भनी प्रशंसा समेत भएको छ। त्यसैगरी पर्यटन क्षेत्रका श्रमिकहरूको हक, हित र अधिकारका सम्बन्धमा समेत राज्यले व्यवस्थापन गरेको न्युनतम सेवा सुविधालाई उपलब्ध गराउनलाई व्यवसायीहरूलाई अनुरोध गरिएको र राज्यले पर्यटन क्षेत्रमा श्रमिकहरूले पाइरहेको सेवा सुविधाको सम्बन्धमा कानुन बनाएर व्यवस्थापन गर्ने भन्ने विषयले समेत विभागको कार्यलाई थप जिम्मेवार बनाएको महसुस भएको देखिन्छ। यस विभागमा २२ जना सदस्य रहेका छन्।

### ११. परराष्ट्र मामिला विभाग

बार्षिक कार्ययोजना अनुरूप विभिन्न मुलुकहरूसँगको विदेश नीति अध्ययन र प्राप्त सूचनाको विश्लेषण गर्न १६ वटा डेक्स निर्माण गरिएको छ। अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय राजनीतिक शक्ति सन्तुलनको अवस्था विश्लेषण गरी पार्टीको आधिकारिक धारणा बनाउने काम निरन्तर रूपमा भइरहेको छ। विभिन्न देशका राजनीतिक शक्ति सन्तुलनको विश्लेषण गर्न नियमित अन्तर्क्रिया र छलफलमार्फत प्राप्त सूचनालाई पार्टी नेतृत्व समक्ष सुझाव दिने काम गरिएको छ।

पार्टीको विदेश सम्बन्धलाई प्रभावकारी बनाउन विभागले नियमित गतिविधि सञ्चालन गरिरहेको छ। साथै नेपालको परराष्ट्र नीतिका बारेमा सुझाव सङ्कलन गरी विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ। पार्टीका जनसंगठनहरूले पनि परराष्ट्र सम्बन्ध कायम गर्ने हुँदा विदेश नीतिका विषयमा एकरूपता ल्याउन ती जनसंगठनका परराष्ट्र सम्बन्ध हेर्ने प्रमुखहरूसँग छलफल आयोजना गरिएको छ। पार्टीको वेबसाइटमा अपलोड हुने समाचारहरूको अङ्ग्रेजी अनुवाद गरी वेबसाइटमा राख्ने कार्य भइरहेको छ।

विभिन्न मुलुकका राष्ट्रिय दिवस, स्वतन्त्रता दिवस, संविधान दिवस, राष्ट्र प्रमुख तथा सरकार प्रमुख निर्वाचित हुँदा पार्टीका

तर्फबाट बधाई तथा शुभकामना सन्देश पठाउने कार्य निरन्तर भइरहेको छ। साथै विभिन्न मुलुकबाट नेपाल भ्रमणमा आउनुहुने विशिष्ट पाहुनाहरूले पार्टी अध्यक्ष तथा उच्च नेतृत्वसँग गर्ने शिष्टाचार भेटमा विभागका तर्फबाट समन्वय गर्ने र ती भेटका सम्बन्धमा नोट तयार गर्ने कार्य पनि गरिँदै आएको छ। हाल विभागमा २५ जना सदस्य रहेका छन्।

### १२. प्रचार तथा प्रकाशन विभाग

केन्द्रीय प्रचार तथा प्रकाशन विभागले बार्षिक प्रचार कार्ययोजना बनाई त्यसको कार्यतालिका समेत निर्धारण गरी कार्यान्वयन गरिरहेको छ । सो अनुसार, सबै प्रदेश तहमा प्रचार योजना तर्जुमा विस्तारित बैठक तथा प्रचार कार्यशालाहरू सम्पन्न भएका छन् । जनसंगठनका प्रचार विभागसँग प्रचार कामका सम्बन्धमा बैठक सम्पन्न भएको छ । बार्षिक कार्ययोजना कार्यान्वयनका लागि विभाग सदस्यहरूलाई कार्यविभाजन गरिएको छ । नेपालको सञ्चार क्षेत्रलाई व्यवस्थित रूपमा विकास गर्न पार्टीले अङ्गिकार गर्ने सञ्चार नीतिको मस्यौदा तयार गरी पार्टीलाई बुझाइएको छ । यसबाट भविष्यमा सञ्चार क्षेत्रको विकास तथा सम्बर्द्धनमा पार्टीको नीति र धारणा बनाउन योगदान पुग्ने छ ।

पार्टीले पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा आयोजना गरेको समृद्धिका लागि सङ्कल्प यात्रामा पार्टीको प्रचार विभागले प्रेस चौतारी नेपालको सहयोग र सहकार्यमा यात्रा अवधिभर स्थलगत समाचार सङ्कलन तथा सम्प्रेषण प्रभावकारी ढङ्गले गरेको छ । समृद्धिका लागि सङ्कल्प यात्राको प्रभाव, मध्यपहाडको विकास, रोजगारी, उत्पादन लगायतका सम्भावना र स्थानीयका समस्याहरूका बारेमा नेताहरूका अनुभव र विज्ञका सुझावहरू समेत समेटेर विशेष अङ्कका रूपमा नवयुग प्रकाशन भएको छ । यसैगरी सङ्कल्प यात्राका तस्वीरहरू समावेश गरी तस्वीर–पुस्तक प्रकाशित भएको छ । सूर्य खबर डिजिटल पत्रिका (भिडिओ समाचार)लाई नियमित गरिएको छ । पार्टीको वेबसाइट cpnuml.org दैनिक अपडेट गर्ने काम भइरहेको छ ।

गतबर्ष (२०८१)मा सञ्चार क्षेत्रको प्रतिष्ठित र पत्रकारहरूको साझा राष्ट्रिय संस्था नेपाल पत्रकार महासंघको निर्वाचन सम्पन्न भएको छ। उक्त संस्थामा अध्यक्ष, उपाध्यक्षसहित केन्द्रीय समितिमा सम्मानजनक उपस्थिति हुनेगरी विजयी बनाउने काममा विभागको महत्वपूर्ण भूमिका रहेको छ।

सकारात्मक सन्देश जनतामा पुऱ्याउने महत्वपूर्ण भूमिकामा रहेका आम सञ्चारमाध्यमहरूको अहिले पनि प्रभावकारी भूमिका रहेको छ । ती माध्यमहरूलाई पार्टीका सकारात्मक सन्देश प्रवाह गर्न अझ बढी समन्वयको जरूरी रहेको छ । सामाजिक सञ्जाल यतिबेला सूचना प्रवाहको बलियो माध्यम बनेको छ । यसको सही सदुपयोग गरी विकास र समृद्धिका पक्षमा गरिएका कामहरूलाई आम नागरिकसम्म पुऱ्याउन पार्टीले विशेष ध्यान दिँदै आएको छ । न्यू मिडियाका रूपमा रहेका माध्यमलाई प्रभावकारीरूपमा उपयोग गर्नु अहिलेको आवश्यकता हो । यसर्थ पार्टी आवश्यकता अनुसार सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्न थप ध्यान दिनुपर्ने जरूरी छ । हाल विभागमा १७ जना सदस्य रहेका छन्।

### १३. पार्टी स्कुल विभाग

केन्द्रीय पार्टी स्कुल विभागले यस अवधिमा पार्टीभित्र प्रशिक्षण, अनुशिक्षण र सहजीकरणका महत्वपूर्ण गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गरेको छ। पार्टीको दशौं महाधिवेशनपश्चात विभाग गठन भई व्यवस्थित रूपमा स्कुल सञ्चालनमा ल्याइएको हो। २०८० जेठ ११ र १२ गते स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूलाई लक्षित दुई दिने अनुशिक्षण कार्यक्रम आयोजना गरिएको थियो, जसमा एक वर्षको अनुभव, उपलब्धि र चुनौतीहरूबारे स्थानीय जनप्रतिनिधिहरूको प्रस्तुति तथा कार्यक्रम छनोट, वित्त व्यवस्थापन, सुशासन सुदृढीकरण र क्षमता अभिवृद्धि विषयमा विज्ञद्वारा प्रशिक्षण दिइयो। सो कार्यक्रममा पार्टीका तर्फबाट निर्वाचित ४४६ मध्ये २७६ जनप्रतिनिधिको सहभागिता रहेको थियो। त्यस्तै, २०८० मा जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरूलाई लक्षित एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो, जसमा करिब ३६ जना निर्वाचित जनप्रतिनिधि सहभागी थिए। यी दुवै कार्यक्रमको सफलतामा स्थानीय विकास विभाग सहआयोजकको रूपमा सक्रिय रहेको थियो।

प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू कर्णाली प्रदेशको सुर्खेत, मधेश प्रदेशको बारा, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको देउखुरी (दाङ), र सुदूरपश्चिम प्रदेशको धनगढी, कैलालीमा सम्पन्न भए, जसबाट ४०८ जना प्रशिक्षक तयार भए। यसैगरी, जनसङ्गठनहरूका लागि आयोजित प्रशिक्षक प्रशिक्षणबाट हालसम्म ५७७ जना प्रशिक्षक उत्पादन भएका छन्। विभागले तयार पारेको पाठ्यक्रम केन्द्रीय कमिटीबाट पारित भई प्रकाशित भइसकेको छ, साथै आधारभूत तहको पाठ्यपुस्तक, प्रशिक्षक म्यानुअल र माध्यमिक तहका लागि प्रशिक्षणका विस्तृत बुँदाहरू प्रकाशनको अन्तिम तयारीमा छन्।

केन्द्रीय पार्टी स्कुल विभागले विशेष प्रदेश कमिटी, विभिन्न जिल्ला, सम्पर्क कमिटी र जनसङ्गठनहरूले सञ्चालन गर्ने प्रशिक्षणका लागि प्रशिक्षक उपलब्ध गराउने, कोर्स तयार गर्ने र कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने कार्य निरन्तर गरिरहेको छ। पार्टीका विभिन्न तहका प्रशिक्षणका लागि पाठ्यक्रमलाई पूर्णता दिइएको छ, साथै पठन संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले २०८२ साउनदेखि पुस्तक चर्चा कार्यक्रम सुरु गरिएको छ। हाल विभागमा २० जना सदस्य रहेका छन्।

### १४. भूमि व्यवस्था विभाग

नेकपा (एमाले) केन्द्रीय भूमि व्यवस्था विभागले यस अवधिमा पाँच वटा बैठक सम्पन्न गर्दै समसामयिक विषयमा गहन छलफल र आवश्यक निर्णयहरू गरी कार्यान्वयनमा अघि बढाएको छ। विभागले भूमिसम्बन्धी विज्ञहरूको रोष्टर अद्यावधिक गर्दै, नेपालको भूमि व्यवस्थासम्बन्धी पार्टीका दस्तावेजहरूको अध्ययन गरी त्यसमा उल्लेखित मुख्य बुँदाहरू समेटेर पार्टीका निर्णयहरूको टिपोट पुस्तिका तयार गरी केन्द्रीय कार्यालयमा बुझाएको छ, जसलाई विभागभित्र अध्ययनको विषय बनाइएको छ। पार्टी केन्द्रीय कार्यालय समक्ष २०८१ पुस १५ गते १० बुँदे सुझाव प्रस्तुत गर्नुका साथै २०८२ वैशाख २१ गते नेपाल सरकारको आ.ब. २०८२/८३ नीति तथा कार्यक्रममा समावेश हुनुपर्ने बिषय, नयाँ कानुनको तर्जुमा र संरचनागत रूपान्तरणका सम्बन्धमा थप सुझावहरू पेश गरिएको छ। साथै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई कार्य सम्पादनका सम्बन्धमा, भूमि समस्या समाधान आयोगको गठन प्रक्रिया र नीतिगत सुधारका विषयमा आवश्यक सुझावहरू उपलब्ध गराइएको छ।

यससँगै, नेपालको अन्तर्राष्ट्रिय सिमाना र सीमा सुरक्षा, गुठीको इतिहास र कानुन, सुकुम्बासी तथा भूमिहीनको भूस्वामित्व, आवास र रोजगारीका लागि आवश्यक नीति र संरचनागत व्यवस्थासहितको अवधारणा तथा भूमि व्यवस्था रूपान्तरणको मार्गचित्रसम्बन्धी अवधारणा पत्र तयार गर्ने कार्य पनि प्रगतिमा रहेको छ। हाल विभागमा ११ जना सदस्य रहेका छन्।

### १५. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरूप मुलुकको समग्र निर्माणको क्षेत्रमा नीति तर्जुमा गर्न विज्ञहरूसँग छलफल र अन्तर्क्रिया गरेको छ । सडक, रेल र जल यातायात, निर्माण व्यवसाय, इन्जिनियरिङ र यातायात व्यवस्थाका क्षेत्रमा काम गर्न विभागले पार्टी नीतिको मस्यौदा गरेको छ । भौतिक पूर्वाधारका क्षेत्रमा पार्टीको स्पष्ट दृष्टिकोण बनाउन नीतिगत मस्यौदालाई विज्ञहरूसँगको छलफलपछि अन्तिम रूप दिइने छ । त्यसका लागि विज्ञ समूहको गठन गरिएको छ भने विज्ञहरूसँग नियमित रूपमा छलफल, अन्तर्क्रिया भइरहेका छन् । हाल विभागमा २९ जना सदस्य रहेका छन्।

### १६. युवा तथा खेलकूद विभाग

युवा तथा खेलकुद विभागले बार्षिक कार्ययोजना तयार गरी खेलकूद क्षेत्रलाई व्यावहारिक रूपमा अगाडि बढाउन सुव्यवस्थित र युवाहरूका समस्या पहिचान तथा समाधानका उपायसहित परिचालन गर्न छलफल तथा अन्तर्क्रिया गर्दै आएको छ । खेलकुदप्रति युवा खेलाडीलाई आकर्षित गर्न, उनीहरूमा खेल क्षमता बृद्धि गर्न तथा खेलाडीलाई आत्मनिर्भर बनाएर अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन आवश्यक नीति निर्माणमा विभाग जुटिरहेको छ । यसका लागि विभागले छ सदस्यीय उपसमिति गठन गरेर काम गरिरहेको छ।

त्यस्तै खेल पूर्वाधारको क्षेत्रमा नयाँ खेल संरचनाको निर्माण, चालु खेल संरचनाहरूको स्तरउन्नति तथा पुनर्निर्माण

लगायतका कामहरू प्रभावकारी ढङ्गले अघि बढाउन सम्बन्धित निकायलाई सुझाव दिँदै आएको छ । राष्ट्रिय युवा नीति, त्यसमा गर्नुपर्ने नीतिगत सुधार , युवाहरूको समस्याको पहिचान र समाधानका उपायहरूको बारेमा वृहत छलफल गरी उपायहरू सुझाउन एक उप समिति गठन गरी काम भैरहेको छ। विभागका नियमित कामहरू चलिरहेका छन्। त्यस्तै खेल पूर्वाधार तथा संरचनाको निर्माण, भएका संरचनाको स्तरउन्नति तथा पुनर्निर्माण लगायतका कामहरू प्रभावकारी ढङ्गले अघि बढाउने सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिइँदै आएको छ । यस विभागमा २२ जना सदस्य रहेका छन्।

### १७. राष्ट्रिय हित तथा सुरक्षा विभाग

बार्षिक कार्ययोजना निर्माण गरी यस विभागका नियमित कामलाई अगाडि बढाइएको छ । राष्ट्रको हित हुने गरी राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डताको रक्षा तथा सामजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी राष्ट्रिय सुरक्षा नीतिको विकास गर्न आवश्यक छ । त्यसका लागि विभागले सुरक्षा नीति र समसामयिक विषयमा छलफल गर्दै आएको छ । पार्टीका विभिन्न बैठक तथा कार्यक्रमहरूमा सुरक्षासँग सम्बन्धित कामको जिम्मेवारी निरन्तर निर्वाह हुँदै आएको छ । विभागमा १० जना सदस्य रहेका छन्।

### १८. वन तथा वातावरण विभाग

यस विभागले बार्षिक कार्ययोजना निर्माण गरी नियमित रूपमा वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आवश्यकता अनुसार अरु विभागसँग पनि सहकार्य गर्दै विभिन्न तहका पार्टी नेतृत्वलाई पनि त्यस्ता कार्यक्रममा सहभागी गराउँदै आएको छ। २०७९ सालमा भएको स्थानीय तह, प्रदेश र संघीय चुनावमा पार्टीले तयार पारेको घोषणा पत्रमा वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा पार्टीले लिनुपर्ने नीति तथा कार्यक्रमको सम्बन्धमा विज्ञसँग छलफल गरी केन्द्रीय सचिवालयलाई सुझाव प्रस्तुत गरेको थियो। त्यस्तै नेकपा (एमाले)को नेतृत्वमा गठन भएको वर्तमान सरकारले वन, वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा तत्काल र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यक्रमको बारेमा विस्तृत प्रतिवेदन पार्टी केन्द्रीय सचिवालयलाई पेश गरेको थियो। जलवायु परिवर्तन र जलवायु न्याय सम्बन्धी हुने विश्व जलवायु सम्मेलन (कोप–२६ देखि २९ सम्मका सबै)मा जलवायु परिवर्तन, जलवायु न्याय र नेपालको सर्वोपरि हित हुने गरी नेपालले उठाउनुपर्ने मुद्दा तथा नेपालले लिनुपर्ने अडानका सन्दर्भमा पार्टीको परराष्ट्र मामिला विभागसँगको सहकार्यमा समेत विज्ञहरूसँग छलफल गरी पार्टी मार्फत नेपाल सरकारलाई सुझाव पेश गर्दै आइरहेको छ। विभागले त्यस्ता विश्व जलवायु सम्मेलनबाट भएका निर्णय र तिनको कार्यान्वयनका लागि नीतिगत बहस, अन्तर सम्वाद र पैरबी सम्बन्धी कार्यक्रमहरू गर्दै आएको छ।

वन तथा वातावरण क्षेत्रका विज्ञहरू बीच पार्टीको प्रचार प्रसार गर्ने तथा यो क्षेत्रका पार्टी कार्यकर्ता पार्टी काममा नियमित संलग्न गराई राख्ने उद्देश्यले समेत जननेता मदन भण्डारी, पुष्पलाल श्रेष्ठ र तुलसीलाल अमात्यको जन्मजयन्ती तथा राष्ट्रिय सामुदायिक वन दिवसको अवसरमा पार्टी अध्यक्षसहितका नेताहरूको उपस्थितिमा हरेक बर्ष वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । त्यस्तै विभागले वनमा आधारित उद्यम प्रबर्द्धन गर्ने उद्देश्यले २०८० साउन २५ मा प्रदर्शनी समेत आयोजना गरेको थियो।

जलवायु परिवर्तनबाट नेपालले हिमालमा हिउँ पग्लिने समस्याको जोखिम भोग्दै आएको छ । त्यसको बारेमा पार्टीको धारणा बनाउने काम विभागले छलफल र बहस चलाउने गरेको छ । यस विभागमा १२ जना सदस्य रहेका छन्।

### १९. वित्त तथा कोष व्यवस्थापन विभाग

बार्षिक कार्ययोजना अनुसार चालु आर्थिक वर्षको अनुमानित बजेट आय–व्यय योजना तयार गरी विभागले पार्टीको आर्थिक व्यवस्थापनलाई व्यवस्थित बनाएको छ। विगत लामो समयदेखि कमिटी र व्यक्तिका नाममा रहेका सन्दर्भविहीन बेरुजुलाई राइट–अप गरी मिलान गर्न सिफारिस गरिएको छ। हरेक दिन बेलुका ५ बजेपछि आम्दानी र खर्चको विवरण सम्बन्धित जिम्मेवार व्यक्तिलाई इमेलमार्फत उपलब्ध गराउने प्रणाली लागू गरिएको छ। साथै, भुक्तानी

गर्न बाँकी रहेका स्थानमा ताकेता गर्ने कार्य गरिएको छ। सदस्य शुल्क वापत प्राप्त रकमको ३५ प्रतिशत केन्द्र, २० प्रतिशत प्रदेश, २० प्रतिशत जिल्ला, १५ प्रतिशत पालिका र १० प्रतिशत वडा तहमा वितरण गर्ने व्यवस्था गरिएको छ। यस प्रकार सदस्यता शुल्क अनिवार्यरूपले तोकिएअनुसार प्रभावकारी कार्यान्वयन भएको छ। पार्टीमा बुझाउनुपर्ने लेवी विगत केही समयदेखि बाँकी रहेकाहरूको नामावली तयार गरी तिर्न ताकेता गरिएको छ। पार्टी केन्द्रबाट हुने खर्चहरूमा मितव्ययिता अपनाइएको छ।

तुल्सीलाल स्मृति प्रतिष्ठानको भवन निर्माण र मर्मतसम्बन्धी सम्पूर्ण भुक्तानी सम्पन्न गरिएको छ। पार्टीको 'लकेट' बिक्रीबाट प्रतिगोटा एकसय रूपैयाँ आम्दानी सुनिश्चित गरिएको छ भने जाजरकोट र रुकुमका भूकम्प प्रभावित क्षेत्रमा राहतका लागि विभिन्न कमिटीबाट सङ्कलित रकम अभिलेखीकरण गरिएको छ। यसैगरी, स्वयंसेवक परिचालनमा खर्च भएको रकम र बाँकी मौज्दात रकम बैंक खातामा सुरक्षित राखिएको छ। जसले स्रोत व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरेको छ।

केन्द्रीय लेखा सफ्टवेयरलाई व्यवस्थित गर्दै प्रदेश, जिल्ला र पालिकास्तरमा प्रयोग गर्न सकिने सफ्टवेयर निर्माण भई सुरु गरिएको छ। हरेक आर्थिक वर्षको आय–व्यय विवरण तयार गरी लेखा परीक्षण सम्पन्न गराई निर्वाचन आयोगमा पेश गर्ने कार्य निरन्तर जारी छ। साथै, परीक्षण प्रतिवेदन पार्टीको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ। विभागले पार्टीको चल–अचल सम्पत्तिको खोजबिन, सुरक्षा र संरक्षणमा प्राथमिकता दिएको छ। लेखा प्रणाली दुरुस्त गर्न सतर्कता अपनाएको छ र लेखा आयोगको सुझाव कार्यान्वयनमा सक्रिय रहँदै आएको छ। सम्पूर्ण सदस्यहरूबीच जिम्मेवारी बाँडफाँट गरी कार्य सम्पन्न गर्ने अभ्यास गरिँदै आएको छ। हाल विभागमा पाँच जना सदस्य छन्।

## २०. विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग

विपद् व्यवस्थापन विभागले आफ्नो वार्षिक कार्ययोजना अनुरूप विपद् व्यवस्थापन र स्वयंसेवा क्षेत्रमा प्रभावकारी काम गर्दै आएको छ। विशेषगरी रुकुम र जाजरकोटमा भूकम्पबाट क्षति भोगेका सर्वसाधारणको राहतका लागि १,१२५ जना पार्टी कार्यकर्ताले सक्रिय रूपमा उद्धार र राहत वितरणमा योगदान दिएका छन्। भूकम्पले क्षति पुऱ्याएका संरचनाको भग्नावशेष हटाउने, अस्थायी आवास र राहतका लागि टहरा निर्माण गर्ने कार्यहरू विभागद्वारा व्यवस्थित रूपमा सञ्चालन भएका थिए। यसअनुरूप ५०३ वटा भग्नावशेषको व्यवस्थापन, ९२३ व्यक्तिगत अस्थायी आवास निर्माण र १६ विद्यालयमा अस्थायी टहरा निर्माण गरिएको थियो। साथै, विभागले पार्टीका विभिन्न कार्यक्रमहरूमा स्वयंसेवकको भूमिका निर्वाह गर्दै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाएको छ।

२०८१ असोज महिनामा आएको आकस्मिक बाढीका कारण सिर्जित क्षतिलाई समयमै उद्धार र राहत उपलब्ध गराउन पार्टी कार्यकर्ता तथा मातहत कमिटीहरू परिचालित थिए। विभागले आगामी प्रकोपको पूर्वतयारीका लागि प्राकृतिक प्रकोप अघि नेपाल सरकारलाई आवश्यक सुझाव र ध्यानाकर्षण गराउने भूमिका पनि निर्वाह गरेको छ। यसै क्रममा, पार्टीको तर्फबाट प्रधानमन्त्रीको प्रकोप उद्धार कोषमा राहतार्थ रु ५० लाख हस्तान्तरण गरिएको छ। जसले विपद् व्यवस्थापनमा पार्टीको प्रतिबद्धता र दिगो स्वयंसेवा संस्कृति प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। हाल विभागमा २३ जना सदस्य छन्।

## २१. विज्ञान तथा प्रविधि विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी विज्ञान र प्रविधिको क्षेत्रमा प्रभावकारी भूमिका खेल्न पार्टी नेतृत्वसमक्ष नीतिगत सुझाव दिने काम गरेको छ । प्रविधि प्रयोगको क्षेत्रमा देखिएका समस्या र चुनौतीको अध्ययन गरी सुझाव पेश गर्नुका साथै प्रविधिको विकासको माध्यमबाट उत्पादकत्वको वृद्धि, श्रमको सहजता र सीपमा आधुनिकीकरण गर्ने कार्यमा नीति निर्माण गर्न विभाग लागिपरेको छ । त्यसका लागि विज्ञहरूसँग नियमित छलफल हुँदै आएको छ । विभागले समय समयमा विज्ञान तथा प्रविधिका क्षेत्रमा भइरहेका नयाँ प्रयोग लगायतका विषयमा छलफल, अन्तर्क्रिया गर्दै आएको छ । यस विभागले विज्ञान र प्रविधि नामक पुस्तक प्रकाशन गर्दै आएको छ। नेकपा (एमाले) को विज्ञान प्रविधि र नवप्रवर्तन

सम्बन्धी नीति समेत तयारी गरिएको छ। यस विभागले 'एआइ' नीति, डिजिटल नेपाल निर्माणमा हाम्रो भूमिका विषयमा राष्ट्रिय गोष्ठी समेत सम्पन्न गरेको छ। विभागले विभिन्न विषय सम्बद्ध विज्ञहरूसँग नियमित सम्वाद/छलफल गर्दै आवश्यक सुझावहरू पार्टीलाई उपलब्ध गराउँदै आएको छ। विभागले पार्टी केन्द्रीय कार्यालयमा विज्ञान र प्रविधि प्रदर्शनी समेत सम्पन्न गरेको छ। हाल विभागमा २८ जना सदस्य छन्।

### २२. शिक्षा तथा मानवस्रोत विभाग

यस विभागका तर्फबाट वार्षिक कार्ययोजना अनुरूप शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत सुझाव सङ्कलन गरी पार्टीको स्पष्ट दृष्टिकोण बनाउने काम भएको छ । माध्यमिक तह, कक्षा ११ र १२ को अध्यापन भइरहेका विषयहरूको विश्लेषण, प्रादेशिक जनशक्तिको प्रक्षेपण र शिक्षा तथा जनशक्तिको प्रक्षेपण गर्न अनुसन्धानमूलक कार्यको थालनी गरिएको छ । उच्च शिक्षाका समस्या, चुनौती र सम्भावनाका विषयमा समेत विभागले विज्ञहरूसँग छलफल गरेको छ । साथै शिक्षा क्षेत्रमा प्रभावकारी सुधार र मानवस्रोतको व्यवस्थापनका लागि शिक्षा नीति सम्बन्धमा छलफल हुँदै आएको छ ।

विभागले विभिन्न चरणमा सरोकारवाला तथा विज्ञहरूसँग गहन छलफल गर्दै प्राप्त सुझावको आधारमा आ.व. २०८२/८३ का लागि शिक्षा सम्बन्धी प्रस्ताव नेपाल सरकारको नीति कार्यक्रममा समावेश गराउन पहल गरेको छ। वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनमा विशेष ध्यान दिँदै, विद्यालय शिक्षा विधेयक निर्माणका क्रममा शिक्षक संगठन, शिक्षा मन्त्रालय, राजनीतिक दल र अन्य सरोकारवाला निकायसँग निरन्तर संवाद गरी विधेयक पारित गराउन पार्टी र सरकारसँग समन्वयकारी भूमिका निर्वाह गरिएको छ। यसबीच नेपाल प्रगतिशील प्राध्यापक संगठनको ११ औं राष्ट्रिय सम्मेलन २०८२ वैशाख ८–९ गते काठमाडौंमा सम्पन्न भएको छ। शैक्षिक क्षेत्रलाई बन्द–हड्तालरहित बनाउने प्रतिबद्धतासहित पार्टी र सरकारसँग सहकार्य गरिएको छ भने प्राविधिक शिक्षाको व्यवस्थापनबारे मन्त्रालयस्तरीय छलफल गरिएको छ। मुलुकको वर्तमान अवस्था र आवश्यकतालाई ध्यानमा राखी आगामी उच्च शिक्षाको रूपरेखा निर्माणका लागि प्राध्यापक संगठन, विभाग, शिक्षा मन्त्री र पार्टीबीच अवधारणा विकासको प्रक्रिया सुरु भएको छ। साथै, शैक्षिक क्षेत्रमा हुने विभिन्न नियुक्तिहरूका सन्दर्भमा पार्टी, मन्त्रालय र विभागबीच सकारात्मक र प्रभावकारी समन्वय कायम गरिएको छ। हाल विभागमा २३ जना सदस्य छन्।

### २३. श्रम तथा रोजगार विभाग

श्रम तथा रोजगार विभागले आफ्नो बार्षिक कार्ययोजना निर्माण गरेको छ । पहिलो चरणमा श्रम तथा रोजगार क्षेत्रका विषयसँग सम्बन्धित विषय विज्ञहरूको नामावली सङ्कलन गर्ने काम सम्पन्न भएको छ । विभागले पार्टीको नीति अनुसन्धान प्रतिष्ठान र पार्टीको पर्यटन तथा नागरिक उड्डयन विभागद्वारा आयोजना गरिएका दुईवटा छलफल कार्यक्रममा सहभागिता जनाएको छ ।

विभागबाट श्रम तथा रोजगार क्षेत्रसँग सम्बन्धित विभिन्न नीति तथा ऐन संशोधन सम्बन्धमा छलफल आयोजना गर्ने योजना बनाएको छ। हाल विभागमा १२ जना सदस्य छन्।

### २४. संगठन विभाग

यस विभागले नियमित वार्षिक कार्ययोजना अनुरूप पार्टीको संगठनात्मक सुदृढीकरणलाई प्राथमिकतामा राखेर काम गरेको छ। दशौं राष्ट्रिय महाधिवेशन यता पार्टी सदस्यता नवीकरणको काम बार्षिकरूपमा सम्पन्न गर्दै आएको छ। २०८२ सम्मको सदस्यता नवीकरण, अद्यावधिक र अभिलेखीकरण कार्य पुरा भइसकेको छ। पार्टी सदस्यता नवीकरण तथा विस्तारमा सुधार आएको छ। २०८१ को तुलनामा पार्टी सदस्य सङ्ख्यामा ३० प्रतिशत वृद्धि भएको छ।

अहिलेसम्म सबै प्रदेश र जिल्ला अधिवेशन सम्पन्न भइसकेका छन् भने स्थानीय तहमा ७५३ पालिका मध्ये १०० पालिका, ६७४३ वडामध्ये १४०३ वडाका अधिवेशन अझै बाँकी रहेका छन्। प्रारम्भिक विवरण अनुसार, टोलस्तरमा करिब ५० प्रतिशत मात्र पार्टी अधिवेशन सम्पन्न भएका

छन्। त्यसैगरी समयावधी पुगेका १६ वटा जनसंगठनको दोश्रोपटक राष्ट्रिय अधिवेशनहरू सम्पन्न भएका छन्।

पार्टी अधिवेशनहरूमा सहजता ल्याउन सदस्यता प्रमाणिकरण, प्रतिनिधि छनोट कार्यविधि र नेतृत्व चयनका लागि समानुपातिक प्रतिनिधित्वको कोटा निर्धारणजस्ता तयारी कार्यहरू संगठन विभागको प्रत्यक्ष समन्वयमा सम्पन्न भएको थियो।

संगठनात्मक कार्यलाई थप व्यवस्थित गर्न विभागले २०७९ सालमा प्रदेश–प्रदेशमा कार्यशालाहरू गरेको थियो भने २०८१ मंसिरमा दुईदिने राष्ट्रिय कार्यशाला सम्पन्न गरेको थियो। स्थानीय तहमा पार्टी कामका समस्या केन्द्रित उक्त राष्ट्रिय कार्यशालाले नै पार्टी वडा–केन्द्रित अभियानमा जानुपर्ने निस्कर्ष निकालेको थियो। विभागको अवधारणा–पत्र सहितको आग्रह बमोजिम केन्द्रीय कमिटीले तीन महिने वडा–केन्द्रित अभियान (जरा अभियान) सञ्चालनगर्ने निर्णय गरेको थियो। अभियानले पार्टीलाई एक हदसम्म भूईंमा पुऱ्याउने काम गरेको छ।

यस अवधिमा संगठन विभागले पार्टीको संगठनात्मक कामको अनुगमन गरेको छ। सम्पूर्ण पार्टी सदस्यहरूलाई अनलाइन अभिलेखिकरणमा ल्याउने काम अघि बढाएको छ। सदस्यहरूको प्रोफाइलिङ र वेबसाइट निर्माणको काम सुरुगरेको छ। विभागका पूर्व प्रमुखहरूसंग अन्तरक्रिया गरेर उहाँहरूका अनुभव लिएको छ। हाल विभागमा १७ जना सदस्य रहेका छन्।

## २५. संसदीय विभाग

संसदीय विभागले आफ्नो बार्षिक कार्ययोजना अनुसार संसदमा पार्टीको तर्फबाट प्रभावकारी भूमिका निर्वाह गर्न निरन्तर छलफल र अन्तर्क्रिया गर्दै आएको छ। विभागले संसदमा पेश हुने कानुनका मस्यौदा, प्रस्तावित विधेयक र अन्य संवेदनशील विषयहरूमा पार्टीको दृष्टिकोण तथा रणनीति निर्धारण गर्ने काम गरिरहेको छ। साथै संसदीय भूमिकालाई प्रभावकारी बनाउन योजना निर्माण र त्यसको कार्यान्वयन सुनिश्चित गरिएको छ। जसले संघीय संसदमा पार्टीको नीति तथा निर्णय प्रक्रियामा योगदान पुऱ्याएको छ। सांसदहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। प्रशिक्षणमा विषय विज्ञहरूले सांसदहरूलाई संघीय शासन प्रणाली, न्यायपालिका तथा संघीय संस्थाहरू बीचको अन्तरसम्बन्ध र संसदीय जिम्मेवारीबारे अभिमुखीकरण गरेका थिए। विभागले संघीय शासनमा अन्तरद्वन्द्व न्यूनीकरण र समन्वय सुदृढ पार्न सहजीकरणको भूमिका पनि निर्वाह गर्दै आएको छ।

साथै, विभागले संघीय संसदमा पेश हुने मस्यौदा विधेयक र यसका अन्तरवस्तुहरूबारे छलफल गरी पार्टीको तर्फबाट आवश्यक सुझाव तथा सल्लाह प्रदान गर्दै आएको छ। मस्यौदा विधेयकमा संशोधन प्रस्ताव तयार गरी विषयगत समितिमा पेश गर्ने कार्य पनि नियमित रूपमा सञ्चालन भइरहेको छ। संघीय सांसदहरूको विदेश भ्रमणका क्रममा संसदीय दलका नेता, उपनेता र प्रमुख सचेतकलाई आवश्यक जानकारी उपलब्ध गराउने कार्य विभागद्वारा व्यवस्थित रूपमा भइरहेको छ। हाल विभागमा १७ जना सदस्य छन्।

## २६. सङ्घीय मामिला तथा सामान्य प्रशासन विभाग

यस विभागले बार्षिक कार्ययोजना बनाई काम अघि बढाएको छ । संघीय प्रशासनका विषयमा विज्ञहरूसँग छलफल गरी पार्टीको धारणा बनाउने काम भएको छ ।

विभागले नेपालको संघीय राज्य व्यवस्था तथा प्रशासनिक सुधारका लागि विज्ञहरूसँग छलफल गर्नुका साथै स्रोत व्यवस्थापन गरी प्रदेश तहमा अन्तर्क्रिया आयोजना गर्ने तयारी गरिरहेको छ । हाल विभागमा १२ जना सदस्य रहेका छन्।

## २७. सामाजिक सेवा विभाग

यस विभागले वार्षिक कार्ययोजना पारित गरी नेपाल लगायत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका प्रगतिशील सामाजिक आन्दोलनको समीक्षा, सामाजिक तथा सामुदायिक संघ संस्थाहरूको व्यवस्थित सञ्चालन र राष्ट्रिय आवश्यकता अनुसार परिचालन र सहजीकरण, विश्वव्यापी रूपमा यस क्षेत्रले भोग्दै आएका समस्याहरूका बिषयमा विश्लेषण गरिएको छ। नेपालमा क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कामको लागि उपयुक्त वातावरण

निर्माण, मूल्याङ्कनका आधारभूत मापदण्डको निर्माणका काम निरन्तर अगाडि बढाइएका छन्। यस क्षेत्रको नीति तर्जुमा गर्नका लागि सुझाव पेश गर्ने काम गरेको छ । दिगो विकास लक्ष्य र सामाजिक क्षेत्रको वास्तविक यथार्थको विश्लेषण गरी राय पेश गर्ने काम भएको छ । जसबाट सामाजिक संघसंस्था र सामुदायिक संस्थाहरूको विकास र यसको संरक्षण र प्रबर्द्धनका लागि पार्टीको भूमिका प्रभावकारी बनाउन नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने छ। विभागमा १३ जना सदस्य छन्।

### २८. सामाजिक सुरक्षा र समाज कल्याण विभाग

यस विभागले आफ्नो बार्षिक कार्ययोजना पारित गरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित र असहायहरूको सामाजिक जीवनको सुरक्षा प्रदान गर्न आवश्यक नीति बनाउने काम गरिरहेको छ । विभागका सदस्यहरूको कार्य विभाजन गरी काम गरिरहेको छ। समाजको अति संवेदनशील यस क्षेत्र र पार्टी सम्बन्धलाई प्रभावकारी बनाउन ठोस कदम चाल्नुपर्ने आवश्यक छ । त्यसका लागि विभागले अध्ययन अनुसन्धान गरिरहेको छ । विभागले सामाजिक आन्दोलनका सरोकारवालाहरूसँग विभागको कार्यक्षेत्र अनुसार के कसरी अगाडि बढ्नुपर्छ, जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ताको अवस्था, सामाजिक सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास कानुन तथा सन्धि सम्झौताहरू र औपचारिक र अनौपचारिक क्षेत्रका मजदुरका समस्या जस्ता विषयमा गोष्ठी तथा छलफलहरू आयोजना गरेको छ। विभागमा १५ सदस्य छन्।

### २९. सहकारी तथा गरिबी निवारण विभाग

विभागले वार्षिक कार्ययोजना पारित गर्दै सातै प्रदेशमा भेला सम्पन्न गरेको छ। सहकारी क्षेत्रमा देखिएका समस्या समाधानमा विशेष चासो दिँदै, पीडितलाई न्याय दिलाउन प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराइएको छ। राष्ट्रिय सहकारी महासंघ र नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि. (नेप्स्कून) का निर्वाचन सफलतापूर्वक सम्पन्न भएका छन्। जसमा राष्ट्रिय सहकारी महासंघमा पार्टीको नेतृत्व स्थापित भएको छ। नेप्स्कून निर्वाचनमा आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिने व्यक्तिहरूविरुद्ध कारबाहीको प्रक्रिया अघि बढाइएको छ। सहकारी अभियानलाई संस्थागत रूप दिन पहिलो पटक नेकपा (एमाले) सहकारी नीति प्रकाशन गरिएको छ भने प्रदेशस्तरका अधिकांश संघहरूमा पनि हाम्रो नेतृत्व कायम भएको छ।

केन्द्रीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटमा सहकारी क्षेत्रका एजेन्डा सम्बोधन गर्न सुझाव दिइएको छ। जसको केही प्रावधान २०७४ सालदेखि ऐन कार्यान्वयनमा समेटिएका छन्। विद्यमान सहकारीका समस्या समाधान गर्न सहकारी ऐन २०७४ को संशोधन गर्नुपर्ने विषयमा प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गरिएको छ। यो प्रस्ताव मूल पार्टीहरूका संसदीय दलमा समेत बुझाइएको छ। विभागले सहकारी समस्या समाधानका उपायहरू पहिचान गरी सहकारी मन्त्रालय, सम्माननीय प्रधानमन्त्री तथा सम्बन्धित निकायसँग बहस, पैरवी र सुझाव आदान–प्रदान गर्दै आएको छ। साथै, सहकारी समस्या व्यवस्थापन समिति र राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई आवश्यक सिफारिस र सहजीकरण गरिएको छ। विभागमा २३ सदस्य छन्।

### ३०. शहरी विकास विभाग

यस विभागले बार्षिक कार्ययोजना अनुसार शहरी विकासका लागि नीति नियमका बारेमा छलफल गर्दै आएको छ । त्यसका लागि विज्ञहरूको रोष्टर तयार पार्ने काम भएको छ । काठमाडौं उपत्यकाको शहरी विकास अवधारणा बारेमा विभागले विज्ञहरूसँग अन्तर्क्रिया कार्यक्रम समेत गरेको छ ।

विभागले नेपालका शहरहरूको बर्गीकरणका लागि तीन सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलले प्रतिवेदन लेखनको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ । विभागमा १६ जना सदस्य छन्।

### ३१. साहित्य, कला तथा संस्कृति विभाग

यस विभागले बार्षिक कार्ययोजना पारित गरी कला, साहित्य, संगीत, चित्रकला ललितकला, नाट्यशास्त्र भाषा तथा लोक साहित्यको क्षेत्रमा रचनात्मक काम गरिरहेको छ । कार्ययोजना अनुरूप विभागका बैठक र गतिविधि नियमित भइरहेका छन् ।

संविधान दिवसको अवसरमा गत असोज ३ गते पार्टीले गरेको कार्यक्रममा मौलिक नेपाली बाजाहरू र धुन प्रस्तुत गरिएको थियो । कला संस्कृतिको जगेर्नाका लागि राष्ट्रिय जनसांस्कृतिक महासंघको सहयोगमा पार्टीका जनसभा लगायतका कार्यक्रममा जनपक्षीय साँस्कृतिक प्रस्तुति हुँदै आएको छ । साथै कला क्षेत्रको सम्बर्द्धन एवं विकासको लागि देशभरि कलाकारलाई जनपक्षीय अभियान सञ्चालनमा सामेल गर्न नीतिगत नेतृत्व गर्ने काम समेत गरिएको छ ।

नेपाली संस्कृतिको जगेर्नाका रूपमा श्रष्टा भेटघाट, साहित्यिक अन्तर्क्रिया तथा छलफल, साहित्यिक गोष्ठी आयोजना गरिएको छ । साथै, साहित्यिक पत्रिका 'युगदूत' सातौँ अङ्क प्रकाशन गरिएको छ। ऐतिहासिक जनआन्दोलन २०४६ चैत ३ गतेको सम्झनामा चैत ९ गते कवि गोष्ठी सम्पन्न गरिएको छ । त्यस्तै, पुष्पलाल स्मृति दिवसका अवसरमा कवि गोष्ठीको आयोजना गरिएको छ। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा गत फागुन २५ गते नेपाली साहित्यमा महिला लेखनको वर्तमान अवस्था: चुनौती र सम्भावना विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस विभागमा २८ जना सदस्यहरू रहेका छन्।

## ३२. स्थानीय विकास विभाग

यस विभागले वार्षिक कार्ययोजना अनुरूप जनप्रतिनिधिहरूलाई दक्ष बनाउन पालिकाका प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षहरूका लागि स्थानीय विकास तथा आगामी बजेट निर्माण विषयमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। नेतृत्व विकासका लागि जिल्ला समन्वयका प्रमुख र उपप्रमुखको राष्ट्रिय भेला सम्पन्न भएको छ । स्थानीय तहलाई बलियो र प्रभावकारी बनाउन सातै प्रदेश स्तरीय भेला सम्पन भएका छन् । स्थानीय सुशासन कायम गर्न र सेवालाई जनमुखी एवं प्रभावकारी बनाउन नीतिगत सुधारका लागि पहल गर्ने काम भइरहेको छ । तीनवटै तहका सरकारलाई आगामी वर्षको नीति कार्यक्रम र बजेटमा समेट्नुपर्ने विषयहरू समावेश गर्न पार्टीलाई सुझाव पेश गरेको छ। स्थानीय तहका जनप्रतिनिधिहरूको कार्य सम्पादन स्तर अभिबृद्धि गर्नका लागि तीनदिने बन्द प्रशिक्षण शिविर सम्पन्न गरिएको छ । पार्टीबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको प्रदेश, जिल्ला तथा पालिकागत डेटाबेस तयार गरिएको छ । विज्ञहरूको रोष्टर तयार गरिएको छ । स्थानीय तह सञ्चालन निर्देशिका २०७९ को तयारी गरी केन्द्रीय कमिटीबाट जारी समेत भइसकेको छ । जनप्रतिनिधिहरूको मूल्याङ्कनका लागि सूचकहरूको मस्यौदा तयार गरिएको छ । जनप्रतिनिधिहरूको प्रादेशिक तथा राष्ट्रिय स्तरको प्रशिक्षणमूलक कार्यक्रमको संयोजन गरिएको छ । यस विभागमा ३१ जना सदस्य छन्।

## ३३. स्वास्थ्य तथा जनसङ्ख्या विभाग

वार्षिक कार्ययोजना अनुरूप विभागका कामलाई योजनावद्ध रूपमा अघि बढाउँदै आइएको छ । स्वास्थ्य क्षेत्रका समस्या समाधान गर्न नीतिगत तहमा विभागले भूमिका खेलिरहेको छ भने स्वास्थ्य क्षेत्रका विकृति र विसङ्गति विरुद्धमा सरकारको ध्यानाकर्षण गराउँदै आएको छ । पार्टीका जेष्ठ नेताहरूको स्वास्थ्य अवस्था बुझ्न र आवश्यक सहयोगका लागि समेत विभागले नियमित रूपमा काम गर्दै आएको छ । साथै विभागले विभिन्न समारोह, भेला तथा कार्यक्रमहरूमा स्वास्थ्य सेवा प्रदान गर्ने काम निरन्तर रूपमा गरिरहेको छ ।

पार्टीको केन्द्रीय कमाण्डमा गरिएको समृद्धिका लागि सङ्कल्प यात्रामा चिकित्सक, स्वास्थ्यकर्मीसहितको टोली पठाई स्वास्थ्य सेवा प्रदान गर्न विभागले नियमित रूपमा कार्यसम्पादन सम्पन्न गरेको थियो । पछिल्लो समयमा नागरिकको आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्न, अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा शिलान्यास गरिएका ३९६ अस्पताल भवन निर्माणको काम सम्पन्न गर्न, नागरिकको स्वास्थ्य बीमा कार्यक्रमलाई सुचारू गर्न र स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराउने काम विभागले निरन्तर रूपमा गरेको छ । यसबीचमा राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने काम भएको छ। हाल विभागमा २६ जना सदस्य छन्।

# जनसङ्गठनका सङ्गठनात्मक कामको प्रतिवेदन

## • जनसंगठन समन्वय संयन्त्र

जनससङ्गठन समन्वय संयन्त्रले पार्टीका जनससङ्गठनहरूलाई पार्टीको विचार, सिद्धान्त, कार्यदिशा र निर्णय अनुरूप समन्वय र परिचालन गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। आफ्नो ससङ्गठनको काम गर्नका लागि जनससङ्गठनहरू सासङ्गठनिक स्वायत्त भए पनि तिनलाई बैचारिक–राजनीतिक रूपमा परिचालन गर्नका लागि संयन्त्रले काम गरिरहेको छ। दशौँ राष्ट्रिय महाधिवेशनपश्चात् केन्द्रीय कमिटीको दोस्रो बैठकले कार्यविभाजन गरेबमोजिम जनससङ्गठन समन्वय संयन्त्रले जनससङ्गठनहरूलाई एकीकृत, समन्वयात्मक र सक्रिय रूपमा परिचालन गर्नका लागि गरेका केन्द्रीय तहका कार्यशाला, भेला, अन्तरक्रिया र बैठकहरू परिणाममुखी देखिएका छन्। जनससङ्गठनहरू सासङ्गठनिक, बैचारिक, राजनीतिक र व्यवस्थापकीय रूपमा असाध्यै अस्तव्यस्त रहेको र सबै ससङ्गठनहरूको राष्ट्रिय महाधिवेशनहरूको अवधि गुज्रेको थियो। कतिपय जनससङ्गठनहरूको त राष्ट्रिय महाधिवेशन नभएको एक दशकभन्दा बढी भइसकेको थियो। कमिटीमा पदाधिकारी र केन्द्रीय सदस्यको संख्या समेत कति हो भन्ने विषय नेतृत्व आफैँले एकिन रूपमा भन्न सक्ने अवस्था थिएन। केन्द्र भन्दा तल प्रदेश र जिल्ला तहमा त एकाध बाहेक अरु जनससङ्गठनहरूको अवस्था दयनीय थियो। एकभन्दा बढी जनससङ्गठनको जिम्मेवारीमा रहनेहरूको संख्या निकै ठूलो थियो। यो चार वर्षको अवधिमा जनससङ्गठनको कामलाई ब्यवस्थित गर्दै तिनलाई एउटा लयमा ल्याइपुऱ्याइएको छ।

पार्टी केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले जनससङ्गठनहरूका राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कामलाई नै प्राथमिकतामा राखेको हुनाले जनससङ्गठन समन्वय संयन्त्रले आफ्नो बैठकबाट महाधिवेशनहरूलाई नै केन्द्रमा राखेर योजना बनाई काम गरेको थियो। सोही बमोजिम पहिलो चरणमा २३ वटै जनससङ्गठनहरूका राष्ट्रिय महाधिवेशनहरू सम्पन्न भए भने विधान बमोजिमका कार्यकाल सम्पन्न गरी १६ वटा जनससङ्गठनका दोस्रो चरणमा पनि महाधिवेशन सम्पन्न भइसकेका छन्।

### १. जनससङ्गठन समन्वय निर्देशिका

ससङ्गठन सञ्चालन र ब्यवस्थापनमा एकरूपता कायम गर्न, ससङ्गठनात्मक प्रणाली, कमिटीको संख्या र संरचनालाई व्यवस्थित गर्नका लागि जनससङ्गठन समन्वय निर्देशिकाको आवश्यकता महसुस गरी मस्यौदा तयार पार्नका निम्ति संयन्त्रका संयोजक कमरेड भानुभक्त ढकालको संयोजकत्वमा गोकुल बाँस्कोटा महेश बस्नेत, पार्वत गुरुङ, माधव ढुङ्गेल, रचना खड्का र विष्णु रिजाल सदस्य रहेको सात सदस्यीय कार्यदल गठन गरिएको थियो। उक्त कार्यदलले जनससङ्गठनहरूमा कमिटीको संख्या, पदाधिकारीहरूको संख्या, कार्यक्रमको स्वरूप, अतिथि व्यवस्थापन, पार्टी र जनससङ्गठनबीचको सम्बन्ध र पार्टी हैसियत, आर्थिक व्यवस्थापन र पारदर्शिता, दोहोरो जिम्मेवारीलाई निरुत्साहित गर्ने लगायतका बिषयमा महत्वपूर्ण सुझावहरू सहितको मस्यौदा तयार पारेको थियो। उक्त मस्यौदालाई २०७८ माघ १९ गतेको पार्टी केन्द्रीय सचिवालयको बैठकले आवश्यक संशोधनसहित 'जनससङ्गठन समन्वय निर्देशिका' जारी गरेको थियो। यो निर्देशिका जारी भएपश्चात जनससङ्गठनहरूको कामलाई अगाडि बढाउन निकै सहजता महसुस भयो र जनससङ्गठनमा भएका सुधारका कामहरूको सुरुआत नै त्यहीबाट भएको हो।

हाल जनससङ्गठनका केन्द्रीय तहमा १ अध्यक्ष, २ उपाध्यक्ष (एक महिलासहित), १ महासचिव, १ उपमहासचिव र ४ सचिव गरी जम्मा ९ जना पदाधिकारी रहने व्यवस्था छ। २३ वटै जनससङ्गठमा अनुशासन, लेखा र निर्वाचन आयोग र आयोगमा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू रहेका छन्। यस्तै अनुसुची १ का जनससङ्गठनमा १५१ जना र अनुसुची २ मा रहेका जनससङ्गठनहरूमा ९९ जनासम्मको केन्द्रीय कमिटी बनाउने व्यवस्था गरिएको छ। महासङ्घहरूको हकमा ९९ जनासम्मको केन्द्रीय कमिटी बनाउने, घटक ससङ्गठनले मात्र सदस्यता वितरण गर्ने, त्यही सदस्यताका आधारमा महासङ्घमा प्रतिनिधि एवं प्रतिनिधित्वको ब्यवस्था गरी लागू गर्ने नीति तय गरिएको छ। पहिलो चरणमा असीमित पदाधिकारीबाट १७ मा झारिएको संख्या हाल ९ कायम भएपछि जनससङ्गठनको नेतृत्वमा खारिएको नेतृत्व आउने र त्यसरी आउने नेतृत्वले जनससङ्गठनको कामलाई नै आफ्नो मुख्य जिम्मेवारी ठान्ने अपेक्षा गरिएको छ।

## २. जनससङ्गठन सुदृढीकरण कार्यशाला

बर्षौंदेखि अधिवेशन नै हुन नसकेर जामको अवस्थामा रहेका जनससङ्गठनरुलाई उनीहरूकै नेतृत्वको सहभागितामा समस्या पहिचान गर्न र त्यसका समाधान खोजी गरी ससङ्गठनलाई अघि बढाउन २०७९ पुस २४ र २५ गते धुलिखेलमा ''जनससङ्गठन सुदृढीकरण'' कार्यशाला आयोजना गरेको थियो। उक्त कार्यशालाले सबै जनससङ्गठनहरूको राष्ट्रिय अधिवेशन/सम्मेलनहरूको अवधि घटाउने, जनससङ्गठनहरूको नेतृत्व निर्माणमा प्रतिस्पर्धा र पहलकदमीलाई प्रोत्साहन गर्ने, जनससङ्गठनहरूमा उमेर, पेशा र पदावधिको सीमा कायम गर्ने, एक व्यक्ति एक जनससङ्गठनको नीति पूर्ण रूपमा कार्यान्वयन हुनुपर्ने, एक व्यक्ति दोहोरो कार्यकारी पदमा रहन नहुने, पार्टी केन्द्रीय कमिटी सदस्यहरू आमरूपमा जनससङ्गठनमा बस्न नहुने, एउटा ससङ्गठनमा एकभन्दा बढी सह–इन्चार्जहरू रहने गरी कार्यविभाजन गर्न नहुने, जनससङ्गठनलाई आ–आफ्नो क्षेत्रको नेता ससङ्गठनका रूपमा स्थापित गर्ने, अतिथि व्यवस्थापनलाई भद्दा बनाउन नहुने, कार्यक्रमको व्यवस्थापन छरितो र आकर्षक हुनुपर्ने, बैठकको सञ्चालन र छलफल जीबन्त हुनुपर्ने, जनससङ्गठनहरूमा आर्थिक परिचालन संस्थागत र पारदर्शी हुनुपर्ने, जनससङ्गठनहरूले सम्बन्धित तहको पार्टीसँग समन्वय गर्नुपर्ने जस्ता १५ बुँदे निर्णय गरेको थियो। तीमध्येका सुझावहरूलाई पार्टीले निर्णय गरी अन्तरपार्टी निर्देशनका रूपमा मातहत कमिटीमा सम्प्रेषण थियो। जनससङ्गठनहरू व्यवस्थित गर्नका लागि उक्त कार्यशालाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

## ३. महिला नेताहरूको राष्ट्रिय भेला

छैटौं राष्ट्रिय महिला अधिकार दिवस–२०८१ को सन्दर्भ पारेर जनससङ्गठन समन्वय संयन्त्रले "जेठ १६ को संकल्प: उपलब्धि र चुनौती" विषयक मूल नाराका साथ जनससङ्गठनको राष्ट्रिय महिला भेला सम्पन्न गऱ्यो। २३ वटा जनससङ्गठनका केन्द्रीय तहका महिला नेताहरू, पार्टीका केन्द्रीय सदस्यहरू, प्रदेश तथा जिल्लाका पदाधिकारीहरू, महिला जनप्रतिनिधिहरू, सम्पर्क समन्वय कमिटीका पदाधिकारीहरू, स्ववियुमा निर्वाचित महिलाहरूसहितको बृहद् सहभागितमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा आयोजित भेलामा पार्टीका श्रद्धय अध्यक्ष कमेड केपी शर्मा ओली प्रमुख बक्ताका रूपमा यपस्थित भई भेलालाई सम्बोधन गर्नु भएको थियो। महिला नेता–कार्यकर्ताबीच बुझाइमा एकरूपता कायम गर्ने, हार्दिकता अभिवृद्धि गर्ने र आन्दोलनलाई प्रभावकारी बनाउन सकारात्मक योगदान गरेको छ।

जनताको आन्दोलनको बलमा पुन:स्थापित संसद्बाट २०६३ जेठ १६ गते महिलाको समान अधिकारको सम्बन्धमा पारित संकल्प प्रस्तावबाट प्राप्त उपलब्धिको अगुवाइ हाम्रो पार्टी नेकपा (एमाले) ले गरेकाले त्यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित गर्ने संकल्पका साथ नीतिगत सुधार र विद्यमान कानुनको कार्यान्वयन, प्रतिनिधित्व र सहभागिता, महिला हिंसा अन्त्यको प्रतिबद्धता, नेपाली महिलाको अवस्था र स्थिति सुधारका लागि बिशेष अभियानलगायत २१ बुँदे प्रस्ताव पारित गरेर भेलाले देशभरका महिला कार्यकर्तामा उत्साह र ऐक्यबद्धता जागृत गरेको थियो। पार्टीको आयोजनामा महिला नेताहरूको अलग्गै आयोजना

भएको यस प्रकारको सबभन्दा बृहद् कार्यक्रमका रूपमा यो भेला रहेको छ।

### ४. स्थानीय तहमा जनससङ्गठन सुदृढीकरण राष्ट्रिय कार्यशाला

जनससङ्गठनका कामहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म गति दिनका लागि जनससङ्गठन समन्वय संयन्त्रको आयोजनामा २०८१ भदौ २९–३० मा काठमाडौँको बुढानिलकण्ठमा 'स्थानीय तहमा जनससङ्गठन सुदृढीकरण कार्यशाला' आयोजना गरिएको थियो। उक्त कार्यशालामा जनससङ्गठनका केन्द्रका प्रतिनिधिहरूका साथै पार्टीको केन्द्रीय ससङ्गठन विभागका सदस्यहरू, प्रदेश तथा जिल्लाका अध्यक्षका साथै जनससङ्गठन समन्वय संयन्त्रका प्रमुखहरू एकै ठाउँमा बसेर समस्याहरूको पहिचान र तथा समाधानका बारेमा विमर्श भएको थियो। उक्त कार्यशालाबाट नयाँ सदस्यता बृद्धि सम्बन्धमा, युवालाई पार्टीमा आकर्षण गर्ने सम्बन्धमा, जनससङ्गठनको प्रभावकारिताका सम्बन्धमा, स्थानीय तहका अन्तरविरोधका सम्बन्धमा, जनससङ्गठनबाट पार्टीमा प्रवेश र नेतृत्व निर्माण सम्बन्धमा, जनससङ्गठनका सम्मेलन/अधिवेशनको प्रभावकारिता सम्बन्धमा र जनससङ्गठनमा सैद्धान्तिक/बैचारिक काम सम्बन्धमा पार्टी र जनससङ्गठनहरूले गर्नुपर्ने कामहरू के के हुन सक्छन् भनेर निष्कर्ष निकालिएको थियो। ती निष्कर्षहरू पार्टी र जनससङ्गठनको काममा एकरूपता कायम गर्न महत्वपूर्ण छन्।

### ५. रचनात्मक र एकीकृत सक्रियता

२०७९ असोज १ गते संविधान दिवसको पूर्वसन्ध्यामा काठमाडौँमा वाकाथुनलाई भव्य बनाउन जनससङ्गठनहरूले पहिचानसहित भूमिका निर्वाह गरेका थिए। पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली स्वयम् कार्यक्रम अवधिभर हिँडेर सहभागी रहेको कार्यक्रमलाई भव्य बनाउन लागि जनससङ्गठनहरूले तयारीदेखि समापनसम्म सक्रिय पहलकदमी लिएका थिए।

त्यसैगरी, माओवादी नेतृत्वको सरकारका जनता तथा राष्ट्रविरोधी क्रियाकलापका विरुद्धमा जनससङ्गठनहरूले राजधानीमा विशाल प्रदर्शन तथा सभा आयोजना गरेर पार्टीका एजेन्डामा महत्वपूर्ण योगदान गरेका थिए।

पछिल्ला दिनमा संविधान, राजनीतिक प्रणाली र गणतन्त्रका विरुद्धमा राजावादी तथा अस्थिरतावादी तत्वहरूले गरेका हर्कतहरूलाई जवाफ दिनका लागि पार्टीले गरेको घोषणा बमोजिम २०८२ बैशाख ११ गते लोकतन्त्र उत्साव र जेठ १५ गते गणतन्त्र दिवस मनाउन जनससङ्गठनहरूले रचनात्मक रूपमा प्रभावकारी भूमिका निर्वाह गरेका थिए। मोटरसाइकल ऱ्याली, खबरदारीसभा, सांस्कृतिक कार्यक्रम जस्ता माध्यमबाट पनि जनससङ्गठनहरूले आफ्नो दायित्व निर्वाह गरिरहेका छन्।

---

## • सङ्गठनात्मक / रचनात्मक काममा जनसङ्गठन

### १. नेपाल ट्रेड युनियन महासङ्घ

नेपाल ट्रेड युनियन महासङ्घले २०७८ साउन ७ देखि १० सम्म राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। वार्षिक कार्ययोजना निर्माण गरी आफ्ना गतिविधिहरू अगाडि बढाउँदै आएको महासङ्घले ससङ्गठनमा चुस्तता कायम गरेको छ। २०८० कात्तिक १६ गते पश्चिम नेपालको जाजरकोट र पूर्वी रुकुममा गएको विनाशकारी भूकम्पपश्चात् उद्दार, राहत र पुन:स्थापनामा जिफन्टले महत्वपूर्ण भूमिका खेलेको थियो। भूकम्प पीडित जनताका साथमा बसेर पुन:स्थापनाको काममा प्रशंसनीय र उदाहरणीय काम गरेको थियो। यो कामले प्रभावित क्षेत्र र अन्यत्र पनि पार्टीका पक्षमा सकारात्मक सन्देश प्रवाह भएको थियो। जिफन्टले पार्टीले आयोजना गरेका हरेक कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आएको छ। जिफन्टमा पदाधिकारीसहित ७५ सदस्यीय केन्द्रीय कमिटी छ। सातवटै प्रदेश तहका अधिवेशनहरू सम्पन्न भएका छन्। जिफन्टका ५२ हजार ३ सय ७ जना सदस्य छन्।

### २. अखिल नेपाल किसान महासङ्घ

अखिल नेपाल किसान महासङ्घले २०७९ चैत ३० देखि २०८० बैशाख २ गतेसम्म झपामा खुल्ला जनसभाका साथ राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ।

जाजरकोट र पूर्वी रुकुममा गएको विनाशकारी भुकम्पपश्चात् पुनःस्थापना र जनताको अस्थायी आवास बनाउने काममा महासङ्घले महत्वपूर्ण भूमिका खेलेको थियो। महासङ्घको २२१ सदस्यीय केन्द्रीय कमिटी, सात प्रदेश कमिटी, ७४ जिल्ला कमिटी, उत्पादन र समुदायमा आधारित २२ वटा विषयगत घटक सङ्घहरू, ५३९ वटा पालिका कमिटी र १३६५ वडा कमिटी क्रियाशील छन् भने महासङ्घका जिल्ला र विषयगत घटक सङ्घहरूको राष्ट्रिय सम्मेलनहरू भइरहेका छन्।

अबिरल वर्षाले धानसमेत अन्य वालीमा पारेको क्षतिमा राहत, क्षतिपूर्ति उपलब्ध गराउन दबाब, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र खाद्य अधिकार, दिगो कृषिको विकास जस्ता विषय सामेल गरी किसानमैत्री नीति निर्माण, कृषिजन्य उत्पादनको वर्षे र चैते धानसमेतको मूल्य निर्धारण, निर्धारित मूल्यमा खरिद गर्न दबाब, किसान सूचीकरण, वर्गीकरण गरी किसानलाई परिचयपत्र उपलब्ध गराउन पहल र किसान परिचालन, उखु उत्पादकहरूलाई ५० प्रतिशत अनुदान दिलाउन सफल र शतप्रतिशत प्राप्तिका लागि आन्दोलन जारी, दुग्ध किसानको वक्यौता भूक्तानीका लागि दबाब, एक किस्ता भुक्तानी प्राप्त गर्न सफल, कृषि विमा र कर्जामा किसानको पहुँच बढाउन पहल र दबाब, सबै बक्यौता प्राप्त गर्न आन्दोलन जारी, कृषि विद्ययेक निर्माणको प्रक्रियामा सक्रिय भूमिका जस्ता काम गरेको छ। साथै, रासायनिक मलको अनुदान कटौती विरुद्ध आन्दोलन, अनुदान कायम गर्न र बजेट बढाउन सफल, राष्ट्रिय किसान सञ्जाल गठन र परिचालनमार्फत कृषि क्षेत्रका मुद्दाहरू उठाउँदै दक्षिण एसियाली किसान महासङ्घ निर्माण र यसको नेतृत्व र संयोजन महासङ्घले गरेको छ। खाद्य सम्प्रभुता नियमावली र किसान अधिकारसहितको कृषि नीति ल्याउनमा महासङ्घले सफललता पाएको छ। राज्यद्वारा सञ्चालित कृषि बजारमा किसान र कृषि उत्पादनको पहुँच पुऱ्याउन पहल गरेको भने विश्व सामाजिक मञ्चमा किसान परिचालन र मुद्दा उठानमा महत्वपूर्ण भूमिका खेलेको छ। किसान महासङ्घमा आवद्ध विषयगत सङ्घहरूका कुल ५० हजार ३४८ जना सदस्य छन्।

### ३. अखिल नेपाल महिला सङ्घ

अखिल नेपाल महिला सङ्घको राष्ट्रिय सम्मेलन २०७९ चैत २५ र २६ काठमाडौंमा सम्पन्न भएको छ। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पपश्चात अनेमसङ्घको केन्द्रीय टिमले जाजरकोट र रुकुमका गाउँहरूमा पुगेर पीडितहरूलाई राहात बाँड्ने काग रेको थियो। अनेमसङ्घले विभिन्न रचनात्मक कामहरू गर्दै आएको छ। यसबीचमा अनेमसङ्घले सदस्यता वितरण अभियानलाई ब्यापक बनाएको छ। सातवटै प्रदेश तहका अधिवेशनहरू सम्पन्न गरेको छ। ५९ जिल्लामा जिल्ला तहका अधिवेशनहरू र ४८९ वटा पालिका तहका अधिवेशनहरू सम्पन्न गरेको छ। वडा र टोल तहसम्म ससङ्गठनलाई विस्तार गरेको छ। अनेमसङ्घमा पदाधिकारी सहित २५३ जनाको केन्द्रीय कमिटी रहेको छ भने अनेमसङ्घका १ लाख ४१ हजार २८३ सदस्य छन्।

### ४. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

अनेरास्ववियुले यसबीचमा २३ औँ र २४ औँ राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। दुवै महाधिवेशनमा निर्वाचन प्रक्रियाद्वारा आफ्नो नेतृत्व छनौट गरेका छन्। २४ औँ राष्ट्रिय महाधिवेशन २०८२ जेठ २५–२८ मा काठमाडौँमा सम्पन्न भएको छ। अनेरास्ववियुले यस महाधिवेशनदेखि नेतृत्वमा ३२ वर्षे उम्मेर हद कायम गरी लागू गर्ने जस्तो ऐतिहासकि निर्णय गरेको छ। यो अवधिमा महत्वपूर्ण रचनात्मक कार्यक्रमहरूको सफलतापूर्वक आयोजना गरेको छ। सांस्कृतिक साँझहरू, शिल्पी जस्तो उत्कृष्ट नाटकघरमा ससङ्गठनको तर्फबाट नाटक 'राता अक्षर काला अक्षर' को सफल प्रदर्शन गरेको छ। पार्टीले आयोजाना गरेको वाकाथुन, युथ सेलेब्रेसन जस्ता कार्यक्रममा सक्रिय भूमिका निर्वाह गरेको छ। जाजरकोट र पुर्वि रुकुममा गएको विनाशकारी भूकम्पछि पीडित जनतामन बीचमा पुगेर काम गरेको छ।

त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वद्यिालय अन्तर्गतका क्याम्पसहरूमा लामो समयपश्चात विद्यार्थीहरूको साझा मञ्च स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न भएको छ। मुलुकभर ३४३ वटा क्याम्पसमा स्ववियु निर्वाचन भएकोमा १३३ वटामा अनेरास्ववियु अध्यक्षसहित विजयी भएको छ। यसले विद्यार्थी आन्दोलनको मूल प्रवाहको रूपमा अनेरास्ववियु नै रहँदै आएको विरासतलाई कायम गर्न सफल भएको छ। अनेरास्ववियुले आठवटा प्रदेश तहका र ७१ वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी रहेको छ। अनेरास्ववियुमा कुल चार लाख सदस्यहरू छन्।

### ५. राष्ट्रिय युवा सङ्घ, नेपाल

राष्ट्रिय युवा सङ्घ, नेपालले यसबीचमा नवौं र दशौँ राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। दुवै महाधिवेशन जनसभासहित उद्घाटन भएका थिए। दशौं राष्ट्रिय महाधिवेशन २०८२ जेठ ९–१३ गते पोखरामा सम्पन्न भयो। युवा सङ्घले निर्वाचन प्रक्रियाद्वारा नेतृत्व चयन गरेको छ। सङ्घले महत्वपूर्ण रचनात्मक कार्यक्रमहरूको सफलतापूर्वक आयोजना गर्ने गरेको छ। अन्तराष्ट्रिय रेफ्रीलाई सहभागी गराएर केपी ओली फुटबल कप, मोटरसाइकल ऱ्याली, आईटी कन्फरेन्स, एआई सम्मेलन्, अन्तराष्ट्रिय सेमिनार, भ्याली फुटसल च्याम्पियनसिप, बृक्षारोपण, रक्तदान, डिजिटल मिडिया तथा साइबर सेक्युरिटी चेतना कार्यक्रम लगायतका कार्यक्रमहरू सम्पन्न गरेको छ। पार्टीले आयोजाना गरेको वाकाथुन, युथ सेलेब्रेसन जस्ता कार्यक्रममा अग्रपंक्तिमा रहेर काम गरेको थियो। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ। सङ्घले ८ वटा प्रदेश तहका र ७७ वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी रहेको छ। राष्ट्रिय युवासङ्घमा कुल १ लाख ३० हजार सदस्य छन्।

### ६. राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ, नेपाल

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको नवौँ राष्ट्रिय महाधिवेशन २०८२ बैशाख १८ र १९ मा काठमाडौंमा सम्पन्न भएको छ। माहासङ्घ मातहतका ७ प्रदेश र ७१ जिल्ला समितिले पनि महासङ्घ केन्द्रको नीति निर्देशन, योजना अनुरूप साङ्गठनिक कामहरू अगाडि बढाइरहेका छन्। महासङ्घले कार्ययोजना बमोजिम जिम्मेवारी बाँडफाँट गरी विचारधारात्मक, सङ्गठनात्मक र राजनीतिक क्षेत्रमा सङ्गठनलाई क्रियाशील बनाइरहेको छ।

मदन–आश्रित स्मृति दिवस, पुष्पलाल स्मृति दिवस, विशेष प्रशिक्षण, गणतन्त्र दिवसका सन्दर्भमा विविध सांस्कृतिक कार्यक्रम, गोष्ठी, अन्तरक्रिया जस्ता कामहरू नियमित भइरहेका छन्। महासङ्घले सङ्गठनात्मक कामलाई सात घटक सङ्घ, सात प्रदेश महासङ्घ र जिल्लाहरूलाई गतिशील बनाई देशभर व्यवस्थित रूपमा अगाडि बढाइरहेको छ।

९ जना पदाधिकारी सहित ९९ सदस्य केन्द्रीय कमिटी छ भने कुल ७ हजार सदस्य छन्।

### ७. पेशागत महासङ्घ नेपाल

पेशागत महासङ्घ, नेपालले २०७९ चैत्र २३ र २४ गते काठमाडौंमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको छ। महासङ्ग पदाधिकारी सहित ११९ सदस्य केन्द्रीय कमिटी छ। ७ ओटा प्रदेश र ७५ ओटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको छ। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ र पिडितको पुस्थापनाकालागी रु १० लाख पार्टी केन्द्रीय कार्यालयमा जम्मा गरेको थियो। पेशागत महासङ्घ, नेपालका कुल ५ लाख सदस्य छन्।

### ८. नेपाल बौद्धिक परिषद्

यसबीचमा नेपाल बुद्धिजीवी परिषद्ले दुईवटा राष्ट्रिय अधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो एघारौँ राष्ट्रिय अधिवेशन २०८२ जेठ १७–१८ मा काठमाडौँमा सम्पन्न भएको छ। परिषद्ले यस अधिवेशनबाट आफ्नो नाम परिवर्तन गरी नेपाल बौद्धिक परिषद् बनाएको छ र निर्वाचन प्रकृयाबाट ९ जना पदाधिकारी सहित ९९ सदस्य केन्द्रीय कमिटी र पाँचवटा आयोग गठन गरेको छ। यस वीचमा दुई ओटा प्रदेश र ७७ जिल्लाका अधिवेशनहरू सम्पन्न

गरेको छ। एघारौँ राष्ट्रिय अधिवेशन पछाडि दुईटा केन्द्रीय कमिटीको बैठक, तीनवटा बौद्धिक बहस कार्यक्रम र चारवटा विभिन्न विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। नेपाल बौद्धिक परिषदमा कुल १२ हजार २६९ सदस्य छन्।

### ९. प्रेस चौतारी नेपाल

प्रेस चौतारी, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत्र १०–११ मा बिराटनगरमा सम्पन्न गरेको छ। प्रेस चौतारी नेपालले ९ जना पदाधिकारीसहित ९९ जना सदस्य केन्द्रीय कमिटी सर्वसम्मतिवाट चयन गरेको छ। यसबीचमा प्रेस चौतारी नेपालले १० प्रदेश तहका र ९७ जिल्ला तहका अधिवेशनहरू सम्पन्न गरेको छ।

प्रेस चौतारी नेपालले २०८२ साललाई प्रशिक्षण वर्षको रूपमा अभियान सञ्चालन गरिरहेको छ। यसैगरी पार्टीको समाचारलाई केन्द्रीकृत गर्ने गरी केन्द्रीय समाचार डेस्क सञ्चालन गरेको छ। पार्टीको अभियान, आन्दोलनमा प्रेस चौतारी नेपालले मिडिया मोर्चाको संयोजन गर्दै आएको छ भने पार्टीको नेतृत्वमा भएका कामलाई जनतासमक्ष पुऱ्याउन काम गरिरहेको छ। चौतारीका ६ हजार ९८७ सदस्य छन्।

### १०. राष्ट्रिय मानवधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल

मानव अधिकार एलायन्सले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ फागुन २१–२२ मा सम्पन्न गरेको छ। मानव अधिकार एलायन्स, नेपालले ९ जना पदाधिकारी सहित ६६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ७ वटा प्रदेश र ५६ वटा जिल्ला अधिवेशनहरू तथा २१ वटा जिल्लाहरूले वार्षिकसभा सम्पन्न गरेको छ। मानव अधिकार एलायन्स, नेपालमा कुल ११८२ संस्थाहरू आबद्ध छन्। 'समुदायसँग सँगसँगै' भन्ने नाराका साथ समुदाय तहसम्म कार्यक्षेत्र विस्तार गर्दै तीनसय पालिका तहसम्म पालिकास्तरीय ससङ्गठन निर्माण गरेको छ। वार्षिक रूपमा मानवअधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन गर्ने, मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न अभियान चलाउने, मानवअधिकारको रक्षा र प्रवर्द्धनका लागि कार्य गर्ने र सामाजिक क्षेत्रको ससङ्गठन निर्माणमा सहजीकरण गर्ने तथा समसामयिक विषयहरूमा नीति संवादहरू गर्ने, ध्यानाकर्षण गराउने जस्ता कार्यहरू गरिरहेको छ। यसैगरी 'केपी ओली मानवअधिकार तथा स्वतन्त्रता पुरस्कार' वितरण गर्ने कार्यसमेत मानवअधिकार एलायन्सले गरेको छ।

### ११. प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपाल

प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ जेठ ३१–असार १ मा काठमाडौँमा सम्पन्न गरेको छ। ९ जना पदाधिकारीसहित ५९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचन प्रक्रियाद्वारा चयन गरेको छ। प्रदेश र जिल्ला तहका अधिवेशनहरूको गर्न बाँकी छन्। प्रगतिशील तथा पेशागत कानुन ब्यवसायी सङ्गठन, नेपालमा कुल २ हजार ७५० सदस्य छन्।

### १२. नेपाल खेलकुद महासङ्घ

नेपाल खेलकुद महासङ्घले २०७९ फागुन ७–९ गते बिराटनगरमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको थियो। महासङ्घमा पदाधिकारीसहित १८९ सदस्य केन्द्रीय कमिटी छ भने ६ प्रदेश र ५४ जिल्ला तहका अधिवेशनहरू सम्पन्न भएका छन्। जाजरकोट र पुर्वी रुकुममा गएको विनाशकारी भूकम्पछि स्वयम्सेवकका रूपमा प्रशंसनीय काम गरेको छ। पार्टीले आवहान गरेका विभिन्न गतिविधि मा सहभागी हुदै आएको छ। महासङ्घमा २८ हजार ३७१ सदस्य छन्।

### १३. नेपाल उद्योग तथा व्यवसायी महासङ्घ

नेपाल उद्योग तथा व्यवसायी महासङ्घले तीनवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत ८–९ मा काठमाडौंमा सम्पन्न भएको छ। महासङ्घले ९ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। प्रदेश तहका अधिवेशनहरू सबै सम्पन्न भएका छन् भने ५७ वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। महासङ्घमा

८ वटा संस्थापक, ३ वटा वस्तुगत र ३ वटा आवद्ध गरी १४ वटा केन्द्रीय स्तरका ससङ्गठन आवद्ध छन। तीमध्ये २ वटा संस्थापक, २ वटा आवद्ध र १ वस्तुगत ससङ्गठनको केन्द्रीय महाधिवेशन गर्ने समय भएको छ। यसबीचमा महासङ्घले निजी क्षेत्र, सरकार र सम्बन्धित निकायका बीचमा समन्वयलगायत निजी क्षेत्र र व्यवसायीहरूको हक–हित विषयको नेतृत्व गरी विभिन्न गोष्ठी आयोजना गरी छलफल र विभिन्न प्रकाशन गरिहेरहेको छ।

अर्थतन्त्र अप्ठेरो अवस्थामा हुँदा निजी क्षेत्रका दुई हजार व्यवसायीको सहभागितामा 'सुदृढ अर्थतन्त्रको आधार सवाल: निजी क्षेत्र र पुर्वाधार', निजी क्षेत्रसँग एमाले जस्ता राष्ट्रियस्तरका कार्यक्रमहरूका साथै ससङ्गठनको नीति तथा विधान महाधिवेशन सम्पन्न गरेको छ। महासङ्घसँग आवद्ध ससङ्गठनको सदस्य नै महासङ्घको सदस्य हुने महासङ्घसँग १५ हजार व्यवसायी सदस्य छन्।

### १४. नेपाल लोकतान्त्रिक आदिवासी–जनजाति महासङ्घ

लोकतान्त्रिक आदिवासी–जनजाति महासङ्घ नेपालको राष्ट्रिय महाधिवेशन २०७९ चैत १९–२१ मा काठमाडौँमा सम्पन्न भएको थियो। महाधिवेशनबाट १७ पदाधिकारीसहित ३२१ केन्द्रीय कमिटी सदस्य चयन भएका थिए भने मनोनित गरी ३२९ सदस्यीय केन्द्रीय कमिटी सदस्य कायम रहेको छ।

महासङ्घको सातवटै प्रदेशमा प्रदेश कमिटीहरू क्रियाशील रहेका छन्। त्यसैगरी ७२ वटा जिल्ला कमिटी, ४३ वटा जातीय घटक ससङ्गठन र बेलायत र कतारमा गरी २ वटा प्रवास सम्पर्क समन्वय कमिटी छन्। हालसम्म यसले ६५ प्रतिशतभन्दा बढी पालिका कमिटीहरू गठन गरिएको छ। महासङ्घले आगामी ०८४ सालको भित्र ५० हजार आदिवासी युवाहरूलाई युवा स्वयम्सेवक बनाई परिचालन परिचालन गर्ने लक्षसहित युवाहरू महासङ्घमा ससङ्गठित गर्ने अभियान सुरु गरेको छ। महासङ्घमा कुल ६५ हजार सदस्य छन्।

### १५. नेपाल भूमिअधिकार तथा श्रमिक ससङ्गठन

साविकको नेपाल भूमहीन सुकुम्बासी सङ्गठनले यस बीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख २३–२४ गते विशाल जनसभासहित कैलालीको टिकापुरमा सम्पन्न गरेको छ। ९ जना पदाधिकारीसहित ७६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ६ वटा प्रदेश र ५६ वटा जिल्ला अधिवेशन सम्पन्न गरेको छ। अघिल्लो राष्ट्रिय महाधिवेशनबाट नाम परिवर्तित भूमिअधिकार तथा श्रमिक सङ्गठन, नेपालका ३५ हजार सदस्य छन्।

### १६. रिटर्नी फेडेरेसन, नेपाल

रिटर्नी फेडेरेसन नेपालको दोस्रो राष्ट्रिय महाधिवेशन २०८१ चैत १५–१६ गते सम्पन्न भएको छ। महाधिवेशनले ९९ सदस्यीय केन्द्रीय कमिटीका साथै अनुशासन, लेखा र निर्वाचन आयोग निर्वाचित गरेको छ। निर्वाचित केन्द्रीय कमिटीले ६ वटा भर्चुअल प्रादेशिक विस्तारित बैठक, एक जिल्ला अध्यक्षहरूको भर्चुअल भेला, एक जिल्ला र प्रदेशका सचिव– उपसचिवहरूको भर्चुअल प्रशिक्षण, एक जिल्ला र प्रदेश कोषाध्यक्षहरूको भर्चुअल प्रशिक्षण सम्पन्न गरेको छ। केन्द्रीय कमिटी र सचिवालय बैठकलाई प्रशिक्षणात्मक बनाउन आंशिक सत्र प्रशिक्षण पनि सम्पन्न भएका छन्। सबै विभागहरूलाई क्रियाशील गराइएको छ। सरकारका नीति कार्यक्रम र बजेटमा रिटर्नी लक्षित कार्यक्रमहरूको लागि व्यापक पहल गरिएको छ, परेका बजेटहरूलाई लिएर कार्यन्वयन गर्नको लागि तयारी भइरहेको छ। रिटर्नीहरूको आर्थिक सशक्तीकरण र उद्यमशीलताको विकासलाई अघि बढाउन सामूहिक लगानीबाट पुँजी निर्माण गर्ने उद्देश्यले ससङ्गठनको प्रबर्द्धनमा नवयुग इन्भेस्टमेन्ट पब्लिक कम्पनी स्थापना गरी सञ्चालनमा आएको छ। यसमार्फत रिटर्नीहरूलाई व्यापक रूपमा जोडेर यो बर्ष विभिन्न ३७ जिल्लाहरूमा एक उद्यम स्थापना गर्ने लक्ष राखिएको छ। यसको कार्यन्वयनका ललागि काठमाडौँमा उद्यमशाला सम्पन्न भइसकेको छ भने प्रदेश र जिल्लाहरूमा उद्यमशाला सञ्चालनको तयारी भइरहेको छ। वैदेशिक रोजगारीको क्षेत्रमा भएका विभिन्न समस्याहरूको समाधान, न्युनिकरण र सहजिकरणमा व्यापक रूपमा काम भएको छ।

महाधिवेशन पश्चात विदेशमा दिवसङ्गत ७ जना नेपालीको शव नेपाल ल्याएर परिवारलाई सहजीकरण गरेको छ भने अन्य थुप्रै समस्यामा सहजिकरण गरेको छ। पार्टीका सबै गतिविधिहरूमा सक्रिय सहभागिता, गैरआवासीय नेपाली सङ्घसँग सहकार्यका लागि समझदारी, पार्टी पर्यटन विभागसँग छलफललगायतका काम भएका छन्। ५ वटा प्रदेश र ६० वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। रिटर्नी फेडेरेसन, नेपालमा कुल ३५ हजार ३७८ सदस्य छन्।

### १७. नेपाल मुस्लिम इत्तेहाद सङ्गठन

नेपाल मुस्लिम इत्तेहाद सङ्गठनले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख २०–२१ गते जनासभासहित बाँकेको नेपालगञ्जमा सम्पन्न गरेको छ। यस महाधिवेशनबाट सङ्गठनले ९ जना पदाधिकारीसहित १०७ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ७ प्रदेश र ४४ जिल्ला अधिवेशन सम्पन्न गरेको छ। सङ्गठनमा कुल १२ हजार ४२५ सदस्य छन्।

### १८. मुक्ति समाज नेपाल

साविकको नेपाल उत्पीडित जातिय मुक्ति समाजले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ बैशाख ४–५ मा काठमाडौंमा सम्पन्न भएको छ। यस महाधिवेशनबाट मुक्ति समाजले ९ जना पदाधिकारी सहित १५१ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। अब प्रदेश र जिल्ला अधिवेशनहरू गर्ने योजना छ। मुक्ति समाजमा कुल ३२ हजार सदस्य छन्।

### १९. नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन (नेपोन)

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनले यस बीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८२ वैशाख ४–५ मा काठमाडौमा सम्पन्न गरेको छ। यस महाधिवेशनबाट ससङ्गठनले ९ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। सातै प्रदेशका प्रथम अधिवेशनहरू सम्पन्न गरेको छ भने ५ वटा प्रदेशमा दोश्रो अधिवेशनसमेत सम्पन्न गरिसकेको छ। ७० वटा जिल्लाका अधिवेशनहरू सम्पन्न गरेको यस ससङ्गठनले हालसम्म २८ प्रतिशत पालिका सम्मेलन र ४ प्रतिशत वडा सम्मेलनहरू सम्पन्न गरेको छ।

यस अवधिवमा ससङ्गठन निर्माण, परिचालन र सदस्यता वितरण कार्यलाई तीव्रता दिएको छ। पार्टीका विभिन्न वैठक, भेला तथा अधिवेशनहरूमा पूर्ण जिम्मेवारीका साथ सुरक्षा तथा स्वयंसेवकको भूमिका, प्राकृतिक विपत्तिमा जनताको सेवामा सक्रिय भूमिका (बाढि/पहिरो/अन्य), पार्टीले सञ्चालन गरेको झुलाघाट–चिवाभञ्ज्याङ्ग समृद्धिका लागि संकल्प यात्रामा अभियान अवधिभर सुरक्षाको प्रभावकारी व्यवस्थापन, राष्ट्रियस्तरका सद्भावना भेटघाट तथा सुरक्षासम्बन्धी महत्वपूर्ण गोष्ठीहरू सञ्चालन, पार्टी तथा अन्य जनससङ्गठनहरूले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा निर्दिष्ट कार्यहरू कुसलतापूर्वक सम्पादन, पार्टी कार्यालय परिसरमा मदन चौतारी निर्माण जस्ता काम गरेको छ। सरसफाई तथा वृक्षारोपण जस्ता मानव स्वास्थ्यमा प्रतक्ष्यरूपमा सकरात्मक प्रभाव पार्ने कार्यहरू गर्दै आएको छ। यस ससङ्गठनमा २०८१ चैत मसान्तसम्मको तथ्याङ्क अनुसार ३४ हजार ६५४ सदस्य छन्।

### २०. राष्ट्रिय अपाङ्गता ससङ्गठन, नेपाल

पूर्ववत् लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन, नेपालले यसबीचमा दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत ३०–३१ गते काठमाडौंमा सम्पन्न भएको छ। यस महाधिवेशनबाट राष्ट्रिय अपासङ्गता ससङ्गठन, नेपालले ९ जना पदाधिकारीसहित ६६ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट चयन गरेको छ। ६ प्रदेश र ५६ जिल्ला अधिवेशन सम्पन्न भएका छन्। ससङ्गठनमा ३ हजार ८० सदस्य छन्।

### २१. प्रोग्रेसिभ इन्जिनियरिङ एसोसियसन, नेपाल

प्रोग्रेसिभ इन्जिनियरिङ एसोसियसन नेपालले दुईवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न गरेको छ। पछिल्लो राष्ट्रिय महाधिवेशन २०८१ चैत १२–१३ मा काठमाडौंमा सम्पन्न भएको छ। यस महाधिवेशनबाट ९ जना पदाधिकारीसहित

९९ सदस्य केन्द्रीय कमिटी सर्वसम्मत्तिबाट भएका छन्। ९ वटा प्रदेश तहका अधिवेशनहरू र ५५ वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन्। एसोसियसनका १ हजार ८०४ सदस्य छन्।

### २२. राष्ट्रिय स्वास्थकर्मी महासङ्घ, नेपाल

राष्ट्रिय स्वास्थ्यकर्मी महासघ नेपालका यसबीचमा दुइटा महाधिवेशन सम्पन्न भएका छन्। पाँचौ महाधिवेशन २०८२ जेठ १७–१९गते काठमाडौँमा सम्पन्न भएको छ। यसका सात प्रदेश, ७१ जिल्ला, ६ विशेष जिल्ला र ५६ वटा विभिन्न घटक विभिन्न तहका अधिबेशन सम्पन भएका छन्। स्थानीय लगायत ४ सयभन्दा बढी कमिटीका अधिवेशनहरू सम्पन्न भएका छन्।

तीनै तहका निर्वाचनमा प्रत्यक्षरूपमा जनशक्ति परिचालन र पार्टीले तोकेको आर्थिक तथा प्राबिधिक सहयोग गर्ने, पार्टीले सञ्चालन गरेको अभियान झुलाघाट–चिवाभञ्ज्याङमा प्रत्यक्षरूपमा हजारौं स्वास्थ्यकर्मी परिचालन र वास्थ्य शिविर आपतकालीन ब्यबस्थापनको सम्पूर्ण व्यबस्था, भूकम्पलगायत बिपत्तिमा महासघको झण्डामा उद्धार तथा राहत कार्यक्रम लिएर प्रभावित क्षेत्रमा सक्रिय, पार्टीका सबै तहका अधिवेशनहरूमा स्वास्थ्य सहायता कक्ष र जनचेतनामुलक कार्यक्रमसहित सहभागी, पार्टीको घोषणपत्र निर्माण गर्दा स्वास्थ्य क्षेत्रको सुझावहरू पेश, पार्टीले नेतृत्व गरेको सरकारसँग समन्वय गरी जनस्तरीय कार्यमा सहभागी जस्ता काम महासङ्घले गरेको छ। महासङ्घ र घटकसहित कुल १५ हजार ६७ सदस्य छन्।

### २३. अखिल नेपाल पिछडा बर्ग महासङ्घ

अखिल नेपाल पिछडा बर्ग महासङ्घले २०७९ चैत्र २२ गते राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको थियो। यस महाधिवेशनवाट अखिल नेपाल पिछडा बर्ग महासङ्घले पदाधिकारीसहित २५ सदस्यी केन्द्रीय कमिटी सर्वसम्मतिवाट चयन गरेको छ। ३ वटा प्रदेश र १७ ओटा जिल्ला अधिवेशन सम्पन्न गरेको छ। अखिल नेपाल पिछडा बर्ग महासङ्घमा कुल २ हजार ५ सदस्य छन्।